CC-0. In Public Domain. Digitization by eGangotri

४

★ अश्वायुर्वेद ★

(सिद्धसम्भव)

नेपाली भाषानुवाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४
आ. नं. ४०५
८०५७४८२
पूर्ण आ० नं०
पू० आ० पुनः ग्रारक्षित
आयु. आं. १०
पुनः ग्रारक्षित
वाल्मीकि ... पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५०८३
With Complements from:
प्रमुख राजदरबार पदाधिकारी कार्यालय
राजदरबार नेपाल
ROYAL PALACE NEPAL
२०२५ - 1968
Office of the Chief of the Royal Household
सर्व ...

अश्वायुर्वेद

(सिद्धसंग्रहः)

अनुवादकः—
डमरूबल्लभ पौड्याल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकः–
श्री ५ महाराजाधिराजका प्रमुख राजदरवार पदाधिकारी कार्यालय
राजदरवार, नेपाल

सर्वाधिकार सुरक्षित

मूल्य ..१४।

वि. सं. २०३१ आषाढ

मुद्रक–
श्री ५ को सरकारको छापाखाना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२८४३

आ. नं. ४०५

समर्पणः–

विद्यानुरागी स्व. श्री ५ महेन्द्र वीर विक्रम
शाहदेवका पुण्य–स्मृतिमा
भक्तिपूर्वक
समर्पित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्व. श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आ. नं. ४०५

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४५

विषय सूचि

क्रमाङ्क	विषय	पत्रसंख्या देखि सम्म
१.	अश्वशास्त्र	अ–लृ
२.	दुर्लभसुतगणकृत अश्वायुर्वेदमा उल्लिखित घोडाका अङ्गप्रदेशयुक्त घोडाको चित्र	ए
३.	घोडाका अङ्गप्रदेशको विवरण	ऐ–अः
४.	शुक्ल यजुर्वेदको माध्यन्दिनीय संहिता २५ सौं अध्यायको १ मन्त्रदेखि ६ वौं मन्त्रसम्म वर्णन गरिएका घोडाका अङ्गहरू	अः–ख
५.	नेपाल राष्ट्रिय अभिलेखालयको दुर्लभसुतगणकृत अश्वायुर्वेद ग्रन्थको मतमा महादोषी घोडाका लक्षण	ग–घ
६.	अश्वायुर्वेद तथा सबै ग्रन्थको मतमा महादोषमध्ये पनि ज्यादै कडादोषी अर्थात् राख्नैनहुने घोडा	घ–ङ
७.	श्री मज्जयदत्तसूरिविरचित "अश्ववैद्यक" ग्रन्थमा र शालिहोत्रकोमतमा वीरमित्रोदय लक्षणप्रकाशमा उल्लिखित महादोषी घोडाका लक्षण	ङ
८.	महादोषी घोडाको चित्र	च
९.	महादोषी घोडाका चिह्न र ठाउँहरूको विवरण	छ–ज
१०.	भुमरीका घुम्ने क्रमको चित्र	झ
११.	दुर्लभसुतगणकृत अवश्वायुर्वेदमा उल्लिखित खराब भुमरीहुने घोडाका शरीरका ठाउँहरू	ञ
१२.	अत्यन्त खराब भुमरी हुने ठाउँहरू तथा तिनीहरूको फल	ट
१३.	खराब भुमरी रहने ठाउँहरूयुक्त घोडाको चित्र	ठ
१४.	खराब भुमरी रहने ठाउँको विवरण	ड–ढ
१५.	सबै ग्रन्थका मतमा घोडाका असल भुमरीहरू	ण–त
१६.	अत्यन्त असल भुमरी र असल सिपी तथा तिनीहरू रहने ठाउँहरूयुक्त घोडाको चित्र	थ
१७.	अत्यन्त असल भुमरी र असल सिपी तथा तिनीहरू रहने ठाउँहरूको विवरण	द
१८.	असल भुमरीहरूका विषयमा श्रीजयदत्तसूरीको मत	ध
१९.	घोडाका निधार र छातीमा हुने रौंका रेखा (पुण्ड्रक) तिलक (टीका) तथा तिनीहरूका आकारको चित्र	न
२०.	घोडाका पुण्ड्रक र तिलकको विवरण	प
२१.	वर्णमा सर्वोत्तम घोडाहरू, असल पुण्ड्रकहरू, निधारका टीका विशेष	फ
२२.	खराब पुण्ड्रक भएको घोडा र ध्वजी घोडाका विषयमा	ब
२३.	घोडाको तालुको चित्र	भ
२४.	नेपाल राष्ट्रिय अभिलेखालयमा प्राप्त दुर्लभसुतगणकृत अश्वायुर्वेद (मूलग्रन्थ)	१–१५६
२५.	नकुलकृत अश्वचिकित्सा	१५७–२५०
२६.	घोडाका विषयमा केहीकुरा (अंग्रेजीमा)	२५१–२८०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अश्वशास्त्र

विद ज्ञाने, विद् लाभे, विद सत्तायाम्, भन्ने तीन धातुबाट वेद शब्द बन्दछ । अतः वेदमा ज्ञानप्राप्ति, विशेखलाभप्राप्ति र रहीरहनु यति तीन कुराको विस्तृत रूपमा वर्णन गरिएको छ । कालका स्थितिले गर्दा एक वेदलाई ४ वेदमा विभाजन गर्नुपर्‍यो । त्यसपछि वेदबाट उपवेद-हरूको सृष्टि भयो । उपवेदहरू धेरै थिए जस्तै गान्धर्ववेद, धनुर्वेद, आयुर्वेद आदि । उपवेद-हरूको पनि यथार्थ अर्थानुसरण वा अर्थानुसन्धान गर्न नसक्ने समय आइपर्दा तिनीहरूको सार शास्त्रको रूपमा तत्कालीन विद्वान्हरूले निर्माण गरे । ती शास्त्रहरूमा केवल मानिसको मात्र होइन पशु, पक्षी जलचर, नभचर आदि पाँचतत्वमा विचरण गर्ने प्राणीमात्रको रूप, लक्षण, कुलक्षण, आयु, रोग तथा तिनीहरूको निदान, चिकित्सा र तिनीहरूबाट हुने फाइदा बेफाइदा आदि कुराको पूर्ण विवरण थियो । कालको प्रभावले आज वेदका ११३१ शाखा मध्ये सामान्यतः ८।१० वटा शाखा मात्र पाइन्छन् । बाँकी शाखा कस्ता थिए? कहाँ गए? यो कुरा आज प्रकृतिले मात्र जान्दछे । न त आज १८ विद्या र चौंसठ्ठी कलाका विस्तृत व्याख्या गरिएका ग्रन्थहरू नै पाइन्छन् । यो एउटा दुःखको कुरा हो ।

जस्तो वेदका शाखा हराए त्यस्तै आजकल शास्त्र पनि लोप हुँदैछ । प्राचीन प्रणाली-को अपेक्षा नवीन (पाश्चात्य) प्रणाली नै प्रयोगमा ल्याइन्छ । प्राचीन ग्रन्थहरू पाउन ज्यादै दुर्लभ छ । तिनीहरू सबै प्रायशः संस्कृतभाषामा लेखिएका हुन्थे । संस्कृत देववाणी हो भन्ने कुरामा कसको दुई मत थिएन । त्यस्तो जुग थियो जुन जुगमा संस्कृत बोल्दा मानिसहरू गौरवा-न्वित हुन्थे । आज यस्तो युग पनि आउँदै छ त्यही भाषा न त पर्याप्त मात्रामा बोलिन्छ न त त्यसको हुनुपर्ने मात्रामा कदर नै हुनसकेको छ ।

आयुर्वेद आयुको ज्ञानगराउने, आयुको रक्षागर्ने र आयुका विषयमा यथार्थज्ञान-गराउने शास्त्र हो । प्राणीहरूको आयु रोग, शोक, चिन्ता र आहार विहार, आचार विचार यति कुराको विकृत अवस्थाबाट नष्ट हुन्छ । उपर्युक्त कुराहरू नै प्राकृतिक रूपमा रहँदा आयु बढ्दछ । प्रकृतिको त्यही नियम पूर्णतः प्रतिपालन गर्नाले रोगमाथि विजय गरी प्राणीहरूको इहलीला सम्पन्न हुन्छ । त्यसकारण रोगको लक्षण, निदान, साध्य, कष्टसाध्य र असाध्यको अवस्था तथा तिनीहरूको उपचारगर्नु आयुर्वेदको मुख्यविषय हो । यति मात्र हैन कि यावत् जीवका रोग, रूप, लक्षण, कुलक्षण पनि यस शास्त्रमा सन्निवेश छन् । यस शास्त्रमा केवल मानिस-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को मात्र हैन यावत् प्राणीमा रहने रोगका उपचारको पनि विस्तृत वर्णन गरिएको छ। ती शास्त्रका प्रथम प्रणेता धन्वन्तरी थिए। त्यसपछि क्रमशः चरक, सुश्रुत माधव आदि ऋषि मुनिहरूले समयानुकूल ग्रन्थहरूको निर्माण गरे। चरकसंहिता, सुश्रुता र माधवनिदान आदि ग्रन्थहरू तत्तत् समयको आवश्यकतालाई लिएर निर्माण गरिएको पाइन्छ। ती ग्रन्थहरूमा उल्लिखित नियमको पालनगर्नाले मानिस दीर्घजीवी निरोगी र हृष्टपुष्ट रहन्थे। जुन कुरा अहिले गर्नसके-पनि दीर्घजीवी र नीरोगी भै रहनसकिनेकुरा निर्विवाद छ।

आयुर्वेदको अर्को एक शाखा थियो। त्यसमा प्राणीहरूको अनुहार, वर्ण, लक्षण, रेखा, चिह्न, कोठी आदिको लक्षण र कुलक्षणको विशद् वर्णन गरिएको थियो। त्यो शास्त्र सामुद्रिक शास्त्र पनि कहिन्थ्यो। त्यसमा पशु पक्षीहरूको रूप, स्वर, वर्ण आदिबाट लक्षण र कुलक्षणको पनि वर्णन गरिन्थ्यो। ती सबै लक्षणहरूको यथार्थज्ञान गरेर व्यवहारोपयोगी गाई, भैंसी, घोडा, कुकूर, बिरालो, न्याउरीमुसो आदि पशु र सुगा, मैना, भद्राई आदि चराहरूको संग्रह गर्दा पनि लक्षणले युक्तभएकामात्र संग्रह गरिन्थे। अनि उनका गुण तथा लक्षणले गर्दा मानवहरूले धन धान्य कीर्ति सुख समृद्धि तथा यस लोकको सुखको अनुभव तथा परलोकमा पर्यन्त अनन्त आनन्दको अनुभव गर्दथे। भुक्ति र मुक्ति दुवै कुरा प्राप्तगर्थे।

प्रसङ्गवश अहिले हामी घोडाको विषयमा विचार गरौं। प्राणीहरूकालागि घोडा ज्यादै कामलाग्ने प्राणी हो। केवल सवारीकोलागि मात्र हैन कि यसका लक्षणले लच्छिन हुने र कुल-क्षणले कुलच्छिन हुने कुरामा पूर्वज ऋषि मुनिहरूले अनुसन्धान र अनुभव गरी त्यसलाई शास्त्रको रूपमा राखेर गएकाछन्। अश्वविद्यालाई "शालिहोत्रशास्त्र" भनिन्छ। हुन त यस विषयमा खोजी गर्दा 'अश्ववैद्यकम्" अश्वशास्त्रम् र अश्वचिकित्सितम् भन्ने केही कितावहरू पाइएका छन्। त्यस्तै पुनावाट प्रकाशित ई.डी. कुलर्कनि लिखित "शालिहोत्र अफ भोज" भन्ने किताव पनि पाइन्छ। तर शालिहोत्र भन्ने मूलग्रन्थ कुनै बेग्लै थियो कि भन्ने प्रश्न अर्कै रहीरहन्छ। किनभने आजसम्म हाम्रा समक्ष अश्वशास्त्र सम्बन्धी जे जति ग्रन्थहरू उपलब्ध छन् तिनीहरूमा श्रीमज्जयदत्तसूरि विरचित गवर्नमेण्ट संस्कृत विश्वविद्यालयका पुस्तकाध्यक्ष श्री उमेशचन्द्र गुप्त कविरत्नबाट परिशोधित र व्याख्या गरिएको सम्वत् १९४३–४४ भनिएको किताव १ र मद्रास गवर्नमेण्टको लाइब्रेरीबाट प्रकाशित बेंकटराम शास्त्रिका छोरा स्वामिनाथ आत्रेयबाट परिशोधित १९५२ मा तन्जोरवाट प्रकाशित भएको १ किताव गरी जम्मा ३ किताव मात्र मुद्रित भएका पाइएका छन्। हाम्रो राष्ट्रिय अभिलेखालयमा पनि निकै कितावहरू (हस्त लिखित) विद्यमान छन्। ती सबैको अध्ययन गर्दा उनीहरूले पनि गणकृतग्रन्थ,जयदत्तकृत र नकुलकृत यी तीन ग्रन्थकर्त्ताहरूको पाठातन्र भिन्न भिन्न देखाएका छन्। उमेशचन्द्र गुप्तको भनाइ छ "शालिहोत्र भन्ने कुनै मूलग्रन्थ थियो। त्यसबाट नकुल आदि विद्वान्हरूले धेरै अश्वशास्त्रको निर्माण गरेहोलान् भन्ने संभावना छ"। तिनीहरूमध्ये नकुलकृत अश्वचिकित्सा, भोजराजको "भोजदेव संगृहीत, जयदेवको हय-लीलावती नामक संग्रह, यस्तै शार्गंधर र जयदत्तको वाजिचिकित्सासंग्रह छन्। यिनमा कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छन् कुनै सुनिएका मात्र छन् । उनी भन्छन् कि— जयदत्तकृत अश्ववैद्यक बाहेक अरू शालिहोत्र सम्बन्धी अश्ववैद्यक आजसम्म मैले पनि फेला पार्नसकेको छैन । केवल आग्नेयपुराणमा त्यसका केही अध्यायहरू उद्धृत गरिएका छन् । उनी फेरि भन्दछन् जयदत्तको यो अश्वचिकित्सा बाहेक अरू अश्ववैद्यक संग्रहहरू मैले देख्न पाएको छैन । केवल उनीहरूमा भनिएका वचनहरू उद्धृत गरेको मात्र देखिन्छ । शालिहोत्रोन्नय, नामक संग्रह वर्णेल प्रणीत संस्कृतको पुस्तकहरूको सूचीमा देखिन्छ । त्यस्तै भोजराजको वाजिचिकित्सा गुर्जरदेशीय पुस्तकसूचीमा र हयलीलावतीका वचनहरू मल्लिनाथसूरिले उद्धृत गरेको पाइन्छ । त्यस्तै जयदेवका वचन पनि जयदत्तको यो अश्ववैद्यक ग्रन्थमा र शार्ङ्गधरको पनि यसैमा शार्गंधरीय भनेर ९९ श्लोकदेखि ११४ श्लोकसम्म उद्धृत गरेको छ ।

उपर्युक्त दुई किताबहरू हेर्दापनि शालिहोत्रको मूलग्रन्थ अप्राप्य भएको कुरा देखिन्छ । यसरी खोजी गर्दागर्दै हाम्रो राष्ट्रिय अभिलेखालयमा अश्ववैद्यकम् ३ प्रति र अश्वायुर्वेद नामक यो वृहत् ग्रन्थ भेटियो। जसका १२२ अध्याय छन्। यो "दुर्लभसुतगणकृत" भनी उल्लेख गरिएको छ । यो भन्दा अझै प्राचीन अश्वशास्त्रविषयका अरू किताबहरू हाम्रा समक्ष प्राप्तहुन सकेका छैनन् ।

नकुल को हुन् ? शालिहोत्रको वासस्थान कहाँ थियो ? भन्ने कुरामा अनेक विकल्प छन् । हिमालीवृक्षका छायामा रहने भन्ने शब्दबाट नेपालकै हिमालयको कुनै प्रान्तमा थिए कि यद्वा त्यो हिमाल कुन थियो ? यो विषय अत्यन्त दुरूह भएरै रहन गएको छ । तर पनि शालिहोत्र मुनि थिए भन्ने कुरा उपलब्ध भएका सबै ग्रन्थमा पाइन्छ । इनी विद्वान् थिए । अस्त्रशास्त्रका विषयमा पनि यिनको दुर्भेद्य शक्ति प्राप्त थियो । पण्डित जयदत्तसूरिको पनि "मुनिप्रोक्तानि शास्त्राणी सम्यगालोच्य वाजिनाम्" भनेर मुनिहरूले भनेकै अश्वशास्त्रको आवश्यकीय अङ्गको वर्णन गरेको छु, भनेका छन् । यी शालिहोत्रमुनि कहाँ बस्तथे भन्ने कुरामापनि यथार्थकुरा पाउन सकिएको छैन तर जयदत्तकृत अश्ववैद्यक ग्रन्थको भूमिकामा शालिहोत्र मुनिको स्थान र समयका विषयमा केही कुरा भनेको पाइन्छ । यो कुरा परिशोधनकर्ता कविराज श्री उमेशचन्द्र-गुप्त कविरत्नको होला भन्ने अनुमान छ किन कि त्यसको भूमिकाको अन्त्यमा नाम उल्लिखित छैन । यसमा भनिएको छ कि:—

"....'गान्धारजनपदको समीपमा एउटा शालातुर नाम गरेको शहर छ । त्यहाँ प्राचीन-कालमा शालिहोत्र नाम गरेका अश्ववैद्य प्रख्यात थिए । त्यसैकारण यो शालातुरप्रदेश ख्याति-प्राप्त हुनगएको थियो भन्ने कुनै विद्वान्को सम्मति छ । फेरि कुनै विद्वान्को मतमा यिनै शालातुरमा रहने विद्वान् पाणिनि हुन् भन्ने पनि छ । फेरि कोही भन्दछन् कि "हैन ती विद्वान् नै धन्वन्तरी पो हुन्" तर डाक्टर राजेन्द्रलालले भनेका छन् कि कुनै प्रमाण नभएकोले यो सबै अनुमान मात्र हो ।

कसैले उपर्युक्त कुरालाई बेठीक भन्दै यस्तो भन्दछन् कि "शालिहोत्र त श्रावस्ति नगरनिवासी अश्वघोष नामक ब्राह्मणका छोरा थिए र ती महर्षिको आश्रम पनि विदेहभूमिको नगीचै रहेको चम्पकारण्य नामक जङ्गलमा हिमालको तलतिर थियो भन्ने पाइन्छ । यस विषयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शालिहोत्रको ग्रन्थ खोजी गर्ने वर्नेलको क्याटलग् प्रथम भागमा पाइने यी श्लोकबाट प्रष्ट हुन आउँछ । जस्तैः–

जाह्नव्या उत्तरे तीरे प्रालेयाद्रेस्तटान्तरे
स्वाश्रमे चंपकारण्ये वेदिकायां कुशासने
शालिहोत्रं सुखासीनं ऋषिभिः परिवेष्टितम्
ब्रह्मसूर्याग्नि तेजस्कं हयशास्त्र विशारदम् ॥

यी शालिहोत्रमुनि अश्वघोषकै छोरा हुन् भन्ने विषयमा पनि नकुलकृत शालिहोत्रका १८ अध्याय मात्र पाइएको छ । तिनमा पनि सत्रौं अध्याय आजसम्म पनि पाइएको छैन भनी बंगाल एशियाटिक सोसाइटीद्वारा गवर्नमेण्ट संस्कृत विद्यालयका अध्यक्ष कविराज– श्रीउमेश-चन्द्र गुप्तद्वारा परिशोधित जयदत्तसूरिकृत सन् १८८६ सम्वत् १९४३–४४ मा कलकत्ताबाट प्रकाशित अश्ववैद्यक ग्रन्थमा संगृहित "नकुलकृत अश्व चिकित्सित" भन्ने ग्रन्थको पहिलो श्लोकमा यस्तो देखिन्छः–

येन ज्ञानवता हिमालयतरूच्छायासु विक्रीडितम्
यः स्नातो हिमपुष्पवातशिशिरे गंगाजले पावने
रेमे यस्तु तुरंगयूथजनितैर्नानाविधैर्हेषितैः
पायाद्वः स तुरंगघोषतनयः श्री शालिहोत्रो मुनिः ॥ (नकुल)

अब यस श्लोकबाट अर्को अनुमान के गर्न सकिन्छ भने विदेहभूमि भनेर नेपाल राज्य अन्तर्गत जनकपुरलाइ पनि भनिन्छ । हालको भारतमा पर्ने चंपारन जिल्लालाई चंपारण्यक भन्न सकिन्छ । हिमालय मन्तिर रहेको प्रदेश भन्नाले हुनसक्छ शालिहोत्र मुनिको आश्रम पनि जनकपुर समीपवर्ती कुनैठाउँमा हुँदोहो । किनकि पाणिनिको तपोभूमि, कौशिक आश्रम, वशिष्ठको आश्रम, गुफा आदि प्रशस्त प्राचीन ऋषिमुनिका आश्रम यहाँ भएको पत्ता लाग्दैछ । अतः ठीक प्रमाणको उपलब्धि बिना अनुमान अनुमान मात्र पनि हुनसक्छ । एतावता यी महर्षिको समय र स्थानका विषयमा अनुमानकाभरमा यही हो भनेर निर्णयगर्नु मनासिव देखिन्न ।

जयदत्त सूरिकृत अश्ववैद्यकको कविराज उमेशचन्द्र गुप्त कविरत्नले पनि सो ग्रन्थको संस्करणमा विजयदत्तका छोरा यी जयदत्त (सामन्त राजा) थिए । संप्रदायबाट यिनी शैव थिए। यिनी कुन जनपदमा वा नगरमा थिए भन्ने कुराको केही प्रमाण पाइन्न भनेका छन् । फेरि उनी भन्दछन् कि– यो "अश्ववैद्यक ग्रन्थ" पनि कहिले बन्यो यो पनि ठीक समय तोकेर भन्न सकिन्न । केवल यही किताबको परिशीलन र अन्यग्रन्थमा परेका यसका श्लोकहरूको विश्लेषणबाट समयको अनुमान गर्दा यो अश्ववैद्यक शालिहोत्र आदिले बनाएका ग्रन्थबाट संग्रह गरिएका अन्तिमग्रन्थदेखि तल्लो होला भन्ने अनुसन्धान गरिएको छ ।

कविराज उमेशचन्द्र भन्दछन् कि– नकुलले आफूले बनाएको अश्वचिकित्सामा शालिहोत्रका उक्तिलाई उद्धृत गरेका हुनाले शालिहोत्र मुनि नकुलभन्दा कि त धेरै अघि भैसकेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वा ठीक त्यहीसमयमा नै भएका थिए भन्ने कुरा पत्यार मान्न सकिन्छ। किनभने नकुल युधिष्ठिर-का भाइ जुम्ल्याहा थिए र उनले गाई र घोडाको शास्त्र वनाएका हुन् भन्ने लोकप्रसिद्धिको आधार मानेको खण्डमा युधिष्ठिरको राज्यकालदेखि अगाडि अथवा उनैको राज्यकालमा नै शालिहोत्रको प्रादुर्भाव हुनामा सम्भावना हुनआउँछ। किनभने युधिष्ठिर कलियुगको ६५३ वर्ष जाँदा कौरव र पाण्डव भएका हुन् भन्ने कुरा "शतेषु षट्सु सार्द्धेषु त्र्यधिकेषु च भूतले। कलेर्गतेषु वर्षाणामभवन् कुरू पाण्डवा" भन्ने राजतरंगिणीको वचनबाट पाइन्छ। उनी फेरि भन्छन् कि अहिले त कलियुग-का ४६५३ वर्ष बितिसके अतः यी दुईको हिसाब घटाउँदा ४३०० वर्ष हुन आउँछन् यही समय नै युधिष्ठिरहरूको उत्पत्ति भएको मान्न सकिन्छ र यहाँ भन्दा माथिको समयमा शालिहोत्र भैसकेका थिए भन्ने अनुमान आउँछ।

कविराज उमेशचन्द्रजीलाई पनि जयदत्त सूरिको समय निर्धारणमा निश्चय गर्न मिल्ने कुनै प्रमाण पाइएको देखिन्न भने शालिहोत्रको विषय त झन् दुरूह मान्न सकिन्छ।

अश्वशास्त्रका विषयमा जो जति ग्रन्थहरू वर्तमान समयमा पाइन्छन् ती सब ग्रन्थहरू शालिहोत्रकै आधारमा लेखिएका मात्र पाइन्छन्। खास शालिहोत्र ग्रन्थ कस्तो थियो? कति संख्याको थियो? र त्यसमा घोडा सम्बन्धी कुन कुन कुराको समावेश गरिएको थियो। त्यस विषयमा अहिले पाइने सबै ग्रन्थमौन भएको पाइन्छ। वेदमा अश्वमेधको प्रकरण छ। आग्नेय पुराणमा पनि घोडाका विषयमा केही अध्याय पाइन्छन्। शालिहोत्रबाट उद्धृत फाटफुट निक्कै ग्रन्थ पाइन्छन् तापनि ती सबैमा पाठभेद मात्र र प्रायशः सबैले उनै उनै कुराका विषयमा भनेको पाइन्छ। परिशीलनगर्दा प्रत्येक ग्रन्थमा कतै व्याकरण विरूद्ध, कतै लाक्षणिकप्रयोग आदि विभिन्न शैलीको प्रयोग गरेको पाइन्छ। विशेषगरी मुद्रित अवस्थाका किताबमा धेरै पाठभेद र लिखित किताबमा अशुद्धि पर्याप्त मात्रामा पाइन्छ। हुन सक्तछ यो दोष लिपिकारको होला।

जेभएपनि घोडाका विषयमा केही न केही उल्लेख गरेको सबै आर्यग्रन्थहरूमा पाइन्छ। ती ग्रन्थमा पूनाबाट सन् १९५३ मा प्रकाशित 'शालिहोत्र अफ् भोज' भन्ने मुद्रित १ किताब तथा विष्णुधर्मोत्तर, नकुलकृत अश्वशास्त्र, शालिहोत्र, नकुलकृत, अश्वचिकित्सा, जयदेवकृत अश्वायु-र्वेद, किल्हणकृत अश्वसारसमुच्चय, गणकृत अश्वायुर्वेद, वराहपुराण, अग्निपुराण, तथा वीर-मित्रोदयको लक्षण प्रकाशको ४०३–४९५ पत्रसम्म, यति ग्रन्थमा घोडाको विषयमा कतै धेरै र कतै थोरै गरी उल्लेख गरिएको छ। विश्लेषण गर्दा सबैको कुरा शालिहोत्रशास्त्र अन्तर्गत रहेकै पाइन्छ। अर्को कुरा यहाँ के छ भने जुन ग्रन्थमा उल्लेख गरेपनि शालिहोत्रको उद्धृत वाक्यको राय एउटै र अरू ग्रन्थमा त्यही कुराको प्रकरणमा पनि पाठान्तर धेरै देखिएका छन्। यसबाट तथ्यका विषयमा यही अनुमान गर्न सकिन्छ कि:– पहिले शालिहोत्र नामक बहुतै विशालग्रन्थ थियो। त्यसपछि त्यसलाई आधार गरेर धेरै ग्रन्थहरू वने। तर त्यो मूलकिताव प्रकृतिका कुन फेरमा के हुन गयो आज त्यसका उद्धृत अंशभन्दा बढी कहीं केही पाइन्न। नकुलकृत अश्वचिकित्सा नामक। (१७ रौं अध्याय नभएको १–१८ अध्याय भएको) ग्रन्थमा भने "शालिहोत्र मुनिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

घोडाको उपकारकोलागि पखेँटा काटे वापतमा आश्वासन दिएर बिदा गरेपछि १२००० बाह्र हजार श्लोक भएको संहिता बनाए भन्ने कुराको प्रष्ट उल्लेख भएको देखिन्छ जस्तैः— एवं विसृज्य तान् सर्वान् शालिहोत्रस्तुरंगमान् । चक्रे द्वादशसाहस्रीं तदर्थे संहितां सुधी (न. अ. १ अध्याय २० श्लोक) एतावता अश्वशास्त्रका मूलप्रणेता शालिहोत्रमुनि थिए र शालिहोत्रग्रन्थ नै प्राचीन-ग्रन्थ थियो भन्ने कुरा देखिन आउँछ । अनि उनले गर्ग सुश्रुत आदि शिष्यलाई त्यसको अध्यापन गराए ।

वेदमा पनि "अर्वासि सप्ति रसि ..... वाजे वाजे वत वाजिनो नो धनेषु विप्रा अमृता ऋतज्ञा...... तृप्तायात पथिभिर्देवयानैं । सायणाचार्यले पनि अग्निष्टोम प्रकरणमा वाजपेयी याज्ञिकको जेठोको निर्णयमा घोडाबाट जेठा कान्छा छुट्टयाएको कथाको पनि उल्लेख गरेका छन् । अश्वमेधयज्ञमा घोडाका प्रत्येकअङ्गको मन्त्रपूर्वकको हवनले पवित्र पारेको वर्णन आयनाय स्वाहा...... आदि मन्त्रद्वारा घोडाका हवनको प्रक्रया बताएको पाइन्छ । तस्मा-दश्वा अजायन्त...... भनेर यजुर्वेदको उक्ति र क्षीरसागर मथनगर्दा अश्वरत्न उच्चैःश्रवाको उत्पत्ति भएको कुरा पुराणहरूमा पनि देखिन्छ ।

उपर्युक्त सबै ग्रन्थ मध्ये प्राप्य ग्रन्थको परिशीलन गर्दा शालिहोत्रको उन्नयन प्रस्तावना खास शालिहोत्र शास्त्र, उन्नयोत्तर-शारीरिक-चिकित्सा, शिशु वैद्योत्तर-सिद्धि-रहस्य स्थान यसरी ८ तहमा विभक्त रहेछ भन्ने कुरा देखिन्छ । हामीले अहिले अश्वशास्त्रका विषयमा पनि प्रमाणयोग्य ग्रन्थहरूको अन्वेषण गर्दा पहिले उल्लेख गरे अनुसार मुद्रित किताव ३ र लिखित अरू केही कितावहरू पनि पाइए । खोज्दा बुळदा हाम्रो राष्ट्रिय अभिलेखालयमा अश्वशास्त्र सम्बन्धी केही कितावहरू पनि फेला परे ती मध्ये नेपाल सम्वत् ८५० वि. सं. १७८६ तदनुसार सन् १७३० शाके १६५२ मार्गशीर्ष कृष्ण दशमी वहस्पति वारमा श्रीश्री जयरणजित मल्ल महा-राजको आज्ञाले यज्ञनारायण प्रधानांगले संस्कृतबाट नेवारी भाषामा टीका लेखिएको दुर्लभसुत-गणकृत अश्वायुर्वेद सिद्धसंग्रह नामको ६०१ पत्र भएको १२२ अध्याय भएको किताव पनि फेला पऱ्यो । यो किताव पाको मसीले मढ्चाइएको नेपाली पाकोकागजमा लेखिएको छ । हाललाई यो ग्रन्थको लक्षण, भुमरी, गन्ध, गति आदि केही अंशको मात्र अनुवाद गरिएकोछ र औषधिको र रोगको प्रकरण छोडिएको छ । किनभने वर्तमान समयमा पाश्चात्य प्रणालीको व्यापकता र बूटीहरूको पूर्ण परिचय नपाइने हुँदा असल र खराब घोडा सजीलैसँग छुट्टयाउन सकिने आदि भएको यत्ति मात्र अंशको अनुवाद गरिएको छ । समयरहेमा बाँकी अंशपनि प्रकाशित हुनेछ । यो ग्रन्थ "प्रणिपत्य धवलतनू... बाट शुरू भै कीर्ति कापि कला...भन्ने अन्तिमका ६ श्लोक-बाट समाप्त हुन्छ । अन्त्यका ती ६ श्लोक त्यति शुद्ध छैनन् । शुध्याउनु पनि मनासीव नदेखिएकोले जस्ताको तस्तै यस ग्रन्थको अन्त्यमा समावेश गरिएको छ । यो भन्दा विस्तृत अन्य ग्रन्थ आजसम्म भेट्टाइएको पनि छैन । यसबाट यो किताव लेखाउने र लेख्ने तथा लेखिएको साल आदिबाट अश्वशास्त्र अन्वेषक विद्वान्लाई घोडाका धेरै विषयको ज्ञानमा मद्दत् होला भन्ने आशा लिन सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

यो किताबको साथै राष्ट्रिय अभिलेखालयमा एउटा "नकुलकृत अश्वचिकित्सा" नामक ग्रन्थ पनि फेला परचो। त्यसमा विशेषता के रहेछ भने आजभन्दा अघि प्रकाशित भएको "नकुलकृत अश्वचिकित्सा" मा "सत्रौं अध्याय पाइँदैन" भनिएको छ र यहाँ त्यो अध्याय देखिएको र यस ग्रन्थलाई पनि अश्वशास्त्र जान्ने धेरै विद्वान्ले मान्यता गरेकोले यहाँ पनि त्यसको प्राप्त भएको १७ त्रौं अध्याय समावेश गरी त्यो नकुलकृत अश्वचिकित्सा ग्रन्थको पनि अनुवाद गरिएको छ।

हाम्रा उपर्युक्त दुवै ग्रन्थहरू हस्तलिखित छन्। लिपिकार र शास्त्रकारमा धेरै अन्तर रहने हुनाले यत्रतत्र अशुद्ध रहनु स्वाभाविक मान्न सकिन्छ। त्यसकारण वर्तमान यसग्रन्थको मूललाई कतै मुद्रित किताबको आधारमा र कतै ग्रन्थको मूल आशयलाई नबिग्रने गरी सन्दर्भ मिलाई परिस्कृत र संशोधन गरिएको छ। नकुलकृत अश्वचिकित्साका विषयमा भने जयदत्त सूरि विरचित अश्ववैद्यक नामक संवत् १९४३–४४ मा मुद्रित ग्रन्थमा संलग्न भएको किताबको आधारमा अनुवाद गरिएको छ र त्यसमा नभएको सत्रौं अध्याय राष्ट्रिय अभिलेखालयमा भएको हस्तलिखित "नकुलकृत अश्वचिकित्सा"बाट उद्धरण गरी यहाँ समावेश गरिएको छ। तथा यही ग्रन्थलाई मूलग्रन्थ सम्झी पाठान्तरमा "मू. पु. संज्ञा दिइएको छ। नकुलकृत अश्वचिकित्साका मुद्रित र लिखित दुवै किताबमा पनि पर्याप्तरूपमा पाठान्तर भएको पाइन्छ र अध्यायक्रमको पौर्वापौर्य पनि केही फरक पाइन्छ। पाठान्तरको चिह्नका विषयमा दुर्लभसुतगणकृत अश्वायुर्वेदको पाठान्तरमा भने हाम्रो राष्ट्रिय अभिलेखालयको हस्तलिखित ग्रन्थ मूलग्रन्थको रूपमा र तज्जौरबाट प्रकाशित "अश्वशास्त्र" लाई 'ख' तथा जयदत्त सूरि विरचित "अश्ववैद्यक" लाई 'ग' संज्ञा दिइएको छ र भोजदेव संगृहीत पूनाबाट प्रकाशित किताबलाई "घ" भन्ने संज्ञा दिई पाठान्तरहरू टिप्पणी-स्थानमा राखिएका छन्।

कालका प्रभावले गर्दा अश्वशास्त्र सम्बन्धी किताबको निक्कै अभाव भै दोष र लक्षणसम्म पनि यथार्थरूपमा छुट्याउन नसकिने अवस्था देखी बडाकाजी श्री पुष्पराजज्यूले पाइनेसम्मका प्रामाणिक किताब खोजी पत्ता लगाई "अश्वशास्त्रमा नेपाली भाषामा एउटा प्रामाणिक किताब तयार पारी छपाई दिन पाए उपयोगी हुने हुँदा सो गर्न स्व. श्री ५ महेन्द्रका हजूरमा बिन्ति चढाउँदा सहमति बक्सेको छ भनी ग्रन्थ संकलन गरी बडाकाजी श्री पुष्पराज राजभण्डारीज्यूबाट सो काम मलाई दिनुभएको हो। दैववशात् यो किताबको केही अंश मात्र बाँकी छँदै श्री ५ महेन्द्रको स्वर्गारोहण हुनगयो। त्यसपछि जो भएको व्यहोरा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारका हजूरमा बिन्ति चढाई काम चालू राखी तयार पारी बिन्ति चढाउँदा हुकुम प्रमाङ्गी बक्से बमोजिम यो किताब प्रकाशित भएको छ। यो विषय दुरूह एवं जटिल हुनाले यसको सम्पादन बहुकाल, बहुसाधन र चतुरस्र पाण्डित्य भएका विद्वान्हरूको ठूलो जंघटबाट हुनु संभव थियो होला। त्यस्तो हुन नसके तापनि म बाट "नभः पतत्यात्मसमं पतत्रिणः" भने भैं यो ग्रन्थ साधन, समय, परिस्थिति र क्षमता अनुसार यथासंभव प्रयास गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संपादन र अनुवाद समेत गरेको छु। यसबाट संस्कृतको ज्ञान गर्न नसक्ने समस्त नेपालीहरूलाई भाषाबाट नै घोडाका शुभ र अशुभ लक्षणहरू तथा घोडाका चित्रबाट पनि यस विषयमा केही मद्दत् हुन सक्नेछ भन्ने आशा छ। कैयौं दोषहरू यहाँ होलान् तर देश काल र परिस्थितिको मर्म जान्ने विद्वान्हरूले दोषको अपेक्षा केही गुण ग्रहण गर्नुभयो भने आफ्नू प्रयास सफल सम्झने छु। यसमा नेपाल राष्ट्रिय अभिलेखालयमा भएको मूल ग्रन्थ तथा अन्य ग्रन्थ दिनुको साथै सम्पादन परिशोधन र अनुवादमा अमूल्य सहयोग गर्नुहुने नेपाल राष्ट्रिय अभिलेखालयका प्रधान अनुसन्धान अधिकारी पं. बुद्धिसागर पराजुली र अश्ववैद्यक ग्रन्थ दिनु मैं सहयोग गर्नुहुने मूल पुरोहित पं. अच्युतराज पाण्डेप्रति आभार प्रकट गर्दै यस वक्तव्यलाई यहीं टुङ्ग्याउँछु।–

विनीत,

अनुवादक

मिति– २०३१–३–१–७ मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. १



दुर्लभसुतगणकृत अश्वायुर्वेदमा उल्लिखित घोडाका अङ्गप्रदेश युक्त घोडाको चित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाका अङ्गप्रदेशको विवरण

(दुर्लभसुतगणकृत अश्वायुर्वेदमा उल्लिखित घोडाका अंगप्रदेशहरू ।)

(तलका अङ्गहरू चित्र नं. १ सँग सम्बन्धित छन्)

१.	अधरोष्ट	तल्लो ओठ
२.	उत्तरोष्ट	माथिल्लो ओठ
३.	सृक्व	गीजा
४.	चिवुक	च्यापु वा च्यूंडो । तल्लो ओठ देखि तलको ठाउँ ।
५.	प्रपाण	माथिल्लो ओठदेखि नगिचै माथिको ठाउँ ।
६.	प्रोथ	प्रपानदेखि केही माथिको ठाउँ ।
७.	नासापुट	प्रोथको अगल बगलमा पर्ने नाकको प्वाल ।
८.	घोणा	आँखा र प्रोथका बीचको ठाउँ (नाकेडांडी) ।
९.	गण्ड	गाला ।
१०.	पार्श्व	घोणाका अगल बगलको भाग ।
११.	अश्रुपात	आँशु झर्ने ठाउँ । (गण्ड र पार्श्वका बीचको भाग) ।
१२.	भ्रू	आँखिभौं ।
१३.	अपांग	कटतर्फको आँखाको कुना (आंखाको बाहिरपट्टि कानसम्मको ठाउँ ।)
१४.	कनीनिका	नाकको (समीपवर्ती) कुनै भाग र आँखाको बीचको ठाउँ ।
१५.	ललाट	निधार ।
१६.	स्तुव	निधारदेखि तलको भाग ।
१७.	शिर	दुई कानका बीचको भाग ।
१८.	मस्तक	(शिरको) समीपवर्ती भाग ।थाप्लो,
१९.	कर्ण	कान (शिरस्थानका अगल बगलमा रहने) ।
२०.	कट	कान र शंखस्थानको बीचको भाग ।
२१.	शंख	अपांग र कटका बीचको ठाउँ ।
२२.	धाता	शंख र कटका माथि (शिरको पछिल्लो जोर्नी) को ठाउँ ।
२३.	हनुचक्र	दुबै गण्डको बाहिरपट्टिको भाग ।
२४.	निगाल	हनु र गलनाडीको जोर्नी (सानू घण्टी झुण्डयाउने ठाउँ) ।
२५.	विडु	कानका नगीचैको पछाडिको ठाउँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री

२६.	मन्या	घाँटीको नाडी (कण्ठनाडी) ।
२७.	ग्रीवा	मन्याको अगल बगल र त्यसदेखि लिएर शिरसम्मको भाग (गर्धन) ।
२८.	स्कन्ध	घाँटीदेखि माथिको भाग (काँध) दुई पाताको जोर्नी ।
२९.	केशर	काँधका माथि हुने रोमावली (याल) ।
३०.	केश	कपाल (दुई कानका बीच) मा रहने रौं ।
३१.	केशान्त	केशको अगल बगलको भाग र केशाग्रको अन्तिम ठाउँ ।
३२.	जत्रु	काकशा र वहका बीचको ठाउँ (काँधको जोर्नी) ।
३३.	वह	जत्रुका अगाडिको ठाउँ ।
३४.	काकसा	जत्रु र जुराको मध्यभागसम्मको ठाउँ ।
३५.	ककुद	जुरो (आसन र काकसाका बीचको ठाउँ) ।
३६.	आसन	जुराको समीपवर्ती ठाउँ ।
३७.	पृष्ठ	पिठ्यूँ ।
३८.	पृष्ठवंश	पिठ्यूँको समीपमा हुने तीनहाडका जोर्नीको नगीचै रहेको ठाउँ ।
३९.	अंश	काँध, (जुरासँग जोरिएको ठाउँ) ।
४०.	अंशमूल	काँधका फेदसम्मको ठाउँ ।
४१.	गल	निगाल र कण्ठका बीचको ठाउँ ।
४२.	कण्ठ	वक्षस्थान र गलस्थानका बीचको ठाउँ ।
४३.	वक्ष	कण्ठस्थानदेखि मनिको ठाउँ (छाती) ।
४४.	क्रोड	हृदय र वक्षस्थलका बीचको ठाउँ (काख) बाहुको भित्री भाग ।
४५.	वाहु	क्रोडका वाहिरपट्टिको ठाउँ ।
४६.	जानु	घुँडा (वाहुदेखि मन्तिरको ठाउँ) (चारै पाउमा) ।
४७.	किण	दुबै घुँडाका भित्रपट्टिकोठाउँ अर्थात् पछाडितर्फको ठाउँ (घुँडिकोप्रो) ।
४८.	जंघा	नलीहाड घुँडादेखि तलतिरको भाग । (चारै पाउमा) ।
४९.	फला	जंघाको अगाडि र त्यसको पछाडिको ठाउँ । (चारै पाउमा)
५०.	परिहस्त	गोलीगाँठा नगीचको माथी जंघादेखि तलको ठाउँ । (चारै पाउमा) ।
५१.	कूर्च्च	परिहस्तका नगीचैको ठाउँ (गोलीगाँठा) (चारै पाउमा) ।
५२.	किण	कूर्च्चका मध्यभागको ठाउँ (चारै पाउमा) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५३.	कुष्टिका	कूर्चभन्दा तलको ठाउँ ।
५४.	खुरसन्धि	कुष्ठिका मनिको ठाउँ (खुरको जोर्नी) (चारै पाउमा) ।
५५.	खुर	खुरसन्धि मनिको ठाउँ । (चारै पाउमा)
५६.	नख	नङ (खुरको अगाडिको ठाउँ) । (चारै पाउमा)
५७.	पार्ष्णि	खुरका पछाडिपट्टिको ठाउँ । (चारै पाउमा)
५८.	पादतल	टेक्ने ठाउँ (पैताला) (चारै पाउमा ।)
५९.	मण्डूकी	खुरका मन्तिरको ठाउँ (खुरका मन्तिर पछाडितिर रहेको पुतलीका आकारको ठाउँ) (चारै पाउमा) ।
६०.	कक्ष	बाहु (अघिल्ला खुट्टा) को पछाडि र भित्रसम्मको भाग (काखी)
६१.	हृदि	हृदय, (काख र पेटका बीचको ठाउँ) ।
६२.	जठर	पेट, हृदय र नाभीका बीचको ठाउँ ।
६३.	नाभी	नाइटो ।
६४.	पार्श्व	कक्ष भन्नु नै पार्श्वभाग हो ।
६५.	कुक्षि	कक्षको पछाडिको ठाउँ ।
६६.	ककुन्दर	कुक्षिको माथिको ठाउँ ।
६७.	त्रिकसन्धि वा कूप	पिठ्यूँदेखि तलका तीनहाडको वा अङ्गको जोर्नी (गात्र-त्रयस्य सन्धि स्त्रिकं) ।
६८.	जघन	त्रिकस्थानको समीपवर्ती भागबाट शुरु भै दुबैकोखाको पार्श्वभाग ।
६९.	जघनमूल	पुच्छरदेखि माथिको ठाउँ र दुबै कोखाको पार्श्वभाग ।
७०.	पुच्छ	पुच्छर, जघनस्थलको अन्तिम ठाउँ ।
७१.	वर्त्तिका	झुपक्क रौं भएको पुछरको डण्ठी ।
७२.	गुद (पायु)	गुदद्वार, दिशा निस्कने ठाउँ वा पुछरले छोपिएको ठाउँ ।
७३.	स्फिक्	गुदद्वारका मासुकायुप्रादेखि तलको ठाउँ (पछाडिको फिला) नितंब, पुठो ।
७४.	पिण्ड	नितंब नै पिण्ड हो ।
७५.	चटुके	स्फिक् र पिण्डको दुबैपट्टिको भाग ।
७६.	सीवनी	गुदद्वारदेखि तल लिङ्गको फेदसम्म गएको रेखा (लोकमा यसलाई धोति भन्दछन्) ।
७७.	मुष्क	अण्डकोष (स्फिक् र पार्श्वका बीचमा रहेको ठाउँ) ।
७८.	शिश्न	लिङ्ग (अण्डकोषका अगाडि रहेको ठाउँ) ।
७९.	रन्ध्र	कुक्षिको भित्री भाग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८०. उपरन्ध्र	रन्ध्रको समीपवर्ती भाग ।
८१. सक्थि	उपाण्डमूल (तिघ्रा फैलिएको ठाउँ) मा फैलिंदै गएको ठाउँ अर्थात् तिघ्राको उपान्त भाग ।
८२. चक्रसक्थिन	तिघ्राको तल र माथि अर्थात् हाराहारी रहेको ठाउँ ।
८३. स्थूर	चक्रसक्थिनको तलको ठाउँ ।
८४. मन्दिर	स्थूरदेखि मन्तिरको भाग ।
८५. हनु	च्यूँडाको दुबैतिरको लामू भाग ।
८६. पुच्छमूल	पुच्छरको फेद ।
८७. मूत्रकोष	पिसावको थैली ।

माथि लेखिएका जो जति अङ्गहरू छन् ती सबैमा कुनै शरीरका दुबै पातातर्फ पनि रहन्छन् ।

जिभ्रो, तालु सूना, पीठ, दाँत, दृष्टिमण्डल यी अङ्गहरू चित्रमा देखाउन नमिल्ने भएकोले अंकबाट निर्देशन गरिएका छैनन् । यी शरीरका अङ्गप्रदेशमा दिएका नम्वरहरू चित्र नं. १ संग सम्वन्धित छन् तथा जिभ्रो तालु आदि चित्रमा नदेखाइएका स्थानहरू तल दिइएका छन् ।

जिभ्रो – मुखभित्र रहने मासुको लोला प्रसिद्ध छ ।
तालु – जिभ्राको माथिको भाग ।
सूना – जिभ्राको तलतिर रहने सानू जिभ्रो ।
पीठ – दाँतअडिने ठाउँ ।
दन्त – दाँत ।
दृष्टिमण्डल – आँखाको डल्लो ।

मद्रासबाट प्रकाशित गर्गसुतगणकृत "अश्वशास्त्रम्" भन्ने ग्रन्थमा हाम्रो मूलग्रन्थका अङ्गप्रदेश वर्णनको क्रममाः–

१. दृष्टिमण्डललाई नेत्रमण्डल भनिएको छ र यस्तै
२. क्षीरिका – गालाको उपल्लो भाग वा ठाउँ ।
३. प्रच्छादन – समग्र परेला ।
४. अक्षिकूट – परेलाको अग्रभाग ।
५. सुकुन्तल – (कर्णरन्ध्र) कानको प्वाल वा दुबै कानका फेदको ठाउँ ।
६. कटाक्ष – शंख र कानको बीचकोभाग ।
७. निवद्ध – काँध र जुरोमा यी दुबै ठाउँ रहन्छन् । ती रहेको कुनै ठाउँ ।
८. वैषिक – गोलीगाँठाको जोर्नी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

९.	कटिसन्धि	–	कटिको जोर्नी ।
१०.	उरूसन्धि	–	तिघ्राको जोर्नी ।
११.	सीवनीतलसन्धि	–	उरूपादा ।

उपर्युक्त ११ अङ्गहरू रूपान्तर गरी बढी देखाइएको छ । हाम्रो ग्रन्थमा उल्लिखित "परिहस्त" लाई यहाँ "पालिहस्त" भनेर उल्लेख गरिएको छ । अरू सबै अङ्गहरू मिल्दछन् । घुंडाको अघिल्तिरको भागलाई "कलापी" भनिएको छ । तर त्यो ठाउँ हाम्रो मूलग्रन्थको मतमा "कला" नामक स्थान हो । (जयदत्तको "अश्ववैद्यकम्" का टीकाकारको मतमा "कलापी" को ठाउँमा "कलाची' हुनु मनासिब देखिन्छ भन्ने देखिएको छ) । त्यसमा उल्लिखित अङ्गप्रदेशको अंग्रजी नाम पेज नं. २५१ मा दिइएको छ ।

शुक्लयजुर्वेदको माध्यन्दिनीयसंहिता २५ सौं अध्यायको १ मन्त्र देखि ९ वौं मन्त्रसम्म वर्णनगरिएका घोडाका अंगहरू ।

१. दन्त (दाँत) ।
२. दन्तमूल– दाँतको फेद ।
३. दन्तपीठ (वर्स्व) वर्स्वस्याद्दन्तपीठिका– दनसा (दाँत अडिने गीजाको भाग) ।
४. दंष्ट्र (वंगारा) ।
५. अग्रजिह्वा (जिभ्राको टुप्पो) ।
६. जिह्वा– जिभ्रो ।
७. तालु– शूनाको ठीक माथि दन्तमूलभित्रपट्टिको भाग ४ अंगुल ।
८. हनु– वक्त्रैकदेश (मुखको एकअङ्ग) ।
९. आस्य– मुख ।
१०. आण्ड– अण्डकोष ।
११. श्मश्रु– दाह्री जुंघा (मुखका रौं) ।
१२. भ्रू– (ललाटगरोमपंक्ति) आंखिभौं ।
१३. वर्ताः– पक्ष्मपंक्ति–परेलाको पंक्ति ।
१४. कनीनिका– नेत्रमध्यग कृष्णगोल (आँखाका बीचको कालो भाग ।)
१५. शुक्ल– नेत्रमण्डल– आँखाको सेतो मण्डल ।
१६. कृष्ण– नेत्रमण्डल– आँखाको कालो मण्डल ।
१७. (पार्य) पक्ष्म– (पक्ष्मणि नेत्रोपरिलोमानि) परेला ।
१८. इक्षु इक्षवः– नेत्राधोभागरोम– तल्लो परेलाका रौं ।
१९. अधरोष्ठ– तल्लोओठ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०. उत्तरोष्ठ– माथिल्लो ओठ ।

२१. मूर्धा– मस्तक– थाप्लो वा शिर ।

२२. निर्वाध– शिरोऽस्थिमध्यसंलग्नो मज्जाभागः– शिरका हाडका माझमा रहने मासीको भाग ।

२३. मस्तिष्क– मस्तिष्के भवं मष्तिकम्– (शिरोमध्यस्थो जर्जरी मांसभाग) गिदी

२४. कनीनका– आँखाको तारका ।

२५. कर्ण– कान ।

२६. कर्णशष्कुली– कानको परिधि (बाहिरी कान) ।

२७. श्रोत्र– सुन्ने इन्द्रिय ।

२८. अधरकण्ठ– कण्ठाधो भागः– घांटीमनिको भाग ।

२९. शुष्ककण्ठ– कण्ठस्य यः शुष्को निर्मासोदेशः–घांटीमा रहने मासु नभएको ठाउँ वा रूद्रघण्टी।

३०. मन्या– पश्चाद्ग्रीवा शिरामन्या– ग्रीवापश्चाद्भागे कृकाटिकायां शिरा मन्या– घाँटीका अलग बगलमा रहने ठूलो नसा ।

३१. नाडी– ग्रीवा पश्चान्नाडी (खोविल्टाका २ नाडी) ।

३२. शिर्षः– शिर ।

३३. निर्जर्जल्य– नितरा जर्जरीभूत शिरोभाग– जीर्ण खप्पर ।

३४. संक्रोश– हिंड्दा आवाज आउने शरीरका अंग अवयव ।

३५. वृषण– अण्डकोष ।

३६. स्तुपः– उच्छ्रितंशिखाभूतं अंगम्– निधारको माथि उठेको भाग (केशान्तको तल्लो भाग) ।

३७. केश– स्कन्धरोमः– कांधका रौं (याल) ।

३८. वह– आसनदेखि माथि जुरादेखि केही अगाडि सम्मको भाग ।

३९. शफः खुरः– खुर ।

४०. स्थूरः– गुल्फ– गोलिगांठा ।

४१. ऋक्षला– गुल्फाधस्थानाडी– गोलीगाँठा मन्तिरको नाडी ।

४२. जंघा– गुल्फ जान्वोर्मध्यभागो जंधा– गोलिगाँठा र घुंडाका बीचको भाग ।

४३. वाहू– अग्रपादयोजानूर्ध्वभागौ– अगाडिका खुट्टाका घु डादेखि माथिको भाग ।

४४. जाम्बिलम्– जम्बीराकारो जानुमध्यभागो जाम्बीर (रलयोरभेदः) घुंडामा रहने पांग्रा जस्तो बाटुलो हाड ।

४५. अतिरूक्– जानुप्रदेश– घुंडाको भाग ।

४६. दोषौ– करौः–(हात)अग्रपादयो जान्वधोभागौ–अगाडिका खुट्टाका घुँडादेखि मनिको भाग।

४७. अक्ष–स्कन्ध कांध ।

४८. रोर– अंशग्रन्थि– जुराको जोर्नी ।

४९. पक्षति– पक्षमूलम्– पक्ष शब्द पार्श्ववाची पंखेटाका फेद (पहिले घोडाका पंखेटा हुन्थे) ।

५०. वंक्रि– करंङ (घोडाका करंङ ३४ वटा हुन्छन्) शु.यजु.अ. २५ मन्त्र ४१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५१. स्कन्ध–: स्कन्धप्रदेश (–) कांध ।

५२. कीकसम्– अश्वपुच्छोपरि–स्तिस्रोऽस्थिपङ्क्तयः सन्ति (कीकसति शब्दं करोतीति कीकसम्-अस्थि, (घोडाका पुच्छर माथिका हाडका तीनवटा पंक्ति) ।

५३. पुच्छम्– पुच्छर ।

५४. मासद– नितंव– पछाडिको फिला ।

५५. श्रोसी– कटि

५६. उरू– सक्थि– तिघ्रा ।

५७. अलाः– वक्षण– उरूसंधि– तिघ्राको जोर्नी ।

५८. स्थूरी–स्थूलौ–स्फीचौ–नितंवाधोभाग– पुठाको तलको भाग ।

५९. कुष्ठौ–नितंवस्थौकूपकौ आवर्तौ, ककुन्दर शब्दवाच्यौ–नितंवमा रहने कूपका दुइ भुमरीलाई ककुन्दर भनिन्छ ।

६० मुष्क– अण्डकोष ।

६१. शेप– लिंग ।

६२. पायु– गुद ।

६३. क्रोडः–क्रुडधनत्वे, क्रुडदितिक्रोड–ःत्रनो वक्षोर्मध्यभाग (ह्याकुलाको मध्यभाग) ।

६४. पाजस्य–पाजसे नाम वलाय हितं पाजस्यम्–बलकरं अंगम् (वलदिने अंग) ।

६५. जत्रु– अंश कक्षयोसन्धि– कांध र कक्षको जोर्नी ।

६६. मसत्–लिंगाग्रम्– लिंगको अग्रभाग ।

६७. मतस्ने–ग्रीवाधस्ताद्भागस्थित हृदयोभयपार्श्वस्थेअस्थीनि– गर्धनदेखि तलरहेका छातीका का दुवै बगलमा रहने दुइवटा हाड ।

६८. प्लाशि–प्लाशयः (प्रकर्षैर्अश्नन्ते भुन्जते अन्ननीति प्लाशयः) शिश्नमलनाडयः (लिंगको मूलनसा) ।

६९. कुक्षि–जठरस्य दक्ष वाम भागौ कुक्षि– पेटका दायां वायां रहने भाग अर्थात् कोखा ।

७०. उदरम्–जठरम्– पेट् ।

७१. नाभि–उदराधस्थग्रन्थि (पेटदेखि मन्तिर रहने गांठो (अर्थात्) नाइटो)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल राष्ट्रिय अभिलेखालयको दुर्लभसुतगणकृत अश्वायुर्वेद ग्रन्थको मतमा महादोषी घोडाका लक्षण

शुक्तिदन्त– सीपिका जस्ता दाँत भएको ।

कृष्णदन्त– काला दाँत भएको ।

विषमदन्त– अड्वे खड्वे दाँत भएको ।

कराली– दाँतका पंक्ति नमिलेको, टेढा दाँत भएको, दाँत उछिट्टिएको । (यो उत्तरकराली र अधरकराली गरी दुइप्रकारको हुन्छ) ।

हीनदन्त– हुनुपर्ने संख्यामा दाँत कम्ती भएको ।

अधिकदन्त– बढी दाँत भएको ।

भग्नदन्त– दाँत भाँचिएको ।

पंक्तिवृद्धि– दाह्रा भएको वा दाँत उछिट्टिएको ।

इन्द्रवृद्धि– अण्डकोष नभएको ।

एकारदन्त– एकार जस्तै दाँत भएको ।

जुरो, घुँडा, छाती र काकसामा भुमरी भएको ।

वृषभदन्त– साँढेका जस्ता दाँत भएको ।

दिनेज– दिनमा जमेको ।

हीनांग– अंग कम्ती भएको ।

अधिकांग– बढी अंग भएको ।

एकमुष्कस्त्रिमुष्को वा; एउटा वा तीनवटा अण्डकोष भएको ।

वृषभमुष्क, लम्बमुष्क–साँढे वा वहरका जस्ता लत्रेका अण्डकोष भएको ।

चित्रमुष्क, कपिमुष्क, विन्दुभिश्चित्रितमुष्क, रोमशमुष्क– रौं छिविरे र वानरका जस्ता अण्डकोष भएका, तथा विन्दुहरूले छिचिमिरे भएका र झ्याप झ्याप्ती रौं भएका अण्डकोष भएका ।

न्याहुरी, भैंसी, गिद्ध, लाटोकोसेरो, मूसा, विराला, बानर, सुँगुर र कागका जस्ता आँखा भएका ।

एउटा आँखा पहेंलो (कैलो) भएका ।

मिश्रकेशी– धेरै रंग (वर्ण) मिसिएका केश भएका ।

सीमन्तकेशी– स्यूँधो काढेको जस्तो केश भएका ।

प्रवगण्ड– बाघका जस्तो रागेपाटे वर्ण भएका ।(अश्वायुर्वेदको मतमा) ग्रन्थान्तरमा भने गालामा घाउ वा खटिरा उठ्ने रोगविशेषले युक्तभएको लाई प्रवगण्ड भन्ने पनि छ ।

जड– मूर्ख ।

मुञ्जकेशी–संधै घुंघुरिईरहने अर्थात् जिर्ग्रीग परीरहने मुञ्ज (तृण विशेष) का जस्तो केश भएका ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गधा, सिंह र विरालाका जस्ता वर्णभएका ।
याल नभएका ।
केश र याल विना जन्मेका ।
कपाल (दुई कानका बीचको रौंको झुप्पा) नभएका ।
सम्पूर्ण अंग काला भएका (यसमा टल्कने कालोवर्ण भए दोषी हुँदैन) ।
नाक, तालु, ओठ, जिब्रो टाउको, अण्डकोष, गिजा, लिंग यति कालो भएका ।
शरीरभर एकवर्ण भै पुच्छर र टाउकाको वर्ण अर्केवर्ण भएका ।
प्रदीप्तपुच्छ– शरीरको मूलवर्ण एउटा भै पुच्छर र शिरमा अर्केवर्ण भएका ।
ललाटलिप्त– निधारमा रहेको पुण्ड्र देब्रेतर्फ घुमेर च्यूँडामा आएको र देब्रे आंखालाइ पनि छोएको-पुण्ड्र भएका ।
श्वित्री– चित्रकुष्ठी– सेतो दुभि भएका ।
नपुंसक– घोडी देखेर तथा पाएर पनि इच्छा नगर्ने ।
त्रिसरी– सम्पूर्ण शरीर सेतो भै तीनवटा खुट्टा काला भएका ।
गौरखराभपृष्ठः– गौरी-गधाको जस्तो पिठ्यूँ भएका ।
मुशली– एउटा खुट्टा सेतो भै तीन खुट्टा अरू वर्णका र तीन खुट्टा सेता भै एउटा खुट्टाको अर्के वर्ण भएका ।
प्रेतोपनीत– पिठ्यूँमा चढेको मानिस मरेपछि पनि त्यसलाई बोकेर हिंडीरहने ।
येषांपृष्ठे हतो भर्ता– पिठ्यूँमा उसको स्वामी मरेको ।
दग्धचर्मगन्धी– शरीरबाट छाला पोलेको जस्तो गन्ध आउने ।
उत्कटगन्धी– ज्यादै दुर्गन्धयुक्त भएका ।
द्विगर्भो वा वहुगर्भ तादृशी वडवा अपि– जुम्ल्याहा वा बढी संख्यामा जन्मेको घोडा र त्यस्तो जन्माउने घोडी पनि ।

(अश्वायुर्वेद अध्याय ६ श्लोक २२३–२२९ अनुसार)

अश्वायुर्वेद तथा सबैग्रन्थका मतमा महादोषमध्ये पनि ज्यादै कडादोषी अर्थात् राख्नैनहुने घोडा ।

भृंगी– निधार, शिर स्तुव र कटको बीचमा रूरुमृगका सिंग जस्तो वा आंपका कोया जस्तो वा गाईका थून जस्तो मासुको लोला भएको ।
त्रिकर्णी– कानका नगिचै कीला जस्तो अर्को कान भएको वा बुढी औंला जस्तो देखिने कुनै चिह्न भएको "तिनकाने ।"
द्विखुरी– गाईको खुर जस्ता खुर भएको (दुईखुरे)
हरिणखुरी– हरिणका जस्तै खुर भएको (हरिणखुरे) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपखुरी– खुरकामाथि अर्को खुर भएको ।
स्तनी– गाईका थून जस्ता थून भएको ।
लम्बन– लडकेका अण्डकोष भएको ।
पञ्चशफी– पांचवटा खूर भएको ।
अजिनी– मिर्गका जस्तो छाला भएको ।

(अश्वायुर्वेद अध्याय श्लोक २२६, २७२–२८० अनुसार)

श्रीमज्जयदत्तसूरिविरचित "अश्ववैद्यक" नामक ग्रन्थमा र अरूग्रन्थमा निर्णय गरिएका महादोषी घोडाका लक्षणहरूमध्ये

१. जाताण्ड– अण्डकोष सहित जन्मेको ।
२. कञ्चुकी– शरीरको मूलवर्ण एउटा भै कांध, छाती, बाहु, कांधको नगीच यति ठाउँमा अर्कै वर्ण भएको ।
३. मार्जारपाद– शरीरको मूलवर्ण एउटा भै खुट्टामा मात्र विरालाका जस्ता कालासेता रेखा भएको ।
४. व्याघ्रवर्ण– बाघका जस्तो वर्ण भएको ।
५. वामन– ठूलो जातमा होचो हुनगएको, बाउन्ने ।
६. कुब्ज– कूजो ।
७. तित्तिरिसन्निभः– तित्राका जस्तो वर्ण भएको ।
८. जातदन्त– दाँत सहित जन्मेको ।

यति माथि बताइएका चिह्नले चिह्नित भएका घोडाहरू पनि महादोषी मानिएका छन् ।

शालिहोत्रकोमतमा वीरमित्रोदय लक्षणप्रकाश पृष्ठ ४८३ मा उल्लिखित निम्नप्रकारका चिन्हले चिन्हित घोडाहरूपनि महादोषि मानिएका छन् ।

१. जातमुष्क– अण्डकोष सहित जन्मेको ।
२. भस्मवर्ण– खरानीका जस्तो वर्ण भएको ।
३. अजातवर्ण– कुनै प्रधानवर्ण नभै जन्मेको अर्थात् कुनै खास मूल वर्ण नभएको ।
४. खरसार– गधाका जस्तो सार (सत्व) भएको ।
५. कृष्णसटः– काला याल भएको,
६. मूक– लाटो ।
७. ध्रुवावर्तरहित– असल भुमरी नै नभएको ।
८. अशुभावर्तयुक्त– खराव भुमरीहरू भएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. २



महादोषी घोडाको चित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महादोषी घोडाका चिन्ह र ठाउँहरूको विवरण

(तलका अङ्कहरू चित्र नं. २ सँग सम्बन्धित छन् ।)

१. जुरोमा भुमरी हुने
२. घुंडामा भुमरी हुने
३. काकसामा भुमरी हुने
४. छातिमा भुमरी हुने (१ भुमरी मात्र हुने)
५. काखी मनि (पार्श्वभाग) मा भुमरी हुने ।
६. कटस्थानमा भुमरी भएको ।
७ शंख स्थानमा भुमरी भएको ।
८. काखीमा भुमरी हुने ।
९. कोखामा भुमरी हुने ।
१०. लिंगमा भुमरी हुने ।
११. आसनमा भुमरी हुने
१२. नाइटोमा भुमरी हुने ।
१३. विदु (कानदेखि ६ अगुंल तल) भुमरी हुने ।
१४. पुच्छरको फेदमा भुमरी हुने ।
१५. गुदद्वारमा भुमरी हुने ।
१६. पिठ्यूंका तीनहाडको जोर्नीमा भुमरी हुने ।
१७ फिलादेखि तल स्थूरमा भूमरी हुने
१८ गण्ड (गाला) मा भुमरी हुने
१९. आँशु बग्ने ठाउँ (आँखाको मन्तिर भुमरीहुने)
२०. नाककोपोरामा भुमरी हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२१. नाकका दुवै प्वालका बीचको भाग (प्रोथ) मा भुमरी हुने

२२. च्यूँडोमा भुमरी हुने

२३. गोलीगाँठामा भुमरी हुने

२४. पिण्ड (पुठा) मा भुमरी हुने

२५. स्फिक् (फिला) मा भुमरी हुने

(अश्वायुर्वेद अध्याय २ श्लोक ६१–१०६ अनुसार)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

चित्र नं. ३

अशुभ　　　　शुभ



वामावर्त　　　　दक्षिणावर्त

भुमरीका घुम्ने क्रमको चित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्लभसुतगणकृत अश्वायुर्वेदमा उल्लिखित खराबभुमरीहरूहुने घोडाका शरीरका ठाउँहरू

(तलका अङ्कहरू चित्र नं. १ सँग सम्बन्धित छन् ।)

चित्र नं. १ मा अंकित नंवर	शरीरको ठाउँको नाउँ	चित्र नं, १ मा अंकित नंवर	शरीरका ठाउँको नाउँ
१. २	ओष्ठ (दुवै ओठ)	१९.	कर्णाग्र (कानकोटुप्पा)
२.	उत्तरोष्ठ	२०.	कट
४.	चिवुक	२१.	शंख
५.	प्रपान	२५.	विद्रु
६.	प्रोथ	२६.	मन्या
७.	नासापुट	२८.	स्कन्ध
८.	घोणा	३३.	वह
		३४.	काकस
९.	गण्ड, उपगण्ड (गण्डको समीपवर्ती–) भाग	३५.	ककुद
११.	अश्रुपात	३६.	आसन
१२.	भ्रुवोर्मध्यभाग	४१.	गल
४४.	क्रोड	७३.	स्फिक्
४६.	जानु	७६.	सीवनी
४८.	जंघा	७७.	मुष्क
५१.	कूर्च	७८.	मेढ्र
६१.	हृदि	८१.	उरू
६३.	नाभी	८३.	स्यूर
६४.	पार्श्व र कक्ष	८५.	हनु
६५.	कुक्षि	८६.	पुच्छमूल
६७.	त्रिक	८७.	मूत्रकोष
७२.	अपान (गुद)		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(अत्यन्त) खराव भुमरी हुने ठाउँहरू तथा तिनको फल

शरीरको ठाउँ	फल
१. कट	स्वामीको कुल नाशगर्ने ।
२. शंख	सम्पूर्ण कुललाई नै नाशगर्ने ।
३. विदु	स्वामीको अनर्थकारक ।
४. मन्या	मृत्युदायी ।
५. स्कन्ध	स्वामीको आयु नाशगर्ने ।
६. स्फिक् पिण्ड	स्वामीको कुल नाशगर्ने ।
७. गलमध्य	छोराको नाश गर्ने, दुःख र मृत्यु आईलाग्ने पार्ने ।
८. उत्तरोष्ठ	स्वामीको भाइ नाशगर्ने ।
९. कक्ष	तुरून्त स्वामी नाशगर्ने ।
१०. गण्ड	स्वामीको मिमित्त मृत्युको दूत बराबर ।
११. जानु	तवेलामा राख्नै नहुने, राज्य नाश गर्ने, ठुलो विघ्न पार्ने,अति महादोषी ।
१२. ककुद	राज्यनाशकारी । राज्यबाट निकालीदिनुपर्ने वा अरूको राष्ट्रमा घपाई-दिनु पर्ने ।
१३. क्रोड	स्वामीलाई नाशगर्ने ।
१४. कर्णमध्यवर्ती	स्वामीलाई मारी छोड्ने ।
१५. पुच्छमूल	यसको स्वामी बाणले घोचिएर प्राण छोड्दछ ।
१६. मुष्क	जेठो छोरालाई नाशगर्ने ।
१७. नाभि	यसको स्वामी जलोदर रोगले पीडित हुन्छ ।
१८. खुर, त्रिक	यो स्वामीको साथै लडाइँमा मर्दछ ।
१९. स्थूरः	यसको स्वामी शस्त्र (बन्दूक आदि) बाट मर्दछ ।
२०. आसन	स्वामीनाशकारक ।
२१. कूर्च्च	स्वामीलाई रणसंग्राममा मार्दछ ।
२२. प्रोथ	अनिष्ट गर्ने ।

मद्रासबाट प्रकाशित ग्रन्थको मतमा घोडाका खराव भुमरीहरूरहने शरीरका ठाउँहरू-मा हाम्रो मूलग्रन्थमा भन्दा चारै पाउका कला र पिण्डस्थानसा रहेको भुमरी पनि असल होइन भन्ने यति बढी देखिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. ४



खराब भुमरी रहने ठाउँहरूयुक्त घोडाको चित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाका खराब भुमरी रहने ठाउँहरूको विवरण

(तलका अङ्कहरू चित्र नं. ४ संग सम्बन्धित छन्)

१. उत्तरोष्ठ —माथिल्लो ओठमा हुने भुमरी ।
२. प्रपाणकोमाथि —माथिल्लो ओठदेखि माथी नगीचैंको ठाउँमा हुने भुमरी ।
३. नासापुट —प्रोथको अगल बगलमा पर्ने नाकको प्वालमा हुने भुमरी ।
४. घोणा —आँखा र प्रोथका बीचको ठाउँमा हुने भुमरी ।
५. पार्श्व —घोणाको अगलबगलमा हुने २ वा १ भुमरी ।
६. अश्रुपात —आँशुझर्ने ठाउँ (गण्ड र पार्श्वका बीचको ठाउँ) मा हुने भुमरी ।
७. भ्रूमध्य —आँखिभौंको माझको भागमा हुने २ वा १ भुमरी ।
८. शंख —अपाङ्ग र कटका बीचको ठाउँमा हुने २ भुमरी ।
९. कर्णाग्र —कानका टुप्पामा हुने भुमरी ।
१०. कट —कान र शंखस्थानको बीचकोभागमा हुने २ भुमरी ।
११. विदु —कानका नगीचैंको पछाडीको ठाउँमा हुने २ वा १ भुमरी ।
१२. वह —जत्रुका अगाडीको ठाउँ मा हुने २ वा १ भुमरी ।
१३. ककुद —जुरो (आसन र काकसाका बीचको ठाउँ) मा हुने २ वा १ भुमरी ।
१४. स्कन्ध —कांध (घांटीदेखि माथिको भाग) मा हुने भुमरी ।
१५. आसन —जुराको नगीचैंको ठाउँमा हुने भुमरी ।
१६. त्रिक —पिठ्यूँको समीपमा हुने तीनअंगका जोर्नी नगीचै भएको ठाउँमा हुने भुमरी ।
१७. गुदद्वार —दिशा निस्कने पुच्छरले छोपिएको ठाउँमा हुने भुमरी ।
१८. पुच्छमूल —पुच्छरको फेदमा हुने २ वा १ भुमरी ।
१९. फिला —फिलामा हुने २ वा १ भुमरी ।
२०. स्थूर —चक्रसक्थिनको तलको ठाउँमा हुने भुमरी ।
२१. अण्डकोष —अण्डकोष अर्थात् लिंग मन्तिरका दुइवटा डल्लामा हुने २ वा १ भुमरी ।
२२. मूत्रकोष —पिसावको थैलीमा हुने १ वा २ भुमरी ।
२३. लिङ्ग —लिंगमा हुने भुमरी ।
२४. नाभि —नाइटोमा हुने भुमरी ।
२५. कक्ष —काखी अर्थात् अघिल्ला खुट्टा (वाहु) को पछाडि र भित्र सम्मको ठाउँमा हुने २ वा १ भुमरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२६. कुष्ठिका —गोलीगाँठा भन्दा तलको ठाउँमा हुने भुमरी (चारै पाउमा)
२७. कूर्च्च —गोलीगांठोमा हुने भुमरी (चारै पाउमा)
२८. जंघा —घुंडादेखि तलतिरको भाग नलिहाडभएकोठाउँमा हुने भुमरी (चारै पाउमा)
२९. जानु —घुंडामा हुने भुमरी (चारै पाउमा)
३०. छाती —छातीमा हुने १ भुमरी ।
३१. मन्या —घाँटीको नाडी अर्थात् कण्ठनाडीमा हुने २ वा १ भुमरी ।
३२. गल —निगाल र कण्ठका बीचको ठाउँमा हुने भुमरी ।
३३. गण्ड —गालामा हुने र उपगण्ड अर्थात् गालाको नजीचमा हुने भुमरी ।
३४. हनु —च्यूँडाको दुवैतिरको लामूभागमा हुने २ वा १ भुमरी ।
३५. चिवुक —च्यापु वा चिउँडो तल्लो ओठदेखि तलको ठाउँमा हुने भुमरी ।

लिङ्गदेखि गुदद्वारसम्म गएको रेखा "सीवनी" हो त्यहाँ भुमरीहुनु पनि खराव छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै ग्रन्थका मतमा घोडाका असल भुमरीहरू

छातिमा दुईवटा भुमरी (उरसि भ्रमरद्वयं स्वामिगृहे लक्ष्मीर्वर्धते)। (शालिहोत्र अफ भोज)

शिरमा दुईवटा भुमरी ।

रन्ध्रमा दुईवटा भुमरी ।

उपरन्ध्रमा दुईवटा भुमरी ।

निधारको बीचमा एक भुमरी ।

प्रपानमा एक भुमरी ।

माथि बताइएका ठाउँमा भुमरी छैन भने त्यो घोडा पापलक्षणलेयुक्त अर्थात् पापी हुन्छ र अशुभ पनि हो। त्यो घोडा अल्पायु पनि हुन्छ। यी उपर्युक्त भुमरीहरू मद्रासबाट प्रकाशित "अश्वशास्त्रम्" नामक किताबमा पनि असल हुन् भनेर मानिएका छन् ।

गीजामा दुइ भुमरी दुवैतर्फ (१।१भुमरी दुवैतर्फ तथा २ वा १ भमरी एउटा गीजामा मात्र भए पनि असल)

निधारमा चार जस्तैः– दुइ (२) त्रेता (३) चतु (४) त्रिभि (ठाडा तीन वटालाई निःश्रेणी भनिन्छ)।

स्तुवमा एक भुमरी ।

कर्णमूलमा दुई भुमरी ।

निगालमा एक भुमरी ।

कण्ठमा एक भुमरी ।

केशान्तमा दुई भुमरी र दुई सिपी पनि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छातीमा ४ र ३ भुमरीहरू ।

वाहु (अगाडिको खुट्टा) मा दुई भुमरी) ।

रन्ध्रमा एक भुमरी र उपरन्ध्रमा एक भुमरी ।

माथि भनिएका यति भुमरीहरू पनि असल मानिएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. ५



अत्यन्त असल भुमरी र असल सिपी तथा तिनीहरू रहने ठाउँहरूयुक्त घोडाको चित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यन्त असल भुमरी र असल सिपी तथा तिनीहरू रहने ठाउँहरूको विवरण।

(तलका अङ्कहरू चित्र नं. ५ संग सम्बन्धित छन्)

१. गीजामा — २ भुमरी (दुवैतिर)

२. निधारमा — १,२,३,४ भुमरी

३. स्तुबमा — १ भुमरी वा कोपिला

४. कर्णमूल (कानको फेद) मा — २ भुमरी (दुवैतिर)

५. निगालमा — १ भुमरी

६. कण्ठमा — १ भुमरी वा सिपी

७. केशान्तमा — २ सिपी

८. बाहु (अगाडिकोखुट्टा) मा — २ (भुमरी वा दुइ सिपी)

९. छातीमा — २ ३,४,५ भुमरी

१०. शिरमा — २ भुमरी

११. रन्ध्रमा — १ भुमरी

१२. उपरन्ध्रमा — २ भुमरी

२. निधारको माझमा — १ भुमरी

१३. प्रपान (ण) मा — १ भुमरी

(अश्वायुर्वेद अध्याय २ श्लोक ५२, ७३-८९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

असल भुमरीहरूका विषयमा जयदत्तसूरिको मत

जयदत्तसूरिको ग्रन्थ "अश्ववैद्यकम्" मा स्तुवको ठाउँमा श्रव भन्ने र कानको फेदमा र मस्तकमा भुमरीहरू हुनु असल मानिएको छ। छातीमा हुने दुई भुमरी अश्विनीकुमार र शिरमा हुने दुइ भुमरी चन्द्र सूर्य भनिन्छन्। ई भुमरीहरू उत्तम हुन्। यिनको मतमा ७६ भन्दा अधिक भुमरीमा वीसवटा ठाउँ मात्र असल भनिएको छ तिनमा पनि "उत्तरोष्ठंप्रपानंस्यात् तत्रावर्ताः सुभावहाः" भनेर उपल्लो ओठमा भएका भुमरीहरूअसल मानिएकोमा हाम्रो मलग्रन्थ बुलंभसुतगण-कृत अश्वायुर्वेद र मद्रासबाट प्रकाशित 'अश्वशास्त्रं' भन्ने ग्रन्थमा यो अशुभ मानिएको छ। तसर्थ "उत्तरोष्ठेप्रपाणं" यस्तो पाठहुनु मनासिव देखिन्छ किनभने उपल्लाओठदेखि माथिको ठाउँ प्रपान हो र त्यहां भुमरी हुनु असल हो। यही कुरा अरू ग्रन्थमा पनि देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. ६



घोडाका निधार र छातीमा हुने रौँका रेखा (पुण्ड्रक) तिलक र टीका तथा तिनीहरूका आकारको चित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(घोडाका पुण्ड्रक र तिलकको विवरण)

(तलका अङ्कहरू चित्र नं. ६ सँग सम्बन्धित छन्)

१. प्रासाद (मन्दिर वा राजदरवार)
२. अम्बुज (कमल)
३. चक्र (चक्राकार चिह्न
४. तोरण (ढोकामा वा घरमा मङ्गलका निम्ति राखिने लामू माला)
५. धनु (धनुवाण मध्येको धनु)
६. निर्स्त्रिश (खड्ग)
७. शङ्ख (शंख घण्ट मध्येको शंख)
८. वेदी (होमगर्ने वेदी)
९. स्वस्तिक (कल्याण-सूचक चिह्न)
१०, माछा
११, पूर्णकलश
१२. श्रीवत्स भृगुलाञ्छन,
१३. माला
१४. सूर्य
१५. अष्टापद (थर्की)
१६. वज्र (इन्द्रको हतियार)
१७. हलो (जोत्ने काठको हलो)
१८. गदा (हतियार विशेष)
१९. अर्धचन्द्र—आधाचन्द्रमा
२०. यूप—मौलो
२१. खर्जूर (खजूर फल विशेष)
२२. अंकुश
२३. चमर
२४. ध्वजा (ध्वजा पताका मध्येको ध्वजा)
२५. रथ वा रथका पांग्रा
२६. पिपलको पात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णमा सर्वोत्तम घोडाहरू

१. सम्पूर्ण अंग प्रत्यंग सेतो भएको ।
२. पेट मात्र सेतो भएको ।
३. पुच्छर र दुवै काखी सेतो भएको ।
४. घाँटिमा सेतो भएको ।
५. शरीरको दाहिने र बायाँ पाटा सेतो भएको ।
६. तीनहाडको जोर्नीमा सेतो भएको ।
७. पिठ्यूँ सेतो भएको ।
८. शरीरको मूलवर्ण कालो वा रातो भै कान, खुर र आँखा सेतो भएको ।
९. पुच्छर, छाती शिर, मुख र चारवटा खुर सेतोभएको (अष्टमंगल) सदा राज्यसुखप्रद ।
१०. नीला, राता, सेता, पहेंला, काला र सबै मिसिएका मण्डल (बाटुला थोप्ला) भएको घोडा ।
११. शरीरको जुनसुकै वर्ण भए पनि पेटको माझबाट रातो वर्णले पटुका बाँधे जस्तो गरी बेह्रिएको (यो पनि ९ नं जतिकै फलदायी छ) ।
१२. शरीरको मूलवर्ण कालो वा रातो भै सेतो र पाण्डुर (सेतो र रातो मिसिएको) वर्णले वेधन-भएको अर्थात् त्यस्तो वर्णले पटुका बाँधेजस्तो भएको । यसमा सेतो छाती भए अझै अत्युत्तम ।
१३. पेटको माझबाट कालोवर्णले पटुका बाँधेझैं गरी वेधन भएको ।
१४. कानमा सेतोवर्णले छोइएको ।
१५. शरीरको मूलवर्ण कालो भै छाती, मुख, खुर, कपाल (दुई कानका बीचका रौं) र आँखा तथा याल यति सेतो भएको ।
१६. रौं ले खुर छोपेको ।
१७. चारैपाउ र मुख सेतो भएको (पन्चभद्र वा पञ्चकल्याण) ।
१८. नाइटादेखि अगाडिको आधाअंग रातो र पछाडिको आधाअंग चन्द्रमा जस्तो सेतो भएको (राज्यवृद्धिकारी) ।

अनल पुण्डकहरू

१. वज्र, स्वस्तिक, चक्र, छाता, कमल, कमलदल, कलश, हलो, गदा, पताका, ध्वजा, अंकुश, ऐना, श्रीवत्स, शंख, चमर, अष्टापद (चर्खी), बेदी, खड्ग (यति असल छन्) ।

निधारका टीका विशेष

१. चन्द्रमा, आधा चन्द्रमा (अर्धचन्द्र) सूर्य, छाता वज्र जस्ता टीका उत्तम छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खराव पुण्ड्रक

१. चण्डिपुर्पुरो र पुवद्वारमा पुण्ड्रक भएको घोडा खराब मानिएको छ ।

ध्वजीघोडा

ध्वजी– शरीरको मूलवर्ण एउटा भै आँखा, निधार, थोणा, (नाकेडाँडी) शिर, जुरो, तीन-हाडको जोर्नी, कानको टुप्पा मात्र, नाक, लिंगको अग्रभाग र गर्धनको याल उम्रने ठाउँ यति ठाउँमा अर्कैवर्ण भए त्यो घोडा ध्वजी भनिन्छ। त्यस्तो घोडा खराव मानिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. ७



घोडाको तालुको चित्र

Upper Jaw of Horse About Four and a Half Years Old; Ventral View.

1, 1, Choanae or posterior or nares; 2, vomer; 3, horizontal part of palatine bone; 4, anterior palatine foramen; 5, palatine groove; 6, transverse palatine suture; 7, median palatine suture; 8, palatine process of maxilla; 9, palatine process of premaxilla; 10, foramen incisivum; 11, malar bone; 12, maxilla; 13, anterior end of facial crest; 14, interalveolar space; *I*. 1-3, incisor teeth; *C*, canine tooth; *P*.1, first premolar or " wolf "tooth. The opening lateral to 9 is the palatine fissure.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द० ५७४३
पू० आ० नं०
पू० आ०

अश्वायुर्वेद

(सिद्धयोग संग्रहः)

पहिलो अध्याय

श्री गणेशायनमः

श्री गणेशजीलाई नमस्कार

प्रणिपत्य धवलतनुं तिमिरहरं गोपतिं हरशशाङ्कौ च
अश्वायुर्वेदनिधिं महामतिं शालिहोत्रञ्च ।।१।।

अन्धकारलाई नाशगर्ने सुन्दर सेतो शरीर भएका गोपति (सूर्य वा राजा) शिव, चन्द्रमा तथा घोडाको आयुर्वेदका निधि (खानी) समान विशाल बुद्धि भएका शालिहोत्रलाई प्रणाम (नमस्कार) गरेर ।

ये शालिहोत्र सुश्रुत गर्गैस्तु महर्षिभिः पुरा गदिताः
स्वे स्वे तुरङ्गशास्त्रे दोषाः शान्त्यै विकाराणाम् ।।२।।

शालिहोत्र सुश्रुत तथा गर्ग आदि महर्षिहरूले पहिले आ-आफ्नू अश्वशास्त्रमा (घोडाका) दोषहरू र दोषका विकारहरूको शान्तिका निमित्त जुन जुन कुराहरू बताइएका छन् ।

तेषांमध्याद्राजन् सारतरं हयहितार्थमुद्धृत्य
रचितस्त्वयं समासेन संग्रहः सिद्धयोगानाम् ।।३।।

हे राजन् ! ती गर्गादिमहर्षिहरूका शास्त्रबाट घोडाहरूको हितहुने कुराको पनि केवल सारभूत कुराहरू मात्र झिकेर छोटकरीमा यो सिद्धयोगहरूको संग्रह "अश्वायुर्वेद" को रचना गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मार्थकामसिद्धिर्यथा तुरंगैर्भवति तथा पूर्व्वम्
कथितैव महामतिभिः स्तथापि वक्ष्ये समुद्देशान् ॥४॥

घोडाबाट धर्म, अर्थ तथा कामको सिद्धि जुन प्रकारबाट हुन्छ त्यो कुरा पहिलेका विशिष्ट बुद्धि भएका विद्वान्हरूबाट भनीसकिएको छ तैपनि तिनका विशेष उद्देश्यहरू (म) भन्दछु ।

अश्वैर्हस्तगता पृथ्वी अश्वैश्च विपुलं यशः
विजयश्च भवत्यश्वैरश्वा हर्म्यविभूषणम् ॥५॥

घोडाबाट पृथ्वी हातलाउन (राज्यप्राप्तगर्न) सकिन्छ । घोडाबाट कीर्ति र विजय पनि प्राप्तगर्न सकिन्छ । घोडाहरू नै हर्म्य (धनीहरूको बस्नेठाउँ) का विभूषण (गहना) मानिएका छन् ।

तस्य राज्ये यशोलक्ष्मी धर्मकामार्थसंपदः
वाजिनो यत्र तिष्ठन्ति सर्वलक्षणसंयुताः ॥६॥

जुन राजाकहाँ सम्पूर्ण लक्षणले युक्तभएका घोडाहरू हुन्छन्, रहन्छन् त्यस्ता राजाको राज्यमा कीर्ति, लक्ष्मी, धर्म, काम, अर्थ र सम्पत्तिहरू रहीरहन्छन् ।

एकाहमपि यस्याश्वा निवसन्ति गृहाजिरे
विष्णोर्वक्षस्थलं मुक्त्वा लक्ष्मीस्तस्य गृहाजिरे ॥७॥

जुन राजाका दरवारको प्रांगण (पटाङ्गिनी) मा (सर्वलक्षणले युक्त-भएका) यस्ता घोडाहरू केवल एकदिन मात्रै पनि रहन्छन् भने त्यस्तो त्यो राजा-को राजभवनको पटांगिनीमा विष्णु भगवान्को वक्षस्थललाई छोडेर लक्ष्मी आउँछिन् ।

निवसत्यश्वसङ्घातैस्संपूर्णा यस्य वाहिनी
तस्य सागरपर्यन्ता हस्ते तिष्ठति मेदिनी ॥८॥

जुन राजाको घोडाहरूका समूहले भरिभराउ भएको सेना रहन्छ त्यस्तो त्यो राजाको सागरसम्मको जमीन (पृथ्वी) हातमा (आफ्नू बाहुबलको अधीनमा) रहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ते हस्ता[1] शत्रुलक्ष्मीणां हठादाकर्षणक्षमाः
यैर्वाजिनः[2] सुसंचारैः सव्यासव्यैः सुशिक्षिताः
ते विपक्षक्षयं कृत्वा प्राप्नुयुः श्रियमुत्तमां ।।९।।

तिनै हातहरू शत्रुका लक्ष्मीहरूलाई बलपूर्वक खिचेर लिन समर्थवान् हुन्छन् जसले दायाँ बायाँ सबै प्रकारका सुन्दर संचारद्वारा घोडाहरूलाई शिक्षित पार्दछन् । त्यस्ता ती राजाहरूले ती शिक्षित घोडाहरूद्वारा शत्रुहरूलाई समाप्त गरी विशिष्ट प्रकारको ऐश्वर्यलाई प्राप्त गर्दछन् ।

कोऽन्यस्तुरङ्गमं हित्वा प्रविश्य[3] रिपुवाहिनीम्
श्येनवत्[4] पुनरभ्येति कृत्वा पर पराभवम् ।।१०।।

घोडालाई छोडेर अर्थात् घोडा नचढिकन शत्रुको सेनामा पसेर शत्रुलाई परास्त गरेर वाजपक्षीका जस्तो वेगले फेरि तुरुन्तै फर्केर घोडा चढ्ने (घोडचढी) बाहेक अरू को आउन सक्छ र ?

रणे शस्त्रविभिन्नांगा नत्राणान्भृशविह्वलान्
स्वामिनो वाजिनं मुक्त्वा को निर्वाहयितुं क्षमः ।।११।।

लडाइँमा शस्त्रहरूद्वारा अंग प्रत्यंग छिन्न भिन्न भएका, सुरक्षित नभएका र ज्यादै विह्वल भएका स्वामीहरूलाई (बचाउन) घोडालाई छोडेर अरू कसैबाट पनि निर्वाह चल्न सक्तैन ।

([5]पवित्रं परमं स्थानं मांगल्यमपि चोत्तमम्
दूराध्वानं गमयतां तथा सन्धानकर्मणि
अश्वेभ्यः परमं नास्ति राज्ञां विजयसाधनम्)

(परम पवित्रको स्थान भएको तथा उत्तम मांगलीक वस्तुमा गनिएको, टाढा टाढासम्म लैजानसक्ने त्यस्तै संग्रामपर्दा राजालाई मद्दतगर्ने विजयको साधनमा घोडाभन्दा अर्को कुनै साधन छैन)

---

१. ते हयाः शत्रुलक्ष्मीणां हठादाकर्षणक्षमाः (ख)
२. ये वाजिनः सुसन्चाराः सव्यासव्ये सुशिक्षिताः (ख)
३. प्रविशेत् (ख) ४. अश्वेन (ख)
५. यति १।। श्लोक मद्रास गवर्मेण्ट ओरिन्टल सिरीजबाट प्रकाशित गणकृतग्रन्थमा अधिक देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्यैकोपि सुपुष्टोश्वो बद्धस्तिष्ठति वेश्मनि
तस्यापि विगतोत्साहा भीता स्तिष्ठन्ति शत्रवः ।।१२।।

जसका घरमा हृष्ट पुष्ट भएको एउटा घोडा मात्रै पनि बाँधेर राखेको छ भने त्यस्ताका शत्रुहरू खूब भयभीत भएर रहन्छन् ।

दूर देशान्तरस्थोऽपि रिपुस्तिष्ठति शंकितः
तुरंगा यस्य राजेन्दो[1] विचरन्ति महीतले ।।१३।।

जुन राजाका राज्यमा (लक्षणयुक्त) घोडाहरू यताउति डुलेका देखिन्छन् भने त्यस्तो राजाको टाढा विदेशमा रहेको शत्रुपनि निश्शंक भएर रहन सक्तैन अर्थात् आफ्नू अनिष्टको डरले सदा शंका गरेर बस्तछ ।

सुकल्पितोपि सारोहो[2] गजो न रिपुवाहिनीम्
तिष्ठन्तीं वा स्खलन्तीं[3] वा प्रविशन्ति[4] यथा हयाः ।।१४।।

राम्रो तरीकाबाट चक्रव्यूहादी कलाको योजना गरिएको, सुसज्जित भएर रहेको वा हिंडीरहेको (धावा गरीरहेको) शत्रुको सेनामा सयसले युक्तभएका घोडाहरू जसरी प्रवेशगर्न सक्तछन् त्यसरी हात्तीपनि प्रवेशगर्न सक्तैन ।

आशु कार्याणि भूपानां यथाऽश्वाः पृथिवीतले
कुर्वन्तीह तथा शीघ्रं [5]न गजा न पदातयः ।।१५।।

यस पृथ्वीतलमा राजाको चाँडो गर्नुपर्ने काम घोडाहरूले जति चाँडो सम्पन्न गर्दछन् त्यति चाँडो न हात्तीले गर्न सक्तछन् न त पैदल सिपाहीहरू (रक्षक) बाट नै हुन्छ ।

पदाति गजमुख्यैश्च शतशोऽथ सहस्रशः
वारितोऽपिव्रजत्यश्वो यथेष्टं पक्षिराडिव ।।१६।।
रणाहतोऽपि तुरगो देशकाल व्यपेक्षया
पुनः[6] प्रतिनिवृत्याशु हन्ति शत्रुचमूंरणे ।।१७।।

---

१. शास्त्रोक्ता (ख) २. वरारोहो (ख) ३. चलन्तीं (ख) ४. प्रविशेत (ख)
५. न राजा (ख) ६. पुनः प्रतिनिवर्तेत हत्वा शत्रुं च मूर्धनि (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सयौं हजारौं पैदल सिपाही तथा प्रमुख हात्तीहरूले रोकेपनि घोडा गरूडपक्षि झैं जहाँ मनलाग्छ त्यहाँ हिँड्छ (संग्राममा घायल भएको छ तापनि देशकाल अनुसार) फेरि तुरून्त फर्केर रणस्थलमा शत्रुको सेनालाई नाश गर्दछ ।

क्षणादेकत्वमायान्ति क्षणाद्यान्ति सहस्रधा
क्षणान्मुख्यं रिपुं वीक्ष्य नयन्ति यमसादनम् ॥१८॥

घोडाहरू एकछिनमा नै एकत्रित हुन्छन्, फेरि एकछिनमा नै हजारौं तहमा फैलिन्छन् । फेरि एकछिनमा नै मुख्य शत्रुलाई हेरि त्यसलाई यमराजको दरवारमा पुऱ्याई दिन्छन् (अर्थात् मुख्य शत्रुको नाश गर्दछन्) ।

प्रवेशेनापि युध्यन्ति तत्र निर्धूननं तथा
ये व्रजन्ति रिपुव्यूहं धारयन्ति तुरंगमान् ॥१९॥

जो घोडा चढ्दछन् तिनीहरू शत्रुका व्यूह (किल्ला) मा जान सक्तछन् र शत्रुका सेनाभित्र पसेर पनि त्यहाँ सबैलाई थर्कमान पारेर लडाइँ गर्दछन् ।

शिक्षितोपि[1] यथा तिष्ठेद्विना यवसखादनैः
तदाप्यरिं विजयते यदीन्द्रेणापि रक्षितम् ॥२०॥

अभ्यास प्राप्तगरेको घोडा छ भने त्यसले घाँस आदि केही खान नपाए पनि इन्द्रले रक्षा गरिएको शत्रुलाई पनि जित्दछ ।

शत्रोः सहायमायान्तं दृष्ट्वा दूरादपिप्लुतम्
गत्वा घ्नन्ति हयारोहाः पुनश्चायान्ति तत्क्षणात् ॥२१॥

घोडचढीहरू शत्रुको सहायक भएर आएकालाई टाढाबाटै देख्नासाथ तुरून्तै गएर झम्टेर त्यसलाई मार्दछन् र फेरि उत्तिखेरै फर्केर आउँछन् ।

खादनं यवसं तोयं कार्यं शत्रुचमूक्षयः
अयुध्यमाना स्तिष्ठेयुः खन्जत्वादिकमाप्नुयुः[2] ॥२२॥

---

१. वेष्ठितः स यदातिष्ठेद्धीनो यवस खादनैः मूल ग्रन्थमा यस्तो छ तापनि अर्थसंगति नभएकोले तदा स निर्जितो ज्ञेयः यदीन्द्रेणापि रक्षितः (यो परिष्कृत गरिएको हो ।)

२. कल्पिता संस्थिता सुराः, क्षिप्रसन्नाहधारिणः, खड्गप्राशधनुर्हस्ताः संग्रामे दुर्जया नराः "ख" पुस्तकमा यति वढी देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घाँस र पानीको खाना छ, शत्रुको सेना नाशगर्ने काम छ तदपि लड्न पाएनन् अर्थात् काम गर्न पाएनन् भने घोडाहरू लँगडा तथा खोरूण्डा हुन्छन् ।

जित[1] शीतातपालस्या जितत्रासाः समासनाः
युध्यमाना हयारोहा देवानामपि दुर्ज्जयाः ।।२३।।

घाम पानी र आलस्यलाई जितेका, डरलाई जितेका र एकै प्रकारको आसनमा बसीरहन सक्ने लडाकू घोडचढीहरू देवताले पनि जित्न नसकिने हुन्छन् ।

युध्यन्ते हि च मातंगा भिन्ना नागेन्द्रसन्निभाः
दुर्जया दुर्निवारास्ते पार्श्वरक्षै स्तुरङ्गमैः ।।२४।।

पर्वत जस्ता बडेबडे हात्तीहरू एक्लै पनि लड्न सक्छतन् तर तिनीहरू पनि अगल बगलमा रक्षागर्ने घोडाहरू छन् भने जित्न नसकिने र हटाउन नसकिने हुन्छन् ।

अश्वैर्हीना न जीयन्ते जयन्ति स तुरंगमाः
तस्मात्तुरंगमा नित्यं गजानां परिरक्षकाः ।।२५।।

विना घोडा हात्तीहरू जित्न सक्तैनन्, घोडा साथमा रहे जित्न सक्तछन् त्यसकारण घोडाहरू सधैँ हात्तीहरूका रक्षक हुन् ।

ये[2] चाश्वारूढा भूपतयो मत्तमहागज रथ निकर वरभटजनितरू-
धिरजलनदीतरंगसंकुलममित्रजलधिमामथ्य द्रविण लक्ष्मीमाहृत्य
निज भुजवशमानीय वेश्यामिव प्रणयिजनोपभोग्यांकुर्वन्ति,निष्क-
ण्टकावनितल राज्यालाभादवाप्तधर्मार्थकामा इन्दुतुहिनस्फटिक-
मणिमुक्ताफलंशङ्खधवलेन यशसात्रिभुवनमापूरयन्ति ।।२६।।

---

१. तस्मादाखेटकाः कार्या हयसन्दोह संवृता । चन्द्रहीना यथा रात्रिः पतिहीना पतिव्रता ।। हयहीना तथा सेना विस्तीर्णाऽपि न शोभते (ख)

२. येश्वारूढाभूपतयोमत्तमहागजरथरत्ननिकरवरभटजनितरूधिरनदीसङ्कुलमरिवलजलधिमा मथ्य तन्मध्यादचिराल्लक्ष्मीमाहृत्यनिजभुजवशमानीय वेश्यामिवप्रणयिजनोपभोग्यां कुर्वन्ति, अकण्टकावनितलराज्यलाभादवाप्तधर्मार्थकामास्फटिकमणिमुक्ताफलधवल यशसात्रिभुवनमापूरयन्ति । (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जो घोडचढी राजाहरू छन् तिनीहरूले मात्तिएका ठूला हात्तीका रथका समूह र असल सिपाहीद्वारा उत्पत्ति गरिएकी रगतरूपी जलकी नदीका तरंगले व्याप्त-भएको शत्रुरूपी समुद्रलाई मथन गरेर धन सम्पत्ति र लक्ष्मीलाई हरण गरी आफ्ना बाहुवशमा पारेर प्रणयिजनले उपभोग गरिने वेश्याजस्ति गराउँछन्, अनि अकण्टक पृथिवीतलको राज्य प्राप्तगरी धर्म, अर्थ, र कामलाई पाएर चन्द्रमा, हिउँ, स्फटिक मणि, मोती र शंख जस्तो उज्ज्वल आफ्नू कीर्तिले तीनलोक (स्वर्ग, मर्त्य र पाताल) लाई ढाक्तछन् ।

ये[1] चाश्वाः धृतधनुप्रासासितोमरैरारोहैरधिष्ठितास्ते
प्रवरसमीराइवप्रभूतदानार्द्रीकृतगण्डमण्डललग्नमधुपध्वनिमुखरित
महागजचयसंघटितसुकटनिकट कण्ठिकाघनग्रथित विक-
टाटोपनिवद्धसन्नाहसुभटसमूहकृतमनवरतमुक्तविमलबाणधारा-
सहस्राच्छादितदिनकरं प्रसारितमहान्धकारापूर्णदिङ-
मुखाभोगं स्फुरन्निस्त्रिंशसौदामिनीलताप्रभाप्रद्योतितमतिगर्जितं,
महारिजलदव्यूहमचिराच्छतशः खण्डखण्डीकृतं विघटितविहतं-
दिशिदिशि पातयन्ति । ॥२७॥

जुन घोडाहरू धनु, प्रास, तरवार र तोमर लिएका घोडचढीहरू चढिएका छन् ती घोडाहरूले मानू वेगवान् हुरीले झैं प्रशस्त बगेका मदजलले भिजेका गण्ड-मण्डलमा बसेका भुमराहरूका शब्दले गुन्जितभएका बडेबडे हात्तीहरूको समूहका गठीला गण्डस्थलका समीपवर्ती कण्ठप्रदेशमा बलियोगरी गुथिएका विकटफटा-टोपकासाथ सुसज्जित भै हौदामाथि रहेका सैनिक समूहबाट भएको, निरन्तर वर्षा गरिएका बाणका हजारौं धाराद्वारा सूर्य ढाकिएकोले अत्यन्त फैलिएको महान् अन्धकारले दशैंदिशा व्याप्त गरिएको, चंकिएका तरवाररूपी विजुलीका लहरा-

१. ये चाश्वाः धृतधनुःप्रासासितोमरैरारोहैरधिष्ठितास्ते प्रवरसमीराइव प्रभूतमदसान्द्री-कृतगण्डमण्डललग्नमधुपमधुरध्वनिमुखरित मेहारि (?) गजघटासुघटशाकटनिकटकटिकाघन-ग्रथितविकटाटोपनिवद्धसन्नाहसुभटसमूहकृत अनवरतमुक्तवाणविमलसलिलधारासहस्राच्छा-दितदिनकरप्रसारान्धीकृतसकलदिग्भागं स्फुरद्राष्ट्र सौदामिनीलताप्रद्योतितमतिगर्जन्तं महारिपुजलदव्यूहं ते वीराः शतशः काण्ड खण्डीकृतविघटितविग्रहंदिशोदिशं पातयन्ति । (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको चंकिने प्रभाले प्रकाशमान भएको, अत्यन्त गर्जने शत्रुरूपी मेघको महान् समूहलाई तुरून्तै सयौं टुक्रा टुक्रा पारी छिन्न भिन्न गरी दिशा दिशामा खसाली दिन्छन् ।

तस्यानुरक्तार्पित दृष्टिविग्रहा महारिलक्ष्मीरपिवासमेति
हृष्टाननायात्यभिसारिका यथा तुरंगमा यस्य नराधिपस्य ।।२८।।

जुन राजाकहाँ (असल लक्षणले युक्तभएका) घोडाहरू छन्, ती राजाकहाँ प्रेमपूर्वक दृष्टि र शरीर समेत समर्पण गर्दै प्रसन्न मुख भएकी अभिसारिका झैं ठूला ठूला शत्रुराजाकी लक्ष्मीपनि वासगर्न आउँछिन् ।

सर्वाम्भोनिधिमेखलां सुरसरिद्रोमावलीभूषितां
उत्तुंगाद्रिपयोधरां पुरवरप्राकारहारोज्वलाम्
निःशेषप्रतिपक्षदोषरहितां विद्वज्जनोच्चाननाम्
पृथ्वीं स्वां वरकामिनीमिव चिरं पात्यश्व सेनापतिः ।।२९।।

सम्पूर्ण सागररूपी मेखला लगाएकी, देवनदी (भागिरथी) नै रोमावली भएकी, अग्ला पर्वतनै स्तन भएकी, शहरका अनेकौं पर्खालरूपी हार लगाएर उज्वल भएकी, शत्रुहरू निःशेषहुनाले दोषले रहित भएकी, विद्वज्जनरूपी उच्च मुखमण्डल भएकी पृथ्वीलाई अश्वसेनापति (घोडचढी सैनिकको स्वामी राजा)ले आपनी असल पत्नीलाई झैं सदा रक्षा गर्दछन् ।

चिरोत्कण्ठाःपरिष्वंगे दीर्घमार्गान्तरे स्थिताः
प्राप्नुवन्ति सुखं राजन् प्रियासंगमजं हयैः[1] ।।३०।।

हे राजन् ! अंकमाल (आलिंगन) गर्न धेरैसमयदेखि उत्सुक रहेका, (जानआउन) धेरैसमय लाग्ने बाटामा रहेका वीरहरू आपनी प्रियाको संयोगसुख यिनै घोडाद्वारा चाँडै नै पाउँदछन् ।

एते चान्ये च राजन् प्रकट गुणगणा सन्ति मर्त्ये हयानां
स्वर्गेऽप्येवं गुणौघाः सुरपतिसहिता सूर्य चन्द्रादयश्च

---

१. भूपितं हेमकाण्डैश्चचामरैश्चाप्यलंकृतम् । आरूह्यवाजिनं राजा निरूध्येद् वैरिमण्डलम्
प्रवलं तत्समूहं च मृदुंभूरिसराष्ट्रकम् । सांगं च विह्वलीकृत्य क्षणात्तं स्ववशं नयेत् (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवा जानन्त्यथैषां प्रवर गुणवतां रोगनाशस्य हेतुं
सिद्धैः स्वल्पैः सुयोगै मुनिमुखगदितै र्व्याहृतैषाचिकित्सा ॥३१॥

हे राजन्! मानिसका निमित्त घोडाका यस्ताप्रकारका र यस्तै अरुपनि अनेकप्रकारका गुणहरू पनि छन्, स्वर्गमा देवेन्द्रलेसहित सूर्य चन्द्रआदि देवताहरू पनि यी घोडाका गुणहरू जान्दछन् । अनि विशिष्ट गुणयुक्त भएका यी घोडाहरूका रोगका नाशको कारण पनि जान्दछन् । मुनिहरूका मुखबाट वर्णन गरिएका सिद्ध-भएका छोटकरी योगहरूका सहाराद्वारा यो चिकित्सा (औषधोपचार शास्त्र) वर्णन गरिएको हो ।

इतिश्री दुर्लभसुत गणकृतेऽश्वायुर्वेदे अश्वप्रशंसानामः प्रथमोध्यायः ॥१॥

यो दुर्लभसुतगणकृत (अश्वायुर्वेद) सिद्धसंग्रहको "अश्वप्रशंसा" नामक पहिलो अध्याय समाप्त भयो

–०–

दोश्रो अध्याय

अथैवं गुणिनां ह्येषां जीवितक्षितिहेतवः
व्याधयो वह्वोभूताः शान्तिस्तेषां चिकित्सया ॥३२॥

यसपछि गुणले युक्तभएका यी घोडाहरूको आयुक्षयका कारण धेरै रोगहरू छन् । तिनीहरूको शान्ति चिकित्सा (औषधोपचार) बाट हुन्छ ।

सा चिकित्सा मुनिप्रोक्ता शास्त्राद् विज्ञायते नृपः
तेषां शास्त्राणिचांगानि प्रोक्तान्यष्टौ महर्षिभिः
उपांगानि तथैवाष्टौ श्रुणु तानि यथाक्रमम् ॥३३॥

हे राजन् ! घोडाहरूको मुनिहरूद्वारा वर्णित सो चिकित्सा शास्त्रबाट जानिन्छ । महर्षिहरूले चिकित्साका आठ अंग र आठ उपाङ्ग बताएका छन्, तिनी-हरूलाई क्रमशः सुन्नुहोस् ।

शल्यं कायचिकित्सा च तथा शालाक्यमेव च ॥३४॥
कैशोरकचिकित्सा च विषतन्त्रं तथैव च
रसायनं भूतविद्या वाजीकरणमुत्तमम् ॥३५॥

ती यसप्रकार छन् जस्तैः– १ शल्य (चिरफार), २ काय चिकित्सा (शारीरिक उपचार), ३ शालाक्य, ४ किशोर चिकित्सा, ५ विषतन्त्र ६ रसायन ७ भूतविद्या, ८ वाजीकरण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अंगान्यष्टौविजानीयादुपांगान्यधुना श्रृणु
उत्पत्ति लक्षणंयद्यदुत्पात: कौतुकानि च ॥३६॥

क्रयश्च प्रतिचारश्च कल्पाकल्पमरिष्टकम्
एतान्युक्तान्युपांगानि अश्वतन्त्रस्य तत्वत: ॥३७॥

आठ अंग माथि बताइए । अब आठ उपाङ्ग सुन्नुहोस् । तिनीहरू यसप्रकार छन् जस्तैः– १ उत्पत्ति, २ लक्षण, ३ उत्पातः, ४ कौतुकहरू, ५ क्रय, ६ प्रतिचार, ७ कल्पाकल्प, ८ अरिष्ट यति आठवटा उपाङ्ग छन् भनी यथार्थरूपले अश्वतन्त्रमा उपाङ्गका लक्षण भनिएका छन् ।

सर्वमेतन्महाशास्त्रमबुधैरल्पबुद्धिभि:
शक्यते न हि विज्ञातुं दृष्ट द्रव्येन चक्षुषा ॥३८॥

यसप्रकारको यो सम्पूर्ण महाशास्त्र थोरै बुद्धिभएका नबुझ्नेहरूले र स्थूलपदार्थ मात्र देख्ने आँखाले जान्न सकिन्न ।

तस्माल्लक्षणमल्पाल्पं किंन्चित्किन्चिच्चिकित्सितम् ।
दिष्टादिष्टे विचार्यैवं लिखितं पूर्वशास्त्रत: ॥३९॥

त्यसकारण थोर थोरै लक्षण र केही केही चिकित्सापद्धति (औषधोपचार) पनि साध्य र असाध्यको विचार गरेर मात्र पहिलेको शास्त्रानुसार लेखिएको छ ।

ब्रह्मणोस्त्रमिवामोघं तुरंगमपि विद्विषाम्
विनाशाययुतं सर्वैं तेनोत्तरतरं गुणै: ॥४०॥

जस्तो ब्रह्मास्त्र कहिल्यै निष्फल नहुने अमोघ छ त्यस्तै घोडा पनि सबै शास्त्रोक्त उत्तमोत्तम गुणहरूले युक्त छ भने अमोघ मानिएको छ ।

शालिहोत्रेण गर्गेण सुश्रुतेन च भाषितम्
तत्वं यद्वाजिशास्त्रस्य तत्सर्वमिह संस्थितम् ॥४१॥

घोडाका शास्त्रका विषयमा तत्व (यथार्थ) कुरा शालिहोत्र, गर्ग र सुश्रुतले जो भनेका छन् त्यो सबैकुरा यहाँ (यो ग्रन्थमा) रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इदानीं लक्षणं कृत्स्नं तुरंगाणाम् प्रचक्ष्यते
आवर्तवर्णसत्वानिच्छायां गन्ध गति स्वराः ।।४२।।
शरीरं चैव वाहानां तेषां लक्षणमष्टधा ।।

अब घोडाहरूका (शुभाशुभ) सबै लक्षणहरू भनिन्छन् । तिनीहरूमध्ये १ आवर्त (भुमरी), २ वर्ण (कालो, सेतो आदि), ३ सत्व (तेज), ४ छाया (शरीरको कान्ति), ५ गन्ध (घोडाका शरीरबाट निस्कने वास्ना), ६ गति (घोडाको चाल वा हिंडाई), ७ स्वर (घोडाको हिर्नहिनाउने आवाज), ८ शरीर (शारीरिक अंग अवयवहरू) यति आठ प्रकारका विषयमा (शुभ र अशुभ) लक्षण हुन्छन् भनिएको छ ।

ख्यातं शरीरगाम्यश्व लक्षणं शुभनिन्दितम्
श्रेष्ठं तस्मात्तुरंगाणां शरीर लक्षणंत्विह[1] ।।४३।।

घोडाको लक्षण शरीरमा रहनेकुरा प्रसिद्ध छ तसर्थ यहाँपनि लक्षण-क्रममा शरीरका लक्षण प्रथमस्थानमा मानिएको छ ।

सत्वं ततो द्वितीयन्तु तृतीयं वर्णमुच्यते
चतुर्थं तु गतिर्ज्ञेयं पन्चमन्तु स्वरस्तथा ।।४४।।
गन्ध षष्ठन्तु विज्ञेयं छाया चैव तु सप्तमम्
आवर्तमष्टमं[2] ज्ञेयमेत्तल्लक्षणतस्तथा[3] ।।४५।।

त्यसपछि दोश्रो सत्व, तेश्रो वर्ण, चौथो गति, पाँचौ स्वर, छैटौं गन्ध र सातौं छाया यस्ता प्रकारका लक्षणका अनुसार आठौं लक्षणमा भुमरी मानिएको छ भनी जान्नु ।

दशास्तेषां दशाख्याताः क्षेत्राण्यपि दशैव हि
दशाक्षेत्र विभागज्ञो लक्षणं लक्षयेद् बुधः ।।४६।।

ती घोडाका दशा (अवस्था) दशप्रकारका र क्षेत्रहरू (स्थानहरू) पनि दशवटा नै हुन्छन् । अतः त्यस्ता दशा र क्षेत्रको विभाग गर्नसक्ने विद्वान्ले तिनीहरूका लक्षणहरूको वर्णन गर्नु पर्दछ ।

---

१. शरीरंत्वाद्यलक्षणं २. प्रोक्तं (ख) ३, मेतल्लक्षणमष्टधा, (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रीणिवर्षाणिमासौ द्वौ दिनानि द्वादशैव हि ॥४७॥

घोडाका दशाको प्रमाण तीन वर्ष २ महीना र बाह्र दिन हो भनिएको छ ।

द्वात्रींशदायुर्वाजीस्यात् तस्यैवं कथिता दशा
आयुषो दश भागेन एताश्चैव दशा: स्मृता: ॥४८॥

घोडाको आयु बत्तीस वर्ष मानिएको छ । यसरी दशाका विषयमा पनि भनिएको छ कि आयुको दश भाग गरी क्रमश: प्रथमा दशा, द्वितीया दशा आदि गरी दशवटा दशाको हिसाब गरिएको छ ।

अथ चान्यत् प्रवक्ष्यामि पूर्वमावर्तलक्षणम्
आवर्त शुक्ति संघातमुकुलान्यवलीढकम्
शतपादी पादुकार्द्ध पादुका चाष्टमा स्मृता ॥४९॥

अब अरूकुरा भन्दछु, तिनीहरूमध्ये पहिले आवर्त (भुमरी) का लक्षणहरू भन्दछु । आवर्तका आकारमा केवल भुमरी, सिपी (सिपी जस्तो भुमरी) संघात (रथको चक्र जस्तो) मुकुल (कोपिला जस्तो) र त्यस्तै अवलीढक (गाईले चाटे जस्तो) शतपादी (शतपादी नामक कीरा जस्तो) पादुकार्द्ध (आधा पादुका जस्तो) पादुका (पाउ जस्तै) यस्ता आठ प्रकारका आवर्त (भुमरी) छन् भनी मानिएको छ ।

तासांरूपविशेषात् कथितं पुनरूत्तरोत्तरत:
आधारास्तु दशैते तत्रप्रधाना न्यावर्ता: ॥५०॥

घोडाको तिनै भुमरी सिपी आदिहरूको स्वरूप अनुसारको फल अगाडि बताइन्छ । त्यस्ता भुमरी आदिका प्रधान आधारस्थान पनि दशवटा ठाउँ नै हुन्छन् । यिनीहरू (सिपी शतपादी आदि) मध्येमा भुमरीहरू प्रधान मानिन्छन् ।

आवर्तास्तुरगाणां ध्रुवा शुभाश्चाशुभा विनिर्दिष्टा:
ते त्रिविधा तेषां वै स्थानानि दशैव कथितानि ॥५१॥

त्यस्ता ती घोडाहरूका भुमरीहरू पनि ध्रुव (कहिल्यै नजाने) शुभ (असल) र अशुभ (खराव) गरी तीनप्रकारका हुन्छन् भनी मानिएको छ । तिनीहरू रहने ठाउँहरू पनि दशवटा नै हुन्छन् भनी बताइएको छ ।

उरसि शिरसि च द्वौ द्वौ रन्ध्रोपरन्ध्रयोस्तथा द्वौ द्वौ
एकं ललाटमध्ये विद्यादेकं प्रपानके ह्येवं ॥५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छातीमा दुइवटा, शिरमा दुइवटा, रन्ध्र र उपरन्ध्रमा दुइ दुइवटा, ललाट (निधार) मा एउटा र प्रपानमा एउटा गरी (भुमरी रहने) यस्ता दशवटा ठाउँ मानिएका छन् ।

ध्रुवा दशेषु स्थानेष्वथ दश रोमाश्रया कथिताः
एते स्वस्थानस्था प्रदक्षिणा ये शुभप्रदा शस्ताः ।।५३।।

यति दशठाउँमा रहेका घोडाका रौं घुमेर परेका दशवटा भुमरीहरू असल मानिन्छन् । यिनीहरू पनि तोकिएको ठीक ठाउँमा रहेमा र दाहिने तर्फबाट घुमेमा अझ असल फलदिने र बेस मानिन्छन् ।

एतैर्विनातुरंगः स्वल्पायुः पापलक्षणो ह्यशुभः
हीनाः स्थानभ्रष्टा विच्छिन्ना न प्रशस्यन्ते ।।५४।।

माथि बताएका ठाउँमा कहिँपनि भुमरी भएनभने त्यस्तो घोडा छोटो-आयुको (अल्पायु) र पापलक्षणले युक्त हुन्छ र त्यो घोडा अशुभ हो। उपर्युक्त ठाउँमा भुमरी नभएको र जहाँ भुमरी हुनुपर्ने हो त्यहाँ नभएर त्यो ठाउँभन्दा केही वरपर भएका तथा भुमरीहरू पनि काटिएका भए असल मानिन्नन् ।

द्व्यङ्गुलं ह्यवलीढंस्यात्संघातः सार्द्धमङ्गुलम्
शतपादा पादुका च शुक्तिश्चापि षडङ्गुलम् ।।५५।।

पादुका त्र्यङ्गुलर्धं ञ्च मुकुलन्त्वर्धमुच्यते
[1]त्रिभागाङ्गुलमावर्ता मानमेषामिदंस्मृतम् ।।५६।।

अबलीढ चिन्हको प्रमाण दुइ अंगुलको मानिएको छ । संघात चिन्हको प्रमाण डेढ अंगुल तथा शतपादा पादुका र शुक्तिको प्रमाण ६ अंगुलको मानिएको छ । अर्धपादुकाको प्रमाण तीन अंगुल, मुकुलको प्रमाण आधा अंगुल र भुमरीको प्रमाण एक अंगुलको तीन भागको एक भाग भन्ने यस प्रकारको प्रमाण मानिएको छ । (अंगुलको प्रमाणमा ३ जौको १ अंगुल मानिन्छ) ।

ध्रुवाः शरीर एते यस्यावर्ताः प्रदक्षिणाः शस्ताः
वामावर्तायदि वा प्यन्यांगस्था न ते शस्ताः ।।५७।।

---

१. पादुका द्यंगुलाचैव मुकुलं तद्वदुच्यते ।। त्रिभागांगुलमार्वतमानमेषामिदं स्मृतम् (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ध्रुव (असल) यी भुमरीहरू जुन घोडाका दाहिनेतर्फ घुमेका छन् ती असल मानिन्छन् यदि देब्रे तर्फ घुमेका छन् र तोकिएका ठाउँमा छैनन् भने ध्रुव भएपनि खराब मानिन्छन् ।

पुष्पाणां सप्तदशकं शुभं प्रोक्तं मनीपिभि:
दशपञ्चाशुभाप्रोक्ता एते चागन्तव: स्मृता: ।।५८।।

विद्वान्हरूले घोडामा हुने पुष्पहरू सत्रवटा असल मानेका छन् र पन्ध्रवटा खराब मानेका छन्। यी पुष्पहरू आउने जाने गर्दछन् यिनीहरूको कुनै स्थायित्व छैन।

स्थानानिस्युर्नवतीषट् तेष्वावर्ता: शतं स्मृतम्
द्विविध: संग्रहस्तेषां प्रशस्तो निन्दितश्च य:
स्थानानि चैषां पूज्यानि निर्दिष्टानि तु विंशति:
षट्सप्ततिश्च[1] निन्द्यानि इतिषण्णवति स्मृता: ।।५९।।

यसप्रकार भुमरी रहने ठाउँ ९६ छयानब्बेवटा हुन्छन् । तिनमा भुमरी भने सयवटासम्म हुन्छन् । यी भुमरीहरूको जुन संग्रह (फल) छ त्योपनि असल र निन्दित गरी दुइप्रकारको मानिएको छ (९६ स्थान मध्ये) गतिला ठाउँहरू त केवल २० मात्र हुन् भनेर तोकिएको पनि छ । बाँकी ७६ स्थानहरू निन्द्य छन् भनी मानेर ९६ संख्याका भुमरीहरूको यसप्रकार विभाजन गरिएको छ ।

स्थाने द्वे सृक्विणी[2] प्रोक्ते तयोर्द्वौरोमजौ स्मृतौ
ललाटे चैव चत्वारि स्थानानि पृथगेव हि ।।६०।।

(ती बीसवटा ध्रुवस्थान मध्ये) दुवै सृक्विणी (गीजा) लाई दुइ ठाउँ मानिएको छ र तिनमा दुइवटा भुमरी हुनु पर्दछ र निधारमा बेग्ला बेग्लै ४ ठाउँहरू मानिएका छन् ।

---

१. षट्सप्ततिश्च निन्द्यानि (ख) षट्सप्तत्यधिका स्मृता: (ग)
२. सृक्वणोश्च तथा प्रोक्ता: (ग) आनुपूर्व्या स्थिता चोर्ध्वं ललाटे रोमजास्त्रय: । नि:श्रेणी नाम सा ख्याता भर्तु: सर्वार्थसाधनी (ग)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेष्वेव द्वादशावर्ता यमौ[1] त्रेता च ते स्मृताः
त्रिर्भिनिश्रेणिकानाम चतुर्भिश्चतुरंगकम्[2] ॥६१॥

ती चार ठाउँका १२ वटा भुमरीमध्ये दुइवटालाई यम, तीनवटा (गार्हस्पत्य, आहवनीय, दक्षिणाग्नि) अग्निकुण्डको जस्तो आकार भएका तीनवटा भुमरीलाई त्रेता, लहरै ठाडो परेका तीनवटालाई निश्रेणी र चारतिर रहेका चारवटालाई चतुरंगक भनिन्छ। (निधारमा क्रमशः यसरी दुइ, तीन, तीन र चार गरी बाह्रवटा भुमरी हुन्छन् ।

स्थानमेकं स्तुवे ज्ञेयं स्थाने द्वे कर्णमूलयोः
स्थाने निगाले चैकं स्यात्कण्ठेचैकं प्रकीर्तितम् ॥६२॥

स्तुव (निधारमनि) को ठाउँमा एक ठाउँ मानिएको छ। कानका फेदमा दुइ ठाउँ, निगालमा एक ठाउँ र घाँटिमा एक ठाउँ यस प्रकार ...

स्थानेष्वैतेष्वथावर्ता स्तान् ब्रह्मज्ञो विभावयेत् ॥६३॥

यी ठाउँमा जो भुमरीहरू छन् तिनीहरूलाई ब्रह्म जान्ने (विद्वान् व्यक्तिले) विचार गर्नुपर्छ ।

केशान्तयोस्तथा[3] द्वे ते तयोः शुक्तिद्वयं विदुः
श्रीवृक्षो वक्षसि प्रोक्त आवर्तः पन्चभिर्भवेत् ॥६४॥

त्यस्तै केशान्तमा दुइ भुमरी र दुइ शुक्ति (सिपी) पनि रहन्छन् भनिएको छ । छातिमा रहने भुमरीहरू पाँचवटाले युक्त भएको छ भने त्यो घोडा 'श्रीवृक्षक, हो भनिन्छ ।

अन्ये द्वे वक्षसिस्थाने चतुर्भिस्त्रिभिरेव च
वाह्वो स्थानद्वयं प्रोक्तं तत्रावर्तद्वयंविदुः ॥६५॥

अरू भुमरीहरू रहने ठाउँ मध्ये छाती (वक्षस्थल)मा दुइ, चार, र तीन पनि रहन्छन् । बाहुमा दुइ ठाउँमा भुमरीरहने ठाउँ हुन्छ भनी मानिएको छ ।

---

१. यमौत्रेताग्नयस्त्रय (ख) २. चतुर्भिश्चतुरंगकः (ख)
३. स्थानं निगालस्त्वेकं स्यात् कण्ठे चैकंप्रकीर्तितम् । श्रीवृक्षोवक्षसिप्रोक्तो ह्यावर्तः पन्चभिर्भवेत् (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वयोश्चरन्ध्रयोस्थाने[1] द्वौस्थितौ तत्र रोमजौ
एवं शुभानि स्थानानि यान्युक्तानि तु[2] विंशतिः
भवन्ति रोमजास्तेषु [3]सप्तत्रिंशश्च संख्यया ।।६६।।

दुवै रन्ध्र (रन्ध्र र उपरन्ध्र) मा दुइ दुइ वटा भमरी रहन्छन् भनिएको छ । यस्ताप्रकारबाट उपर्युक्त २० ठाउँ भुमरी रहनालाई शुभ मानिएका छन् । ती बीस ठाउँहरूमा (कहीँ एक, कतै दुइ, कतै तीन, कतै चार कतै र पाँच गरेर) सैँतीसवटा भुमरी रहन पनि सक्तछन् ।

(शुभ भुमरीका विषयमाः– वास्तवमा भुमरीहरू शुभ र अशुभका भेदले छ्यासमिस गर्दा तिनीहरूको जम्मा संख्या ९६ हुन्छ । तिनमा जयदत्तको विचारमा बीसवटा भुमरी वेस हुन् । तर नकुलको मतमा तेह्रवटा मात्र वेस हुन् जस्तैः-ललाटे मस्तके चैव ग्रीवायां हृदये तथा । पादे पक्षे मणीवन्धे नाभिदेशे विशेषतः। स्कन्धे पार्श्वे गले वक्त्रे कुक्षौ रन्ध्रे त्रिके तथा । आद्यास्त्रयोदशावर्ता विज्ञेया वाजि-पण्डितैः।। तर शुक्रनीतिमा शुक्राचार्य भन्छन् किः–गलमध्ये पृष्ठमध्ये उत्तरौष्ठेऽधरे तथा, कर्णनेत्रान्तरे वामकुक्षौ चैव तु पार्श्वयोः। उरूषू च शुभावर्तौ वाजिनामग्रपाद-योः। आवर्तौ सान्तरौ भाले सूर्यचन्द्रौ शुभप्रदौः–अर्थात् गल, पृष्ठ, उपल्लो र तल्लो ओठ, कान, नेत्रान्तर, वामकुक्षि (देब्रेकोखो) दुवै पार्श्वभाग, तिघ्रा, अगाडिका खुट्टा र निधारका (दुइ वटा भए चन्द्रसूर्य हुन्) दुइ यति भुमरी वेसहुन् । वृहत्संहितामा भनेः– ये प्रपाणगलकर्णसंस्थिता पृष्ठ मध्य नयनोपरिस्थिताः । ओष्ठ सक्थि भुज कुक्षि पार्श्वगास्ते ललाटसहिताः शुशोभनाः ।। अर्थात् प्रपाण, गल, कर्ण पृष्ठमध्य (आसन) नयनोपरि, ओष्ठ, सक्थि, भुज, कुक्षि, पार्श्व यतिठाउँ, ललाटले सहित भएमा वेस भन्ने मत छ । एतावता शुभ भुमरीको स्थानको निर्णय सबैको मिल्दो जुल्दो नै देखिन्छ ।)

अथखलु [3]कटशंखमन्याश्रुपातोष्ठनाशापुटस्कन्ध [4]जानुस्फिग्गु-
ददेशोपगण्डगण्डेषु कर्णाग्रकुक्षि[5] स्थूरमूत्रकोशेषु तथा

---

१. द्वे चोपरन्ध्रयो स्थाने द्वौ स्थितौ रोमजौतयोः (ख) २. सप्तविंशति (ख) विंशतिस्तु शुभाप्रोक्ता (ग) ३. कण्ठशंख (ख) ४. स्फिग्गुदे पिण्डाण्ड गण्डेषु (ख) ५. विदु-कक्षोरूपार्श्वेषु (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हनुवहविदुचिवुककक्षपार्श्वेषु[1] पुच्छस्यमूले भ्रुर्वोमध्यभागे
हयानांप्रदेशेषु चैतेष्वथावर्तानुपलक्षयेन्मतिमान्वैद्यः ॥६७॥

अनि कट (गण्डस्थल) शंख, मन्या, अश्रुपात, ओठ, नाकको पोरा, काँध, घुँडा, स्फिक् (फिला), गुदप्रदेश (गुदद्वार), उपगण्ड, गण्ड (गाला) कानको टुप्पा, कोखा, स्थूर, मूत्रकोश, चिउँडो वह, विदु, हनु, कोखाको अगल वगल, पुच्छरको फेद, आँखिभौंको बीचभाग यति ठाउँमा पनि घोडाका भुमरीहरू हुन्छन् भन्ने कुरा अश्वविशेषज्ञले विचारगर्नु पर्दछ ।

त्रिक गललक[2] ककुदुत्तरोष्ठासन प्रोथ घोणासु नाभौहृदि
क्रोड [3]सीवन्यपानेष्वथ इति सद्योघ्नन्ति वाजिनामशुभावर्ता
मुनिप्रोक्ताः ॥६८॥

त्रिकस्थान (पिठचुँका तीनहाडको जोर्नी) गला, जुरो, उपल्लो ओठ, बस्नेठाउँ, (आसन), प्रोथ, नाकका पोरा, नाक, नाइटो, छाती, काखी, सीवनी (गुदद्वार देखी तल अण्डकोष देखी माथी यति बीचको भाग) र अपान (गुदद्वार) यति ठाउँमा रहेका भुमरीहरूले तुरून्त (उसको स्वामीलाई) नाशगर्छन् भनी मुनिहरूले बताएका छन् ।

काकसेचैकमेवं विदुर्वाजिनां रोमजाउपरिचाभिहिता
प्रपाणस्य च ॥६९॥

घोडाको काकसा स्थानमा एउटा र प्रपाणमा एउटा भुमरी रहन्छ भनी जान्नु ।

अन्ये च ये रोमजाःकुष्टिकाकूर्चजंघाकलाष्वथैवंचतुर्ष्वेव-
पादेषु षोडशैवावस्थिता रोमजाः ॥७०॥

माथी बताइएका र अरू भुमरीहरूमध्ये कुष्टिका (चोखुरी), कूर्च (गोलिगाँठा), जंघा (नलिहाड), कला र चारै गोडामा रहनेगरी सोह्र संख्याका भुमरीहरू पनि खराब मानिएका छन् ।

---

१. प्रदेशेष्वथावर्तरूपद्वयं लक्षयेत् (ख)
२. गलकः (ख) ३...... न्यपानेषु वै काकसे चैकमेकं विदुर्वाजिनांरोमजाता उपरि च कथिता प्रपानस्य चान्येत्रयो रोमजा कुष्टिका कूर्चजंघाकलापु चैव चतुर्ष्वेवपादेपु वै षोडशावस्थिताः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इति शालिहोत्रादिभिः कथिताः षट्सप्ततिरशुभावर्ता
उक्ताः ॥७१॥

यस प्रकार शालिहोत्र आदि (अश्वशास्त्र विशेषज्ञ) ले भनिएका छयहत्तर संख्याका खराब भुमरीहरू भनिए ।

अधुना शुभाशुभफलं स्वल्पैरेवाक्षरैः प्रभूतार्थम्
लक्षणमावर्तानां पृथक् पृथक् संप्रवक्ष्यामि ॥७२॥

अब यसपछि थोरै अक्षरले धेरै अर्थमा शुभ र अशुभ फलदिने भुमरीहरूको लक्षण बेग्ला बेग्लै प्रकारबाट भन्दछु ।

आवर्तौ[1] सृक्वण्योः स्यातां यस्याथवाजिनस्तस्य
प्राप्नोति मिष्टमन्नं भर्ता पुत्रांश्च पौत्रांश्च ॥७३॥

जुन घोडाका दुवै गीजा (ओठका कुना) मा दुइवटा (१।१ गरी) भुमरी हुन्छन् त्यस्तो त्यो घोडाको स्वामी मीठो खान पाउने र छोरा र नातीहरूले परिपूर्ण भएको हुन्छ । अग्निपुराणमा भनेको छ कि:– सृक्विण्यां च ललाटे च कर्णमूले निगालके । बाहुमूले गले श्रेष्ठा आवर्ताः ... ... अर्थात् जुन घोडाका गीजा (ओठका कुना) मा, निधारमा, कानकाफेदमा, निगाल (घाँटीको एकभाग) मा बाहुमूलमा अर्थात् हातको फेदमा र गलामा भमरी हुन्छन् त्यो घोडा र ती भुमरीहरू असल छन् ।

यस्याश्वस्य भवेतां ललाटके द्वौ प्रदक्षिणावर्तौ
तस्य स्वामी धनवान् बहुप्रजो[2] जयति रिपुसैन्यं ॥७४॥

जुन घोडाको ललाट (निधार) प्रदेशमा दाहिनेतर्फ घुमेका दुइवटा भुमरी हुन्छन् त्यस्तो घोडाको स्वामी धनी, सन्तानयुक्त र शत्रुका सैन्यउपर विजय प्राप्तगर्ने हुन्छ ।

यस्य त्रेताप्रतिमा प्रदक्षिणा नेत्रयोर्ललाटस्था
तस्य स्वामी विजयी स तु तिष्ठति मूर्ध्नि शत्रूणां ॥७५॥

---

१. सृक्वणो..... सर्वकामफलप्रदाः, (ख) त्रयश्चैवाथ चत्वारो, (ग) आवर्तौ सृक्स्थौ शुक्तिर्वा यस्यवाजिनः स्याताम्, (ख) २. प्रजो (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुन घोडाका तीनवटा भुमरी तीनवटा अग्नितुल्य भै दुवै आँखादेखी माथी र निधारको माझमा गरी तीनकुने परेर रहेका हुन्छन् त्यसको स्वामी सदा विजयी हुन्छ र त्यो शत्रुका शिरमा लातमार्ने हुन्छ अर्थात् त्यस्तो घोडाको स्वामी शत्रुलाई दवाउनसक्ने हुन्छ ।

निःश्रेणीयस्य भवेत्त्रिभिरावर्तैर्ललाटमध्ये तु
राजा तेनाश्वेन तु लभते विजयं धनं धान्यम् ॥७६॥

जुन घोडाका निधारको मध्यभागमा क्रमशः एक पछि अर्को गरी ठाडा तीनवटा भुमरी हुन्छन् त्यसलाई निःश्रेणी भनिन्छ । त्यस्तो घोडाले युक्तभएको राजाले विजय, धन र धान्य प्राप्त गर्दछ । निःश्रेणीका विषयमा शुक्राचार्य भन्दछन्ः– आवर्तत्रितयंभाले शुभं चोर्द्धन्तु सान्तरं ॥ अशुभन्चातिसंलग्नमावर्तत्रितयं तथा ॥ त्रिकोण त्रितयंभाले आवर्तानान्तु दुःखदम् ॥ अर्थात्, न जोरिएर तीनवटा भुमरी निधारमा तीनकुनेपरेर रहेका छन् भने तथा क्रमशः उर्ध्वगामी (ठाडा) भएमा राम्रा छन् । ज्यादै जोडिए भने अशुभ मानिन्छन् र तीनकुने परी जोडिएररहेका छन् भनेत ती भुमरीहरू दुःखदायी हुन्छन् । नकुलको र भोजको मतमा पनि "त्रयोयस्य ललाटस्था आवर्ता अधरोत्तराः । त्रिकूटः स परिज्ञेयः वाजिवृद्धिकरः परः" अर्थात् जुन घोडाका तलबाट क्रमशः उत्तर तर्फ गएका निधारमा तीनवटा भुमरी हुन्छन् त्यो घोडा त्रिकुट (तिकुटे) हो र यस्ले घोडाहरूको बगाल खूब बढाउँछ (यस्तै प्रकारमा भोजको मत यस्तो छ किः– अनेनैव प्रकारेण त्रयो ग्रीवाः समाश्रिताः । जयावर्तास्तु विज्ञेया वाजीशोऽयंनृपोचितः, अर्थात् यस्तै प्रकारका तीनवटा भुमरी ग्रीवा (घांटी) मा रहन्छन् भने ती भुमरीलाइ "जयावर्त" भनिन्छ र त्यस्ता भुमरी भएको घोडा राजाकालागि साह्रै योग्य हुन्छ ।

सव्यावर्तैर्वाजी चतुर्दिशं संस्थितै ललाटे तु
कुरूते स्वामिनमचिरान्महीपतिं पुत्रवन्तं च ॥७७॥

जुन घोडाका दाहिनेतर्फ घुमेका ठीक चारदिशातर्फ रहेका निधारको ठीक ठाउँमा भएका चारवटा भुमरीहरू हुन्छन् भने त्यस्तो त्यो घोडाले चाँडैनै आफ्नो स्वामीलाई राजा र छोराले युक्तभएको बनाउँछ, अर्थात् यस्तो घोडाले साधारण मानिस पनि राजासम्म हुन्छ र छोरा नहुनेले यस्तो घोडा चढे छोरा पनि पाउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आवर्तो मुकुलो[1] वा स्तुवप्रदेशे प्रदक्षिणं यस्य
तस्य तुरंगस्य भर्ता संग्रामे जयति रिपुसैन्यम् ॥७८॥

जुन घोडाको स्तुव (केशान्तभन्दामाथी र शिर स्थानदेखी अलिकति तलको ठाउँ) मा भुमरी वा मुकुल (कोपिलाको आकार) छ त्यस्तो घोडाको स्वामीले संग्राममा शत्रुका सेनालाई जित्तछ ।

यस्योपरन्ध्रभागे रोमावर्तः प्रजायते श्रीमान्
तस्याश्वस्य स्वामी विजयी रणमूर्ध्नि[2] शत्रूणाम् ॥७९॥

जुन घोडाको उपरन्ध्र (कोखाको भित्री भाग) मा भुमरी हुन्छ त्यस्तो घोडाको स्वामी ऐश्वर्यपूर्ण हुन्छ र संग्राममा शत्रुको शिरमा कुल्चनसक्ने हुन्छ ।

आवर्तौ वृषभाख्यौ ज्ञेयौ तुरगस्य कर्णमूलस्थौ
तेन स्वामी विजयी लभते लंकार[3] तिलकं च ॥८०॥

घोडाका कानका फेदमा हुने दुइवटा भुमरीलाई "वृषभ" भनिन्छ । त्यस्तो घोडाको स्वामीले विजय प्राप्तगर्दछ र गहना र टीका (राजतिलक) प्राप्तगर्छ ।

आवर्तस्तु निगाले देवमणिः सर्व्वकामदश्चासौ
राष्ट्रसुतकोशसंपत्सौभाग्यं[4] दिशति विजयं च ॥८१॥

जुन घोडाको निगाल (हनु र गलनाडीको जोर्नी वा घण्ट झुण्डचाउने ठाउँको नगीचै) मा भुमरी छ त्यो भुमरीलाई "देवमणि" भनिन्छ । यस्तो घोडाले राष्ट्र, छोरा, ढुकुटी, सम्पत्ति, सौभाग्य र विजय दिलाउँछ । यसमा नकुल भन्दछन् कि:– (निगालस्थो य आवर्तः स हि देवमणिः स्मृतः) अर्थात् निगालमा जुन् भुमरी छ त्यही नै "देवमणि" हो ।

आवर्तो हन्त्यशुभान्यग्रे काये ककुद्भवं मुक्त्वा
तत्रारूढो नृपतिर्जयति रणे शत्रुसैन्यानि । ॥८२॥

---

१. आवर्तो मुकुलाभः शिरप्रदेशे (ख)
२. रणमूर्ध्निभवति शत्रूणाम् (ख) उपरन्ध्रेभवेच्चैव रोमजश्चातिपूजितः (ग)
३. लंकारनिकरांश्च (ख)
४. संपत्सौख्यानि विविधानि (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुराको भुमरी बाहेक घोडाका शरीरका अग्रभागतर्फ रहेका अरू भुमरीले अरू समस्त अमंगल कुराको नाशगर्दछन् । त्यस्तो घोडामा सवारगर्ने राजाले रणसंग्राममा शत्रुका सेनाहरूलाई जित्दछ ।

आवर्तः कण्ठस्थः शुक्तिर्वा रोचमान इत्युक्तः
राज्ञस्तेनाश्वेन तु कोशो मित्राणि वर्द्धन्ते[1] ।।८३।।

जुन घोडाको कण्ठ (वक्ष र गलका बीचको भाग) मा भुमरी छ अथवा सिपी छ भने त्यो भुमरीलाई "रोचमान" भनिन्छ । त्यस्तो घोडाले राजाको ढुकुटी र मित्रहरूको वृद्धि गराउँछ ।

रोचमानस्तु पूर्वार्द्धे निःश्रेणी शिरसिस्थिता
पश्चादर्द्धे मेषलान्यानशुभान्हन्ति रोमजान् ।।८४।।

शरीरको पूर्वभागमा रहेको रोचमान (घाँटीमा रहेको सीपी वा भुमरी) शिरमा रहेको निःश्रेणी (निधारमा रहेका ठाडा तीनवटा भुमरी) र शरीरको पछाडिपट्टिको भागमा रहेको मेखला (चन्द्रमेखला) अर्थात् रन्ध्रस्थान भन्दा माथि रहेको भुमरी यति कुरा शरीरमा छन् भने यिनीहरूले सम्पूर्ण खराब भुमरी र खराब सिपी आदिका जम्मै दोषहरूलाई नाशगर्दछन् ।

केशान्तयोश्च शुक्तिद्वे तुरगस्य यस्य दृश्येते
तस्य स्वामी विजयी विभवयुतः पुत्रपौत्रैश्च ।।८५।।

जुन् घोडाका केशान्त (याल उम्रेको ठाउँदेखि मन्तिर काँधको तल गर्धनको दुवैतर्फ) प्रदेशमा दुइवटा सिपी देखिन्छन् त्यस्तो त्यो घोडाको स्वामी विजयी, सम्पन्न र छोरा नातीहरूले युक्तभएको हुन्छ ।

वक्षस्थले चतसृष्वपि दिक्षु स्थिता यस्य चत्वारः
कण्ठे च रोचमानः सोऽश्वः श्रीवत्सको[2] नाम ।।८६।।

जुन घोडाका वक्षस्थल (छाती) मा चारदिशातर्फ रहेका चारवटा भुमरी रहन्छन् र कण्ठमा रोचमान (घांटीको भुमरी) पनि छ भने त्यो घोडा "श्रीवत्सक" नामको हो । (कसैको मतमा यस्तो घोडा "श्रीवृक्षकी" हो पनि भनेका छन्) ।

---

१. वर्द्धन्ते पुत्राः (ख) २. श्री वृक्षकी नामा (ख) वक्षसि यस्यावर्ताश्चत्वारस्तस्यवाजिनः– स्वामी । प्राप्नोतिरणे विजयं वित्तं निष्कण्टकं राज्यम् (ख)
तेनाजौ रिपुसैन्यं विजित्यनिवर्ततेराजा । प्राप्नोत्यर्थान् सकलान् राष्ट्रं सौख्यं यशश्चैव (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेनासौ[1] रिपुसैन्यं विजित्य लब्धमणिमतङ्गजतुरगः
पुत्रामात्यसमेतः स्वस्थो निःशङ्कितो निवृत्तश्च ।।८७।।

त्यस्तो श्रीवत्सक घोडाले युक्तभएको राजा शत्रुका सेनालाई जितेर (शत्रुका) मणि, हात्ती, घोडाहरू प्राप्त गरी आफ्ना छोरा अमात्य (धी सचिव)ले युक्त भै आनन्दपूर्वक निस्शंक भै फर्कन्छ ।

यद्वाहोरावर्तौ शुक्ती वा सोऽङ्गदी[2] हयः प्रोक्तः
प्राप्नोति तस्य भर्त्ता रत्नान्याभरणनिकरं च ।।८८।।

जुन घोडाका वाहु (हात) मा दुइवटा भुमरी वा शुक्ति (सिपी) हुन्छन् त्यस्तो त्यो घोडालाई "अङ्गदी" भनिन्छ र त्यस्तो घोडाको स्वामीले रत्न र गहनाहरू प्रशस्तमात्रामा प्राप्तगर्दछ ।

आवर्तो रन्ध्रोपरि यस्यासौचन्द्रमेखला[3] नामाः
तेनैश्वर्यं भर्तुः पुत्रापौत्राश्च वर्द्धन्ते ।।८९।।
एत शुभाः प्रशस्ताः सप्तत्रिंशच्च रोमजाः कथिताः
स्थानान्येषां विंशतिरशुभानां फलमतो वक्ष्ये ।।९०।।

जुन घोडाका रन्ध्रको माथी भुमरी छ त्यो घोडा "चन्द्रमेखला" नाम गरेको हो । त्यस्तो त्यो घोडाले आफ्ना स्वामीको, छोरा र नातीको पनि अभिवृद्धि गराउँछ ।

यस्ता प्रकारका शुभ (असल) र प्रशस्त (कल्याणकारक र अतिश्रेष्ठ) मानिएका सैँतीसवटा भुमरी बताइएका छन् । यिनीहरूको संख्या ३७ बताइए पनि यिनीहरूको रहने ठाउँ भने उपर्युक्त बीसवटा नै मानिएको छ । अब अशुभ भुमरीहरूको फल वर्णन गरिन्छ ।

खराब भुमरी र तिनीहरूको फलः–

आवर्तौ कटजौ हयस्य न शुभौ भर्तुः कुलस्यान्तकौ
भर्तुः सर्वकुलक्षयं च कुरुतः शंखस्फिचो रोमजौ ।।

---

१. शुक्त्यो वक्षसि तिस्रो यस्य स्युः सर्वमानदः सोऽश्वः
तेनासौ विजितारिः स्वस्थो विनिवर्तते राजा ।।
प्राप्नोति तस्य भर्ता रत्नान्याभरणनिकरांश्च (ख)

२. वाह्वोयस्यावर्तौ शुक्तिर्वा सोऽङ्गदी हयः प्रोक्तः (ख)

३. यस्यास्त्येष मेखलीनामा, तेनैश्वर्यं भवति भवन्ति पुत्राश्च पौत्राश्च (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आवर्तौ वहजौ सदारि[1] भयदौ भ्रूमध्यजौ दुःखदौ[2]
मित्रघ्नौ[3] विदुमध्यजौ तु सुतरां चानर्थदौ स्वामिनः[4] ॥६१॥

घोडाको कटमा (दुइवटा नै कटस्थानमा) भुमरी हुनु असल होइन । यसमा भुमरी भएको घोडाले आफ्ना स्वामीका कुलको नाशगर्छ । त्यस्तै शंखमा र फिलामा भुमरी भए त्यसले आफ्ना स्वामीको सम्पूर्ण कुलकै नाशगर्दछ । वहमा भुमरी भए सदा शत्रुको डर परीरहने हुन्छ । आँखिभौंको बीचमा रहने भुमरी दुःखकारक तथा मित्रहरूलाई नाशगर्ने हुन्छ । विदुको मध्यभागमा रहने भुमरीले आफ्ना स्वामीलाई सम्पूर्ण आपत्ति पारीरहने हुन्छ ।

आवर्ता हनुमध्यकूर्च्चगलजा स्कन्धोरुकक्षोद्भवा
यस्याश्वस्य च भर्तुरध्वनिमहाबाणौघपातो[5] भवेत् ॥
आवर्तौ हनुजौधनक्षयकरौ मन्योद्भवौ मृत्युदौ
भर्तुर्जीवितनाशनौ च न चिरात् स्कन्धोद्भवौ मृत्युदौ[6] ॥६२॥

जुन घोडाको चिउँडोको बीचमा, गोलिगाँठामा, घाँटी, काँध, तिघ्रा र काखी यति ठाउँमा भुमरी हुन्छ त्यो घोडाको स्वामीलाई बाटैमा ठूलो वाणको आघात पर्दछ (वा बाटैमा वाणद्वारा मर्दछ)। यदि च्यूँडामा दुइवटा भुमरीछन् भने तिनले धन नाशगर्छन्, मन्यामा दुइवटा भुमरी भए मृत्युदायक र काँधमा दुइवटा भुमरी भए भने तिनले पनि स्वामीको चाँडैनै आयुनाश गर्दछन् ।

आवर्तौ[7] दृढ दुःखशोकभयदौ गण्डाश्रुपातोद्भवौ
भर्तुर्वै दृढदुःख मृत्युभयदौ जंघोद्भवौ रोमजौ ॥६३॥

जुन घोडाका गण्ड (गाला) मा तथा अश्रुपात (आँशुखस्ने ठाउँ) मा भुमरी छन् भने त्यस्तो त्यो घोडाले आफ्ना स्वामीलाई ठूलो दुःख शोक र भय (डर) पर्ने गराउँछ । फेरि जंघा (घुँडा देखि मनिको भाग) मा दुइ भुमरी छन् भने तिनलेपनि उसका स्वामीलाई कडा दुःख, डर र मृत्यु पनि गराउने हुन्छन् ।

---

१. हयस्य भयदौ (ख) २. रोमजौ (ख) ३. वित्तघ्नौ (ख) ४. स्वामिनाम्
५. सदा वाणौघघाती (ख) ६, रोमजौ (ख)
७. आवर्तौ दृढशोकदुःखभयदौ यौ चाश्रुपातोद्भवौ, स्यातां भर्तृकुलस्य नाशनकरौ स्फिक्पिण्डजौ रोमजौ । आवर्तौ गलमध्यजौ गलगदं क्षुद्दुःखमृत्युप्रदौ, भर्तुर्वन्धनदुःखरोगभयदौ जंघोद्भवौ रोमजौ ।(ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आवर्तस्तूत्तरोष्ठे यदि भवति तदा मातरं हन्ति भर्तुः
प्रोथावर्ती तुरंगः सकलकुलमसौ नाशयत्याशु भर्तुः ।।
कक्षावर्ती[१] शरौघै परिकरसहितं स्वामिनं हन्ति शीघ्रं
घोणावर्तश्च भर्तुर्जनयति तुरगः कश्मलं मृत्युमाशु ।।६४।।

घोडाको उपल्लोओठमा भुमरी छ भने त्यस्तो त्यो घोडाले आफ्ना स्वामीकी आमालाई नाशगर्छ । प्रोथ (घोडाको नाक)मा भुमरी भयो भने त्यसले आफ्ना स्वामीको सम्पूर्ण कुललाई तुरून्तै नाशगर्छ । काखिमा भुमरी भएको घोडाले परिवार सहित उसका स्वामीलाई बाणद्वारा चाँडै नै मार्दछ । घोणामा भुमरी छ भने त्यो घोडाले उसका स्वामीलाई चाँडैनै मोह र मृत्युमा पार्दछ ।

मेढ्रावर्ती[२] तुरंगो भयशतजनकः स्वामिनो मृत्युहेतु-[३]
र्जान्वावर्ती[४] तुरंगः क्षपयति सबलं स्वामिनं तीव्रशोकैः ।।
प्रायश्चौरारिशस्त्रानलविषभयदः[५] स्यान्महादोषसंज्ञः
शालामात्र प्रवेशादपि वरनृपतिं चालयत्येष राज्यात् ।।६५।।

मेढ्र (लिंग प्रदेश) मा भुमरीभएको घोडा सयौं डर पैदागर्ने हुन्छ। यो स्वामीको मृत्युमा कारण पनि मानिएको छ । घुँडामा भुमरी हुने घोडाले सेना सहित आफ्ना स्वामीलाई ठूलो शोकमा पारेर मार्दछ । घुँडामा भुमरी हुने घोडाले प्रायशः चोर, शत्रु, शस्त्र, आगो र विषको डर उत्पन्नगर्दछ । यो महादोषी हो । यसलाई अश्वशाला (तबेला) मा प्रवेशपनि नगराउनु । यस्तो घोडा तबेलामा पस्यो भने मात्रै पनि गतीलो (नीतियुक्त) राजालाई पनि राज्यबाट भ्रष्ट गराउँछ ।

आवर्तमश्वस्य[६] ककुद्भवं यद्विन्द्यान्महादोषतमं सुरौद्रं
स यस्य वाजी सकुलस्य तस्य वित्तक्षयं राज्यविनाशनं च ।।६६।।

जुन घोडाको ककुद (जुरोमा) भुमरी छ त्यो घोडा अत्यन्त महादोषी हो (त्यसलाई काकुदी भन्दछन्) र त्यो अत्यन्त भयंकर मानिएको छ। यस्ताप्रकारको घोडा जसको हुन्छ त्यसको सम्पूर्ण कुलसहित सम्पत्ति पनि नाशहुन्छ र (राजा भए) राज्य पनि नाशहुन्छ ।

---

१. कक्षावर्तः (ख) २. गण्डावर्तः (ख) ३. मृत्युदूतः (ख) ४. जान्वावर्तः (ख) ५. चौरादि
६. ककुदं वृषभस्येव सुव्यक्तमुपलक्षयेत् । वाजिनो यस्य तत्र स्यादावर्तः स्वामिनाशनः (ग)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न तं स्पृशेद्भर्तुहणं न पश्येद्देवद्विजेभ्यस्त्वरितं च दद्यात्
निष्काषयेद्वापि च जातमात्रं शीघ्रं त्यजेद्वा परराष्ट्रमध्ये ॥६७॥

उपर्युक्त (काकुदी) स्वामिघातक भएकोले त्यस्तो घोडा हेर्नु र छुनु पनि हुँदैन। त्यो घोडा देवता वा ब्राह्मणलाई तुरुन्तै प्रदान गर्नु। (आफ्नू घरमा) जन्म्यो भनेपनि जन्मनेवित्तिकै अन्यत्र पठाईदिनु अर्थात् निकाली दिनु। यद्वा अरू राजाको राष्ट्रमा छोडिदिनु।

स्याद्रोमजो यस्य तु [1]काकसोद्भवः
तस्यापि भर्ता सह तेन वाजिना
आजौ हतः काकशतैस्तु भुज्यते[2]
[3]उच्चैरणद्भिर्वहुभैरवान् रवान् ॥६८॥

जुन घोडाको काकस(जुराको अगाडिपट्टिको आडमा)स्थानमा भुमरी छ त्यस्तो त्यो घोडाको स्वामी घोडाका साथसाथै लडाईमा मर्दछ र अनेक प्रकारका डरलाग्दा उच्चो स्वरले कराउने सयौं कागहरूले त्यो राजा खाइन्छ।

पार्श्वोद्भवौ यस्य तु रोमजातौ
भर्ता सपक्षस्तुरगस्य शीघ्रं[4]
क्षयं[5] यथा याति निदाघकाले
स्पृष्टं जलं भास्कररश्मिजालैः ॥६९॥

जुन घोडाका दुवै पार्श्व (अगल बगलमा अर्थात् कोखामा) स्थानमा भुमरी छ र अझ त्यस्मा दुइवटा भुमरी छन् भने त्यस्तो त्यो घोडाको स्वामी जस्तो ग्रीष्मकालमा सूर्यका किरणको समूहद्वारा स्पर्श गरिएको पानी चाँडैनै सुकतछ त्यसैगरी त्योपनि दलबल सहित चाँडैनै नाशहुन्छ। (कोखामा एक भुमरी हुनुभन्दा दुइ भुमरी हुनु अत्यन्त खराब मानिएको छ)

१. काकसे तु च यस्यस्यादावर्तस्तस्य दारूणः
रणेहतः समं भर्त्रा क्रव्याद्भिः स विलुप्यते (ग)
२. भक्ष्यते (ख)
३. उत्क्रोशर्याद्भिर्गुरूभैरवस्वरैः (ख)
४. तस्य (ख) ५. आशु क्षयं याति यथा निदाघे (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रोडोद्भवश्चासनमध्यमोद्भवः स्याद्रोमजो यस्य तुरंगमस्य
स स्वामिनं हन्त्यचिरादवश्यं मार्गेस्थितं राजकुले रणे वा ॥१००॥

जुन घोडाको क्रोड हृदय र वक्षस्थलको बीचको भाग अर्थात् काखीमा भुमरी हुन्छ र मानिसवस्नेठाउँ आसन (पिठ्युँ) मा भुमरी हुन्छ भने यस्ता यी दुवै घोडाहरूले आफ्ना स्वामीलाइ (हिँड्दा हिड्दै) बाटैमा, राजकुलमा वा संग्रामस्थलमा अवश्य चाँडैनै मारी छोड्दछन् ।

कर्णावर्ती भर्तुः कर्णच्छेदं कर्णशूलं च कुर्यात्
कुर्याद्धृदयावर्ती[1] हृद्रोगं बन्धनं मरणं च ॥१०१॥

कानमा भुमरी हुने घोडाले उसको स्वामीको कान कटाउँछ र कर्णशूल (कानको रोग विशेष) उत्पन्न गराउँछ । छातीमा १ भुमरी हुनेले छातीकोरोग, बन्धन र मरण पनि गराउँछ (छातीमा एउटा भुमरी हुने घोडालाई "हृदयशाल" भन्दछन् र छोरा नहुनेले यस्तो घोडा चढे छोरा पाउँछन् र छोरा भएकाले चढे छोरा मर्दछन् भन्ने लोकोक्ति पनि छ)। (कानको भुमरीका विषयमा यही ग्रन्थमा "कर्णाग्र" अर्थात् कानको टुप्पा भनेर पहिले भनिएको हुनाले कानको बीचमा र कानको फेदका भुमरी असल र कानको टुप्पाको भुमरीमात्र खराब भन्ने देखिन्छ । साथै कानको माझ र फेदका भुमरी नकुलको "अश्वचिकित्सा" नामक ग्रन्थमा पनि असल मानिएका देखिन्छन्) ।

उपरिस्थितः[2] प्रपाणं दक्षिणेश्वस्य रोमजो यस्य
भर्तुःपितरं हन्यान्मातृवधं वामभागे च ॥१०२॥

जुन घोडाको प्रपाण (उपल्लो ओठ भन्दा माथिल्लो भाग)को माथी दाहिने-पट्टि भुमरी हुन्छ त्यस्तो त्यो घोडाले स्वामीको बाबुलाई नाशगर्दछ । यदि त्यो स्थानको भुमरी देब्रे तर्फ छ भने आमालाई मार्ने (मातृघाती) हुन्छ ।

स्वामिनमथ मध्यस्थ स्त्रयः प्रपाणोपरिस्थितास्त्वेते[3]
नासापुटयोभर्तुर्वित्तविनाशं ध्रुवं कुरूते ॥१०३॥

---

१. कुर्याद्धृदयावर्तोहृदिशोकं बन्धनं मरणम् (ख)
२. उपरिस्थितः प्रपाणे प्रदक्षिणोऽश्वस्यरोमजो यस्य
भर्तुः पितरं हन्यात्कुर्याद्वा भ्रातृवधं च शुचम् (ख)
३. मध्यस्थ स्वामिवधं त्रयः प्रपाणो परिस्थिता ह्येते (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यदि त्यही प्रपाणको भुमरी माझमा छ भने स्वामीलाई नाशगर्छ । यस्ताप्रकारले प्रपाणको माथी रहने तीनवटा भुमरीको फल बताईएको छ । घोडाको नाकका प्वाल (पोरा) मा भुमरी छ भने त्यसले आफ्ना स्वामीको धन सम्पत्ति अवश्य नै नाशगर्दछ ।

आवर्ताः सीवन्यां येषां कुक्षावपानदेशे[1] च
ते [2]कुक्षिव्याधिकरा भर्तुर्न सुखावहाः कथिता ॥१०४॥

जुन घोडाका सीवनी (लिंगको अग्रभाग देखी गुदद्वार पर्यन्त गएको रेखा, भाषामा यसलाई "धोति" भन्दछन्) कोखा र गुदद्वारमा भुमरी हुन्छन् त्यस्ता ती घोडाहरूले (उसका स्वामीलाइ) कोखाको रोग उत्पन्न गराउने हुन्छन् । अतः यस्ता घोडाहरू स्वामीलाई सुख दिने होइनन् भनेर बताइएको छ ।

दृश्येतेश्वस्य यस्य[3] रोमजौ पुच्छमूल संजातौ
भर्ता तस्य रणे हतः शेतेऽतस्तंत्यजेदाशु ॥१०५॥

जुन घोडाको पुच्छरका फेदमा दुइवटा भुमरीहरू देखिन्छन् । त्यस्तो त्यो घोडाको स्वामी लडाइँमा मारिएर (फेरि नउठ्ने गरी) सुत्तछ अर्थात् लडाइँमै मर्दछ । अतः त्यस्तो त्यो घोडालाई तुरून्त परित्याग गर्नु ।

भर्तुर्दारान्[4] दूषयति रोमजौ यस्य मूत्रकोशस्थौ
मुष्कोद्भवौ तु विद्यान्मित्रसुतघ्नौ न चायुष्यौ ॥१०६॥

जुन घोडाका मूत्रकोष (पिसाब फेर्ने खोल्टो) मा दुइवटा भुमरी हुन्छन् त्यस्तो त्यो घोडाले उसका स्वामीकी पत्नीलाई खराब गर्दछ (व्यभिचारको दोष लगाउँछ)। यदि अण्डकोषमा दुइ भुमरी छन् भने त्यस्तोघोडा मित्र र छोराको मृत्यु गराउने हुन्छ तथा त्यस्तो घोडा आयुकारक पनि हैन ।

नाभ्यां[5] यस्यावर्तस्तस्य तु भर्ता चिरंश्वसन्नूर्ध्वं
वातैर्जलोदराद्यैः प्रपीड्यते नात्र सन्देहः ॥१०७॥

---

१. देशेषु (ख) २. कुक्षौ (मूल पुस्तके)
३. दृष्टौयस्यावर्तौ पुच्छस्यमूलेतु सन्जातौ..... सशल्योबाणहतः सन्त्यजेत्प्राणान् (ख)
४. भर्तुर्दशनाकर्षौ ....तु विन्द्याज्जेष्ठसुतघ्नं च रोमजौ नूनम् (ख)
५. नाभौ यस्यावर्ता ....स्थिरं ससन्तानः, रोगै (ख) नाभिजो मुष्कजश्चैव त्रिकजश्चविशेषतः ॥ पुच्छमूलस्थितश्चापि नैव धन्यः प्रकीर्तितः (ग)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुन घोडाको नाभिस्थान (नाइटो) मा भुमरी छ त्यस्तो त्यो घोडाको स्वामी निश्वास (दुःखपूर्वक फेरिने लामो स्वास) पूर्वक सदा वायु तथा जलोदर रोगले पीडित हुन्छ । यसमा कुनै शंका छैन ।

त्रिकजो[१] यस्यावर्तः सह भर्त्राऽसौ रणेहतः शेते
स्थूरावर्ती तुरगः शस्त्रेणवध्यते स्वामी ।।१०८।।

जुन घोडाको त्रिक (पिठ्यूँनेरको तीनहाडको जोर्नी) स्थानमा भुमरी हुन्छ त्यस्तो त्यो घोडा आफ्ना स्वामीलाई संग्रामस्थलमा मृत्यु गराउने र आफू पनि स्वामीका साथसाथै मर्ने हुन्छ । स्थूर (तिघ्राको तल) स्थानमा भुमरी हुने घोडाको स्वामी हतियारको प्रहारबाट मर्दछ ।

यस्याश्वस्यावर्ताः संभूताः कुष्ठिकाषु दृश्यन्ते
भर्ता तस्य व्यसनैः सुदारूणैः पिड्यते सततम् ।।१०९।।

जुन घोडाका कुष्ठिका (कूर्चको अर्थात् गोलिगाँठाको तल्लो भाग) मा भुमरीहरू देखिन्छन् त्यस्तो त्यो घोडाको स्वामी अत्यन्त डरलाग्दो व्यसन (दुःख) बाट सदा पीडित रहन्छ ।

खराब भुमरीको विषयमा ... ...

(शुक्राचार्यको मतमाः– अश्रुपातहनुगण्ड हृद्गल प्रोथवस्तिषु । कटिशंख जानुमुष्ककुन्नाभिगुदेषु च । दक्षकुक्षौ दक्षपादे त्वशुभोभ्रमरः सदा । अर्थात् अश्रुपात च्यूंडो, गाला, छाती, गल, प्रोथ, वस्ती कट्टि, शंख, घुँडा, अण्डकोष, जुरो, नाइटो, गुदद्वार, दाहिने कोखो र दाहिने खुट्टामा हुने भुमरी खराब हुन् । फेरि "पादोर्ध्वमुखो भ्रमरोह्येकोवापि स निन्दितः– अशुभन्चातिसंलग्नमावर्तद्वितयं तथा । त्रिकोण-त्रितयंभाले आवर्तानान्तु दुःखदम्ः– अर्थात् घोडाका खुट्टामा केवल एउटा भुमरी हुनु त्यो पनि माथितिर फर्केको हुनु निन्दित छ । दुइवटा भुमरी भएपनि ज्यादै जोरिएका छन् भने तीपनि निन्दित छन् । त्यस्तै निधारमा तीन भुमरी त्रिकोण (तीन कुने) परी ज्यादै जोरिएर बसे त्योपनि निन्दित मानिएको छ । वृहत्संहिता-को राय छ किः– अश्रुपातहनुगण्ड हृद्गलप्रोथशंखकटिवस्तिजानुनी ।। मुष्कना-

१........रणे त्यजेत् प्राणान्, खुरजौयस्यावर्तः स वध्यते स्वामिनैव सह, (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भिककुदे तथा गुदे सव्यकुक्षिचरणेषु चाशुभाः। अर्थात् शुक्राचार्य र वृहत्संहिताको राय एउटै छ। नकुलको मतमाः– कक्षायांजानुमेढ्रे च त्रिवर्णापुच्छसन्निधौ ॥ पुच्छेगुह्योवलावष्ट आवर्ता अधमा हये– अर्थात् दुवै कोखामा, घुँडामा, लिंगमा, तीनवर्णमा अर्थात् तीनकुने परेमा, पुच्छरको समीपमा, गुदद्वारमा र त्रिवलिमा यति आठ ठाउँका भुमरी घोडाका विषयमा अधम मानिन्छन्।)

गण्डस्थल (गाला) मा हुने भुमरीको शुभाशुभका विषयमाः–

(नकुलको राय छ किः– एकोथवा कपोलस्थो यस्यावर्तः प्रदृश्यते। वर्तमानः स विज्ञेयः स इच्छेत् स्वामिनाशनम्– अर्थात् जुन् घोडाको गालामा एउटा भुमरी देखिन्छ त्यसलाई 'वर्तमान' भनेर जान्नु। त्यसले स्वामीलाई नाशगर्दछ। फेरि 'गण्डावर्तो भवेद्यस्य वाजिनो दक्षिणाश्रयः। स करोति महासौख्यं स्वामिनः शिवसंज्ञकः। तद्वद्वामाश्रयः क्रूरः प्रकरोति धनक्षयम्–अर्थात् जुन घोडाको दाहिनेतर्फको गण्डस्थल (गाला) मा दाहिने तर्फ घुमेको भुमरी छ भने त त्यसले ठूलो सुखदिने हुन्छ। त्यसलाई 'शिव' नामले बोलाइन्छ। त्यस्तै देब्रेतर्फ रहेको छ भने त त्यो डरलाग्दो मानिएको छ र त्यसले धनको नाश गराउँछ। यसमा शुक्राचार्यको मत छ किः– कपोलस्थौ यदावर्तौ दृश्येते यस्य वाजिनः। यशोवृद्धिकरौ प्रोक्तौ राज्यवृद्धिकरौ मतौ ॥ अर्थात् गालामा दुइवटा भुमरी देखिन्छन् भने त्यो घोडा वेस हो। किनकि ती दुइ भुमरीले कीर्तिको वृद्धि गर्दछन् र राज्यको पनि वृद्धि गर्दछन् भन्ने पनि मानिएको छ। शुक्राचार्यको मतमा (गालामा रहने) एउटा भुमरी भने निन्दित हुन्छ भन्ने छ जस्तैः-एकोऽथवाकपोलस्थो यस्यावर्तः प्रदृश्यते। शार्वो नामः स विख्यातः स इच्छेत् स्वामिनाशनम्– अर्थात् घोडाको गालामा केवल एउटा मात्र भुमरी देखिन्छ भने त्यो घोडालाई "शार्व" भनिन्छ र त्यसले स्वामीलाई नाशगर्छ। तर उनै भन्छन् कि–गण्डसंस्थो यदावर्तो वाजिनो दक्षिणाश्रितः। स करोति महासौख्यं स्वामिनां शिवसंज्ञिकः। तद्वद् वामाश्रितः क्रूर प्रकरोति धनक्षयम्। इन्द्राभौ तावुभौ शस्तौ नृपराज्यविवृद्धिदौ–अर्थात् गण्ड (गाला) मा यदि दाहिनेतर्फ रहेको भुमरी छ भने त्यो "शिव" नामक घोडा हो र त्यसले ठूलो सुख दिन्छ। त्यस्तै देब्रे गालामा रहेको "क्रूर" हो र त्यसले धनको नाश पार्छ। तर गालामा दुइ भुमरी छन् भने त ती "इन्द्राभ" हुन् र तिनीहरूले राजाको राज्य बढाउँछन् र ती कल्याणकारी पनि मानिएका छन्।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भुमरी आदिका विषयमाः–

(अश्ववैद्यक रचनाकार श्री जयदत्त सूरिको मतमा तलका श्लोक बढी देखिन्छन्) जस्तैः–

शतपादीति विख्यातस्तथा वै मुकुलोपरः ।।६०।।
आवर्तश्चैव संघातः पादुक[1] श्चार्द्धपादुकः
शुक्तिश्चैवावलीढश्च आवर्तः कीर्तितोष्टधा ।।६१।।
वाजिदेहगतः[2] सम्यक् शुभाशुभ निवेदकः[3]
शतपादीसमाकारः शतपादीतिकीर्तितः[4] ।।६२।।
जातीमुकुलसंकाशो [5]मुकुलः समुदाहृतः
आवर्तो भूमितैर्वालैः संघातो रोमपुञ्जकैः ।।६३।।
शुक्तिश्च शुक्तिसंस्थानैः रोमभिर्व्यक्तलक्षणैः
वत्सावलीढकाकारोऽ [6]वलीढः परिकीर्तितः (ख) ।।६४।।
(अथतावत् प्रवक्ष्यामि पूर्वमावर्तलक्षणम्
यथा महीतले वायुश्चरन् वेगंतृणांकुरान्
आवर्तरूपं कुरूते तथाऽवर्ता हयोद्भवाः
आवर्तशुक्ति संघात मुकुलान्यवलीढकम्
शतपादी पादुकार्ध पादुका चाष्टमी स्मृता
आवर्ताकृतयश्चैता अष्टौ संपरिकीर्तिताः
आसांरूपविशेषेण पुनः कथितमुत्तरे
तत्रप्रधानोह्यावर्तः शुक्तिश्चापि शुभा मता
शतपादी पादुका च शुक्तिश्चापिषडंगुला
पादुकाद्व्यंगुला चैव मुकुलं तद्वदुच्यते
विभागांगुलमावर्त मानमेषामिति स्मृतम् (इति अश्वशास्त्र (ख))

अब पहिले आवर्तको लक्षण भन्दछु । पृथिवीतलमा वेगले हावा लाग्दा

---

१. पादुका (ख) २. गता (ख) ३. निवेदिनः (ख) ४. निवेदिता (ख)
५. कुसुम (ख) ६. एतेषामवलीढस्तु (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झारपातहरूलाई फनक्क घुमाएर वटार्दा जस्तो भुमरीपर्दछ त्यस्तै घोडाका रौंहरू वटारिने (घोडाका अंगका चिन्ह) लाई भुमरी भनिन्छ । तिनीहरू आवर्त, शुक्ति, संघात, मुकुल अवलीढ, शतपादी अर्द्धपादुक र पादुका, यसरी आठ प्रकारका आवर्त (भुमरी) हरू हुन्छन् भनिएको छ । यिनीहरूको रूपविशेषले हुने फल पछि फेरि बताइन्छ । यिनीहरू मध्ये आवर्त (भुमरी) प्रधान मानिएको छ । सिपी पनि राम्रो हो भनेर मानिएको छ । तिनीहरूको प्रमाण–शतपादी, पादुका, र सिपी छ अंगुल, पादुका र मुकुल २ अंगुल र भुमरी १ अंगुलको हुनुपर्दछ भन्ने यस्ता प्रकारको आवर्तको प्रमाण मानिएको देखिन्छ ।

पादुकः पादुकाकारस्तथा चैवार्द्धपादुकः
वाले विशेषसंस्थाने निर्दिशेन्मतिमान् भिषक् ॥६५॥
शास्त्रमार्गानुसारेण यथाप्रोक्तं विचक्षणैः
एतेषामेव सर्वेषामावर्तानां तपोधनैः ॥६६॥
रोमजेतिकृता संज्ञा वाजिलक्षणवेदिभिः[1]
शुभाशुभौ तु यत्र द्वौ तत्रैको न फलप्रदः ॥७६॥
[2]एको हेम्ना दहेत्पापं तेन दोषो[3] न दुष्यति ।
अथवा द्विजमुख्याय वेगादिगुणवान्[4] हयः ॥६८॥
दत्वा ग्राह्य क्रयेणैव दुरावर्तस्तु काकुदी
श्रीवृक्षौ रोमजश्चैव रोचमानस्तथैव च ॥६९॥
अंगदी मेखली[5] चैव राज्यरत्नप्रदः सदा
प्रपाणमारूतं विन्द्याल्ललाटे च हुताशनम् ॥७०॥
उरसी चाश्विनौ देवौ चन्द्रसूर्यौ च मूर्द्धनि
रन्ध्रे स्कन्धविशाखौ च उपरन्ध्रे हरो हरी ॥७१॥
इत्येवं पूजिता ह्येते दशावर्तास्तु वाजिनः
अप्येकेन विहीनाश्चेद् भवेयुरशुभास्तदा (ख) ॥७२॥

---

१. कोविदैः (ख) २. एवम् (ख) ३. दोषेण, दोषो नविद्यते (ख)
४. ये वेगादिगुणाधिका (ग)
५. यहाँ मूल पुस्तकमा "मुसली" देखिन्छ तापनि मेखली हुनु पर्ने देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाका शरीरमा हुने भुमरी (रौंबाट हुने चिन्ह) १ शतपादी, २ मुकुल, ३, आवर्तः, ४ संघात, ५ पादुकः, ६ अर्धपादुकः, ७ शुक्ति र ८ अवलीढ़ गरी यस्ता आठप्रकारका हुन्छन्। यी चिन्हहरू घोडाका शरीरमा रहेर शुभ र अशुभ फल बताउँछन्। यिनीहरूमा शतपादी (शयौं खुट्टा हुने जस्तै खजुरो) को आकारको शतपादी र जाई (फूल) का कोपिला जस्तो मुकुल भनिन्छ। रौंहरू फनक्क घुमेकोलाई आवर्त (भुमरी), रौं गुजुमुच्च परेको लाई संघात, सिपीको आकार भएको "सिपी" तथा गाईको वाच्छाले चाटे जस्ता रौं हुने चिन्ह "अवलीढ" भनिएको छ। पादुका (खराउ) को आकार भएको (चिन्ह)लाई पादुका, त्यस्तै आधा पादुका भएको चिन्हलाई "अर्द्धपादुक" यस्ता चिन्हहरू रौंको स्थिति हेरी अश्ववैद्यले निर्देशन गर्नुपर्छ अर्थात् निर्णय गर्नुपर्दछ। उपर्युक्त सबै चिन्हहरूलाई शास्त्रमा बताए अनुसार तत्तत् समयका विद्वान्हरूले, तपोधन ऋषिमुनीहरूले र घोडाका लक्षण जान्ने विद्वान्हरूले रौंबाटहुनेचिन्ह भनी बताएका छन्। जहाँ शुभ र अशुभ फल दिने दुवै चिन्हहरू रहन्छन् त्यहाँ एउटा मात्र राखे त्यस्को दोष नहुने हुनाले जुन अशुभ भुमरी अथवा अरू चिन्ह छ त्यसलाई सुनले डामी उढाई (डढाई) दिनु। त्यसो गर्नाले दोषीको दोष लाग्दैन अथवा वेग (गति) असल र अत्यन्त असल गुणहरूले युक्त भएको घोडा छ तर खराब भुमरी तथा काकुदी (जुरामा भुमरी भएको छ भने त्यसलाई सुवर्ण (सून)ले त्यो दोष डढाई दिनु। यद्वा असल ब्राह्मणलाई दिएर उनबाट किन्नु। घोडाहरू मध्ये श्रीवृक्ष(छातीमा चार भुमरी हुने) रोचमान (कण्ठस्थान (घांटी)मा रहेको भुमरी वा सिपी, अंगदी (बाहुमा भुमरी भएको वा सिपी भएको) मेखली (रन्ध्रको माथि र उपरन्ध्रका मनि बीचको ठाउँको भुमरी) यसलाई "चन्द्रमेखला" पनि भन्दछन् यस्ता प्रकारका घोडा राज्य र रत्नदिने हुन्छन्। प्रपाण (उपल्लो ओठदेखि माथिको भाग) मा भुमरी छ भने त्यो भुमरी "मारूत" (वायुदेवता) हो, निधारमा रहेको भुमरीलाई अग्नि र छातीका २ भुमरीलाई अश्विनीकुमार र शिरका २ भुमरी चन्द्रसूर्य, रन्ध्र र काँधका २ भुमरीलाई विशाखा, त्यस्तै उपरन्ध्रका २ भुमरी शिव र विष्णु (हरिहर) हुन् भनी मानिएका छन्। यस्ता प्रकारले उपर्युक्त १० स्थानका घोडाका भुमरीहरू पूजनीय छन् भनी मानिएको छ। यदि कुनै घोडामा उपर्युक्त १० भुमरी मध्ये एउटा पनि छैन भने त्यस्तो घोडा अशुभ हो भनी मानिएको छ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[1]प्रासादाम्बुजचक्रतोमरधनुर्निस्त्रिंश शंखोपमै-
र्वेदीस्वस्तिकमत्स्यपूर्ण कलशश्रीवत्सरेखानिभैः
आवर्तैर्ध्वजतोरणादिशुभदैः संपूजिता वाजिनो
गेहे यस्य स निर्ज्जिताखिलरिपुः पृथ्वीपति जायते ॥११०॥

दरवार, मन्दिर, कमल, चक्र, तोमर, (हतियार विशेष) धनु, खड्ग, शंख, वेदी, स्वस्तिक, माछा, पूर्णकलश, श्रीवत्स आदिका आकारका तथा ध्वजा, तोरण, आदि असल फलदिने भुमरीले युक्तभएको घोडाको ससम्मान जस्को दरवारमा मानमर्यादा हुन्छ (पूजा हुन्छ) त्यस्तो राजा सदा शत्रुलाई पराजय गर्ने (शत्रुमाथि विजय गर्ने) हुन्छ ।

सूर्पाष्टापदवज्रलांगलगदा चन्द्रार्धयूपाकृतिः
स्वावर्त्तस्त्वथ यस्य वक्षसि भवेत्कण्ठे ललाटेऽथवा ।
भर्ता तस्य रिपुं विजित्य समर भुंक्तेखिलां मेदिनीम्
देवाश्वः स उदाहृतो नरपतेः सौख्यार्थं राज्यप्रदः ॥१११॥

सूर्प (नाङलो) अष्टापद (थर्की) बज्र, हलो, गदा, आधाचन्द्रमा, मौलो यस्ता आकार भएका भुमरी तथा छाती, कण्ठस्थल, अथवा निधारमा भुमरी भएको घोडाको स्वामीले संग्राममा शत्रुलाई जितेर सम्पूर्ण पृथिवीको भोगगर्छ । यस्तो उपर्युक्त प्रकारका चिन्हहुने घोडा देवाश्व भनिन्छ । राजाकालागि यस्ता चिन्ह भएका घोडाहरू राज्यदायक र सुखकालागि हुन्छन् भनिएको छ ।

इतिश्री दुर्ल्लभसुतगणकृतेऽश्वायुर्वेदे आवर्ताध्यायो द्वितीयः ॥२॥

यो दुर्लभसुतगणकृत (अश्वायुर्वेद) सिद्धसंग्रहको "आवर्त" नामक
दोश्रो अध्याय समाप्त भयो

---

१. प्रासादाम्वुजचक्रतोरणधनुर्निस्त्रिंशशङ्खोपमो । निःश्रेणीयमचातुरन्तिकशशित्रेताग्निभिः सन्निभः ।
खर्जूराङकुशचामरध्वजरथाङ्गाश्वत्थपत्राकृतिः । वेदीस्वस्तिकमत्स्यपूर्णकलशश्रीवृक्षस्र क्सन्निभः ॥ (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेश्रो अध्याय

आवर्तलक्षणं प्रोक्तं शुभाशुभफलप्रदम्
सर्वाङ्गलक्षणं वक्ष्ये शुभाशुभस्य हेतवे ।।११२।।

घोडाका शुभ र अशुभ फलदिने भुमरीहरूका विषयमा भनियो। अब कुनघोडा शुभ (असल) हो र कुनघोडा अशुभ (खराब) हो सो जान्न सम्पूर्ण अंगहरूको लक्षणको विषयमा भनिन्छ ।

निर्म्मांसं वहिराननं तनुमुखं ऋज्वायतं संवृतम्
उद्घोणं सुमहाललाटमनतं मध्ये सुगन्धं शुभम् ।।
गंभीरं तनुरेखमायतमथास्यान्तस्तुरक्तं शुभम्
जिह्वाचाम्रदलोपमामृदुतनुस्तीक्ष्णासमापूजिता ।।११३।।

घोडाका अंगहरूमा बाहिरको मुख (अनुहार) धेरै मासु नभएको, मुख सानु, केही सोझो, लामो र टम्म मिलेको, चुच्चो नाक, फुकेको निधार तथा माझमा गहिरो नभएको (निधारको बीचमा खाल्टो नपरेको) असल गन्ध भएको तथा रेखा (तालुका अथवा अन्यत्र रेखाहुने ठाउँका रेखा) हरू गहीरा, मसीना, लामा, फुकेका र मुखको भित्री भाग राता हुनु शुभ मानिएका छन्। जिभ्रो भने आँपका पात (आँपका पालुवा) जस्तो नरम (कमलो) सानु (चिटिक्क परेको) तीखो र सम्म भएको पूजनीय (ज्यादै असल) मानिएको छ ।

दशनास्तु समाः सुदृढाः सुस्निग्धाभ्यन्तरोन्नताः सुघनाः
श्वता मधुवर्णा वा स्थिराः प्रशस्ता तुरंगाणाम् ।।११४।।

घोडाहरूका दाँत टम्मंमिलेका (अग्ला होचा नभएका) बलीया, खूब चिल्ला (टल्कने) भित्रपट्टि पुष्ट भएका छिद्र नभएका (हारी मिलेका) सेता वा महको जस्तो वर्ण भएका र नहल्लिने यस्ता दाँत प्रशंसनीय हुन्छन् ।

श्रृक्कोष्ठावथसूना जिह्वा प्रोथश्च पञ्चमम्वक्त्रे
एतानि मृदूणि सदा तनूनि तुरगस्य शस्तानि ।।११५।।

घोडाका मुखका अंगहरूमा गीजा, ओठ, सूना (जिभ्रा मन्तिरको सानो जिभ्रो) प्रोथ, नाकको अग्रभाग वा नाक यति पाँचवटा नरम र साना भएमा जहिले पनि प्रशंसनीय मानिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेत्रे शस्ते हयानां स्फटिकमधुनिभे मल्लिकापुष्पवर्णै:
स्निग्धे शुद्धे विशाले द्रुतकनकनिभे जात्यवैडूर्यनीले ।।
एणोष्ट्रक्रौञ्चहंसद्विपनयननिभे टिट्टिभीलोचनाभे
उत्तानं निर्व्वलीकं सममथविपुलं मांसहीनं ललाटम् ।।११६।।

घोडाका आँखा स्फटिकजस्ता सेता तथा महको जस्तो वर्णभएका र मल्लिका (मालती वा चमेली) का फूलका जस्तो सेतोवर्ण भएका असल मानिएका छन् । त्यस्तै चिल्ला, निर्मल, (शुद्ध) ठूला, पगालेको सुनको जस्तो वर्णभएका, असल वैडूर्यमणितुल्य नीला, कृष्णसारमृग, ऊँट, क्रौन्च (कन्याँगकुरूँग) हाँस, हात्ती र हुटीट्याउँ यतिका जस्ता आँखा हुनु असल मानिएको छ । निधारभने उत्तानु अर्थात् खाल्टो नभएको पुष्ट, कुनै चाउरी नपरेको, सम्म परेको, चौडा (प्रशस्त फुकेको), र धेरै मासु नभएको यस्तो उत्तम मानिएको छ ।

ह्रस्वौ तनुतीक्ष्णाग्रावलोमशाववलिकौ शुभौ कर्णौ
गजकुम्भविल्ववद्वा कुचोपमो मस्तक: शस्त: ।।११७।।

घोडाका कान छोटा, साना, अग्रभाग तीखा भएका, धेरै (झ्याप्झ्याप्ति) रौं नभएका, चाउरी नपरेका यस्ता शुभ हुन्छन् । हात्तीको कुम्भस्थल, वेलजस्तो र सुन्दरीका स्तन जस्तो घोडाको शिर छ भने त्यस्तो शिर (टाउको) असल मानिएको छ ।

स्कन्ध: सुपीनोऽथ विदू सुवृत्तौ मध्ये समानौ च समुच्छ्रितौ च
यातौ तथाकुन्चितमस्तका च ग्रीवा च दीर्घा तुरगस्य शस्ता ।।११८।।

घोडाका काँध मोटा, विदु (कान देखी छ अंगुलसम्मको भाग) वाटुला र बीचमा सम्मपरेका तथा केही उठेका, हिंड्दा शिर केही खुम्चिने र गर्धन लामू भएका यस्ताप्रकारका यति उपर्युक्त कुरा घोडाका असल (कल्याणकारक) मानिएका छन् ।

क्रुद्धाहिभोगप्रथितोपमाया शक्रायुधाभा शिखिसन्निभा वा
ग्रीवाभवेद्यस्य तुरंगमस्य सहस्रमध्ये स च राजवाजी ।।११९।।

रिसाएका सर्पको शरीर जस्तो (विभूति रंग जस्तो), इन्द्रको आयुध (इन्द्रेनी) का जस्तो वर्णभएको वा मुजुरका जस्तो वर्णभएको यस्ता प्रकारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुन घोडाको गर्धन हुन्छ हजारौं घोडामा त्यस्तो त्यो घोडा नै "राजवाजी" हो भनी मानिएको छ ।

सुग्रीवनामा तुरगोत्तमः स यस्य श्रिया राजति राजलक्ष्मीः
यं प्राप्य भूपाः समरे रिपूणां जयन्ति सैन्यं सकलार्थपूर्णा ।।१२०।।

उपर्युक्त प्रकारको गर्धनहुने घोडालाई "सुग्रीव" भनिन्छ । त्यो घोडा उत्तम हो । त्यही घोडाका सौन्दर्यले राजलक्ष्मी शोभायमान हुन्छिन् । त्यस्तो त्यो घोडालाई पाएर राजाहरू रणसंग्राममा सम्पूर्ण प्रयोजनीय वस्तु प्राप्तभएजस्ता बनेर शत्रुका सैन्यहरूलाई जित्दछन् । (यस्तो घोडावाट राजाका शत्रु वश्य हुन्छन् तथा यो घोडा राजालाई लायक मानिएको छ) ।

उपचितमांसः पीन पृथूच्छ्रितः शस्यते स्थिरस्कन्धः
अंशौ पृथुलौ पीनौ वक्षः पीनं सुविस्तीर्णम् ।।१२१।।

जुनसुकै घोडाको पनि मासु भरिनाले मोटो, पुष्ट भएको, ठूलो, उठेको र स्थिर (मजबूत) यस्तो काँध ज्यादै प्रशंसनीय मानिन्छ । घोडाको अंश (कुम) ठूला, पुष्ट, मोटा र छाती पुष्ट र फैलिएको असल हुन्छ ।

वृत्तं श्लिष्टं क्रोडं बाहू दीर्घा तथा समौ पीनौ
वृत्तश्लिष्टामांसे जानु द्वितयं समुद्दिष्टम् ।।१२२।।

घोडाको ह्याकुलो वाटुलो र खुव मजबूतिका साथ मिलेको हुनुपर्दछ । बाहु भने लामा, बराबर, पुष्ट र मोटा हुनुपर्दछ । दुवै घुँडा टम्म मिलेका, बाटुला र धेरै (थलथले) मासु नभएका हुनुपर्छ भनी निर्देशन गरिएको छ ।

तद्वज्जङ्घे कथिते तुरंगमाणां समुच्छ्रितावक्रे
गूढशिरावथ कूर्च्चौ तनुकौ शस्तौ निगूढसंधी च ।।१२३।।

त्यस्तै घोडाका जंघा केही उठेका (पुष्ट) टेढावाङ्गा नभएका असल हुन्छन् । त्यस्तै गोलीगाँठा भने साना र जोर्नी नदेखिने असल मानिन्छन् ।

वृत्तश्लिष्टामांसे सुसंहते कुष्ठिके शुभे ज्ञेये
ह्रस्वावृत्ताश्च खुरा वराटिका खर[1] खुराकारा ।।१२४।।

---

१. खुरः खुराकारः (ख) खुरः खरखुराकारः (ग)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाका कुष्ठिका (गोलिगाँठा देखि खुरको जोर्नीसम्मको भाग) वाटुला, सलक्क परेका, मासु नभएका र मिलेका असल मानिएका छन् । खुरहरू छोटा वाटुला, कौडी (समुद्रमा पाइने वा खेल्ने कौडी) का आकारका र गधाका खुरका आकारका जस्ता असल हुन्छन् ।

वर्तुलसमुन्नताः स्युर्नस्फुटिता ह्रस्वमग्नमण्डूकाः
तलमध्ये गंभीराः शस्ता ऋज्वेकवर्णाश्च ॥१२५॥

घोडाको मण्डूकी (पादतलको भाग) बाटुलो केही उठेको (पुष्ट), नफुटेको छोटो र पाउका भित्र डुबेको (बाहिर ननिस्केको) असल हुन्छ । पाउका बीचको भित्रीभाग गहीरो, केही नुहेको (टेकदा टम्म भई बस्ने) एउटैवर्णभएको असल मानिएको छ ।

पृष्ठं निमग्नवंशं ह्रस्वं पृथुलं किञ्चिदपिनतं
पार्श्वेदीर्घेवृत्ते पृथुवृत्तं वद्धमुदरं च ॥१२६॥

घोडाको पिठ्युँको वंश (मेरूदण्ड) पुरिएको (कत्ति नदेखिने) छोटो, मोटो, केही नुहेको हुनुपर्छ । घोडाका दुवै पार्श्वभाग लामा र सुडौल हुनुपर्छ । घोडाको पेट फैलिएको सुडौल र कस्सिएको हुनुपर्छ (धोल्लो र लत्रेको हुनु हुँदैन) ।

स्थूलं[1] वृत्तं ह्रस्वं महामुखं मेहनं सकं शस्तं
ह्रस्वौ वृत्तौ च समावलोमशौ शोभनौ च वृषणौ ॥१२७॥

घोडाको लिंग ठूलो अर्थात् मोटो वाटुलो, छोटो, र ठुलो मुख भएको असल मानिएको छ । छोटा, वाटुला (गोलाकार) दुवै बराबर भएका र रौं नभएका यस्ता अण्डकोष असल हुन्छन् ।

वृत्ते तथातिदीर्घमांसनिगूढे सुपूजिते स्थूरे
इषत्तनू च कूर्चौ ह्रस्वावतिगूढसंधी च ॥१२८॥

घोडाको स्थूर भन्ने ठाउँ सुडौल, निक्कै लामा, धेरै मासु नभएका, दबिएका (वाहिर ननिस्केका) यस्ता असल हुन्छन् । गोलिगाँठा केही साना, छोटा र जोर्नी खूब टम्ममिलेका (जोर्नी थाहा नपाइने) असल हुन्छन् ।

---

१. वृषणौ च समौवृत्तौ अखर्वा चाप्यरोमशौ
कृष्णवर्ण विहीनं तु ह्रस्वं मेढ्रमिहेप्यते (ख) ह्रस्वंमेहनमीप्यते (ग)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जघनं वृत्तं सुमहच्चतुरस्रन्तत् पृथुत्रिकं शस्तं
जघनं मग्नं वृत्तं मृदुवालं शस्यते पुच्छम्[1] ॥१२९॥

घोडाको जाँघवरीपरिकोघेरा (परिधि) चारैतर्फ फुकेको, सुडौल हुनुपर्छ। त्रिकस्थान ठूलो भएको असल मानिन्छ र जाँघ भित्र पसेको (घुसेको) टम्म मिलेको र धेरै बाहिर ननिस्केको हुनुपर्छ। घोडाको पुच्छर जत्ति नरम रौं भएको हुन्छ त्यत्ति असल हुन्छ।

श्लक्ष्णमपानं शस्तं गंभीरं संवृतं बलिविहीनं
स्फिक्पिण्डौ संपीनौ संहतवृत्तौ प्रशस्तौ च ॥१३०॥

घोडाको गुदद्वार टम्म जोडिएर मिलेको, गहीरो, खुला नभएको र मुजा नपरेको असल हुन्छ। फिला र पुठो खुब पुष्ट भई टम्ममिलेका र प्रशस्त फुकेका असल हुन्छन्।

कूपावच्छिद्रौस्तो विकटौ शस्तावुपाण्डदेशे तु
ऋजुकं प्रतिपूर्णं च सक्थिद्वितयं सुवर्तुलं स्थूलम् ॥१३१॥

घोडाको कूप (त्रिकसन्धि)स्थान छिद्र नभएका र उपाण्डमूल बलीया (दह्रा) भएका असल हुन्छन्। दुवै तिघ्रा पोटिला, सलक्क परेका र ठूला असल हुन्छन्।

जंघायाश्चावयवाः पूर्वशरीरे यथा समुद्दिष्टाः
पश्चिमकायेऽपि तथा वाजिशरीरे बुधैः कथिता ॥१३२॥

घोडाका जंघा तथा अरू अवयवहरूपनि जस्तो पूर्व (एकापट्टिको शरीरको भाग) तर्फको शरीरका विषयमा भनिएको छ त्यसैगरी पछिल्लातर्फको शरीरको भागका विषयमा पनि विद्वान्ले लक्षण गर्नुपर्छ भनी विद्वान्हरूले भनेकाछन्।

उपचितवलशोभा वायुसारैरूपेताः
सुरभि कुसुमगन्धाः शंखमेघौघनादाः
उपचितवररूपाः शुभ्रवर्णाशयज्ञाः
शुभगतिजवयुक्ता वर्ष्मवन्तः सुनेत्राः ॥१३३॥

---

१. मृदुस्निग्धायतैर्युक्तं वालै पुच्छं प्रशस्यते (ग)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधारणतया घोडाहरू प्रशस्त बढीरहेको बल र सौन्दर्यले युक्तभएका, वायुतत्व अधिक भएका, असल वास्ना आउने फूलका जस्तो गन्धले युक्तभएका, शंख र मेघको समूहका जस्तो स्वर भएका, राम्रो असल अनुहार भएका, स्वच्छ-वर्ण भएका (स्वामीको) अभिप्राय जान्ने, असल गति भएका, तेजीला, प्रशंसनीय शरीर भएका र सुन्दर आँखा भएका यस्ता असल हुन्छन् ।

भद्रा कफ: प्रकृतय: सुकुलप्रसूता:
शूराश्च भर्तुवशगा विजितेन्द्रियाश्च ॥
उच्चैरखण्डचरणै: कठिनैर्महद्भि-
स्तेजस्विन: सुवलिन: सुविभक्तमांसा: ॥१३४॥

कल्याणकारक, (कफ, वात, पित्त) प्रकृतिमा कफप्रकृति प्रधान भएका, असल कुलमा जन्मेका, शूरा, आफ्ना स्वामीको वशमा रहेका, विशेषगरेर इन्द्रिय जितेका अर्थात् सहसा नमात्तिने, अग्ला, दोषरहित तथा ठूलागोडा भएका, तेजी, बलवान र अंग अवयवका मांसपेसीहरू स्पष्टसंग छुट्टिएका यस्ता लक्षणहरू घोडा-का सामान्यलक्षण हुन् भनेर मानिएका छन् ।

ह्रस्वाण्डकर्णासनमेढ्रमार्गा: सुदीर्घजंघानन वाहुपार्श्वा:
सुस्निग्धकार्तस्वरवर्णनेत्रा: निर्मासंला ये तुरगाश्च धन्या: ॥१३५॥

जुन घोडाका अण्डकोष, कान, बस्ने ठाउँ (आसन) लिंग यति छोटा भएका छन् तथा जंघा, मुख, बाहु र पार्श्व यति लामा र चिल्ला छन् साथै सुवर्णका वर्णजस्ता आँखा छन्, ज्यादै थलथले भद्दा मासु नभएको शरीर भएका छन् यस्ता घोडाहरू धन्य (असल) मानिएका छन् ।

अपांगदेशे विकटा: सुदीर्घा मनस्विन: श्चोच्छ्रितपूर्वकाया:
निर्मांसघोणाहनुजानुजंघा: विस्तीर्णवक्षो जघनाश्चयेऽश्वा: ॥१३६॥

अपागंदेश (नेत्रप्रान्तको ठाउँ) केही कडा र निक्कै लामू भएका, खूब उत्साही, अगाडीतर्फको शरीर अग्लोभएका, घोणा (नाकको डाँडी) च्यूंडो, घुँडा र जंघामा धेरै मासु नभएका, छाती ठूलो भएका (आकारमा) तथा जाँघ पनि ठूला भएका घोडा तथा–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कान्ता: सुरूपा: सुभगा मनोज्ञा विभक्तदेशोपचितांगमांसा:
क्षुतृणमहाभारसहा: सुसत्वा आवर्तशुद्धाश्च मृदंगपार्श्वा: ।।१३७।।

कान्तियुक्त, असल रूप (अनुहार)का, लक्षणयुक्त, मनपर्ने खालका, जहाँ जहाँ अंग विभाजन हुन्छ त्यस्ता ठाउँठाउँमा जति चाहिने हो त्यत्तिमात्र मासु भएका, भोक, तिर्खा र ठूलो भार परेपनि सहनसक्ने, असल सत्व (गति वा तेज) ले युक्तभएका, शुद्ध (असल) भुमरीले युक्त भएका, मादलका जस्तो पार्श्वभाग भएका त्यस्ता घोडाहरू तथा–

श्लिष्टानि मांसानि घनानि येषां भृशं सुवद्धानि न चोल्वलानि
कायेविभक्तोपचितानि वा स्युस्तेवाजिन: श्रेष्ठतमा: सुरूपा: ।।१३८।।

जुन घोडाका शरीरमा मिलेका मासुका गठीला खुब कस्सीएका र भद्दा नभएका सेला (मांसपेशी) हरू छन् तथा शरीरका अंगप्रत्यंग प्रष्ट, पुष्ट र सुवद्ध छन् यस्ता उपर्युक्त प्रकारका लक्षणले युक्तभएका सुन्दर घोडाहरू ज्यादै असल हुन् भनेर मानिएका छन् ।

पृथुपृष्ठजघनवक्ष: स्कन्धललाटोदरेक्षणावलिन:
मृदुतनुकेशतनुरूहवालाश्च हया: प्रशस्यन्ते ।।१३९।।

पिठ्यूँ, जाँघ, छाती (वक्षस्थल) काँध, निधार, पेट, आँखा, बलि (ठाउँ ठाउँका रेखाहरू)यति कुरा ठूला भएका, शरीर,केश (दुई कानका बीचको रौँको समूह) तनुरूह(शरीरका रौँहरू)वाला (याल)यति कुरा नरम वा कोमल भएका यस्ता घोडाहरू प्रशंसा गर्न योग्य हुन्छन् ।

एवंविधं यस्य शरीरलक्षणं भवेत्तुरंगस्य सदैव वाहनम्
तं प्राप्य नि:शेषसपत्नवर्जितं प्रशास्ति कृत्स्नं नृपतीर्वसुन्धरां।।१४०।।

जुन् घोडाको (उपर्युक्त प्रकारको) यस्तो लक्षणले युक्तभएको शरीर छ त्यस्तो घोडा देववाहन हो । त्यस्तो घोडा आफ्नो वाहन बनाउने राजाले सम्पूर्ण पृथ्वीलाई शत्रुहरूले रहित भएको बनाई अर्थात् शत्रुहरू कत्ति नराखी राज्य-शासन गर्दछ ।

एते तुरंगा निवसन्ति यत्र तत्राग्नि वज्रास्त्रभयानि न स्यु:
न व्याधयो नाप्युपसर्गदोषास्तस्मान्नरेन्द्रै: सततं प्रयोज्या: ।।१४१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

असल लक्षणले युक्तभएका यस्ताप्रकारका घोडाहरू जहाँ (जुन ठाउँमा) रहन्छन् त्यहाँ अग्नि, वज्र र शस्त्र आदिबाट हुनेडरहरू रहँदैनन् । न त रोगहरू रहन्छन् । न त उपसर्ग (महामारी आदि) नै रहन्छन् । अतः राजाहरूले यस्ता घोडाहरूलाई सदा उपयोगमा ल्याउनु ।

इतिश्री दुर्लभसुतगणकृतेऽश्वायुर्वेदे सर्वाङ्गपरीक्षानामाध्याय स्तृतीयः॥३॥

यो दुर्लभसुतगणकृत (अश्वायुर्वेद) सिद्धसंग्रहको "सर्वाङ्गपरीक्षा नामक तेस्रो अध्याय समाप्त भयो

चौथो अध्याय

सर्वाङ्गलक्षणं प्रोक्तं तुरङ्गाणां विशेषतः
मन्दबुद्धि विबोधार्थं[1] मिश्रकं प्रोच्यतेऽधुना ॥१४२॥

घोडाहरूको विशेषगरेर सर्वाङ्गलक्षण भनियो । साधारण बुद्धि (ज्ञान) भएकालाई विशेषबोध होओस् भन्नाका निमित्त अब मिश्रक (यो नाम भएको प्रकरण) भनिन्छ ।

श्वेतः श्वतशफः सिताक्षिदशनः श्वेताण्डमेढ्रस्तथा
श्वेतत्वक्सितकेसरः सितगुदः शंखेभ[2] हंसस्वनः ।
सर्वव्यञ्जनपूजितः शुभगतिः संस्थानवान् सुप्रभः
आवर्तैस्तु[3] शुभैर्हयश्च निवसेद्राज्ञोऽपि[4] यस्येदृशः ॥१४३॥

सेतो, सेता खुर भएको, आँखा र दाँतपनि सेता भएको, अण्डकोष र लिंग-पनि सेतो भएको, सेतो छाला भएको , सेतो केसर (याल) भएको, सेतो गुदद्वार भएको, शंख, हात्ती र हाँसका जस्तो स्वर भएको, (कसैको मतमा सिंहको जस्तो स्वर भन्ने पनि रायपनि छ) सम्पूर्ण असल व्यन्जन (सिपी, वर्ण, पुण्ड्र, गन्ध र छाया

१. प्रबोधार्थं .... मिश्रितं प्रोच्यतेऽधुना (ख)
२. सिंह्येभ शंखस्वरः (ख)
३. चावर्तैश्च (ख)
४. निवसेद्राष्ट्रे पि (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदि)ले युक्त, असल गति भएको, स्थिरगति भएको, टक्क रोकिन सक्ने, असल कान्तिले युक्तभएको र असल भुमरीहरूले युक्तभएको यस्तो घोडा जुन राजाको (राष्ट्रमा वा राजसदनमा) होला ।

राज्ञस्तस्यारिबलं हतशेषं क्वापि याति वित्रस्तम्
धर्मार्थकामसंपत्संग्रामे तस्य विजयः स्यात् ॥१४४॥

त्यस्तो घोडाहुने त्यो राजाको शत्रुको बल (सेना र शक्ति) राज्यमा कतै रहेको भएपनि त्यो भयभीत भएर अन्तै कतै गैहाल्छ अर्थात् त्यसका शत्रु कत्तिपनि रहदैनन् । त्यसको धर्म, अर्थ र कामको अभिवृद्धिका साथै संग्राममा त्यस्कै विजय हुन्छ ।

तं[1] क्रीणीयात्तुरंग सर्वस्वेनापि नृपः स्वस्त्यै
जित्वा तेन नरेन्द्रः पृथ्वीं निष्कण्टकां भुङ्क्ते ॥१४५॥

राजाले त्यस्तो (उपर्युक्त सेतोवर्णको) घोडा आफ्नू कल्याणकानिमित्त सर्वस्व दिएर पनि किन्नुपर्दछ । त्यस्तो घोडा प्राप्तगर्नाले त्यो राजाले कुनै कण्टक (शत्रु वा काँढा) नभएकी समस्त पृथ्वीको भोग गर्दछ ।

जठरे श्वेतः पुत्रान् कुक्षौ श्वेतो ददाति चानन्दम्
ग्रीवायां चापि धनं सौभाग्यं वै त्रिके दद्यात् ॥१४६॥

पेटमा सेतो भएको घोडाले पुत्रप्राप्ति गराउँछ । कोखामा पनि सेतो (पुण्ड्रक वा सेतो चिन्ह विशेष)हुने घोडाले(उसको स्वामीलाई)आनन्द दिन्छ । घाँटीमा सेतो हुनेले धनी बनाउँछ र त्रिकस्थान (पिठ्यूँको तीनहाडको जोर्नी) मा सेतोहुने घोडा सौभाग्यदायक हुन्छ ।

वामांसे[2] यः श्वेतो वित्तं दद्याद्दक्षिणतस्तु धनम्
दारैः सौख्यं वक्षसि श्वेतः पृष्ठे सुखं विजयम् ॥१४७॥

देब्रे काँधमा सेतो भएको घोडा बित्त (सुन चाँदी आदि) दिने हुन्छ । दाहिने काँधमा सेतो भएको घोडाले धन(धन धान्य आदि) दिन्छ । छातीमा सेतो हुने घोडा पत्नी र सुखदिने तथा सेतो पिठ्यूँ हुने घोडाले सुख र विजय दिने हुन्छ।

---

१. तं गृह्णीयात्तुरगः सर्वस्वेनापि तस्य नास्त्यत्यर्थः. . . अचिरात्तेन (ख)
२. वामेपार्श्वेवित्तंदद्यादथ दक्षिणे धनं दारान् । सौख्यं वक्षसिदद्यात् श्वेतः पृष्ठे मुखे विजयम् (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कर्णौ यस्य सितौ शफाश्च नयने[1] शोणस्य कृष्णस्य वा
सोऽश्वः सर्वसुखावहो[2] नरपतेः कोशस्य[3] सम्पत्करः।
स्निग्धं रक्तमतीवलक्षणयुतं योऽश्वं[4] नृपः प्राप्नुयात्
तस्याजौ विजयः सुखं च परमं वित्तं प्रभूतं भवेत् ॥१४८॥

रातो वा कालो वर्णभएको घोडाका दुवै कान, खुर र आँखा सेता छन् भने त्यस्तो त्यो घोडा राजाकोलागि सम्पूर्ण सुखका कुराहरू दिने हुन्छ र ढुकुटीको अभिवृद्धि गर्ने र सम्पत्तिकारक हुन्छ। गाढा रातोवर्णको घोडा चिल्लो र (अरू) लक्षणले युक्त भएको छ र त्यस्तो त्यो घोडा राजाले पाएभने संग्राममा उनको विजय अवश्य हुन्छ। ती राजालाई त्यो घोडाबाट ठूलो सुख र परम ऐश्वर्य पनि प्राप्ति हुन्छ।

सुपक्वजंव्वाभमरिष्टवर्णं[5] योऽश्वं समारोहति युद्धकाले
दुष्टा हि सर्वेप्यपयान्त्यवश्यं गच्छन्ति वै तस्यवशं नृपस्य ॥१४९॥

पाकेका जामुना (फलविशेष) का जस्तो वा अरिष्ट (रीठो) का जस्तो वर्ण अर्थात् कालोवर्णभएको घोडा चढेर संग्राममा जुन राजा जाला शत्रुहरू त्यसका समीप पर्नै सक्तैनन् र यदि समीपमा आईहाले भनेपनि तिनीहरू त्यो राजाका वशमा पर्दछन्।

अष्टौ सिता यस्य भवन्ति वाजिनः
पुच्छश्च वक्षश्च शिरो मुखं शफाः।
विद्यात्तुरंगं हितमष्टमंगलं
भर्तुर्यशो राज्यसुखप्रदं सदा ॥१५०॥

जुन घोडाका पुच्छर, छाती, शिर, मुख, चारैखुर, यति आठवटा ठाउँ सेता हुन्छन् त्यो घोडा हितकारक हो र यस्तो घोडा "अष्टमंगल" भनिएको छ। यो घोडाले यसका स्वामीको सदैव कीर्ति र राज्य–सुख दिईरहन्छ।

---

१. चरणाः (ख) २. सर्वसुखप्रदोः (ख) ३. सौभाग्य (ख) ४. चाश्वे (ख)
५. सुपक्वजंव्वाभ मरिष्टसन्निभं योऽश्वंसमारोहतियुद्धकाले
भूतानिसर्वाण्यपि तस्य नूनं, भवन्ति वश्यानि सदा नृपस्यः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नीलैश्च रक्तैश्च सितैश्च पीतैः
कृष्णैश्च मिश्रैरथवा विचित्रैः
यो मण्डलैर्भूषित सर्वकायः
स स्वामिनो वै विजयाय शश्वत् ॥१५१॥

नीला, राता, सेता, पहेंला र काला यति सबै रंग मिलेका अथवा छिविरे मण्डल (थोप्ला) ले सम्पूर्ण शरीर भरिएको यस्तो घोडा पनि निरन्तर स्वामीको विजयकारक हो भनेर मानिएको छ ।

धन्यो यशस्यः स तु पुण्यदर्शनो राज्ञः सदा क्षेमकरोऽर्थ साधकः ।
यस्याथ देशे निवसेत्तुरंगमो न तत्र [1]शस्त्राग्निभयं च जायते ॥१५२॥

उपर्युक्त मण्डलले युक्तभएको घोडा धन्य (असल) छ, कीर्तियुक्त छ, पुण्य तथा दर्शनीय छ, राजाको सदा कल्याणगर्ने हुन्छ र संपत्तिकारकपनि छ । यस्तो घोडा जस्को (जुन व्यक्तिको) होला वा जुन देशमा होला त्यहाँ शस्त्र (हातबाट नफ्याँकि प्रयोग हुने हतियार बन्दुक आदि) र आगो (आगलागी) को डर हुँदैन ।

यः परिणद्ध इवस्यामध्ये रक्तेन पट्टेन
सन्नद्ध सोऽपि हयः पूर्वोद्दिष्टं फलं दद्यात् ॥१५३॥

जुन घोडाको शरीरको मध्यभागमा (पेटदेखि पिठचूँसम्म) रातोपट्ट (पटुका जस्तो भएर वेरिएको) रातो लामू पुण्ड्र वा चिन्ह (लोकमा यस्तो घोडालाई "पेटारे" भन्दछन्) ले जोडिन खोजिएको होओस् त्यो घोडा "सन्नद्ध" हो र त्यसको फलपनि अघिको श्लोकमा भनेजस्तै फल दिने हुन्छ । (जहाँ त्यस्तो पेटारे घोडा हुन्छ त्यहाँ पनि शस्त्र र अग्निको भय हुँदैन) ।

यः[2] कृष्णः शोणो वा सितेन वा पाण्डुरेण सन्नद्धः
शुक्लेन वक्षशा वाऽवनि वैजयिकः स च प्रोक्तः ॥१५४॥

जुन् घोडाको शरीरको मूलवर्ण कालो वा रातो होओस् र त्यो पाण्डुर (सेतो र रातो मिसिएको गुलाफि) वर्णले सन्नद्ध (कवच लगाए जस्तो गरी एक

---

१. ...... धन्यो यमश्व...... तत्राग्निरुक् शस्त्रभयं न जायते (ख)
२. यः कृष्ण शोणो वा सितेन जठरेण वक्षसावाऽपि
वैजयिकः सतु वाजी धन्यः सर्वार्थसिद्धिकरः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णमा अर्को वर्णले भेदन गरिएको) होओस् अथवा कालो वा रातोवर्णभएको घोडा सेतो छाती भएको होओस् त पृथिवीतलमा त्यो घोडा "वैजयिकः" हो भनिएको छ ।

यो वा वाजीमध्ये स्निग्धेन शुक्लपट्टेन सन्नद्धः
सन्नद्धो नामासौ प्रमर्दनः शत्रुसैन्यानाम् ।।१५५।।

जुन घोडा माझमा (पेटमा) चिल्लो सेतो पट्ट (पटुका जस्तो सेतो चिह्न) ले चिह्नित छ त्यो घोडालाई पनि "सन्नद्ध" (लोकमा यस्ता घोडालाई पनि "पेटारे" भन्ने चलन छ) भनिन्छ । यस्तो घोडाले शत्रुका सैन्यलाई समूलै नाशगर्दछ ।

यः कृष्णेन परिणद्ध स तु वाजी सर्वसिद्धिकरः
कालेन वै वर्णेनोदरेण वा वक्षसा वाऽपि ।।
फलमेतदेव भर्तुर्ददाति पूर्वं यदुद्दिष्टम् ।।१५६।।

शरीरको मूलवर्ण बेग्लै भएको घोडा कालो पट्टले परिणद्ध (पेटमा पटुका बाँधे जस्तो गरी वेधन गरिएको) छ भने त्यो घोडापनि सम्पूर्ण अर्थसिद्धि गर्ने हुन्छ । त्यस्तै अरूवर्णको घोडामा कालो पट्ट (पेटार) वा कालोपेट अथवा कालो छाती भएको हुन्छभने त्यो घोडा पनि अघिभनेको घोडाका जस्तै फलदिने हुन्छ । अर्थात् त्यस्तो घोडाले पनि शत्रुका सैन्यलाई समूलै नाशगर्दछ ।

कर्णे यः परिणद्धः स्तुरंगमो वाससासितेन यथा
संवीजीनामासौ[1] संग्रामे शत्रुसैन्यघ्नः ।।१५७।।

जुन घोडाका कान सेतो कपडा जस्तो सेतो चिन्हले परिणद्ध (बेह्रिएका छन्) त्यो घोडा "संवीजी" नामक हो । त्यस्तो घोडाले संग्रामपर्दा शत्रुका सैन्यलाई नाशगर्दछ ।

वदनं[2] पृष्ठं वापि यस्य श्वेतं चामित्रदमनोसौ
विजयार्थे नरपतिना पुरतः कार्यं स्वसैन्यस्य ।।१५८।।

जुन घोडाको मुख र पिठ्यूँ सेता हुन्छन् त्यस्तो त्यो घोडा शत्रुदमन गर्ने हुन्छ । तसर्थ राजाले त्यसलाई आपना सेनाको अगाडी लगाउनु ।

---

१. कट्यां यः परिणद्ध तुरंगमो वाससासितेनेव । संवीतीनामासौ संग्रामे सर्वशत्रुघ्नः (ख)
२. वदनं....वाला यस्यश्वेतास्त्वमित्रघर्षणोनाम । विजयार्थ ......स सैन्यस्य (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आनेत्राभ्यान्च शिरः श्रवणं वा पाण्डुरं भवेद्यस्य
सर्वार्थकामदोऽसौ हयः शिरः प्रावृतो नाम ॥१५९॥

जुन घोडाको आँखादेखि लिएर शिरसम्म अथवा कानसम्म पाण्डुर (सेतो र रातो मिसिएको) वर्ण हुन्छ त्यस्तो घोडा "शिरप्रावृत" नामक हो भनिएको छ। यसले सम्पूर्ण अर्थ र कामलाई प्रदान गर्दछ। अर्थात् त्यस्तो घोडा सम्पत्ति र सबै मनोकामना पूर्णगर्ने हुन्छ।

श्वेतस्याश्वस्यशिरः श्वेततरं यस्य लक्ष्यते स्निग्धम्
भर्तुः सर्वार्थकरः स श्रीकान्तः[1] समाख्यातः ॥१६०॥

सेतोघोडाको टाउको हेर्दा यदि अत्यन्त सेतो र चिल्लो देखिन्छ भने त्यसले उसका स्वामीको सम्पूर्ण श्रीवृद्धि गर्ने (सर्वार्थकर) हुन्छ र त्यो घोडालाई "श्रीकान्त" भन्ने संज्ञा (नाम) दिइएको छ।

मृदुभिश्च रोमजातै र्मण्डलचित्रै स्तुरंगमा ये तु
परसैन्यमर्दनास्ते विज्ञेया नागजातीयाः ॥१६१॥

रौंहरू अत्यन्त नरम भएका, शरीर भने मण्डल (घेरा वा पाटा) हरूले चित्र विचित्र (छिर्बिरे) भएका यस्ता जो घोडा हुन्छन् तिनीहरूले शत्रुको सैन्यलाई नाश पार्छन्। त्यस्ता ती घोडाहरू "नागजातीय" हुन् भनिएको छ।

[2]कृष्णोश्वः श्वेतवक्षः सितवदनशफः श्वेतकेशाक्षिपृष्टो ।
ज्योतिष्योनाम धन्यः सकल वसुमति राज्यदः स्वामिनोऽसौ ।
यः कृष्णः श्वेतवर्णैरथकमलनिभैः केशरैर्मण्डलैर्वा
केशैः स्निग्धै तुरंगस्तनुसम मृदुलैरर्थदः स्वामिनोऽसौ ॥१६२॥

शरीरको मूलवर्ण कालो भै सेतो छाती भएको, मुख र खुरपनि सेता भएको, केश, आँखा र पिठ्युँपनि सेतो भएको घोडा "ज्योतिष्य" भनिन्छ। यो घोडा धन्य (विशिष्ट) मानिन्छ। यसले यसका स्वामीलाई सारा पृथ्वी र राज्य दिने हुन्छ।

---

१. ......स सूर्यकान्तः समुद्दिष्टः (ख)

२. यः कृष्ण श्वेतवर्णैस्त्वथकमलनिभैमन्जुगुन्जानिभैर्वा। केशैः स्निग्धस्तुरंगस्त्वथ कमलनिभैरर्थदः स्वामिनोऽसौ ॥ कृष्णोऽश्व श्वेतवक्षा सितवदनशफः श्वेतवालाक्षिपृष्ठः। ज्योतिष्मान्नाम धन्यः सकलवसुमतीराज्यरत्नप्रदोऽसौ (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालो घोडा सेतोकमल (केही रातो मिसिएको सेतोकमल) का जस्ता केशर (याल) र मण्डल भएको छ र त्यो घोडा चिल्लो र नरम कपाल (शिरका केश) भएको छ र शरीर पनि उस्तै कोमल छ भने यस्तोघोडा स्वामीको धन बढाउने हुन्छ ।

आच्छादकोऽपि[1] कथितो रोमभिराच्छादितैः खुरैर्वाजी
भर्तुरचिरेणदद्यात् विजयं पुत्रांश्च पौत्रांश्च ॥१६३॥

रौंहरूले खुर छोपिएको घोडा "आच्छादक" भनिन्छ । यस्तो घोडाले उसको स्वामीलाई चाँडैनै विजय (जितवाजि) छोराहरू र नातीहरू पनि दिलाउने हुन्छ ।

सिताश्च यस्य वाजिनः शफाः समस्तकं मुखम्
स पञ्चभद्रको भवेन्नृपस्य राज्यसौख्यदः ॥१६४॥

जुन घोडाका चारैवटा खुर र सम्पूर्ण मुख वा शिरदेखि मुखसम्म सेतो छ त्यस्तो घोडा "पञ्चभद्रक" भनिन्छ । यसले राजालाई राज्य र सुखप्रदान गर्छ ।

श्यामो[2] यस्य तु वर्णः सुस्निग्धः सुप्रभः स्थिरोऽश्वस्य
प्राप्नोति तस्य गुर्वीमद्वन्द्वां वै श्रियं भर्ता ॥१६५॥

शरीरको सम्पूर्णवर्ण कालोभएको घोडा चिल्लो, खूब तेजिलो र स्थिर (गुणयुक्त) छ भने त्यसको स्वामीले चाँडैनै कहिल्यै नाश नहुने पृथ्वी (राज्य) प्राप्त गर्दछ ।

नाभेः[3] समारभ्य तुरंगमस्य
वालार्कवर्णं यदि पूर्वमर्द्धम् ॥
तत्पश्चिमांगम् हरिणांकवर्णं
समीर सत्वद्युति संयुतस्य ॥१६६॥

---

१. अच्छेद्यकीर्तिः........ विभवं पुत्रांश्च... (ख)
२. एकोपि यस्यवर्ण ...... (ख)
३. नाभि........ स्यात्पश्चिमा........ शरीर वैद्यदद्युति संयुतं च । स. स्वामीनो राष्ट्रविवर्धनोऽसौ भवेद्दिवा वैजयिको वराश्वः (ख)
शशांकवर्णं यदिपूर्वमर्द्धं वालार्कवर्ण यदिपूर्वमर्द्धम् ॥ शरीरसत्वद्युतिसंयुतः स नाम्ना निशा वैजयिकः स वाजी ॥ राज्ञः सदा राष्ट्रविवर्धनोऽसौ सौभाग्यदो गोत्रविवर्धनश्च (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुन घोडाको नाभिस्थानदेखि लिएर पूर्वतर्फको (शिरतर्फको) शरीर बालार्क (भर्खर उदाएका सूर्य) का जस्तो अर्थात् रातो छ र त्यसैको पछाडितर्फको शरीरको आधा भाग (अर्थात् पछाडितर्फको शरीर) चन्द्रमाकाजस्तो सेतोवर्णको छ र वेगमा वायुका जस्तो छिटो गतिको छ भने–

स स्वामीनोराज्यविवर्धनश्च भवेदसौ वैजयिको वरोऽश्वः
एवन्तुकृष्णा हरिताश्चनित्यं शुक्लार्धकायास्तुरगाः प्रशस्ता।।१६७।।

उपर्युक्त प्रकारको घोडा स्वामीको राज्यवृद्धि गर्नेहुन्छ र यो घोडा विजय-दिने हुनाले "वैजयिक" भनिन्छ। यो कल्याणकारी हो । यस्तै सदा (जहिल्यै कहिल्यै पनि) रङ्ग नबदलिने कालो, हरीयो (अगाडिको शरीर कालो र पछाडिको शरीर हरीयो) वर्णयुक्त वा आधामा अरू कुनै रङ्गको वा वर्णको भै आधा शरीर सेताहुने घोडाहरू पनि अत्यन्तअसल मानिएका छन् । (ग्रन्थान्तरमा यस्तो घोडा सौभाग्य बढाउने र गोत्रवृद्धि गर्ने अर्थात् वंश वगाल बढाउने पनि हुन्छ भनिएको पाइन्छ) ।

सितशफ सितैकचरणो न स शुभदस्तुरंगमः कदाचित्
मह्या हानिकरोऽसौ नृपस्य बलजीवित नाशकरः ।।१६८।।

(शरीरको मूलवर्ण अर्कै भएर) एउटा खुट्टामात्र सेतोभएको र एउटा खुरमात्र सेतो भएको घोडा कहिल्यै पनि कल्याणकारक हुँदैन । यो घोडाले पृथ्वीको (राज्यको) हानि गर्छ र राजाको बल (शक्ति वा सेना) र जीवनलाई नाशगर्छ ।

श्वेतं चरणचतुष्कं चरण त्रितयं सितं यदि वा
सोऽश्वो न हितो भर्तुरनर्थदोऽसौ न संग्राह्यः ।।१६९।।

(शरीरको मूलवर्ण बेग्लै भै) चारवटा खुट्टा सेता अथवा तीनवटा खुट्टा सेताभएको घोडापनि स्वामीको हितकारक हुँदैन । अनर्थकारी हुन्छ । यस्तो घोडाको कहिल्यैपनि संग्रह नगर्नु ।

श्वेतपादांगदोर्यस्तु सवली सोऽपिनिन्दितः ।।१७०।।

(शरीरको रङ्ग अर्कै भएर) जुन घोडाको एउटा खुट्टा मात्र सेतो भएको छ, आँगमा एक ठाउँमा मात्र सेतो भएको छ वा अगाडीको एउटा खुट्टा मात्र सेतो भएको छ र वली (पेटमा हुने मासुका खाल्टा) ले युक्तभएको छ भने यस्ता-प्रकारको घोडा पनि निन्दित मानिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्त्रिपृथुस्त्रिलघुस्त्रिमृदुस्त्रिमहान्
स्त्रितनुस्त्रिषुदीर्घ इति प्रथितः ।।
स तु सर्वशरीरशुभप्रवल–
स्तुरगः सुखराज्यविभूतिकरः ।।१७१।।

घोडाका तीनवटा अंग ठूला, तीनवटा अंग साना, तीनवटा अंग कोमल र तीनवटा अंग ठूला (फुकेका)तथा तीनवटा अंग चाक्ला र तीनवटा अंग लामा हुनुपर्छ भन्ने कुरा प्रसिद्ध छ। यस्ता प्रकारको जम्मै शरीर शुभ बल (श्रेष्ठ) भएको घोडा सुखदायक, राज्य तथा विभूति (ऐश्वर्य) गराउने हुन्छ।

वक्षो ललाटं च शिरो हयानां
त्रीणिप्रशस्तानि पृथूनि विद्यात् ।
पुच्छं[1] च जंघे वदनं हयानां
त्रीण्येव दीर्घाणि शुभानि विद्यात् ।।१७२।।

घोडाका छाती, निधार र शिर यति तीनवटा अंग फुकेका अर्थात् ठूला असल हुन्छन् भनी जान्नु। पुच्छर जंघा (नलिहाड) र मुख यति तीनवटा अंग लामा भएका शुभ हुन्छन् भनी जान्नु। (पिठ्युँ, कान, कुष्टिका, यति छोटा असल हुन्छन्, बाल रौंहरू र याल यति नरम भएका असल, मुख, आँखा र शिर यति फुकेका वेस हुन्छन्। ओठ, जिब्रो र गीजा यति कुरा फैलिएका असल हुन्छन् र घाँटी, जंघा र बदन (मुख) यति लामा नै वेस हुन्छन् भन्नेकुरा ग्रन्थान्तरमा देखिन्छ)।

शशधर तुहिनाभा हंसमुक्ताफलाभाः
द्रुतकनकसवर्णाः पद्मकिंजल्कवर्णाः
अभिनवकुमुदाभाः किंशुकाभाशुकाभाः

१. पृष्टं च कर्णावथ कुष्टिका च । ह्रस्वानि वै त्रीणि शुभानि विन्यात्
वालाश्च रोमाणि च केशरं च । त्रीणि प्रशस्तानि मृदूनि विन्यात्
आस्यं च नेत्रं च शिरो हयानां । त्रीणि प्रशस्तानि महान्ति विन्यात्
औष्ठौ च जिह्वात्वथ सृक्वणी च त्रीणि प्रशस्तानि तनूनि विन्यात्
ग्रीवाऽथ जंघे वदनं हयानां त्रीण्येव दीर्घाणि शुभानि विन्यात् (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विकचकुवलयाभा इन्द्रनीलाभवर्णा[1] ॥१७३॥

चन्द्रमा र हिउँका जस्तो वर्णभएका, हाँस र मोतीकादानाका जस्तो वर्ण-भएका, तताएर पग्लेका सुनका जस्तो वर्णभएका, कमलका केशरका जस्तो वर्ण-भएका, नयाँ कुमुद (रातो कमल) का जस्तो वर्णभएका, किंशुक (पलास) का जस्तो रातोवर्ण भएका, सुगाका जस्तो वर्णभएका, फुलेको कुवलय (नीलकमल) का जस्तो वर्णभएका र इन्द्रनील (मणि) का जस्तो वर्णभएका तथा–

भृंगाभा[2] कोकिलाभा सजलजलधरारिष्टभिन्नांजनाभाः
वालार्काशोकपुष्पस्तवकविकसिताम्भोजलाक्षारसाभाः
दीर्घग्रीवाः सुपार्श्वाः पृथुजघनकटिस्कन्धवक्षोललाटाः
ह्रस्वैः पृष्ठाण्डकर्णैः कठिनघनखुरा दीर्घ निम्मांस जंघा ॥१७४॥

(कालोवर्ण भएका घोडामा) भुमरा, कोइली, पानीलेयुक्तभएको मेघ (कालो मेघ) जस्ता काला, अरिष्ट (रिठ्ठा) को जस्तो वर्ण भएका तथा गाजलका जस्तो कालोवर्ण भएका, (रातोवर्णमा) बालसूर्य, अशोकको फूलका गुच्छाका जस्तो वर्ण-भएका तथा फुलेको रातो कमल र लाक्षा (लाहा वा माहुर) का जस्तो वर्णभएका, लामो गर्धन भएका, पार्श्वभाग (अगलवगल) असल भएका, जघन (जाँघ) कटि, काँध, छाती र निधार यति ठाउँ ठूला भएका, पिठ्युँ, अण्डकोष र कान छोटा भएका, कडा र टम्म मिलेका अर्थात् पुष्ट खुर भएका, जंघा (घुँडामन्तिरको नलिहाड) मा धेरै मासु नभएका तथा–

सूक्ष्मत्वग्रोमवाला मृदुतनुरसना प्रोथसृक्वौष्ठकेशाः
शुद्धावर्ताः सुरूपा घनसितदशनाः सुप्रभाः शुद्धसत्वाः
[3]येचाप्येवंविधाश्वा जवनयनमनोनन्दनाः स्निग्धवर्णा

---

१. इन्द्रनीलाभनीलाः (ख)

२. भृंगाभा........ लाक्षारसाभा...... इत्थंभूतास्तुरंगा नृपवरगदिता राष्ट्रधीराः सुवाहाः ।। दीर्घग्रीवाःसुपार्श्वाः पृथुनयनकटिस्कन्ध वक्षोललाटाः (ख)

३. येप्यन्ये पीदृग्विधास्युः जननयन मनो.... तेषां राजन् खुराग्रे निवसति कमला सर्वदा वीरभोग्या। त्यक्त्वा क्रीडां समुद्रे जलशयनमपेन्द्रस्य वक्षःस्थलस्था (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मांगल्या भूपतीनां सकलवसुमति राज्यरत्नप्रदास्ते[1] ॥१७५॥

छाला, रौं र वाल अर्थात् याल मसीना (नरम) भएका, जिभ्रो लामो र नरम भएका, शुद्ध (असल) भुमरीले युक्त भएका, हेर्दा राम्रा, टम्म मिलेका र सेता दाँत भएका, तेजिला (कान्तियुक्त) शुद्धसत्व भएका तथा जव (गति वा कदम) ले युक्तभएका आँखा र मनलाई आनन्ददिने, चिल्लो वर्ण भएका यस्ता घोडाहरू राजाकालागि मंगल गर्ने तथा धनराशिलेयुक्त भएकी सम्पूर्ण पृथ्वी, राज्य र रत्न दिलाउने हुन्छन् ।

[2]अथ कनकनिभस्तुरंग: श्रियं चक्षुष: स्वामिनो य: शशांकोपम:
शत्रुनिर्न्नाशकश्चातसीपुष्पवर्णो जयं पाटल: कोषवृद्धिं सुतांश्च वीरां
स्तथैला सवर्णस्तु भर्तुर्जयं सारसाभ: परमार्थसिद्धिं कुर्यात् ॥१७६॥

यस्तै सुवर्ण (सुन) का जस्तो वर्णभएको घोडाले उसको स्वामीको श्रीवृद्धि गर्दछ तथा आँखाको श्रीबढाउँछ । चन्द्रमाका जस्तो वर्णभएको घोडाले अर्थात् सेतो घोडाले शत्रुको नाश गराउँछ । अतसी (आलस का फूलका जस्तो वर्ण वा नीलो वर्ण) भएको घोडाले विजय गराउँछ । पाटल सेतो र रातो मिसिएको अर्थात् गुलाफी वर्णभएको घोडाले ढुकुटीको तथा वीर छोराहरूको अभिवृद्धि गराउँछ । त्यस्तै अलाइँचीका जस्तो वर्णभएको घोडाले स्वामीको जय गर्छ । सारस (पक्षि विशेष) का जस्तो वर्णभएको घोडाले परमार्थसिद्धि गराउँछ ।

---

१. जलधरमधुरकोकिलविकसितकुमुदेन्दु चन्द्रिका तुल्या: । सुरसरिदुदकच्छायास्तुहिनाचल-कान्ति भास्वराकारा: ॥३५॥ तरूणदिवाकरसदृशा रक्ताम्वुजदलसमानवर्णा वा ।
कनकनिभ कान्तिरूचिरा वर्णाप्रोक्तास्तु राजवाहानाम् ॥३६॥
चक्षु: प्रीतिकरं मनोगुणहरं वर्ण प्रभाभास्वरम् । स्वावर्तघनपीन बाहुयुगलंसारंगसिंह्येक्षणम् ।
पिण्डे संघटितं च पृष्ठविततं मानप्रभावोन्नतम् ।
सर्वांगेषु समस्तलक्षणधरं तेजस्विनं वेगिनं ॥३७॥
सुच्छायं सुमनोज्ञगन्धसलिलं गम्भीरहेपान्वितम् ।
सन्नाह्यं नृपवाहनं निगदितं मांगल्यदोऽयं हय: ॥३८॥
ईद्दृशं कुरू राजेन्द्र त्रिवर्गफलदायकम् ।
शत्रून्विजेतुं संग्रामे मांगल्यारोहणं हयम् ॥३९॥ (ख)

२. अथ .... कनकनिभस्तुरंग श्रियं कस्यापिकुर्याच्छशांकोपम: शत्रुनाशं तथैवातसीपुष्प-वर्णस्तु भर्तुर्जयं.... (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[१]रणे वाजिना रोमकेनाथ सारेण भर्तुर्भवेद्वीर्यमप्राकृतं, क्रौन्च पत्रेण कंकेन कौरंटकेनापि राजा रणे शत्रुपक्षं जयेत् ॥१७७॥

रणसंग्राममा रोमक र सारसका जस्तो वर्णभएका घोडाले राजाको अप्राकृत (अनौठो) बल वृद्धि हुन्छ। क्र्यांगकुरूंग र कंक (ठेउवा) र कौरंटक (पक्षिविशेष) का पँखेटाका जस्ता वर्णभएका घोडाले राजाले रणसंग्राममा शत्रुपक्षको नाशगर्न सक्दछ।

तालुमुष्कौ खुराश्चैव पुच्छं शिरोलोचने मेहनं श्वेतवर्णस्य कृष्णानि यस्य स्युः एतानि तं वर्जयेत् कोशनिर्नाशिनं, वाजिनस्त्वन्यवर्णस्य शुक्लान्यथैतानि शस्तानि तेनारिपक्षः क्षयं याति मित्राणि कोशाश्च वर्द्धन्ते स्वामिनस्त्वेवमेतच्छुभं वर्णजं लक्षणं कीर्तितम् । इदमपरमशोभनवर्णजं वक्ष्यते ॥१७८॥

सेतोवर्ण भएको घोडाका तालु, अण्डकोष, खुरहरू, पुच्छर, शिर, आँखा, र लिंग यति काला छन् भने त्यस्तो त्यो घोडा परित्याग गर्नु किनकि यसले ढुकुटीको नाशगर्दछ (ढुकुटी रित्याउँछ)। अरू नै वर्णभएको घोडाका उपर्युक्त तालु आदि अंगहरू सेता छन् भने ती घोडाहरू कल्याणकारक छन्। त्यस्ता ती (असल लक्षणयुक्त) घोडाहरूले गर्दा राजाका वा त्यस घोडाका स्वामीको शत्रुपक्ष नाशहुन्छ। मित्र र ढुकुटीको वृद्धि हुन्छ। यति शुभवर्णको विषयमा वर्णन गरियो। अब यसपछि खराब वर्णको विषय भनिन्छ।

भस्मवर्णाः [२]खरांगारवर्णाः सक्तुकोलवर्णाः श्रृगालोपमा
उलूकवर्णाः कपोताभाः कोकाखुवर्णा हयाः काकतुण्डोपमा
धूम्रवर्णा, वृकवर्णा, अधन्या अशस्ता अनारोग्यदा भर्तुरेते
सुहृन्नाशनाः ॥१७९॥

---

१. रणे वाजिनः कुर्युरेकस्यं कस्याप्यसारस्य भर्तुर्जयं दीर्घमप्राकृतं क्रौन्चपत्रैकवर्णेन चैवं तथा कौक्कुटेनापि राजा रणे शत्रुपक्षं जयेत् (ख)

२. अथांगारवर्णा स्तथा पक्वतालैःसवर्णाः सृगालोपमाः कोलवर्णाः । कपोताभ्रवर्णास्तथैवाखुवर्णा हयाः काकतुण्डोपमा...... भर्तुरेते परंद्वादशैवं हयाः शुक्लवर्णाश्च केचित्तथा पाटना...... तिष्ठन्ति वै क्षीयते कोशराष्ट्रं च तस्य पादेनरक्तेन कालेन वा श्वेतवर्णस्य शोणस्य चिह्नं भवेद्यस्य नद्धं तुरंगस्य स्वामीनं घातयत्याहवे यस्य शोणस्य मध्यस्तु पादेन कालेन नद्धो भवेत्सोऽपि वाजी रणे स्वामिनं घातयेत् (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खरानीका जस्तो वर्णभएका, गधा र अंगार (गोल) का जस्तो वर्णभएका, सुँगुरका जस्तो वर्णभएका, श्याल, लाटोकोसेरो, परेवा, कोक (चखेवा पक्षी) र मुसाका जस्तो वर्णभएका घोडाहरू त्यस्तै कागका चुच्चाका जस्तो वर्णभएका, ध्वाँसे वर्णका र ब्वाँसाका जस्तो वर्णभएका यस्ता घोडाहरू स्वामीलाई रोगी गराउने र भित्रलाई नाशगर्ने हुन्छन् ।

शुक्लवर्णाश्च ये पाटला ये च गौरा हयाः कृष्णताल्वक्षि-
मुष्काः खुरैश्चैव वालैश्च कृष्णैर्गृहे यस्य तिष्ठन्ति स हीयते
तस्य कोशश्च राज्यं च ॥१८०॥

जुन घोडाहरू सेतो, सेतो र रातो मिसिएको (पाटल) र गौरवर्णका छन् त्यस्ता ती घोडाहरूका पनि यदि तालु, आँखा, अण्डकोष, खुर र याल काला छन् भने यस्ता घोडाहरूरहने घरको स्वामी हीन अवस्थामा पुग्छ र त्यसको ढुकुटी (सम्पत्ति) र राज्य पनि नाशहुन्छ ।

पृष्ठेन रक्तेन कृष्णेन वा श्वेतवर्णस्य मध्यें भवेद्यस्य स स्वामिनं
घातयत्याहवे ।
यस्य शोणस्य मध्यस्तु कालेन वर्णेन वद्धो भवेत् सोऽपिवाजी
रणे घातयेत् स्वामिनः ॥१८१॥

सेतोवर्ण भएको घोडाको पिठ्यूँको बीच मध्यभागमा रातो वा कालो वर्णले वेधन (पटुका बाँधे जस्तो गरी बाँधिएको) छ भने त्यस्तो घोडाले रण-संग्राममा स्वामीलाई मार्छ । रातोघोडाको पिठ्यूँको मध्यभागमा कालोवर्णले बाँधिएको (वेधन गरिएको) छ भने त्यस्तो घोडालेपनि स्वामीलाई रणसंग्राममा मृत्यु गराउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथ तुरगसमुत्थितं पुष्पजं लक्षणं वक्ष्यत । विन्दवो[1] येऽन्यवर्णा हयस्यान्यवर्णस्यदृश्यन्ते ते पुष्पसंज्ञा स्युः ।।१८२।।

अब यसपछि घोडाका पुष्प (शरीरमा समय समयमा देखापर्ने चिह्न-विशेष) को लक्षण बताइन्छ । एकप्रकारको वर्णभएको घोडाको (सम्पूर्ण शरीरमा वा शरीरको कुनै ठाउँमा) अर्कैप्रकारको वर्णभएका विन्दु अर्थात् थोप्लाहरू जो देखिन्छन् त्यस्ता ती थोप्लाहरूलाई पुष्पसंज्ञा दिइन्छ ।

[2]स्तुवे पुष्पिते राज्यलाभो ललाटे प्रपाणे तु वित्तं [3]निगाले निधानं तथा वामकर्णे सुतोत्पत्तिरर्थोऽथवामेतरे पुष्पिते मित्रलाभः।।१८३।।

घोडाको स्तुव पुष्पित भयो भने राज्यप्राप्ति, निधार र प्रपाण पुष्पित भएमा वित्त (सम्पत्ति) प्राप्तहुन्छ, तथा निगाल पुष्पित भएमा कोषवृद्धि हुन्छ । त्यस्तै देब्रेकान पुष्पित भए छोराकोप्राप्ति र धनप्राप्ति, अनि दाहिनेकान पुष्पित-भएमा मित्रलाभ हुन्छ ।

तथा वक्षसि स्कन्धदेशे[4] धनं नाभिदेशे तु सेनाधिपत्यं ध्रुवं च । पुनर्मूत्रकोशे सुतोत्पत्तिरंशे भवेद्वीर्यमप्राकृतं कोशवृद्धिः ।।१८४।।

त्यस्तै घोडाको छाती र काँधको वरिपरी पुष्पित भएमा धन, नाभिदेशमा सेनाको आधिपत्य फेरि मूत्रकोष पुष्पित भएमा छोराकोप्राप्ति, काँध पुष्पित भएमा अनुपम बलप्राप्ति एवं ढुकुटीको अभिवृद्धि हुन्छ ।

---

१. आगन्तवस्तुरंगस्य ये भवन्त्यन्यवर्णकाः । तेषांप्रदेशभेदेन लक्षणं यद् व्यवस्थितम्, ।।१।। तत्तथैव समासेन विस्पष्टं क्रियतेऽधुना, प्रपानेच ललाटे च कण्ठेमूर्द्धनि वर्णयोः। निगाले चैव केशान्ते पुष्पं धन्यतमं स्मृतम् ।।२।। स्कन्धे वक्षसि कक्षे च मुष्कयोर्वाहुके मुखे । हनौपृष्ठे च वाहानां पुष्पं स्वामिहितप्रदम् ।।३।। नाभौ केशे तथा कण्ठे दन्ते चैव हि वाजिनाम् । पुष्पं धन्यतमं प्रोक्तं भर्तुः सर्वार्थसाधकम् ।।४।। अप्रशस्तानि दृष्टानि मुनिभिर्यानि शास्त्रतः । तानि सम्यक् प्रवक्ष्यामि पुष्पान्यन्यानि दर्शनात् ।।५।। अधरोष्ठे कटौ प्रोथ उत्तरोष्ठे तथैव च । घोणायामण्डयोश्चैव शंखयोश्च तथा भ्रुवो : ।।६।। ग्रीवायां चैव वाहोश्च सृक्विण्यो-र्जठरे स्फिजि । पायौ क्रोडे च पुष्पाणि निन्दितानि विनिश्चितम् ।।७।। रक्तं पीतं तथा कृष्णं पुष्पं सर्वत्र नेष्यते । शुभप्रदेश संजातं भवेत्साधारणं ततः ।। सर्वांग पुष्पितो वर्ष परि-त्याज्यो न शंसयः ।।८।। (ख)

२. हयैः पुष्पितै. . . (ख) विन्द्यात् पुष्पैः शुभै भर्तुरशुभैश्च विपर्ययम् । सर्वाङ्ग पुष्पितोवाजी परित्याज्यो न शंसयः (ख) ३. निगालेन्नपानं (ख). ४. स्कन्धदेशे सेनाधिपत्यं (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दन्तेन्नपाने तथा रन्ध्रयोर्वित्तलाभं तथा बाहुके शीर्षमध्ये जयं,
केशहन्वोः शुभम्, कक्षभागेऽपि सौख्यं परम्, कण्ठदेशे
सुतांश्चैव दारांश्च, केशान्तयोर्मित्रवृद्धिं सदा, मुष्कयोरंशयोः
पुत्रलाभं, पृष्ठेन्नवृद्धिं हयाः पुष्पिताः स्वामिनो वै प्रकुर्वन्ति ।१८५।।

घोडाको दाँत पुष्पित भएमा अन्न र पानीको प्राप्ति अर्थात् (खानपानको प्राप्ति) त्यस्तै रन्ध्र र उपरन्ध्र पुष्पित भएमा वित्त (सम्पत्ति) लाभ, हात र शिर पुष्पित भए जय (जितवाजी) प्राप्ति, केश, च्यूँडो पुष्पित भएको असल, कक्षभाग पुष्पित भएपनि ठूलोसुख प्राप्तहुन्छ, घाँटी पुष्पित भए छोरा र पत्नी प्राप्ति, केशान्त पुष्पित भए सदा मित्रवृद्धि हुन्छ। दुबै अण्डकोष र दुबै काँध पुष्पित भए पुत्रलाभ, पिठ्यूं पुष्पित भए अन्नवृद्धि यस्ता प्रकारबाट घोडाहरू पुष्पित भएमा उसको स्वामीलाई उपर्युक्त फल अवश्य प्राप्त गराउँछन्।

[1]सर्वांगजातैस्तु पुष्पैः सितैर्वाजिनः पूजिताः सर्वकामप्रदाः।
एवमेतानि पुष्पाणि सर्वेषुवर्णेषु शुक्लानि, शोणेषु रक्तानि
पीतेषु वर्णानि[2] जातानि शस्तानि वै ईदृशं राजार्हं वाजिनं
सदा सुखदं प्राहुः ।।१८६।।

घोडाको सम्पूर्णअंगमा सेतोवर्णका पुष्पहरू छन् भने त्यसले सम्पूर्ण मनोरथ-प्राप्ति गराउने हुन्छ। अतः त्यस्ता घोडाहरू कल्याणकारक मानिएका छन्। यस्तै पुष्पहरू सबै वर्णमा हुन्छन्। रातो घोडामा सेता पुष्प र पहेंलो वर्णको घोडामा यदि रातो वर्णको पुष्पहरू छन् भने त्यो घोडा अतिउत्तम मानिएको छ। उपर्युक्त प्रकारका घोडा राजाको निमित्त लायक र सदा सुख दिने हुन्छन् भनेर (विद्वान्-हरूले) भनेका छन्।

अतः परमशुभपुष्पस्थानानिः—अब यसपछि अशुभ पुष्पहरूका ठाउँहरू भनिन्छन्।

---

१. सर्वांगजातैं सुपुष्पैः . . . सितैर्पूजितैर्वाजिनः पूजिता सर्व कामार्थदाः (ख)
२. वर्णेषु वा तानि (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथ खलु जठरे गले शंखयोः पुष्पिताः शत्रु सद्मं प्रकुर्वन्ति भर्तुः
सदा क्षुद्भयं कुक्षिपार्श्वाश्रये मृत्युमेवं ककुत्काकसा सृक्व-
मन्याश्रुपाते भयं च ॥१८७॥

यसपछि पेट, गल (घाँटीको नगीचैको ठाउँ) र दुबै शंखस्थान पुष्पित भएका घोडाहरूले (उसका) स्वामीकोघर शत्रुकोघर बनाउँछन् । त्यस्ता ती घोडाहरूले सदा भोक (खान नपाउने अवस्था) गराउँछन् । कोखा र पार्श्वभाग पुष्पित भए मृत्यु गराउँछन् । त्यस्तै घोडाको जुरो, काकसा, गीजा, मन्या र अश्रुपात यति ठाउँ पुष्पित भएमा डर आइलाग्ने हुन्छ ।

त्रिके वित्तनाशं, स्फिग्गुदान्तरे त्रासदोषं प्रकुर्वन्ति, घोणावहयोः
शत्रुवृद्धिं, भ्रुवोमित्रवैराणिकुर्वन्ति भर्तुः, सदैवाध्वपीडामपाने,
तथा पुच्छमूले सर्वार्थनिर्नाशनं, जंघयोर्बन्धनं, प्रोथगण्डाश्रये
घ्नन्तिमित्राणि पुत्रांश्च ॥१८८॥

घोडाको त्रिकस्थानमा भएका पुष्पहरूले वित्तनाश, फिला र गुदस्थानको बीचमा भएका पुष्पले डर र दोष आइलाग्ने गराउँछन्, घोणा र वह पुष्पित भएका घोडाले शत्रुवृद्धि र आँखिभौं पुष्पित भएका घोडाले उसका स्वामीका मित्रलाई पनि वैरी बनाउने र अपान पुष्पित भएका घोडाले सधैं बाटो हिंड्नाले आईपर्ने पीडा पनि गराउँछन् । त्यस्तै गुदद्वार र पुच्छरका फेदको वरिपरी पुष्पित भएका घोडाले सम्पूर्ण सम्पत्तिको नाश गर्दछन् । दुबै जंघा पुष्पित भएका घोडाले बन्धन गराउँछन्, प्रोथ (घोडाको नाक) र गालाको अगलबगलको ठाउँ पुष्पित भएका घोडाले मित्रहरू तथा पुत्रहरूको नाश गराउँछन् ।

शये पुत्रमृत्युं तथा गोत्रक्षयं[1] गण्डयोः, स्थूरयोः कुष्टिकायां[2]
च वृत्तेर्विनाशं, कटिक्रोडसीवन्यपांगेषु पुष्पाण्यधरोत्तरोष्ठे
च शस्तानि, दिवसैर्मासैर्वा सप्तभिरर्थप्रदा भयदा भर्तुः ॥१८९॥

---

१. गात्रक्षयं घण्टयोः (ख) २. कुष्ठिक भ्रूकटिं क्रोडपिण्डेषु पुष्पाण्यशनिरूक्षानि सर्वत्रनेष्टानि । सुस्निग्धरूपाणि तस्मात्प्रशस्तानि वै श्वेतवर्णस्य पुष्पाणि रक्ताणि पीतानि वै सर्वेषु वर्णेषु कृष्णानि पुष्पाणि कुर्वन्ति भतुर्वधं बन्धनं अग्रदशनेषु येषां पुष्पाण्यधरेषु शुक्लानि ते तु दिवसैर्मासैः सप्तभिरर्थप्रदा भर्तुः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै हात पुष्पित भएमा छोराको मरण, त्यस्तै गण्डस्थल पुष्पित भएमा गोत्रक्षय, स्थूर र कुष्टिकामा वृत्तिको नाश, कटि, क्रोड, सीवनी र अपांगहरूका पुष्पहरू तथा तल्लो र उपल्लो ओठका पुष्पहरू पनि असल मानिएका छन्। उपर्युक्त स्थानहरूका पुष्पहरूले एक दिनैमा, एकमहीनासम्ममा वा सातदिन वा सातमहीनासम्ममा शुभस्थानका पुष्पले धनकोप्राप्ति गराउने र खराबस्थानका पुष्पले उसको स्वामीलाई भयप्राप्ति गराउने हुन्छ ।

शुभाशुभमेतदुक्तं पुष्पानांलक्षणं तुरंगाणाम्
वक्ष्यामि ह्रेषितानां लक्षणमधुना समासेन ॥१९०॥

असल र खराबफल दिने घोडाका पुष्पका लक्षणहरू भनिए। अब संक्षेपमा घोडाहरूले निकाल्ने आवाज, हिनहिनाई वा हिहिलिनुका लक्षणका विषयमा पनि भनिन्छ ।

नाभेदेशादूर्ध्वं वायोः प्राणस्य धारणं हृदये
कण्ठेशिरसि च धावतः स स्वरः शुभद ईत्युक्तः ॥१९१॥

नाभिस्थानदेखि माथि प्राणवायु रहने ठाउँ, छातीमा अड्दै, घाँटी र शिर स्थानबाट उठ्ने (हिंड्ने) अर्थात् निस्कने स्वर (हिनहिनाहट) असल हो भनिएको छ ।

भेरीमत्तमयूर[1] शंखघनवत्स्निग्धः स्वरः शोभनः
सिंहव्याघ्र गजेन्द्र दुंदुभिरवः[2] क्रौञ्चस्वराभः शुभ॥ः
ते[3] येषां तुरगाः यशोऽर्थ सुखदाः सौभाग्यसम्पत्प्रदाः
संग्रामे[4] जयिनः सदा नृपतयः सौख्यार्थं राज्यप्रदाः ॥१९२॥

घोडाको भेरी (वाद्य विशेष), मत्त भएर मातेको मुजूर, शंख र मेघका जस्तो प्यारो लाग्ने शब्द असल हुन्छ। त्यस्तै सिंह, बाघ, मत्तहात्ती, दुंदुभि (बाजा विशेष) का जस्तो र कन्यांगकुरूंगका जस्तो आवाज पनि असल भनिएको छ । त्यस्ता स्वरयुक्त, कीर्ति, धन, सुख, सौभाग्य, सम्पत्ति एवं सुखपूर्वकको राज्यदिने घोडा जुन् राजाका छन् ती राजाहरू सदा संग्राममा विजयी हुन्छन् ।

---

१. गंभिरस्तु महान्स्वरः सुमधुरः स्निग्धोवनः संहतः (ख) २. धन, (ख) ३. येषां ते (ख)
४. संग्रामे विजयं च तै सह शुभं सैन्यं च संवर्द्धते (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विच्छिन्नस्तनुरूक्ष जर्जर रवः क्षामस्तथा गद्गदः
शल्य ध्वांक्षवराह जंबुक खरोष्ट्राणां न शस्तः स्वरः

बीचबीचमा छुट्ने (छिन्नभिन्न हुने) ज्यादै झीनु, रूखो, धोत्रे, क्षीण र भक्भके तथा दुंसी (पशु विशेष) काग, वनेल, श्याल, गधा र ऊँटका जस्तो स्वर घोडाको असल हुँदैन। यहाँसम्म स्वरका लक्षणहरू भनिए।

अथ गन्ध लक्षणम्–

अब घोडाका गन्ध (वास्ना) का विषयमा भनिन्छ।

एतद्धेषितलक्षणं निगदितं गन्धोद्भवं वक्ष्यते
तत्र स्वेदपुरीषमूत्रमुखजान्गन्धान् विदुर्वाजिनाम् ॥१९३॥

उपर्युक्त प्रकारले स्वरका लक्षण भनियो। अब गन्धका लक्षण बताइन्छ। त्यसमा पसीना, दिसा, पिसाव र मुख घोडाका यति ठाउँबाट गन्धहरू निस्कन्छन् भन्ने कुरा विद्वान्हरूले बताएका छन्।

कमलकुमुदसर्पि[1] श्चन्दन क्षीरगन्धा-
दधिमधु कुटजानां चम्पकाम्रातकानाम्।
गजमदतगराणां निम्वविल्वार्जुनानां
मधुसमयवनानां पुष्पितानांसुगन्धाः ॥१९४॥

कमल (दिनमा फुल्ने) कुमुद (राति फुल्ने सेतो कमल) घ्यू, चन्दन, दूध, दही, मह, कुटज (इन्द्रजौ) चाँप (फूल विशेष) अमारो (फल विशेष) र हात्तीको मद (गण्डस्थल फुटेर आउने पानी) तगर (फूल विशेष) नीम, वेल, खरी (वृक्ष विशेष) र वसन्त ऋतुमा हरेक फूल फुल्दा वनबाट आउने एकप्रकारको मीठो वास्ना यति उपर्युक्त प्रकारका सुगन्धहरू घोडामा भए ती गन्धहरू असल मानिएका छन्।

पुन्नागाशोकजातीसरलकुवलयोशीरपक्वाम्रगन्धाः
पानीय प्रोक्षितोर्वीकुसुमितवकुलामोदिनो ये च वाहाः
धन्याः पुण्या मनोज्ञाः बहुसुत शुभदा भर्तुरानन्ददास्ते
मांगल्याः पूजनीयाः प्रमुदितमनसो [2]राजवाह्यास्तुरंगाः ॥१९५॥

---

१. कमल कुसुम...... चम्पक स्यन्दनानाम्, अगरूगजमदानां तद्वदेवार्जुनानाम्...... च गन्धा (ख) २. राजवाहा (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नागकेशर, अशोक, जाई, सल्लो, कुवलय अर्थात् राति फुल्ने कमल (चन्द्रमा-लागेपछि फुल्ने कमल कुवलय र सूर्यलागेपछि अर्थात् दिनमा फुल्ने कमललाई कमल भनिन्छ बास्तवमा यी दुबै कुमुद र कुवलय कमलकै जाति हुन्) उसीर, पाकेको आँप, पानीपर्दा पृथ्वीबाट आउने गन्ध र फुलेको वकुल पुष्पका जस्तो गन्ध आउने जो घोडा छन् त्यस्ता ती घोडाहरू धन्य (ज्यादै वेस) पुण्यवान्, मनलाई सन्तुष्ट राख्ने, धेरै छोरा दिने, कल्याणगर्ने र आफना स्वामीलाई आनन्ददिने हुन्छन्। यी उपर्युक्त प्रकारका घोडाहरू मंगलकारी छन् पूजनीय छन्। अतः यस्ता प्रसन्न-मनबनाउने यी घोडाहरू राजाले वाहन बनाउन योग्यछन्।

अथ च[1] कुणपगन्धा मत्कुणा सृक्सगन्धा
खरकरभवराहोलूक विण्मूत्रगन्धाः
पलल लशुन गन्धा मत्स्य पित्ताण्डगन्धाः
अशुभशतकरास्ते वर्जनीयास्तुरंगाः ॥१९६॥

मुर्दाका जस्तो गन्ध भएका, उडूस, रगत, गधा, ऊँट वा हात्तीका बंच्चाको जस्तो गन्ध भएका, सुँगुर वा बनेल,लाटोकोशेरो र दिसा, पिसाबको जस्तो गन्ध भएका, मासु, लशुन, माछा, पित्त र चराकाफूलको जस्तो गन्धभएका यस्ता गन्धहुने घोडाहरूले सयौं खराबी आईपार्छन् अतः यस्ता घोडाहरू नचढ्नु।

इति गन्ध लक्षणम्

गन्धका लक्षण सकिए।

अथ छाया लक्षणम्

अब छाया (कान्ति) का लक्षण भनिन्छन्

मेघावली यथार्कं गगनस्थं छादयेत्तथा छाया
छादयति सकललक्षणमश्वशरीरे समुद्भूता ॥१९७॥

जस्तो सूर्यलाई आकाशमा रहेको मेघको पंक्तिले छोप्तछ त्यस्तै घोडाको शरीरमा उत्पन्न हुने छायाले (कान्तिले) घोडाका सम्पूर्ण लक्षणलाई छोपेको हुन्छ।

---

१. श्वपचकुमठगन्धा (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छाया सा पंचविधा पृथ्वीजा वारूणी तथाग्नेयी[१]
वायव्या चैव भवेत्तुरगाणां नाभसी च पन्च[२] ।।१९८।।

त्यस्ता प्रकारको घोडाको छाया अर्थात् कान्ति पार्थिवी (पृथ्वी सम्बन्धी) वारूणी (जल सम्बन्धी) आग्नेयी (तेज सम्बन्धी) वायव्या (वायु सम्बन्धी)र पाँचौं नाभसी (आकाश सम्बन्धी) गरी पाँच प्रकारको हुन्छ ।

तिस्रः श्रेष्ठाः पूर्वा अपरे द्वे निन्दिते महामतिभिः
तासां लक्षणमेतद्वाजिशरीरेषु वक्ष्यामि ।।१९९।।

उपर्युक्त पाँच प्रकारका छायामा पहिलेका तीन अर्थात् पार्थिवी, वारूणी र आग्नेयी छाया असल छन् । बडे बडे घोडाका विशेषज्ञ विद्वान्हरूले पनि बाँकी दुई वायव्या र नाभसी छाया निन्दित अर्थात् खराब हुन् भनेका छन् । यस प्रकारका तिनीहरूको लक्षण घोडाका शरीरका विषयमा भन्छु ।

स्निग्धा स्थिरा च महती वर्णैर्नानाविधैस्तु गम्भीरा
नयनमनोह्लादकरी प्रशस्यते पार्थिवी छाया ।।२००।।

चिल्लो, स्थिर र ठूलो, अनेकवर्णले गम्भीर भएको, हेर्दा आँखा र मनलाई आनन्द दिने यस्तो छाया "पार्थिवी छाया" हो र यो असल हुन्छ ।

ससलिलसलिलधराभा सरोरूहाभा प्रसन्नसलिलाभा
स्निग्धा स्थिरा प्रशस्ता विज्ञेया वारूणी छाया ।।२०१।।

पानीले सहित भएको (पानी बोकेको) मेघ जस्तो, कमलका जस्तो कान्ति भएको, निर्मल पानीका जस्तो कान्ति भएको, चिल्लो र स्थिर यस्तो छाया "वारूणी छाया" हो र घोडाको यस्तो छाया पनि असल हुन्छ ।

[२]बालार्करूचिविद्रुम लाक्षारस पद्मरागकनकाभाः
आग्नेयी वै महती छाया शस्ता तुरंगाणाम् ।।२०२।।

भर्खर उदाएका सूर्य अर्थात् बालसूर्य तथा मुगा, लाहा (रातो वर्णको) पद्मरागमणि र सूनका जस्तो वर्ण भएको छाया "आग्नेयी" हो । घोडाको यस्तो विशिष्ट तेजयुक्त छाया असल हुन्छ ।

---

१. तथा सौरी (ख) २. त्वपरा (ख)
२. वालार्कविद्रुमाभा लाक्षारस पद्मराग कमलाभा । आग्नेयीदीप्तिमती..... (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परूषा भिन्ना दीना वायव्या निन्दिता तनुच्छाया
रूक्षा चपला तन्वी नाव्यक्ता नाभसी चेष्टा ॥२०३॥

रूखो, छिन्नभिन्न भएको, टीठलाग्दो यस्तो छाया वायवी छाया हो र यो छाया निन्दित हो। त्यस्तै रूखो, चंचल र झीनू यस्तो छाया "नाभसी" हो र घोडाको यस्तो छाया पनि असल मानिएको छैन।

स्नातस्य पूर्वेन्हि तथा पराह्णे
सुप्तोत्थितस्याथ तुरंगमस्य ॥
भुक्तस्य नित्यं हयलक्षणन्तु
[1]छाया परीक्ष्या तु शुभाशुभा वै ॥२०४॥

घोडाको लक्षण जान्नसक्ने विद्वान्ले घोडा नुहाईरहेको बेलामा, अपरान्ह (दिन ढल्केको समय) मा, सुतेर उठेको समयमा र खाईरहेको मौकामा घोडाको शुभ र अशुभ कुन छाया छ त्यो परीक्षा गर्नुपर्दछ।

इति छाया लक्षणम्

छायाका लक्षण सकिए।

अथ गति लक्षणम्

अब घोडाको गतिको लक्षण भनिन्छ

पदविन्यसनैर्वेगै र्नात्युच्चैर्ल्लसितैः समैः
चक्षुर्मनोह्लादकरी सा शिवा गतिरूच्यते ॥२०५॥

पदविन्यास (गोडाहरू ठीक ठीक प्रकारबाट टम्म मिलेको रखाई) वेग (समुचित वेग(ज्यादा उछलकूद नभै हिंड्ने गति, पैयाँ मिलाएर हिंड्ने गति, सम (चारै गोडाको क्रम बराबर गरी हिंड्ने चाल) र हेर्दा आँखालाई र मनलाई पनि आनन्द दिने यस्ता प्रकारका गति (हिंडाई) घोडाको असल गति हो भनिएको छ।

---

१. छाया वाजि शरीरेषु शुभाशुभनिवेदिनी। वाजिनश्च प्रभोश्चैव तां ब्रवीम्यनुपूर्वशः ॥१॥
सुस्निग्धा पार्थिवी छाया नानाज्योति समन्विता। पद्मरागारूणा चैव आग्नेयी परिकीर्तिता।२।
शुद्धस्फटिक संकाशा सुस्निग्धा चैव वारूणि। रूक्षा दीना च वायव्या परूषाचैव निन्दिता।३।
पार्थिवी च तथाग्नेयी वारूणी या च कीर्तिता। तिस्रस्तु शुभदा छाया वायवी त्वशुभप्रदा।४।ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिखिनकुलवृषोष्ट्रव्याघ्रसिंहेभतुल्या
शरभगतिसमाना वानराणां च तुल्या
मृगपतिगतितुल्या सद्गतिर्यस्यसोऽश्वो
जयसुखविभवानां वर्धनः पार्थिवस्य ॥२०६॥

मुजूर, न्याउरीमुसो, साँढे, ऊँट, बाघ, सिंह, हात्ती, शरभ (आठवटा खुट्टा हुने सिंह विशेष) र बानरका समान गति (हिंडाई) भएका तथा केशरी (याल भएको सिंह) का जस्तो असल हिंडाई भएका घोडाले राजाको जितबाजी, सुख र सम्पत्तिको अभिवृद्धि गर्दछन् ।

वक्रा स्खलिता विषमा वाह्यशफा भृशं तथा विकृता
अतिनिकटा संकीर्णा गतिर्वृद्धा न सा शस्ता[1] ॥२०७॥

टेढो, बाङ्गो, लडखडाएको, बराबर टाप नभएको, खुर बाहिर पारेर हिंड्ने अर्थात् अघिल्लो पाउ परेको ठाउँमा पछिल्ला पाउ नपर्ने, बाहिर पर्ने, ज्यादा बेढङ्गको हिंडाइ, टाप अत्यन्त नगीचै पर्ने र बूढोघोडाले हिंडे जस्तो गरी हिंड्ने यस्ता प्रकारका गति अर्थात् हिंडाइ तथा साँघुरो किसिमको पदविन्यास गरी हिंड्ने घोडाका यस्ता गति असल होइनन् ।

इति गति लक्षणम्

घोडाका गतिको विषय समाप्त भयो

अथ त्रिविधम् सत्व लक्षणम्

घोडाका तीन प्रकारका सत्वका लक्षण

सत्वं शुद्धं सात्विकं राजसमथ तामसन्ततस्तेषाम्
भेदाश्च सप्त षट् त्रयः एवम् प्रत्येकशो[2] ऽभिहिताः ॥२०८॥

---

१. दूरमुत्क्षिप्य यः पादान्स्तप्तांगारान् पृशन्निव । पुलंयाति सुसंहृष्टो वाजी भद्रगतिस्तु सः ॥६३॥
पूजिता वृषमातंग सिंह शार्दूलगामिनः । अतोऽन्य गतयो नेष्टा सर्वदैव तुरंगमा ॥६४॥
संकीर्ण विकटभष्टा वक्रासौष्ठववर्जिता । अत्यूर्ध्वं वलिता चैव वाजिनां निन्दितागतिः ॥६५॥
षोडशच्छोटिकाभिस्तु करवेष्टित जानुभिः । शतं द्विगुणितं गत्वा हस्तानां पुनरेति यः ॥६६॥
स शीघ्रगतिरित्युक्तो वाजी धन्य स्तपोधनैः । दशहीना भवन्त्येते मध्यमाधमगा हयाः (ग)

२. ह्यनेकशो (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाको सत्व अर्थात् प्रकृति वा स्वभाव शुद्धसात्विकी, राजसी र तामसी गरी तीनप्रकारको मानिएको छ। तिनीहरू प्रत्येकका भेद सात, छ र तीन-वटाछन् भनिएका छन्।

ब्राह्मच महर्षि माहेन्द्र याम्य कौवेर वारूणान्येव
शुद्धान्येतानि षट् तु गान्धर्वं सप्तमं चैव ॥२०९॥

ब्रह्म सम्बन्धी, महर्षि सम्बन्धी, महेन्द्र सम्बन्धी, यमराज सम्बन्धी, कुवेर सम्बन्धी, वरूण सम्बन्धी र गन्धर्व सम्बन्धी यति सात प्रकारका (स्वभावसंग मिल्ने) सत्व (प्रकृति वा स्वभाव विशेष) शुद्धसत्व हुन्।

आसुर[1] राक्षस पैसाच सार्पं पैत्रं च शाकुनं चैव
षड्राजसानि तानि त्रीण्येव तामसानि विजानीयात् ॥२१०॥

असुर, राक्षस, पिशाच, सर्प, पितृ र पक्षीको जस्तो यति छ प्रकारको सत्व (स्वभाव वा प्रकृति) राजससत्व अर्थात् रजोगुण सम्बन्धी सत्व भनिन्छ। तमोगुणी सत्वभने तीन प्रकारको मात्र छ भनेर जान्नु।

पाशवमात्स्यक वैरूधान्येवं सत्वानि षोडशैव कथितानि
कथितान्युत्तम मध्यमाधमानि विद्यात् क्रमेणैव ॥२११॥

पशु, माछा र लहरा अर्थात् पशुप्रकृति, जलचर प्रकृति र लतागुल्म प्रकृति यी तीन प्रकृति तामसप्रकृति हुन् भनिएको छ। ती स्वभावहरू क्रमशः उत्तम, मध्यम र अधम भनेर कहिएको छ भनी जान्नु। यसरी सबै स्वभावहरू जोड्दा घोडाका सोह्रप्रकारका सत्व अर्थात् स्वभाव वा प्रकृति हुन्छन्।

कामापयातः[2] स्मृतिमानकोपी
स ब्रह्मसत्वः शुचि निर्जितात्मा
द्वेषो न रागो न मदो न मोहः
स्याद्यश्च तं वै मुनिसत्वमाहुः ॥२१२॥

काम (इच्छा वा रतिसुख) बाट हटेको, खूब सम्झन सक्ने, झट्ट नरिसाउने, पवित्र एवं जितेन्द्रिय यस्तो घोडा ब्रह्मसत्व (ब्राह्मण स्वभावको) हो। राग, द्वेष,

---

१. अमेध्ये कर्दमे चैव वस्तमूत्रे विशेषतः। घृणा यस्यास्ति वाहस्य देवसत्वः प्रकीर्तितः ॥१८०॥
पिशाचसत्वो मन्तव्यो व्यत्ययेन तुरंगमः। देवसत्वः शुभो भर्तुः पैशाचश्चाशुभः स्मृतः ॥१८१॥
२. कापादपेतः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मद, मोह नभएको घोडा मुनिसत्व (मुनिका जस्तो स्वभावयुक्त) को हो भनिएको छ ।

तेजस्विनं सत्व विभूतियुक्त–
मेवंविधं वाजिनमैन्द्रसत्वं ।।
माया विमुक्तं गत रागमोह
तं याम्यसत्वं मुनयो वदन्ति ।।२१३।।

तेजस्वी एवं सात्विकवैभवसम्पन्न घोडा इन्द्रसत्वयुक्त हो भनिन्छ । कसैको छलछाम नगर्ने, राग र मोह पनि नभएको यस्तो स्वभावको घोडा याम्यसत्व अर्थात् यमराजका जस्तो स्वभाव भएको हो भनेर मुनिहरू भन्दछन् ।

व्यक्तः प्रसादकोप कामी स्मृतिमान् कुवेर सत्वोऽश्वः
शूरः[1] शुचिरुदारो जयप्रियो वरूणसत्वश्च ।।२१४।।

रिसाएको र खुशी भएको तुरुन्त थाहा पाउन सकिने, कामी (अति क्रीडा गर्ने) स्मृतिमान् अर्थात् खूब स्मरणशक्ति भएको यस्तो घोडा कुवेरसत्व अर्थात् कुवेरका जस्तो स्वभाव भएको हो । शूरो, सफासुग्घरसाथ रहने उदारमनको अर्थात् भलादमी स्वभावको, र जयप्रिय यस्ता स्वभावको घोडा वरूणसत्वको हो ।

संगीत वाद्य रसिक स्तुरगो गान्धर्वसत्व इत्युक्तः
इति सात्विक लक्षणम् ।
रौद्र शूरश्चण्डो वाजीस्यादसुरसत्वस्तु ।।२१५।।

सङ्गीत र बाजामा खूब चाखराख्ने घोडा गन्धर्वसत्व (गन्धर्वका जस्तो स्वभाव भएको) हो भनिन्छ । (सात्विक घोडाका लक्षण यति नै हुन्) शूरो र अत्यन्त रिसाउने स्वभावको घोडा असुरसत्व अर्थात् असुरका जस्तो स्वभाव भएको हो भनिएको छ ।

छिद्रप्रहारी[2] सुमहाशनश्च स्वप्नप्रियो राक्षससत्व एषः
भीरूस्त्वशौचः सुमहाशनश्च पैशाचसत्वोऽथ भवेत्तुरंगः ।।२१६।।

---

१. ऐश्वर्यशौर्य स्मृतिसौख्यकेलीशीलोहरिर्वारूणसत्वसंस्थः (ख)
२. मेढ्रप्रहारी (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छिद्र (लिङ्ग निस्कने प्वाल) मा (पाउले) हिर्काउने, अत्यन्त ज्यादा खाने, सुताहा यस्ता स्वभावको घोडा राक्षससत्व अर्थात् राक्षसका जस्तो स्वभाव भएको हो । डराउने, फोहरी अत्यन्त ज्यादा खाने यस्ता स्वभावको घोडा पिशाच-सत्व अर्थात् पिशाचका जस्तो स्वभाव भएको हो ।

कुपितो[1] भीरू:शूर: शुचिर्हयो भवति नागसत्वस्तु
दु:शील: पितृसत्व: प्रियासनो दुरूपचर्यस्तु ।।२१७।।

रिसाहा पनि र डराउने पनि अर्थात् कातर र शूरो पनि, सुग्घरीपनि यस्ता स्वभावको घोडा नागसत्व अर्थात् नागका जस्तो स्वभाव भएको हो । दुष्टस्वभाव भएको, बस्न मन पराउने र सहसा चढ्न नसकिने यस्ता स्वभावको घोडा पितृसत्व अर्थात् पितृका जस्तो स्वभाव भएको हो ।

सतताहारैर्मैथुन भय चापल्यैश्च शाकुनं सत्वं–
इति राजससत्व लक्षणम्
सतताहार[2] मैथुन: पाशवसत्वो हय: प्रोक्त: ।।२१८।।

सदा खाईरहने बानी भएको, संगम खोजीरहने, डर तथा चंचल स्वभावको घोडा साकुनसत्व अर्थात् चराका जस्तो स्वभाव भएको हो। यति राजससत्वका लक्षण हुन् । नित्य खाईरहने, नित्य मैथुनको इच्छा गरीरहने यस्ता स्वभावको घोडा पशुहरूका जस्तो स्वभाव भएको हो भनिएको छ ।

भय चापल्यैर्युक्तो मात्स्यकसत्वस्तुरंगमश्चैव
संयति सभयालस्यो वैरूधसत्व: समुद्दिष्ट ।।२१९।।

डर तथा चंचल स्वभावले युक्तभएको घोडा मात्स्यकसत्व अर्थात् माछाका जस्तो स्वभाव भएको हो र संग्राममा डर र आलस्य देखाउने घोडा वैरूधसत्व अर्थात् लहरा जेयुराको जस्तो स्वभाव भएको हो भनेर उल्लेख गरिएको छ ।

इति तामससत्व लक्षणम्–
यति तामससत्वका लक्षण हुन्
इति श्रीदुर्लभसुतगणकृते अश्वायुर्वेदे सत्वाध्याय पंचम: ।।५।।

यो दुर्लभसुतगणकृत अश्वायुर्वेद (सिद्धसंग्रहको) "सत्व" नामक
पाँचौं अध्याय समाप्त भयो ।

---

१. क्षिप्र प्रकुपितभीरू (ख) २. क्षुज्जाडय भयालस्यैः पाशवसत्वं विजानीयात् (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथ महादोषाध्याय:

घोडाका अत्यन्त खराब दोषहरूः–

मिश्रकं लक्षणं प्रोक्तं महादोषोद्भवश्शृणु
दशाविभाग फलदादोषाः क्षेत्रभवाः स्मृताः ॥२२०॥

घोडाका विषयमा मिश्रक अर्थात् गन्ध, जाति र स्वर आदि लक्षणहरू भनिए । अब घोडामा हुने महादोष सुन । ती महादोषहरू दशा अर्थात् अवस्थाको विभाजन अनुसार फलदिने हुन्छन् र दोषहरू क्षेत्रबाट अर्थात् शरीरको कुनै अङ्ग प्रत्यङ्गमा रहेर असल वा खराब फल दिने हुन्छन् भनिएको छ ।

सर्वकालफला ये च महोत्कटफलाश्च ये
ते हयानां महादोषाः स्वामिनो न सुखावहाः ॥२२१॥

घोडामा जुनसुकै अवस्थामा पनि फलदिने र अत्यन्त उत्कट अर्थात् डरलाग्दो फलदिने जो जति दोषहरू छन् तिनलाई घोडाका "महादोष" भनिन्छन् । त्यस्ता दोषहरूले स्वामीलाई सुख दिंदैनन् ।

पुंसां प्राणहरा ये च महादोषतमाश्च ते
ततोऽश्वानां महादोषा महादोषतमाः स्मृताः ॥२२२॥

जुन दोषहरूले मानिसको प्राणहरण अर्थात् मृत्यु नै हुन्छ त्यस्ता ती दोषहरू साह्रै ठूला महादोष हुन् भनिएको छ । यसरी घोडाका दोष, महादोष र अत्यन्त ठूला महादोष हुन्छन् भनी मानिएको छ ।

पूर्वशास्त्रानुसारेण तान्सर्वांल्लक्षणान्वितान्
नामतः फलतश्चैव प्रवक्ष्याम्यनुपूर्वशः ॥२२३॥

उपर्युक्त ती महादोषहरूको प्राचीन शास्त्रानुसार सम्पूर्ण लक्षण, नाम र फल क्रमशः भन्दछु ।

अजित विषमशुक्तिदन्तः कराली तथाऽधरकराली हीनाधिका
ये च दन्ता स्तथा भग्नदन्ताः द्विजाः पंक्तिवृद्धास्तथाचेन्द्रवृद्धिस्त-
थैकारदन्ता ककुज्जानु हृत्काकसावर्तिनो वाजिनः ॥२२४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काला दाँत भएका, विषमदन्त अर्थात् बराबर दाँत नभएका र नमिलेका दाँत भएका, सिपी जस्ता अर्थात् खाल्टापरेका दाँत भएका, कराली (दुबै दाँत टम्म नजोडिई बाहिर भित्र पर्ने) अधर कराली, दाँतको संख्याभन्दा घटी वा बढी दाँत भएका, दाँत भाँच्चिएका, पंक्तिमा हुनुपर्ने संख्यामा बढी दाँत भएका, इन्द्रवृद्धि अर्थात् घोडी देखेपनि रतिको इच्छा नगर्ने, त्यस्तै एकारको जस्तो आकार परेको दाँत भएका र जुरो, घुंडा, हृदय र काकसा (जुराको नगीचैको ठाउँ) यति ठाउँमा भुमरीभएका घोडाहरू तथा

वृषभदशन संयुता ये च जाता दिने चैव हीनाधिकांगैकमुष्का
स्त्रिमुष्कास्तथालम्वमुष्का: कपे: सन्निभौ यस्य मुष्कौ
भवेतां तथा रोमशौ चाथवा विन्दुभिश्चित्रितौ ॥२२५॥

साँढेका जस्ता दाँत भएका, दिनमा जन्मेका, हुनुपर्ने अङ्ग अवयवमा कम्ती वा बढी भएका, एउटा मात्र मुष्क (अण्डकोष) भएका अथवा तीनवटा अण्डकोष भएका, अण्डकोष तुर्लुङ्ग झुण्डिएका अर्थात् लाम्चा, बानरका जस्ता अण्डकोष भएका त्यस्तै अण्डकोषमा रौं भएका अथवा अण्डकोष छिचिमिरे थोप्ला (सेताकाला थोप्ला) ले युक्तभएका तथा

नकुल महिष गृध्रोलूकाखुकाकेक्षणा ये च मार्जारनेत्रास्तथा
वानराक्षास्तथा शूकराक्षाश्च पिंगलैकेक्षणा वाजिन: ॥२२६॥

न्याउरीमूसा, भैंसी, गिद्ध, लाटोकोशेरो, मूसा र कागका जस्ता आँखा भएका, बिरालो र बानरका जस्ता आँखा भएका त्यस्तै बनेल वा सुँगुरका जस्ता आँखा भएका र एउटा आँखो मात्र कैलो भएका घोडाहरू तथा

जटा मुन्जकेशाश्च सीमन्तकेशास्तथा मिश्रकेशाश्चावगण्डा
खरशार्दूलमार्जारसन्निभा विना केशवालैश्च जाता हया स्तथाकृष्णवर्णा
हया: प्रोथताल्वोष्ठजिह्वा शिरोमुष्कसृक्कमेढ्राण्डदेशेषु ॥२२७॥

सधैं घुंघुरी रहने अर्थात् जिंग्रिङ्ग परीरहने र मुन्ज (तृणविशेष) का जस्तो केश भएका, स्यूंधो काटेजस्तो केश भएका, धेरै रङ्ग मिसिएका केश भएका, अवगण्ड अर्थात् गालामा खटीरा वा घाउ उठीरहने रोगविशेष भएका, बाघका जस्तो रागेपाटे वर्ण भएका, गधा, सिंह र बिरालाको वर्णसंग मिल्ने वर्ण भएका, केश र याल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नभैकन जन्मेका यस्ता घोडा र प्रोथ (नाक) तालु, ओठ, जिब्रो, टाउको (शिर) अण्डकोष, गीजा, लिङ्ग र अण्डप्रदेश यतिठाउँ कालो भएका घोडाहरू तथा

यस्त्वन्यवर्णेन हयोन्यवर्णः शीर्षेण पुच्छेन च वै विवर्णः
प्रदीप्तपुच्छोऽथ ललाटलिप्त श्वित्री तथा गौरखराभपृष्ठः ॥२२८॥

शरीरको मूलवर्ण एउटा भै शिर र पुच्छर मात्र अर्कैवर्ण भएको घोडा तथा पुच्छर प्रदीप्त भएका (घोडाको पुच्छरबाट कहिलेकहीं अग्निको जस्तो ज्वाला देखिन्छ) त्यस्तो ज्वाला सदा देखिने घोडा, ललाटलिप्त अर्थात् कुनै पुण्ड्रक शरीरको अरू भागबाट शुरु भएर निधारलाई छोएको, सेतो कोर अर्थात् सेतो दुभि वा कोर भएका, गौर (पशुविशेष) र गधाको जस्तो पिठ्यूं भएका यस्ता घोडाहरू तथा

नपुंसकोऽश्वस्त्रिसरी च मौशली आरोहको यश्च हतश्चपृष्ठे
प्रेतोपनीतास्तुरगाश्च ये स्यु र्येदग्धचर्मोत्कटगन्धिनश्च[1] ॥२२९॥

नपुंसक, स्त्रिसरी, मौशलि, पिठ्यूँमा चढेको मान्छे उस्कै पिठ्यूँमा नै मरेको त्यस्तो घोडा, मरेको घोडचढी (सवार) लाई लिएरै हिंडिरहने र छाला डढाउँदा निस्कने गन्ध जस्तो उत्कट (उग्र) गन्ध भएका यस्ता घोडाहरू तथा

हया द्विगर्भा बहुभिश्च गर्भैरेतै महान्तः कथितास्तु दोषाः
श्रृंगी त्रिकर्णी द्विखुरी स्तनी च स्याल्लम्बनः पन्चशफोजिनी च
एते महादोषतमा हयानां नृपं च राष्ट्रं च विनाशयन्ति ॥२३०॥

जुम्ल्याहा जन्मेका घोडा र एकै पटकमा तीन चारवटा जन्मेका घोडाहरू अत्यन्त महादोषी मानिएका छन् । त्यस्तै श्रृंगी अर्थात् सिंग भएका, तीनवटा कान भएका (तीनकाने) गाईका जस्तै खुर फाटेका (दुईखुरे वा गाईखुरे) स्तन (दूध) भएका, अण्डकोष लाम्चा भई तुर्लुङ्ग झुण्डिएका, पाँचवटा खुर भएका, कृष्णसारमृगको जस्तो छाला भएका यस्ता उपर्युक्त चिन्ह भएका घोडाहरू अत्यन्त महादोषी हुन् । यिनीहरूले राजालाई र राज्यलाई नाश पार्छन् ।

एते सर्वे महादोषा महादोषतमास्तथा
नामतः कथितास्तेषामधुनाफलमुच्यते ॥२३१॥

---

१. ये दग्धचर्मोपमगन्धिनश्च (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाका यस्ता प्रकारका माथि बताइएका सबै महादोष र अत्यन्त महादोष-हरू नामबाट मात्र भनिए । अब यसपछि तिनीहरूको फल भनिन्छ ।

असितैर्दशनैर्वाजी भर्तुः सर्वार्थनाशनः प्रोक्तः
विषमदशनैः सुतघ्नः शुक्त्याभैः क्षुत्पिपासकरः ॥२३२॥

कालादाँत भएको घोडाले उसका स्वामीको सर्वस्व नाश गर्दछ । विषम (घटी बढी वा नमिलेका) दाँत भएको घोडाले उसका (स्वामीको) पुत्रलाई नाश गर्छ र सिपीका आकारका दाँत भएको घोडाले उसको स्वामीलाई भोक र तिर्खाले व्याकुल पार्दछ ।

विषमा[1] विरला दन्ताः स्तीक्ष्णाग्रा यस्य वाजिनः
स कराली कुलश्रेष्ठं निहन्ति तुरगाधमः ॥२३३॥

जुन घोडाका विषम (नमिलेका) छिद्र भएका, तीखो टुप्पो भएका दाँत हुन्छन् त्यो कराली हो र त्यसले उसका स्वामीको कुलका श्रेष्ठपुरुषको नाश पार्छ । यो घोडा अधम हो ।

उभाभ्यां दन्तपालिभ्यां यस्यैका अधिका भवेत्
तं करालं विजानीयादधरे च रदाधिकम् ॥२३४॥

जुन घोडाको तल र माथिको जुनसुकै दन्तपालि अर्थात् दनसा टम्म नमिली बाहिरपट्टि बढी निस्केको हुन्छ त्यो घोडा कराली हो । तल्लो पंक्तिको दाँत अधिक भएको घोडा पनि कराली हो । करालीका विषयमा जयदत्तसूरिका मतमा केवल एउटामात्र दाँत उठेको (पंक्तिबाट उछिट्टिएको वा अग्लो) भए त्यो कराली हो भन्ने छ । फेरि कराली भन्ने दाँतमा लाग्ने रोगको नाम पनि छ जस्तै– शनैः शनैः प्रकुरूते वायुर्दन्त समाश्रितः ।। करालान् विकृतान् दन्तान् करालो न स सिध्यति ।। अर्थात् बिस्तार बिस्तार दाँतमा वायु पसेर त्यसले दाँतहरूलाई डरलाग्दा विकार-युक्त गराउने हुन्छ । यस्तो रोग निको हुँदैन । (यसबाट लोकमा प्रचलित पुच्छर बाङ्गो भएको घोडा कराली हो भन्ने कुरा नभै दाँतको विकृति भएको घोडा कराली हो भन्ने कुरा प्रष्ट हुनआउँछ) ।

१. विरला विषमा दन्ताः तीक्ष्णाग्रा यस्य वाजिनः
कुलश्रेष्ठं निहन्त्याशु स्वामिनं तुरगाधमः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अधरकराली भर्तुः क्षुद्भयदः श्चोत्तरेषु दशनेषु
यस्तु[१] कराली वाजी भर्ता जीयेत तस्य परैः ॥२३५॥

उपल्लो दन्तपंक्ति र तल्लो दन्तपंक्तिका दोषले उत्तरकराली र अधरकराली गरी दुईप्रकारका कराली मानिएको छ । तिनमा अधरकरालीले उसको स्वामीलाई भोकँपार्ने र डर आइपार्ने हुन्छ । उत्तरकराली छ भने त्यस्ता घोडाको स्वामी अरू (शत्रु) बाट पराजित हुन्छ ।

हीनैर्दशनैर्वाजी मित्रघ्नो दारदूषणः कथितः
[२]अधिकदशनः प्रियाघ्नो भर्तृघ्नो वर्जितस्तुरगः ॥२३६॥

संख्यामा कम्ती दाँत भएको घोडा मित्रलाई नाशगर्ने र (त्यस्तो घोडा चढ्ने स्वामीकी) पत्नीलाई दूषित गर्ने (नराम्रो अपवाद लगाउने) हुन्छ । बढी दाँत हुने घोडाले प्रिया (पत्नी) लाई र उसकै स्वामीलाई पनि नाशगर्छ । अतः त्यस्तो घोडा चढ्न वर्जित छ ।

द्रंष्टास्त्वथवा दन्ता भज्यन्ते वा पतन्ति वाऽश्वस्य
एकद्वित्रिचतुर्भिर्दिवसैर्भयं विजानीयात् ॥२३७॥

घोडाका बंगारा अथवा दाँत यदि अकारण त्यसै झरे वा पटापट भाँचिए भने त्यसले उसको स्वामीलाई क्रमशः एक, दुई, तीन र चारै दिनमा कुनै ठूलो डर आइपर्छ भन्नेकुरा जान्नु ।

यदि पन्चसमे मुष्कौ लक्षेते न स्फुटौ तुरंगस्य
न च वडवामधिगच्छति स इन्द्रवृद्धिः[३] कुलान्तकरः ॥२३८॥

पाँच वर्षको पुग्दापनि जुन घोडाका दुवै अण्डकोष प्रष्ट देखिंदैनन् र घोडी देखेर पनि इच्छा गर्दैन भने त्यो घोडा "इन्द्रवृद्धि" हो । यस्तो घोडाले उसका स्वामीको कुलैलाई नाशपार्छ ।

[४]अथ पाञ्चमे तु वर्षे प्रवर्तितेऽश्वः सुगूढवृषणोऽसौ
समरे महाप्रवीरः स उत्तमो राजवाह्यश्च ॥२३९॥

---

१. यस्तु कराली वाजी भर्ता जीवेन्न वै तस्य (ख)
२. अधिकदशन प्रजाध्नः वृषभदशनश्च वर्जित स्तावत् (ख)
३. स षण्ढवृत्तिः (ख) ४. अथ पन्चमे...... समरगृहे स यस्य शुभावहो नैव राजवाहस्तु (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठीक पाँचवर्ष पुगेपछि घोडाका अण्डकोष बाहिरबाट नदेखिने तर भित्र भने अण्डकोष भएको यस्तो घोडा संग्राममा खूब वीरतालेयुक्त भएको हुन्छ । यस्तो घोडा राजाले चढ्न योग्य हुन्छ ।

एकारतुल्यदशनो वाजी वित्तापहो भवेद्भर्तुः
यद्फलमावर्तानां आवर्ताध्याये तत्फलं प्रोक्तम् ॥२४०॥

एकारका जस्ता दाँत भएको घोडाले स्वामीको धन नाशपार्छ । घोडाका भुमरीको जो फल बताइएको छ त्यो फल आवर्ताध्यायमा नै भनी सकिएको छ ।

वृषणौ कठिनौ सूनोः जातस्याश्वस्य रोमशौ स्याताम्
सर्वक्षयकृच्चासौ[1] सदन्तजातो दिनेजश्च ॥२४१॥

घोडाको बच्चाका दुबै अण्डकोष अत्यन्त साह्रा र अण्डकोषमा रौं हुनु जाती होइन । यस्तो घोडा र दाँतले सहित जन्मेको तथा दिनमा जन्मेको घोडा यस्ता उपर्युक्त प्रकारका घोडाले सर्वसंहार पार्छन् ।

विषमा ह्रस्वा स्तनवः स्थानेषु न[2] स्थिता विवर्णाश्च
ईदृग्विधास्तु दशना अशुभा जातस्य सहदशनैः ॥२४२॥

विषम अर्थात् टम्म नमिलेका, छोटा, साना, मसीना, दन्तपंक्ति रहनुपर्ने ठाउँमा नरहेका र खराबवर्णभएका यस्ता प्रकारका दाँत र दाँतले सहित भएर जन्मेका घोडाका दाँतपनि खराब हुन् ।

दिवाजातोऽलसः क्षीणो न च स्थिरपराक्रमः
पोष्यमाणो न पुष्टोऽसौ सालंकारो न भाति यः ॥२४३॥

दिउँसो जन्मेको घोडा अल्छी, दुब्लो (निर्बल) स्थिर पराक्रम नभएको, जत्तिकै खुवाए पोसेपनि पुष्ट नहुने र गहनाहरू लगाईदिंदापनि अर्थात् सिंगार्दा पनि राम्रो नदेखिने हुन्छ ।

एतद्भवति विज्ञानं दिवाजातस्य वाजिनः
न शूरो न च पुष्टश्च सत्वसारविवर्जितः ॥२४४॥

दिउँसो जन्मेको घोडाका अरूपनि यस्ताप्रकारका चिन्हहरू हुन्छन् जस्तै यो शूरो हुँदैन, पुष्ट हुँदैन, सत्व र सारले पनि रहित हुन्छ ।

---

१. सर्वक्षयकर्ताऽसौ (ख) २. संस्थिता (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अल्पायुर्गततेजाश्च संध्ययोरूभयोरपि
तस्मात् सर्वेषुकालेषु रात्रिजातः प्रशस्यते ॥२४५॥

बिहानको संध्याकाल (तारा देखिन्जेलदेखि सूर्योदयसम्म) र बेलुकाको संध्याकाल (सूर्य देखिन्जेलदेखि तारा लागेसम्म) मा जन्मेका घोडापनि अल्पायु (छोटा आयुका) र तेज नभएका हुन्छन् । अतः घोडा रातीजन्मेको नै जाती र असल हुन्छ ।

अधिकांगो हीनांगो न शुभावेतौ हयाधमौ स्याताम्
मुष्कैकक[1] त्रिमुष्को वाहावेतौ स्वभर्तृघ्नौ ॥२४६॥

हात पाउ आदि अङ्ग बढी वा घटीभएका यस्ता घोडा घोडामा अधम हुन् । एउटा वा तीनवटा अण्डकोष भएका यस्ता घोडाले उसको स्वामीलाई नाशगर्छन् ।

लम्ववृषणश्च वाजी कपिमुष्कौ रोमशौ तथा वृषणौ
यस्यापि चित्रमुष्कौ घ्नन्त्येते स्वामिनं सकुलम् ॥२४७॥

लाम्चा, बानरका जस्ता र प्रशस्त रौं भएका अण्डकोष भएका घोडा तथा जुन् घोडाका अण्डकोष छिर्बिरे अर्थात् हरेक रङ्गका थोप्लाले चित्र विचित्र परेका छन् यस्ता घोडालेपनि उसका स्वामीलाई कुलै सहित मार्छन् ।

नकुल महिषाभनेत्राः गृध्रोलूकाखुकाकनेत्राश्च
मार्जार वानराक्षाः शूकरनेत्राश्च ये प्रोक्ताः ॥२४८॥

एते सर्वे पापाः सर्वेऽशुभकारिणो हयाः प्रोक्ताः
भर्तुश्च कुलान्तकराः क्षीयन्ते चैव संग्रामे ॥२४९॥

न्याउरीमूसा, भैंसी, गिद्ध, लाटोकोशेरो, मूसा, काग, बिरालो, बानर र सुँगुर यति जन्तुका जस्ता आँखाहुने यी सबै घोडाहरू पापी मानिएका छन् । यी शुभकारक होइनन् । यी सबै घोडाले अशुभ अर्थात् खराबफल दिन्छन् । स्वामीको कुलैलाई नाशपार्छन् र यी सबै घोडाहरू संग्राममा नै नाशहुन्छन् ।

अथ पिंगलैकनेत्रो युद्धे मृत्युप्रदो भवेद्भर्तुः
तस्मात् समरे नगरे तुरंगमो न प्रवेश्यश्च ॥२५०॥

---

१. एकवृषण त्रिमुष्कौ द्वावेतौ ससुतभर्तृघ्नौ (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा आँखा कैलो भएको घोडाले रणसंग्रामपर्दा उसको स्वामीलाई मृत्यु गराउँछ। त्यसकारण त्यस्तो घोडा लडाइँमा र नगरमा पनि प्रवेशगराउनु हुँदैन।

य:[1] स्पर्धते तुरंगैरन्यै: स हयस्तु केवलं मूढ:
बन्धं वधं न बुध्येतस जडोऽश्वस्तं संत्यजेद्दूरम् ॥२५१॥

जुन् घोडा अरू घोडाहरूसंग खाली लड्न मात्रै चाहन्छ त्यो घोडा मूर्खघोडा हो। त्यस्तै बन्धन र मृत्युलाई पनि नबुझ्ने घोडा जड हो। अत: त्यस्ता ती दुबै घोडा टाढा धपाईदिनु अर्थात् संग्रह नगर्नु।

येऽश्वा: सीमन्तकेशा जटाकेशाश्च मुन्जकेशाश्च
एते वर्ज्याश्चैषां न नन्दते कदाचन स्वामी ॥२५२॥

जुन घोडाका केशहरू स्यूंधो काढेकाजस्ता छन् तथा लट्टा परेका छन् र मुन्ज (तृणविशेष) जस्ता छन्। यस्ता घोडा नचढ्नु। यिनीहरूले स्वामीलाई कहिल्यैपनि आनन्द दिंदैनन्।

शार्दूलाभो वाजी विभाव्यते राजिभिर्विवर्णाभि:
यस्तु सवर्णाभिर्वाऽवगण्डमेनं विजानीयात् ॥२५३॥

विभिन्नरङ्गले युक्तभएको घोडा अर्थात् रागेपाटे बाघका जस्तो वर्णभएको घोडा र उसको वर्ण मिलेरपनि रागेपाटे छ भने त्यो घोडा "अवगण्ड" संज्ञक हो भनी जान्नु। अर्थात् विभिन्न रङ्गले वा केवल एउटै रङ्गले मात्र भएपनि रागेपाटे भई बाघका जस्तो वर्णभएको घोडा "अवगण्ड" हो भनी जान्नु।

एष स्वामिनमाजौ क्षिप्रं हन्यादकार्यसिद्धि: स्यात्
नगरे राष्ट्रे निवशेद्यस्य विनश्यत्यसौ राजा ॥२५४॥

उपर्युक्त सिंहको जस्तो वर्ण भएको अवगण्डसंज्ञक घोडाले संग्राममा तुरुन्त मार्दछ र कार्यसिद्धिमा बाधा पार्दछ। यस्तो घोडा जुन् राजाको शहरमा वा राष्ट्रमा रहन्छ त्यो देशको राजा नाशहुन्छ।

खरशार्दूलवर्णश्च शृगालाभो भवेत्तथा काय:
सकुलं भर्तु: खादति सपुत्रपशुबान्धवं वाजी ॥२५५॥

---

१. न स साध्ये चतुरंगैरन्यै स हयस्तुरंगम मूढ:
दधात्वथ च युद्धं स यदा तं संत्यजेदूरम्---- (मूल पुस्तके)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुनघोडाको शरीरको वर्ण गधा, सिंह र श्यालका जस्तो छ त्यस्तो त्यो घोडाले उसको स्वामीलाई छोरा पशु बन्धुवर्ग र कुलै सहित खान्छ अर्थात् कुलैसहित उसको स्वामीलाई नाशगर्दछ ।

मार्जारचित्रचरणो भर्तुः कुर्यान्महद्भयं क्लेशम्
केशैर्वालैश्च विना जाता अनपत्यतां कुर्युः ॥२५६॥

बिरालाका जस्ता छिरबिरे खुट्टा भएको घोडा (मार्जारपाद) हो र यसले उसको स्वामीलाई ठूलो डर र क्लेशमा (दिग्दारीमा) पार्दछ । जुनघोडा केश (दुई कान बीचका रौं) तथा वाल (याल) रहित भै जन्मन्छन् त्यस्ता ती घोडाले निसन्तान पार्छन् अर्थात् सन्तति हुन दिंदैनन् ।

कृष्ण प्रोथः क्षपयति स्वामिनमश्वः सवान्धवं ससुतम्
ओष्ठौ यस्य तु कृष्णौ विज्ञेयः सोऽपि भर्तृघ्नः ॥२५७॥

कालोनाक भएको घोडाले उसको स्वामीलाई बन्धुवर्ग र छोरा सहित समाप्तपार्छ । जुन् घोडाका दुबै ओठ काला छन् त्यो घोडाले पनि स्वामीलाई मार्छ भनेर जान्नु ।

कृष्णेन तालुनाऽश्वः स्व स्वामिनं नयति पथि विषमे
क्षुत्तृष्णाश्रम दोषैर्युनक्ति न चिरात् स पापात्मा ॥२५८॥

कालोतालु भएको घोडाले उसको स्वामीलाई विषममार्गमा अर्थात् दुष्टमार्गमा प्राप्त गराउँछ । पापात्मा त्यसले उसका स्वामीलाई भोक तिर्खा परिश्रम आदि दोषले युक्त गराउँछ ।

यस्मिन्कस्मिश्चवर्णे यः कृष्णजिह्वस्तुरंगमो भवति
सृक्व शिरो मेढ्रेषु च ये कृष्णा स्तेऽपि भर्तृघ्नाः ॥२५९॥

चाहे घोडाको वर्ण जुनसुकै होओस् तर जिब्रो कालो छ भने त्यसले स्वामीलाई मार्छ । गीजा, शिर र लिंग कालो भएका घोडाहरूले पनि स्वामीलाई मार्छन् ।

वर्णेनान्येन हयः शिरसा पुच्छेन चान्यवर्णेन
भर्तृघ्नः स तु समरे विवर्जितो भूतिमिच्छद्भिः ॥२६०॥

घोडाको संपूर्ण शरीरकोवर्ण एउटा छ तर शिर र पुच्छर अरू वर्णका छन् भने त्यो घोडाले लडाइँमा उसको स्वामीको बध गराउँछ । अतः आफ्नू कल्याण चाहनेले त्यस्तो घोडा कहिल्यै नचढ्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्यैकवर्णस्य हयस्य दृश्यते पुच्छस्यचाग्रे शिरसोऽन्यवर्णः ।
प्रदीप्तपुच्छस्तुरगः स उच्यते सुदूरतस्तं परिवर्जयेत्सदा ॥२६१॥

जुन घोडाको सम्पूर्ण शरीरकोवर्ण केवल एकवर्णको छ तर पुच्छरको टुप्पा र शिरको वर्ण अर्कैवर्णको छ भने त्यो घोडा "प्रदीप्त पुच्छ" अर्थात् पुच्छर जलेको घोडा हो भनिन्छ र त्यस्तो घोडा पनि सधैं टाढैबाट परित्याग गर्नु अर्थात् संग्रह नगर्नु ।

पुण्ड्रस्तु यस्य व्यतिरिक्तरूपो वामेन पार्श्वेन हनुप्रविष्टः
वामाक्षिकूटं सललाटभागं संस्पृश्य जातो भवतीहयस्य ॥२६२॥

जुन घोडाको पुण्ड्र अर्थात् निधार आदि स्थानमा हुने सेतोछाप शरीरको मूलवर्णभन्दा भिन्नवर्ण भै देब्रे पार्श्वभागबाट उठेर च्यूंडामा हुँदै देब्रे अक्षिकूट अर्थात् देब्रे परेलाको माथिल्लो भागदेखि निधारसम्म छोएको छ भने त्यो घोडालाई "ललाटलिप्त" भन्दछन् त्यस्तो घोडा तथा

ललाटलिप्तोथ भवेद्विशालो भर्तुः स सर्वार्थविनाशनोऽश्वः
सदैव वृद्धिं कुरुते रिपूणां विवर्जयेत्तं कलहस्य मूलम् ॥२६३॥

त्यस्तो ललाटलिप्त त्यो घोडाको त्यो पुण्ड्रक ज्यादै ठूलो छ भने त्यो घोडाले उसका स्वामीको सम्पूर्ण सम्पत्ति समाप्तपार्छ र त्यसले सधैं शत्रुमात्रै बढाउँछ । झगडाको मूल जस्तो भएको त्यो घोडा संग्रह नगर्नु ।

अलावुपुष्पोपमरोमजं हि
गुह्ये मुखे वा नयनेऽथवा स्थितम्
श्वित्रं सितं यस्य हयस्य दृश्यते
स स्वामिनं हन्ति सपुत्रबान्धवम् ॥२६४॥

जुन् घोडाको तुम्बी वा लौकाका फूलका जस्तो आकार भएको भुमरी गुह्यस्थान (गुदद्वार र लिङ्गका बीचको भाग) मुख, अथवा आँखामा रहेको छ भने त्यस्तो घोडा र तिनै उपर्युक्त ठाउँमा सेतो कुष्टरोग देखिन्छ भने त्यस्तो घोडाले छोरा, बन्धुवर्गादिसहित स्वामीलाई मार्दछ ।

गौरीखरस्येव हयस्य दृश्यते राजी विवर्णात्वथ पृष्ठवंशे
तं विद्धि गौरीखरपृष्ठवंशं त्यजेत्तु दूरं हयलक्षणज्ञैः ॥२६५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुन् घोडाको पृष्ठवंशमा विकृतवर्णको गोरो रेखा देखिन्छ त्यस्तो घोडालाई "गौरीखरपृष्ठवंश" भनिन्छ । घोडाकालक्षण जान्नेहरूले त्यसलाई टाढा छोडिदिनु अर्थात् संग्रह नगर्नु ।

मेढ्रं मृदुनिस्पर्शं यस्य वहिर्गच्छति हयस्य
अशुभं नपुंसकं तं विवर्जयेदिन्द्रवृद्धिसमम् ।।२६६।।

जुन् घोडाको लिङ्ग बाहिर निस्कँदा मृदु अर्थात् लूलो भएर निस्कन्छ त्यो घोडा नपुंसक हो । यो घोडा अशुभ हो । इन्द्रवृद्धि (घोडी देखेर पनि इच्छा नगर्ने) घोडा समान त्यो घोडा मानिएकोछ। अतः त्यस्तो घोडा संग्रह नगर्नु ।

सर्वश्वेतेगात्रे[1] खुरत्रयं कृष्णवर्णमश्वस्य
त्रिसरी स हयो नेष्टो भर्तुः सर्वार्थनाशकरः ।।२६७।।

शरीरको सम्पूर्णवर्ण सेतो भएका घोडाको तीनवटा खुरहरू काला भए भने त्यो घोडा "त्रिसरी" हो । त्यो घोडाले कल्याण गर्दैन । त्यसले उसका स्वामीको सर्वस्व नाशपार्छ । (कसैको मतमा सबै जिउ सेतो भै टाउको मात्र कालोहुने घोडा "त्रिसरी" हो भन्नेपनि देखिन्छ) ।

पादेनैकेनसितो वर्णेनान्येन यस्त्रिभिः पादैः
श्वेतैर्वा चरणस्त्रिभिरेकं तदन्यवर्णस्यात् ।।२६८।।
एष हयलक्षगज्ञैर्मौशलिनामा तुरंगमः कथितः
भर्तृघ्नः कोशहरो विवर्जयेत् सर्वकामहनम् ।।२६९।।

जुन् घोडाको तीनवटा गोडाको रंग अर्कै छ र केवल एउटा गोडामात्र सेतो छ अथवा तीनवटा गोडामात्र सेता छन् र केवल एउटा गोडाको रंगमात्र अर्कै छ भने यस्तो यो घोडालाई घोडाका लक्षण जान्ने विशेषज्ञहरूले मौशलि अर्थात् "मुसली" हो भनिएको छ । यस्तो घोडाले उसका स्वामीलाई मार्छ, ढुकुटी रित्याउँछ र आँटेताकेका सबै कामहरू नाशपार्छ । यस्तो घोडा राख्तै नराख्नु ।

आरोहकश्वपृष्ठे यस्य हतो वै तुरंगमाधमस्य
[2]प्रेतोपनीतमश्वम्विवर्जयेत्सर्वदोषकरम् ।।२७०।।

---

१. सर्वश्वेतस्य शिरो यस्य भवेत्कृष्णवर्णमश्वस्य । स हय स्त्रिसरी नामा...... (ख)
२. आरोहकं च पृष्ठे वहति हतं तुरंगमो योऽसौ...... (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुन् घोडाको पिठ्यूँमा सवार गर्ने व्यक्ति मरीरहेको हुन्छ त्यो घोडा घोडा-मध्ये अधम हो । त्यो घोडा प्रेतोपनीत अर्थात् प्रेतले हाँकिएको हो भनिन्छ । त्यसले सम्पूर्णदोष ल्याउँछ । त्यो घोडापनि नलिनु छोडि दिनु (कसैको रायमा पिठ्यूँमा सवारभएको व्यक्ति मरेपछि पनि त्यसलाई बोकेर हिंडीरहने घोडा "प्रेतोपनीत" हो भन्ने पनि छ) ।

केशावालाश्चशिरो यस्य तु वैदग्धचर्मगन्धाःस्युः
तस्य तुरगस्य भर्तुः नित्यं ज्वलनप्रियं भवनम् ।।२७१।।

जुन् घोडाको केश, वाल र शिर यति तीन ठाउँ सुँघदा छालापोलेको जस्तो गन्ध आउँछ भने त्यस्ता घोडाका स्वामीको घर प्रायशः डढीरहन्छ ।

वर्ज्या तुरंगी यमलप्रसूता शिशुंप्रदद्यात्सहितं द्विजेभ्यः
भवेद्धया या बहुभिश्च गर्भै दूरं त्यजेत्तामपि तैः समेतां ।।२७२।।

जुन् घोडीले एकै पटक दुईवटा वच्चा पैदागर्दछे भने त्यो घोडी ती वच्चा-सहित ब्राम्हणलाई दान गरिदिनु । त्यस्तो घोडी चढन पनि हुँदैन । यद्वा दुईभन्दा बढी अर्थात् ३।४ वटा वच्चा पैदा गर्ने घोडी भए त्यो घोडीपनि ती बच्चा सहित टाढा पठाई दिनु ।

ललाटदेशे शिरसि स्तुवे च कटस्यमध्ये[१]ऽथ समुच्छ्रितं वा
रूरोर्विषाणाग्रनिभं त्वजस्य वाम्रास्थिवद्गोस्तनसन्निभं वा ।।२७३।।
स्यात्कर्णकीलं त्वथ वार्बुदं वा अग्रन्तु हस्तांगुलिसन्निभं वा
एतादृशं श्रृङ्गिणमश्वमाहुर्नृपस्य राज्यस्य विनाश हेतुः ।।२७४।।

निधारमा, शिरमा, स्तुवमा र कटको बीचमा (कसैको मतमा कानको फेदमा भन्ने पनि छ) उठेको वा उम्रेको रूरू (चित्रमृग) का सिंगका अगाडिको टुप्पा जस्तो यद्वा वाख्राको सिंगका टुप्पाकोभाग जस्तो अथवा आँपको कोया जस्तो अथवा गाईको थून जस्तो यस्ता प्रकारको कर्णकील (कानका नजीकैको ठाउँमा कीलाजस्तो भै उठेको मासु) र अथवा अर्बुद (मासुको कीला जस्तो भै उठेको फुडुल्को) वा हातका औँलाका टुप्पा जस्तो भै उठेको मासु (यो अर्बुद मासु रगत र वोसाको विकृतिबाट उठने खराब रोग हो भन्ने शुश्रुतको राय छ) जुन घोडाको

---

१. कर्णस्यमूलेऽथ......... (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता प्रकारको मासुको कीलो छ त्यो घोडा "श्रृंगी" हो । यसले राजा र राज्यलाई विनाश गर्छ ।

कर्णाभ्यासे कर्णो यस्यान्यो जायते त्रिकर्णोऽसौ
नृपतिं बान्धवसहितं राष्ट्रञ्च विनाशयेत्क्षिप्रम् ॥२७५॥

जुन् घोडाको कानका नजीक अर्को कान भएको छ त्यो घोडा त्रिकर्णी (तीनकाने) हो । त्यसले बन्धुबान्धव सहित राजा र राष्ट्रलाई चाँडैनै नाशगर्दछ ।

गोशफतुल्यो[1] द्विखुरी योहरिणखुरोपमस्तथोपखुरी
ते सर्वे भर्तृघ्नाः श्रृङ्गिसमानान्विजानीयात् ॥२७६॥

गाइका जस्ता खुर हुने द्विखुरी (दुईखुरे), हरिण (मृग) का जस्तै खुर-हुने (हरिणखुरे) तथा खुरमाथि अर्को खुरहुने "उपखुरी"यस्ता खुरहुने घोडाहरूले पनि स्वामीको नाशगर्छन् । इनीहरू पनि श्रृंगी घोडा जस्तै हुन् तसर्थ इनीहरूको परित्याग गर्नुपर्छ ।

गोस्तननिभौ स्तनौ तु यन्मूत्रकोष[2] पार्श्वतस्थौ
सोश्वस्तनीतिकथितः कृत्स्नं राष्ट्रं विनाशयति ॥२७७॥

जुन् घोडाका गाईका थून जस्ता दुईवटा थून मूत्रकोश अर्थात् पिशावको थैलीरहने ठाउँको अगलवगलमा रहेका देखिन्छन् भने त्यो घोडा "स्तनी" हो । त्यसले सम्पूर्ण राष्ट्रलाई नाशपार्छ ।

जान्वोः कूर्च्चाभ्यासे स्थूराभ्यासे तथैव शफाभ्यासे
पादेनैकेन हयः पन्चशफः श्रृङ्गिवत्याज्यः ॥२७८॥

घोडाको कुनै एक खुट्टाको घुँडा, गोलिगाँठा, स्थूर र खुरका समीपमा अर्को सानु खुट्टा देखियो भने त्यो घोडा "पन्चशफ" अर्थात् पाँचखुरे भनिन्छ । त्यस्तो घोडा पनि श्रृंगी अर्थात् सिंग भएको घोडा जस्तै त्याज्य छ ।

अजिनं मृगाजिनाभं पृष्ठस्कन्धांसजघनदेशेषु
यस्य तुरंगस्य भवेदजिनी स तु निन्दितः प्राज्ञैः ॥२७९॥

---

१. गोशफतुल्यो द्विखुरी गोऽग्रखुरोपमस्तथोपखुरी ।
एतावपि भर्तृघ्नौ श्रृंगिसमावेव वाजिनौ स्याताम् (ख)

२. गोस्तनसन्निभौ द्वौ मूत्रकोशस्य पाश्वयोर्यस्य । अश्वस्तनी स कथितः कृच्छ्रं...... (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुन् घोडाको पिठ्यूँ काँध, अंश र जघन (जाँघ) प्रदेशको छाला मिर्गका छाला जस्तो छ त्यस्तो त्यो घोडापनि "अजिनी" भनिन्छ। त्यो घोडा निन्दित हो भनी विद्वान्हरूले भनेका छन्।

पृष्ठे भर्तुविनाशो भ्रातृवधस्कन्धदेशे तु
अंसे पुत्रविनाशः स्याज्जघने दारदोषस्तु ॥२८०॥

उपर्युक्त अजिनी घोडाको अजिन चिह्न पिठ्यूँमा छ भने स्वामीकोनाश, काँधमा भए भाईकोनाश, अंसस्थानमा भए छोराकोनाश र जाँघमा छ भने पत्नीको नाशगर्छ।

एते महादोषतमाः सुरौद्रा श्रृंग्यादयः षट् कथिता मुनीन्द्रैः
ते वर्जनीया अशुभाः सदैव नृपं च राष्ट्रं च विनाशयन्ति ॥२८१॥

उपर्युक्त घोडाका अत्यन्तखराव, डरलाग्दा श्रृंगी आदि छवटा दोषहरू हुन् भनी महर्षिहरूले भनेका छन्। तसर्थ त्यस्ता ती दोषी घोडाहरू परित्यागगर्नु। किनभने तिनीहरू सधैं अनिष्टकारक छन् र तिनीहरूले राजा र राष्ट्रलाई नाश-पार्छन्।

यथा गर्गेण यत्प्रोक्तं तदिह प्रोच्यतेऽधुना
न चैषां विद्यते किञ्चित्प्रतीकारोपकारिणाम्[1] ॥२८२॥

गर्गले जस्तो भनेकाथिए त्यही नै कुरा यहाँ भनिन्छ अर्थात् के भने ई उपर्युक्त अपकारी अर्थात् अत्यन्त महान् अकल्याणगर्ने महादोषी यी घोडाहरूको दोष निवारण गर्ने कुनैपनि उपाय छैन।

सर्वैरपि गुणैर्युक्ता वर्जनीया हयाधमाः
तान्नृपो वाथवामात्यो[2] न स्मरेच्च कदाचनः ॥२८३॥

सम्पूर्ण गुणहरूले युक्त भएका छन् भनेपनि अधम अर्थात् महादोषयुक्त घोडाहरू छोडनैपर्छ। त्यस्ता ती महादोषी घोडाहरूलाई राजा वा अमात्यले कहिल्यै पनि सम्झनपनि हुँदैन।

१. न चैषां विद्यते किञ्चित्प्रतीघाताय कारणम् (ख)
२. तान्नृपो वाऽथवा चान्ये न स्पृशेयुः कदाचनः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्ट्वा सूर्यं निरीक्षेत स्पृष्ट्वा स्नानं समाचरेत्
पूजयेच्च[१] द्विजान् श्रेष्ठान् दानमानाशनैरपि ॥२८४॥

(महादोषी घोडाहरू) देखियो भने सूर्यको दर्शन गर्नु, छोइयो भने नुहाउनु, त्यसपछि गतीला ब्राम्हणलाई दान, सम्मान र भोजन गराई पूजागर्नु । (कसैको मतमा सुवर्णदान गर्नु भन्ने पनि देखिन्छ) ।

यदि सूते हया पापं किशोरं च तया सह
तस्माद्देशान्नृपोन्यस्मिंस्त्यक्त्वा शान्ति प्रयोजयेत् ॥२८५॥

यदि कुनै घोडीले पापी अर्थात् महादोषी वछेडा जन्माई भने राजाले त्यो घोडीका साथ त्यो घोडाको वच्चालाई पनि आफ्नो देशबाट अरू कुनै मुलुकमा पठाई शान्तिगर्नु ।

देवताः प्रणिपत्याथ नियमैः शान्तिकर्मभिः
एवम् प्रशाम्यते दोषो द्विजातीनां च पूजनात् ॥२८६॥

देवताहरूको दर्शनगर्नाले, ब्रतहरूको अनुष्ठानगर्नाले, शान्तिस्वस्तिगर्नाले र ब्राम्हणहरूको पूजागर्नाले पनि उपर्युक्त घोडाहरूका दोषको शान्ति हुन्छ ।

श्रृंगं कीलार्बुदं छित्वा पुष्पमावर्तमेव च
सुवर्णेन च दग्ध्वाऽग्नौ हुत्वा शान्ति प्रयोजयेत् ॥२८७॥

सिँग भएको, कीला भएको र अर्बुदचिह्न भएको घोडालाई ती वाहिर देखिएका दोष काटी खुर्केर फालिदिनु ।पुष्प र भुमरीमा दोषीछ भने यसलाई सुनले डामीदिनु र यसपछि हवनपूर्वकको शान्ति अर्थात् "अश्वारिष्ट शान्ति" गरिदिनु ।

दातुः प्रजारक्षणतत्परस्य
शूरस्य धर्मे निरतस्य नित्यम्
होमेकृते कर्मपरंपराज्ञैः
दोषाः प्रणश्यन्ति तुरंगमस्य[२] ॥२८८॥

दान दिईरहने, प्रजाको रक्षा गर्ने, शूरो, सदा धर्मकर्ममा लागेको यस्तो राजालाई अश्वारिष्ट शान्तिको परम्परा जान्ने विद्वान्द्वारा हवन गराउनाले अर्थात् "अश्वारिष्टशान्ति" गराउनाले घोडाका दोष र महादोषहरू नाश हुन्छन् ।

---

१. पूजयेत्तु द्विजश्रेष्ठं दद्याद्दानं तु काञ्चनम् (ख)
२. दोषा प्रणश्यन्ति तुरंगमोत्थाः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अलुब्धः सत्ववांश्चैव न दोषै र्लिप्यते नृपः
जापी चैव हुताग्निश्च द्विजो वा वेदपारगः ॥२८९॥

लोभनगर्ने र प्रतापी राजालाई र जपगर्ने, हवनगर्ने र वेदमा पारंगत भएको ब्राम्हणलाई उपर्युक्त घोडाका दोषहरू लाग्दैनन् ।

इति श्रीदुर्ल्लभसुतगणकृते अश्वायुर्वेदे महादोषाध्यायः षष्ठः ॥६॥

यो दुर्ल्लभसुतगणकृत अश्वायुर्वेद (सिद्धसंग्रहको) महादोष नामक छैटौं अध्याय समाप्त भयो ।

अथ तालुरंगाध्यायः

अव घोडाका तालुका रंगका विषयमा भनिन्छ

महादोषाः समाख्यातास्तालुरंगमथो श्रृणु
गर्भस्थस्य यदा पित्तं कुप्यते तालवं[1] गतम् ॥२९०॥
कृष्णं तालु ततो बाह्ये[2] जायते लक्षयेत्सुधीः
तालुरागोऽपि वाहानां शुभाशुभफलप्रदः ॥२९१॥

घोडाका महादोषहरू भनिए । अव तालुका रंगका विषयमा सुन । घोडाको वच्चा गर्भमा रहेकै अवस्थामा जब तालुमा गएको पित्त कुपित हुन्छ अनि त्यसैले गर्दा घोडाको तालु कालोहुन्छ र त्यस्तो कालोतालु भै बाहिर जन्मन्छ भन्नेकुरा विद्वान्ले विचारगर्नु । घोडाहरूको तालुको रंग पनि असल र खराव फलदिने हुन्छ ।

श्वेतं रक्तं पीतं श्यामं कृष्णं च चित्रमर्द्धसितम्
सप्तविधं जानीयात्तालुनि रागं तुरंगाणाम् ॥२९२॥

सेतो, रातो, पहेँलो, नीलो, कालो, चित्र (धेरै रंग मिसिएको छिर्विरे) र आधा सेतोभएको यसप्रकारका सातवटा रंगले युक्तभएका घोडाका तालु हुन्छन् ।

रक्तं तेभ्यः श्रेष्ठं शेषा रागाश्च नैव शस्यन्ते
किन्चिद्विशेषमेषां श्वेतादीनां प्रवक्ष्यामि ॥२९३॥

---

१. तालुके भृशम् (ख) २. बाह्यो जायते पापलक्षणः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्युक्त सातवटा रंगहरूमा सबैभन्दा उत्तमरंग रातो हो। बाँकी अरू रंगहरू असल मानिदैनन्। यी सेता आदि रंगको विशेषताकाबारेमा केही भन्दछु।

निर्वाणांगारसदृशं यस्य भवेत्तालु वाजिनस्तस्य
भर्तुरचिरेण कृत्स्नं राष्ट्रं विनाशमुपयाति ॥२९४॥

जुन घोडाको आगो निभेको कोइला अर्थात् अंगारकाजस्तो कालोतालु हुन्छ। त्यस्तो त्यो घोडाको स्वामीको सम्पूर्ण राष्ट्र (जायजेथा) चाँडैनै नाशहुन्छ।

[1]भर्तुर्वधोऽर्धकृष्णे शुक्लान्तरिते सुतस्य जानीयात्
श्यामान्तरिते कृष्णे पराजयं स्वामिनो विन्द्यात् ॥२९५॥

जुन् घोडाको तालु आधा कालो छ त्यसले उसको स्वामीलाई नाशगर्दछ। त्यही आधातालुपनि वरीपरी सेतो भई बीचमा कालोवर्ण भएकोछ भने त्यो घोडाले उस्का स्वामीको छोरालाई नाशगर्दछ भनी जान्नु। यदि तालुको वरीपरी फिका हरीयोवर्ण वा नीलोवर्ण भै बीचमा कालोवर्ण फैलिएकोछ भने त्यसले स्वामीलाई पराजय गराउने अर्थात् अरूबाट हार्नुपर्ने गराउँछ भन्ने जान्नु।

[2]कृष्णान्तरितं पीतं पीतान्तरितं च तालु यो मध्ये
शुद्धार्धतालुरश्वो भर्तुः क्लेशावहो ह्येषः ॥२९६॥

जुन् घोडाको तालु वरीपरी कालो भै बीचमामात्र पहेँलो छ त्यो र वरीपरी पहेंलो भई बीचमा कालो छ यस्तो र बीचमा केवल आधामात्र सेतोतालु भएको छ भने यस्तो तीन प्रकारको तालु भएको घोडाले उसका स्वामीलाई दुःख दिनेहुन्छ।

कृष्णस्तु तालुवंशः पर्यन्ते पद्मपत्र शंख संकाशः
यस्याश्वस्य स नित्यं पराजयं स्वामिनः कुर्यात् ॥२९७॥

जुन् घोडाको तालुको मध्यभाग अर्थात् तालुकोडाँडी कालो छ र त्यस्को छेउछाउको भाग कमलको दल र अथवा शंखका जस्तोछ भने त्यो घोडाले पनि उसका स्वामीलाई अरूबाट नित्य हार्नुपर्ने गराउँछ।

---

१. भर्तुर्वधोऽर्धकृष्णे तालुनिजाते सुतस्य जानीयात्। उर्म्यन्तरिते कृष्णे...... (ख)
२. कृष्णेनातःक्षिप्रं मध्येशुद्धं तु तालु यस्य स्यात्
परिणद्धतालुरश्वो भर्तुः क्लेशवहो ह्येषः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णैर्विन्दुभिरथवा कल्माषैस्तालु चित्रितं यस्य
कल्माषतालुरेषः स्वामिनमशुभे नियोजयति ॥२९८॥

जुन् घोडाको तालु काला विन्दु अर्थात् काला छिटाहरूले अथवा सेता काला छिर्काहरूले छिर्विरे भैं चित्रित छ त्यस्तो त्यो घोडा "कल्माषतालु" भनिन्छ। त्यसले उसको स्वामीलाई खराबकुरामा लगाउँछ अर्थात् मति बिगार्छ।

रेखा स्तिस्र श्चतस्रो वा शुद्धा यस्याग्रतालुनि
कृष्णतालुकदोषेण न दुष्येत तुरंगमः ॥२९९॥

जुन् घोडाका तालुका अगाडिपट्टिको भागमा तीनवटा अथवा चारवटा सेता रेखा छन् भने त्यो घोडाको तालु कालो भएपनि त्यो घोडा दोषी हुँदैन।

दीप्ताग्निवालदिनकर पद्मदलाभं प्रवालकाभं वा
स्निग्धं तनु गंभीरं तालु शुभम् वाजिनो ज्ञेयम् ॥३००॥

घोडाको तालु बलेकोआगो, भर्खर उदाएका सूर्य, कमलका फूलको दल र मुगा यति कुराका जस्तो वर्ण भएको र चिल्लो, सानु अर्थात् खिरीलो तथा गहीरो भए त्यो तालु वेसहुन्छ भनी जान्नु।

उक्तंच भगवता शालिहोत्रेणाकर्णय—भगवान् शालिहोत्रले भन्नुभएकोछ सुनकि—

समानवर्णं[1] वर्णेन तालुकं यस्य चेद्भवेत्
[2]न स तालुकदोषः स्यात् फलमल्पं च वक्ष्यते

घोडाको जस्तो वर्णछ अर्थात् शरीरको रंग छ यदि त्यहीवर्णको अर्थात् त्यहीरंगको तालु छ भने त्यस्तो घोडा दोषी हुँदैन। दोषी मानेको पक्षमा पनि यसलाई मामूली दोषमात्र मान्न सकिन्छ। अर्थात् सम्पूर्ण तालु कालो छ र त्यो घोडाको वर्ण पनि कालो नै छ भने त्यो घोडाको दोष मामूली हो।

सवर्णः स्वल्पदोषाय सकलः कृष्णतालुकः
एकवर्णतया तस्य फलमल्पं प्रचक्षते ॥३०१॥

---

१. समानवर्ण.... यस्यचेद्भवेत्...... । सवर्णस्त्वथदोषाय सकलः कृष्णतालुकः (ख)
२. यो पंक्ति (ख) पुस्तकबाट लिइएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण तालु कालो भएको घोडा पनि यदि शरीरको मूलवर्ण कालो भएको नै छ भने त्यो घोडाको दोष मामूली मानिन्छ । किनभने त्यसको तालुकोवर्ण र शरीरकोवर्ण एउटै भएकोले त्यसको दोषपनि सामान्य हुन्छ भनी विद्वान्हरूले भनेकाछन् ।

आयुक्षेत्रविभागेन तालुराग फलोदयः
अवनीपालको विद्यात् शास्त्रतो वाजिलक्षणम् ॥३०२॥

घोडाको आयुको अनुसार र तालुको क्षेत्रविभागद्वारा तालुका वर्णको फलप्राप्ति हुन्छ अर्थात् धेरै भए धेरै र थोरै भए थोरै फल हुन्छ । यसरी राजाले घोडाका लक्षणहरू शास्त्रानुसार जान्नु ।

इति श्रीदुर्लभसुतगणकृते अश्वायुर्वेदे तालुरागाध्यायः सप्तमः॥७॥

यो दुर्लभसुतगणकृत अश्वायुर्वेद (सिद्ध संग्रहको) "तालुराग नामक"

सातौं अध्याय समाप्त भयो ।

आठौं अध्याय

अथ अश्वस्थान लक्षणम्

अब घोडाका ठाउँ (कुल)का विषयमा भनिन्छ ।

तालुरागाः समाख्याताः कुलानां लक्षणं श्रृणुः

(घोडाको) तालुका वर्णका विषयमा भनियो । अब घोडाका कुल (जाति विशेष) का लक्षणहरू सुन ।

हयाः काम्बोज वाह्लीक वनायुज कुलोद्भवाः
गान्धारकुलसंभूता स्तथाऽरट्ट कुलोद्भवाः ॥३०३॥

घोडाहरू काम्ब्रोज, बाल्हीक, वनायुज, गान्धार र अरट्ट कुलमा जन्मेका तथा–

चाम्पेया[1] सैन्धवाश्चैव तैत्तिलास्तेऽपि[2] वाजिनः
कुलजाश्चोपकुलजा मेचका हयुपमेचकाः ॥३०४॥

१. वाहेया सैन्धवा..... (ख) २. तैत्तिकाश्वैवः...... (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै चाम्पेय(चम्पादेशका) सैन्धव (सिन्धुदेशका अर्थात् सिन्धी)तैत्तिल (कसैको मतमा तैत्तिक) तथा कुल र उपकुल नामक देशमा जन्मेका, मेचक र र उपमेचक देशमा जन्मेका तथा–

त्रैगर्ता[1] चार्जुनेयाश्च सावित्रेयास्तथैव च
आवन्त्याश्चाथ काश्मीरा हया ये च सकामका:[2] ॥३०५॥

त्रिगर्त, अर्जुन, सावित्र, अवन्ति, काश्मीर देशका र सकामक देशमा जन्मेका तथा–

पार्वत्योत्तरमाद्रेया: दाक्षिणेयाश्च कीर्तिता:
अन्तर्द्वीपोद्भवा वाहा: कैकेयाम्बष्ठसंज्ञका: ॥३०६॥

त्यस्तै पर्वतप्रदेशका, उत्तरदेशका, माद्रदेशका र दक्षिणदेशका घोडापनि प्रसिद्ध छन् । त्यस्तै अन्तर्द्वीपका, कैकेयदेशका र अम्बष्ठदेशका घोडाहरू पनि प्रसिद्ध छन् ।

वासन्तिकाश्च सौवीरा दारदा सैवकास्तथा[3]
क्षुद्रकैरावता[4] वाहा: श्रावन्ता मालवास्तथा ॥३०७॥

त्यस्तै वसन्तदेशका, सौवीर, दारद र सिवनामक देशका, क्षुद्रक, ऐरावत, श्रावन्ती र मालवदेशका घोडाहरू तथा–

कालिगा माथुराश्चैव वाराणस्यास्तथैव च
पान्चाला पौण्ड्रकाश्चैव कुक्कुटा ह्रस्वकुक्कुटा: ॥३०८॥
तथा हैमवता ये च ये चोक्ता मगधोद्भवा:
चतुपन्चाशदश्वानां कुलान्येतानि लक्षयेत् ॥३०९॥

कलिंग, मथुरा, वाराणसी, पांचाल, पुण्ड्रक, कुक्कुट, ह्रस्वकुकुट, हिमालयको आसपासमा रहेका र मगधदेश यतिदेशका गरी घोडाका कुलहरू जम्मा चौवन्न-

१. कैवर्ता चार्जुनीयाश्च पार्वतीयास्तथैव च । यौधेया यावनाश्चैव येचान्ये ह्रस्वयावना: । तुषारा कादरेयाश्च पार्वतीयास्तथैव च (ख)

२. सकानना: (ख) ३. सैरिकास्तथा (ख)

४. कैराता क्षुद्रकैराता मालवा विन्ध्यकास्तथा । कालिगा माथुराश्चैव मानवाश्वास्तथैव च । कौशल्याचार्जुनेयाश्च तथोपावृत्तिका हया: । सौराष्ट्रश्चैव सौवीरा: कौरवेयास्तथैव च । (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वटा छन् । (यस्मा अश्वशास्त्रको मद्रासी "ख" किताब अनुसार काम्बोज, वाल्हीक, वनायुज, गान्धार, अरद, वाहेय, सैन्धव, तैत्तिक, कुल, उपकुल, मेचक, उपमेचक, कैवर्त, अर्जुन, पर्वतीय, यौधेय, यावन, ह्रस्वयावन, तुषारा, कादरेय, पार्वतीय, अवन्ति, काश्मीरी, सकानन्, पार्वत्य, उत्तरमाद्रेय, दक्षिणेय, अन्तर्द्वीपीय, कैकेय, अम्वष्ठ, वासन्तिक, सौवीरी, दारद, सैरिक, किराता, क्षुद्रकिराता, मालवा, बिन्धी, कलिंगी, माथुरी, मानवीय, कौशल्य, अर्जुन, उपावृत्तिक, सौराष्ट्रिय, सौवीरी, कौरवेय, पान्चाली, पौण्ड्रकीय, कुक्कुट, ह्रस्वकुक्कुट, हिमालयका समीपवर्ती र मगधदेशमा जन्मेका गरी घोडाका जन्मस्थान जम्मा चौवन्न छन् भनिएको छ र जम्मा २६ कुलका घोडाको मात्र लक्षण वताईएकोछ । त्यस्तै हाम्रो मूलग्रन्थमा पनि घोडाको देशको संख्या ५४ चौवन्न नै छ भनेर उल्लिखित भएपनि केवल ४२ देशका घोडाको मात्र गणनागरेको देखिन्छ । तर ४२ कुल देखी बाहेक यौधेय, यावनेय, ह्रस्वयावन, तुरूष्क र तर्जितयावन यति ५ वटा घोडाको लक्षण वर्णन भएको देखिने र बाँकी ७ घोडाको नामपर्यन्त संख्या गरिएका श्लोकमा नदेखिनामा कारण लिपिकारले छुटाएका होलान् भन्न सकिन्छ)

कुलानि नव चान्यानि घोटकानां विभावयेत्
[1]अश्वास्ते संज्ञया घोटा न तु घोटगुणान्विता ॥३१०॥

घोडाका उपर्युक्त ५४ कुल बाहेक अरू ९ कुल पनि छन् भनी विशेषज्ञहरूले विभाजन गरेकाछन् । ती कुलका घोडाहरू केवल नाममात्रका घोडा हुन् र खास घोडाका गुणहरू तिनीहरूमा पाईन्नन् ।

[2]मत्स्यकोङ्कणजाट्टेया माढका श्वेतवाहनाः
कैरेयाश्वेतगिरिजा वैदर्भा घोटका स्मृताः ॥३११॥

मत्स्यदेशका मत्स्य, कोंकणदेशका कोंकण, जाट्टदेशका जाट्टेय, माढा देशका माढक, श्वेतवाहन (सेता वर्णका) त्यस्तै कीरदेशका कैरेय, श्वेतपर्वतका श्वेतगिरिज र विदर्भदेशका वैदर्भ यति देशका घोडालाई घोटक (घोडा) भन्ने संज्ञा दिईएको छ तथा–

---

१. अतस्ते संज्ञया योज्या (ख)
२. मत्ताविकाश्याश्मकेया मालिकाः श्वेतवाहनाः । मेचका श्वेतगिरिजा वैदर्भा घोटकाः स्मृताः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वदक्षिणभागेन हिमवन्तंसमाश्रिता:
घोटकास्तेऽपि विज्ञेया: प्रास्थाना[1] घोटका स्मृता: ॥३१२॥

हिमालयको पूर्व र दक्षिणतर्फकोभागमा रहने घोडाहरूपनि घोडा नै भनिन्छन् र प्रस्थानदेशमा जन्मेका जो प्रास्थानजातका घोडा छन् तीपनि घोटक अर्थात् घोडा नै भनिन्छन् । (यसरी यो ग्रन्थमा मत्स्य आदि प्रास्थानसम्मका गरी घोडाका नौवटा जातीको वर्णन गरिएको छ)

अत: परं व्यन्जनैस्तु प्रत्येकेनैव लक्षणम्
यथोद्दिष्टं [2]कुलभवान्गुणान्छृणु पृथक् पृथक् ॥३१३॥

अव यसपछि व्यन्जन अर्थात् अंग प्रत्यंगको रूप र आकारबाट प्रत्येक घोडाको उद्देश्यमा उल्लेख गरिएको नाम अनुसार कुलसम्बन्धी गुण लक्षणहरू बेग्ला बेग्लै गरी वर्णन गरिन्छ । त्यो सुन ।

काम्बोजा: सुमहाललाटजघनस्कन्धा महावक्षसो
दीर्घग्रीवमुखा महाजवबला ह्रस्वाण्डमेढ्रासना: ।
श्रीमन्त: सुवहा: समुद्गचरणा दीर्घै:[3] समानैर्भुजै:
सर्वव्यन्जनपूजिता दृढशफा: मध्वाभनेत्राश्च ये ॥३१४॥

काम्वोजी घोडा (१)

निधार, जाँघ, काँध र वक्षस्थल (छाती) निक्कै ठूला भएका, गर्धन र मुख लामो भएका, खूव तेजी र बलीया, आसन अर्थात् बस्ने ठाउँ वा पिठ्यूँ, लिंग र अण्डकोष यति कुरा साना भएका, खुव राम्रा, राम्रोसंग हिड्ने, राम्रोसंग गोडा छडकाएर अर्थात् उफारेर हिडने, लामा र वरावर हात भएका, सम्पूर्ण अंग प्रत्यंग-हरू मिलेका, बलीया खुर भएका र महका रंगका जस्तो वर्णका आँखा भएका तथा–

श्वेताश्च शोणाश्च भवन्त्यदीना
न कृष्णवर्णा न विर्वाणिनस्ते[4]
ह्रस्वौ च कर्णौ[5] मृदुरोमकेशा:
ह्रस्वेन पृष्ठेन सुवर्णवन्त: ॥३१५॥

---

१. श्यामे वा घोटका स्मृता: (ख) २. अत: परंव्यन्जनैस्तु प्रत्येकं संप्रवक्ष्यते । यथोद्दिष्टा: कुलगुणा: श्रृणु तांश्च पृथक् पृथक् (ख) ३. दीर्वैस्तु जातैर्भुजै:...... दृढशफा मध्वाभनेत्राश्च ये (ख) ४. नविवर्णितास्ते (ख) ५. ह्रश्वैश्च कूर्च्चै: (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णमा सेता र राता, सहसा नडराउने (बलवान्) कालोवर्ण र नराम्रोवर्ण हुँदैनभएका, कान छोटा भएका, रौं र याल नरम भएका, छोटो पिठ्यूँ भएका असाध्य राम्रा तथा–

सुसंहतांगा प्रियदर्शनास्ते
नित्यं च भर्तुर्वशगा मनोज्ञाः ।।
तेजस्विनः सारयुताः सुशीलाः
श्रेष्ठा[१] स्वरूपेण कुलेन दीप्ता ।।३१६।।

कस्सिएका तथा टम्म मिलेका अंग अवयव भएका, हेर्दा खूब राम्रा, सदा स्वामीको आज्ञामा रहने, मनको अभिप्राय जान्ने, तेजस्वी, सारले युक्तभएका, असल शील स्वभाव भएका, रूपमा उत्तम र कुलले खूव उज्याला तथा–

समवृत्तजानुजंघा सुदृढांगा[२] ह्रस्वकुष्ठिकखुराग्राः
पीतास्तनुलांगूलाः सूक्ष्ममुखाः शुक्लवर्णाश्च ।।३१७।।

घुँडा र जंघा खूव बाटुला भएका, खूव बलीया अंग भएका, कुष्ठिक र खुरको टुप्पा छोटा भएका, पहेँलो वर्णका, छोटो पुच्छर भएका, सानु मुख भएका र सेतोवर्ण भएका तथा–

सुमहासृक्कप्रोथा[३] महोदरास्ते महाहनुश्वासाः
प्रत्यक्षं वडवामपि दृष्ट्वा ते नापि हेषन्ते ।।३१८।।

प्रोथ (कटि) र गीजा ठूला भएका, ठूलो पेट भएका, ठूलो च्यूँडो भएका र ठूलो सास फेर्नेअर्थात् प्राण-शक्ति बलीयो भएका र प्रत्यक्ष घोडी देखेपनि ती काम्बोजी (घोडा) हिह्निनाउँदैनन्, त्यस्तै–

वृत्तमुखा[४] स्थिरपादाः उपचितरोमस्तुवश्वेता
सुरवत् प्रवला वाहाः काम्बोजास्ते समाख्याताः ।।३१९।।

---

१. श्रेयः स्वरूपेण कुलेन दृप्ताः
२. वृत्तांगा ह्रस्वकुष्ठिक खुराश्च । पीनास्तनुलांगूलाः स्थूलाक्षा शंकुलाक्षा कर्णाश्च (ख)
३. ...... महातनुश्वासा...... प्रत्यक्षं वडवामपि दृष्ट्वा न ये प्रहेषन्ते (ख)
४. ऊर्ध्वमुखाः स्थिरपादाः शुभरोमाणः सुपार्श्वाश्च । शूराःसुखसंचाराः काम्भोजास्ते समाख्याताः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाटुलो मुखभएका, स्थिर पाउभएका, रौँहरू केही लामाभएका, सेतो खुव भएका र देवता जस्तै बलवान् यस्ता घोडा "काम्बोजी" (काम्बोजदेशमा हुने) घोडा भनेर प्रसिद्ध छन् ।

बाल्हीकाः काम्बोजैः समानसंस्थानरूपवर्णा स्युः
तेषामयं विशेषो दीर्घांगा[1] दीर्घपृष्ठाश्चः ॥३२०॥

बाल्हिक घोडा (२)

बाल्हीक नाम गरेको देशका घोडा "बाल्हीक" भनिन्छन् । इनिहरू पनि शरीरको बनावट, रूप र वर्णमा काम्बोजी घोडा बराबरै हुन्छन् । तर तिनीहरूको विशेषता यो छ कि तिनीहरूका अंग अवयव लामा हुन्छन् र पिठयूं पनि लामू हुन्छ ।

परिणाहायामाभ्यां[2] किन्चिद् ह्रस्वा महेक्षणास्तुवाश्चान्ये
निवद्धविदवः पृथुघनदीर्घग्रीवाश्च दीर्घकेशाश्च ॥३२१॥

चौडाई र उचाईमा काम्बोजीको अपेक्षा केही छोटा, आँखा र खुव ठूला भएका, विदु खूब टम्मपरेका अर्थात् कस्सिएका, ठूलो कस्सिएको र लामू गर्धन भएका र लामा केश भएका तथा–

मधुपिंगलाभनयना क्रुद्धास्ते दन्तघातिनः[3] कथिताः
भर्तुश्च वत्सलाः स्युर्महाजवारूपसम्पन्नाः ॥३२२॥

महका वर्णका जस्तो आँखा भएका ई बाल्हीक घोडाहरू रिसाउँदा दाँतले टोक्दछन् भनिएको छ । फेरि यिनीहरू आफ्ना स्वामीको ज्यादै स्नेहगर्ने तथा खूब तेजी र राम्रा पनि हुन्छन् ।

वनायुजा स्युर्लघवः प्रचण्डाः
मध्यप्रमाणाश्चपला न दीनाः
वृत्तायताः कायसमाः सुनेत्राः
ह्रस्वाण्डमेढ्रास्त्वथ शंकुकर्णाः ॥३२३॥

वनायुज घोडा (३)

"वनायुज" जातका घोडा छिटा, छरिता, अग्लो तेर्सो प्रमाणमा मध्यम, चंचले, नामर्दपन नभएका, डोला (सुडौल) तथा लामा, शरीर टम्म मिलेका, राम्रा

१. दीर्घोदरपृष्ठवंशास्ते (ख) २. परिणाहायामाभ्यामधिका किन्चिन्महेक्षणाःशूराः । हृत्पृष्ठमूर्तिदीर्घा दीर्घग्रीवा दशनकेशाश्च (ख) ३. दन्त खादिन.... रूपसौन्दर्यसम्पन्नाः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आँखा भएका, अण्डकोष र लिंग छोटा भएका तथा कान ठाडा भएका यस्ता लक्षण-युक्त हुन्छन् ।

पूर्वार्द्धकायेषु समुच्छ्रितास्ते
ह्रस्वस्त्रिका भारसहाः सुसत्वाः
स्थिरैश्च[1] पादै दृढकुष्ठिकाश्च
कालांगवर्णा बहुशो भवन्ति ॥३२४॥

फेरी यी वनायुज घोडाहरू अगाडितर्फको आधाशरीर केही अग्लो भएका, त्रिकस्थान छोटा भएका, खूब भारी बोक्नसक्ने, असल स्वभाव भएका, गोडा स्थिर भएका, बलीया कुष्ठिक (खुरमन्तिरकोभाग) भएका र अंगका वर्णमा सामान्यतया काला हुन्छन् ।

अपांगदेशे विकटाः सुघोणा
मेघादिनादेष्वविशंकिनस्ते
शूरा मृगेन्द्रा इव चातिदर्पा[2]
ज्वलच्चलद्वह्नि समानरूपाः ॥३२५॥

अपांगप्रदेश विकट अर्थात् डरलाग्दा भएका, घोणा (नाकेडाँडी) राम्रो भएका, मेघ आदिको आवाजमा नतर्सने, सिंह जस्ता शूरा, अत्यन्त घमण्डी र बलेको अर्थात् भर्भराउँदो आगाको जस्तो रूप भएका तथा

रथे योक्तुं न शक्यन्ते यान्तीव[3] च पतत्रिणः
स्नायुसंयुतगात्राश्च सर्वेभ्योप्यधिका जवे: ॥३२६॥

यी घोडाहरूलाई रथमा जोत्न बडो मुश्कीलपर्दछ । हिँडाईमा ईनिहरू चरा उडेजस्तै गरी हिँड्दछन् । यिनीहरूको शरीरमा धेरै नशाहरू हुन्छन् र गतिमा सबै घोडामध्ये यी घोडाहरू विशेष तेजी हुन्छन् ।

---

१. स्थूलैश्च पादै...... कालानुवर्णा (ख)
२. इव ते विभान्ति.... दर्पोज्वलावन्हिसमानरूपाः (ख) ३. न सहन्ते च यन्त्रणाम् (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पथिपर्वतदुर्गाणां[1] मध्ये पीच्छन्ति धावितुम्
मृदंगसदृशग्रीवाः शंकुकर्णाः शुभाननाः ॥३२७॥

बाटो, पहाड र किल्लामा अर्थात् अपठयारो ठाउँमा पनि यी घोडाहरू सदा दौडन नै चाहन्छन् । यिनीहरूको गर्धन मृदंगका जस्तो अर्थात् बीचमा फुकेको तथा दुबैछेउ केही सुकेको हुन्छ । यिनीहरूका कान कीला जस्ता ठाडा हुन्छन् र मुख अत्यन्तराम्रो हुन्छ ।

गान्धारा बकवर्णाः[2] शरीरवन्तः सुसंस्थिता बलिनः
दीप्तोदग्रा पुरतः पश्चाद्विषमाश्च दीर्घाश्च ॥३२८॥

गान्धार घोडा (४)

गान्धारदेशमा हुने गान्धार जातका घोडा बकुल्लाको जस्तो वर्ण भएका प्रशंशनीय शरीर भएका, अंग अवयव मिलेका, बलीया, अगाडीका अंगहरू अग्ला उज्याला तर पछाडीका अंग भने विषम र लामा भएका हुन्छन् ।

आरट्टजासुघोणाः[3] सुदीर्घपृष्ठाश्च शंकुकर्णाश्च
वृत्तांगा दृढपादाः पूर्वार्द्धोदग्रकायाश्च ॥३२९॥

आरट्ट घोडा (५)

आरट्टज अर्थात् आरट्टदेशमा हुने घोडाहरू नाकेडाँडी राम्रो भएका, लामू र मिलेको पिठयूं भएका, ठाडा कान भएका, अंगहरू बाटुला भएका, बलीया खूर भएका र शरीरका अगाडीपट्टिको आधाभाग केही अग्ला भएका हुन्छन् ।

चाम्पेयाः स्थिरपादा एणीजंघाः सुकुष्टिका बलिनः
स्थूलाक्षिकूटशंखास्तेजोजवसारयुक्ताः स्युः ॥३३०॥

चाम्पेय घोडा (६)

चाम्पेय अर्थात् चंपानगरका घोडाहरू बलीयापाउ भएका, मृगीका जस्तो जंघा भएका, राम्रो कुष्ठिका भएका, बलीया, अक्षिकूट र शंखस्थान ठूला भएका तेज वेग र सत्वादि सारले युक्तभएका हुन्छन् ।

---

१. वन्यपर्वतदुर्गाणां मध्ये नेच्छन्ति धावितुम् (ख)
२. गान्धारा बहुवर्णाः.... दीप्तोदयाश्च.... (ख)
३. सुजघना..... अदीर्घपृष्ठाः सुकुष्ठिकाः बलिनः । स्थूलाक्षिकूटशंखा स्तेजोजवसारयुक्ता स्युः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सैन्धवकुलजा[1] वाहा बलिनस्तनुसृक्वमुष्कमेढ्राश्च
दीर्घग्रीवाः सुमुखा महाजवाः सूक्ष्मकेशाश्च ॥३३१॥

सिन्धी घोडा (७)

सैन्धवकुलमा जन्मेका (सिन्धी) घोडाहरू बलीया गीजा भएका, अण्डकोष र लिंग साना भएका, लामू गर्धन भएका, राम्रो मुख भएका, खूब तेजी र मसीना रौं भएका हुन्छन् ।

तित्तिरकुलजा[2] वाहा दीर्घग्रीवामुखास्ते स्युः
पृथुवक्षोजघनाक्षा भाराध्वसहा सुगात्राश्च ॥३३२॥

तित्तिर घोडा (८)

तित्तिर कुलमा जन्मेका घोडाहरू गर्धन र मुख लामू भएका, छाति, जाँघ र आँखा ठूला भएका प्रशस्त भारी बोक्न र बाटो हिड्न सक्ने र असल शरीर भएका हुन्छन् ।

कुलजा[3] वृत्तग्रीवा अदीर्घवक्त्राश्च दीर्घकायाश्च
तनुरोमत्वक्केशाः सुवृत्तमध्योरू कुष्ठिकाश्च ॥३३३॥

कुलज घोडा (९)

"कुल" नामक देशमा जन्मेका घोडाहरू कुलज जातका भनिन्छन् । यिनीहरू डोलो गर्धन भएका लामू नभएर छोटो मुख भएका, शरीर लामू भएका, रौं, छाला र केशहरू साना मसीना भएका, मध्यभाग, तिघ्रा र कुष्ठिका बाटुला भएका हुन्छन् ।

उपकुलजा[4] अपि कुलजैः समलिंगाः किञ्चिदायतशरीराः
आत्मसमगमाः सुसत्वा भाराध्वसहाः कर्कशाश्चैव ॥३३४॥

---

१. सैन्धवकुलजा वलिनो दृढजत्रुमहोरसो महाप्रोथाः ।
तनुसृक्वत्वग्गोला विलम्बमुष्का सुमेढ्राश्च (ख)

२. दीर्घग्रीवामुखा स्युः स्थूलाक्षास्ते महाकायाः । तैत्तिजकुलजा जविनः स्थूलहनुग्रीवमेढ्रमुष्काः स्युः (ख) ३. पृथुवक्षोजघनाक्षा भाराध्वसहा सुगात्राश्च । कुलजा....
आयतवक्त्राश्च दीर्घवालाश्च (ख) ४. तनुरोमत्वक्केशाः सुवृत्तमध्वोरुकुष्ठिका ख्याताः ।
उपकुलजाः कुलजानां समलिंगाः किन्चिदायतशरीराः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपकुलज घोडा (१०)

उपकुलमा जन्मेका घोडाहरू पनि "कुलज" घोडाजस्तै धेरैकुरामा मिल्दा जुल्दा हुन्छन् । यी उपकुलजहरूको विशेष के हुन्छ भने यिनीहरूको शरीर केही ठूलो हुन्छ र आफूले जुनप्रकारले हाँक्न सक्यो त्यसरी त्यतिनै हाँकिने, असल सत्वयुक्त, भारी बोक्न र धेरै बाटो हिंडनसक्ने तथा निक्कै कडा स्वभावका हुन्छन् ।

एवं कुलजाः कथिता दीर्घग्रीवा महोदरास्तुरगाः
कृष्णमुखा रक्तवर्णा मध्यमबलाः शंकुकर्णाश्च ॥३३५॥

कुल र उपकुलमा जन्मेका घोडाका विषयमा भनियो । अब मेचक कुलमा जन्मेका घोडाका विषयमा भनिन्छ । यिनीहरू लामू गर्धन भएका, ठूलो पेट भएका, कालो मुख भएका, रातोवर्ण भएका, बलमा मझौलाखालका र कीला जस्ता ठाडा कान भएका हुन्छन् ।

तनुगात्र ह्रस्वकूर्चा ह्रस्वखुराश्च विपुलजघनाश्च
विस्तीर्णकाकसासनककुदो वै मेचका[१] स्ते च ॥३३६॥

मेचक घोडा (११)

फेरि त्यस्तै ती मेचककुलमा जन्मेका "मेचक" जातका घोडाहरू छोटा गोलीगाँठा भएका, छोटा खुर भएका, ठूलो जाँघ भएका, काकस र आसनस्थान अर्थात् काठीकस्ने र बस्नेठाउँ र जुरोपनि फराकिलो भएका हुन्छन् ।

उपमेचकाः[२] स्युरूश्चै र्वद्धशिरोग्रीवजानुजंघाश्च
मृगाभा बहुलम्पटा सुकुष्ठिका दुर्मुखास्तुरगाः ॥३३७॥

उपमेचक घोडा (१२)

उपमेचक कुलमा जन्मेका "उपमेचक" घोडाहरू अग्ला, शिर, गर्धन, घुँडा र पिडौंला कस्सिएका, मृगजस्ता, अतिकामी, कुष्टिका (खुरका मन्तिरको भाग) राम्रा भएका र मुख नराम्रो भएका हुन्छन् ।

---

१. अल्पगतयोऽल्पसत्वा भारसहा कर्बुराश्चैते । मेचककुलजा वाहा दीर्घग्रीवा महोरसस्तुंगाः स्पष्टमुखवल्गुवर्णा मध्यबलाः शंकुकर्णाश्च । तनुर्भिगात्रैर्ह्रस्वैः कूर्च्चैश्च खुरैश्च विपुलजघनाः स्युः (ख)

२. विस्तीर्णकाकसाः स्युर्न कर्कशा मध्यमेढ्रास्ते । उपमेचकाः स्युरूच्चैर्वद्धशिरोग्रीवदुर्धरैः केशैः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रैगर्ता:[1] शशवदना शशवालाधिकेशरा: शशप्रोथा:
दृढपादा बद्धखुरा: शशवर्णा प्रायशस्तेऽश्वा: ॥३३८॥

त्रैगर्त घोडा (१३)

त्रिगर्तदेशमा जन्मेका घोडाहरू "त्रैगर्ता" भनिन्छन् । यी घोडाहरू प्रायशः खरायोको जस्तो मुख भएका र खरायोका जस्तै रौं र यालहरू प्रशस्त भएका, नाक पनि खरायोको जस्तै भएका, हातखुट्टा बलीया भएका, खुरका जोर्नीहरू टम्मसिले-का र खरायोका जस्तै वर्ण भएका हुन्छन् ।

ये चार्जुनेय[2] वाहा: पृथूदरास्ते प्रलम्वमुष्काश्च
सुवाहुमुखा: सुगन्धा: सुग्रीवा ह्रस्वपृष्ठाश्च ॥३३९॥

आर्जुनेय घोडा (१४)

अर्जुनकुलमा जन्मेका घोडाहरू "आर्जुनेय" भनिन्छन् । यिनीहरू ठूलो पेट भएका, अण्डकोष तुर्लुङ्ग झुण्डिएका, हातगोडा र मुख राम्रा भएका, असल गन्ध भएका, गर्धन राम्रो भएका र छोटो पिठ्यूं भएका हुन्छन् ।

सावित्रेयास्तुरगा[3] वाहुग्रीवान्चितानना: शूरा:
मृद्वंगा: पृथुपादा महोरस: सुन्दरग्रीवा: ॥३४०॥

सावित्रेय घोडाहरू (१५)

सावित्रेय अर्थात् सवितृ कुलमा जन्मेका घोडाहरू बाहु अर्थात् अघिल्ला २ गोडा र गर्धनसुहाउँदो मुख भएका, शूरा, कोमल अङ्ग भएका, ठूला खुट्टा भएका ठूलो छाती भएका र घाँटी निक्कै राम्रा भएका हुन्छन् ।

ह्रस्वपृष्ठा: सुदीर्घा स्थिरमांसा दीर्घकेशवालाश्च
चारूनयना: सुगन्धास्ते हनुवक्राग्रनिर्मांसा: ॥३४१॥

---

१. मृद्वंगा वल्गुसटा: सुकुष्ठिका: दुर्मुखास्तुरगा: ।
त्रैगर्ता: शशिवदना: शशिवालाधिकेसरा: शशिप्रोथा: (ख)

२. ते स्युश्चार्जुनजा वाहा: पृथूदरा: प्रलम्वमुष्काश्च ।
शुचिसमवक्रस्कन्ध ग्रीवाश्च ह्रस्वपृष्ठा: स्यु: (ख)

३. स्पष्टायतवदना: स्युश्चण्डास्तनुसूक्ष्मरोमाण: । सावित्रेयास्तुरगा घासग्रासान्विता: शूरा:
मृद्वंगा पृथुपादा महोदरा: सुप्रसन्नाश्च । शस्तोरूपष्ठदीर्घा स्थिरमांसा दीर्घकेशवालाश्च (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै ती सावित्रेय घोडाहरू छोटो पिठ्यूँ भएका, लाम्चा, कसीलो मासु भएका, रौं र याल लामा भएका, राम्रा आँखा भएका, असल गन्ध भएका, चिउँडो र मुखका अगाडिकोमासु कम्तिभएका हुन्छन् ।

यौधेया[1] भारसहाः सुखुरा वृत्तायतोद्यतग्रीवाः
कृष्णायतवक्त्राः स्युः सुतनवः सूक्ष्मरोमाणः ॥३४२॥

यौधेय घोडा (१६)

"युधि" नामक कुलमा जन्मेका "यौधेय" जातका घोडाहरू असल खुर भएका, भारी बोक्नसक्ने, सुडौल लाम्रू र ठाडो गर्धन भएका, मुख ठूलो र कालो भएका, राम्रो शरीर भएका र मसीना रौं भएका हुन्छन् ।

यावनेया[2] विस्तीर्णजघनवक्षोललाटनयनाः स्युः
साध्याः सुकुष्टिकखुरा लघुक्रमाः शंकुकर्णश्च ॥३४३॥

यावनेय घोडा १७)

यवन कुलमा जन्मेका घोडाहरू "यावनेय' भनिन्छन् । यी घोडाहरू जाँघ, छाती, निधार र आँखा ठूला भएका हुन्छन् । यिनीहरू सजिलैसँग सधाउन सकिन्छन् । यिनीहरूका कुष्टिका र खुर असल हुन्छन् । यिनीहरूको क्रम छोटो हुन्छ अर्थात् यिनीहरू छोटो कदममा खूब हिँड्छन् । यिनीहरूका कान कीला जस्ता ठाडा हुन्छन् ।

प्रियदर्शनाः सुवर्णा उष्ट्रायततनुमुखामहाकायाः
तेजःसत्वप्रथितास्तनुत्वचः सूक्ष्मरोमाणः ॥३४४॥

पूर्वोक्त यावनेय घोडाहरू हेर्दा राम्रा, असल वर्णका, ऊँटका जस्तै फुकेको ठूलो शरीर र मुखभएका, तेज र स्वभावमा प्रख्यात, छाला नरम भएका र मसीना रौं भएका हुन्छन् ।

---

१. दृढपादा अक्रूरा शशिवर्णा प्रायशस्तेऽश्वाः । यौधेया भारसहा सुखुरा वृत्तायतघनग्रीवाः (ख)

२. चारूनयनकपोलास्तनुहनुवक्त्रास्तुरंगमाः शस्ताः ।
यवनास्तुरगाविपुलाः पृथुघनवक्षोललाटनयना स्युः
दीर्घाः सुकुष्ठिकाः सुखुरा लघुक्रमाः शस्ताः । प्रियदर्शनाः सुवर्णाः स्पष्टायततनुमहाकायाः ।
तेजः सत्वोपेता तनुत्वचश्चापि सूक्ष्मरोमाणः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वीपे समुद्रस्य चरन्ति वाहाः
सन्तर्जितास्ते मधुना च पूर्वम् ।
तीर्त्वा समुद्रं यवनप्रदेशे
तुरंगमाणां जनयन्ति पुत्रान् ॥३४५॥

तर्जितयावन घोडा (१८)

"तर्जित" नामक घोडाको कुल यसप्रकारको छ । पहिले घोडाहरू समुद्रको टापूमा चरीरहन्थे । त्यही समयमा "मधु" नामक गरेको दैत्यले तिनीहरूलाई तर्साई दियो । अनि तिनीहरूले समुद्र पारगरेर यवन प्रदेश अर्थात् मुगल-साम्राज्यमा सन्तान पैदागरे ।

ते यावनास्तर्जितसंज्ञकाश्च[1] तत्तुल्यरूपा सुमहाजवाः स्युः
ज्ञेयाः प्रकृत्यानिलपैत्तिकास्ते पित्तेनचासंस्तुरगाः सुरूपाः ॥३४६॥

उपर्युक्त प्रकारबाट यवनदेशमा गएका ती घोडाको सन्तानलाई "तर्जित-यावन" भनिएको छ । तिनीहरू यावन अर्थात् मुगलप्रदेशमा जन्मेका घोडा जस्तै रूप भएका र अत्यन्त तेजी हुन्छन् । यिनीहरूको प्रकृति गरम र पित्तसम्बन्धी हुन्छ । किनभने यी घोडाहरू पित्तले गर्दा निक्कै राम्रा हुन्छन् ।

तत्रैव ह्रस्वयावन[2] संज्ञास्त्वन्ये हयास्तु ह्रस्वाङ्गाः
वृत्तांगाः शुभगात्राः शुभसाराः शुभशफजवा स्युः ॥३४७॥

ह्रस्वयावन घोडा (१९)

तिनै "तर्जित यावन" जातका घोडामा "ह्रस्वयावन" भन्ने अर्को जाति पनि छ । यिनीहरूको शरीर छोटो, अङ्ग सुडौल, शरीर असल, सार पनि असल भएका तथा खुर र वेगपनि असल भएका तथा –

---

१. तेजस्विनस्तर्जितसंज्ञिकाश्च तत्तुल्यरूपाः सुमहाजवाः स्युः । ज्ञेया प्रकृत्या निजया सपित्तास्ते-भ्योऽपि जातास्तुरगाः सुरूपाः (ख)

२. त एव ह्रस्वा यवनसंज्ञास्त्वन्ये हयाः प्रोक्ताः ।
ह्रस्वांगा शुभगात्राः शुभसाराः शुभजवाश्चापि । शुभरोमवालकेशाः सुभगा सुमेढ्काः–सुरूपाश्च (ख) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुभरोमवालकेशाः सुभगाः शुभमेधसः सुरूपाः स्युः
प्रियदर्शना मनोज्ञास्तेजोजवसारसंयुक्ताः ॥३४८॥

फेरि ती ह्रस्वयावन घोडाहरू याल र केश असल भएका, राम्रा, बुद्धिमान्, रूपवान्, देख्ता राम्रा लाग्ने, मनोभावना जान्ने, तेज, जव र सारले युक्तभएका हुन्छन् ।

एवन्तुरूष्ककाश्च[१] जवसत्वसमन्विता महाकायाः
भाराध्वक्लेशसहा रणवीरा पृथुवक्षसश्चापि ॥३४९॥

तुरूष्क (ताजीतुर्की) घोडा (२०)

यस्तै तुरूष्क अर्थात् तुर्की जातमा जन्मेका घोडा जव र सत्वले युक्तभएका, ठूलो शरीर भएका, भार अर्थात् गह्रौं भारी बोक्नसक्ने र बाटो हिँड्न सक्ने, ठूलो दुःख कष्ट खप्न सक्ने, रणसंग्राममा वीरताले युक्तभएका र छाती फुकेका हुन्छन् । (कसैको मतमा "तुरूष्क" घोडालाई "तुषार" घोडा भनिएको पाठान्तर देखिन्छ) त्यस्तै–

दृढमेधसः सुशीला बलवन्तस्ते मनस्विनश्चित्राः
पृथुजघना दृढपादाः सुकुष्ठिकाः स्युः सुरैस्तुल्याः ॥३५०॥

यी तुर्कीघोडाहरू खूब धारणशक्ति भएका, असल शीलस्वभाव भएका, बलीया, मनकारी, अनेक वर्णले चित्रविचित्र भएका, ठूलो जाँघ भएका, बलीया खुट्टा भएका, असल कुष्ठिकाभएका र देवताका जस्तै पराक्रम गर्नसक्ने हुन्छन् ।

अश्वास्तु कौक्कुटेया दृढपादाः सूक्ष्मकेशरोमाणः
स्थूलत्वचः सुशीलाः सुकुष्ठिकाः कायवन्तश्च ॥३५१॥

कौक्कुटेय घोडा (२१)

बलीया खुट्टा भएका, केश र रौँ (शरीरभरका रौँ) मसीना भएका, मोटो छाला भएका, असल शीलस्वभाव भएका, असल कुष्ठिका भएका र शरीर खूब मिलेका यस्ता लक्षणलेयुक्त "कुक्कुट" देशमा जन्मेका घोडा "कौक्कुटेय" घोडा हुन् ।

---

१. प्रियदर्शना मनोज्ञास्तेजो जवसत्वसंयुक्ताः । एवं तुषारकाश्वा जवसत्वबलान्विता महाकायाः भाराध्वक्लेशसहाः स्वेच्छाचाराः पृथूदरोरस्काः । दृढमेधसः सुशीला बलवन्तस्ते मनस्विनश्चित्राः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाहास्तु[1] पार्वतेयाः पूर्वशरीरेषु संस्थितास्ते स्युः
पश्चार्द्धेषु च विषमा स्तनूदराः ह्रस्वपृष्ठाश्च ॥३५२॥

पार्वतेय घोडा (२२)

पार्वतेय घोडाहरू शरीरको अग्रभाग खूबराम्रोसंग मिलेका हुन्छन् तर तिनीहरूको पछाडिपट्टिकोभाग भने विषम अर्थात् अड्वेखड्वे भैं नमिलेको हुन्छ । फेरि यिनीहरू सानो पेट र छोटो पिठ्यूं भएका हुन्छन् ।

आवन्त्याः[2] पृथुलांगाः पृथुजघना स्थूलकेशरोमाणः
औरस्याः पृथुजंघा महोदराः सुदृढपादाश्च ॥३५३॥

आवन्त्य घोडा (२३)

अवन्तिदेशका घोडाहरू अङ्गप्रत्यङ्गहरू मोटा भएका, ठूलो जाँघ भएका, रौं र केश पनि ठूला अर्थात् मोटा भएका, छाती, जंघा र पेट ठूलो भएका र अत्यन्त बलीया हातखुट्टाभएका हुन्छन् ।

काश्मीराः[3] शुद्धाक्षा विपुलललाटाः सुसंहताः सुखुराः
तन्वायतवक्त्राः स्युस्तन्वंगाः शंकुकर्णाश्च ॥३५४॥

काश्मीरी घोडा (२४)

काश्मीरप्रदेशका घोडाहरू असल आँखा भएका, ठूलो निधार भएका, गठीलो शरीर भएका, असल खुर भएका, खिरिलो र लामू मुख भएका, चिटिक्क परेको शरीर भएका र कीलाका जस्ता ठाडा कान भएका हुन्छन् ।

अश्वास्तु सकामकजाः[4] शकनदीतीरजाः समुद्दिष्टाः
पूर्वार्धैस्युरूदग्रा पश्चादधायिता जवनाः ॥३५५॥

---

१. स्थूलत्वचः सुशीलाः सुकुष्ठिकाः कायवर्तुलाश्चैव । अश्वास्तु पार्वतीयाः पूर्वशरीरेषु संस्थितास्ते स्युः (ख) २. पश्चार्धेषु च विषमाः तनूदरा ह्रस्वपृष्ठाश्च । आवन्त्याः स्थूलांगाः पृथुवक्षोजघनसूक्ष्मरोमाणः (ख) ३. औरस्याःपृथुजंघा दृढपादा महोदरोरस्काः । काश्मीराः शुद्धाक्षा विपुलसटाः सुसंहताः सुखुराः (ख)

४. स्पष्टायत तनुवक्त्रास्तुरगास्तु शंकुकर्णास्ते । अश्वास्तु कानना वै शुभाननास्ते पुनः समुद्दिष्टाः। पूर्वार्धे स्युरूदग्राः पश्चार्धेचोद्यता जविनः । हेषन्ते प्रत्यक्षं दृष्ट्वा बडवां च शंकुकर्णास्ते (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सकामक घोडा (२५)

सकामक घोडाहरू शक नामगरेको नदीका तीरमा हुन्छन् भनी निर्देशन गरिएको छ। यी घोडाको शरीरको अगाडीको आधाभाग अग्लो हुन्छ र पछाडीको आधा भागभने केही चौडा हुन्छ। यिनीहरू खूब तेजी हुन्छन्। (यी सकामक घोडालाई ग्रन्थान्तरमा "कानन" घोडा भनिएको छ)।

ह्लेषन्ते येन्याश्वं दृष्ट्वा बडवां च शंकुकर्णास्ते
महाजवा दृढपादा उष्ट्राक्षाः उष्ट्रवक्त्राश्च ।।३५६।।

अरू घोडा वा घोडीलाई देख्ने वित्तिकै हिन्हिनाउने, कीला जस्ता ठाडा कान भएका, हातगोडा बलीया भएका, ठूलो वेग भएका, ऊँटका जस्ता आँखा र मुख भएका यस्ता यी लक्षणपनि सकामक घोडाकै हुन् भनिएको छ।

वाहास्तु पार्वतेया वलान्विताः स्निग्धकेशवालाश्च
वृत्तास्ते दृढपादा महाजवाश्चातिविख्याताः ।।३५७।।

पार्वतेय घोडा (२६)

हिमालय पर्वतमा हुने पार्वतेय घोडाहरू अत्यन्त बलवान्, केश र वाल (याल) चिल्ला भएका, बाटुला, बलीया हातगोडा भएका र खूब तेजी हुन्छन् भनेर प्रसिद्ध छन्। (यी घोडाहरू हिमवतपर्वतीय घोडा हुन् अर्थात् हिमालयको प्रान्तमा रहनेघोडाहुन्)।

आजानेयाश्चैव कथिता निखिलाः पृथक्पृथक्त्वेन
षड्विंशतिरश्वानां समुदायो वक्ष्यते त्वधुना ।।३५८।।

यसरी २६ प्रकारका कुलीन घोडाहरू बेग्ला बेग्लै गरी वर्णन गरिए। अब यिनै २६ प्रकारका आजानेय अर्थात् कुलीन घोडाहरूको सामुदायिक अर्थात् सर्व-साधारण गुणका विषयमा भनिन्छ।

'आजानेयास्तुरंगा दृढघनचरणा वर्ष्मवन्तः सुनेत्राः
भूयिष्ठं वर्णतेजः प्रकृतिगतिगुणैर्वर्णिता ह्लस्वमुष्काः।
संग्रामे भर्तृवश्याः प्रवलबलयुताः सत्यसन्धाः सुसत्वाः
आयुष्मन्तोऽल्परोगा मृदुतरसुमहादीर्घनिर्मांसवक्त्राः ।।३५९।।

---

१. आजानेया...... दृढचरणयुता.... भूयिष्ठं वर्णयुक्ता.... गुणैर्रचिता.... प्रवलजवयुता.... शुद्धसत्वाः सुशीला.... मृदुतनु.... (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आजानेय (कुलीन) घोडाहरू बलीया दह्रा हातगोडा भएका, राम्रो शरीर भएका, राम्रा आँखा भएका, वर्ण, तेज, स्वभाव, हिँडाइ र गुणहरूले गर्दा ख्याति-प्राप्त, छोटा अण्डकोष भएका, लडाइँपर्दा आपना स्वामीले जे जस्तो गरेपनिमान्ने, अत्यन्त बलीया, दृढनिश्चय भएका, असल स्वभाव भएका, धेरै समयसम्म बाँच्ने, प्रायशः निरोगी, अत्यन्त कोमल, ठूलो लामू र मासु कम भएको मुख भएका हुन्छन् तथा

सुविभक्तोपचितांगाः सुसंहतांगा ह्रस्वपृष्ठखुरकर्णाः
बल[1] तेजसा च युक्ता जितेन्द्रियाः क्षुत्पिपाससहा ।।३६०।।

अङ्ग प्रत्यङ्ग जहाँ जे जस्तो हुनुपर्छ त्यस्तै भएका, सबै अङ्ग गठीलो भएका, पिठ्यूँ, खुर र कान छोटा भएका, बल र तेजले युक्तभएका, इन्द्रियजितेका अर्थात् सहसा नउछिल्लिने, भोक तिर्खा सहन सक्ने तथा–

शुभकायाः[2] शुभगन्धाः शुभसत्वाः सुस्वराः शुभच्छायाः
शुभलक्षणाश्च शुभगा न कर्कशास्ते जितक्रोधाः ।।३६१।।

शरीर, गन्ध र सत्व असल भएका, स्वर, छाया र लक्षणपनि असल भएका, राम्रा, कर्कश स्वभाव नभएका र सहसा नरिसाउने तथा–

निशितास्त्र[3] भिन्नकाया यस्मान्नायान्ति विह्वलीभावम् ।
आजानेया वाहा स्तस्मादेते शुभा समुद्दिष्टा ।।३६२।।

यी कुलीन घोडाहरू तीखा तीखा अस्त्रको मार पर्दापनि विचलित हुँदैनन् तसर्थ यी आजानेय (कुलीन) घोडाहरू असल मानिएका हुन् ।

एते विभिन्नदेहा विनिर्गतान्त्रा गताश्च मृत्युवशं
यावत् पृष्ठे भर्ता तावत् प्राणान्नमुन्चन्ति ।।३६३।।

यस्ता यी आजानेय (कुलीन) घोडाहरू शरीर छिन्न भिन्न भएर आन्द्रा-निस्केर मर्नुपर्ने स्थिति आइपर्दापनि जहाँसम्म आफ्नू स्वामी आफ्ना पिठ्यूँमा रहन्छ त्यहाँसम्म प्राण छोड्दैनन् ।

---

१. ......बलतेजसारयुता...... क्षुत्पिपासभारसहाः (ख) २. शुभकायाशुभरूपाः शुभगन्धाः शुभस्वराःशुभस्थास्ते (ख) ३. निशितास्त्रभिन्नकाया संज्ञां न जानान्ति विह्वलास्त-स्मात् (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आजनेय हयानामेतत्सर्वं समासतः कथितम्
विस्तरभयान्नचोक्तम्[1] शेषाणां वाजिनां सकलम् ॥३६४॥

आजानेय घोडाका विषयमा यतिकुरामात्रै संक्षेपमा भनियो। बाँकी अरू घोडाहरूका विषयमा ग्रन्थ ज्यादै ठूलो हुने डर भएकोले विस्तृत वर्णन गरिएन।

इति श्रीदुर्ल्लभसुतगणकृते अश्वायुर्वेदे (सिद्धसंग्रहे) कुलाध्यायः अष्टमः

यो दुर्लभसुतगणकृत अश्वायुर्वेद (सिद्धसंग्रहको) कुलाध्यायनामक आठौं अध्याय समाप्त भयो।

नवौं अध्याय

कुलानां लक्षणं प्रोक्तं वयसो ज्ञानमुच्यते
दुर्विज्ञेयं[2] प्रकृतितस्तदिहैकमना श्रृणु ॥३६५॥

घोडाका कुलका विषयमा भनियो। अब उमेरका विषयमा भनिन्छ। (घोडाको उमेर) साधारणतया प्रकृतिबाट थाहा पाउन गाह्रो छ। त्यसकारण खूब एकाग्रचित्त भएर सुन।

वयसो ज्ञानं द्विविधं वाह्यं चाभ्यन्तरं च निर्दिष्टं
वाह्यं बहिः शरीरजमाभ्यन्तरमपिदेहदशनस्थम् ॥२६६॥

घोडाको उमेरको ज्ञान बाहिरी र भित्रीगरी दुईप्रकारबाट छुट्याउन सकिन्छ भनिएको छ। त्यसमा बाहिरी शरीरका अवयवबाट र भित्री शरीरको भित्रीभागमा रहेका दाँतबाट छुट्याउन सकिन्छ।

प्रथमे मासे शावः सन्दशैः किन्चिदुद्गतैर्ज्ञेयः
व्यक्तैश्च तैर्द्विमासः षट्पक्षो मध्यमैर्जातैः ॥३६७॥

---

१. विस्तरभयान्नचोक्तम् कुलजानां लक्षणं हि शेषाणाम् (ख) (शालिहोत्रको मतमाकाम्वोजी घोडाको उपकुल (खच्चड) वनायुज, आरट्टज र वाल्हीक हुन् र वनायुजको उपकुल गान्धार हुन्। आरट्टजको उपकुल वाहेय र सिन्धीको उपकुल तैत्तिर हुन् भनिएको छ। (तत्र काम्वोजानांमुपकुलंवनायुजमारट्टजं वाल्हीकाश्च। वनायुजानामुपकुलंगान्धाराः। आरट्टजानां वाहेया। सैन्धवानां तैत्तिराः)

२. ....वयोज्ञानविदोलोके यस्मात्सर्वजनप्रियाः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाको एकमहीनाको बच्चालाई सावः भनिन्छ र यसका दनसा केवल पोटाएकामात्र अर्थात् दनसा केही उठेकामात्र हुन्छन् । ती दनसा प्रष्टरूपमा पोटाएका छन्भने त्यो बछेडा दुईमहीनाकोमात्र हुन्छ र माझका दाँत उम्रेका भए त्यो बछेडा तीनमहीनाको रहेछ भन्ने जान्नु ।

पूर्णैर्मध्यमदशनैः[१] सन्दंशैश्चैव पन्चमे मासे
ज्ञेयस्त्वष्टम नवमे संपूर्णै पारिभक्षैश्च ।।३६८।।

माझकादाँतसहित अगाडिका सबैदाँत पूर्णहुँदा घोडाकोबच्चा पाँच-महीनाको हुन्छ । आठौं र नवौं महीनामा पारिभक्ष नामक दाँत अर्थात् बंगारा पनि निस्कन्छन् । (कुनैग्रन्थमा घोडाको बच्चा पाँचमहीनाको पुग्दा माझको दाँत-सहित सबैदाँत उम्रीसकेका हुन्छन् । ती पाँच महीनाका दाँत विचारगर्दा मात्र जानिने अत्यन्त मसीना रातो र ध्वाँसे वर्णका हुन्छन् । अनि छ महीनाको पुग्दा दाँतका अगाडिका टुप्पाहरू तीखा भइसकेका हुन्छन् । सात महीनाको पुग्दा जम्मै दाँत निस्किसकेका हुन्छन् । आठ महीनामा दाँत सेता हुन्छन् र नवौं महीनामा घोडाका बच्चाका चपाउने दाँत अर्थात् पारिभक्ष सहित सबै दाँत पूर्ण हुन्छन् पनि भनिएको छ र यसलाई उमेरको पहिलो खुड्किलो हो भन्ने कुरा देखिन्छ) ।

सितदशनः प्रथमेब्दे कषायदशनो भवेद्द्वितीयेतु
पतितोत्थितसन्दंश[२] स्त्रिहायनः कीर्तित स्तुरगः ।।३६९।।

एकवर्षको घोडाका दाँत सेता हुन्छन्, दुईवर्षे घोडाका दाँत कषाय अर्थात् केही कैलोवर्णका हुन्छन् । अगाडीका दाँत फुक्लेर उम्रँदा घोडाको उमेर तीनवर्षको पुगिसक्छ भनिएको छ । (अगाडीको दाँत साटेको घोडा तीनवर्षभन्दा घटी हुँदैन) ।

मध्यमदशनैः पतितैः समुद्गतैः स्याच्चतुःसमोवाजी
पन्चाब्दकोऽपिकथित श्च्युतोत्थितैः पारिभक्षैश्च ।।३७०।।

---

१. .... पन्चमेमासि । लक्ष्यालक्ष्यासुसूक्ष्मा राजीधूम्रारूणा तु सन्दंशैः । स्यात्पूर्णाग्रैर्दन्तैः स तु चाल्प षाण्मासिको वाजी । प्रोद्भिन्नैरनुभूतैर्विज्ञेयः साप्तमासिको विज्ञैः । सन्दंशाभ्यां तुरगः शुक्लाभ्यामष्टमासिको ज्ञेयः । ज्ञेयश्च शिशुर्नवमे संपूर्णैः पारिभक्षैश्च (ख)

२. पतितोत्थितैश्च दशनैस्त्रिहायनः कीर्तितस्तुरगः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माझका दाँत झरेर उम्रँदा घोडा चारवर्ष पुगेको हुन्छ। घोडाका पारिभक्ष अर्थात् चपाउने दाँत बंगारा समेत झरेर उम्रीसक्दा घोडा पाँचवर्ष पुगिसकेको हुन्छ । (घोडाको ५ वर्ष पुग्दासम्मको समय बालख नै भनिन्छ भन्ने शुक्राचार्यको भनाइ छ, उनी भन्दछन् ,,वाल्यमश्ववृषोष्ट्राणां पन्चसंवत्सरं मतम्, मध्यमयावत् षोडशाब्दं वार्द्धकन्तु ततः परम्–अर्थात् घोडा, साँढे र ऊँटको ५ वर्षसम्म बाल्यकाल, ६ देखि १६ वर्षसम्म यौवनकाल र त्यसपछि बूढ्याइँ हुन्छ। घोडाको दाँत उम्रने विषयमा शुक्राचार्य भन्दछन् कि "अश्वस्य षट् सिता दन्ता प्रथमाब्दे भवन्ति हि" अर्थात् घोडाकासेता छओटा दाँत एकवर्षमानै हुन्छन्। अनि ६ वर्षदेखि ३२ वर्ष-सम्म व्यन्जनबाट उमेरको ज्ञानगर्न सकिन्छ) ।

तस्मिन् काले वाजी पतितोत्थितसर्ववक्रजो[1] बलवान्
स्निग्धाक्षिवर्णदशनो हृष्टः सर्वांगसंपूर्णः ॥३७१॥

त्यो समयको घोडा अर्थात् ५ वर्ष पुगिसकेको घोडा सबै दाँत झरेर उम्री-सकेको, बलीयो, आँखा र दाँत चिल्ला र टल्कने भएको, हृष्टपुष्ट र सबै अङ्गले परिपूर्ण भएको हुन्छ ।

पूर्णवलो दंष्ट्रावान् प्रसन्न मुदितेन्द्रियः सुरोमा च
पन्चसमो भवति हयस्तेजस्वी सर्वकर्मसहः ॥३७२॥

५ वर्ष पुगेको घोडा पूर्ण बलबान्, बंगारा उम्रीसकेको अर्थात् सबै दाँतले परिपूर्ण भएको, प्रसन्न, सम्पूर्ण इन्द्रियहरू तगडा भएको, रौँहरू पनि निक्कै राम्रा भएको, तेजस्वी र सबैकाम गर्न समर्थवान् हुन्छ ।

ह्रस्वास्तनवः सुसमाः पृथ्वग्राः क्षीरसंनिभाश्चैव
मूले[2] सुसमाच्छिद्रा दन्ताः कैशोरका ज्ञेयाः ॥३७३॥

छोटा, मसीना, पंक्ति टम्म मिलेका, अगाडिपट्टि केही ठूला, दूध जस्तै सेता, दाँतका फेदपनि टम्म मिलेर छिद्र नभएका यस्ता दाँत किशोरघोडाका हुन्छन् भनी जान्नु ।

१. पतितोत्थितदन्तचक्रको.... स्निग्धाज्यवर्णदशनैदृश्य...... (ख)
२. .... सरला सुसंज्ञिता वै दन्ता.... (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्वेताश्च दीर्घाश्च सुसंहताश्च
तीक्ष्णाग्रसंस्था विपुला दृढाश्च
मध्ये विभक्तास्त्वथ मूर्ध्नि निम्ना-
श्च्युतोत्थितास्ते दशना प्रदिष्टाः ॥३७४॥

घोडाका सेता, लामा, टम्ममिलेका अग्रभाग धार भएका अर्थात् धारिला भएका, ठूला, मजबूत, माझमा, केही फट्टिएका जस्ता र टुप्पामा गहिरिएका यस्ता दाँत एकपल्ट झरेर पलाएकादाँत हुन् भन्ने जान्नु ।

प्रथमेब्दे[1] संदंशे वर्षे वर्षे च मध्यदन्तेषु
व्यन्जनमश्वस्यभवेत्र्याब्दादारभ्यदन्तेषु ॥३७५॥

घोडा एकवर्षको हुँदा अगाडिका दाँतमा व्यन्जन अर्थात् दाँतमा लाग्ने कालोचिन्ह लाग्दछ र दुइवर्ष र तीनवर्षको हुँदा माझका दाँतमा पनि व्यन्जन लाग्दछ । घोडा तीनवर्षको पुगेपछि क्रमशः बाँकीदाँतमा व्यन्जन लाग्दै जान्छ । (कुनै ग्रन्थमा षष्टादारभ्यदशनेषु" अर्थात् छ वर्षको शुरुदेखि व्यन्जन शुरु हुन्छ भनिएको पनि छ)।

कृष्णा[2] हरिणी शुक्लाकाचात्वथ माक्षिका चैव
शंखोलूखलचलनं पतनं क्रमएष व्यन्जनानान्तु ॥३७६॥

कृष्णा, हरिणी, शुक्ला, काचा, माक्षिका, शंख, उलूखल, चलन र पतन दाँतमा हुने व्यन्जनको क्रम यस्ताप्रकारको रहेको छ ।

रेखाऽऽयता तीर्यगरिष्टवर्णा
कृष्णा[3] भवेत्वंन्जनभृंगसन्निभा
तन्त्रीसवर्णा हरिणी प्रदिष्टा
शुक्ला दधिक्षीरसमानवर्णा ॥३७७।

दाँतमा हुने रेखाहरू अर्थात् व्यन्जनहरू लामा, तेर्छा, रिठाका गेडा (भित्री गेडा)को जस्तो कालोवर्ण भएका, गाजल र भुमराको जस्तो वर्णभएका रेखाहरू

---

१. प्रथमेऽब्दे सन्दंशे द्वित्रिसमे मध्यमान्तेषु । व्यन्जनमश्वेषु भवेत् षष्ठादारभ्य दशनेषु (ख)
२. कृष्णा हरिणी शुक्ला सिता काचा च मक्षिका चैव । शंखच्छिद्रं चलनं व्यन्जनमेतत्क्रमेण-विज्ञेयम् (ख) ३. .... कृष्णा भवेत्षट्पदसंनिभा वा (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णा अर्थात् काला भनिन्छन् । वीणाका तारको जस्तो वर्ण भएका रेखाहरू हरिणी (हरीया) भनिन्छन् र दही र दूधकाजस्तो वर्णभएका रेखाहरू शुक्ला (सेता) भनिन्छन् तथा–

[1]सितसिद्धार्थकवर्णा काचा कपित्थकोद्रवसमानाभाः
या मक्षिकासवर्णा ज्ञेया सा माक्षिका निपुणैः ॥३७८॥

सेतो सर्स्यूंका (गेडाका) जस्तो वर्णभएका व्यञ्जन पनि सेता भनेर मानिन्छन् । कयथ (फलविशेष) र कोदोको जस्तो वर्णभएका व्यञ्जन "काचा" भनिन्छन् र जुन् व्यञ्जनको वर्ण मौरीको जस्तो छ त्यसलाई माक्षिका भनिन्छ भनी अश्वशास्त्रजान्ने विद्वान्‌ले भनेका छन् ।

शंखं[2] शंखदलोपममुलूखलं दन्तजं तथा छिद्रम्
विद्याच्चलितैर्दन्तैश्चलनं पतने तु पतनं स्यात् ॥३७९॥

शंखकाजस्तो वर्णभएका व्यञ्जनलाई शंख, दाँतका बीचबीचमा हुने छिद्रलाई उलूखल, दाँत हल्लनुलाई "चलन" र दाँत झर्नुलाई "पतन" भन्ने संज्ञा दिइएको छ ।

कृष्णा[3] हरिणी च तथा शुक्ला काचाथ माक्षिका चैव
शंखोलूखलचलनं ध्वंसश्चैष क्रमः कथितः ॥३८०॥

घोडाका दाँतको विषयमा कृष्णा, हरिणी, शुक्ला, काचा, माक्षिका, शंख उलूखल, हल्लनु र झर्नु यति कुरा क्रमशः हुन्छन् भन्ने क्रम बताइएको छ ।

षष्टेऽब्दे[4] संदंशे सप्ताब्दे मध्यमेषु दशनेषु
अष्टाब्दोन्ये कृष्णा हरिणीमथ संप्रवक्ष्यामि ॥३८१॥

घोडा छ वर्षको हुँदा उसका अगाडिका दाँतमा कालोचिन्ह लाग्दछ । अनि सातवर्षको हुँदा माझका दाँतमा कालोचिन्ह लाग्दछ । आठ वर्षको भएपछि अरू दाँत कृष्णव्यञ्जनयुक्त हुन्छन् । अब हरिणीका विषयमा भनिन्छ ।

१. सिता सिद्धार्थकवर्णा काचा किन्चित्तु कोद्रवसवर्णा.... मक्षिका निपुणैः (ख)
२. शंखं शंखदलोपमामूलूखलं दन्तमध्यजच्छिद्रम् । विन्द्याच्चलितैश्चलनं दन्तैः पतनं तु–पतितैश्च (ख) ३. एवं कृष्णा शुक्ला काचा च मक्षिका चैव । शंखोलूखलचलनं भ्रंशश्चैषां क्रमः कथितः (ख)
४. षष्टेऽब्दे सन्दंशे मध्यमदशनेषु षड्गवे वर्षे । कृष्णाऽष्टमे तु वर्षे विज्ञेया पारिभक्षेपु (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नवमे[1] दशमे वर्षे एकादशे च तथा दशनेषु
सन्दंश मध्यमान्तेषु वाजिनमालक्षयेन्मतिमान् ।।३८२।।

घोडाको उमेर नौ, दश र एघार वर्षको हुँदा त्यसका दाँत (संदंश, मध्यमदन्त र अरू दाँतहरू) क्रमशः पहेंलो वर्णका, भएर हरिणीव्यञ्जनयुक्त अर्थात् हरीया हुन्छन् भन्ने कुरा बुद्धिमान् व्यक्तिले ठहऱ्याओस् ।

एवं सितां द्वादशके तु वर्षे
त्रयोदशे चैव चतुर्दशे च
सन्दंश मध्यान्त मुखोद्भवेषु
समुत्थितां विद्धि तुरंगमस्य ।।३८३।।

अनि घोडाको उमेर क्रमशः बाह्र, तेह्र र चौध वर्षको पुग्दा त्यसका दाँतहरू क्रमशः (१२ वर्षमा सन्दंशमा, १३ वर्षमा मध्यदन्तमा र १४ वर्षमा बाँकीअरू दाँतमा) व्यञ्जनलेयुक्तभएका हुन्छन् । अतः घोडा बाह्रवर्षको पुग्दा त्यसका दाँतमा शुक्लव्यञ्जन पैदा हुन्छ भन्ने जान्नु ।

काचा[2] पन्चदशेऽब्दे षोडशके सप्तदशे च वाहानाम्
अग्रिममध्यमदशनेषु परिभक्षेष्वपि च विज्ञेया ।।३८४।।

घोडा पन्ध्र, सोह्र र सत्रवर्षको पुग्दा उसका दाँत काँच जस्ता व्यञ्जनलेयुक्तभएका हुन्छन् । यो व्यञ्जन अगाडीका दाँत, माझका दाँत र बंगारामा पनि क्रमशः हुन्छ भन्नेकुरा जान्नु ।

अष्टादशे तथोनविंशतितमेऽब्दे तथा विंशे
सन्दंश मध्यमान्तेषु वाजिनां माक्षिका कथिताः ।।३८५।।

घोडा अठार, उन्नाईस र बीस वर्षको पुग्दा त्यसका दाँतमा माक्षिकाव्यञ्जन अर्थात् मौरीका वर्ण जस्ता रेखाहुने व्यञ्जन हुन्छ । (शुक्राचार्यको मतमा "अष्टादशाब्दतस्तो हि मध्वाभौ भवतः क्रमात्" अर्थात् घोडाको उमेर १८ वर्षको पुगेपछि त्यसका दाँत महको रङ्गका जस्तो वर्ण भएका हुन्छन् भन्ने पनि देखिन्छ) ।

---

१. हरिणी नवमे दशमे वर्षे चैकादशे तु दशनेषु । सन्दंश मध्यमान्ते वाजिनमालक्षयेन्मतिमान् । एवं क्रमेण शंखं छिद्रं चलनं पतनं तदेषु । त्रीणि त्रीण्यब्दानि तु वाहानां निर्दिशेत्प्राज्ञः (ख)

२. काचा पन्चदशे वै षोडशको तदुत्तरे च वाहानाम् । अग्रिम मध्यमदशनेष्वथ पारिभक्षेषुचादेश्या (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एवं क्रमेण शंख च्छिद्रं चालश्च्युतिश्च दशनेषु
ज्ञेयं भूप हयानां व्यन्जनमानम् त्रिके त्रिके वर्षे ॥३८६॥

हे राजन् ! यस्तो उपर्युक्त क्रमले घोडा बीस वर्षको हुँदा घोडाका दाँतमा माक्षिका आदि व्यन्जन देखिन्छन् र त्यसपछि तीन तीन वर्षमा क्रमशः शंख, छिद्र, चलन र पतन यति ४ चिन्ह देखिँदै घोडा ३२ वर्षको हुँदा उसका दाँत झर्दछन् । (व्यन्जन उत्पन्नहुने कुरामा कसैको मतमा ३।३ वर्षमा र कसैको मतमा २।२ वर्षमा हुन्छ भन्ने लेखिएको छ जस्तै गर्गगणकृत ग्रन्थमा "त्रीणी त्रीण्यब्दानि" भन्ने र जयदत्त कृत अश्वशास्त्रमा "द्वौ द्वौ वर्षेण जानियात् वाजिनां व्यन्जनं प्रति" भनेर दुई दुई वर्षमा व्यन्जन निस्कन्छ भन्ने पनि देखिन्छ (शुक्राचार्यको मतमा पनि 'छिद्रं सन्चलनं पातो दन्तानान्च त्रिके त्रिके" अर्थात् घोडाका दाँतहरू छिद्रपर्ने, हल्लने र झर्ने काम ३।३ वर्षमा हुन्छ भन्ने देखिन्छ ।)

तेजस्वी[1] भिन्नदेहः समरवरगुणः सत्ववानुत्कचेताः
स्निग्धांगश्चारुकेशः परमबलजवः स्नेहसंपूर्णकायः
क्षुतृड्भारार्तिशीतातपपवनसहः सुप्रसन्नेन्द्रियात्मा
पुल्लिगैस्तैंरूपेतो भवति गतभयः कालिकाव्यन्जितोऽश्वः ३८७॥

कालिका व्यन्जनयुक्त घोडा

जब घोडामा कालिका नामक व्यन्जन अर्थात् दाँतमा हुने कालारेखा उत्पन्न हुन्छन् (यो चिन्ह ६ वर्षदेखि ८ वर्षसम्ममा हुन्छ) यो समयमा घोडा तेजस्वी (फुर्तिलो) अङ्गप्रत्यङ्ग प्रष्ट देखिने, रणसंग्राममा चाहिने गुणहरूले युक्त, सत्वयुक्त, खूब टाठोमन भएको, अङ्गहरू चिल्ला भएको, केशहरू राम्रा भएको, ठूलो बल र गतिले युक्तभएको, सम्पूर्ण अङ्गहरू हृष्टपुष्ट भएको, भोक, प्यास, बाटो हिंड्दा उत्पन्न हुने थकाई, गर्मी, जाडो, हावा आदि सहन सक्ने, सम्पूर्ण इन्द्रिय-हरू बलीया (निरोगी) भएको, पुरुषमारहनेचिन्ह अर्थात् शूर वीर आदि गुणले युक्तभएको र कत्तिपनि डर नमान्ने हुन्छ ।

---

१. हृष्ट संपूर्णमांसं समुदितगजवन्मेघनादः क्षमावां । स्तेजस्वी सत्वयुक्तः परमवलजवः सर्व संपूर्णकायः । क्षुत्तृड्भाराध्वशीतातपपवनसहः सुप्रसन्नेन्द्रियात्मा । चैर्भिलिंगैरूपेतो भवति गतवयाः कालिकाव्यन्जनोऽश्वः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थिरमांसः स्तेजस्वी बलवान् क्षुत्तृडसहोध्वंभारसहः[१]
रूपयुतो घननादः स तु हरिणीव्यन्जनो वाजी ॥३८८॥

हरिणी व्यञ्जनयुक्त घोडा

जब घोडामा "हरिणी" नामक व्यञ्जन उत्पन्न हुन्छ अनि त्योघोडा कस्सिएका मांसपेशी भएको, तेजस्वी, बलियो, भोक, तिर्खा, सहनसक्ने र बाटो खूब हिंड्नसक्ने, बोझ सहनसक्ने, राम्रो र मेघका जस्तो स्वर भएको हुन्छ ।

बलजवतेजोरूपैः[२] प्रहीयमाणस्तु किन्चिदुत्थितैर्बलिभिः
निचितोललाट परितः शुक्लाख्यव्यन्जनो वाजी ॥३८९॥

शुक्लाव्यञ्जनयुक्त घोडा

जब घोडाको दाँतमा शुक्ला नामक व्यञ्न उत्पन्न हुन्छ त्यो समयमा घोडा बल, वेग, तेज र रूपले क्रमशः हीनहुँदै गएको र वलीहरू केही उठेको अर्थात् निधारमा केही चाउरी पर्न सुरुगरेको हुन्छ ।

निर्मांसो जवहीनः सस्नायुः स्थूलजानुकः क्लीवः
दुर्वर्णदीनवदनः[३] स्यात् काचाव्यन्जनो वाजी ॥३९०॥

काचाव्यञ्जनयुक्त घोडा

जब घोडाको दाँतमा काचा नामक व्यञ्जन उत्पन्न हुन्छ अनि त्यो घोडा शरीरमा मासु ज्यादै कम्ती भएको अर्थात् दुब्लो, वेग नभएको, नसाहरू देखिने, घुँडाहरू ठूला भएको, नराम्रो अनुहार भएको र मलीन मुखलाउने हुन्छ तथा पुंशक्ति पनि क्षीणभएको हुन्छ अर्थात् नपुंसक हुन्छ ।

[४]पलितवलीकर्णांगो विशीर्णदन्तश्च गतबलोत्साहः
हिनांगो मन्दगतिः स माक्षिकाव्यन्जनो वाजी ॥३९१॥

---

१. ......क्षुत्तृड्सहः सततम् (ख
२. वलजवतेजोरूपैः प्रहीयमानोऽनुमस्तके बलिभिः । वाहं ललाटपलितं तं शुक्लाख्ये व्यन्जने विन्द्यात् (ख)
३. ...... दुर्वर्ण दीर्घदशनः (ख)
४. पलितवली कर्णांगो विशीर्णदन्तश्च गतबलोत्साहः । दुःखि कुन्चितनेत्रो भवति च मक्षिका-व्यन्जनो वाजी (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माक्षिकव्यञ्जनयुक्त घोडा

जब घोडामा मक्षिका नामक व्यञ्जन प्रकटहुन्छ अनि त्यो घोडा कानमा र शरीरमा चाउरी परेको अर्थात् कान र अरू अङ्ग चाउरिएको, दाँत हल्लेको, बल र उत्साहलेरहित अङ्गप्रत्यङ्ग दुर्बल भएको र बिस्तारै हिंड्ने हुन्छ ।

गंभीराक्षो दीनः स्याच्छंखव्यन्जनो विहीनांगः[1]
हर्षक्रोधविमुक्तः समुद्गतोलूखलो वाहः ॥३९२॥

शंख र उलूखलव्यञ्जनयुक्त घोडा

जब घोडाका दाँतमा शंख नामक व्यञ्जन प्रादुर्भाव हुन्छ अनि त्यो घोडा गहीरा आँखा भएको अर्थात् आँखाका कुण्डली बसेको, टीठलाग्दो र अङ्गप्रत्यङ्ग शिथिल भएको हुन्छ । त्यस्तै उलूखल नामक व्यञ्जन उत्पन्नभएको घोडा हर्ष र रीस नभएको (सूधो) हुन्छ ।

मन्दं यवसं खादन् स्याच्चलितवक्त्रजो वाजी
पतितैः कायो निपततित्यायुर्द्वात्रिंशदश्वेषु ॥३९३॥

चलित र पतितव्यञ्जनयुक्त घोडा

जब घोडाका दाँतमा चलित नामक व्यञ्जन हुन्छ अनि त्यो घोडाले घाँस पनि बिस्तारै बिस्तारै खान्छ । अनि घोडाका दाँतमा पतित नामक व्यञ्जन हुन्छ अर्थात् दाँतहरू फुक्लन्छन् । अनि त्यो घोडाको बत्तीस वर्षको आयु पूराहुन्छ र त्यो मर्दछ ।

चारक्यो[2] मन्दुराश्वस्य सारप्लवसमाश्रयात्
क्षयवृद्धिगतीर्ज्ञात्वा ततो व्यन्जनमादिशेत् ॥३९४॥

मन्दुर घोडाका दाँतलाई "चारक्य" भन्दछन् । सार र प्लवको सहाराबाट क्षय र वृद्धिको गतिलाई बुझेरमात्रै अनि व्यञ्जनको लक्षण भन्नु ।

च्युतोत्थिता द्विजा ये तु भान्ति कैशोरका इव
ते प्लवा येष्वथोद्भूतं व्यन्जनं लघु दृश्यते ॥३९५॥

एकपटक दाँत झरेपछि उम्रेका दाँत किशोरावस्थाजस्तै सुन्दर हुन्छन् । ती दाँत प्लव हुन् । अनि तिनीहरूमा सानु व्यञ्जन देखापर्दछ ।

---

१. ......व्यन्जनो विहीनांग (ख)
२. चरतो मन्दुराश्वस्य लवसार समाश्रयात् ।
क्षयवृद्धिगतीर्ज्ञात्वा ततो व्यन्जनमादिशेत् (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सारदन्ताः स्थिरतराः घना तीक्ष्णाग्रसंस्थिताः
क्रमात्तेषु क्षयं याति व्यन्जनं परिसंस्थितम् ॥३६६॥

खूब मजबूत, टम्म जोडिएका र अग्रभाग तीखा (धारिला) भएका दाँतलाई "सारदन्त" भन्ने संज्ञा दिइएको छ। क्रमशः तिनीहरूमा एक व्यञ्जन गएर अर्को व्यञ्जन आउने जाने हुन्छ। व्यञ्जनको क्रम यस्तो रहेको छ।

याण्येव सारदन्तस्य चरतो मन्दुराश्रये
त्रीणि वर्षाणि तान्येव ते प्लवेषु विनिर्दिशेत् ॥३६७॥

सारदन्त नै मन्दुरादन्तको अवस्थितिमा पुगेको तीन वर्षपछि तिनै दाँत "प्लव" नामक हुन्छन् भनी जान्नु।

एवमेव तु चारक्याः सारदन्ताः प्रकीर्तिताः
चारक्य[1] प्लवदन्तस्य चतुर्थे कालिकोद्भव ॥३६८॥

यसरी नै अर्थात् तीन तीन वर्षपछि हुने क्रमले चारक्यदन्त र सारदतन्का रेखाको क्रम पनि भनिएको छ। विशेष के छ भने चारक्य र प्लव दाँतमा चारौं वर्ष भएपछि कालिका नामक चिन्ह उत्पन्न हुन्छ।

सप्तमे हरिणी तस्य संदंशाश्रयणी भवेत्
कथितन्तु वयोज्ञानं वर्णानां लक्षणं श्रृणु ॥३६९॥

यहीक्रमले कालिका उत्पन्न भएको सातौं वर्षमा कुनै विशेषस्थितिमा दाँतमा हरिणी नामक व्यञ्जन पनि उत्पन्न हुन्छ। यसप्रकार घोडाको उमेरका विषयमा भनियो। अब घोडाका वर्णका लक्षण सुन।

(जीवहरूको आयुकोप्रमाणका विषयमा–
शालिहोत्रशास्त्रमा भनेको छ किः–

यथा नरे वर्षशतं विंशतिश्चशतं गजे
गवां चतुर्विंशतिश्च खरोष्ट्रौ पन्चविंशति ॥
शुनि षोडशवर्षाणि शृगाले पन्चविंशति
कृमयः सप्तचाहानि मक्षिका च चतुर्दश
तथा हयेषु द्वात्रिंशत्समा आयुर्विधीयते ॥

---

१. ......चारक्यदन्तो विज्ञेयश्चतुर्थे कालिकोद्भवः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तो मानिसको आयु एकसयबीसवर्ष, हात्तीको सयवर्ष, गाईको चौबीसवर्ष, गधा र ऊँटको पच्चीसवर्ष, कूकुरको सोह्रवर्ष, श्यालको पच्चीसवर्ष, कीराको सातदिन र झिंगाको चौद्धदिन हुन्छ भनिएको छ त्यस्तै घोडाको परमायु पनि बत्तीसवर्षको हुन्छ भनी शालिहोत्रबाट उद्धृत गरी वीरमित्रोदयको लक्षण प्रकाशमा भनिएको छ) ।

(घोडाका दाँतको संख्या (शालिहोत्र शास्त्रमा)

उत्तराश्चाधराश्चैव दन्ता द्वादश चाग्रतः
द्रंष्ट्राश्चतस्रो विज्ञेया स्तुरगस्याधरोत्तराः
तथा चैव चतुर्विंशद्भक्षार्थं दशनाः स्मृताः
दन्तसंग्रह इत्येष चत्वारिंशक ईष्यते

घोडाका माथि र तल गरी अगाडिपट्टिका दाँत बाह्र (१२ वटा) हुन्छन् मध्यदन्त अर्थात् माझका दाँतलाई द्रंष्टा भन्ने संज्ञा दिइएको छ र यी दाँत तल र माथिगरी ४ वटा हुन्छन् । अनि बंगारालाई चपाउनेदाँत हुन् भनिएको छ र यिनीहरूको संख्या दायाँ बायाँ तल र माथि गरी ६।६ वटा गरी २४ वटा हुन्छन् । यी २४ दाँतलाई "पारिभक्ष दाँत" भन्ने संज्ञा दिइएको छ । यसरी शालिहोत्रशास्त्रमा घोडाका सम्पूर्ण दाँतको संख्या ४० हुन्छ भनिएको छ भन्ने वीरमित्रोदयको लक्षण-प्रकाशमा पाइन्छ) ।

इति श्रीदुर्ल्लभसुतगणकृते अश्वायुर्वेदे (सिद्धसंग्रहे) वयोध्यायो नवमः

यो दुर्ल्लभसुतगणकृत अश्वायुर्वेद (सिद्धसंग्रहको) वयो नामक नवम अध्याय समाप्त भयो ।

अथ वर्णाः

घोडाका वर्णका लक्षणहरू

वर्णोनुवर्णश्च भवेद्द्वितीयो भवेद् तृतीयः कथितश्चतुर्थः
विन्दुस्तथा पन्चमकस्तुसारो वर्णप्रकाराः कथितास्तु पन्च ।।४००।।

पहिलो वर्ण, दोस्रो अनुवर्ण, विभिन्न भेदयुक्त तेस्रोवर्ण, विन्दु चौथो वर्ण र सार पाँचौंवर्ण गरी घोडाका वर्णका प्रकार पाँचप्रकारका हुन्छन् भनिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्वेतः शोणः कृष्णः हरितो वर्णा भवन्ति चत्वारः
चित्रस्तथा पन्चमकस्त्वेते वर्णप्रकाराः पन्चैव
ज्ञेयः समानवर्णस्त्वक्केसररोमवालैस्तु ।।४०१।।

घोडाका सेतो, रातो, कालो र हरियो गरी चारप्रकारका र पाँचौं चित्र अर्थात् छिरविरे वर्णसमेत गरी जम्मा वर्ण पाँचप्रकारका हुन्छन् । छाला, याल, रौं र कपाल (दुई कानका बीचको रौंको झुप्पा) को वर्ण एकैनासको हुनु त्यसलाई वर्णभनिन्छ । अर्थात् शरीरको मूलवर्ण सेतो, कालो र सुनौला भएका घोडाका उपर्युक्त कुरा एकवर्णका हुनु नै वर्णको लक्षण हो ।

हीरक्षीरशशांकशंखरजत प्रालेयवर्णाः सिता
अश्वाः कुंकुमदाडिमीकुसुमवद्रक्ताश्च शोणाः स्मृताः ।।
कृष्णाश्चांजन कोकिलाम्वुदनिभा भृंगाभनागोपमा
हेमाभा हरयः प्रदीप्तहुतभुग्गोरोचनासन्निभाः ।।४०२।।

घोडाहरू हीरा, दूध, चन्द्रमा, शंख, चाँदी र हिउँका जस्तो वर्ण भएकालाई सेता, कुंकम र दारिमको फूल जस्तो वर्ण भएकालाई शोण अर्थात् रातोवर्णका हुन् भनिएको छ । त्यस्तै गाजल, कोइली, मेघ, भुमरा र हात्तीका जस्तो वर्ण भएका-लाई काला तथा बलेको आगो र गोरोचन जस्ता वर्ण भएका घोडाहरू सुनौला वर्णका हुन् भनिएको छ । (यो श्लोकमा "हरयः" को ठाउँमा "हरिताः" भन्ने पाठ उद्देश्य अनुसार उपयुक्त देखिन्छ)।

अनुवर्ण र भेदवर्णका घोडा

तत्रैकवर्णरूपा यस्य त्वक्छायान्यवर्णिनी भवति
अनुवर्णं तं विद्याद्भेदं सर्वैर्विमिश्रैस्तु ।।४०३ ।।

जुन् घोडाको वर्ण एकप्रकारको छ र छाला र छाया अर्थात् कान्तिको वर्ण अर्कै प्रकारको छ भने त्यस्तो वर्णको घोडा अनुवर्णयुक्त घोडा हो भनी जान्नु । वर्ण अर्थात् सेतो, रातो, कालो, हरियो आदि वर्ण मिस्सिएकोघोडालाई "भेद वर्णयुक्त" घोडा हो भनिन्छ । (सबै वर्ण मिस्सिएकालाई "चित्रक" घोडा पनि भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक[१] द्वित्रिचतुर्भि र्विचित्रितो विन्दुभिः स चित्रस्तु
श्वेतोन्यवर्णमण्डलयुक्तः सार सचापीतः ॥४०४॥

चित्र र सार वर्णका घोडा

एक दुई तीन वा चार वर्णले र त्यस्ता वर्णका थोप्लाहरूले छिर्विरे भएको घोडालाई "चित्र" घोडा अर्थात् छिचिमिरे घोडा भनिन्छ। अरू वर्ण र अर्कै मण्डलले युक्त भै सेतोवर्ण भएको तर केही पहेंलो वर्णको घोडा "सार" नामक घोडा हो भनिएको छ।

त्वंग्नेत्रकर्णनासामेहासनमुष्कखुरगुदप्रोथैः[२]
पद्मसमैः स्यात्तार्क्षः सितकेशरतनुजवालैश्च ॥४०५॥

तार्क्ष घोडा

छाला, आँखा, कान, नाक, लिङ्ग, आसन, अण्डकोष, खुर, गुदद्वार र प्रोथ यति ठाउँ कमलका वर्ण जस्तो भएको घोडा र केश, याल र शरीरका मुख्य रौं हुने ठाउँका रौं पनि सेता छन् भने त्यो घोडा पनि "तार्क्ष" नामक भनिन्छ।

नासाग्रतालुमेढ्रा[३] मधूककुसुमप्रभा भवेत्तार्क्षः
ताम्रस्त्वक्छुद्धस्त्वथ तार्क्षं केचिद्वदन्त्येवं ॥४०६॥

तार्क्ष घोडाको भेद

नाकको अग्रभाग अर्थात् नाकेडाँडीको टुप्पा, तालु र लिङ्ग महुवाका फूलको जस्तो वर्ण (न पहेंलो न त सेतो अर्थात् दुबै मिस्सिएको) छ भने त्यो घोडा पनि "तार्क्ष" नामक हो। फेरि कसैको रायमा छाला रातो र रौंहरू सेता छन् भने त्यो पनि "तार्क्ष" घोडा हो भनिएको छ।

कर्कस्य[४] यस्य पृष्ठे प्रोथे नासाक्षि वक्त्रदेशेषु
निचितं कृष्णैर्विन्दुभिरथवा रक्तैः स कुक्कुटो ज्ञेयः ॥४०७॥

---

१. एक द्वित्रीसवर्णै विचित्रितो भिन्दुभिः सचित्रस्तु । श्वेतोऽन्यवर्णमण्डलयुक्तः "सारः" स तु समाख्यातः (ख) २. त्वङ्नेत्रवर्प्ममेहनमेढ्राश्रय मुष्कखुरगुदप्रोथैः। पद्मोपमैस्तु कर्कः सितकेसरतनुजवालैश्च (ख ३. ताम्रस्य तालुमुष्कौ मधुककुसुमप्रभौ तथा कर्कः। ताम्रस्त्वक्शुद्धाक्षस्त्वन्ये केचिद्वदन्त्येवम् (ख) ४. कर्कस्य यस्य जठरासननासाक्षिवक्त्रदशनाश्च। निचिताः कृष्णैर्विन्दुभिरथवा रक्तैः स कुक्कुटः प्रोक्तः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुक्कुट घोडा

यदि कर्क घोडाको (छाला, आँखा, शरीर, लिङ्गको अगलबगलको ठाउँ अण्डकोष, खुर, गुदद्वार र प्रोथ यति ठाउँहरू कलमका जस्ता वर्णका भए "कर्क" घोडा हो भन्ने कसैको रायमा देखिन्छ। विचारगर्दा तार्क्ष र कर्क एकैप्रकारका देखिन्छन् ।) पिठ्यूं, नाकको अग्रभाग, नाकका प्वाल, आँखा र मुख यति ठाउँ काला थोप्ला वा राता थोप्लाले युक्तछन् भने त्यो घोडा "कुक्कुट" नामक हो भनी जान्नु ।

सितरोमवालकेशाः [1]कृष्णमुष्कगुह्यलोचनास्यखुराः
अथवा रक्तैः कर्क्का एते मुनिभिः समुद्दिष्टाः ॥४०८॥

कर्क घोडा

रौं, बाल र केश सेता भएको र अण्डकोष, गुह्यस्थान, आँखा, मुख र खुर यति काला अथवा राता भएको घोडा पनि कर्क हो भनी यस प्रकारका कर्क घोडाका बयान मुनिहरूले देखाइएका छन् । (यस्तो घोडालाई कोही "क्रौन्चपत्र" नामक घोडा हो पनि भन्दछन्) ।

श्वेतेल्पपीतयुक्तस्ताम्रस्त्वग्वालकेसरो[2] गौरः
शुल्केल्प कृष्णताम्रः स ताम्रगौरः समुद्दिष्ट ॥४०९॥

गौर र ताम्रगौर घोडा

शरीरको मूलवर्ण सेतो भै थोरै पँहेलो वर्णले युक्त भएको र तामाकारंगजस्तो याल र केश भएको घोडा "गौर" घोडा हो र शरीरको मूलवर्ण सेतोभै केही थोरै भागमात्र कालो र तामाका वर्ण जस्तो वर्ण भएको त्यो घोडा "ताम्रगौर" नामक हो भनिएको छ । (कसैको मतमा यसलाई "सिन्धुवारक" घोडा हो भनिएको छ ।

[3]ताम्रस्त्वक्संबद्धौ मुष्कौ वदनं च सिंहनाभोऽसौ
केशैर्वालैश्च सितैः सोऽपि कपोतः समाख्यातः ॥४१०॥

---

१. ...कृष्णत्वगुह्यलोचनोष्ठखुरः । एष तु मुनिर्भिवाहो निर्दिष्टः क्रौन्चपत्रश्च (ख)
२. त्वग्रोमवालकेशरगुह्याक्षिखुरैश्च सिन्धुवारनिभैः । योऽश्वः स सिन्धुवारकनामा मुनिभिः समुद्दिष्ट ख) ३. ताम्रात्वक् संरक्तौ मुष्कौ वदनं च सिह्मरोमा यः । वालैः केशैश्च सितैः सिह्म स हयः समाख्यातः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिंहनाभ र कपोतघोडा

तामाकोरङ्गको छालाले दुवै अण्डकोष छोपिएको र मुखपनि तामाक वर्ण भएको घोडा "सिंहनाभ" नामक घोडा हो । केश र वाल अर्थात् याल सेता भै शरीरको अरू रङ्ग तामाको जस्तो छ भने त्यो घोडा "कपोत" अर्थात् परेवा नामक घोडा हो भनी प्रख्यात छ । (कसैको मतमा यसलाई "सिंह्म" घोडा हो भनिएको छ ।)

यस्यान्यवर्णस्य[1] हि हेमवर्णाः
केशा भवन्तीह स मुन्जकेशः ।
यस्यान्यवर्णस्य तु शुक्लवर्णाः
केशा स च व्यन्जनकेशकोऽश्वः ॥४११॥

मुन्जकेश र व्यन्जनकेश घोडा

शरीरको मूलवर्ण अर्करङ्गको भै केश (कपाल) भने सुनौलावर्णको भएको घोडा "मुन्जकेश" नामक घोडा हो । जुन घोडाको शरीरको वर्ण बेग्लै छ र केश सेता छन् भने त्यो घोडा "व्यन्जनकेश" घोडा हो भनिएको छ ।

यो[2] रक्तवर्णकेशैर्युक्तःसमिश्रकेशस्तुरंगमःकथितः
वहुचित्रवर्णवालैः सोप्युक्तो मिश्रवालस्तु ॥४१२॥

मिश्रकेश र मिश्रवाल घोडा

जुन घोडाको शरीरको वर्ण बेग्लै छ र कपाल अर्थात् दुई कानका बीचका रौंको झुप्पा रातो छ भने त्यो घोडा "मिश्रकेश" नामक घोडा हो भनिएको छ । याल धेरै वर्णहरूले चित्रविचित्र भएको छ भने त्यो घोडा "मिश्रवाल" घोडा हो भनिएको छ ।

[3]कृष्णाक्षिगुह्यकेशत्वग्वालखुरास्तुरंगमाः ख्याताः
शोण त्वग्वर्णिनो वा विज्ञेयाः कालवालास्तु ॥४१३॥

---

१. यस्यान्यवर्णस्य हि शुक्लवर्णा केशाभवन्तीह स मुन्जकेशः । यस्यान्यवर्णस्य तु कृष्ण-वर्णाः केशा स वै अन्जनकेशकोऽश्वः (ख) २. यो वहुवर्णैः केशैर्युक्तः स मिश्रकेशकः कथितः । वहुविध वर्णावालैः स प्रोक्तो मिश्रवालकश्चैव (ख) ३. कृष्णाक्षिगुह्यकेशर-त्वग्वालखुरास्तुरंगमाः शोणाः । शोणानुवर्णिनो वा विज्ञेयाः कालवालैस्तु (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालवाल घोडा

आँखा, गुदद्वार, कपाल, छाला, याल र खुर काला भएका, छालाको वर्ण भने रातो भएका यस्ता घोडाहरू "कालवाल" नामक घोडा हुन् भनी प्रसिद्ध छन् ।

वक्षोल्पकृष्णरोमा कृष्णत्वग्वालकेशरखुरश्च
कृष्णनयनस्तु वाजी स प्रोक्तो रोमकः प्राज्ञैः ॥४१४॥

रोमक घोडा

छातीमा केही रौंहरूमात्र काला भएको, छाला, याल, केशर, खुर र आँखा पनि काला भएको घोडा "रोमक" नामक घोडा हो भनेर अश्वशास्त्रजान्ने विद्वान्हरूले भनेका छन् ।

कृष्णाक्षि[1] त्वक्तथैव हि स ज्ञेयः कालरोमको निपुणैः
सितरक्तासिततुल्यो मृद्वीकारोमकः प्रोक्तः ॥४१५॥

कालरोमक र मृद्वीकारोमक घोडा

छाला र आँखाको वर्ण कालोभएको घोडा "कालरोमक" हो भनेर विशिष्ट विद्वान्हरूले भनेका छन् । त्यस्तै सेतो, रातो र कालोवर्ण बराबर भएको घोडा "मृद्वीकारोमक" नामक हो भनेर बताइएको छ ।

कृष्णैः शुक्लैस्तनुजैरनुवद्धा मिश्रकेसरास्तुरगाः
कृष्णमृगसन्निभा ये कृष्णाः कृष्णत्वचस्ते स्युः ॥४१६॥

मिश्रकेशर र कृष्ण घोडा

काला तथा सेता रौंहरू मिस्सिएका रौं भएका घोडाहरू "मिश्रकेशर" नामक घोडा हुन् भनिन्छन् । कृष्णसारमृगका जस्ता काला केश र कालै छाला भएका घोडाहरू "कृष्ण" नामक घोडा हुन् भनिएको छ ।

[2]ते चापि वहुलकृष्णाः कालारिष्टा स्मृता वाहाः
वहुशुक्लास्तेजर्षभ नामानो वाजिनः कथिताः ॥४१७॥

---

१. कृष्णाधिकस्त्वगादौ स संज्ञितः कालरोमको निपुणैः । सितरक्तासितचर्मो सोऽश्वो मृदुरोमकः कथितः (ख)

२. ते चापि बहुलकृष्णाः कालाक्षिकसंज्ञिताः स्मृता वाहाः । ... वहुशुक्ला श्वेताक्षिकनामानो वाजिनः कथिताः ख()

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालारिष्ट र अजर्षभ घोडा

तो कृष्ण "संज्ञक" घोडाहरूपनि अत्यन्त काला भएमा "कालारिष्ट" नामक घोडा हुन् भनिन्छन् । ज्यादै सेता घोडाहरू "अजर्षभ" नामक हुन् भनी बताइएको छ । (ग्रन्थान्तरमा कृष्ण घोडालाई कालाक्षिक र तेजर्षभ घोडालाई "श्वेताक्षिक" घोडा भनेर मानिएको देखिन्छ)।

सितरक्तपीततनुजैः[1] कृष्णैः समैश्च सितखुरनयनैः
कृष्णत्वक्चैव भवेत् स प्रोक्तोरिष्टपाटलो नाम ।।४१८।।

अरिष्टपाटल घोडा

सेता, राता, पहेंला र काला रौं बराबर भएको खुर र आँखाभने सेता-भएको र कालो छालालेयुक्त छ भने त्यो घोडा "अरिष्टपाटल" नामक घोडा हो ।

[2]कृष्णसितपीतरक्तैस्तनूरुहैः पाटलो हयः प्रोक्तः
शुक्लैः स एव वहुभिः स्यात्सुमनःपाटलो वाजी ।।४१९।।

पाटल र सुमनपाटल घोडा

काला, सेता, पहेंला र राता रौंहरूले युक्तभएको घोडा "पाटल" नामक घोडा हो भनिएको छ । त्यस्तै त्यही घोडामा धेरै सेता रौं छन् भने त त्यही घोडा "सुमनपाटल" नामक घोडा हो भनिन्छ ।

बहुभिः शोणैस्तनुजैरल्पसितै रक्तपाटलो वाजी
[3]पीतैररूणैर्वाजी सोप्युक्तश्चक्रवाकस्तु ।।४२०।।

रक्तपाटल र चक्रवाक घोडा

शरीरमा थोरै रौं सेता र धेरै रौं राता छन् भने त्यो घोडा "रक्तपाटल" नामक घोडा हो । यदि त्यही रक्तपाटल घोडाका पहेंला र राता रौंहरू धेरैभएमा त्यो घोडा "चक्रवाक" नामक घोडा हो भनिन्छ ।

---

१. सितरक्तासिततनुजैर्यः कृष्णो वालकेशखुरनयनैः । कृष्णत्वक्चैव भवेत् स ऋप्यकः पाटलोनाम (ख)

२. कृष्णत्वक्सितरक्तस्तनूरुहै ...... (ख)

३. पीतैर्वालैर्वाजी सोऽप्युक्तश्चक्रवाकसंज्ञश्च (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णैः केशैर्वालैरञ्जनकेशस्तुरंगमो गौरः
तनुजैर्गौरैः पीतैर्वाहः सिद्धार्थकः प्रोक्तः ॥४२१॥

अञ्जनकेश र सिद्धार्थक घोडा

शरीरको मूलवर्ण गौरवर्ण भएको र केशर र याल भने काला भएको घोडा "अञ्जनकेश" नामक घोडा हो भनिन्छ। शरीरका रौंहरू गौरवर्ण र पहेंलावर्णका छन् भने त्यो घोडा "सिद्धार्थक" नामक घोडा हो भनिन्छ।

स[1] एव बहुपीतैरसितैर्युक्तः कपिलोभवेदश्वः
असिताल्पयुक्तः शोणः स तु धूम्रल उच्यते वाजी ॥४२२॥

कपिल र धूम्रल घोडा

त्यही सिद्धार्थक घोडा नै यदि त्यसका रौंहरू धेरै पहेंला र थोरै काला छन् भने "कपिल" नामक भनिन्छ। त्यही कपिल घोडापनि काला रौंहरू थोरै र राता रौंहरू धेरैछन् भने त्यो घोडा "धूम्रल" नामक हो भनिएको छ।

श्वेतैः[2] पीतैस्तनुजैः कालत्वग्वालकेसरो यस्तु
ज्ञेयः स खन्जरीटः पीतः श्वेतोत्तरो वाहः ॥४२३॥

खञ्जरीट घोडा

जुन घोडा सेता र पहेंला रौंले युक्त छ र छाला, याल र केशर यति कुरा काला छन् भने त्यस्तो त्यो घोडा र शरीरको पूर्वभाग पहेंलो र पछाडिको भाग सेतो देखिने यस्तो यो घोडा पनि "खञ्जरीट" नामक घोडा हो भनिएको छ।

[3]रक्तहरितपीतरोमा रक्तत्वग्यः कुरण्टकः सोऽश्वः
हंसग्रीवसवर्णो रक्तत्वक्कर्वुरो ज्ञेयः ॥४२४॥

कुरण्टक र कर्वुर घोडा

जुन् घोडाका रौंहरू राता, हरिया र पहेंला वर्णयुक्त छन् र त्यसको छाला

---

१. रक्तैः पीतरेतैर्युक्त कपिलो भवेद्यस्तु
असिताल्पयुतः शोणस्तु धूम्रवर्ण इति कथ्यते वाजी (ख)

२. श्वेतैः पीतैरसितैर्वालत्वङ्मिश्रकेसरो यस्तु
ज्ञेयः स खन्जरीटी पीतः श्वेतोत्तरो वाहः (ख)

३. सितरक्तपीतरोमा ... ... (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि रातो छ भने त्यो घोडा "कुरण्टक" नामक घोडा हो भनिन्छ । हाँसका घाँटीका वर्णजस्तो वर्ण भएको र रातो छाला भएको घोडा छ भने त्यो घोडा "कर्वुर" नामक घोडा हो भनी जान्नु ।

सर्वे[1] वर्णा शस्तास्तुरगाणां सुप्रभाः स्थिराः स्निग्धा
तेषां श्वेतः श्रेष्ठो यथोक्तवर्णोव्ययश्चासौ ॥४२५॥

सेतो घोडाको विशेषता

घोडा जुनसुकै वर्णको होस्रोस् तर त्यसको रङ्ग जेभए पनि टलक आउने, नउड्ने र चिल्लोवर्ण असल मानिएको छ । तैपनि ती सबै वर्णमध्ये सेतो उत्तम मानिन्छ किनभने यो वर्ण कहिल्यै बदलिंदैन (उड्दैन) ।

सर्वेषां वर्णानां संयोगः श्वेतसंयुतः शस्तः
तस्माच्छ्वेतो[2] वाहः श्रेष्ठः शुक्लःप्रधानस्तु ॥४२६॥

घोडाका सबैवर्णमा सेतोवर्ण समेत मिस्सिनु असल हुन्छ । तसर्थ सेतो-घोडा र सेतोवर्ण धेरै भएको घोडा उत्तम मानिएको छ ।

किं बहुनोक्तेनोक्ता अत्रहयावर्णनामभिः केचित्
यो यो देशो यस्य तत्तन्नाम्ना त्वसौ ज्ञेयः ॥४२७॥

घोडाका विषयमा धेरै भनेर के हुन्छ र घोडाका नाम र वर्ण भन्ने यस पूर्व-सन्दर्भमा जुन् घोडाहरूको वर्ण र नामको विषयमा भनिएको छैन त्यस्तो घोडा जुन् जुन् देशको हो त्यसलाई त्यही देशको नामद्वारा जान्नुपर्दछ । (जस्तो सिन्धु देशको घोडा सिन्धी र अरबदेशको घोडा अरबी तथा भोटदेशको घोडा भोटे आदि) ।

सर्वश्वेताः शशिनो हरयः कनकप्रभाः सुरेन्द्रस्य
कृष्णा यमस्य वाहाः कर्काः शुभलक्षणा विष्णोः ॥४२८॥

विभिन्न देवताका विभिन्नवर्णका घोडाहरू

सम्पूर्ण शरीर सेता भएका घोडाहरू चन्द्रमाका, सुनको जस्तो वर्णभएका

---

१. सर्वैर्वर्णैः शस्तातुरगाः सुप्रभाःस्थिराः स्निग्धाः । तेषां श्वेतः श्रेष्ठो यतो ध्रुवश्चाव्ययश्चासौ (ख)

२. ... सर्वेषां ... । यस्मात्कृतेऽपिशुक्लस्तस्माच्छ्वेतः प्रधानतरः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्रका, कालोवर्ण भएका यमराजका र असललक्षणयुक्त कर्क घोडाहरू विष्णु-भगवान्का हुन् भनी जान्नु ।

शुकपक्षनिभाः भानो किंशुकवर्णा हयाः हुताशस्य
[1]ताम्रनिभावरूणस्य कौमुदवर्णा हयाः कुवेरस्य ॥४२९॥

सुगाका प्वाँखका रङ्ग जस्तो हरीयोवर्ण भएका घोडा सूर्यका, पलास (फूलविशेष)का वर्ण जस्तो वर्ण भएका अर्थात् राताघोडा अग्निका, तामाका वर्ण जस्तो वर्णभएका घोडा बरूणका र कुमुद (सेतो कमल) का वर्ण जस्तो वर्णभएका घोडा कुवेरका हुन् ।

[2]एभिर्वर्णैरश्वः शुभस्वरावर्तको भवेद् यस्य
स सुखी पुरूषः कथितस्तस्य सदा मंगलं भवति ॥४३०॥

यसप्रकारका वर्ण, स्वर र असल भुमरी भएको घोडा जुन् मानिसको छ त्यो सुखीहुन्छ र त्यसको सधैं मङ्गल हुन्छ ।

एवं वै देवानां पृथक् पृथक् वाहनं प्रोक्तम्
वक्ष्ये लक्षणमधुनामश्वानां राजवाहानाम् ॥४३१॥

यसरी देवताहरूका बेग्ला बेग्लै वाहनहरू भनिए । अब राजयोग्य समेतका अरूघोडाहरूको लक्षण भन्दछु ।

इति श्रीदुर्ल्लभसुतगणकृते अश्वायुर्वेदे (सिद्धसंग्रहे)
वर्णाध्यायो दशमः ॥१०॥

यो दुर्ल्लभसुतगणकृत अश्वायुर्वेद (सिद्ध संग्रह) को वर्णाध्याय नामक दशौं अध्याय समाप्त भयो ।

---

१. ...असिताम्रनिभा वरूणस्य कुवेरस्य तु कुमुदनिभास्तुरंगमाः (ख)
२. एभिर्वर्णैरश्वाः शुभस्वरावर्त कायरूपाश्च । एतेषां देवानां पृथक् पृथक् वाहनानि कथितानि (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एघारौं अध्याय

दवोपवाह्यं तुरगं यज्ञाश्वं चाप्यतः परम्
परमाश्वं चाभिषेक्यं पुरोधाश्वन्तथैव च ।।४३२।।

राजवाहादि घोडाहरू

घोडाहरूका प्रकार निम्नलिखित छन्, जस्तै-राजा चढ्न लायक घोडा, यज्ञका लागि उपयुक्त घोडा, परमाश्व, राज्याभिषेकका निम्तिको घोडा, पुरोहित लायक घोडा र

साम्राह्यं चोपवाह्यं वा आधिराजं तथैव च
अमात्यसेनापत्योश्च युवराजस्य वाहनम् ।।४३३।।

साम्राह्य अर्थात् लडाइँमा लायक घोडा, अपवाह्य अर्थात् कहिले काहिँ चढिने घोडा, अधिराज्य अर्थात् राजाको समीपमा रहन लायक घोडा, अमात्य लायक घोडा, सेनापति लायक र युवराजको वाहन लायक घोडा–

वाहनं संप्रवक्षामि मुनिप्रोक्तं पृथक् पृथक् ।।४३४।।

उपर्युक्त यस्ताप्रकारका मुनिहरूले भनिए अनुसार घोडाका बेग्ला बेग्लै लक्षणहरू भन्दछु ।

पद्मस्य किन्जल्कसमानवर्णो [1]निम्बूफलाभः शुकपक्षवर्णः
रक्तोत्पलाभः शितिकण्ठतुल्यो वैडूर्यवर्णे नयने च यस्य ।।४३५।।

देवता योग्य घोडा

कमलका केशरका जस्तो वर्णभएको, निम्बूफल अर्थात् निबुवाका फलका जस्तो वर्णभएको, सुगाका प्वाँखका वर्ण जस्तो वर्ण भएको, रातो कमलका जस्तो वर्ण भएको, मुजुरका घाँटीका जस्तो वर्ण अर्थात् नीलो वर्णभएको र वैडूर्यमणिका वर्णजस्तो आँखा भएको तथा–

रक्ताश्च पीताश्च सिताश्च कृष्णा भवन्ति वै यस्य हयस्य पादाः
सुस्निग्धरक्तार्जुन तालुदन्ताः सुलक्षणः श्रेष्ठ शुचि प्रवीरः[2] ।।४३६।।

शरीरको वर्ण भने बेग्लै छ तर जुन् घोडाको गोडाहरू क्रमशः राता, पहेंला, सेता र काला हुन्छन्, खूब चिल्लो रातोतालु र चिल्ला सेता दाँतहरू पनि छन्, असल लक्षणलेयुक्त छ, खूब सफा सुग्घरको इच्छा गर्दछ र खूब धैर्यधारी छ त्यस्तो घोडा तथा–

---

१. कंगूफलाभः = ... (ख) २. सुधीरः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुत्वा स्वरं यस्य भवन्ति दीनास्तिष्ठन्ति दुःखैरपरे तुरंगाः
मूत्रं पुरीषं च समुत्सृजन्ति श्रीमान् स देवाश्व इति प्रदिष्ट ।।४३७।।

जुन घोडाको स्वर सुन्दैमा अरू घोडाहरू दुःखित र मलीना हुन्छन् तथा दिशा र पिसाव पनि छोड्दछन् र शोभालेयुक्त भएको त्यस्तो त्यो घोडा "देवाश्व" हो भनिएको छ ।

यस्यान्यवर्णःसितमण्डलैश्चविभूषितःश्वेतशफःसिताक्षः
शूरः[1] शुचिः सिंहगजेन्द्ररावः स्यादश्वमेधेतुरगः प्रयोज्यः ।।४३८।।

यज्ञ योग्य घोडा

शरीरको मूल वर्ण बेग्लै भएर सेतोमण्डलले युक्त भएको, सेताखुर भएको, सेता आँखा भएको, शूरो, शुद्ध अर्थात् फोहर मैलादेखि घिनमान्ने, सिंह वा ऐरावत हात्तीका जस्तो आवाज भएको यस्तो घोडा अश्वमेध आदि यज्ञकोलागि योग्य हुन्छ ।

कर्कःप्रतिमो[2] यः स्याच्छुभगन्धो विमलमतिद्युति क्षान्तः
कार्यः स पुरोधाश्वः शुभसत्वावर्तसंपन्नः ।।४३९।।

प्रोहित योग्य घोडा

कर्क घोडाकाजस्तै लक्षणयुक्त, असल गन्ध भएको, निर्मल बुद्धि भएको, तेजी, सहनशील, असल स्वभाव र असल भुमरीले पनि युक्तभएको यस्तो घोडा "पुरोधा" अर्थात् पुरोहितकालागि योग्य घोडा हो भनिएको छ ।

श्वेतं रक्तं कृष्णं हरितमथवा तप्तकान्चनप्रख्यम्
अनुवर्णं भेदं वा चित्रं वा सारसाभं वा ।।४४०।।

परमाश्व घोडा

सेतो, रातो, कालो, हरीयो, अथवा तताएको सूनका जस्तो वर्णभएको, अनुवर्ण नामक वर्णयुक्त, भेद वर्णयुक्त वा छिचिमिरे अथवा सारसका जस्तो वर्ण भएको तथा–

---

१. कृष्णाम्बुदाभः शितिमज्डलैश्च यो भूषितः श्वेतशफः सिताक्षः ।...... गजेन्द्रनादः स्यादेष मेघोपम एव वाह (ख)

२. कर्कः पद्मनिभास्य शुभगन्धः सर्वगतिर्निपुणः । क्षान्तः स खलु पुरोधोऽश्वः शुभसत्वावर्तसंपन्नः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एभिः क्रमैरश्वमतिप्रशस्तं मेधाविनं चाल्पपुरीषमूत्रम्
शुभाक्षिसत्वाननतालुदन्तं[२] भद्रं महावेगमरोगकं वा ॥४४१॥

यस्तै क्रमले ख्यातिप्राप्त, बुद्धिमान, दिशापिशाव कम गर्ने, असल आँखा र स्वभाव भएको, मुख, तालु र दाँतपनि असल भएको, कल्याणकारक चिन्हरूलेयुक्त भएको, ठूलो वेग भएको र नीरोगी तथा–

छायोपपन्नं[२] सुगतिं शुभद्युतिं महाबलं स्निग्धतनूरूहं भृशम्
श्रीमन्तमत्रासितमुग्ररूपिणं नृणां मनोलोचन हर्षवर्द्धनं ॥४४२॥

कान्तियुक्त, असल गति भएको, उज्यालो, वलवान्, शरीरका रौंहरू चिल्ला भएको, शोभाकारी लक्षणलेयुक्त, सहसा नतर्सने, मानिसको मन र आँखालाई सन्तोष-दिने अर्थात् हेर्दा मनपर्ने र राम्रो, प्रशंसनीय व्यक्तित्व भएको तथा–

शुभलक्षणं मनोज्ञं शुभपुण्ड्रं शुभगतिं शुभावर्तम्
आयुष्मन्तं क्षान्तं सुविभक्तांगं शुभच्छायम् ॥४४३॥

असल लक्षणयुक्त, सुन्दर, पुण्ड्र र भुमरीपनि असल भएको, दीर्घायु, सहन सक्ने, अङ्गप्रत्यङ्ग छुट्टिएको र असल कान्ति भएको तथा–

आजानेयमनोज्ञं जितेन्द्रियं श्लैक्ष्मिकं महासारम्
स्थिरशारीर[३] वयःस्कं सुसंहतांगं महाकायम् ॥४४४॥

कुलीन, मनोभावना बुझ्नसक्ने, इन्द्रिय जितेको, कफप्रकृतिको, ठूलो सारयुक्त, भएको, शारीरिक स्थिति र उमेरको स्थिति स्थिर भएको, अङ्गप्रत्यङ्ग बलीयो भएको र ठूलो शरीर भएको यस्तो घोडा "परमाश्व" भनिन्छ ।

रहितोदोषैः सर्वैः शुभलक्षणैश्चाथः यः समायुक्तः
घनरावः[४] परमाश्वः सर्वैलिंगैरूपेतो वै ॥४४५॥

१......शुभोष्ठ (ख)
२. छायापवित्रं......तनूरूहेक्षणम् । श्रीमन्त... मग्यूवालं नृणां मनोज्ञं वलपुष्टिवर्द्धनम् (ख)
३. .... आजानेयमरोगं... स्थिरशायिनं.... वयस्यं..... महासारम् (ख)
४. रहितं सर्वैर्दोषैः सर्वैः शुभलक्षणैः समायुक्तम् । सुमनसमनिन्दितांगम् प्रियगन्धविलेपिनं शुरम्॥ व्राम्हणमथवा क्षत्रियमकर्कशंपुण्यगन्धमभिरूपम् । कुर्यात्तं हयराजं तादृशमुपशीर्षकं महाराजः (ख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै दोषलेरहित तथा सम्पूर्ण शुभलक्षणलेयुक्तभएको, मेघको जस्तो स्वरभएको, यस्ता सम्पूर्ण असल चिन्हले युक्त भएको घोडापनि "परमाश्व" भनिन्छ ।

यस्य तुरंगस्य भवेद्वर्णद्वयमर्कचन्द्रवर्णाभं
रक्तं वालार्काभं श्वेतं संपूर्ण सोमनिभम् ।।४४६।।

जुन् घोडाको शरीरकोवर्ण रातोवर्णमा बालसूर्यको जस्तो रातो र सेतो–वर्णमा पूर्णचन्द्रमाको जस्तो सेतो छ यस्तो घोडा पनि "परमाश्व" हो ।

सोमार्कयोः प्रकृतियुतः एवं परमाश्व एषः ते कथितः
ब्रह्मादयश्च[1] देवाः सर्वांगे यस्य निवसन्ति ।।४४७।।

जुन् घोडाको प्रकृति चन्द्रमाको जस्तो शीतलो र सूर्यको जस्तो कडा पनि छ त्यो घोडा "परमाश्व" हो भनी तिमीलाई भनियो । यस्तो परमाश्वका अङ्ग-प्रत्यङ्गमा ब्रह्मा आदि देवताहरू रहेका हुन्छन् । (परमाश्व घोडाका मुखमा ब्रह्मा, आँखामा सूर्य, कानमा नाग, निधारमा चन्द्रमा, देब्रेनाकमा निर्ऋति, अगाडिका दुईखुट्टा अर्थात् दुईहातमा अश्विनीकुमार, स्वरमा मेघ, घाँटीमा अग्नि, शरीरमा बैकुण्ठधाम र छातीमा नारायण रहनुहुन्छ भन्ने यस्तोकुरा ग्रन्थान्तरमा भनिएकोछ)।

योग्यो जयाय राज्ञां देवानां वाहवे सदा ज्ञेयः
स्वगर्थिकामपूर्णः स पार्थिवानां वलं तुरगः ।।४४८।।

राजा वा देवताहरूको संग्राममा निरन्तर विजयकालागि यो घोडा सदा योग्य छ । यसले स्वर्ग, सम्पत्ति र अभिलषित कुराहरू पूर्ण गराउँछ । यस्तो यो घोडा राजाको बल हो ।

जयदं तं विजानीयाज्ज्ञात्वा पत्रे नियोजयेत्
सुज्ञः स एव भवति स एव पृथिवीपतिः ।।४४९।।

---

१. ब्रह्मादयो यस्य देवाः सर्वेष्वङ्गेषु संस्थिताः ।। मुखं ब्रम्हा यस्य चक्षुभास्करे भुजगः श्रुतौ । ललाटे च निशानाथो यामप्रोथे च निर्ऋतिः । वाहोश्चैवाश्विनौ ज्ञेयौ विज्ञेयो हेषिते घनः । ग्रीवायां पावकः काये वैकुण्ठो वक्षसि प्रभुः । जातोहृचेष जयार्थं वै देवानामाहवे सदा (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्ताप्रकारको त्यो परमाश्वका लक्षणले युक्तभएको घोडा विजयदिने हुन्छ भन्ने जानेर आफ्ना वाहनमा नियुक्ति गर्नु । यस्ताप्रकार जुन राजाले घोडाका लक्षणका बारेमा विशेष जान्दछ सम्पूर्ण पृथ्वीको भोग गर्ने राजा त्यही हो र विशेषज्ञ पनि त्यही नै हो ।

अतः परं श्रृणु शुभानाभिषेक्यांस्तुरंगमान्

अब यसपछि अभिषेकगर्न योग्य अर्थात् राज्याभिषेक आदि आभिषेचनिक काममा योग्य असल घोडाहरूका विषयमा सुन ।

मुक्तावली शंख हिमेन्दुसन्निभं
महाबलं भद्रमपार्श्व शायिनम् ॥
क्षान्तं सुगन्धं सुकुलोद्भवं शुचि
शुभानुकूलं[1] च चिरं सुरूपिणम् ॥४५०॥

युवराजको अभिषेक योग्य घोडा

मोतीकोमाला, शंख, हिउँ र चन्द्रमाका जस्तो वर्ण भएको, अत्यन्त बलीयो, कल्याणकारक लक्षणयुक्त, कहिल्यै पनि कोल्टेपरेर नसुत्ने, (कोल्टो परी सुत्ने घोडा खराब हुन्छ) सहन सक्ने, असल गन्धयुक्त, कुलीन ,शुद्ध रहने, असल, अनुकूल अर्थात् आज्ञापालनगर्ने, धेरै समयसम्म राम्रो भै रहने (कुनै कुनै घोडाको रूप बदलिन्छ) यस्तो घोडा र–

शुभाननोष्टं शुभतालुदन्तं तेजोवयः सारबलैरूपेतम्
सत्वान्वितं दृष्टिमनोऽभिरामं सुज्ञं[2] शुभावर्तं गतिं च शूरम्॥४५१॥

मुख र ओठ असल भएको, तालु र दाँत पनि असल लक्षणले युक्तभएको, तेज, उमेर, सार र बललेयुक्त भएको, असल बानी भएको, हेर्दा राम्रो लाग्ने, स्वामीको आशयजान्ने, असल भुमरी भएको, गतियुक्त र शूरो तथा–

श्रीमन्तं बुद्धिमन्तं जितेन्द्रियं श्लैष्मिकं महाकायम्
[3]युवराजस्य च नृपतिस्तमाभिषेक्यं हयं कुर्यात् ॥४५२॥

---

१. शूरं शुभावर्तमतीवरूपिणम् (ख)
२. हृष्टं शुभावर्तगतिस्वरं च (ख)
३. युवराजस्याभिमतमभिषेच्यं तं हयं कुर्यात् (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शोभालेयुक्त अर्थात् अङ्गप्रत्यङ्ग मिलेको, बुद्धिमान्, इन्द्रियसंयम गर्नसक्ने, कफ प्रकृतिको, शरीर ठूलो भएको यस्तो घोडा राजाले युवराजपदका अभिषेकको निमित्त र राज्याभिषेकका कामको निमित्त तैयार पार्नु ।

अभिषेकाश्वः प्रोक्तः सान्नाह्यं श्रृण्वधुना प्रवक्ष्यामि
स्फटिकतुषारकुन्दशंखरजतामलहारशशांकाभं ॥४५३॥

संग्रामयोग्य घोडा

हे राजन् ! अभिषेकको काममा लायक "आभिषेक्य" घोडाको विषयमा भनियो । अब सान्नाह्य अर्थात् संग्राममा योग्य घोडाका विषयमा भन्दछु । स्फटिक, हिउँ, कुन्दपुष्प, शंख, चाँदी र निर्मल मोतीकोमाला तथा चन्द्रमा जस्तो सेतो तथा–

मनोहरं सिंह गजेन्द्रगामिनं विभक्तसर्वावयवं महाग्रगम्
सुस्निग्धरोमाणमशूलकं शुचिं जवान्वितं क्षत्रियमंबुदध्वनिम्
॥४५४॥

राम्रो अर्थात् सुन्दर, सिंह र मत्तहात्तीको जस्तो हिंडाइ भएको, सम्पूर्ण अङ्ग-अवयवहरू प्रष्ट छुट्टिएको, अगाडि जान खूब मनगर्ने, रौंहरू चिल्ला भएको शूलको रोग नभएको, सफा र सुग्घर मनपर्ने, तेजी, क्षत्रीयस्वभावले युक्तभएको र मेघका जस्तो स्वर भएको तथा–

वश्यं[1] कुलजं दान्तं शूरं मेधाविनं प्रभायुक्तम्
शुभपुण्ड्रं शुभगन्धं सान्नाह्यम्वाजिनं कुर्यात् ॥४५५॥

वशमाआउने, कुलीन, राम्रोसित तालीमपाएको, शूरो, बुद्धिमान्, तेजयुक्त, पुण्ड्रक र गन्ध असल भएको यस्तोघोडा संग्रामको कामपर्दा नियुक्त गर्नु ।

गौरंपीतमरिष्टं[2] पाटलमथपाटलारिष्टम्
रोमकमथवा सारं चित्रं वा क्रौन्चपत्रं वा ॥४५६॥

औपवाह्य घोडा

गौरघोडा, पहेंलोघोडा, रीठा जस्तो कालोघोडा, पाटल र पाटलारिष्ट घोडा, रोमक घोडा, सार र चित्र घोडा अथवा क्रौञ्चपत्र यति जातका घोडा तथा–

---

१. वैश्यं.................

२. रूक्षकमथवापाटलमरिष्टं... । रोमकमथवाधूसर......... (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुखवाहं दृढपादं शूरम् जितेन्द्रियं सुशीलं च
शुभगामिनं सुपृष्ठं नान्येषां पृष्ठगं शीघ्रम् ।।४५७।।

चढ्न सजीलो, बलीया हातपाउ भएको, शूरो, सहसा नछिहिलिने, असल शील-स्वभाव भएको, राम्रो हिंडाइ भएको, पिठ्चूं वेस भएको, अरूघोडाहरूका पछि-पछि नलाग्ने, छिटो र

अत्रासिनं प्रहृष्टं विकटोपांगं[1] मनोहरं शान्तम्
सल्लक्षणेन युक्तं तमौपवाह्यं हयं कुर्यात् ।।४५८।।

न तर्सने, हृष्टपुष्ट, अपाङ्गप्रदेश विकट भएको, राम्रो र शान्त स्वभाव भएको यस्तोघोडा उपवाहन गराउनु ।

शुल्वनिभं[2] श्वेतरक्तं रक्तंकृष्णं हरिं शुभच्छायम्
शान्तं चैव वयस्कं हयं सचिव वाहनं कुर्यात् ।।४५९।।

सचिवयोग्यघोडा

तामा (खनिज)को जस्तो वर्ण भएको, सेतो रातो वर्ण मिस्सिएको, रातो, कालो र हरीयो वर्णको, असल कान्ति भएको, शान्त र उमेरदार यस्तो घोडा सचिवले वाहन बनाउनु ।

श्वेतः[3] शुचिः सुशीलः सुभगः शुभलक्षणः सुगन्धश्च
तेजस्वी शुभनादः सुमुष्क तालुः शुभास्यखुरः ।।४६०।।

साम्वाहिक घोडा

सेतो ,फोहर मन नपराउने, असल शीलस्वभाव भएको, राम्रो शोभायुक्त असल लक्षणलेयुक्त, असल गन्धभएको, तेजस्वी, असल स्वर भएको, अण्डकोष तालु, मुख र खुर असल भएको तथा–

१. विकटाटोपं..... सन्नाहयस्यैवसमं समुपवाह्यं हयं कुर्यात् (ख)
२. शुद्धार्काभं श्वेतं रक्तं कृष्णं हरिं शुभच्छायम्।क्षान्तं चैव वयस्थं तं तुरगं सचिववाहनं कुर्यात् (ख)
३. श्वेतः सुप्रभगन्धस्ताम्रस्त्ववक्तालुदन्तखुरमुष्कः। तेजस्वी शुभनादः स हयः सन्नाहिको नृपतेः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्य[१] सितस्य ललाटे चत्वारः शुभाः प्रदक्षिणावर्ताः
कुलहन्ता च रिपूणां स हयः साम्वाहिकः प्रोक्तः ।।४६१।।

सेतोवर्णभएको घोडाका निधारमा दाहिनेतर्फ घुमेका चारवटा भुमरी छन् भने त्यो घोडा असल हो । त्यस्तो घोडा शत्रुको कुलैलाई नाशगर्ने हुन्छ । यो घोडा "साम्वाहिक" नामक घोडा हो भनिएको छ ।

सुमनापुष्पसवर्णो[२] महाललाटः शुभच्छायः
मणिवैडूर्यनिभाक्षः सुदीर्घपुण्ड्रो नरेन्द्राश्वः ।।४६२।।

राजा योग्य घोडा

जाईकाफूलका जस्तो वर्णभएको, ठूलो निधार भएको, असल छाया भएको, वैडूर्यमणिका जस्तो आँखाको वर्ण भएको, लामू पुण्ड्रक भएको यस्तो घोडा राजालायक घोडा हो भनिएको छ ।

शूरः[३] शुचिर्दृष्टिमनोभिरामो जवान्वितः स्वामिमनोरथज्ञः
प्रियश्च मांगल्यविलेपनस्य सोऽश्वश्चराज्ञो जयवाहनं स्यात् ।।४६३।।

शूरो, शुद्धरहने अर्थात् फोहर मन नपराउने, हेर्दा मनलाई आनन्दलाग्ने, खूब बेग भएको, स्वामीकोआशय जान्ने, मांगलिक वस्तु अर्थात् माला आदि र चन्दन आदि सुधन्धीलेपन मनपराउने यस्तो बानी भएको घोडा पनि राजाका निमित्त विजयप्रदान गर्ने (राजाश्व) घोडा हो ।

यः शक्रगोपकाभः पारावतलोचनः स राजाश्वः
यश्च शुचिः शुभगन्धः शुभनादः सोऽपि नृपवाहः स्यात् ।।४६४।।

जुन घोडा "शक्रगोप" नामक कीराका जस्तो वर्णको र परेवाको जस्तै आँखा भएको छ भने त्यो घोडा राजाश्व अर्थात् राजा चढ्नलायक घोडा हो । त्यस्तै शुद्धरहने, असल गन्ध भएको र असल स्वर भएको यस्तो घोडा पनि राजाको वाहनलाई लायक मानिएको छ ।

---

१. शंखसिताश्च ललाटे चत्वारश्चरणाः प्रदक्षिणावर्ताः । कलहंसभैरव रवःस हयः सान्नाहिकोनृपतेः (ख)

२. सुमना....... श्वेतललाट...... शुभाक्षः...... (ख)

३. जीमूतवर्णो घनघोषहेषी मध्वाज्यगन्धो गजहंसगामी । प्रियश्च माल्यस्य विलेपनस्य सोऽप्यश्वराजो नृपवाहनं स्यात् (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शोणप्रवालवर्णो यो मणिवैडूर्यसदृशनयनोऽश्वः
दक्षिणकेशान्तस्था शुक्तिश्चोर्ध्वायिता यस्य ॥४६५॥

जुन घोडा रातो कमल वा मुगाका जस्तो वर्ण भएको, वैडूर्यमणिका जस्तो आँखाभएको, दाहिने केशान्त (यालको अन्तिमभाग) को समीपमा माथितिर फर्केको र माथितिरै फैलिएको सिपी (सिपी जस्तो रौं को चिन्ह) छ भने त्यो घोडापनि "राजाश्व" हो ।

तेन तुरगेण रणान्निःशेषं रिपुवलं विनिर्जित्य
प्रमुदितनिजबलसहितः स्वस्थो नृपतिः समायाति ॥४६६॥

उपर्युक्त लक्षणले युक्तभएको वाहनगर्ने राजा रणसंग्राममा सम्पूर्ण शत्रुहरुको सैन्यलाई जितेर आफ्ना फौजहरूसहित प्रसन्नहुँदै (आफ्ना राज्यतिर) फर्कन्छ ।

हेमनिभो हरिरपरो हरिणगति र्हरिणलोचनो हृष्टः
तुमुले[1] धावितुमिच्छति स एष राजाश्व इत्युक्तः ॥४६७॥

सुनौलावर्ण भएको, मिर्गका जस्तो गति भएको, हरिणका जस्ता आँखा भएको, प्रसन्नताका साथ सग्राममा दौडन इच्छा गर्ने यस्ता लक्षणले युक्तभएको यस्ताप्रकारको घोडा "राजाश्व" अर्थात् राजाले चढ्नलायक घोडा हो भनिएको छ ।

शुभान्यधरमस्तक[2] नेत्रमुखानि तुरगस्य जायन्ते
भूमीन्द्राणां चासौ तुरगः सर्वार्थसिद्धिकरः ॥४६८॥

तल्लोओठ, शिरस्थान, आँखा र मुख यति ठाउँमा शुभलक्षणहरू छन् भने त्यो घोडा राजाको सम्पूर्णकुराको सिद्धिकारक हुन्छ । (यो घोडा पनि राजाश्व मानिएको छ)

पन्था[3] यत्र न मनसो यो याति हयो महाजवः शूरः
अभिनन्दति गर्जति वै यश्च समायाति व्याघ्रशाव इव ॥४६९॥

---

१ .... भुवमनुधावितुमिच्छति (ख) २. श्वेतानि चरणमस्तक मुखानि तुरगस्य यस्य जायन्ते । नन्दीमुखनामासौ तुरगः सर्वार्थसिद्धिकरः (ख)

३. यस्तु प्रवर्त्यमानो ९नतरामदयैर्महाशूरैः । अभिनन्दति गर्जन्तं स खलु मतो व्याघ्रशाव इव (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन भन्दापनि चाँडै दगुर्ने अर्थात् ज्यादाबेगभएको, खूब तेजी, शूरो, विपक्षीको गर्जनमा पनि धैर्य साथ बाघकोडमरू झैं जाइलाग्नसक्ने यस्तोघोडा पनि "राजाश्व" हो ।

मानोन्मानविभक्तै[१] रंगै रेतैः कुलीन आयुष्मान्
प्रतिलोमं सलिले वा याति ससत्वो नरेन्द्राश्व ।।४७०।।

मान अर्थात् परिमाण र उन्मान अर्थात् अग्लोहोचो आदिमा जहाँ जस्ता अंग रहन्छन् ती अंगहरू त्यस्तै प्रकारले छुट्टिएर प्रष्टदेखिने भएको, कुलमा जन्मेको, लामु आयू भएको, जताबाट पानी आएको छ त्यही पानीमा त्यतैतिर जान सक्ने र असल सत्वले युक्तभएको यस्तोघोडा पनि राजाश्व अर्थात् राजाले चढ्न–लायक घोडा हो भनिएको छ ।

येषां[२] दीपशिखोपमानि नयनान्युद्भान्ति च श्येनवत्
ग्रीवा वर्हिनिभा गतिर्गजसमाः पादाः समंगोपमाः ।
यद्वेगः प्लववानरस्य हि समः स्याद्वैरणे प्रेषिते
शंखक्रौन्चमृगेन्द्रदुन्दुभिघन व्याघ्रेभतुल्यः स्वरः ।।४७१।।

जुन घोडाका आँखा बत्तीका ज्वाला जस्ता तेजिला र वाज (पक्षी) का जस्ता छन्, घांटी मुजुरकोजस्तो छ, गति हात्तिकोजस्तो छ, गोडाहरू मजीठा जस्ता छन्, रणसग्रामस्पर्दाको गति उफ्रने बाँनरका जस्तो छ र जसको स्वर शंख,करचांग-कुरुंग, सिंह, दुन्दुभि, मेघ, बाघ र हात्तीका जस्तो छ यस्ता घोडाहरू र

वक्षोभिर्हरिणाधिप प्रतिनिभैर्व्याघ्रोपमैर्वाहुभि–
रावर्तैश्च शुभैः प्रधानकुलजाः सुस्निग्धवर्णप्रभाः
उष्ट्राक्षा[३] प्रियदर्शनाश्च शुचयः श्वासैः सुगन्धाश्च ये
धन्यास्ते जयराज्यकीर्ति धनदाः सान्नाहिका भूपतेः ।।४७२।।

---

१. मानोन्नतो विविक्तैरातंकरहित आयुष्मान् । प्रतिलोमसलिलपायी स शुद्धसत्वो नरेन्द्राश्वः (ख)
२. येषांदीपशिखोपमानयनयोरन्ता दृशौ श्येनवत् । ग्रीवाक्रौन्चनिभा गतिर्गजसमा पादाः समुद्रो-पमाः (?) उद्वेगप्लुतिभिश्च वानरसमाः स्वैरं रणेप्रेक्षका। शंखक्रौन्चमृगेन्द्रदुन्दुभिघना व्याघ्रे-भतुल्यस्वराः (ख)
३. उष्ट्राक्षाः प्रियदर्शनाः सवयसः स्वासैः सुगन्धैर्युता । धन्यास्ते जयराज्यवित्तसुखदाः सान्ना-हिका भूपतेः (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिंहका जस्तो छाती भएका, बाघका जस्ता हात अर्थात् अगाडिका खुट्टा भएका, असल भुमरीहरू भएका, मुख्य (असल) कुलमा जन्मेका, वर्णमा चिल्ला र कान्तिमा सुन्दर, ऊँटका जस्ता आँखा भएका, हेर्दा राम्रालाग्ने, शुद्ध अर्थात् फोहर मन नपराउने, सासफेर्दा सुगन्ध आउँने, यस्ता घोडा असल हुन् । यस्ता घोडा विजय, राज्य, कीर्ति र धन दिने हुन्छन् । यस्ता घोडा राजालाई संग्राममा जानुपर्दा विशेषलायक मानिएका छन् । (उपर्युक्त लक्षणहरू "राजाश्व" अर्थात् राजाले चढ्नलायक घोडाका हुन्) ।(श्यामैः कर्णैः सितैः केशैः पुण्ड्रैस्तु दिनसन्निभैः। सर्ववर्णैस्तु विज्ञेयाः श्यामकर्णास्तुरंगमाः । अर्थात् शरीरको मूलवर्ण जुनसुकै वर्णको भै दुवैकान काला भएका, केशसेता भएका, दिनजस्ता उज्यालापुण्ड्रभएका घोडा "श्यामकर्ण" घोडा हुन् भनेर वीरमित्रोदयको लक्षणप्रकाशमा उल्लेख गरेको पाइन्छ)

एवंरूपाचारा[१] भवन्ति ये वाजिनः प्रशस्तास्ते
निवसन्ति यत्र चैते देशः स स्यात् समृद्धश्च ।।४७३।।

यस्ताप्रकारका रूप (वर्ण) र आचार (स्वभाव) भएका जुन घोडाहरू हुन्छन् तिनीहरू कल्याणकारक मानिएका छन् । जुनदेशमा यस्ता घोडाले बास गर्छन् त्यो देश समृद्धिशाली हुन्छ ।

धर्मरतो हि लोको निष्पत्तिर्भवति तत्र सस्यानां
न प्रभवन्त्युपसर्गा वर्षति काले च पर्जन्यः ।।४७४।।

उपर्युक्त लक्षणयुक्त घोडाहरू जुन् देशमा रहन्छन् त्यहाँका जनता धर्मात्मा हुन्छन् । धान्यादि राम्रो हुन्छ । उपसर्ग (महामारीहरू आदि) हुँदैनन् र समय समयमा जलवृष्टि हुन्छ ।

नन्दन्ते[२] व च तस्मिन् वृद्धाजीवन्ति वाजिनो निरूजः
हयराजानश्चैते वसन्ति शुभलक्षणा यत्र ।।४७५।।

जुन ठाउँमा यस्ता असल लक्षणलेयुक्त भएका घोडाकाराजा अर्थात् सर्वश्रेष्ठ घोडाहरू रहन्छन् त्यो देशका जनता आनन्दमा रहन्छन्, बूढा धेरै समयसम्म बाँच्दछन् र त्यहाँका घोडाहरू पनि निरोगी हुन्छन् ।

---

१. एवंरूपावाहा यत्र वसन्ति भवन्ति तत्र तस्यानि । न प्रभवन्त्युपसर्गा वर्षति काले च पर्जन्यः (ख)
२. नन्दन्ते हि च तरूणा.......... (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तस्माद्राजा३ तुरगानेवंविधरूपलक्षणोपेतान्
गन्धैर्माल्यैर्वजिभिः प्रपूजयेन्तान्निजे विषये ।।४७६।।

त्यसकारण राजाले आफ्नाराज्यमा उपर्युक्त प्रकारका रूप र लक्षणलेयुक्त-भएका घोडाहरूलाई चन्दन माला, बली आदिले सदा संमान गर्नु ।

इति श्रीदुर्लभसुतगणकृते अश्वायुर्वेदे (सिद्धसंग्रहे) राजोपवाह्यादि कथनं नाम एकादशोध्यायः ।।११।।

यो दुर्लभसुतगणकृत अश्वायुर्वेद (सिद्धसंग्रह) को राजोपवाह्यादि नामक एघारौं अध्याय समाप्त भयो ।

बाह्रौं अध्याय

अथ प्रदेशाध्यायः

घोडाका शरीरका ठाउँहरूका नामहरू

राजोपवाह्यं कथितं प्रदेशानधुना श्रृणु
प्रमाणं त्रिविधं चैव क्षेत्राणि च यथाक्रमम् ।।४७७।।

राजाले चढ्नलायक घोडाका विषयमा भनियो । अब घोडाका प्रदेश अर्थात् शरीरका स्थानका विषयमा सुन । अनि घोडाका तीन प्रकारका प्रमाण अर्थात् अग्लो, लामू र चेप्टो आदि, तथा घोडा बस्ने देशहरू पनि क्रमशः भन्दछु सुन ।

प्रदेशान्वाजिदेहस्थान्यो न वेत्ति [1]विभागशः
[2]न स जानाति मूढात्मा लक्षणं न चिकित्सितम् ।।४७८।।

पहिल्यै जसले घोडाका शरीरमा रहेका प्रदेश अर्थात् अङ्गप्रत्यङ्गहरू एक एक गरी जान्दैन त्यस्तो नजान्ने त्यो मूर्खले घोडाका लक्षण र औषधोपचारका विषयमा केहीपनि थाहा पाउन सक्तैन ।

---

३. तस्माद्राजा तुरगानेवंविधान्रूपलक्षणोपेतान् । गन्धैर्माल्यैर्वलिभिः प्रपूजयेदागतान्विषये (ख)

१. विभागतः (ग)

२. तान्नजानाति.... (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिह्वा[१] कण्ठनिवद्धा ज्ञेया द्वात्रिंशददंगुला निपुणैः
अथ तालु तुरंगाणां जिह्वाया उपरि निर्दिष्टं ॥४७९॥

घोडाका अङ्गमध्ये घाँटीसम्म टाँस्सिन पुगेको मासुकोभाग जिभ्रो हो। घोडाको जिभ्रो बत्तीस अंगुल लामू हुन्छ भनी अश्वशास्त्रवेत्ताले भनेका छन्। घोडाको तालु त्यही जिभ्रादेखि माथिको भाग हो भनेर निश्चय गरिएको छ।

---

१. अति प्रसिद्धा जिह्वा१ तु तस्याः सूना भवेदधः
ऊर्ध्वं तालु भवेत्तस्या स्तस्याग्रे२ दन्तपीठकम् ॥३॥
ततो दन्ताः समुद्दिष्टा उर्ध्वं दन्ता भवन्त्यधः
चिवुकंचाधरे३ भागे तेषां प्रोक्तं विचक्षणैः ॥४॥
चिवुक स्योपरिष्टात्तु अधरोष्ठः४ प्रकीर्तितः
चिवुकात्पार्श्वभागे तु हनुर्नामाभिधीयते ॥५॥
५ सृक्विद्वयं विजानीयात् वक्त्रपार्श्वगतं वुधः।
उत्तरोष्ठः६ प्रपाणाख्यं तदूर्ध्वं प्रोथ उच्यते ॥६॥
नासा७च्छिद्रे तथा पार्श्वे प्रोथस्यैव व्यवस्थिते
नासाच्छिद्राक्षिमध्ये तु घोणाख्यं समुदाहृतम् ॥७॥
घोणापार्श्वगतौगण्डौ क्षीरिके च ततः परम्
नेत्रयोरधरे८ भागे अश्रुपातः उदाहृतः ॥८॥
कर्णान्ताच्चैव९ नेत्रान्तमपांगं ब्रुवते बुधाः
कनीनिकाख्यो विज्ञेयो१० यश्च नासा समीपगः ॥९॥
सितासितं च यन्मध्ये नेत्रयो र्मण्डलं हि तत्
प्रच्छादनं भवेद्वर्त्म चाक्षिकूटमतः परम् ॥१०॥
तस्मादूर्ध्वं भ्रुवोर्लेखे११ ललाटं च तदुत्तरम्
उर्ध्वं ललाटदेशात्तु केशान्तं च ततः स्तुवम्१२ ॥११॥
ततः शिरो विजानीयात् १३स्तुवादूर्ध्वगतं बुधः
शिरःपार्श्वगतौ कर्णौ तयोर्मूलं सुकुन्तलम्१४ ॥१२॥
अपांगाद्यंगुलं चैव शंखं विद्याद्विचक्षणः
शंखकर्णान्तरे चैव कटाक्षः समुदाहृतः ॥१३॥

---

१. जिह्वा या (ग) २. तदग्रे (ग) ३. चाधरोभाग (ग) ४. अधरौष्ठः (ग) ५. सृक्व (ग)
६. उत्तरौष्ठः (ग)
७. नासाच्छिद्राक्षिमध्येतु घोणाख्यंसमुदाहृतम् (ग) ८. नेत्रयोरन्तरे भागे (ग) ९. कर्णान्ते (ग) कर्णपार्श्वेच नेत्रान्तमपांगः प्रोच्यते वुधैः (घ) १०. विज्ञेयः (घ) ११. भ्रुवोर्लेखा (ग) १२. ततः श्रुवः (ग) १३. श्रुवादूर्ध्वगतं (ग) १४. तयोर्मूलन्तु शष्कुली (ग)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिह्वाया चाधस्तात् शूना पीठ स्ततो हनुर्ज्ञेया
हनुनिवद्धा हि द्रंष्ट्रा तासां मध्ये चतस्रस्तु ।।४८०।।

घोडाको जिभ्राको तल शूना अर्थात् तल्लोजिभ्रो वा सानुजिभ्रो रहेको हुन्छ । त्यसपछि पीठ (दन्तपीठ) र त्यसपछि हनु (तलका दुबै दन्तपंक्ति रहने हाड) हुन्छन् । त्यही हनुमा टम्ममिलेर दाँत रहेका हुन्छन् । ती मध्ये छुट्ट रहेका तलका २ र माथिका २ गरी जम्मा चारवटादाँतलाई द्रंष्टा भनिन्छ ।

अधरोत्तराश्च दन्ता वाजिनां द्वादशैव निर्दिष्टा:
उपरिष्टादन्ता ये विनिर्दिशेदुत्तरान्प्राज्ञः ।।४८१।।

तल र माथिगरी घोडाका दाँत बाह्रवटा मात्र हुन्छन् भनेर निश्चय गरिएको छ । ती दाँतमा माथिपट्टिका दाँतलाई जान्ने मानिसले "उत्तरदन्त" भनेर निर्देशन गर्नु । त्यस्तै तलका दाँतलाई "अधरदन्त" भन्नु ।

विदुर्मर्मविदुश्चैव कर्णस्याधः षडंगुलम्१
घण्टावन्ध समीपस्थो निगालः परिकीर्तितः ।।१४।।
अधस्तले२ निगालस्य गलमाहुर्मनीषिणः
ततः कण्ठं विजानीयादधोभागेन३ तं वुधः ।।१५।।
ग्रीवा लोकप्रसिद्धा तु तस्याश्चोपरि केसराः
ग्रीवास्कन्धान्तरे चैव वहमाहुर्मनीषिणः४ ।।१६।।
वहस्योपरिपक्षस्य५ काकसं ककुदं ततः
ततः पृष्ठं विजानीयादासनं पृष्ठमध्यगम् ।।१७।।
अंसकौ६ ककुदं चैव निवद्धौ परिकीर्तितौ
स्यातामंसादधो वाहु तयोर्वाह्ये षडंगले ।।१८।।
वाहोरभ्यन्तरं७ विद्यात् किणं चाति प्रसिद्धकम्
अधरे च ततो जानू निर्दिष्टे शास्त्रकोविदैः ।।१९।।
मन्दिरः पश्चिमो भागः कलापी८ जानुनोऽग्रिमः
जान्वोश्चाधरे९ भागे जंघांविद्याद्विचक्षणः ।।२०।।

---

१. षडंगुले (ग)
२. अधस्ताच्च (ग) ३. दधोभागेविचक्षणः । वक्षक्रोडं तथा चैव हृदयं कुक्षिमेव च । अनुपूर्व विजानीयादधोभागगतं वुधः (ग) ४. वाहं प्राहु....)ग) ५. वाहस्योपरिजन्तु स्यात्.... काकसं ककुदं ततः (ग) ६. अंसके ककुदश्चैव निवन्धे परिकीर्तिते (ग) ७. रभ्यन्तरे (ग) ८. कलाची (ग) ९. जानुनोश्चाप्यधोभागे (ग)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ओष्ठौ तु विनिर्दिष्टौ दन्तानां छादनं बुधैः कथितम्
तयोरूपसन्धी चापि तुरगाणां सृक्वणी कथिते ।।४८२।।

विद्वान्हरूले दाँतलाई छोप्ने छालालाई "ओठ" भनेका छन् । ती दुबै ओठको छेउका दुई जोर्नीलाई दुई सृक्वणी अर्थात् दुईवटा गीजा हुन् भनिएको छ ।

अधरोष्ठस्याधस्ता च्चिबुकंस्यादुपरिचोत्तरोष्ठस्य
परिकीर्तितं प्रपाणं तस्योद्ध्र्वे प्रोथ इत्युक्तः ।।४८३।।

घोडाको तल्लो ओठमनिको भागलाई च्यूंडो भनिन्छ र माथिको ओठदेखि केही माथिको ठाउँ "प्रपाण" हो र त्यसदेखि माथिको भागलाई "प्रोथ" भनिएको छ ।

प्रोथस्य तु पार्श्वस्थौ ज्ञेयौ नासापुटौ ततश्चाक्ष्णोः
प्रोथस्य चान्तरे या घोणांतांच विजानीयात् ।।४८४।।

प्रोथको अगलबगलमा रहेका नाकका दुइटा पोरालाई "नासापुट" भनिन्छ । त्यसपछि आँखाको र प्रोथका बीचमा रहने जुन् भाग हो त्यो "घोणा" अर्थात् नाकेडाँडी हो भनी जान्नु ।

जंघापार्श्वे कलां विद्यात्सन्धि१ वैषिकसंज्ञकम्
अग्रतः पालिहस्तः२ स्यात् पश्चात्कूर्च उदाहृतः ।।२१।।
किणं तत्रैव मध्यस्थं अधोभागे च कुष्ठितम्३
खुरसन्धीं ततो विद्यादधोभागे ततः खुरम् ।।२२।।
खुरस्यपार्श्वे पार्ष्णिः स्यादग्रभागे नखो भवेत्
खुरस्याधस्तले चैव मण्डूकीतलमध्यगा४ ।।२३।।
खुरमांसं विजानीयात् क्षीरिकाख्यं विचक्षणः
हृदयाभ्यन्तरे५ कक्षः पार्श्वस्तस्यैव पार्श्वतः ।।२४।।
जठरं पार्श्वमध्यस्थं तस्य नाभिश्च मध्यतः
रोमराजि ततो विद्यान्मूत्रकोशमतः परम् ।।२५।।
आकटचाः पश्चिमे भागे पुढौ स्फीजौ च कीर्तितौ६
रन्ध्र७ कुक्षेरधोभागे उपरन्ध्रस्तथोन्तरे ।।२६।।

---

१. सन्ध्यंचैषिक (ग) २. पलिहस्तः (ग) ३. कुष्टिकम् (ग) ४. तलमध्यतः (ग) ५. हृदयात् परतः कुक्षी पार्श्वतश्चविभागतः (ग) ६. कीर्तिते (ग) ७. कुक्षिमध्येभवेद्रन्ध्र-मुपरन्ध्रं तदूर्ध्वगम् (ग)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोणापार्श्वगतौ तु गण्डौपाश्वौ प्रकीर्तितौ निपुणैः
मध्ये तयोः प्रदिष्टौ तुरगाणामश्रुपातौ तु ।।४८५।।

घोडाका नाकेडाँडीका अगल बगलमा रहेको भागलाई अश्वशास्त्रका विद्वान्हरूले गण्ड र पार्श्व हो भनेका छन् । ती गण्ड र पार्श्वका बीचमा रहेको भाग "अश्रुपात" अर्थात् आँशूखस्नेठाउँ हो भनिएको छ ।

उपरितयोस्तु नयने लोचनयोश्छादनानि वर्त्मानि
अक्षणोर्मध्ये शुक्लं ततश्चकृष्णंम्विजानीयात् ।।४८६।।

ती दुबै ठाउँ अर्थात् अश्रुपातको माथि आँखा हुन्छन् । आँखाकोमाथि आँखा ढाक्ने छाला अर्थात् परेला हुन्छन् भनिएको छ । आँखाको माझको भाग सेतो हुन्छ र त्यसपछिको भाग कालो हुन्छ भनी जान्नु ।

ते दृष्टिमण्डले वै चर्मोपरिस्थिते नयनकूटे
स्यातां भ्रुवौ तदुपरि वाह्ये चाक्षणोरपांगौ तु ।।४८७।।

ती सेता र काला भाग रहने आँखाभित्रका डल्लालाई दृष्टिमण्डल भनिएको छ । तिनलाई छोप्ने छाला अर्थात् परेलाको रौंभन्दा माथिको भागलाई

पूच्छमूलं तु वाहानां मांसलः (मसांल) पुच्छमूलतः
अधः प्रकीर्तितः पायुः सीवनी च ततः परम् ।।२७।।
मुष्कौ च कटिसंन्धि च ततो विन्द्यात्परं वुधः
अधस्थात् कटिसन्धेस्तु उरूसन्धिरूदाहृतः ।।२८।।
सीवनीतलसन्धिश्च१ उरूपादाभिधायिका
ततः स्थूरं विजानीयात्तस्याधो मन्दिरं भवेत् ।।२९।।
किणं चैव ततो विन्द्यात् मन्दिराभ्यास संस्थितम्
ततः परं विजानीयात्कलां२ वै कुष्टिकां तथा ।।३०।।
खुरान्तमांस३ मण्डूकीः ततो विन्द्याद्विचक्षणः
अग्रजंघा द्वयं चैव वक्षो ग्रीवा शिरोमुखम् ।।३१।।
पूर्वकायः समुद्दिष्टः पृष्ठदेशस्तु मध्यगः४
आकटेः पश्चिमोभागः खुरान्तश्चापरः स्मृतः ।।३२।। (ख)

---

१. सक्थिनी फलसन्धिस्तुउरूपान्ताभिधानकः (ख) २. कलां कूर्चञ्च कुष्ठिकम् (ग) ३. खुरान्त संज्ञं मण्डूकं (ग) ४. मध्यमः (ग)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"नयनकूट" भनिएको छ । त्योभन्दा माथि आँखिभौं हुन्छन् । आँखाको बाहिर-पट्टिको प्रान्तभागलाई "अपांग" भनिएको छ ।

नासाभागे चाक्षणोर्मध्ये विद्यात्कनीनिकेश्वस्य
भ्रुवोस्तुवस्य च मध्ये ललाट इत्युच्यते प्राज्ञैः ॥४८८॥

घोडाको नाकेडाँडीपट्टि दुवै आँखाका बीचकोभागलाई "कनीनिका" हो भनी जान्नु । आँखिभौं र स्तुवको बीचमा रहने भाग "निधार" हो भनेर अश्वशास्त्र विशेषज्ञहरूले भनेका छन् ।

स्तुवमुपरिललाटंस्याच्छिरश्चकर्णान्तिरे विजानीयात्
स्यान्मस्तकं तदाश्रितमथ कर्णौपार्श्वयोस्तस्य ॥४८९॥

निधारदेखि माथिको भाग स्तुव हो र दुईकानका बीचको भाग शिर हो भनेर जान्नु । मस्तक भन्ने ठाउँ पनि शिरकै नजीक रहेको हुन्छ । त्यही मस्तकका अगल बगलमा दुवैकान रहेका हुन्छन् ।

अथ कर्णशंखयोस्तु मध्ये विद्यात्कटौ तुरंगाणाम्
शंखौ तु विजानीयादपांगकटयोः समीपस्थौ ॥४९०॥

यसपछि घोडाका कान र शंखको बीचको भाग "कट" हो भनी जान्नु । अपांग र कटका नगीचमा "शंख" भन्ने ठाउँ रहन्छ । यी शंख र कट भन्ने ठाउँ दुबैतिर रहन्छन् ।

शंखकटयोश्चविद्यादुपरिष्टाद्वाजिनां स्थितां घाटां
हनुचक्रे विजानीयाद्गण्डयोर्वाह्यतश्चापि ॥४९१॥

घोडाको शंख र कटमाथि "घाटा" अर्थात् शिरको पछिल्लो जोर्नी भन्ने ठाउँ रहन्छ । दुबै गण्डस्थलका बाहिरपट्टिको भाग "हनुचक्र" हो भनेर जान्नु ।

अथ हन्वोर्गलनाड्यो सन्धिस्तु निगाल उच्यते तज्ज्ञैः
पार्श्वे तु पृष्ठतःश्चापि कर्णयोः खलु विदुं विद्यात् ॥४९२॥

यसपछि हनु र गलनाडीको जोर्नी "निगाल" हो भनेर अश्वशास्त्र जान्ने विद्वान्हरूले भनेका छन् । दुवै कानका अगलबगलका पछाडिपट्टिको भाग नै "विदु" हो भनेर जान्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्ये तु कण्ठनाड्यौ पार्श्वाधस्तात्तथा शिरसः
मन्यामन्तरयातां तां ग्रीवां संविजानीयात् ॥४६३॥

घोडाको कण्ठनाडीलाई मन्या भन्दछन् । शिरको बगलको तल्लापट्टि मन्या भन्ने ठाउँ हुन्छ । (यो मन्या भन्ने ठूलो नसा हो र यो घाँटीको दुवैतर्फ रहन्छ) यी दुवै मन्याको बीचको भाग "ग्रीवा" अर्थात् गर्धन हो भनेर जान्नु ।

ग्रीवाया उपरिष्टात् स्कन्धः स्कन्धस्य केसराहचुपरि
केशानां पार्श्वस्थौ केशान्तौ संविजानीयात् ॥४६४॥

गर्धनको माथि काँध हुन्छ र काँधको माथि केसर अर्थात् याल रहन्छ । केश (कपाल) का दुबै पार्श्वभागको ठाउँ "केशान्त" हो भनेर जान्नु ।

जत्रुपुरतो वहस्यात् जत्रुमध्यं तु काकशा वहयोः
जत्रु ककुदस्य मध्यं तुरगाणां काकशाः कथिताः ॥४६५॥

घोडाको जत्रु (जहाँबाट हातको शुरु हुन्छ अर्थात् काँध) को अगाडि वह भन्ने ठाउँ हुन्छ । काकशा र वहको बीचको ठाउँलाई "जत्रु" भनिन्छ । जत्रु र जुरो-को मध्यभागसम्मको ठाउँलाई "काकशा" भनिन्छ ।

आसन काकसयोर्मध्ये ककुदं हयस्य विजानीयात्
आसनमपि निर्दिष्टं ककुदं समनन्तरं चैव ॥४६६॥

घोडाको आसन (पिठ्चूँमा चढ्ने वा बस्ने ठाउँ) र काकशाको बीचमा ककुद अर्थात् जुरो (दुई पाताको जोर्नीको भाग) हुन्छ । आसनस्थान पनि जुराको नगीचमा रहेको ठाउँ नै मानिएको छ ।

अथपृष्ठं विजानीयात् ततो भवेत्पृष्ठवंशमश्वस्य
अंशौ ककुदिनिबद्धौ तथांशमूलावतश्चोभौ ॥४६७॥

घोडाको आसन भन्ने ठाउँपछि पिठ्चूँ अर्थात् पीठ रहेको हुन्छ भनीजान्नु । त्यसपछि तीनवटा हाडको जोर्नीका नगीचै पृष्ठवंश भन्ने ठाउँ रहेको हुन्छ । घोडाका दुबै काँध जुरामा जोरिएका हुन्छन् र दुबै काँधका फेदलाई "अंशमूल" भन्ने नाम दिइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रोक्तो गलो हयानां निपुणैस्तु निगालकण्ठयोर्मध्ये
वक्षो गलयोर्मध्ये कण्ठं कण्ठादधोवक्षः ॥४९८॥

घोडाका निगाल र कण्ठका बीचको भागलाई "गल" (गलो) भनिएको छ । वक्ष र गलको बीचमा कण्ठस्थान र कण्ठका तलतिर वक्षस्थल (छाती) रहेको हुन्छ ।

हृद्वक्षसोश्च मध्ये क्रोडः क्रोडात्ततो बहिर्बाहुः
बाहोरधस्थिते च जान्विति संज्ञे विजानीयात् ॥४९९॥

हृदय (मुटु) र छातीका बीचको भागलाई "क्रोड" अर्थात् काख भनिन्छ । क्रोड (काख) को बाहिरपट्टि घोडाका बाहु (बाँहा) अर्थात् अघिल्ला दुईखुट्टा रहन्छन् । बाहुका तलतिररहेको भाग घुँडा हुन् भनी जान्नु (घुँडादेखिमाथितिरको भाग बाहु हो र बाहुका मन्तिर घुँडा रहन्छन्)।

अभ्यन्तरे च जान्वोः किणौ तु जान्वोरधस्ततो जंघे
पुरतस्ते विज्ञेये कले तथा पृष्ठतश्चैव ॥५००॥

घोडाका घुँडाको पछाडिको भित्रीभाग (घुँडीकोप्रो) लाई "किण" भनिन्छ । घुँडाको तलतिरको भागलाई "जंघा" भनिन्छ । जंघाको अगाडि र पछाडिको भागलाई "कला" भनिन्छ।

तेकूर्चादुपरिष्ठाज्जंघायाश्चाप्यधश्च परिहस्तौ
परिहस्तसमीपस्थौ कूर्च्चौ तन्मध्यजौ च किणौ ॥५०१॥

कला र कूर्चस्थान गोलीगाँठादेखि माथि रहन्छन् । जंघादेखि तलको भागलाई "परिहस्त" भनिन्छ । (परिहस्तको पलिहस्त र पालिहस्त भन्ने पाठान्तर पनि पाइन्छ) परिहस्तका समीपमा दुई गोलीगाँठा हुन्छन् र त्यसैको बीचको भागलाई "किण" भनिन्छ ।

कूर्चाधस्तात्कुष्ठिका खुरसंधि खुरस्ततो नखो ह्येवं
अथ पृष्ठतः खुरस्य पार्ष्णिशाखे पार्ष्णिनी कथिते ॥५०२॥

गोलीगाँठाको मनिको भाग "कुष्ठिका" हो । कुष्ठिका मनि खुरसन्धि हुन्छ र त्यसपछि खुर रहन्छ र अनि नङ रहन्छ । खुरको हाँगा जस्तो पछाडिको भाग "पार्ष्णिनी" भनिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्यादेवं पादतलं पादतले सा स्थिता तु मण्डूकी
वाहोस्तु पृष्ठतश्च कक्षे तुरगस्य निगदिते च ॥५०३॥

यसरी बनेको घोडाका खुट्टाको बनोट पादतल (पैताला) भनिन्छ । त्यसका तल्लापट्टि "मण्डूकी" रहन्छ । घोडाका बाहु (अघिल्ला खुट्टा) को ठीक पछाडिको भाग नै "कक्ष" (कोखा) हो भनिएको छ ।

क्रोडोदरयोर्मध्ये तुरगाणां हृद्विनीर्दिशेन्मतिमान्
हृन्नाभ्योर्मध्यगतं जठरं जठरात्ततो नाभी ॥५०४॥

पहिले भनिएको क्रोड(काख वा काखी) र पेटको माझमा घोडाको हृदय-स्थान हुन्छ भनी विद्वान्ले निश्चयगर्नु अर्थात् ठहऱ्याउनु । हृदयस्थान र नाईटोको बीचमा घोडाको पेट रहन्छ र पेटपछि नाभीस्थान अर्थात् नाइटो हुन्छ ।

पार्श्वे कथिते कक्षौ कक्षात्पृष्ठे: स्थित: कुक्षि:
कुक्षेरूपरिककुन्दर संज्ञौ कूपौ त्रिकेसन्धौ ॥५०५॥

घोडाका बाहुका पछाडिको पार्श्व अर्थात् अगलबगलमा कक्षस्थान रहन्छ । कक्षस्थानको पछाडिको भाग कुक्षि (कोखा) हो । कुक्षिको माथि त्रिक-सन्धि अर्थात् तीनवटाहाडकोजोर्नीमा "कूप" भन्ने स्थान हुन्छ ।

गात्रत्रयस्य सन्धिस्त्रिकमित्यभिधीयते तुरंगाणां
ज्ञेयन्ततोस्य जघनं तन्मूलं पार्श्वयोरूभयो: ॥५०६॥

घोडाको तीनवटा गात्र (शरीरको अंग) वा तीन हाडको जोर्नी को सन्धिलाई "त्रिक" भनिन्छ । त्रिकस्थानकोपछि जघन (जाँघ) रहन्छ र दुबै पार्श्वमा "जघनमूल" रहेको हुन्छ ।

जघनस्य तिरोधानं पुच्छं विद्यात्ततोश्वस्य ।
स्याद्वर्तिकासवाला गुदन्तु पुच्छप्रतिच्छन्नं ॥५०७॥

जाँघलाई छोप्ने दण्डा पुच्छर हो । लामा लामा रौं भएको पुच्छरको डाँठलाई "वर्तिका" भनिन्छ र पुच्छरले छोपिने भागलाई "गुदद्वार" भनिन्छ ।

गुदमांसलयोश्चाध: स्फिक्पिण्डौ कीर्तितौ निपुणै:
स्फिक्पिण्डयोरूभयतो ज्ञेये अश्वानां चटुके तु ॥५०८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाको गुदद्वारनिरको पुठो र पुच्छरको फेददेखि तलको भागलाई स्फिक् र पिण्ड अर्थात् फिला र पिण्ड हुन् भनी अश्वशास्त्रमानिपुण विद्वान्हरूले भनेका छन्। ती फिलाको केहीतल दुबैतिरको भाग "चटुक" हो भनी जान्नु।

एवमपानाधस्ताद्विज्ञेया सीवनी तुरंगाणाम्
स्फिक्पार्श्वान्तरसंस्थौ मुष्कौ शिश्नस्तयोः पुरतः ॥५०९॥

यसैगरी घोडाको गुदद्वारदेखि तल लिङ्गदेखि गुद द्वार पर्यन्त गएको रेखा हुन्छ। यसलाई "सीवनी" हो भनी जान्नु। फिला र पार्श्वभागको बीचमा अण्डकोष हुन्छन्। दुबै अण्डकोषको अगाडि लिङ्ग रहेको हुन्छ।

रन्ध्रौ चाप्युरन्ध्रौ कुक्ष्वोरभ्यन्तरे विनिर्दिष्टौ
अथ सक्थिनी तुरगाणामुपाण्डमूले विवद्धे तु ॥५१०॥

घोडाका रन्ध्र र उपरन्ध्र भन्ने दुई ठाउँ कोखाका भित्रीभागमा हुन्छन् भनेर निर्देशन गरिएको छ। यसपछि घोडाका तिघ्राहरू उपाण्डमूल अर्थात् अण्ड-कोषको फेदका समीपमा जोरिएर रहेका हुन्छन्।

ऊर्वोश्चैवाधस्ताद्वाहानां चक्रसक्थिनी विद्यात्
स्थूरे तु चक्रसक्थ्नोरधस्ततः संविजानीयात् ॥५११॥

घोडाको तिघ्रा भन्दा केहीतल "चक्रसक्थि" भन्ने ठाउँ रहेको हुन्छ। (यो स्थान तिघ्राको न त धेरै माथि न त धेरै तल ठीक बीचमा वा हाराहारीमा रहेको हुन्छ) यही चक्रसक्थिका तलको भाग नै "स्थूर" हो भनी जान्नु।

स्थूराधस्तात् प्राहुस्तुरगाणां मन्दिरे ततश्चाधः
यत्पूर्वे निर्दिष्टं पश्चिमकायेऽपि तज्ज्ञेयं ॥५१२॥

घोडाको त्यो स्थूर भन्ने ठाउँदेखि तल "मन्दिर" भन्ने ठाउँहुन्छ। त्यो मन्दिरको ठाउँ देखि तलतिरका विषयमा जस्तो अगाडिका गोडामा भनियो त्यस्तै पछिल्ला गोडामा पनि जान्नु। शरीरको पूर्वभागमा पर्ने जुन जुन कुराको निर्देशन गरिन्छ त्यो कुरा पश्चिमकाय अर्थात् शरीरको अर्को पाटातर्फ पनि हुन्छ भनेर जान्नु। (घोडाको शरीर विभाजनगर्दा पिठ्यूँ मध्यभाग हुन्छ, त्यो देखि शिर तिर "पूर्व भाग" र कटि देखि तलतिरको भाग पछिल्लो भाग हुन्छ। खुरतिरको भाग लाई "अपर भाग" पनि भनिन्छ भन्ने यस्तो ग्रन्थान्तरको मत देखिन्छ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाका प्रमाण

त्रिविधं प्रमाणमुक्तं श्रेष्ठं मध्यं तथा कनीयश्च
आयामोत्सेधाभ्यां परिणाहाद्वा विजानीयात् ॥५१३॥

घोडाका प्रमाण अर्थात् उत्तम, मध्यम र अधम गरी तीनप्रकारका छन् भनिएको छ। यस्तो तीनप्रकारको प्रमाण पनि लमाई, उच्चाई र चौडाइबाट हुनेहो भन्नेकुरा जान्नु ।

आयामं केषांचिन्मतं प्रपानादि र्वतिकान्तस्थं
विद्यात्तमंगुलीनां षष्ठिः शतमुत्तमाश्वस्य ॥५१४॥

कुनै अश्वशास्त्रवेत्ताको मतमा घोडाको लमाई प्रपान (घोडाको उपल्लो ओठदेखि ठीक नजिकै माथि) भन्ने ठाउँ देखि लिएर रौं समेत पुच्छर सम्म १६० एकसयसाठी अंगुल हुन्छ । यस्तो घोडा उत्तम हो भनिएको छ। (प्रमाणमा तीन जौ को १ अंगुल हुन्छ)। जयदत्तको मतमा ३॥ जौ भन्ने पनि छ।(शुक्राचार्यको मतमा भने घोडाको नापमा ५ जौ को एक अंगुल हुन्छ भनेका छन् जस्तै "पन्चयवांगुलेनैव वाजिमानं पृथक् स्मृतम्– शुक्रः)

अष्टाविंशतिवक्रं ग्रीवा त्रिंशदंगुलीप्रमाणास्यात्
षट्काकसांगुलानि त्रिंशं पृष्ठं समाख्यातं ॥५१५॥

उत्तम कक्षाका घोडाको अट्ठाइस अंगुल प्रमाणको मुख, तीस अंगुल प्रमाणको घाँटी, काकसा ६ अंगुलको र पिठ्यूँ तीस अंगुलको हुनुपर्छ भनिएको छ। (जयदत्तकृत अश्ववैद्यकको मतमा "द्वात्रिंशदंगुलंवक्त्रमुत्तमाश्वस्य कीर्तितम्" अर्थात् उत्तम घोडाको मुख वत्तीस अंगुलको हुनुपर्छ भन्ने देखिन्छ)।

जघनं मुखवद्विद्याद्दशांगुलं स्याच्चटुके तु
स्याद्वर्तिका तु मुखवदायामोह्युत्तमाश्वस्य ॥५१६॥

उत्तमकक्षाको घोडाको जाँघ मुखको प्रमाण जत्तिकै, चटुक (फिला) दशअंगुल तथा वर्तिका (पुच्छरको डाँख्लो)को प्रमाण मुखकै प्रमाण वरावर लामू हुनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्सेधोग्रिमकाये पादतलोर्ध्वं च काकसं यावत्
अंगुलीशतप्रमाणो वाजिवराणां निरूपितः प्राज्ञैः ।।५१७।।

उत्तम घोडाको अघिल्लोतर्फको शरीरमा पैतालादेखी काकसा सम्म एक-सय अंगुल उच्चाई हुनुपर्छ भन्ने अश्वशास्त्रजान्ने विद्वानले निरूपण गरिएको छ ।

तत्रांशः षड्विंशतिरूरो दश चैव वाहुरश्वानां
प्रोक्तश्चतुर्विंशतिरंगुलिमानेन जानीयात् ।।५१८।।

त्यसमा पनि उत्तमघोडाको काँध छव्वीस अंगुल, छाती दशअंगुल र बाहु अर्थात् हात चौवीस अंगुल प्रमाणका हुन्छन् भनी जान्नु ।

षड्जानुसन्धिरूक्तः पटकूर्च्चैः षोडशांगुला जंघा
षट् कुष्टिकाः प्रदिष्टाः खुराः षड्चैव जानीयात् ।।५१९।।

उत्तमघोडाको घुँडाको जोर्नी ६ अंगुल, गोलीगाँठाको जोर्नी पनि ६ अंगुल, जंघा सोह्रअंगुल, कुष्टिका ६ अंगुल र खुर पनि ६ अंगुलका हुन्छन् भनी जान्नु (उपर्युक्त प्रमाण अग्लाईको हो)

(उत्तम घोडाका प्रमाणका विषयमा जयदत्तको मतमा "हस्तोंगुलानां त्रिशत्या चतुरूत्तरयास्मृतः ।। चतुर्हस्तैतु विख्यातः शास्त्रोक्तैरूत्तमो हयः" अर्थात् चौवीस अंगुल प्रमाण भएको १ हात होओस् त्यस्तो चारहात अग्लो घोडा उत्तम मानिएको छ । शुक्राचार्यको मतमा "उच्चन्तुमुखमानेन त्रिगुणं" भनेर मुखको जति लमाई छ त्यस्को तीनगुणा गर्दा चालीस तिँयाँ एकसयबीस अंगुल अर्थात् त्यति अंगुलको हुनुपर्छ भन्ने छ । नकुलको मतमा भने "अशीत्यंगुल उत्सेधः" अर्थात् असीअंगुलको उच्चाई हुनुपर्दछ । मध्यमघोडाका विषयमा जयदत्त भन्दछन् "अर्धहस्तेन हीनस्तु भवेन्मध्यस्तुरंगमः" अर्थात् चारहातमा आधाहात घटि गर्दाठीक साढेतीनहात लामु घोडा मध्यम हो । शुक्राचार्यको मतमा पाँच जौ परिमाणको एक अंगुल र त्यस्ता छयान्नब्बे अंगुल परिमाणको घोडा मध्यम हो र अधम घोडा एक हात घटि अर्थात् तीन हात मात्र लामू हो भन्ने छ । शुक्राचार्यको मतमा अधम घोडाको प्रमाणमा "चतुरशीत्यंगुलोन्नतोऽधमः" भनेर चौरासी अंगुल उच्चाई भएको घोडा अधम हो भनेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"चौडाईका विषयमा जयदत्तको मतमा" ऊर्ध्वमानप्रमाणन्तु परिणाहं विनिर्दिशेत्। उत्तमानां च मध्यानां हीनानान्चैव वाजिनाम्" अर्थात् उत्तम मध्यम र अधम घोडाका किसिम हेरी घोडा जति अग्लो छ त्यही अनुसार हुन्छ । लमाइका विषयमा पनि यस्तै अनेक मत पाइन्छन्, जयदत्त भन्दछन् जस्तै "अर्धसप्तमहस्तस्तु श्रेष्ठ दैर्घ्येण निर्दिशेत्। षड्भिर्मुष्टिविहीनैस्तु मध्यमञ्च विचक्षणः। पन्च हस्त प्रमाणस्तु जघन्यः समुदाहृतः" अर्थात् साढे सात हात लामू घोडा उत्तम, ६ हातमा एक मुठी प्रमाण घटीको घोडा मध्यम र केवल पाँच हातको घोडा अधम मानिएको छ । शुक्राचार्यको मतमा भने, "शिरोर्मणिं समारभ्य पुच्छमूलान्तमेव हि ।। तृतीयांशाधिकं दैर्घ्यं मुखमानाच्चतुर्गुणम्" अर्थात् दुई कानका बीचबाट लिएर पुच्छरको छेउ सम्म मुखको नापमा चारभाग बढी गरी यसरी तृतीयांश अधिक अर्थात् पाँच जौको एक अंगुलको हिसाबमा एक सय बत्तीस अंगुलको घोडा उत्तम हो भनेका छन् ।

(यसैगरी मुखका विषयमा पनि "द्वात्रिंशदंगुलं वक्त्रमुखमाश्वस्य कीर्तितम्" अर्थात् उत्तम घोडाको मुख बत्तीस अंगुलको हुन्छ भन्ने जयदत्त र "चत्वारिंशांगुलमुखो वाजीयश्चोत्तमोत्तमः" अर्थात् चालीस अंगुल प्रमाणको मुखभएको घोडा उत्तममा पनि उत्तम हो भन्ने शुक्राचार्यको मत छ । अरू अंगका विषयमा पनि प्रत्येकको मत वेग्ला वेग्लै पाइन्छ, जस्तै शुक्राचार्य के भन्छन् भने "वाजिनां मुखमानेन सर्वावियव कल्पना" अर्थात् घोडाको अंग अवयवको कल्पना (विचार) गर्दा मुखको अनुसार हुनुपर्दछ । नकुलले भने यसलाई नमानेर "पृष्ठवंश चतुर्विंशः सप्तविंशा तथा कटी । हृदयं षोडशांगुलम्" अर्थात् पिठ्यूँ चौबीस अंगुलको, सत्ताइस अंगुलको कटी र हृदय (छाती) सोह्र अंगुलको हुनुपर्दछ भनेका छन् । यसैगरी प्रत्येक अंग प्रत्यंगमा प्रत्येक विद्वानहरूको मत केही न केही रूपमा भिन्नाभिन्नै भएको देखिन्छ)।

अश्वोत्सेधायामौ दिष्टौ परिणाह ईष्यते पृष्ठात्
एवं त्रिविधं मानं विनिर्दिशेदुत्तमाश्वस्य ।।५२०।।

घोडाको उच्चाई र लमाईका विषयमा भनियो । विस्तार (चौडाईका) सम्बन्धमा त पिठ्यूँको लिनु । यसप्रकार उत्तम घोडाको मान अर्थात् परिमाण तीन प्रकारको छ भनी निर्देशन गरिएको छ ।

प्रोथः पुटौ चाक्षिणी च वर्त्मनी च ककुन्दरे
नाभी चैव तुरंगाणां प्रदेशास्त्र्यंगुला मताः ।।५२१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाक, नाकका प्वाल, आँखा, परेला, ककुन्दर र नाभि यति अङ्ग तीन तीन अंगुल प्रमाणका हुनुपर्दछ भन्ने अश्वशास्त्रको मत छ ।

उत्तरोष्ठःस्तुवश्चैव सृक्वणी च वहः ककुत्
कक्षे गुदं च वाहानां प्रदेशाश्चतुरंगुला ॥५२२॥

उत्तमघोडाका उपल्लो ओठ, स्तुव, गीजा, वह, जुरो, कक्षा र गुदद्वार यति ठाउँ चार अंगुल प्रमाणका हुनुपर्दछ ।

प्रमाणं च कटौ शंखौ चिवुकं गलएव च
द्व्यगुलं मस्तकं कर्णौ विदुः क्रोडं षडंगुलम् ॥५२३॥

घोडाकाअंगका प्रमाणमा कट, शंख (दुवै भागका) च्यूँडो, गलो यी सबैको प्रमाण २।२ अंगुलको हुनुपर्छ र मस्तक, कान, विदु र क्रोड ६,६, अंगुलका हुनुपर्दछ ।

गल स्थूरे च कक्षौ च ज्ञेयाः पन्चांगुला बुधैः
गण्डौ हनु च घोणा च विज्ञेया षोडशांगुला ॥५२४॥

घोडाको निगाल अर्थात् घण्टीबाँध्ने ठाउँ, स्थूर र कक्ष (दुवै पाटाका) यति ठाउँको प्रमाण पाँच पाँच अंगुलको र गाला, च्यूँडो र घोणा अर्थात् नाकेडांडीको प्रमाण सोह्र अंगुलको हुन्छ भन्ने जान्नु ।

भ्रुवौ द्वौ दश कण्ठस्तु त्रिंशत्पार्श्वं त्रिकन्तु षट्
ललाटं द्वादश प्रोक्तमुदरं विंशतिः स्मृतम् ॥५२५॥

घोडाका आँखिभौं दुइ अंगुल, घाँटी (कण्ठ) दशअंगुल, पार्श्वभाग तीस अंगुल, त्रिक (तीन हाडको जोर्नी) ६ अंगुल, निधार बाह्र अंगुल र पेट बीस) अंगुल प्रमाणको हुनुपर्दछ ।

(नकुलका मतमा भने "कर्णौषडंगुलौ प्रोक्तौ तालुकं चतुरंगुलम् । चत्वारिंशच्च सप्ताढ्याः स्कन्धाः सम्यक् प्रकीर्तिताः । अतिसूक्ष्मं तथा निम्नं पुच्छं हस्तद्वयायतम् । लिंगं हस्तप्रमाणन्च तथाण्डौ चतुरंगुलौ । मार्गस्थानं चतुर्विंशं·····कटिकक्षान्तरं प्रोक्तं चत्वारिंशत् प्रमाणतः । मणिवन्धद्वयन्चैव खुराश्च चतुरंगुलाः" अर्थात् कान ६ अंगुल, तालु चार अंगुल, काँध ४७ अंगुल, लरवक तल लर्केको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खिरीलो पुच्छर दुइहात, लिंग एकहात, अण्डकोष चार अंगुल, लिंग निस्कने स्थान चौवीस अंगुल, कटी कक्ष चालीस अंगुल, मणिवन्धस्थान र खुर चारचार अंगुलका हुनुपर्दछ भनिएको छ ।

अंगुलानि तुरंगाणां जिह्वा द्वात्रिंशदेव तु
त्र्यंगुलं हृदि निर्विष्टं द्वादशांगुलमायतम् ।।५२६।।

घोडाको जिभ्रो वत्तीस अंगुल लामू, हृदयस्थान (छाती) बाह्र अंगुल लामू र तीन अंगुल चौडा हुन्छ भनी निर्देशन गरिएको छ ।

त्र्यंगुलन्तालु वाहानां विंशत्यायाममीष्यते
निगालोंगुलमेकन्तु प्रदेशोद्देश एष वै ।।५२७।।

घोडाको तालु तीन अंगुलको हुन्छ तर त्यस्को लमाई भने बीस अंगुलको हुन्छ । निगालस्थान केवल एक अंगुलको हुन्छ । प्रदेशको उद्देश्य यस्ताप्रकारले भनिएको छ ।

एतत्प्रमाणं बोद्धव्यमुत्तमाश्वस्य तत्वतः
पुरनन्यत्प्रवक्षामि मध्यमस्य कनीयसः ।।५२८।।

उपर्युक्त जोजति प्रमाण भनियो तीसबै उत्तमकक्षाका घोडाका हुन् । अब फेरि मझौला र निम्नप्रकारका घोडाका प्रमाणहरू भन्दछु ।

श्रेष्ठात् षोडशभागोनं प्रमाणं मध्यमं भवेत्
मध्यमादष्टभागोनं यस्य तत्स्यात्कनीयसः ।।५२९।।

उत्तमघोडाका अंगअवयवको जोजति प्रमाण छ त्यसमा १६ भाग अंगुल घटाई भएको प्रमाण मझौला घोडाको र मझौला घोडाका प्रमाणमा ८ भाग अंगुल घटाई रहन आएको प्रमाण निम्नस्तरीय घोडाको हुन्छ ।

पूर्वकायं शिरोग्रीवा पूर्वगात्रद्वयं विदुः
पश्चादर्धं भवेत्पुच्छो द्वे गात्रे जघनं त्रिकम्
भवेन्मध्यमकायस्तु शेष एवं गजेष्वपि ।।५३०।।

घोडाको शिर र घाँटी यति २ ठाउँ पूर्वकाय, पुच्छर जाँघ र त्रिक ३ ठाउँ पश्चिमकाय र शेष घाँटी र त्रिकस्थानभित्रको स्थान मध्यमकाय हो र यो नियम हात्तीमा समेत जान्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आजानुसाधिरोमान्तमित्येवं ध्रुवमुच्यते
ध्रुवादन्यद्धियत्स्थानमध्रुवं वृद्धिरूच्यते ।।५३१।।

घोडाको घुँडादेखिलिएर रोमान्त अर्थात् यालको अन्तिम ठाउँसम्मको स्थान ध्रुवस्थान हो भनिएको छ । ध्रुवस्थान भन्दा बाँकी अरू ठाउँ अध्रुव हो । अब घोडाको बढ्ने विषयमा भनिन्छ ।

वृद्धिस्त्रैवार्षिकी ज्ञेया उत्सेधेन तु वाजिनाम्
वर्षैश्चतुर्भिरायामं विद्यादेवं विचक्षणः ।।५३२।।

घोडाहरू साधारणतया अग्लाई (उच्चाई) मा तीनवर्ष सम्म बढ्दछन् र लमाईमा चारवर्ष सम्म बढ्दछन् भन्ने कुरा विद्वानले जान्नुपर्छ ।

वक्रं[1] तालु प्रपाणं प्रथमं क्षेत्रं शिरो द्वितीयन्तु
आकेशान्तं क्षेत्रं विद्यात्तृतीयमश्वानाम् ।।५३३।।

घोडाको शरीरलाई दश क्षेत्र (ठाउँ) मा विभाजन गरिएको छ । ती मध्ये मुख, तालु र प्रपाणलाई पहिलो क्षेत्र, शिरलाई दोस्रोक्षेत्र र शिरबाट केश (याल) सम्मको भागलाई तेस्रो क्षेत्र मानिएको छ । (ग्रन्थान्तरमा घोडाका "त्रीणिवर्षाणि मासौ द्वौ दिनानि द्वादशैव हि । द्वात्रिंशदायुषोवाजी तस्यैषा कथिता दशा," अर्थात् तीनवर्ष दुइमहीना र बाह्र दिन यति समय घोडाको दशा मानिएको छ । र आयुको दशभाग लगाएर दशवटा दशा विद्वानहरूले विभाजन गरेका छन जस्तै "आयुषोदशभागेन दशा प्रोक्ता मनीषिभिः")

---

१. आद्यं क्षेत्रंविन्द्यात् प्रपानपूर्वं तथा ललाटान्तम् ।।७।।
मूर्धादिं च निगालं क्षेत्रं प्रोक्तं द्वितीयं तु
ग्रीवा केशस्कन्धौ क्षेत्रं विन्द्यात्तृतीयमश्वानाम् ।।८।।
जत्नुस्तथैव ककुदं काकसमंसश्चतुर्थं तु
पूर्वंगात्रविभागः प्रोक्तं क्षेत्रं तु पन्चमं कथितम् ।।९।।
हृत्पार्श्वे त्वथ कक्षे क्षेत्रं षष्ठं विजानीयात्
उदरं पृष्ठं वंशं नाभ्यासह सप्तमं क्षेत्रम् ।।१०।।
रन्ध्रोपरन्ध्रे कुक्षिर्गुहयं तथाऽष्टमं क्षेत्रम्
उरू कटि जानू च सृक्पिण्डो पाण्डूरोहिणी स्थूरौ
क्षेत्रं नवमं विन्द्याज्जंघा सखुरा तु दशममित्युक्तम् ।।११।। (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ग्रन्थान्तरमा घोडाका १० वटा क्षेत्र यसरीपनि बताइएका छन् जस्तै प्रपान देखि ललाटपर्यन्त पहिलो क्षेत्र, शिरबाट निगालसम्म दोस्रो क्षेत्र, गर्धन, केश र स्कन्ध स्थान सम्म तेस्रो क्षेत्र, जत्रु, जुरो, काकस र काँध सम्म चौथो क्षेत्र, पूर्वतर्फको शरीर छुट्टिने ठाउँ पाँचौंक्षेत्र, हृदय, पार्श्व र कक्ष स्थान छैठौंक्षेत्र, पेट, पिठ्यूँ पृष्ठवंश र नाइटो सातौं क्षेत्र, रन्ध्र, उपरन्ध्र, कुक्षि र गुह्य आठौं क्षेत्र, तिघ्रा, कटि, घुँडा, गीजा, पिण्ड, पाण्डूरोहिणी र स्थूर नवौं क्षेत्र र खुर देखि जंघा पर्यन्तको भाग दशौं क्षेत्र मानिएको छ । जयदत्तको मतमा पनि घोडाका दशा र क्षेत्र मिल्दा जुल्दा नै छन् तर उनको यो उक्ति निक्कै घतलाग्दो छ उनी भन्दछन् कि "ककुदावर्तिनोऽश्वस्य तथा शृङ्गान्वितस्य च । सर्वकालफलं दुष्टं दशा तत्र निरर्थका," अर्थात् जुन घोडाको जुरो (दुई पाताको जोर्नी) मा भुमरी छ त्यस्तो घोडा र शृंगी (सिँग) भएको घोडाको निमित्त त जहिले पनि ती दुष्टमा गनिएका छन् । अतः यिनीहरूका-लागि वर्ष महीना दशा क्षेत्र आदि केही विचार गर्नुपर्ने कुनै प्रयोजन छैन) ।

ककुदं काकसमंशं क्षेत्रं तुर्यं भवेत्ततो विद्यात्
आसनमथ च क्रोडं क्षेत्रं तत् पञ्चमं कथितम् ॥५३४॥

घोडाका जुरो, काकसा, काँध यति ठाउँ चौथो क्षेत्र हुन् भनी जान्नु । यसपछि आसन अर्थात् चढेर वस्ने ठाउँ र क्रोड (काख) ई ठाउँ पाँचौं क्षेत्र हुन् भनिएको छ ।

हृत्पार्श्वे अथ कक्षे क्षेत्रं षष्ठं विजानीयात् ॥५३५॥

घोडाका हृदय, पार्श्व र कक्ष यति ठाउँ छैटौं क्षेत्र हुन् भनेर जान्नु ।

उदरं सपृष्ठवंशं नाभ्यासह सप्तमं भवेत्क्षेत्रं
रन्ध्रौ तथोपरन्ध्रौ कुक्षी गुह्यानि चाष्टमं क्षेत्रम् ॥५३६॥

घोडाका पृष्ठवंश सहित पेट र नाइटो यति ठाउँ सातौं क्षेत्र र त्यस्तै रन्ध्र उपरन्ध्र कोखा र गुह्य (लिंग) यति ठाउँ आठौं क्षेत्र हुन् ।

कूपंस्याच्चटुकान्तं स्फिक्सीवनिका स्थुरा पायु
क्षेत्रं नवमं विद्यात् दशमं स्थूराध इत्याहुः ॥५३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाका कूपस्थान देखी लिएर चटुक सम्म, फिला, गुदद्वार, सीवनी र स्थूर यति ठाउँ नवौं क्षेत्र हो भनी जान्नु र स्थूरस्थान देखी तलको भाग दशौं क्षेत्र हो भनिएको छ। यसप्रकार घोडाका दश वटा क्षेत्र छन् भनी विद्वानहरूले भनेका छन्।

इति श्रीदुर्लभसुतगणकृते अश्वायुर्वेदे (सिद्धसंग्रहे) स्थानप्रमाणादि कथनंनाम द्वादशोध्यायः ।।

यो दुर्लभसुतगणकृत अश्वायुर्वेद (सिद्धसंग्रह) को स्थान प्रमाणादि कथन नामक बाह्रौं अध्याय समाप्त भयो।

तेह्रौं अध्याय

अथ पुण्ड्रक लक्षणम्

पुण्ड्रक (तिलक) का लक्षण

प्रदेशलक्षणं प्रोक्तं पुण्ड्रानां लक्षणं श्रृणु
प्रपानोर्ध्वं[1] स्तुवस्याधः श्वेतं श्वेततरस्य यत्
तत् पुण्ड्रमिति विज्ञेयं तस्य संस्थानतः फलम् ।।५३८।।

शरीरका क्षेत्र अर्थात् प्रदेशहरूका विषयमा भनियो। अब पुण्ड्रका लक्षण सुन्नुहोस्। शीर(टाउको)मूलवर्ण अरूनै वर्ण भएको घोडाको सेतो र शीर सेतो भएका वा शीरको वर्ण अरू नै वर्ण भएका घोडाको प्रपान अर्थात् उपल्लो ओठ देखि माथिको ठाउँ देखि माथि स्तुव (निधारको मन्तिर) को मनि यो ठाउँमा जुनसेतो वा कालो आदि अरू वर्णको चिन्ह देखिन्छ त्यस चिन्हलाई पुण्ड्र भनिन्छ। त्यो त्यहाँ रहेको छ भने त्यो कस्ता प्रकारले रहेको छ र कस्तो छ त्यो हेरी त्यस्को शुभाशुभ फल हुन्छ।

तत्पुण्ड्रके वज्रस्वस्तिक भृङ्गार छत्र तिन्तिडीफल कमल कमलदल कलश लांगल गदा पताका ध्वजाँकुशादर्श श्रीवत्स शंखनिभैः

१. प्रपानोर्ध्वं तु कर्णाधः..... तत्पुण्ड्रं (ख) (प्रपानस्थान देखी लिएर माथि कानको मन्तिरसम्म जुन चिन्ह हुन्छ त्यो पुण्ड्र हो)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चामर कुर्माष्टापद वेदी खड्गोपमैर्हया: पुण्ड्रै:
कुर्वन्ति[1] विजयं भर्तुर्विभवं पुत्रांश्च पौत्रांश्च ।।५३९।।

ती पुण्ड्रहरूमा वज्र स्वस्तिक, झारी, छाता, तिन्तिडी (अमिलीका फलका आकारको चिन्ह) कमल, कमलदल, कलश, हलो, गदा, पताका, ध्वजा, अंकुशो, ऐना, श्रीवत्स र शंखका आकारका तथा चमर, कछुवा, थर्को, वेदी (हवन गर्ने वेदी) खड्ग यति उपर्युक्त वस्तुहरूको आकार मिल्ने पुण्ड्रक अर्थात् तारा जस्ता घोडाका चिह्नहरूले उसका स्वामीको सदा विजय गराउँछन् तथा छोरा र नाती पनि प्राप्त गराउँछन् ।

(जयदत्तको अश्ववैद्यक ग्रन्थमा शिपी, शंख, गदा, खड्ग, कमल, चक्र, अंकुश, सरहाल्ने ठोक्रो, माछा, झारी, मन्दिर, दर्बार, माला, वेदी, मौलो, श्रीवृक्ष (श्रीवत्स) ऐना, यति वस्तुका आकारको पुण्ड्रक असल र अरू खराब मानिएका छन् । शिर, निधार र मुख ढाकेर तल निहुरेको पुण्ड्रक निक्कै असल हुन्छ। पर्वत, चन्द्रमा र ध्वजा, माला, डोरीका आकारका पुण्ड्रक पनि असल र काग, ठेउदा-चरा, मुर्कट्टा, सर्प, गिद्ध, स्यालका आकारका र काला, पहेंला र राता पुण्ड्रक खराब मानिएका छन् । त्यस्तै तेर्छो परेका, बीचमा टुटेका, सिक्री र पासाको आकारका, शूल (हतियार विशेष) जस्ता तीखा र शरीरको देब्रेतर्फ रहेका पुण्ड्रक खराब मानिएका छन्। कालो जिभ्रोको जस्तो वर्णका, खरानीका वर्णका, रूखो वर्णका पुण्ड्रक पनि जाति मानिएका छैनन्) ।

विच्छिन्न पुण्ड्रकेण वैषम्यंभवति पराजयं भर्तु:
अथ तीर्यंगायतेन वित्तभ्रंशं विजानीयात् ।।५४०।।

---

१. कथयन्ति जयं.......... (ख)
शुक्ति शंख गदा खड्ग पद्म चक्रांकुशोपमा
शरासनसमाकारा: प्रशस्ता पुण्ड्रका शुभा:
मत्स्यभृंगार प्रासाद स्रग्वेदी यूपसन्निभा:
श्रीवृक्षा दर्पणाकारा: शुभदा: परिकीर्तिता:
...... कक कंक कवन्धाहि गृध्र गोमायुसन्निभा:
असिता पीतका रक्ता: पुण्ड्रका नैव पूजिता:
तीर्यगाश्चैव विच्छिन्ना: श्रृंखला पाशसन्निभा:
शूलाग्रा वामदेहस्था: पुण्ड्रका न शुभा: स्मृता: (ग)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाको पुण्ड्रक टुटेको अर्थात् काट्टिएको छ भने त्यस्तो चिह्नले वैरत्व वेसाउँछ र आफ्ना स्वामीको हार गराउँछ। पुण्ड्रक लमाईमा तेर्छोतर्फ बढेर फुकेको छ भने त्यस्ले धनको नाशगर्दछ भनी जान्नु।

कल्माषपुण्ड्रकेण[1] क्लेशो बन्धो यमेन वद्धस्यात्
अथ पाश श्रृंखलाभे बन्धभयौ स्तां सदा भर्तुः ॥५४१॥

चित्रविचित्र अर्थात् छिर्विरे वर्ण भएको पुण्ड्रकले दुःख र बन्धन आइपार्छ। दुइवटा पुण्ड्रक एकै ठाउँमा भएमा बाँधिनु पर्ने हुन्छ। पाश (डोरी) वा सिक्री जस्तो पुण्ड्रकले उसका स्वामीलाई डर उत्पन्न गराउने र बन्धन पार्ने हुन्छ।

एतानि तुरगाणां पुण्ड्रानि शुभाशुभानि कथितानि
धन्याधन्यान्यधुना ललामरूपाणि वक्ष्यन्ते ॥५४२॥

घोडाका उपर्युक्त प्रकारका खराब र असल पुण्ड्रकका विषयमा भनियो। पुण्ड्र जस्तै घोडाका असल र खराब फल दिने अरू चिह्नपनि हुन्छन्। अब ती चिह्नहरू भनिन्छन्।

श्वेतं ललाटमध्ये तारारूपं हयस्य यद्भवति
तत्तु ललामं विद्यात् फलं तु संस्थानतस्तस्य ॥५४३॥

घोडाका निधारको बीचमा सेतो वर्णको ताराका आकारको जुन चिन्ह रहेको हुन्छ अर्थात् निधारको माझमा रहेको जुन् सेतो तारो हुन्छ त्यो "ललाम" हो भनी जान्नु। त्यसलेपनि त्यहाँ कुन आकार प्रकारले रहेको छ तदनुसार फलदिने हुन्छ।

चन्द्रार्धचन्द्रदिनकरतारावज्रोपमंललामन्तु[2]
यस्य तुरगस्य भवेत्तस्य स्वामी भवेद्राजा ॥५४४॥

जुन घोडाको पूर्णचन्द्र, आधा चन्द्रमा, सूर्य, तारा र वज्र (इन्द्रको हतियार) जस्तै ललाम (तिलक टीका) हुन्छ भने त्यस्तो त्यो घोडाको स्वामी अवश्य राजा हुन्छ।

पिटकाकृति[3] तु ललामं काकपदं भवति यच्च विच्छिन्नं
वामस्थं चाधस्ताद्वित्तविनाशाय निर्देश्यम् ॥५४५॥

---

१. अथ.............हि.............। कल्माषेण क्लेशं शूलकवन्धोपमेन दुःखं च (ख)
२. चन्द्रार्ध..तारावद्योतते ललामं तत् (ख) ३. पटहाकृति च ललामं..विचित्रम्। वामस्थंवाधस्ता (ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुन घोडाको पेटाराको आकृति भएको ललाम छ तथा कागका खुट्टाका आकारको (चरिनंग्रे) ललाम छ र जुन ललाम बीचमा चट्ट काटिएको छ, फेरी हुनुपर्ने ठाउँमा अर्थात् बीचमा न भै देब्रेतर्फ वा तलतिर छ भने त्यो (तिलक) भएको घोडाले सम्पत्तिको नाशगर्छ भनिएको छ ।

यदुक्तं शालिहोत्रेण गर्गेण च तथैव च
उक्ता:[1] पुण्ड्रविकल्पाश्च श्रृणु चिन्हं ध्वजाह्वयम् ।।५४६।।

शालिहोत्रमुनिले र गर्गले जसरी पुण्ड्र अर्थात् तिलकका विकल्पमा भने त्यसै गरी ध्वज नाम गरेको चिह्नका विषयमा सुन ।

शिर:कर्णाक्षिकेशेषु[2] वालपादोदरांशके
अन्यवर्णो भवेद्यस्य तैश्चिह्नै श्चिह्नितं विदु: ।।५४७।।

घोडाका शरीरको मुख्य वर्ण एउटा छ तर त्यसको शिर, कान, आँखा, कपाल, याल, पाउ, पेट, र काँधमा अरू नै वर्ण हुन गएमा ती अंगहरू चिह्नहरूले चिह्नित भएका हुन् भनी जान्नु ।

तमारूह्य हयं राजा स परै र्जीयते रणे
तस्माद्राजा विशेषेण ध्वजिनं वर्जयेद्रणे ।।५४८।।

राजाले त्यस्ता घोडा चढेमा रणसंग्राममा शत्रुहरूले पराजित गर्छन् । त्यसकारण त्यस्ता (उपर्युक्त चिह्नले चिह्नित) ध्वजी घोडालाई विशेष गरी विजयगर्न जाँदा अर्थात् लडाइँमा जाँदा न चढ्नु ।

भ्रुवोर्ललाटे घोणायां मस्तके ककुदि त्रिके
स्तुवे कर्णाग्रजे प्रोथे मेहनाग्रे च वालधौ ।।५४९।।
वर्णो: परो भवेद्यस्य ध्वजी सोऽश्व: प्रकीर्तित:
ध्वजिनं तं समारूह्य भग्नो राजा निवर्तते
कट पायु श्रितै: पुण्ड्रैर्वर्जनीयास्तुरंगमा: ।।५५०।।

आँखीभौं, निधार, घोणा, मस्तक, जुरो, त्रिक, स्तुव, कानका टुप्पा, नाकका पुवाल, लिंगको अग्रभाग र याल रहने ठाउँ, यति ठाउँमा शरीरको वर्ण

---

१. एवं पुण्ड्रविकल्पास्तु श्रृणु चिह्नैश्च चिह्नितान् (ख) (ख) २. शिर:.................... वामपादोदराननें । वर्णान्यत्वं भवेद्यस्य......तमारूहच हयं राज़ा सपत्नान् जयते रणे(ख)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दा अरू नै वर्ण हुन गएमा त्यो घोडा ध्वजी हुन्छ भनिएको छ । त्यस्तो ध्वजी घोडा चढेर राजाले प्रस्थान गरे भने मनोरथ भग्न भएर फर्कन्छन् । त्यस्तै कट र गुदद्वारमा पुण्ड्रक भएका घोडाहरू भने चढ्दै नचढ्नु ।

तत्र कल्माषरूक्षाणि विच्छिन्नानि तनूनि च
पुण्ड्रानि न प्रशस्यन्ते पीतरक्तासितानि च ॥५५१॥

उपर्युक्त पुण्ड्रकहरूमा छिर्विरे, रूखोवर्ण अर्थात् फुस्रोवर्ण भएका, ठाउँ ठाउँमा छिनेका (टुक्रिएका) मसीना र वर्णमा पहेंला, राता र काला पुण्ड्रकहरू गतिला मानिएका छैनन् ।

इति श्रीदुर्लभसुतगणकृते अश्वायुर्वेदे (सिद्धसंग्रहे) पुण्ड्रोऽध्यायस्त्रयोदश

यो दुर्लभसुतगणकृत अश्वायुर्वेद (सिद्धसंग्रह) को पुण्ड्र नामक तेह्रौं अध्याय समाप्त भयो ।

इति शुभम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्त्य वाक्यम्,– ग्रन्थका अन्तिम वाक्य

(   ) इति दुर्लभसुतगणकृते अश्वायुर्वेदे सिद्धयोगसंग्रहे नीराजन-कर्मकथनंनाम द्वाविंशत्युत्तरशततमोऽध्यायः। सप्तमस्थानं समाप्तं ॥

कीर्तिः कापि कलाकरान्यकलिता कान्ता सुकान्ता कति ।
ज्ञान्ताः कौनकुपाः कलंक कमला कान्तार कुण्ठक्रमाः ॥
कालं कालमकंटकां कुमभिकाः कालोककालाः कथं ।
कथ्या कथ्य कुलीन कुत्र रणजित् कान्ता कलौ कोमला ॥१॥
कीर्ति र्यस्य समंगता दिवितदां दुर्भानि मुक्तावलीं ।
मेरूर्गौरवमुच्छ्रितिं वसुसुरा वक्त्रश्रियंग्लौरपि ॥
काञ्चीभं बुधयोरसा किमुरसं ब्राह्मी च वासोदिशा ।
तन्तो रत्नपदं ततस्त्रिपथगामग्ना हरे तिष्ठति ॥२॥
यस्योद्दामः प्रतापः प्रतितपतितरां वैरिवंशाटवीषु ।
नायन्दा वोदवीयान्ग्रहपतिरथवा शेषलोक प्रकाशः ॥
कश्चिद्वादी विवादं कलयतु यदयं स्याज्जलेनाग्य शाम्या ।
नात्रेनाच्छादितोऽपि त्रिनयननयनं किन्तु कामारि मन्ये ॥३॥
यो रामायशसा श्रियामतिबलै रूद्रोपरोभालदृक् ।
शक्रोयोप्यभगांक एकवदनो नागोधरा विवभृत् ॥
देहीमानस जोजजोगजमुखो नंकीविधुर्जंगमो ।
मेरूर्वा विटपी समुद्रमथनोद्भूतोद्भुतार्थो नृपः ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुष्टे निर्दय आत्मबोधनिरतः श्रद्धालुरात्मेश्वरः ।
मित्रे सर्वजने मनोंगवचनैर्वादी च सिद्धान्ततः ॥
भूपेरन्ध्रदृगार्जवे स करूणा दाताद्विजेतज्जने ।
मानीश्रीषु विराजिते स रणजिन्नेपालचूडामणिः ॥५॥

तस्याज्ञा वरमाप्य माप्यरणजिन्मल्लस्य नेपाल भू ।
नाकेन्द्रस्य सुधाविधोर्गणकृतार्वग्रन्थटीकामिमां ॥
साकं श्यामवुधद्विजेन सहितो नैपालिक प्राकृतै- ।
श्चक्रे स द्विजवालकृष्ण उदधि स्थातोवराटी भवन् ॥६॥

धर्मैश्वर्य गुणार्थ यागकरूणौ जोनीति विद्यादमौ- ।
कार्य प्रीतिकथा कलापविनयैर्दिग्देव भारापहं ॥
दिक्पाला विविधा वनेय विकलाः कालांन्तरान्तः स्थिराः ।
रक्षां कारयितुं भुवोखिल भयान्तं पान्तुशाकं सुरैः ॥७॥

नेपालाब्देखवाणद्विरद भृतिसहो मासिकृष्णेऽथ पक्षे ।
चित्राभे जीववारे सतिदशमतिथौ शोभनाख्ये च योगे ॥
शाके भूमीषु कालक्षिति युजि च कलौ त्रित्रिमातंगवैदैः ।
रासाद्वेवैक्रमेषड्गजगिरिकुभिरे तत्समाप्तं शुभंयुः ॥८॥

यत्कीर्त्या धवलीकृते त्रिजगति स्मृत्वा स्वमोघोदयम् ।
कार्श्यं किं नदधात्यसावहरहः पक्षेसिते चन्द्रमाः ॥
तस्यश्रीरणजिन्नृपस्य विपुला विद्यादया नीरधेः ।
श्रीर्विष्णोरिव विश्वपालनरतेरस्त्वक्षया संततम् ॥९॥

अथ नेपाल भाषा सम्वत् ८५० मार्गसिर कृष्ण दशमी वृहस्पतिवार कुन्हु श्री श्री जयरणजित मल्ल महाराजमन यज्ञनारायण प्रधानांगया वेलस थ्वो थुलि सिद्धयोगसंग्रह नाम अश्वशास्त्रया नेपाल भाषान टीका दयकं सिधयका जुरो। थ्वो तेन उत्तम प्रकार रक्ष याङातय-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माल । पुनर्वार ज्ञानी जननं अशुद्धजुग्रो थास विचार याङाग्रो शुद्ध जुयकेमाल मगाकथास मुंके माल जीपनि सयामखु, स्वामीया आज्ञा मात्र यथाशक्तिनं प्रमाण याङ ।। ।।

(उपर्युक्त यति श्लोकहरू रणजित् मल्ल राजाको प्रशस्ति जस्ता छन् साथै समय र टीकाकारको परिचय भूमिकामा उल्लेखित गरिएको छ र यति श्लोक अर्थ गर्न त्यति शुद्ध नदेखिदा अनुवाद नगरी यथावत् रूपमा राखिएका छन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगणेशाय नमः

अथ अश्वचिकित्सितम्
(नकुलकृतं)
पहिलो अध्यायः
(प्रश्नः)

येन ज्ञानवता हिमालयतरूच्छायासु विक्रीडितम्
यः स्नातो हिमपुष्पवातशिशिरे गंगाजले पावने ।
रेमे यस्तु तुरंगयूथजनितैर्नानाविधैर्हेषितैः
पायाद्वः स तुरंगघोषतनयः श्री शालिहोत्रो मुनि ॥१॥

जसले हिमाली-वृक्षहरूका छहारीमा खेलबहाड गरे, जो ज्ञानी थिए, जसले हिउँमा फुल्ने फूल र हिउँको हावाले शीतल तथा पवित्र गंगाजलमा नुहाये, फेरि जो घोडाका बथानबाट निस्कने अनेक प्रकारका घोडाका आवाजमा रमाए, यस्ता ती तुरंगघोषका छोरा श्री शालिहोत्र मुनिले तिमीहरूलाई रक्षा गरून् ।

जयति च पाण्डवनाथो धर्मसनाथो[१] युधिष्ठिरोनृपतिः
भीमार्ज्जुनसंहदेवास्तदनु च ये वाजिशास्त्रतत्वज्ञाः ॥२॥

धर्मको स्थिति र उन्नति गर्ने पाण्डवमा श्रेष्ठ राजा युधिष्ठिर, भीमसेन, अर्जुन र सहदेव त माननीय नै छन् र त्यसपछिका अरू जो जति घोडाका विषयका शास्त्रको तत्व जान्ने विद्वान्हरू छन् ती सबै पनि सम्माननीय छन् ।

दृष्ट्वा सम्यग्नकुलः शास्त्रं[२] कृत्स्नं च[३] शालिहोत्रीयम्
ब्रूते शास्त्रार्थमन्यच्छास्त्रं कृत्वा समासेन ॥३॥

पाठान्तरहरू

१. धर्म १. धर्मनिधान, धर्मसनाथो। २. ...नकुलकृतं कृत्स्नं... शालिहोत्र। ३. सर्वं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नकुलले सम्पूर्ण शालिहोत्र (घोडा सम्बन्धी) शास्त्र राम्ररी हेरेर उक्त ग्रन्थहरूको अर्थ समावेश गरेर, छोटकरीमा अर्को अश्वशास्त्र बताउँछन् ।

प्रश्नो जातिर्वर्णमावर्तदन्ता
लक्षं वेगा वाहनं धातुरस्रम्
कालो नस्यं पिण्डमाज्यं कषायम्
शालां चेष्टां वाजिनामत्र वक्ष्ये ॥४॥

घोडा के थिए, ? के भए ? किन यस्ता भए ? भन्ने प्रश्न र घोडाका जाति, वर्ण, भुमरी, दाँत, लक्ष्य, वेगहरू, सधाउने काम, धातु, रगत ,ऋतुचर्या, काल, नस, पिण्ड, घ्यू, कषाय, तवेला र चेष्टाको लक्षण यहाँ भनिन्छ ।

सपक्षा वाजिनः सर्वे[1] सन्जाता व्योमचारिणः
गन्धर्वेभ्यो यथाकामं गच्छन्ति च समन्ततः ॥५॥

पहिले सबै घोडाहरू पँखेटा भएका हुन्थे र आकाशमा उड्दथे । यसरी उड्ने घोडाहरू गन्धर्वकालागि इच्छानुसार यताउति डुल्दथे हिंड्दथे पनि ।

तान् हृष्ट्वा जवसम्पन्नानसह्यान्[2] वाहनोचितान्
शक्रः प्रोवाच पार्श्वस्थं शालिहोत्रं मुनीश्वरम् ॥६॥

ज्यादा तेजी, बलीया चढ्न लायक भएका यस्ता ती घोडाहरूलाई देखेर आफ्ना समीपमा रहेका मुनिश्रेष्ठ शालिहोत्रलाई राजा इन्द्रले भन्नलाग्नु भयो ।

नास्त्यसाध्यं मुने किन्चिद्भवतो भुवनत्रये
तस्मादाशु[3] कुरुष्व त्वं वाहनार्थान् हयोत्तमान् ॥७॥

हे मुनिश्वर ! तीन लोक (स्वर्ग, मर्त्य र पाताल) मा पनि हजूरले गर्न नसकिने कुनै कुरा छैन । तसर्थ यी उत्तम घोडाहरू जसरी सवारी लायक हुन्छन् त्यस्तो चाँडै गर्नुहोस् ।

ये च मे युद्धकालेषु[4] प्रवहन्ति रथं सदा
अशक्यं वारणेन्द्रैश्च[5] दानवैर्बलवत्तरैः ॥८॥

---

१. पूर्व्वं २. हयान् ३ कुरूरथार्हान्मे युग्यानेतान् हयोत्तमान् ।
४. युध्यतः संख्ये ५. वारनेन्द्रस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किनभने जुन् ती घोडाहरूले ज्यादा बलवान् भएका दानवहरूसँग हुने लडाइँमा विशिष्ट हात्तीले तान्न नसकिने मेरा रथहरू पनि तान्न सक्दछन् ।

ईषिकास्त्रं[1] समुत्सृज्य पक्षच्छेदं व्यधात्तदा
वाजिनां शक्रवाक्येन शालिहोत्रो महामुनि ॥९॥

इन्द्रले यस्तो वचन भनेपछि महामुनि शालिहोत्रले "ईषिका" नाम गरेको अस्त्रको प्रयोग गरेर घोडाहरूका पँखेटा काटे ।

छिन्नपक्षास्तु ते सर्वे गत्वा[2] तमृषिमब्रुवन्
दीनाः सुदुःखसम्पन्ना रुधिरेण परिप्लुता ॥१०॥

यसपछि कम्जोर र ज्यादै दुःख पाएका, पँखेटा काटिएका र रक्ताम्य भएका ती सम्पूर्ण घोडाहरू उनै ऋषि (शालिहोत्र) सँग पुगेर भन्न थाले ।

भगवन् किं निमित्तं नः पक्षच्छेदः कृतस्त्वया
अपराधविहीनानां नेदृगिच्छन्ति[3] पण्डिताः ॥११॥

हे भगवन् ! हजूरले हामीहरूको पँखेटा केको निमित्त यसरी काट्नु भयो ? किनभने अपराध नभएका प्राणीहरूका उपर विद्वान्हरूले कहिल्यै पनि यस्तो चिताउँदैनन् ।

तस्माद्गतिर्भव[4] प्राज्ञ सर्वेषामिह वाजिनाम्
यथास्यात् सर्वदा सौख्यं पुष्टिश्च मुनिपुंगव ॥१२॥

तसर्थ हे विद्वान् ! हामी सम्पूर्ण घोडाहरूको निमित्त गति (आधार) भै बक्सियोस् । हे मुनिश्रेष्ठ ! जसो गर्नाले हामीहरूलाई सँधै सुख हुन्छ त्यो र जसरी हाम्रा शरीरको पोषणप्रक्रिया हुन्छ त्यो कुरा पनि गरिदिई बक्सियोस् ।

अथासौ कृपयाविष्टस्तानुवाच सुदुःखितान्
इन्द्रादेशात्कृतं[5] सर्वं भवतां पक्षपातनम् ॥१३॥

यसपछि अत्यन्त दुःखित भएका तिनीहरूलाई देखेर साह्रै दयालु भएर शालिहोत्रले "यहाँहरूको यो पँखेटा काट्ने सबै काम इन्द्रका आज्ञाबाट मैले गरेको हूँ" भनी बताए ।

---

१. तेषां शास्त्र, ऐपीकास्त्रं । २. गन्धर्वा मुनिम् । ३. नेत्थं संशति सज्जना ।
४. कुरूभयं त्यक्त्वा । ५. मया वत्साः कृतं वः पक्षभेदनम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तस्माद्व : प्रकरिष्यामि[१] भविष्यति यथा सुखम्
पुष्टी रम्या[२] यथा देहे गौरवं च जगत्रये ॥१४॥

यसोहो भने जसोगर्नाले तिमीहरूको शरीरको राम्रो पोषण, सुख र तीनै लोकमा गौरव प्राप्तहुन्छ त्यो कुरा म गरूँला ।

यूयं शक्रादि देवानां वाहनत्वं करिष्यथ[३]
तथा भूमिपतीनाञ्च गौरवेण समन्विता ॥१५॥

हे घोडाहरू हो ! तिमीहरू ठूलो सम्मानपूर्वक इन्द्रादि देवताहरूको र राजाहरूका सवारी (वाहन) को कामगर्ने हुनेछौ । त्यसले तिनीहरूको गौरव बढ्नेछ ।

यो राजा भवतां पुष्टिं स्वन्नपानादिभि:[४] सदा
करिष्यति न सन्देहो भविष्यति स दुर्ज्जय: ॥१६॥

हे घोडाहरू हो ! जुन् राजाले असल दाना पानीद्वारा सधैं तिमीहरूको पोषणगर्ला त्यो कसैलेपनि जित्न नसकिने हुनेछ । यसमा कुनै सन्देह छैन ।

न[५] च त्यक्ष्यति तं लक्ष्मी: कदाचिज्जयलक्षणा
अपि सर्व गुणैर्हीनं बहुशत्रुभिरावृतम् ॥१७॥

तिमीहरूको त्यसरी पोषणगर्ने त्यो राजा शत्रुले घेरिएको होस् वा सम्पूर्ण गुणले रहित होस् तापनि जयलक्षणले युक्तभएकी लक्ष्मी (विजयलक्ष्मी) ले त्यसलाई कहिल्यै पनि छोड्ने छैनन् ।

तथा चैव विधास्यामि[६] परमन्च चिकित्सितम्
पुष्ट्यै च रोगनाशार्थं नराणां विहितं[७] यथा ॥१८॥

फेरि जस्तो मानिसहरूका लागि पुष्टी र रोगनाशका निमित्त चिकित्साशास्त्र छ त्यस्तै तिमीहरूको रोगनाश तथा पुष्टिका निमित्त चिकित्साशास्त्र पनि म बनाई दिन्छु ।

---

१. प्रहरिष्यामि । २. पुष्टि मन्यां । ३. गमिष्यथ, । ४. खानपानादिभि:
५. नित्यं जिष्यति तां लक्ष्मी कदाचिज्जलजेक्षणा: । ६. अभिधास्यामि । ७. च हितं सदा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तस्माद् गच्छत भूलोकं पातालन्च तथापरे
स्वर्गं चान्ये मदादेशाद्येन[१] शान्तिर्भवेद्[२] ध्रुवम् ॥१९॥

त्यसकारण हे घोडाहरू हो ! तिमीहरू मेरो आज्ञानुसार कोही पृथिवीतलमा (मर्त्यलोकमा) र अरू कोही पाताल तथा कोही स्वर्गलोकमा जाओ। हेर यसो गर्नाले तिमीहरूलाई निश्चय नै शान्ति प्राप्त हुनेछ।

एवं विसृज्य तान् सर्वान् शालिहोत्रस्तुरंगमान्
चक्रे द्वादशसाहस्रीं तदर्थे संहितां सुधीः ॥२०॥

विद्वान् शालिहोत्रमुनिले यस्तो भनेर ती सबै घोडाहरूलाई बिदा दिए। अनिपछि तिनीहरूका निमित्त बाह्रहजार श्लोकको संहिता (नियमग्रन्थ) बनाए। (कहीँ सोह्रहज्जार श्लोकको ग्रन्थ बनाए भन्ने पनि पाइन्छ)।

ततः प्रभृति लोकेऽस्मिन् वाह्या जातास्तुरंगमाः
ततश्चिकित्सितं तेषां शालिहोत्रप्रभाषितम् ॥२१॥

त्यहाँदेखि यो लोक (मर्त्यलोक)मा घोडाहरू वाहनको काममा लगाउनथालिए। त्यही समयदेखि शालिहोत्रमुनिले भने अनुसार तिनीहरूको चिकित्सापद्धति पनि शुरू भयो।

इति श्रीनकुलकृत अश्वचिकित्सायाम् प्रश्नोनाम प्रथमोऽध्यायः

यो नकुलकृत अश्वचिकित्सामा प्रश्न नामक पहिलो अध्याय समाप्त भयो।

---

१. समादेशात् २. पराभवेत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोश्रो अध्यायः
(जाति)

घोडाका जात

उत्तमा मध्यमा नीचाः कनीयांसस्तथापरे
चतुर्धा वाजिनो भूमौ जायन्ते देशसंश्रयात् ॥१॥

पृथिवीतलमा देश देशको आश्रयले गर्दा घोडाहरू उत्तम, मध्यम, नीच र कनिष्ठ गरी चार प्रकारका हुन्छन्।

ताजिका खुरशाणाश्च उत्तराश्चोत्तमा[१] हयाः
गोजिकाणाश्च केकाणाः प्रौढाहाराश्च[२] मध्यमाः ॥२॥

ती घोडाहरूमध्ये ताजिक, खुरशाण (यसलाई लोकमा खुर्सानी भन्दछन्) र उत्तरातर्फ रहने यी घोडा उत्तम र गोजिकाण, केकाण र प्रौढाहार देशका घोडा मध्यम मानिएका छन् ।

भाण्डजा उत्तमाशाश्च राजशूलाश्च मध्यमाः
गोह्वराः शावराश्चैव[३] सिन्धुपाराः कनीयसः ॥३॥

भाण्डज, उत्तमांश र राजशूल यी घोडा पनि मध्यम मानिएका छन् । गोह्वर र शावर तथा सिन्धुनदीदेखि पारीतर्फका घोडा तल्लो दर्जाका हुन् भनिएको छ ।

अन्यदेशोद्भवा ये च नीच नीचाश्च ते स्मृताः
वाजिनो जलजाः केचिद्वह्निजातास्तथा परे ॥४॥

उपर्युक्त प्रदेश बाहेक अरू देशमा जन्मेका घोडा नीच हुन् भनिएको छ । कोही घोडाहरू पानीबाट उत्पन्न हुने र कोही आगोबाट जन्मेका पनि हुन्छन् ।

समीरप्रभवाश्चान्ये उलूक मृगजास्तथा
जलोद्भवा द्विजातीयाः क्षत्रिया वह्निसम्भवाः ॥५॥

कुनै घोडाहरू हावाबाट जन्मेका र कुनै लाटोकोसेराबाट र कुनै मृगबाट पनि जन्मेका हुन्छन् । यसमा जलबाट जन्मेका घोडा ब्राह्मणजातका घोडा र आगोबाट जन्मेका घोडा क्षत्रियजातका मानिएका छन् ।

---

१. तुषारा   २. पोपहारा   ३. सवरांशाश्च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समीरप्रभवा[१] वैश्या एणोलूकाश्च शूद्रजाः
विवेकी सघृणो विप्रस्तेजस्वी क्षत्रियो बली ॥६॥

हावाबाट जन्मेका घोडा वैश्य जातका, मृग र लाटोकोसेराबाट जन्मेका घोडा शूद्रजातका हुन्। ब्राह्मणजातको घोडा विवेकपूर्ण र फोहोरदेखि ज्यादा घिनाउने हुन्छ र क्षत्रिय जातको घोडा खूब तेज भएको र बलवान् हुन्छ।

दुष्टभावस्तथा वैश्यः शूद्रो निःसत्वकातरः[२]
ब्राह्मणः सामवाही च भेदवाही च क्षत्रियः ॥७॥

दुष्ट स्वभावको घोडा वैश्य जातको, ज्यादैनै हुति नभएको डरछेरूवा शूद्रजातको, सम (हर्ष र विस्मातमा पनि एकै स्वभावमा रहनसक्ने) स्वभावको ब्राह्मणजातको र खूब भेद र छल गर्न सक्ने घोडा क्षत्रियजातको हो।

उपादानेन वैश्यः स्याच्छूद्रो दण्डेन ताडितः
पुष्पगन्धः[३] सदा विप्रः क्षत्रियो गुरूगन्धकः ॥८॥

केही (खान) दिनाले वैश्य र लट्ठीले पिट्नाले शूद्रजातका घोडा तहलाग्छन्। फूल (गुलाव आदि कुनै फूल) को गन्ध जस्तो शरीरबाट बास्ना आउने घोडा ब्राह्मणजातको र अगुरु (धूपी) का जस्तो गन्ध आउने घोडा क्षत्रियजातको हो।

घृतगन्धः सदा वैश्यो मीनामोदी च शूद्रकः[४]
विप्रार्हा वाजिनः सर्वे क्षत्रियो[५] भूपतेः सदा ॥९॥

सधैं घ्यूका जस्तो बास्ना आउने घोडा वैश्यजातको हो र माछाको जस्तो गन्ध आउने घोडा शूद्रजातको हो। ब्राह्मणजातको घोडा सबैले चढ्न हुन्छ र विशेष गरेर क्षत्रियजातको घोडा राजाले चढ्न लायक मानिएको छ।

द्वौ वैश्यस्याथ शूद्रस्य शूद्रएव[६] सुखावहः
केचिदिच्छन्ति भूपानां सर्वेऽश्वा वाहनोचिताः ॥१०॥

वैश्यजातको घोडा क्षत्रिय र वैश्यले तथा शूद्रजातको घोडा शूद्र जातिले नै चढ्नु सुखदायी हुन्छ। कसैको मतमा "राजाले सबै जातका घोडा चढ्न उचित छन्" भनेका पनि छन्।

---

१. प्रभन्जनभवा (मूलपुस्तके) २. निःसत्वकारकः (मु.पु.) ३. पुष्पगन्ध समः। ४. चतुर्थकः (मू. पु.) ५. त्रयो भूमिपतेः ६. एक एव सुखावहः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तदर्थं भूतले यस्माच्छालिहोत्रेण निर्मिता:
ब्राह्मणा: क्षेमकृत्येषु सिद्धिं गच्छन्ति वाजिन: ॥११॥

त्यसकारण (कसले कुन घोडा चढ्न मनासिव होला भन्ने विषयमा) कोही भन्दछन् कि सबै जातका घोडाहरू राजाका वाहन बनाउन योग्य छन् । किनभने शालिहोत्रमुनिले पृथ्वीतलमा राजाका निमित्त घोडाहरू तर्जुमा गरिएका हुन् । त्यसमा पनि ब्राह्मणजातका घोडाहरू योगक्षेम सम्बन्धी काममा सिद्धिदिने हुन्छन् ।

क्षत्रिया युद्धकार्येषु वैश्या वित्तार्जने[1] सदा
शूद्राश्चान्येषु कृत्येषु ज्ञात्वैवं वाजिन: सदा ॥१२॥

त्यस्तै क्षत्रियजातका घोडा लडाइँमा, वैश्यजातका धन सम्पत्ति कमाउने काममा र अरू कामहरूका लागि अरू जातका घोडा जानेर(विचार गरेर) प्रयोग गर्नु ।

आरोहेत्सर्वकार्येषु यदीच्छेच्छाश्वतीं श्रियम्
सदा शुभा भवन्त्येते वाजिनो यस्य भूतले ॥१३॥

यस पृथ्वीतलमा जसले नित्य सुख र सम्पत्तिको इच्छागर्छ भने त्यसले सम्पूर्ण काममा घोडा चढ्नु । पृथ्वीतलमा जसका यस्ता घोडाहरू छन् त्यसको निरन्तर कल्याण हुन्छ ।

सदैव निद्रावशगा निद्राच्छेदस्य संभव:
जायते संगरे प्राप्ते कर्करस्य च भक्षणे ॥१४॥

घोडा प्रायश: सँधैं निदाई रहन्छन् । सग्राम (लडाइँ) पर्दा र कर्कर (मसिना बालुवाका कणहरू) लाई खाँदा यति दुई कुरामा भने घोडाको निद्रा टुट्न संभव हुन्छ ।

प्रबुद्धा: कथयन्त्यश्वा शुभं वा यदिवाशुभम्
स्वस्वामिनो निजैश्चिह्नैस्तद्विज्ञेयंविचक्षणै: ॥१५॥

उपर्युक्त दुईकुरा पर्दा मात्र घोडाहरू ब्यूँझन्छन् र ब्यूँझेपछि उसका स्वामीको खराब हुने वा असल हुने कुरा आफ्ना चिह्नद्वारा भन्दछन् अर्थात् प्रकट गर्दछन् । घोडाका विशेषज्ञहरूले यो कुरा जान्नु ।

---

१. वृत्यर्जने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

य: सन्नद्धो हयो रावमूर्ध्वमूर्ध्वं करोति च
खुराग्रेण लिखन् भूमिं स शंसति रणे जयम् ॥१६॥

लडाइँमा लैजानकालागि तयार पारिएको घोडा खुरले जमीन खोस्रँदै माथितिर हेर्दै निक्कै लामू लामू शब्दले हिनहिनाउँदछ भने त्यसले रणसंग्राममा विजय प्राप्त हुन्छ भन्ने संकेत गरेको हो ।

य: करोत्यसकृन्मूत्रं[1] पुरीषञ्चाश्रुमोक्षणम्
स शंसति पराभूतिं यश्चैवं[2] वर्तते हय: ॥१७॥

त्यसरी यात्राकालागि तयार पारिएको घोडा हिंड्नलाई तयार भएको समयमा धेरैपटक पिसाव र दिशा गर्दछ, आँशू खसाल्छ भने त्यो घोडाले उसका मालीकको हार हुने कुराको सूचना गर्दछ ।

निरामिषं निशीथे यो जार्गात नृपतेर्हय:
स शंसति द्रुतन्तस्य स्थिरस्यापि[3] प्रयाणकम् ॥१८॥

जुन् राजाको घोडा आमिषवस्तु नभैकन पनि रातीमा ननिदाई रहन्छ भने त्यसले स्थिरतापूर्वक (सबै बन्दोबस्त मिलाएर) बसेको राजा भए पनि त्यो राजाले प्रयाण अर्थात् चढाई गर्नुपर्छ भन्ने सूचना गर्छ ।

यदा व्याधिं विना वाजी ग्रासन्त्यति दुर्मना:
अश्रुपातञ्च कुरुते तदा भर्तुरशोभनम् ॥१९॥

रोग नलागिकनै खिन्न मन भएर घोडाले घाँसहरू खान छोड्यो र आँशू खसाल्न थाल्यो भने त्यो समयमा त्यो घोडाको स्वामीलाई राम्रो हुँदैन भन्ने जान्नु ।

पुलकांकितपुच्छा ये जायन्ते भूपतेर्हया:
निरीक्षन्त:[4] प्रभोर्नाशं ते वदन्ति निशागमे ॥२०॥

जुन राजाका घोडाहरू संध्याको समयमा पुच्छर जुरुङ्ग पारेर (शरीरमा जाडो हुँदा रौं उठे जस्तै गरी पुच्छरका रौं ठाडा पारेर) एकोहोरो दृष्टिले हेरिरहन्छन् भने तिनीहरूले पनि उनको स्वामीको नाशहुने कुराको सूचना गर्दछन् ।

---

१. करोति सकृन्.... २. यश्चैवोपहतो हय: (मू.पु.) ३. स्थितस्यापि ।
४. निर्गच्छत.... ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शरटं रक्षयेद्यत्नात् प्रविशन्तं हयालये
यदीच्छेच्छाश्वतीं वृद्धिं तेषाञ्चैव तथात्मनः ।।२१।।

घोडाको सदा अभिवृद्धि चाहने (पुरुष) ले बडो जतन गरी घोडाको तवेला (अश्वशाला) मा छेपारोलाई पस्न नदिनु ।

स्फुलिंगा यस्य दृश्यन्ते पुच्छदेशे च वन्हिजा
परचक्रागमाशंसी विज्ञेयो हयपण्डितैः ।।२२।।

जुन घोडाको पुच्छरमा आगाका झिल्का जस्ता झिल्का देखिए भने त्यो घोडाले कुनै शत्रुबाट (आफ्नू राज्यमा) हमला हुन्छ भन्ने कुराको सूचना गरेको हो भन्ने कुरा अश्वशास्त्र जान्ने विद्वान्हरूले भनेका छन् ।

अश्वशालां समासाद्य यदान्तर्मधुमक्षिकाः[1]
मधुजालं प्रकुर्वन्ति[2] तदाश्वान् घ्नन्ति कृत्स्नशः ।।२३।।

घोडाको तवेलामा पसेर मौरीले चाका लाउन शुरु गरे भने धेरै घोडाको मरण हुन्छ ।

तस्मात्सर्वप्रयत्नेन वाजिशालां प्ररक्षयेत्
उपायेभ्यश्च[3] सर्वेभ्यो य ईच्छेद्भूतिभात्मनः ।।२४।।

त्यसकारण जसले आफ्नू ऐश्वर्यको इच्छागर्दछ त्यसले हरेक उपाय र प्रयत्नद्वारा अश्वशाला (तवेला) को रक्षा गरोस् ।

ब्राह्मणान्वाचयेत्स्वस्ति नित्यं वेदविचक्षणान्[4]
तिलहोमस्तथा कार्यो जपश्च[5] शतरुद्रियः ।।२५।।

तसर्थ तवेलामा सँधै वेदजान्ने ब्राह्मणद्वारा स्वस्तिवाचन गराउनु, तिलद्वारा हवन गराउनु र शतरुद्रीको जप पनि लगाउनु ।

मन्दुरान्ते सदाधार्यो रक्तवक्त्रो महाकपिः
सर्वपाप विनाशाय वाजिनान्च विवृद्धये ।।२६।।

---

१. यदा च.... २. प्रवध्नन्ति.... ३. अपायानश्च सर्वेषां यदीच्छेन्नाशमात्मनः ४. अर्चयेन्नित्यं तत्ववेदविचक्षणान् । ५. जपःस्यात्तत्र सूदगतः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाको तवेलामा (घोडाको) सबै पाप (दोष) को नाशकालागि र घोडाहरूको अभिवृद्धिकालागि रातो मुख भएको ठूलो बानर अर्थात् बानरको ढेडू निरन्तर राखिदिनु पर्छ ।

शरघां रक्षयेद् यत्नात् प्रविशन्तीं हयालये
यदीच्छेच्छाश्वतीमृद्धिं तेषान्चैव तथात्मनः ॥२७॥

घोडाका तवेलामा मधुमक्षिका अर्थात् मौरी, सिम्मुस आदि मह पार्ने किरा पस्न लागे भने आफ्नू र घोडाको पनि अभिवृद्धि चाहने (पुरुष) ले बडो जतन गरी तिनीहरूलाई पस्न नदिनु ।

इति श्रीनकुलकृतेऽश्वचिकित्सिते जात्यधिकारे द्वितीयोऽध्यायः

यो नकुलकृत अश्वचिकित्सामा जात्यधिकार नामक दोस्रो अध्याय समाप्त भयो ।

तेश्रो अध्यायः
(वर्ण वर्णनं)

घोडाको वर्णको वर्णन

वर्णाः सप्त भवन्तीह[१] सर्वेषां वाजिनां ध्रुवम्
तानहं कीर्तयिष्यामि भेदैर्जातानेकधा ॥१॥

यो कुरा ध्रुवसत्य हो कि घोडाका वर्णहरू ठीक सातवटा मात्रै हुन्छन् । तर भेदले गर्दा तिनिहरू धेरै हुनगएका छन् ती अब म भन्दछु ।

सितो रक्तस्तथा पीतः सारंगः पिंग एव च
नीलो कृष्णोऽथ सर्वेषां श्वेतः श्रेष्ठतमः स्मृतः ॥२॥

घोडाहरू वर्णमा सेता, राता, पहेंला, रागेपाटे, कैला (खैरा) नीला र काला हुन्छन् । यिनीहरू सबैमा उत्तम सेतो हुन्छ ।

पट्टार्हो भूपतेर्वाजी सर्वश्वेतः प्रशस्यते
तदभावे यथा प्रोक्तस्तथा श्रेष्ठाः क्रमेण च ॥३॥

---

१. वर्णा भवन्ति येपीऽह.....'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राज्याभिषेक गर्दा राजाका निमित्त चाहिने घोडामा सबै अङ्ग प्रत्यङ्गहरू सेतोभएको घोडा सर्वोत्तम हो भनिएको छ । त्यस्तो मिल्न नसकेमा क्रमबाट दोस्रो, तेस्रो आदि वर्णमा जुन गणना गरिएका छन् तिनिहरूको प्रयोग गर्नुपर्दछ ।

श्वेत: प्रालेयसंकाशो रक्त: कुंकुमसन्निभ:
हरिद्रासदृश: पीत: सारंग: कर्वुर: स्मृत: ॥४॥

घोडाका वर्णको तुलना गर्दा हिउँ जस्तोलाई सेतो, कुंकुम जस्तोलाई रातो,हलेदोकोवर्ण जस्तोलाई पहेंलो र छिर्बिरे घोडालाई "सारङ्ग" भनिएको छ ।

पिंग कपिलकाकारो नीलो दूर्वाग्रसन्निभ:
कृष्णो जम्बूफलाकार: शास्त्रज्ञै: समुदाहृत: ॥५॥

खैरो वा कैलो रङ्गको पिंग,दूबाको मुण्टोका जस्तो वर्ण भएको नीलो र जामुनाको फलका जस्तो वर्ण भएको घोडा कालो हो भन्ने कुरा शास्त्रजान्ने विद्वानहरूले भनिएको छ ।

पीताभ: श्वेतपादो यस्तथा स्यात्सितलोचन:
चक्रवाक: स विज्ञेयो राजार्हो वाजिसत्तम: ॥६॥

वर्णमा केही पहेंलो, सेता खुट्टा भएको र सेता आँखा भएको घोडालाई "चक्रवाक" नामक घोडा हो भनी जान्नु । यो घोडा उत्तम हो र राजाका निमित्त लायक मानिएको छ ।

सर्वश्वेतो हयो यस्तु भवेन्मेचककर्णक:[१]
स वाजी वाजिमेधार्ह: श्यामकर्ण: प्रकीर्तित: ॥७॥

जुन घोडाको सम्पूर्ण शरीर सेतो भै केवल कान मात्र श्याम अर्थात् मुजूरका प्वाँखका वर्ण जस्ता चिल्ला र श्यामवर्णका छन् त्यस्तो घोडा अश्वमेध यज्ञका लागि उपयुक्त हुन्छ र यसैलाई "श्यामकर्ण घोडा" पनि भनिन्छ ।

मुखे चन्द्रकसंवीतो[२] जम्बूफलसमाकृति:
श्वेतपाद: स विज्ञेयो मल्लिकाख्य: स पूजित: ॥८॥

---

१. श्यामैककर्णक: २. संकाश: ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुखमा चन्द्रमा जस्तो सेतो छाप भएको, (शरिरको मूलवर्ण) जामुनाका फलका जस्तो (कालो) वर्ण भएको र पाउ(पछाडिका दुईवटा गोडा) सेता भएको घोडा "मल्लिका" भनिन्छ। यो घोडा असल हो।

चत्वारोप्यसिता: पादा: सर्वश्वेतस्य वाजिन:
भवन्ति यस्य स त्याज्यो यमदूत: सुदूरत: ॥९॥

सम्पूर्ण शरीर सेतोभएको घोडाका चारै पाउहरू काला छन् भने त्यो घोडा "यमदूत" नामक घोडा हो। त्यसलाई खूब टाढा धपाई दिनु। त्यो त्याज्य छ।

यस्य पादा: सिता: सर्वे पुच्छं वक्षो मुखं तथा
मूर्धजाश्च सिता यस्य तं विद्यादष्टमंगलम्। ।१०॥

जुन् घोडाको शरीरको मुख्यवर्ण बेग्लै छ तर चारैपाउ (खुट्टा) हरू, पुच्छर, वक्षस्थल अर्थात् छाती, मुख र कपाल सेता छन् भने त्यो घोडा "अष्टमङ्गल" हो भनी जान्नु।

भस्माभं वाजिनं जह्यात् सुदूरेण नराधिप:
यदि वांछति[1] कल्याणं वान्छेच्च श्रीसमुद्भवम् ॥११॥

कल्याण र ऐश्वर्यको इच्छा गर्ने राजाले खरानीका जस्तो वर्ण भएको घोडा (लोकमा यस्तो घोडालाई खराने भन्दछन्) टाढैबाट परित्याग गरिदिनु अर्थात् नचढ्नु।

यस्य[2] रोमविभेदेन जायन्ते रोम विन्दव:
पुष्पाख्य: स परित्याज्य: सर्ववाजीभयावह: ॥१२॥

जुन् घोडाका रौंका वर्णभेदले गर्दा अर्थात् कुनै रौं कुनै वर्णका र कुनै रौं कुनै वर्णका भै त्यस्ता रौंहरूका विन्दु अर्थात् थोप्लाहरूले युक्तहुन्छ अर्थात् कतै कालाथोप्ला कतै सेताथोप्ला आदि अनेक वर्णका थोप्लाहरूलेयुक्त छ भने त्यस्तो त्यो घोडा "पुष्प" नामक हो। यसले सबै घोडाहरूलाई डर पैदागराउने हुन्छ। अतएव: यस्तो घोडापनि परित्याग गर्नु।

---

१. कर्मणि वान्छान्च करोति श्रीसमुदभवाम्, यदि कर्माणि वान्छन्ति तत्करोति महद्भयम्।
२. हयस्य वर्ण भेदेन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्य पादा: क्षिता: सर्वे तथा वक्त्रन्च मध्यत:
कल्याणपन्चक: प्रोक्त: सर्वकल्याणकृच्च[१] स: ।।१३।।

जुन् घोडाका चारै पाउ सेता तथा मुखको मध्यभाग पनि सेतो छ भने त्यो घोडा "कल्याणपञ्चक" भनिन्छ । (लोकमा यसलाई "पञ्चकल्याण घोडा" भन्दछन्) । यस्तो घोडा सबैकुराको कल्याणगर्ने हुन्छ भनिएको छ ।

विमिश्रवर्णका: सर्वे प्रशस्ता वाजिन: स्मृता:
कृष्णनीलस्य मिश्रत्वमेकं मुक्त्वा सुदूरत: ।।१४।।

अनेकवर्णहरू छ्यासमिस भएका सबै घोडाहरू कल्याणकारक मानिएका छन् तर कालो वर्ण र नीलो वर्ण मिसिएको यही एउटा मात्र टाढैबाट परित्याग गरिदिनु (यही एउटा मात्र असल मानिन्न) ।

यस्योत्कृष्टतरो वर्णो वृद्धिं याति शनै: शनै:
नाशयंति[२] तथा नीचान् स करोति बहून् हयान् ।।१५।।

जुन् घोडाको उत्तम मानिएको वर्ण अर्थात् सेतो आदि वर्ण क्रमश: बिस्तारै बढ्दै बढ्दै जाने र अरू नीचवर्ण अर्थात् काला आदि वर्णहरूलाई त्यसले क्रमश: जित्दै गएको छ भने त्यस्तो घोडाले घोडाका बगालको संख्या बढाउँछ ।

यस्याधमेन वर्णेन छाद्यते[३] च प्रधानज:
विवृद्धिं गच्छता सोऽथ करोति हयसंक्षयम् ।।१६।।

जन् घोडाको अधमवर्ण अर्थात् खैरो खराने आदि वर्णले शरीरको मुख्यवर्णलाई क्रमश: छोप्तै बढ्दै बढ्दै आउँछ भने त्यस्तो त्यो घोडाले घोडाहरूको नाशपार्छ ।

ईति श्रीनकुलकृतेऽश्वचिकित्सिते वर्णो नाम तृतीयोऽध्याय:

यो नकुलकृत अश्वचिकित्सामा वर्ण नामक तेस्रो अध्याय
समाप्त भयो ।

---

१. सदा २. यस्यकृष्णेतरा वर्णा: वृद्धि यान्ति शनै शनै: । नाशयन्ति तथा नीचान्- (अश्ववैद्यकम्) । ३. सीद्यन्ते च प्रधानजा: ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो अध्यायः

(आवर्त्ताः)

घोडाका भुमरीहरू

आवर्ता विंशतिः प्रोक्ताः शालिहोत्रमहात्मना
गात्रस्थान विभागेन तेषां व्यक्तिर्मयोच्यते ।।१।।

महात्मा शालिहोत्रले घोडाका भुमरीहरू शरीरका ठाउँ हेरी बीसवटा मात्र हुन्छन् भनेका छन् । तिनीहरूको स्पष्टीकरण म गर्दछु ।

ललाटे मस्तके चैव ग्रीवायां हृदये तथा
पादे पृष्ठे मणीवन्धे नाभिदेशे विशेषतः ।।२।।

स्कन्धे[1] पार्श्वे गले वक्त्रे कुक्षौ रन्ध्रे त्रिके तथा
आद्यास्त्रयोदशावर्ता[2] विज्ञेया वाजिपण्डितैः ।।३।।

निधार, मस्तक, गर्धन, हृदय, पाउ, पिठ्यूँ, मणीवन्ध, विशेषगरी नाभिस्थान, त्यस्तैं काँध, पार्श्वस्थान, गल, मुख, कोखा, रन्ध्र र त्रिकस्थान यति तेह्रवटा ठाउँ भुमरी हुने प्रथमस्थान हुन् भनी घोडाकोशास्त्रजान्ने पण्डितहरूले जान्नु ।

नासिकाग्रे ललाटाग्रे शंखे कण्ठे च मस्तके
आवर्तो जायते येषां ते धन्यास्तुरगोत्तमाः ।।४।।

नाकको अगाडि, निधारको अगाडि, शंखस्थान, कण्ठ र मस्तक यति ठाउँमा भुमरी हुने ती उत्तम घोडाहरू धन्य हुन् (यस श्लोकमा शंखस्थान असल भन्ने देखिन्छ तापनि गर्गसुतगणकृत अश्वायुर्वेद (सिद्धसंग्रह) भन्ने ग्रन्थमा दुवै शंखस्थानमा भुमरी भए त्यो घोडा ज्यादै खराब मानिएको छ भन्ने देखिन्छ ।)

हृदि स्कन्धे गले चैव कटिदेशे तथैव च
नाभौ कुक्षौ च पार्श्वांगे मध्यमास्ते प्रकीर्तिताः ।।५।।

छाती, काँध, गल (गलो), कटि, नाभिस्थान, कोखा र पार्श्वस्थान यति ठाउँमा भुमरी हुने घोडाहरू मध्यम-कक्षाका हुन् भनिएको छ ।

---

१. ललाटाग्रे २. आद्यन्ता द्वादशावर्ताः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ललाटे[1] यस्य चावर्तो द्वितीयस्य सलिंगकः
मस्तके च तृतीयश्च पूर्णकुक्षि स उत्तमः ॥६॥

जन् घोडाका निधारमा एउटा भुमरी प्रष्ट छ र अर्को भुमरीको चिन्ह पनि छ र शिरमा तेस्रो भुमरी पनि छ भने यस्तो घोडा "पूर्णकुक्षि" भनिन्छ। यो घोडा उत्तम मानिएको छ।

पृष्ठवंशे तथावर्तो यस्यैकः संप्रजायते
स करोत्यश्वसंघातान् स्वामिनः सूर्यसंज्ञकः ॥७॥

जन् घोडाको पृष्ठवंश अर्थात् त्रिकस्थानमा केवल एउटा मात्र भुमरी छ भने त्यसले उसका स्वामीको घोडाको बगाल बढाउँछ। यो घोडालाई "सूर्य" भन्ने नाउँ दिइएको छ।

कक्षायां जानुमेढ्रे च त्रिवलौ पुच्छसन्निधौ
पुच्छे गुह्ये वलावष्टावावर्ता अधमा हये ॥८॥

घोडाका कक्ष अर्थात् काखी, घुँडा, लिङ्ग, त्रिवलि, पुच्छरका समीपमा अर्थात् पुच्छरको दायाँबायाँ भागमा, पुच्छरमा, गुह्यस्थानमा र वलि अर्थात् पेटका लोलामा यति आठ ठाउँमा रहने भुमरीहरू अधम मानिएका छन्।

त्रयो यस्य ललाटस्था आवर्ता अधरोत्तराः
त्रिकूटः स परिज्ञेयो वाजिवृद्धिकरः परः ॥९॥

जन् घोडाका निधारमा क्रमशः तलदेखि माथितिर ठाडो परेर रहेका तीनवटा भुमरी छन् भने त्यो घोडा "त्रिकूट" अर्थात् "तिकुटे" हो भनी जान्नु। यस्तो घोडाले घोडाको बगाल बढाउँछ।

एवमेव प्रकारण त्रयोग्रीवां समाश्रिताः
त्रयावर्तः[2] स वाजीशो जायते भूपमन्दिरे ॥१०॥

यसप्रकारले घोडाका घाँटीमा लहरै ठाडो परेर रहेका तीनवटा भुमरी छन् भने त्यो घोडालाई "त्रयावर्त" घोडा भनिन्छ। त्यो घोडा घोडाको राजा हो। यस्तो घोडा राजाको दरबारमा भएका अरूघोडामा सर्वोत्तम मानिन्छ।

---

१. ललाटे यस्य चावर्तौ द्वितीयस्य समुद्गमे (मू. पु.) २. यस्यावर्तः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ललाटे युगलावर्तौ चन्द्रार्कौ संप्रकीर्तितौ
वाजिनो यदि[१] तौ स्यातां राष्ट्रवृद्धिकरौ परौ ।।११।।

घोडाका निधारमा रहेका दुइवटा भुमरी चन्द्र र सूर्य भनिन्छन् । यदि कुनै घोडाका यस्ता भुमरी भएमा ती भुमरीले राष्ट्रको वृद्धि गराउँछन् अर्थात् यस्ता घोडाले राष्ट्र बढ्दैजान्छ ।

उपर्य्युपरि यस्य स्युरावर्ता अलिके त्रय:
नि:श्रेणि: स तु विज्ञेयो राष्ट्रवृद्धिकर: पर: ।।१२।।

जुन् घोडाका (निधारभन्दा) माथी माथी हुँदै तीनवटा भुमरी हुन्छन् त्यस्तो घोडा "निश्रेणि" हो । यो घोडाले पनि राष्ट्रको निवकै अभिवृद्धि गर्छ भनी जान्नु ।

एकोऽथवा कपोलस्थो यस्यावर्त: प्रदृश्यते
वर्तमान:[२] स विज्ञेय: स इच्छेत्स्वामिनाशनम् ।।१३।।

जुन् घोडाको एउटा गालामा एउटा मात्र भुमरी छ भने त्यस्तो त्यो घोडा "वर्तमान" नामक हो र त्यसले स्वामीको नाशगर्छ ।

कपोलाभ्यान्तथावर्तौ विद्येते वाजिनो यदि
तावश्विनाविति प्रोक्तौ युद्धकाले जयप्रदौ ।।१४।।

घोडाका दुबै गालामा एक एकवटा भुमरी छन् भने ती भुमरीलाई "अश्विनी कुमार" भन्ने नाउँ दिइएको छ । यी भुमरी लडाइँपर्दा विजयदायक छन् ।

गण्डावर्तो[३] भवेद्यस्य वाजिनो दक्षिणाश्रय:
स करोति महासौख्यं स्वामिन: शिवसंज्ञक: ।।१५।।

जन् घोडाको दाहिने गालामा एउटा भुमरी छ भने त्यसलाई "शिव" भन्ने नाम दिइएको छ । यसले उसका स्वामीलाई ठूलो सुख दिन्छ (गालाको र गलको भुमरी बेस होइन भन्ने अश्वायुर्वेद र अश्वशास्त्र आदि ग्रन्थमा देखिन्छ) ।

तद्वद्वामाश्रय: क्रूर: प्रकरोति धनक्षयम्
इन्द्वर्काख्यावुभौ[४] शस्तौ नृपराज्यविवृद्धिदौ ।।१६।।

---

१. यस्य । २. रथिनामश्वनिष्ठानां स दुष्ट: स्वामिनाशने ३. गलावर्त: ४. इन्द्रकाख्यौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै देब्रे गालामा हुने भुमरी एउटा छ भने त्यो क्रूर हो र त्यसले धनको नाशगर्छ तर दुइवटा छन् भने ती भुमरी कल्याणकारक मानिएका छन् । यी दुई भुमरीले भने असल गर्छन् र राज्यको वृद्धिपनि गराउँछन् ।

कर्णमूले यदावर्तस्तन्मध्ये च तथापरः
विजयाख्यावुभौ ज्ञेयौ युद्धकाले जयप्रदौ ॥१७॥

जुन् घोडाका कानका फेदमा र कानका माझमा भुमरी छ भने ती दुबै भुमरीलाई "विजय" भन्ने नाम दिइएको छ । यस्तो भएका घोडाले पनि लडाइँमा जितवाजी ल्याउँछन् ।

नासामध्ये यदावर्त एको वा यदि वा त्रयः
चक्रवर्ती स विज्ञेयो वाजी भूपालपूजितः ॥१८॥

जुन् घोडाका नाकको बीचमा एउटा अथवा तीनवटा भुमरी छन् भने त्यो घोडा "चक्रवर्ती" हो । यो घोडा राजाले पनि सम्मानगर्न योग्य छ ।

कण्ठे यस्य महावर्त एकोऽश्वस्य[1] प्रजायते
चिन्तामणिः स विज्ञेयश्चिंतितार्थविवृद्धिदः ॥१९॥

जुन् घोडाको घाँटीमा एउटा मात्र ठूलो भुमरी छ भने त्यो भुमरीलाई "चिन्तामणि" भनिन्छ । यस्तो भुमरी भएको घोडाले चिताएको कुरा पुऱ्याउने र असलकुराको वृद्धिगर्ने हुन्छ ।

स्कन्धे पार्श्वे यदावर्तः सभवेत् पद्मलक्षणः
करोति विधिवत् पद्मः स्वामिनः सततं सुखम् ॥२०॥

जुन् घोडाको काँधमा र पार्श्वभागमा भुमरी छ भने त्यो घोडा "पद्म-लक्षण" नामक हो । त्यस्तो "पद्मलक्षण" घोडाले स्वामीलाई निरन्तर सुख दिन्छ ।

शुक्त्याख्यौ[2] तालुकान्तस्थावावर्तौ कीर्तिवृद्धिदौ
हयस्य स्वामियुक्तस्य सदैव सुसुखावहौ । ।२१॥

जुन् घोडाका तालुको अन्तिमभाग (तालुदेखि माथिको बाहिरी भाग) मा दुइवटा भुमरी छन् भने ती भुमरीको नाम "शुक्ति" हो र ती दुई भुमरीले कीर्ति

१. एकः स्पष्टः २. शुक्लाख्यौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र वृद्धि दिन्छन् । यस्ता ती दुई भुमरीले मालिकको साथसाथै घोडाको पनि निरन्तर सुख बढाउँछन् ।

एकावर्तो[१] भवेद्यस्य[२] कक्षान्ते वाजिनो यदा[३]
स रणे मृत्युमाप्नोति द्वौ[४] च स्वामिविनाशनौ ।।२२।।

जुन् घोडाको कक्षान्त अर्थात् काखीको अन्तिमभागमा एउटा भुमरी छ भने त्यो घोडा रणसंग्राममा मर्दछ र त्यहाँ दुइवटा भुमरी छन् भने त्यो घोडाले उसको स्वामीलाई नाशगर्छ ।

जानुदेशे यदावर्तो वाजिनः संप्रदृश्यते
प्रवासं सततं ब्रूते स्वभर्तुः क्लेशसंयुतम् ।।२३।।

जुन् घोडाको घुँडामा भुमरी छ त्यस्तो त्यो घोडाले उसको स्वामीलाई सदा परदेशतर्फ लान्छ र ठूलो आपत्तिपनि पार्छ । (यो घोडा अत्यन्त महादोषी हो)

वाजी मेढ्तलावर्तो वर्जनीयो महीभुजाम्
स करोति हरेर्नाशं परचारससमुद्भवम्[५] ।।२४।।

लिङ्गमा भुमरी भएको घोडा राजाले चढ्न हुँदैन । यो घोडा कहिल्यै पनि नचढ्नु । यसले शत्रुको आक्रमणद्वारा घोडाहरूको नाशपार्छ ।

त्रिवलिस्थो यदावर्तस्त्रिवर्गस्य प्रणाशकः
वाजिनस्ते परिज्ञेया स्त्रिपार्श्वस्था भयप्रदाः[६] ।।२५।।

त्रिवलिस्थान (पेटका लोला) मा भुमरी हुने घोडाले त्रिवर्ग (धर्म, अर्थ र काम) लाई नै नाशपार्छ । त्रिवलिका अगल बगलमा तीनवटा भुमरी हुने घोडाहरू पनि डर उत्पन्नगर्ने हुन्छन् ।

पुच्छदेशे[७] यदावर्तो वाजिनः संप्रदृश्यते
धूमकेतुरिति ख्यातः स त्याज्यो दूरतो नृपैः ।।२६।।

जुन् घोडाको पुच्छरमा भुमरी प्रष्टरूपमा देखिन्छ भने त्यो घोडा "धूमकेतु" हो र यसलाई राजाले टाढैबाट परित्याग गर्नु ।

१. यस्य २. व्यक्तः ३. अशुभः (मू.पु.) ४. चाशु ५. परस्परसमुद्भवः (मू.पु.)
६. श्री पार्श्वः स शुभप्रदः, श्री पार्श्वः स भयप्रदः (मू.पु.) ७. पृष्ठदेशे, पृष्ठवंशे (मू. पु.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गह्ये पुच्छे वलौ यस्य भवन्त्यावर्तकास्त्रयः
स कृतान्त स्वरूपेण वर्जनीयस्तुरंगमः ।।२७।।

यदि कुनै घोडाका गुह्यस्थान, पुच्छर र वलि (त्रिवलि) स्थान यी तीनै ठाउँमा भुमरी छन् भने त्यो घोडा खास यमराजतुल्य हो । यस्तो घोडा कहिल्यै पनि न चढ्नु ।

अध[1] ऊर्ध्वं यदा वाजी सम्पुटं न स्पृशेत् क्वचित्
यमदूतः स विज्ञेयो वर्जनीयः प्रयत्नतः ।।२८।।

जुनसुकै घोडाका पनि तल्लो र माथिको ओठहरू मुख मिलाउँदा टम्म जोरिदैनन् भने त्यो घोडा यमराजको दूत नै हो भन्ने जान्नु । यस्तो घोडा पनि चढ्न हुँदैन ।

हीनदन्तोऽधिदन्तश्च कराली कृष्णतालुकः
मुशली च तथा शृंगी षडेते स्वामिघातकाः ।।२९।।

हीनदन्त अर्थात् दाँत कम्ती भएको, अधिकदन्त अर्थात् हुनुपर्ने संख्याभन्दा बढी संख्याका दाँत भएको, करालो, कालो तालु भएको, मुशली र सिंग भएको (शृंगी) यति ६ वटा घोडा स्वामिघातक हुन् ।

एकाण्डजातश्चैकाण्डो[2] हीनांगोप्यधिकांगकः
परित्याज्य स[3] वान्छद्भिरन्विष्य परमं यशः ।।३०।।

एउटा मात्र अण्डकोष भएर जन्मेको पछि अर्को अण्डकोष निस्कनसक्ने यस्तो घोडा तथा केवल एउटा मात्र अण्डकोष भएको, अंगहीन अर्थात् घटी अंग भएको र बढी अंग भएको यस्तो घोडा पनि ठूलो कीर्तिको इच्छा गर्ने पुरुषले खोजी खोजी परित्याग गर्नु ।

घण्टी वदनको वाली शृंगी चैव चतुर्थकः
वर्जनीयःप्रयत्नेन सर्वे ते पापकृत्तमाः ।।३१।।

घण्टी, वदनक, वाली र शृंगी यति घोडा चढ्दै नचढ्नु किनभने यी घोडाहरू पापी हुन् अर्थात् दुःखदायी हुन् ।

---

१. अधोर्ध्वं च यदा (मू.पु.) २. एकाण्डकोप्यनण्डश्च, एकाण्डजातकाण्डस्य (मू.पु.)
३. .....स भूपालैः संग्रामे क्लेशकारकः, रन्विष्य परमं यशः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घण्टी च स्वामिनं हन्ति वदनी धनसंक्षयम्
अन्तःपुरं तथा वाली श्रृंगी राष्ट्रविनाशनः ॥३२॥

घण्टी लक्षणले युक्तभएको घोडाले स्वामीको नाशगर्छ, बदनीले धनको नाशगर्छ, वालीले अन्तपुरको र श्रृंगीले राष्ट्रको नाशगर्छ ।

षट्पदाभो भवेद्यश्च कृष्णतालुर्न दुष्यति
शंखपादमुखो[1] यस्तु आवर्तं कुत्सितैरपि
न दुष्यति सदावर्तः शालिहोत्रमतं यथा ॥३३॥

भुमराका जस्तो वर्ण अर्थात् नीलो र कालो मिसिएको वर्णभएको घोडा छ भने र त्यै घोडाको कालो तालु छ भने पनि त्यो घोडा दोषी हुँदैन । शंख जस्ता अर्थात्सेतो वर्णका पाउ (पछाडिका दुई गोडा) र मुख छन् भने खराब भुमरीले-युक्त भएपनि त्यो घोडा दोषी हुँदैन भन्ने यस्तो शालिहोत्रको मत छ ।

इति श्रीनकुलकृतेऽश्वचिकित्सिते आवर्तो नाम चतुर्थोऽध्यायः

यो नकुलकृत अश्वचिकित्सामा आवर्त नामक चतुर्थ अध्याय समाप्त भयो ।

पाँचौं अध्यायः

(दन्ताः)

घोडाका दाँतहरू

दन्तोद्भेदं प्रवक्ष्यामि वाजिनामायुलक्षणम्
येन विज्ञातमात्रेण आयुर्ज्ञानं प्रचक्षते ॥१॥

अब म घोडाका आयुका चिह्नस्वरूप दाँतका विषयमा भन्दछु । जुन दाँतको यथार्थज्ञानबाट घोडाको आयुको ज्ञान हुनसक्तछ भन्दछन् ।

अश्वस्तु तनुभिर्दन्तैः क्षीरदन्त इति स्मृतः
तथा षोडशभिः कोणः पुटैर्द्वादशमासिकः[2] ॥२॥

जहाँसम्म भर्खर निस्केका मसिना दाँत घोडाका हुन्छन् त्यो अवस्थासम्मको घोडालाई "क्षीरदन्त" भनिन्छ । सोह्रवटा दाँत भएपछि त्यो घोडालाई "कोण" भनिन्छ र बाह्र महीनाको घोडालाई "पुट" भन्ने संज्ञा दिइन्छ ।

१. वात्र नावर्तैः । २. प्राज्ञैर्द्वादशमासिकः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिंशन्मासोद्भवा: सर्वे अखण्डा: परिकीर्तिता:
द्वौ स्यातां द्वौ च न स्यातामधश्चोर्ध्वं यथाक्रमम् ।।३।।

घोडा तीस महीना पुग्दा उसका सबै दाँत परिपूर्ण हुन्छन् भनिएको छ यही समयसम्म घोडाका तल र माथि हुने दुई दुई वटा मध्यमदन्त क्रमश: कसैका उम्री सक्दछन् र कसैका उम्री सक्तैनन् ।

चतुर्भिर्वत्सरैर्दन्ता: कालिमानं भजन्ति च
तथान्य: सप्तमे वर्षे चतुर्थ: कालिको भवेत् ।।४।।

घोडा चार वर्षको पुगेपछि अगाडिका दाँत "कालिका" (व्यञ्जन विशेष) ले युक्त हुन्छन् । त्यस्तै सातौंवर्षमा अर्को चौथो दाँतपनि कालिकायुक्त हुन्छ ।

अष्टमेवत्सरेप्राप्ते प्राप्तास्यु: सार्वकालिका:
नवमे त्वथवा रेखा: पीतत्वं शंसयन्ति च ।।५।।

घोडा आठ वर्षको पुगेपछि सबै दाँत कालिकायुक्त हुन्छन् अथवा नौ वर्ष पुग्दा ती दाँतमा लागेका रेखा पहेंला भावमा पुग्दछन् ।

तथाप्येकादशेवर्षे तावत् पीतत्वमागता:
तिष्ठन्ति दशनास्तेषां वाजिनामप्यसंशयम् ।।६।।

त्यस्तै एघारवर्षको भएपछि घोडाका सबै दाँतहरू पहेंला हुन्छन् । यसरी त्यो उमेरमा घोडाका सबै दाँत टम्म मिलेर रहेका हुन्छन् । यसमा कुनै शंका छैन ।

तत: श्वेता: प्रदृश्यन्ते यावद्वर्षत्रयं पुन:
तत: काचप्रभा: सम्यक् यावत् संवत्सरास्त्रय: ।।७।।

त्यसपछि फेरि तीनवर्षसम्म अर्थात् घोडा १४ वर्षको हुँदा त्यसका सबै दाँत सेता हुन्छन् । त्यसपछि तीनवर्षसम्म अर्थात् घोडा १७ वर्षको पुग्दा त्यसका सबैदाँत काँच जस्ता (टल्कने) हुन्छन् ।

तत: सप्तदशादूर्ध्वं यावद्वर्षाणि विंशति:
मक्षिकाभारदास्तेषां यावद्वर्षत्रयं पुन: ।।८।।

घोडा १७ वर्षदेखि बीस वर्षको होउन्जेलसम्म त्यसका दाँतहरू झिंगाको वर्ग जस्तो अर्थात् कतै सेतो र कतै कालो भै मख्याहा हुन्छन् । दाँत मख्याहा हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समय पनि बीस वर्षदेखि फेरि तीन वर्षसम्म अर्थात् २३ वर्षसम्मको मात्र मानिएको छ ।

तस्मादुलूखलं प्राप्ता स्तावद्वर्षत्रयं पुनः
प्रकम्पन्च समागम्य पश्चात् पातः समात्रयम् ।।९।।

त्यसपछि अर्थात् तेईस वर्षपछि तीन वर्ष अर्थात् २६ वर्षसम्म घोडाका दाँत क्रमशः खाल्टा अर्थात् ओखल जस्ता खाल्टा परेका हुन्छन् । त्यसपछि तीन वर्षसम्म अर्थात् २९ वर्षसम्म हल्लन थाल्दछन् र अर्को तीन वर्षदेखि अर्थात् तीस वर्षदेखि खस्न थाल्दछन् ।

द्वात्रिंशद्वत्सरैरेव वाजी निर्वाणमाप्नुयात्
द्रंष्ट्रा चतुष्टयं श्वेतं वक्त्रेण परमायुषि ।।१० ।

घोडा बत्तीस वर्षको पुग्दा मर्दछ । घोडाका चारवटा बंगारासेतो वर्णका देखिए भने त्यसको उमेर निक्कै पुगेको छ भन्ने कुरा जान्नु ।

अश्वानामेव सर्वेषां दन्ता द्वादश कीर्तिताः
कालिका हरिणी शुक्ला काचा वाप्यथ माक्षिका ।।११।।
शंखो दूखलकन्चैव दन्तानाञ्चलनं तथा
ततस्तु पतनं विद्यादेष व्यन्जनसंग्रहः ।।१२।।

सबै घोडाका दाँत बाह्रवटा हुन्छन् भनिएको छ । यिनीहरूको नियमको (व्यञ्जनको) प्रकार पहिले कालिका, अनि क्रमशः हरिणी, शुक्ला, काचा, मक्षिका शंख, उलूखल, चलन र अनि पछि पतन हुन्छ भनी जान्नु । यस्तो नियम (व्यञ्जनको नियम) घोडाका दाँतकाबारेमा छ ।

चतुर्विंशतयो द्रंष्ट्रा शालिहोत्रमतं तथा
एवं दन्तविशेषण सर्वेषामिहवाजिनाम्
विज्ञेयाचायुषः संख्या वाजिपोषणतत्परैः ।।१३।।

शालिहोत्रका मतमा घोडाका बंगारा चौबीसवटा हुन्छन् भन्ने छ । यस मर्त्यलोकमा यस्ता प्रकारले दाँतको विशेषताले घोडा कतिवर्षको भयो होला भनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडा पाल्ने पोस्ने व्यक्तिले जान्नु । (यस ग्रन्थमा घोडाका दाँत केवल ३६ वटा मात्र उल्लेख गरी ४ वटा मध्यम दन्तलाई हिसाव नगरेको देखिन्छ) ।

इति श्रीनकुलकृतेऽश्वचिकित्सिते दन्तोद्भेदो नाम पन्चमोऽध्याय

यो नकुलकृत अश्वचिकित्सामा दन्तोद्भेद नामक पाँचौं अध्याय समाप्त भयो ।

छैटौं अध्यायः
(अवयव प्रमाणम्)

अवयवको प्रमाण

दीर्घसूक्ष्मविमांसास्या ये भवन्ति तुरंगमाः
ते शस्ता पार्थिवेन्द्रस्य यानवाहनकर्मणि ॥१॥

लाम्, खिरीलो र धेरै थल्थले मासु नभएको मुख भएका घोडाहरू राजाको वाहनमा प्रशंसनीय छन् ।

स्कन्धमप्युन्नतं दीर्घं वक्रग्रीवं विशेषतः
चमरालंकृतं सम्यक् स्तोकवालसमन्वितम् ॥२॥

येषां पृष्टं[1] सुवंशं स्याद्विपुलं व्रणवर्जितम्
किन्चिन्मध्ये भवेन्निम्नं[2] राजार्हास्ते तुरंगमाः ॥३॥

काँध उठेका, शरीर लामू भएका, विशेषगरी घाँटी ठाडो तर्फ बाङ्गो भएका अर्थात् घाँटीको संस्थान मिलेका, पुच्छरकाचमरको झुप्पो खूब राम्रो भएका, थोरै बाल (कपाल) भएका तथा पिठचूँ र वंशस्थान फुकका र घाउअर्थात् (पीठ) नलाग्ने र माझको भाग केही गहीरो भएका यस्ता उपर्युक्त लक्षण भएका घोडाहरू राजालाई लायक मानिएका छन् ।

स्निग्धरोमा सुवृता च सुस्थूला[3] विपुला कटी
ग्रथिता सुदृढा रम्या भुजा मांसप्रपूरिताः[4] ॥४॥

१. पृष्ठि सुवंशा वा बिपुला व्रणवर्जिता २. निम्ना ३. विपुला कटि ग्रन्थिता
४. सुदृढाश्च भुजा येषां मांसशोणितपूरिताः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिल्ला रौं भएका, सुडौल, निक्कै ठूलो र फुकेको कम्मर भएका, गठीला, अत्यन्त दह्रा, राम्रा, भुजा (अगाडिका दुई गोडा) मासुले भरिएर खूबपोटिला भएका तथा–

पादा निर्मांसलावक्राश्चक्राकार खुरान्विताः
अप्रमाणं तथा वक्षः कर्णौ लघुतरौ स्मृतौ[१] ॥५॥

पाउ (गोडा) धेरै (थल्थले) मासु नभएका, सोझा अर्थात् छट्केका गोडा भएका, चक्रका जस्तो आकार परेका खुर भएका, प्रमाण नभएको अर्थात् विशाल वक्षस्थल भएका र कान छोटा भएका घोडाहरू तथा

पार्श्वौ तनुतरौ[२] शस्तौ सुरसस्निग्ध तालुकम्[३]
दन्ताश्च शिखराकारा विपुला चन्द्रवर्चसः ॥६॥

घोडाका दुबै पार्श्वभाग साना, रसीलो र चिल्लो तालु, पर्वतका चुली जस्ता (तल मोटा र माथि चुलिँदै गएका) ठूला र चन्द्रमाको किरण जस्तै टल्कने दाँत यति चीज यस्ता प्रकारका असल मानिएका छन् ।

सप्तविंशप्रमाणेन मुखमश्वस्य शस्यते
कर्णौ षडंगुलौ प्रोक्तौ तालुकं चतुरंगुलम् ॥७॥

घोडाको मुख सत्ताईस अंगुल प्रमाणमा भएको असल मानिएको छ ; त्यस्तै कान ६ अंगुल र चारअंगुलको तालु असल मानिन्छ ।

चत्वारिंशच्च सप्ताढ्याः स्कन्धाः सम्यक् प्रकीर्तिताः[४]
पृष्टवंशश्चतुर्विंशः[५] सप्तविंशा तथा कटी ॥८॥

सतचालीस अंगुलको काँध बेस भनिएको छ, पृष्ठवंश चौबीस अंगुलको र कटी सत्ताईस अंगुलको बेस मानिएको छ ।

अतिसूक्ष्मं तथा निम्नं पुच्छं हस्तद्वयायतम्[६]
लिङ्गं हस्तप्रमाणन्च तथाण्डौ चतुरंगुलौ ॥९॥

---

१. शुभौ । २. शुभतरौ ३. रक्तं स्निग्धन्च तालुकम् ४. संपरिकीर्तिताः
५. पृष्ठिवंश ६. हस्तार्धमायतम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाको खूब मसीनु तथा निहुरेर तल झरेको र दुई हात लामू पुच्छर असल हुन्छ । त्यस्तै लिङ्ग एकहात प्रमाणको र अण्डकोष चार अंगुलका भएमा असल भनिएको छ ।

मार्गस्थानं[1] चतुर्विंशं हृदयं षोडशांगुलम्
कटिकक्षान्तरंन्चोक्तं चत्वारिंशत्[2] प्रमाणतः ॥१०॥

घोडाको मार्गस्थान चौबीसअंगुल, छाती सोह्रअंगुल र कटि र कक्ष चालीसअंगुल प्रमाणका भएमा घोडा असल मानिन्छन् ।

मणिवन्धद्वयं चैव खुराश्च चतुरंगुलाः
अशीत्यंगुल उत्सेधो दैर्घ्यन्च द्व्यधिकं शतम्
एवं क्रमेण गात्रस्य प्रमाणं वाजिनां मतम् ॥११॥

घोडाका दुबै मणिवन्धस्थान र खुरहरू पनि चार चार अंगुलका असल मानिन्छन् । घोडाको उचाई असीअंगुल र लमाई एकसयदुईअंगुल हुनुपर्छ । यस्ताप्रकारको घोडाका शरीरको प्रमाण मानिएको छ ।

दीर्घाणि चत्वारि तथोन्नतानि
चत्वारि रक्तानिच सूक्ष्मकाणि
ह्रस्वानि[3] चत्वार्यथ चायतानि
भूयश्च चत्वार्यथ नम्रकाणि[4] ॥१२॥

घोडाका चार अंग लामा हुनुपर्छ, त्यस्तै अर्को चार अंग अग्ला हुनुपर्छ, त्यस्तै अरू चार अंग राता र अरू चार अंग मसीना हुनुपर्छ । त्यस्तै अरू चार अंग छोटा र त्यस्तै अरू चार अंग लाम्चा हुनुपर्छ र फेरि अरू चार अंग फुकेका हुनुपर्छ साथै अरू चार अंग झुकेका हुनुपर्छ ।

द्वात्रिंशत्[5] क्रमशो प्याहुर्लक्षणानि मुनीश्वराः
तान्यहं कीर्तयिष्यामि वाजिनाञ्च पृथक् पृथक् ॥१३॥

मुनीश्वरहरूले घोडाका पनि क्रमशः बत्तीसलक्षण हुन्छन् भनेका छन् । अब म ती सबै लक्षणहरू बेग्ला बेग्लै गरी भन्छु ।

---

१. सांगम् २. चतुर्विंशत् ३. ह्रस्तानि ४. निम्नकानि ५. द्वात्रिंशच्चसमानि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आस्यं भुजौ केशकृकाटिकाश्च
दीर्घं चतुष्कं तुरगस्य शस्तम्
तथोन्नते घ्राणपुटे ललाटं
शफाश्च तज्ज्ञाश्चरणौ वदन्ति ।।१४।।

घोडाका मुख, अगाडिका दुई खुट्टा (बाहु), कपाल र कृकाटिका यति चारवटा अंग लामा हुनु असल मानिन्छन् । त्यस्तै नाकका पोरा, निधार, खुर र चरण (पछाडिका दुई खुट्टा) यति अग्ला हुनु असल मानिन्छन् ।

ओष्ठौ च जिह्वाप्यथ[1] तालुकं च
मेढ्रंसुरक्तं शुभदं हयस्य
लघूनिवद्धौश्चरणौ च कोष्टं
श्रोत्राणि सर्वाणि तथैव पुच्छम् ।।१५।।

घोडाका ओठ, जिब्रो, तालु, र लिङ्ग यति अंग राता हुनु असल र निवद्धस्थान, चरण, कोष्ठ, दुबै कान र पुच्छर यति अंग मसीना अर्थात् खिरीला हुनु असल मानिएको छ ।

कर्णान्तरं कर्णसमन्वितञ्च
वंशं तथा ह्रस्वतरं प्रशस्तम्[2]
वक्त्रं मुखं कन्धर जानुनी च
पार्श्वञ्च सप्तेः[3] शुभदं प्रदिष्टम् ।।१६।।

घोडाका कानको बीचको भाग र कान, पृष्ठवंश, छोटा हुनु असल मानिएका छन् । त्यस्तै वक्त्र (मुखको घेरा) मुख (मखको पुवाल) काँध, घुँडा र पार्श्वस्थान यति ठाउँ पनि केही लाम्चा भएका नै असल मानिएका छन् ।

कक्षान्तरं चोदर मध्यमञ्च
निम्ना कटी तानि[4] सजानुकानि
वक्षः शफोरू जघनस्थलञ्च[5]
चतुष्कमेतत् पृथुलं प्रदिष्टम्।[6] ।।१७।।

१. रसज्ञावथ २. प्रदिष्टम् ३. सर्वं ४. तालु ५. शफैर्वाजिघटा ६. समस्तम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कक्षको आसपासको भाग, पेट र मध्यभाग, घुँडा तथा कटी यति गहीरा अर्थात् केही झुकेका र छाती, खुर, तिघ्रा र जघनस्थल (जाँघ) यति चार अंग ठूला अर्थात् फुकेका हुनु असल मानिएको छ ।

इति श्रीनकुलकृतेऽश्वचिकित्सिते सर्वावयवप्रमाणो नाम षष्ठोऽध्यायः।

यो नकुलकृत अश्वचिकित्सामा सर्वावयवप्रमाण नामक छैटौं अध्याय समाप्त भयो ।

सातौं अध्यायः

(वेगः)

घोडाका वेग (पाइन्)

गुणानामिह सर्वेषां गुणो वेगमयोऽधिकः
अश्वानां शस्यते तज्ज्ञैरश्वज्ञानविचक्षणैः ॥१॥

घोडाका सबै गुणहरू मध्ये "खूब वेगवान्" हुने जुन गुण छ त्यो अरू गुणहरू मध्येमा मुख्य गुण मानिन्छ भनेर घोडाका गुणहरू जान्ने तथा अश्वशास्त्रका विशेषज्ञहरूले प्रशंसा गरेकाछन् ।

संवाहन विधानेन प्रकाशे यान्त्यसंशयम्
तस्मात् सर्वप्रयत्नेन वेगो ज्ञेयश्च वाजिनाम् ॥२॥

घोडाहरू तालीम दिने कुरा (संवाहन विधान) बाट नै उनीहरूका गुणहरू प्रकाशमा आउँछन् । यसमा कुनै शंका छैन । त्यसकारण सबै उपायबाट घोडाको वेग जान्नुपर्छ ।

अवाहिता विनश्यन्ति विनश्यन्त्यतिवाहिताः
अश्वानां वाहनं पथ्यं सानुरागन्च मोक्षणम् ॥३॥

घोडाहरू नचढ्नाले (तालीम नदिनाले) बिग्रन्छन् र अत्यन्त चढी रहनाले पनि बिग्रन्छन् । घोडालाई समयानुसार चढ्ने, पथ्य खुवाउने, स्नेह र रक्तमोक्षण गर्नुपर्छ ।

अधमा मध्यमास्ते स्युर्मध्यमाश्च तथोत्तमाः
उत्तमाश्चोत्तमा भूयो वाह्यमानास्तुरंगमाः ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाहरूलाई राम्रोसंग तालीमगर्नाले निम्नस्तरका घोडा मध्यम खालका हुन्छन्, मध्यमखालका भए उत्तम र उत्तमप्रकारका घोडा भए अझै उत्तम हुन्छन् ।

रूढमश्वविदां श्रेष्ठं रूढे सर्वं प्रतिष्ठितम्
रूढेन तु विहीनस्य लक्षणं चाप्यलक्षणम् ॥५॥

अश्व विशेषज्ञका निमित्त रुढ (घोडाको तेज वा वेग) जान्नु नै उत्तम मानिएको छ । घोडाको जे जति (गुण वा बैगुण) हुन्छन् यसैमा रहेका हुन्छन् । यदि मुख्य यसको ज्ञान छैन भने अरु लक्षण पनि कुलक्षण जस्ता हुन आउँछन् ।

रूपावर्तगतिच्छायासत्ववर्णवयोबलम्
जवहीनस्य वाहस्य सर्वमेव निरर्थकम् ॥६॥

घोडाको रूप, भुमरी, गति, छाया, सत्व, वर्ण, उमेर र बल यति बेस छन् तापनि जब (तेज वा वेग) छैन भने त्यो घोडा बेकम्मा मानिन्छ अर्थात् त्यो घोडाका ती सबै लक्षणहरू केही काम लाग्दैनन् ।

गतेर्धन्यतरो वर्णो वर्णाद्धन्यतरः स्वरः
स्वराद्धन्यतरं सत्वं सर्वं सत्वे प्रतिष्ठितम् ॥७॥

घोडाको गतिभन्दा वर्ण उत्तम, वर्णभन्दा पनि स्वर उत्तम, स्वरभन्दा पनि सत्व उत्तम मानिएको छ । घोडाका जे जति गुणहरू हुन्छन् ती सबै सत्व (असल स्वभाव) मा नै अडेका हुन्छन् ।

लघुत्वं मातृदोषेण पितृदोषेण जाड्यता
दौर्बल्यं स्वामिदोषेण स्वदोषो नास्ति वाजिनाम् ॥८॥

घोडाहरू घोडी (उसको आमा) को दोषबाट गुणको कमी भएका, बाबु (घोडा) को दोषबाट मूर्ख आदि दोषहरू र मालिकको दोषले दुब्लो आदि दोषहरू उत्पन्न भै दोषी हुन्छन् । घोडाको खास आफ्नै कुनै दोष हुँदैन ।

जवो हि सप्तेः प्रथमं विभूषणम्
त्रपांगनायाः कृषता तपस्विनः
द्विजस्य वेदोऽथ मुनेरपि क्षमा
पराक्रमः शस्त्रबलोपजीविनः ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाको जव अर्थात् वेग नै सर्वप्रथम (मूल्यवान्) अलंकार हो। त्यस्तै स्वास्नीमानिसको लाज, तपस्वीको दुब्ल्याइँ, ब्राह्मणको वेद, मुनिहरूको क्षमा र शस्त्रका बलले जीविकोपार्जन गर्नेहरूको पराक्रम नै मुख्य अलंकार मानिएको छ।

आकर्षन्निव गां वभन्निव खुरौ पश्चार्द्धमुद्यन्निव
स्वीकुर्वन्निव खं पिवन्निव दिशो वायुं समश्नन्निव
सांगारप्रकरान् स्पृशन्निव महीं छायाममर्षन्निव
चञ्चच्चामरवीज्यमानवदनः श्रीमान् हयो धावति ॥१०॥

असल घोडा पृथिवीलाई खिच्छकि भने झैं गरी, खुर छट्काउँछ कि भने झैं, पछाडिको अंग उचाली रहेको छकि भनेजस्तो गरी, आकाश छ भन्ने कुरा स्वीकार गर्दै, दशै दिशाहरूलाई मानू प्यूँदछ कि भने जस्तै, वायुलाई खाईदिन्छ कि भने जस्तै गरी, आगाका फिलिगा भएको जमीनमा टेकेको हो कि भने जस्तै गरी अर्थात् उफ्रँदै, छायालाई रीस डाहा गरे जस्तै गरी अर्थात् वेगले, चंचल चमर (पुच्छरको झुप्पा) द्वारा आफ्नू मुख हम्कँदै दौडन्छ। (अर्थात् असल घोडा हलूको हिंडाई, तेजो गति, अगाडिको अंग केही होच्याई, पृथ्वीमा टेकेकै छैन कि भने झैं इत्यादि प्रकारबाट हिंड्छ)।

अलक्षितगतागतै मृगदृशां कटाक्षैरिव
क्षणानुनयशीतलैः प्रणयकेलिकोपैरिव ।
सुवृत्तमसृणोत्तरैर्मृगदशामुरोजैरिव
त्वदीयतुरगैरलंधरणिचक्रमाक्रम्यते ॥११॥

हे राजन्! मानू कामिनीका कटाक्ष झैं कति खेर कता फर्कन्छन् भनेर तर्क गर्नै नसकिने गतिले युक्तभएका, प्रणयकलहबाट उत्पन्न भएको कोप झैं एकछिनको प्रार्थनाले मात्रै पनि रिसाउन छोडेर शान्त हुने बानी भएका, मानू मृगनयनी (स्त्री)का उरोज (स्तन) झैं तलतिर सुडौल भई माथितिरको अंग ससीना अर्थात् साना चिटिक्क परेका यस्ता हजूरका घोडाहरूले यो धरणीचक्र अर्थात् भूमण्डललाई आक्रमण गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

येषां[1] दीपशिखोपमानि नयनान्युद्भ्रान्ति च श्येनवद्
ग्रीवाक्रौन्चनिभा विभाति च समा पादाः समंगोपमाः
वेगो वायुरिवाथ वानरसमं स्याद्वारणप्रेक्षितम्
शंखक्रौन्चमृगेन्द्रदुन्दुभिघनव्याघ्रेभतुल्यस्वनः ।।१२।।

जुन् घोडा बत्तीका ज्वाला जस्ता तीखा उज्याला तथा बाजका जस्ता चनाखा आँखा, कन्याङ्गकुरूङ्गका जस्तो घाँटी, मजीठो जस्ता पाउ, वायुका जस्तो वेग, रणभूमिको उछलकूद बानरका जस्तो (बुरूक्क बुरूक्क उफ्रने) हात्तीका जस्तो हेराई तथा शंख, कन्याङ्गकुरूङ्ग, सिंह, दुन्दुभि, मेघ, बाघ र हात्तीका जस्तो स्वर भएका छन् त्यस्ता ती घोडा र

वक्त्रे ये हरिणाधिपप्रतिनिभा व्याघ्रोपमा बाहुभिः
आवर्तैश्चशुभैः प्रधानकुलजाः सुस्निग्धवर्णप्रभाः ।
उष्ट्राक्षाः प्रियदर्शनाश्च सुभगाः श्वासैः सुगन्धाश्च ये
धन्यास्तै जयराज्यवित्तसुखदा संवाहका भूपतेः ।।१३।।

सिंहका जस्तो मुख, बाघका जस्ता हात, असल भुमरीहरू, कुलमा उत्तम कुल, वर्णको कान्तिमा चिल्ला, ऊँटका जस्ता आँखा, हेर्दा सुन्दर, असल लक्षण भएका, सुगन्धी सास भएका यस्ता जुन् घोडाहरू छन् त्यस्ता घोडा धन्य हुन् र यस्ता घोडाहरूले जितबाजी, राज्य, धन र सुख दिन्छन् । यस्ता घोडाहरू राजाका वाहनयोग्य मानिएका छन् ।

इति श्रीनकुलकृतेऽश्वचिकित्सिते वेगवर्णनं नाम सप्तमोऽध्यायः

यो नकुलकृत अश्वचिकित्सामा वेगवर्णन नामक सातौं अध्याय समाप्त भयो ।

---

१. यो श्लोक र यस्को पछिको १३ रौं श्लोकसँग मिल्दो जुल्दो रूपका श्लोक गर्गसुतगणकृत अश्वायुर्वेदको एघारौं अध्यायमा ४६८, ४६९ श्लोकमा देखिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाको जव अर्थात् वेग नै सर्वप्रथम (मूल्यवान्) अलंकार हो। त्यस्तै स्वाभिमानिसको लाज, तपस्वीको दुब्ल्याइँ, ब्राह्मणको वेद, मुनिहरूको क्षमा र शस्त्रका बलले जीविकोपार्जन गर्नेहरूको पराक्रम नै मुख्य अलंकार मानिएको छ।

आकर्षन्निव गां वभन्निव खुरौ पश्चार्द्धमुद्यन्निव
स्वीकुर्वन्निव खं पिबन्निव दिशो वायुं समश्नन्निव
सांगारप्रकरान् स्पृशन्निव महीं छायाममर्षन्निव
चञ्चच्चामरवीज्यमानवदनः श्रीमान् हयो धावति ॥१०॥

असल घोडा पृथिवीलाई खिच्छकि भने झैं गरी, खुर छट्काउँछ कि भने झैं, पछाडिको अंग उचाली रहेको छकि भनेजस्तो गरी, आकाश छ भन्ने कुरा स्वीकार गर्दै, दशै दिशाहरूलाई मानू प्यूँदछ कि भने जस्तै, वायुलाई खाईदिन्छ कि भने जस्तै गरी, आगाका फिलिंगा भएको जमीनमा टेकेको हो कि भने जस्तै गरी अर्थात् उफ्रँदै, छायालाई रीस डाहा गरे जस्तै गरी अर्थात् वेगले, चंचल चमर (पुच्छरको झुप्पा) द्वारा आफ्नू मुख हम्कँदै दौडन्छ। (अर्थात् असल घोडा हलूको हिंडाई, तेजी गति, अगाडिको अंग केही होच्याई, पृथ्वीमा टेकेकै छैन कि भने झैं इत्यादि प्रकारबाट हिंड्छ)।

अलक्षितगतागतै मृगदृशां कटाक्षैरिव
क्षणानुनयशीतलैः प्रणयकेलिकोपैरिव ।
सुवृत्तमसृणोत्तरैर्मृगदृशामुरोजैरिव
त्वदीयतुरगैरलंधरणिचक्रमाक्रम्यते ॥११॥

हे राजन्! मानू कामिनीका कटाक्ष झैं कति खेर कता फर्कन्छन् भनेर तर्क गर्न नसकिने गतिले युक्तभएका, प्रणयकलहबाट उत्पन्न भएको कोप झैं एकछिनको प्रार्थनाले मात्रै पनि रिसाउन छोडेर शान्त हुने बानी भएका, मानू मृगनयनी (स्त्री)का उरोज (स्तन) झैं तलतिर सुडौल भई माथितिरको अंग ससीना अर्थात् साना चिटिक्क परेका यस्ता हजूरका घोडाहरूले यो धरणीचक्र अर्थात् भूमण्डललाई आक्रमण गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

येषां[१] दीपशिखोपमानि नयनान्युद्भ्रान्ति च श्येनवद्
ग्रीवाक्रौन्चनिभा विभाति च समा पादाः समंगोपमाः
वेगो वायुरिवाथ वानरसमं स्याद्वारणप्रेक्षितम्
शंखक्रौन्चमृगेन्द्रदुन्दुभिघनव्याघ्रेभतुल्यस्वनः ॥१२॥

जुन् घोडा बत्तीका ज्वाला जस्ता तीखा उज्याला तथा बाजका जस्ता चनाखा आँखा, कन्याङ्गकुरूङ्गका जस्तो घाँटी, मजीठो जस्ता पाउ, वायुका जस्तो वेग, रणभूमिको उछलकूद बानरका जस्तो (बुरूक्क बुरूक्क उफ्रने) हात्तीका जस्तो हेराई तथा शंख, कन्याङ्गकुरूङ्ग, सिंह, दुन्दुभि, मेघ, बाघ र हात्तीका जस्तो स्वर भएका छन् त्यस्ता ती घोडा र

वक्त्रे ये हरिणाधिपप्रतिनिभा व्याघ्रोपमा बाहुभिः
आवर्तैश्चशुभैः प्रधानकुलजाः सुस्निग्धवर्णप्रभाः ।
उष्ट्राक्षाः प्रियदर्शनाश्च सुभगाः श्वासैः सुगन्धाश्च ये
धन्यास्तै जयराज्यवित्तसुखदा संवाहका भूपतेः ॥१३॥

सिंहका जस्तो मुख, बाघका जस्ता हात, असल भुमरीहरू, कुलमा उत्तम कुल, वर्णको कान्तिमा चिल्ला, ऊँटका जस्ता आँखा, हेर्दा सुन्दर, असल लक्षण भएका, सुगन्धी सास भएका यस्ता जुन् घोडाहरू छन् त्यस्ता घोडा धन्य हुन् र यस्ता घोडाहरूले जितवाजी, राज्य, धन र सुख दिन्छन् । यस्ता घोडाहरू राजाका वाहनयोग्य मानिएका छन् ।

इति श्रीनकुलकृतेऽश्वचिकित्सिते वेगवर्णनं नाम सप्तमोऽध्यायः

यो नकुलकृत अश्वचिकित्सामा वेगवर्णन नामक सातौं अध्याय समाप्त भयो ।

---

१. यो श्लोक र यस्को पछिको १३ रौं श्लोकसँग मिल्दो जुल्दो रूपका श्लोक गर्गसुतगणकृत अश्वायुर्वेदको एघारौं अध्यायमा ४६८, ४६९ श्लोकमा देखिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आठौं अध्यायः

(आरोहणम्)

घोडा चढ्ने तरीका

अथातः संप्रवक्ष्यामि हयारोहणमुत्तमम्
येन विज्ञानमात्रेण रेवन्तेनोपमीयते ॥१॥

अब म हयारोहण अर्थात् घोडा कसरी चढ्नु पर्दछ भन्ने विषयमा भन्दछु। जुन कुरा जान्नाले त्यो मानिसलाई रेवन्त (सूर्यपुत्र वा घोडाका देवता) सँग दाँज्न सकिन्छ।

चलकिसलयपादः कर्णमध्यैकदृष्टिः
न चलति कटिदेशे आसने संस्थितश्च[1]
हयहृदयगतिज्ञः स्थानदण्डावपाती
सखलु तुरगयोक्ता मान्यते[2] पार्थिवेन्द्रैः ॥२॥

फिरफिर गरेर चल्ने पालुवाका जस्ता हल्का गोडा भएको, घोडाका दुई कानका बीचमा आफ्नू दृष्टि अड्याउने, कटिदेशको आसनमा बसेपछि खूब अडेर रहने (नडग्ने), घोडाको मनोभावना जान्नसक्ने, कुनबेला कस्तो ठाउँमा पिट्नु पर्छ भन्ने कुरा जान्ने यस्तो सवारले राजाबाट पनि मान्यता पाउँछ।

यो[3] नित्यं दृढमुष्टिहस्तलघुकः क्रोधानलैर्वर्जितः
सत्यैकस्थिरबुद्धिमध्यमतनुः[4] शास्त्रस्थतत्वज्ञकः[5]
कालेदण्डनिपातविश्रमयुतः ताम्बूलवक्त्रान्वित–[6]
स्त्वेवं[7] लक्षणसंयुतो हयरूहो राज्याधिपैः पूज्यते ॥३॥

मुठी बलियोपार्नसक्ने तर हात भने हलुका भएको, रीसरूपी आगो नभएको अर्थात् सहसा नरिसाउने, सत्यमा रहने, स्थिरबुद्धि भएको, शरीर न त ज्यादै मोटो नत ज्यादै दुब्लो अर्थात् मझौला शरीरको, अश्वशास्त्रमा रहेको तत्व जान्ने, कुन मौकामा कहाँ कुन कुन ठाउँमा पिट्नुपर्छ र कसरी विश्राम गराउनु पर्छ

---

१. व्यापितोऽपिस्थितो यः, २. पूज्यते ३. दाढर्चे मुष्टिगतं करेण लघुता
४. सत्वैकस्थिरवुद्धिमध्यम नतिः ५. शास्त्रार्थविद्धार्मिकः ६. ताम्बूलपूर्णाननः
७. श्रीमाल्लक्षयुतो महाहयपरो राजाधिपैः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो कुरा जान्ने,पान मुखमा राखी रहने अर्थात् पान खाने बानी भएको यस्ता लक्षणले युक्त भएको सवार राजाहरूबाट पनि पूजनीय (सम्मानित) हुन्छ ।

उरु स्थिरौ[1] यस्य चलौ च पादौ
त्रिकोन्नतं संहतमासनन्च[2] ।
स वाजिवाह:कथित: पृथिव्यां
शेषा नरा: भारवहा[3] हयानाम् ॥४॥

तिघ्रा नडगाउने तर पाउ भने जसरी चलाउन पऱ्यो त्यसरी चलाउने, त्रिकस्थान उठेको, आसन (बस्ने ठाउँ) अँठ्याएर बस्ने यस्तो घोडचढी सच्चा घोडचढी हो र यस्तो गर्ननसक्ने अरू मानिसहरू त केवल घोडाका भारी मात्र हुन् ।

प्राज्ञ: सत्व वलोत्साही दृढ:[4] सर्वांगसौष्ठव:
जितशीतातपालस्यो जितायासो जितासन:[5] ॥५॥
हयकालवलप्राणजवकामाध्वयोगवित्[6]
शान्तोपचारसारज्ञो[7] रणक्रीडासु शिक्षित: ॥६॥

बुद्धिमान्, सत्व, बल, उत्साह भएको, दह्रो,सबै अंग नरम भएको, घाम पानी र आलस्यलाई जितेको, दु:ख सहन सक्ने,आसन जितेको अर्थात् बसीरहन सक्ने, घोडाको समय जान्ने अर्थात् कुनकुन समयमा के के गर्नु पर्दछ भन्ने सामयिक गतिविधिको ज्ञान भएको, बल, प्राण, जव, काम र बाटाको समेत ज्ञान भएको, मौका अनुसार शान्तिको उपचार तुरून्तै गर्नसक्ने,लडाईंमा के के गर्नुपर्छ त्यो कुरा जानेको तथा–

वाजिनां हृदयज्ञश्च स्थाने दण्डनिपातवित्
दुष्टाश्वदमने दक्ष: सर्वक्लेशसह: शुचि: ॥७॥

घोडाको मनोभावना जान्ने, कुन ठाउँमा कसरी पिट्नुपर्छ त्यो कुरा जानेको, दुष्ट घोडालाई सधाउन सक्ने, सम्पूर्ण दु:खहरू खप्नसक्ने, शुद्धरहने र–

ग्रासौषधान्नपानीये परव्यूहावलोकने
रिपुसैन्यप्रवेशे[8] च निर्गमे कुशलोऽस्त्रवित् ॥८॥

---

१. उर:स्थिरं २. संहतमानसन्च ३. भारकरा: ४. दृढ:सर्वांगसौष्ठव:
५. जितनिद्रो जिताशन: ६. हयकामास्त्वयोगवित् ७. सकृत् शीतोपचारज्ञो (मू.पु.)
८. ज्ञानप्रदेशेषु, त्रिषु श्रेष्ठ प्रवेशे च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घाँस औषधि, अन्न पानी, शत्रुको व्यूह अर्थात् शत्रु सेनाको राख्ने तरीकालाई हेर्नेकुरामा र त्यसमा निस्कन र पस्न सिपालु, हतियारको ज्ञान भएको तथा–

यश्च रोगविकारज्ञो यश्च धारा विचारवित्
धनु:कुन्तासिशक्तिज्ञ: सोऽश्ववाह: प्रकीर्तित: ।।९।।

घोडाको कुन रोगमा कस्तो विकार हुन्छ त्यो कुरा जान्ने, घोडाका हिँडाइका पाँच प्रकारका गति (आस्कन्दित, धौरितक, रेचित, बल्गित र प्लुत) लाई जान्न सक्ने, धनु:, कुन्त (हतियार विशेष) तर्वार र शक्ति यति हतियारको ज्ञान भएको यस्तो मानिस "सवार" हो भनेर प्रख्यात् छ ।

वक्त्रे स्कन्धे मुखे कोष्ठे गात्रे सक्थ्नोश्च ताडयेत्
उन्मार्गगो यदि भ्रष्टोऽश्वो मूढ: स्खलति ह्रेषते ।।१०।।

घोडा यदि बाटो छोडेर जथाभावी हिंड्नलाग्यो भने, भ्रष्ट भयो भने र मूर्ख भै हिन्हिनाउन लाग्यो भने मुखमा, काँधमा, मुखको वरिपरि, कोष्ठमा, गात्रस्थानमा र तिघ्रामा पिट्नु पर्दछ ।

कुपिते[1] पुच्छसंस्थाने भ्रान्ते जानुद्वयं तथा
सर्वथा[2] प्राप्तदण्डस्य दण्डमेकं निपातयेत् ।।११।।

घोडा रिसायो भने पुच्छरमा, उद्भ्रान्त भएमा दुबै घुंडामा हिर्काउनुपर्दछ । यसरी पिट्दा सबै तरहबाट हिर्काउनैपर्ने अवस्था आईपर्दा एकठाउँमा मात्र पिट्नु पर्दछ ।

ह्रेषणे स्कन्धमुद्दिष्टं स्खलिते जघनान्तरम्
भीते वक्षस्थलं हन्यात् वक्त्रन्चोन्मार्गगामिनम् ।।१२।।

घोडा ज्यादा हिन्हिनाएमा काँधमा, यताउति लाग्न थालेमा जाँघमा, डराएमा छातीमा र बाटो छोडेर जथाभावी हिंड्न लागेमा मुखमा हिर्काउनुपर्दछ ।

अस्थाने ताडितो वाजी बहून्[3] दोषान् प्रदर्शयेत्
तावद्भवन्ति[4] ते दोषा यावज्जीवत्यसौ हय: ।।१३।।

जता पायो त्यतै पिट्नाले घोडामा धेरै दोषहरू निस्कन्छन् र ती दोषहरू जहाँसम्म घोडा बाँची रहन्छ त्यहाँसम्म रहीरहन्छन् ।

---

१. हेषतेस्कन्धसंस्थानम् २. सर्वस्य (मू.पु.) ३. बहुदोष: प्रजायते, ३. एते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डेनाभिभवेद्वाहान्नारोहेद्दण्डवर्जितान्[1]
दण्डो हि साधनं तीव्रं पदं[2] दण्डात् प्रजायते ॥१४॥

वाहनहरू दण्डद्वारानै तह लगाउनु पर्छ। त्यस्तो दण्ड नपाएका वाहनहरू चढ्दै नचढ्नु किनभने तहलाउने कुरामा दण्ड नै कडा साधन हो र यसबाट नै घोडाको स्थान र मान हुन्छ।

तुलावदुद्धृता वल्गा नात्युच्चा नातिलम्बिता
दोषं दृष्ट्वा तु कर्तव्या तीर्यगाकुञ्चिचता श्लथा ॥१५॥

घोडाको लगाम तुलाको डण्डीजस्तै बराबरको रूपमा राख्नुपर्दछ। धेरै माथि पनि लानु हुँदैन र धेरै खुकुलो पनि गर्नु हुँदैन। केवल अवस्था हेरेर मात्र तेर्छो, खिचिएको र खुकुलो (घोल्लिएको) गर्नुपर्छ।

कटिं सप्तेश्च शैथिल्याद्वहमानस्य ताडयेत्
यद्यद् प्रस्खलितं गात्रं तत्र दण्डं प्रदापयेत् ॥१६॥

चढेको अवस्थामा घोडा लोझियो भने कटिमा हिर्काउनु। घोडाले जुन् जुन् अंगका गति बिगार्छ ती ती अंगमा पिट्नु पर्दछ।

अकालदण्डपाताच्च[3] अकालग्रहमोक्षणात्
अकालहिंसा घाताच्च तेन वाजी न धावति ॥१७॥

बेमौकामा र कुठाउँमा हिर्काउनाले,जथाभावी लगाम तान्ने र छोड्ने गर्नाले र बेमौकामा पिट्ने गर्नाले पनि घोडा दौडदैन।

आसनं शिथिलं यस्य स्वरो यस्य न भीषण:
लघुप्रहारदाता च वाजी तस्य न धावति ॥१८॥

बस्ने आसन खुकुलो भयो भने, चढ्नेको स्वर अलि डरलाग्ने खालको भएन भने र घोडाका मालिकको पिटाइ कडा भएन भने यस्तो घोडा पनि दौडदैन।

सर्वलक्षणसंपन्न: सर्वदोषविवर्जित:
कुलशीलबलोपेत:[4] कथमश्वो न धावति ॥१९॥

---

१. हयोदण्डादभिभवेत्, २. परमश्वस्यजायते ३. अकाल दण्ड पातन्च अकाल ग्रहमोक्षणम्, कालं हि प्राप्य तावच्च। अकाल हिंसा धातश्च। ४. वय:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै लक्षणले युक्त भएको, कुनै पनि दोष नभएको, कुल, शील र बल भएको घोडा छ भने त्यो घोडा किन दौडदैन र ? (अवश्यदौडन्छ) ।

गतिरेका प्लुता चान्या[1] चतुराख्या तृतीयका[2]
वेगसन्धि चतुर्थी[3] च धारा वेगगतिस्तथा ॥२०॥

घोडाका गति प्लुत पहिलो त्यस्तै दोस्रो तेस्रो र वेगसन्धि चौथो, वेगवती धारा (पाँचौं) गरी पाँच प्रकारका छन् । इनीहरू आस्कन्दित, धौरितक रेचित, वल्गित र प्लुत नाउँबाट प्रख्यात् छन् जस्तै– उत्तेरितमुपकण्ठमास्कन्दितम्, उत्प्लुत्योत्प्लुत्यगमनं कोपादेवाखिलैः पदैः अर्थात् मानौं रिसाएर उफ्रँदै उफ्रँदै तेजीसाथ घाँटी तन्काएर हिंड्नु "आस्कन्दित गति हो"तत्र धौरितकं धौर्यं धोरणं धोरितं च तत्, बभ्रुकंकशिखिक्रोडगतिवत्" अर्थात् धौरितक, धौर्य, धोरण, धोरित जे भने पनि बभ्रु(पक्षि विशेष) ठेउवा, मुजूर र बनेलका जस्तो गतिलाई 'धौरितक" गति हो भनिएको छ । उत्तेजितं रेचितं स्यात् मध्यवेगेन या गतिः अर्थात् मध्यमवेगको तर उत्तेजित भएर हिंड्ने गति रेचितगति हो, "वल्गितं पुनः अग्रकाय समुल्लासात्कुन्चितास्यं नतत्रिकम्" अर्थात् अघिल्लो अंग खूब उचालेर मुख खिचेर(घाँटीतिर फर्काई) तीन हाडको जोर्नी त्रिकस्थानलाई होचो पारेर हिंड्ने गति "वल्गित" गति हो । "प्लुतौ तु लंघनंपक्षि मृगगत्यनुहारकम्" अर्थात् भुर्र चराउडे जस्तै अथवा मृग उफ्रि उफ्रि हिंडेजस्तै गरी हिंड्ने जुन् गति छ त्यो प्लुत गति हो । यसरी घोडाका पाँचओटा गति रहेका छन्) ।

श्लथरागार्थ वेषस्य[4] चन्चलस्य त्रिकोणतः
नित्यमुद्यतदण्डस्य तस्य वाजी न धावति ॥२१॥

पटार (पेटमा कसिएको लोता) र काठी खुकुलो भएमा, त्रिकोण (चढ्ने मानिसको त्रिकस्थान) चन्चल भएमा र सदा लट्ठी उजाई रहनाले घोडा दौडदै दौडदैन ।

धारा तु पन्चमी प्रोक्ता न श्रृणोति न पश्यति
सर्वकर्मक्षमो वाजी तस्मात्तां परिवर्जयेत् ॥२२॥

---

१. चास्य २. द्वितीयका ३. तृतीया च धारा वेगवतीतरा
४. श्लथरागानुबन्धस्य (मू.पु.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाका पाँचोटा गति मध्ये प्लुतगति पाँचौं मानिएको छ। तर यो गतिमा घोडा बडो एकोहोरो हुन्छ । केही सुन्दापनि सुन्दैन र हेर्दापनि हेर्दैन अतः यस्तो गतिको घोडा सबै काम गर्नसक्ने भए पनि त्यसलाई त्यस्तो गतिमा न चढ्नु (तर यसलाई शास्त्रकारहरूले "संग्राम पर्दा यस्तो गतियुक्त घोडालाई सेनाको सबभन्दा अगाडि राख्नुपर्छ" भनेका छन् जस्तै– धारा सैन्याग्रिमस्कन्धे तुरंगगति पन्चके") ।

इति श्रीनकुलकृतेऽश्वचिकित्सते आरोहणाध्यायो नाम अष्टमोऽध्यायः ।

यो नकुलकृत अश्वचिकित्सामा आरोहणनामक आठौं अध्याय समाप्त भयो ।

नवौं अध्यायः

(ऋतुचर्या)

घोडाका ऋतु अनुसारका काम

ऋतुचर्यासु निष्पन्नं सादिना सुनिर्वाहितम्
धनुरष्टादशे योज्यं वाजिनां मण्डलं[1] क्रमात् ॥१॥

घोडाको ऋतुचर्याको काममा सयसले राम्ररी मिलाइएको, क्रमशः अठार धनु अर्थात् ७२ हातको परिधि भएको जमीनको मण्डल (घोडाको चक्कर लगाउने ठाउँ) बनाउनु पर्दछ ।

संकोचयेज्जयं तावद् यावत् कार्मुकपन्चकम्
तदूर्ध्वं मण्डलैर्योज्यो गोमूत्रात्तदनन्तरम् ॥२॥

त्यो मण्डल (घोडा घुमाउने मण्डल) सानुमा पाँच धनुसम्मको बनाउनु, त्यसलाई "जय" भन्ने संज्ञा दिइएको छ । पाँचधनुभन्दा माथिको परिधिलाई मण्डल भनिन्छ । मण्डलदेखि पनि र जयभन्दा माथिको (घोडा दौडाउने बाटो) गाईले गौंत्याउँदा जति टाढासम्म गौमूत्र बग्दछ त्यहाँसम्मकोजमीनको चाक्लो परिधि बनाउनु पर्दछ । (कसैको मतमा गोमुत्रिकाबन्ध जस्तो जमीन हुनुपर्छ भन्ने पनि सुनिन्छ) ।

१. मण्डलेन तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋजुवृत्तनुवृत्ता[1] च गोमूत्रा सर्वकर्मसु
युज्यमानानि[2] दृश्यन्ते प्रायशो हि विचक्षणैः ॥३॥

ऋजुमण्डल, वृत्तमण्डल, अनुवृत्तमण्डल र गोमूत्रमण्डल यी मण्डलहरू विद्वान्हरूले प्रायशः सबै काममा उपयोगमा ल्याएको देखिन्छ ।

शालिहोत्रमुनिप्रोक्ता चर्या षोडश वाजिनाम्
तासामनुपयोगित्वान्न कृतः संग्रहो मया ॥४॥

घोडाका सोह्रवटा चर्या (आचरण) शालिहोत्रले भनेका छन्, तर तिनीहरूको त्यति उपयोग नदेखिएकोले मैले यहाँ संग्रह गरेको छैन ।

तीक्ष्णस्त्वेकेन मुदितो द्वाभ्यां भद्रस्तु धावति
स्त्रिभिर्दण्डैस्तदा मन्दः क्रमात् षष्ठाभिताडनैः ॥५॥

तीक्ष्ण (तेजी घोडा) एकै पटक छडी लगाउँदा खुशी भएर दौडन्छ, भद्र (मध्यम खालको घोडा) दुई छडी लगाउँदा र मन्द क्रमशः ३ देखि ६ छडी लगाउँदा मात्र दौडन्छ ।

तीक्ष्णाश्वभद्रमन्दानां प्रधानो जव उच्यते
सोप्यनेनैव मार्गेण संविभज्यो विजानता ॥६॥

तीक्ष्ण,भद्र र मन्द यी तीनप्रकारका घोडाको जव अर्थात् वेग नै मुख्य विषय मानिन्छ । वेग पनि यस्तै तीन किसिम अर्थात् तीक्ष्ण, भद्र र मन्दका क्रमले जान्नु ।

अवाहिता विनश्यन्ति सर्वकर्मक्षमा हयाः
कृशा व्याधि परीतांगा जायन्तेऽत्यन्तवाहनात् ॥७॥

सबै काम गर्नसक्ने क्षमता भएका घोडाहरू पनि नचढनाले बिग्रन्छन् र ज्यादा चढ्नाले दुब्ला र रोगी हुन्छन् ।

बलं कायो वयो भूमिः कालः सत्वमतः क्रमात्
कुर्यादेकान्तरे योगश्चातियोगो हि दोषवान् ॥८॥

घोडालाई तालीमगर्दा बल, शरीर, उमेर, जन्मेको वा बसेको ठाउँ, काल (ऋतु) सत्व यति कुरा क्रमशः विचार गरी एक एक दिन बिराएर प्रयोग गर्नु ।

---

१. ऋजुवृत्या सुवृत्या २. युज्यमाना न दृश्यन्ते (मू. पु.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी प्रयोग गर्दा ज्यादा अर्थात् समय, शक्ति आदिभन्दा बढी गर्नाले घोडामा दोष उत्पन्न हुन्छ ।

तच्च लोकप्रसिद्धं हि बोद्धव्यं यत्नतो बुधैः
हयवाहनवैज्ञानी नरेन्द्रैः पूज्यते सदा ॥९॥

उपर्युक्त कुरा विचारगर्दापनि लोकमा के कस्तो व्यवहार गरेर आएका छन् त्यो पनि खूब बुझ्नु पर्छ । यसरी घोडालाई तालीम गर्नसक्ने सिपालु व्यक्ति राजाहरूबाट सँधै सम्मानित हुन्छ ।

धावितो ये गुणाः सप्तेर्वक्षमाणान्निबोध तान्
शालिहोत्रादि शास्त्राणां व्यायामफलसम्भवान् ॥१०॥

घोडालाई बराबर दौडाउँदा अर्थात् कसरत हुनेगरी कुदाउँदा जे जति गुण प्राप्तहुन्छन् । शालिहोत्र आदि शास्त्रानुसार ती कसरतका फलहरू निम्न-प्रकारका छन्, ती म भन्दछु ।

स्थिरमांसो भारसहो लघुगात्रः पराक्रमी
दीप्ताग्निश्च सुशीलश्च व्यायामेनोपजायते ॥११॥

घोडालाई नित्य व्यायाम गराउँदा घोडाको मासु स्थिर अर्थात् गठीलो हुन्छ । घोडा भारवहन गर्नसक्ने हुन्छ । शरीर छरितो हुन्छ, पराक्रमी हुन्छ, अग्नि बलियो भएको र असल स्वभावको पनि हुन्छ ।

सत्पथो विनयी प्रीतो निर्दोषस्तापवर्जितः
वेदवित्सादिचित्तज्ञ उक्तो धावति तिष्ठति ॥१२॥

त्यसोगर्नाले घोडा असलमार्गमा हिंड्ने, नम्र, प्रसन्न, दोषरहित, ताप-रहित, ज्ञानी, सवारको आशय बुझ्नसक्ने, भन्ने बित्तिकै उठ्ने र दौडेर पनि जाने यस्तो हुन्छ ।

शुभावर्तगतिच्छायाबलशीलसमन्वितम्
गन्धवर्णस्वरोत्कण्ठसारपुण्ड्रविभूषितम् ॥१३॥
एवंविधं समारूह्य देवतांशं हयं नृपः
जित्वा रिपुकुलं भुङ्क्ते निःशंकोऽथ वसुन्धराम् ॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भुमरी, गति, छाया, बल र शील असल भएको, त्यस्तै गन्ध, वर्ण, स्वर, कण्ठ, सार र पुण्ड्र पनि असल भएको यस्ताप्रकारको घोडा देवताकोअंश भएको मात्र हुन्छ। त्यस्तो घोडा चढ्ने राजाले कुनैशंका सुर्ता नलिईकन सम्पूर्ण उसका शत्रुहरूलाई जितेर पृथ्वीको भोगगर्छ।

जवःश्रेष्ठस्तुरंगानामुत्तमाधममध्यमः
त्रिविधोऽपि तथा भिन्नो जवभेदः स उच्यते ।।१५।।

घोडाहरूको वेग नै सर्वोत्तम मानिन्छ। त्यो वेगपनि उत्तम, मध्यम र अधम गरी तीनप्रकारले वेगलाई विभाजन गरिएको छ। अब त्यो वेगको भेद कहिन्छ

यवोदरैरष्टसंख्यैरंगुलं परिकीर्तितम्
हस्तश्च तैश्चतुर्विंशैः कार्मुकं तैश्चतुर्गुणैः ।।१६।।

जौ (अन्न विशेष) को ठीक माझका भागको आठ भाग जोड्दा एक अंगुल हुन्छ। चौबीस अंगुलको एक हात हुन्छ। त्यसको चौवर अर्थात् चार हातको एक धनु हुन्छ।

अक्ष्णोर्निमेषणैः काष्ठा अष्टलघ्वक्षरं तथा
मात्रा ज्ञेया प्रमाणैश्च पूर्वप्रोक्ता तपोधनैः ।।१७।।

आँखा एक पटक झिम्क्याउँदा जति समय हुन्छ त्यो समयलाई "काष्ठा" भनिन्छ। त्यस्तै क, ख, ग, घ यस्ता आठवटा ह्रस्वअक्षर उच्चारणगर्दा जुन् समय हुन्छ त्यस समयलाई "मात्रा" भन्ने संज्ञा दिइएको छ भनी पहिलेका मुनिहरूले प्रमागका विषयमा भनेकाछन्।

मात्रा षोडशकेनाश्वो यो धावति धनुःशतम्
तमश्वमुत्तमं विद्याद्वायुवेगं महाजवम् ।१८।।

जुन् घोडा सोह्र मात्राको समयमा एकसय धनुसम्म दौडीसक्छ भने ठूलो तेजगतिलेयुक्त वायुका जस्तै वेग भएको त्यो घोडा उत्तम हो भनी जान्नु।

यथोत्तमजवा वाहा तथाश्वा मध्यमाधमाः
चतुरस्त्र्यधिकां वृद्धिं मात्राणां लक्षणं बुधाः ।।१९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तमगति भएको घोडाजस्तै मध्यम र अधमगति भएका घोडाहरू पनि हुन्छन् । उत्तम घोडाका गतिमा तीनमात्रा घटाउँदा मध्यम र चार मात्रा घटाउँदा अधम घोडाका लक्षण हुन आउँछन् भन्ने विद्वान्हरूको भनाइ छ ।

नभस्याश्वयुजे मासि भाराध्वानं जवं त्यजेत्
वज्राग्नि सदृशं पित्तं श्रमात् कुप्यति वाजिनाम् ॥२०॥

भदौ र असौज यी दुई महीनामा घोडालाई भारी बोकाउनु, बाटो हिंडाउनु, व्यायाम र कसरत गराउनु हुँदैन । यदि गराएमा त्योपरिश्रमबाट अग्नि अर्थात् "मेघमा हुने बिजुली" जस्तो घोडाको पित्त कुपित हुन्छ ।

कार्येणैव महान् किन्चित् युज्यो नभसि कार्तिके
हेमन्ते शिशिरे योगं वसन्ते च यथेच्छया ॥२१॥

घोडालाई भदौ र असौजमा त्यस्तै ठूलो काम पऱ्यो भने मात्र चढ्ने गर्नु-पर्दछ र हेमन्त, शिशिर र वसन्त ऋतुमा भने इच्छानुसार चढे हुन्छ ।

श्लेष्मक्षयात् श्लथं गात्रं न ग्रीष्मे वाहयेद्धयम्
वालो वृद्ध कृशो रोगी दत्तस्नेहो महाबली ॥२२॥

पूर्णातिरिक्त कोष्ठन्च गुर्विणीं न च वाहयेत्
समां च विपुलां चैव किन्चित्पांशुसमन्विताम् ॥२३॥

एकान्ते विजने चैव रंगभूमिं हयं नयेत्
सान्द्राञ्चैव सुकठिनां पाषाणोदकगर्तिकाम् ॥२४॥

तृणकाष्ठसमायुक्तां रंगभूमिं विवर्जयेत्
विण्मूत्रं कारयेदश्वं क्रोश क्रोशद्वयान्तरे ॥२५॥

ग्रीष्मऋतुमा घोडाको कफ बहुतै कम्ती हुन्छ तसर्थ त्यसको शरीर शिथिल हुने भएकोले त्यसलाई धेरै भारी बोकाउनु अथवा धेरैचढ्नु हुँदैन । त्यस्तै बालक, बूढो, दुब्लो, रोगी, भर्खरै चिल्लो खुवाएको घोडा अत्यन्त बलवान्, कोष्ठस्थान रित्तै भएको र ज्यादै भरीभराउभएको यस्तो घोडा र गर्भिणी घोडी पनि नचढ्नु । सम्म, फराकिलो,केही धूलो भएको, एकान्त, धेरै मानिसको खलबल नभएको यस्तो रङ्गभूमिमा घोडालाई हिंडाउनु वा सधाउनु पर्छ । साह्रै गीलो,अत्यन्त साह्रो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अड्बे खड्बे (उठेका) ढुंगा भएको र पानीका साना साना खाल्टा खाल्टी (खोबिल्टा खोबिल्टी) झार र काठ भएको यस्तो रङ्गभूमिको प्रयोग नगर्नु र घोडालाई एक कोश वा दुई कोशको बीचमा दिशा पिसाब गराईरहनु पर्छ ।

वारि दद्याद् यथाकामं घासमुष्टिन्च चारयेत्
अन्यथा[1] दोषजातानि तानि वक्ष्यामि तत्वतः ॥२६॥

त्यो समयमा घोडाले खाए जति पानी दिनु पर्दछ । घाँसका मुठा अर्थात् घाँसका साना साना मुठा पनि दिईरहनु पर्छ । त्यसरी नदिंदा दोषहरू उत्पन्न हुन्छन् । अब म ती सबै यथार्थतः भन्दछु ।

गुरूविष्टब्धगात्रश्च छिन्नश्वासी च कम्पते
दुर्मना रुद्धविण्मूत्रःसर्वकर्माक्षमो हयः ॥२६॥

उपर्युक्त कुरा नगर्नाले घोडा शरीर गन्हुँगो र अरट्टिएको भएको, बिसाई बिसाई सास फेर्ने अर्थात् धक्ने, थर्थरी काँप्ने,खिन्न मन भएको, बेलाबेलामा दिशा पिसाब रोकिने र सबै काम गर्न नसक्ने हुन्छ ।

गूढमेढ्रोन्नतग्रीवो रक्तमेही गुरूक्लमः
क्षुतृष्णावृतशुष्कास्यच्छायां प्राप्य वितिष्ठति ॥२८॥

फेरि त्यस्तो त्यो घोडाको लिङ्ग निस्कँदैन, घाँटी ठाडो हुन्छ, रगतै पिसाब-गर्छ, बेसरी थाक्छ, भोक र तिर्खाले गर्दा त्यसको मुख सुक्दछ र अनि त्यो घोडा जहाँ छाया फेलापार्छ त्यहाँ बसिहाल्छ ।

तर्जनैर्हन्यमानोऽपि विधुनोति शिरः परम्
मुहुर्विनमते पृष्ठं पदमेकं न गच्छति ॥२९॥

त्यस्तो घोडालाई जति हप्काएपनि खालि टाउको मात्रै हल्लाउँछ र पिट्दा केवल पिठ्यूँ मात्र निहुराउँछ । एक पाइला पनि हिँड्दैन ।

भाराद्धानोपरिश्रान्तं शनैः संक्रामयेत् पथि
नावतारितपर्याणं दूरमार्गसमागतम् ॥३०॥

भारी बोकेर र लामू बाटो हिंडेर थाकेको घोडालाई बाटामा बिस्तारै हिंडाउनु । टाढाबाट हिंडेर आएको घोडालाई काठी नउतारी बिस्तारै टहलाउनु ।

---

१. अन्यथा दोपजातानि तानि वक्ष्यामि तत्वतः (मू. पु.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुक्तपुच्छाग्रवन्धस्य खलीनं नावतारयेत्
मर्दयित्वास्य गात्राणि पांशुमध्येविवर्तयेत् ॥३१॥

अनि घोडाको पुच्छरका फेदमा रहने वन्धन (दुंची)लाई फुकाउनु तर लगाम भने नफुकाउनु अर्थात् लगाम नझिक्नु । त्यस्तो थकित घोडाका अंगहरू राम्ररी माडिदिनु र धूलो भएको ठाउँमा लोटपोट गर्न दिनु ।

स्नानपानावगाहन्च प्रतिपानं सभोजनम्
सर्वं क्रमेण कर्तव्यमन्यथा दोषसम्भवः ॥३२॥

घोडालाई पहिले नुहाई दिनु, (स्नान गराउनु)अनि भोजनको साथसाथै पानी पनि दिनु । उपर्युक्त कुराहरू प्रयोग गर्दा क्रमशः गर्नु । यदि नगरेमा घोडामा दोषहरू उत्पन्नहुने सम्भावना हुन्छ ।

रक्तपित्तसमीरोत्थमन्यास्तम्भोदरामयः
हृद्रोगा वातशूलानि शीतोष्णोदकपानतः ॥३३॥

घोडालाई घरी चीसोपानी घरी तातोपानी दिनाले रक्त, पित्त र वायु सम्बन्धीबाट भएको मन्यास्तम्भ अर्थात् घोको टक्क अडिएको अडियैहुने रोग, पेट सम्बन्धी रोग, छातीका रोग र वायु शूल आदि रोगहरू लाग्दछन् ।

रक्तपित्तहरं देयं प्रतिपानं गुडौदनम्
रक्तपित्तसमीरोत्थं दातव्यं शर्करोदकम् ॥३४॥

घोडाको रक्तपित्त (यो नामको रोग) नाशगर्न प्यूँने कुरा दिंदा गूड (चाकु)र भात दिनु । यदि रक्तपित्त र वायु समेतबाट उठेको दोष छ भने सक्खर मिसाएको पानी दिनु ।

जीवनं वातपित्तघ्नं वृष्यं वल्यतमं ततः
सर्वरोगहरोऽश्वानां मधु जांगलको रसः ॥३५॥

पानीले वायु र पित्तलाई नाशगर्दछ, वृष्य छ, बलकारक छ । फेरि मह र जाङ्गलकरस(धेरै औषधि मिसाएको एक प्रकारको पानी)ले घोडाका धेरै रोगहरू नाशगर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वच्छाक्तन्च घृतं क्षीरं वारियुक्तं तुरंगमः
पीत्वा हि निर्हरेद्दोषान् श्रमभाराध्वसंभवान्[१] ॥३६॥

निर्मल, शुद्धगरिएको अर्थात् खारेको घ्यू र दूध मिसिएको पानी पिउनाले घोडाका बाटाको श्रम र भारी बोक्नालेहुने थकाइ आदिबाट उठ्ने दोषहरू नाश-हुन्छन् ।

धर्मार्थकामा विजयो यशःश्री–
शोभासुखं ज्ञातिजनैश्चपूजा
रणे निमित्तानि शुभावहानि
नृपस्यचैवं विनिवेदयन्ति ॥३७॥

(घोडाले) धर्म, अर्थ, काम, विजय, कीर्ति, लक्ष्मी, शोभा, सुख, बन्धुवर्ग-बाट सम्मान र संग्रामका विषयमा असल लक्षणहरूपनि राजालाई निवेदन गर्छन् अर्थात् उपर्युक्त कुराको सूचना गर्छन् ।

प्रत्यूषकाले च दिनं निरीक्ष्य वह्नि द्विजं पूर्णघटं कुमारीम्
छत्रं ध्वजं चामर दर्पणं च तुष्टञ्च दृष्ट्वा तुरगं जयाय ॥३८॥

बिहानमा दिन कस्तो हुन्छ भन्ने दिनको लक्षण विचारगरेर अग्नि, ब्राह्मण, पूर्णघडा, कुमारी, छाता, ध्वजा, चमर, ऐना र सन्तुष्ट भएको घोडा हेरी विजयको-लागि प्रस्थानगर्नु त्यस्तै–

श्रुत्वा तु शंखाम्वुदवेदवाक्यं पुण्याह मांगल्यशिवस्य गीतम्
ह्लेषं निमित्तं भवति स्वनेन ध्रुवं जयं तत्र रणे नराणाम् ॥३९॥

शंख, मेघ, वेदकावचन, पुण्याहवाचन, माङ्गलिक शिवका गीत, घोडाको अनुकूलको हिन्हिनाइ पनि विजयको कारण हुन्छ । उपर्युक्त प्रकारको सुलक्षण भएमा संग्राममा मानिसको अवश्य विजय हुन्छ ।

सन्ध्याङ्घ्रिघातन खुरेण महीं निहन्ति ह्लेसन्ति य स्वामिमुखं निरीक्ष्य
प्रदक्षिणावर्तविकीर्णपुच्छा जयावहास्ते समरे नृपाणाम् ॥४०॥

१.....संभवान् (मू. पु.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खुट्टाले जोर्निमा हिर्काउँदै भूमिमा लात्ति बजार्ने र आपना स्वामीको मुख हेर्दैहेर्दै हिन्हिनाउने, दाहिने तर्फबाट अर्थात् दक्षिणावर्तबाट पुच्छर घुमाउने यनि कुरागर्ने भएका घोडाले लडाइँमा राजाको विजय गराउँछन् ।

विच्छिन्नदीनस्वरगद्गदा ये अश्रुप्लुतभिन्नपुरीषमूत्राः
अनल्पमाना दिनकृन्निरीक्ष्यः पराजयं ते कथयन्ति युद्धे ॥४१॥

आवाज टुटाएर हिन्हिनाउने, टीठलाग्दो र भकभके स्वर निकाल्ने, आँखाभरि आँशु लिएका, दिशा-पिशाव भिन्न(पटक पटक) प्रकारबाट गर्ने, बहुतै अड्डी लिने, सूर्यलाई हेरीरहने यस्तोगर्ने घोडाले लडाइँमा हारहुन्छ भन्ने कुरा जनाउँछन् ।

अन्यापदेशं[1] च वहन्ति दीनाः सव्येतरं चक्र विकीर्णपुच्छाः
सुग्यासनादीन् परिवर्जयन्ते पराजयं ते कथयन्ति भर्तुः ॥४२॥

अप्ठ्यारो मार्ग अर्थात् कुमार्गमा हिंड्नु, मलीनु अनुहार लाउनु, देब्रेतिरबाट मात्र पुच्छर घुमाउनु, रथमा जोतदा (सवारीको निमित्त तयारीपार्न लाग्दा) साजवाज मिलाउन नदिनु यस्ता कुरा घोडाहरूले गरेभने त्यो यात्रामा त्यो यात्रा गर्ने स्वामीको पराजय हुन्छ भन्ने सूचना ती घोडाले दिएका हुन् भन्ने जान्नु ।

विनानिमित्तं रसयत्यभीक्ष्णं आकुन्चिता व्यापितमक्षिकांगाः
ध्यायन्ति वातैश्च न चोद्विजन्ते भयावहास्ते समरे नृपाणाम्॥४३॥

कुनै कारण नपरीकन निरन्तर हिन्हिनाईरहनु, अंग प्रत्यंग खुम्च्याईरहनु, शरीरभर झिंगाले छोप्नु, झोक्किईरहनु, पिट्तापनि न टठमराउनु (टाठोनहुनु) यस्ता लक्षणहरू घोडामा देखापर्नु लडाइँमा राजालाई डर आईलाग्छ भन्ने कुराको सूचना हो भनी जान्नु ।

शोकं शीलं भयं लज्जामालस्यं चैवमादिषु
शूकलो न विजानीयादलं पर्याणवारणैः[2] ॥४ ॥

शोक, शील, डर,लाज र आलस्य आदिका विषयमा शूकल घोडा अर्थात् दुर्विनीत घोडाले केहीपनि जान्दैन । अतः त्यस्तो घोडा नचढ्नु । त्यसलाई काठी पनि नकस्नु ।

---

१. अन्यापदं यान्च वदन्ति दीनाः २. शूकलं न विजानीया दलं पर्याण चारणैः (मू. पु.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थाणुकण्टकवृक्षैश्च सुधा खदिर कण्टकैः
स्वामिघातायचादत्ते तेषां रूपमिदं श्रणु ॥४५॥

घोडाले उसको स्वामीलाई यदि मार्ने नियत लिएमा ठूटो, काँढैकाँढा भएकोरूख, सिउँडी (वनस्पति विशेष) खयर र काँढाको झ्याँग आदिको आश्रयगर्छ । यस्तो गर्ने तिनीहरूको रूप (अनुहार) यस्तो हुन्छ सुन

वानरोलूकमार्जारतरक्षुगण्डलोचनाः
गतिर्वा असुरैस्तुल्या स्थूलमेढ्रशिरान्विताः ॥४६॥
लम्बौष्ठकर्णनाशाश्च कृष्णहीनाधिकद्विजाः[1]
विच्छिन्नप्रोथगण्डा ये भ्रुकुटीचित्रमेहनाः ॥४७॥

बानर, लाटोकोसेरो, विरालो, सिंह र गैंडाका जस्ता आँखा, राक्षसका जस्तो हिँडाइ,लिङ्ग र नसा ठूला, ओठ,कान र नाक लामू भएका, काला दाँत, भएका, कम्ती दाँत र बढी दाँत भएका, नाक र गण्डस्थल काट्टिएका, आँखिभौं र लिङ्ग छिविरे वा छिचिमिरे भएका

एतै दोषास्तथान्येऽपि शूकलाश्व समुद्भवाः
खलानामिह राजेन्द्र वक्तुं शक्या न मादृशैः ॥४८॥

हे राजन् ! दुष्ट घोडाहरूका उपर्युक्त प्रकारका यी दोषहरू र अरू दोषहरू पनि हुन्छन् । त्यस्ता दुष्ट घोडाका सबैदोषहरू म जस्ता व्यक्तिले भनेर पनि सकिंदैन ।

लक्ष्यं प्रधानमित्येके चान्ये लक्षणमाश्रिताः
लक्ष्यलक्षणमेतेषां तेनेदं दुष्करं विदुः ॥४९॥

यिनीहरूका दोषका विषयमा लक्ष्यनै प्रधान कारण मान्नुपर्छ भन्ने कसैको राय छ । फेरि कुनैभने लक्षणको नै आश्रय गर्नुपर्छ भन्दछन् । त्यसकारण घोडाहरूकाबारेमा लक्ष्य (जुन् कुरा मात्र हेर्ने विचार गरिन्छ त्यही मात्र) र लक्षण (छाया, गन्ध, गति, भुमरी आदि) को निर्णयगर्नेकुरा बडो कठीन छ ।

अव्याप्तिरतिसंक्षेपादतिव्याप्तिश्च विस्तरात्
मुनीनामेकवाक्यत्वाद् ब्रूयामः स्थितिदुष्कराः ॥५०॥

---

१. कृष्णहीनाधिक द्विजाः (मू. पु.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अतः यहाँ ज्यादै संक्षेपबाट भन्दा अव्याप्ति दोष पर्दछ र विस्तृतगरी भन्दा अतिव्याप्ति दोष पर्दछ । अतः मुनिहरूको एउटै वचन अनुसार स्थिति अप्ठ्यारो छ भन्ने कुरा हामीहरू पनि भन्दछौं ।

सत्ववर्णगतिच्छायास्वरस्थान वयः कुलम्
पुष्पं पुण्ड्रकनामानि दोषं वा जवलक्षणम् ॥५१॥
एवं लक्षणसंयुक्ता दृश्यन्ते शूकला हयाः
लक्षणेन विहीना ये निर्दोषा स्युः प्रधाविता ॥५२॥

सत्व, वर्ण, गति, छाया, स्वर, स्थान (जन्मेको ठाउँ) उमेर, कुल, पुष्प, पुण्ड्रक, नाम (जाति विशेष जस्तै सिन्धी आदि) दोष (शृंगी आदि) र जव (वेग) यस्ता लक्षणहरू दुर्विनीत (दुष्ट) घोडामा पनि देखिन्छन् । असल लक्षण नभएका घोडाहरूपनि असल वेगवान् छन् भने ती घोडाहरू निर्दोषी मानिन्छन् ।

हयरोहस्य का चिन्ता लक्षणैः शुभनिन्दितैः
तेनात्र नकृतोऽस्माभिर्हयलक्षणविस्तरः ॥५३॥

अतः वेगी घोडाछ भने शुभ वा निन्दित लक्षण भएपनि घोडचढीलाई कुनै चिन्ता छैन । त्यसकारण हामीले यहाँ घोडाका लक्षणहरूको त्यति विस्तृत व्याख्या गरेका छैनौ ।

हयवाहनविज्ञानं कौतुकाहितबुद्धयः
अनायासेन गृह्णन्ति परं हृष्टा इमे जनाः ॥५४॥

यी घोडालाई चढ्ने सधाउने आदिविशेष ज्ञानका कुराहरू चाख मानेर खूब जान्न खोज्ने चलाख मनोवृत्ति भएका मानिसले त्यसै जानिहाल्छ तर अरू मानिसहरू त केवल देखेर मात्र हर्षप्रकटगर्ने हुन्छन् ।

चलासनं कषा रागाः पाणिघातप्रतोदनम्
पंदप्रघातसंज्ञानि दोषो यै रूपजायते ॥५५॥
कामात् कोपाद्भयान्मोहाद्दर्पाच्चैव मदाश्रयात्
पर्य्याणारोहदोषाच्च दूष्यन्तेऽश्वा निसर्गतः ॥५६॥

आसन स्थिर नहुनु, चाबुक, रागहरू, हातले हिर्काउने कुरा, प्रतोदन (लगामबाट तहलाउने कुरा) गोडाले हिर्काएर अँठ्याएर अनेक संज्ञा बुझाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुराहरू इत्यादि कुराहरू नजान्नाले घोडामा दोष उत्पन्न हुन्छ। त्यो र कामसम्बन्धी व्यवहारबाट, रीस, डर, मोहबाट, घमण्ड र अभिमानबाट तथा काठीमा बस्न नजान्नाले पनि उक्त यतिकुराबाटपनि घोडाहरू स्वभावतः दोषी हुन्छन् ।

श्रीयुक्तसामन्तनरेन्द्रवन्दितम्
रणे हयारोहवराभिनन्दितम् ॥
धर्मार्थकामादि यशः प्रधान–
मित्थं कृतं वाहनशास्त्रविस्तरम् ॥५७॥

सम्पत्तियुक्त सामन्त राजाहरूले पनि सम्मान गरिएको, लडाइँमा जाने उत्तम घोडचढीले पनि प्रशंसा गरिएको, धर्म अर्थ काम र कीर्ति प्रधान भएको यस्तो यो वाहनशास्त्रको वर्णन यसरी गरियो ।

इति श्रीनकुलकृतेऽश्वचिकित्सिते वाहनाध्यायो नाम नवमोऽध्यायः

यो नकुलकृत अश्वचिकित्सामा वाहन नामक नवौं अध्याय समाप्त भयो ।

दशौं अध्यायः

(धातुपरीक्षा)

घोडाका धातुको विचार

अथातः संप्रवक्ष्यामि धातूनां लक्षणं परम्
येन विज्ञानमात्रेण ज्ञायन्ते रोगसम्भवाः ॥१॥

अब यसपछि घोडाका धातुका लक्षणहरू भन्दछु । जुन् कुरा जान्नाले घोडाका रोगको उत्पत्तिका विषयमा धेरै ज्ञान हुन्छ ।

रक्तदोषात्तदा[1] वाजी प्राप्नोत्येव महामयान्
तस्मात् सर्वप्रयत्नेन रक्तं ज्ञेयं विचक्षणैः ॥२॥

रगतका दोषले गर्दा घोडामा ठूला ठूला रोगहरू उत्पन्न हुन्छन् । तसर्थ विद्वान्ले हर तरहले घोडाको रगत परीक्षा गर्नु ।

---

१. दोष दूष्यात् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आषाढसमये प्राप्ते शिरामोक्षेण कृत्स्नशः
तेन[१] संशोध्यते रक्तं वाजिनां दोषसम्भवम् ॥३॥

आषाढ मैनामा शिरावेधनप्रक्रियाद्वारा पूर्णतया रक्तसंशोधन गर्नु । त्यसबाट घोडाको दोषीरगत शुद्ध हुन्छ । त्यसोगर्नाले घोडा शुद्धशरीरभएको अर्थात् नीरोगी हुन्छ ।

ततः शुद्धशरीरोऽथ पिण्डाद्यैश्चवलीकृतः[२]
श्रावणे शष्पमासाद्य[३] वज्रवत् सुदृढो भवेत्
यदि[४] रक्ताधिको वाजी सस्यमश्नाति[५] कर्हिचित् ॥४॥
रक्तात् सन्जायते पित्तं ततो[६] नाशमवाप्नुयात्
रक्ताधिकः श्वासपुटः[७] स्नेहाद्यै सस्यमत्ति चेत्[८] ॥५॥
संप्राप्य[९] श्लेष्ममचिराद्धयो नाशमवाप्नुयात्
हीनरक्तो यदा सस्यं रूक्षोश्नाति तुरंगमः ॥६॥
तदा वायु परं प्राप्य सद्यो नाशमवाप्नुयात्
तत्रेदं लक्षणं प्रोक्तं रक्तकोप[१०] समुद्भवम् ॥७॥

अनि शरीर शुद्ध भएको त्यो घोडालाई पिण्ड (घोडालाई खुवाउने दाना विशेष) खुवाएर बलीयो पार्नुपर्छ । अनि घोडालाई साउन महीनामा हरियो घाँस खुवाउनाले घोडा वज्र जस्तै (खूब मजबूत) हुन्छ । शरीरमा रगत धेरै भएको अर्थात् परिमाणमा बढी रगत भएको घोडाले धान खायो भने त्यो रगत पित्तमा परिणत हुन्छ र त्यसबाट घोडा मर्दछ। फेरि सासफेर्ने नलीमा रगत ज्यादा भएको घोडाले चिल्लो पदार्थ र धान खायो भने त्यसको कफको तुरुन्तै वृद्धि-हुन्छ र घोडा मर्दछ। यदि रगत कम (हुनुपर्ने परिमाणमा थोरै) भएको अतएव भित्र सुख्खा भएको अर्थात् रगत सुक्दै गएको घोडाले धान खायो भने त्यस घोडाको वायु कुपित हुन्छ र त्यो तुरुन्तै मर्दछ । त्यसकारण यी उपर्युक्त रक्तकोपबाट हुने केही लक्षण यहाँ भनियो ।

१. तस्मात् संशोधयेद्रक्तम । २. अश्वः पिण्डादिप्रवलीकृतः। ३. वलम्, श्रावणे शष्यमासाद्य । ४. ततो । ५. शस्यं नाश्नाति,– सर्पिमश्नाति (मू. पु.) श्रावणे सर्पिमासाद्य (मू. पु.) । ६. पित्तात् । ७. रक्ताधिकोश्वोऽथ पुष्टौ । ८. शस्यमाचरेत् । ९. ततः श्लेष्माणमासाद्य सोऽचिरान्नाशमाप्नुयात् । १०. काय । ११. एवंपित्तेनरक्तेन ज्ञाप्त्वा संपीडितं हयम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धातूनामपि सर्वेषां ज्ञेयश्चिह्नं विचक्षणैः
पित्तरक्तप्रकोपेण यदा संपीडयते हयः ॥८॥
तदा कण्डूतिमासाद्य कषते सततं वपुः
छायां वान्छति यत्नेन विशेषेण जलाश्रयम् ॥९॥
मुहुर्वान्छति पानीयमाहारन्च विशेषतः
एवं[1] वातोत्थ रक्तेन ज्ञात्वाश्वम्पीडितं ततः ॥१०॥
शिरामोक्षं विधायैव दद्यात्सकटुकं गुडम्
ततः शुद्धिमवाप्नोति नीरोगः संप्रपद्यते ॥११॥

घोडाका विषयमा जान्ने विद्वान्ले सम्पूर्ण धातु (वात, पित्त र कफ) का चिन्ह (लक्षण) हरू जान्नुपर्दछ। जब घोडाका रक्त र पित्त कुपित हुन्छन् त्यसबाट घोडा पीडितभै त्यसको शरीर चिलाउँछ र घोडाले शरीरलाई निरन्तर कन्याउन थाल्दछ। छायामा बस्न खूब जोड गर्दछ। विशेष गरी पोखरी (जलाशय) मा जान इच्छा गर्दछ, बारम्बार पानी खान र खानेकुरा खान मन गर्दछ। यस्तै वायु र रक्त कुपित भै घोडा पीडित भएको जानेपछि शिरामोक्षण अर्थात् नसाबाट रगत फाल्ने काम गरी कटुक (संभवतः त्रिकटु अर्थात् सुठो, मरीच र पिपला) मिसाएको सखर खान दिनु त्यसो गर्नाले त्यसको शरीर शुद्ध हुन्छ र घोडा निरोगी हुन्छ। (यसमा कटुक भन्नाले कुटकी हो भन्ने पनि कसैको मत देखिन्छ)।

पित्तासृग्दूषितो वाजी[2] यदि चाश्रूणि मुन्चति
नेत्रान्ते पाण्डुरत्वञ्च सद्यो मृत्युमवाप्नुयात् ॥१२॥

पित्त र रगत अर्थात् रक्तपित्त दूषित भै यदि घोडाले आँसुपनि खसाल्छ र आँखाका छेउछाउमा पाण्डुरवर्ण अर्थात् सेतो र रातो मिसिएको वर्ण देखिन्छ भने त्यो घोडा तुरून्तै मर्दछ।

नेत्रयोर्लक्षणं प्रोक्तं पित्तरक्तसमुद्भवम्
श्लेष्मरक्तप्रकोपेण यदा संपीडयते हयः ॥१३॥
अधोवक्त्रो भवेन्नित्यं कासते च मुहुर्मुहुः
आहारं न च गृह्णाति नोत्साहं कुरुते क्वचित्[3] ॥१४॥

---

१. एवम् पित्तेन रक्तेन ज्ञात्वा संपीडितं हयम्, २. रक्तपित्तार्दितोऽश्वश्च, ३. पथि,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नविन्दति कशाघातं[1] न च पार्ष्णि न चासनम्
नाऽग्रेण क्षिपेत्तोयं वहिर्घर्मन्च[2] वान्छति ।।१५।।

तस्यापि शोधयित्वासृग्दद्याच्छुण्ठ्या युतं गुडम्[3]
सर्वं रक्तन्ततः शुध्वा निःशेषं[4] समवाप्नुयात् ।।१६।।

घोडाको रक्तपित्त भएमा हुने आँखाको लक्षण भनियो । जब घोडा कफ र रगतको प्रकोपबाट पीडित हुन्छ अनि त्यो घोडा सदा मुण्टो निहुराईरहने र बारम्बार खोक्ने, खानेकुरा नखाने, कुनैपनि हिम्मतको कामपर्दा आँटै गर्न नसक्ने, कोर्रा लगाएको पनि थाहा नपाउने, पार्ष्णि र आसनको पनि ख्याल राख्न नसक्ने, नाकबाट बाहिरतिर पानी फाल्ने र घाम ताप्न खोज्ने हुन्छ । यस्तो थाहा हुनासाथ त्यसको पनि रक्त संशोधन गरी सूठो मिसाएको चाकु खान दिनु । अनि सम्पूर्ण रगत शुद्ध भएपछि त्यो घोडा कुनै पनि रोग बाँकी नभएको हुन्छ ।

वाजिनः श्लेष्मरक्ताभ्यां दूषितस्य सदा[5] भवेत्
नेत्रान्ते विन्दुकाकारः कण्डूस्तस्य तथोदरे
तदा मृत्युमवाप्नोति षण्मासाभ्यन्तरे ध्रुवम् ।।१७।।

घोडाका कफ र रगत दूषित भए भने आँखाका छेउछाउमा थोप्लाका आकारका पिड्का पिड्की हुन्छन् र त्यसको पेट खूब चिलाउँछ । यस्तो लक्षण देखा परेपछि त्यो घोडा ६ महीनामा नै मर्दछ ।

शुण्ठ्यामृता गोक्षुरकं घनन्च
श्यामावचाहिंगुयुता च यष्टिः ।
कफप्रणाशाय विनिर्मितोऽयं
पिण्डः प्रसिद्धश्च कफापहश्च ।।१८।।

सूठो, गुर्जो, गोखुर, घन, श्यामा, बोझो, हिंगु र जेठीमधु यति कुरा (समभाग) मिलाएर बनाएको यो औषधिलाई "पिण्ड" भनिएको छ र यो पिण्ड घोडाको कफनाशगर्नमा प्रसिद्ध छ ।

१. काशाद्यं २. वान्छते वह्निमातपम् ३. समन्वितम्, ४. निःशेषाङ्गमवाप्नुयात्, ५. यदा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नोचेदश्नाति शुंठ्याढ्यं सैन्धवं[१] नस्यमातुरं
वायुरक्तप्रकोपेण पीडितस्तु तुरंगमः ॥१९॥
अकाले मैथुनासक्त सततं हि तुरंगमः
कुक्षिद्वये[२] हयस्तीव्रं मुहुः श्वासं प्रमुन्चति ॥२०॥

वायु र रक्त बिग्रेर छट्पटाएको घोडाले राम्रो तरीकाबाट बनाइएको सूठो प्रशस्त भएको उपर्युक्त पिण्ड खाँदैन र सिधेनून मात्र चाहन्छ, बेमौकामा र निरन्तर मैथुन गर्न खोज्दछ र बारम्बार दुबै कोखा ब्याप्प हुने गरी सास फेर्दछ र

नैकत्र रमते[३] स्थातुं ह्रेषते च निरर्गलम्
एवं वातोद्भवं ज्ञात्वा[४] रक्तन्देहे हयस्य च ॥२१॥
शोधयित्वाथ सन्दद्यान्महाघृतमनल्पकम्
ततः शुद्धिमवाप्नोति परां पुष्टिन्च गच्छति ॥२२॥

एकै ठाउँमा बस्दैन, जथाभावी हिन्हिनाउँछ, यस्तो गर्न लागेपछि त्यो घोडाको रक्त र वायु बिग्रेको हो भनी जान्नु र रक्तशोधन गर्नु । अनि राम्रो प्रकारले प्रशस्त मात्रामा "महाघृत" दिनु । यस्तो गरेपछि त्यसको रगत शुद्ध हुन्छ र त्यो घोडा खूब हृष्टपुष्ट हुन्छ ।

उत्साहं कुरूते मार्गे सर्वदोषविर्वजितः
वातरक्तप्रकोपेण लोचनान्ते हयस्य च ॥२३॥
यदा स्यातां सिते रक्ते काशः कण्डूस्तथानने
तदा तस्य भवेन्मृत्युर्यदि नाश्नाति चामिषम् ॥२४॥

अनि त्यो घोडा साहसी हुन्छ र बाटो हिंड्न मन गर्छ, सबै दोषरहित हुन्छ । घोडाका वायु र रगत कुपित भएमा आँखाका छेउछाउमा सेतो र रातो वर्ण हुन्छ, घोडाले खोक्छ र त्यसको मुख चिलाउने हुन्छ । यदि यी सबै लक्षण देखिन्छन् र त्यो समयमा त्यो घोडाले मासु खान दिंदा पनि खाँदैन भने त्यो घोडा तुरून्त मर्दछ तसर्थ त्यसलाई–

कुष्माण्डकयुतन्दध्ना[५] माहिषेण निशागमे
सन्निपातेऽथ रक्तेन यदा संपीड्यते हयः ॥२५॥

---

१. सैन्धवन्नस्यमार्गतः, तस्य मार्गते, २. कुक्षिद्वय ग्रहः ३. मन्यते, ४. ज्ञाप्यं,
५. अश्मकन्च, उरभ्रकं, कुष्माण्डक (मू. पु.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुभिण्डोमा दहि मिलाएर बेलुकीपख (संध्याकालमा) दिनु । रगत बिग्रेर हुने सन्निपात (कफ वायु र पित्त तीनवटै बिग्रेमा हुने रोग) नामक रोगले घोडा पीडित हुन गयो भने–

तदा[1] वेपथुमाप्नोति काशते च निरर्गलम्
निद्रालस्याग्निमन्दत्वं वस्तौ मलनिबन्धम् ॥२६॥
कर्णयोः पातनञ्चैव वक्त्रा[2] लालाविमोक्षणम्
तत्रापि शोधयेद्रक्तं ततोलंघनमर्हति ॥२७॥

अनि त्यो घोडा काम्न थाल्छ, निरन्तर खोकीरहन्छ, ज्यादा निदाउँछ, अल्छी हुन्छ, त्यसको अग्नि मन्द हुन्छ, वस्तिस्थानमा मल रोकिन्छ, कान लत्रन्छन्, मुखबाट र्‍याल चुहुन्छ यस्तो भएमा पनि रगतशोधन गर्नु र त्यसपछि लंघनगराउनु (केही कुरा पनि खान नदिनु) पर्छ ।

यावद्दोषस्य निर्णाशंस्तोकोदक कृताशनः
क्वचिदुष्णं क्वचिच्छीतं क्वचिद्भेषजसंयुतम् ॥२८॥
प्रदेयं युक्तितत्वज्ञैर्वारि[3] वार्यं न कुत्रचित्
सपथ्या[4] चामृता चैव कटुका च वचा तथा ॥२९॥
शामयेत्तत्क्षणादेव त्रिधातुकुपितं ज्वरम्
शिरीषं श्रीफलञ्चैव वेतसञ्चैव वृद्धिभाक् ॥३०॥

यसरी लंघन गराई जहाँसम्म दोष नाशहुँदैन त्यहाँसम्मन् थोरै थोरै पानी खान दिनु । त्यो पानी पनि कहिले चीसो, कहिले तातो र कहिले औषधि मिलाएर जुक्तिद्वारा खूब बिचार पुऱ्याएर दिनु । पानी कहिल्यै पनि रोक्न हुँदैन । पथ्या, गुर्जो, कुटकी र बोझो यी तीन चीजले कफबाट र पित्तबाट आउने ज्वरालाई समन गर्दछन् तर शिरीष, बेल र वेतस यी तीन चीजले भने त्यो जरोलाई बढाउँछन् ।

मन्दाग्नित्वं सदोषाणां कुरुते भष्मसाद्द्रुतम्
मधुकं[5] मधुजालञ्च माधुर्यं कुलिकान्वितम् ॥३१॥

---

१. यथा, यदा, २. वक्त्रे,
३. यन्त्रतस्तज्ज्ञैः, ४. सपर्पटामृता, ५. मधुरं मधुनालञ्च माधुर्यं गुलिकान्वितम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिरीषं क्षुद्रकं लाक्षां क्वाथयित्वा त्रिभागतः
यस्यैतत् सन्निपाताय वाजिनः संप्रदीयते ॥३२॥

उपर्युक्त पथ्या, गुर्जो, र कुटकीले घोडाको दोषसहितको मन्दाग्नि (यहाँ दोष भन्नाले कफ, वायु र पित्त लिइएको छ) निर्मूलपार्दछ । महुवा, मधुजालक, माधुर्य, कृलिका, शिरीष, क्षुद्रक र लाहा यिनलाई पकाएर तीनभाग पानीमा दुई-भाग सुकाई एकभाग बाँकी राखी सन्निपातको ज्वरो भएको घोडालाई दियो भने–

तस्य तन्नाशमायाति तमः सूर्योदये यथा
स्वस्थस्यापि हि नेत्रान्ते स्यातां नीले च वाजिनः ॥३३॥
गन्धश्च सदृशः क्षोण्या तदा मृत्युर्द्विमासिकः
नीले पीतेऽथ नेत्रान्ते स्यातां चेद्वाजिनः क्वचित्[1]
स निर्वाणमवाप्नोति त्रिभिर्मासैरसंक्षयम् ॥३४॥

त्यसको त्यो सन्निपातको ज्वरो सूर्य उदाउँदा अँध्यारो कत्ति नरहेजस्तै सम्पूर्ण नाश हुन्छ । स्वस्थ (रोग नलागेको) घोडाको पनि आँखाका छेउमा नीलो वर्ण देखापर्‍यो, शरीरको गन्धपनि माटाको जस्तो भयोभने त्यो घोडाको आयु दुई महीना मात्र बाँकी छ भनीजान्नु । फेरि यदाकदा त्यही ठाउँ (आँखाको छेउछाउ) मा नीलो तथा पहेंलो पनि देखिन गयो भने त्यो घोडा तीन महीनामा नै मर्दछ यस्मा कुनै शंका छैन ।

यस्य नेत्रान्तरे रेखा बहुवर्णा प्रजायते
विशेषात् स्वरभेदं स्यात्तस्यायुः पान्चमासिकम् ॥३५॥

जुन घोडाका आँखाकाभित्रपट्टिका रेखाहरु (धर्साहरू) अनेक वर्ण (धेरै रंगविरंग) का हुन्छन् त्यसको साथसाथै स्वर पनि बिग्रेको छ भने त्यो घोडाको आयु पाँच महीना मात्र बाँकी रहेको छ भनी जान्नु ।

जिह्वायां जायते विन्दुरकस्माद् यस्य वाजिनः
कृच्छ्रन्च जीवते मासं स वाजी नात्र संशयः ॥३६॥

यदि घोडाका जिभ्रामा अकस्मात् थोप्लाहरू (काला नीला आदि थोप्ला-हरू) उठे भने त्यो घोडा येनकेन गरी एक महीनासम्म मात्र बाँच्तछ ।

---

१. नीलपीतेऽथ नेत्राणां स्यातान्चेद्वाजिनः क्वचित् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पीतो मासद्वयेनैव सप्तेर्मृत्युं प्रयच्छति
त्रिभिर्मासैस्तथा रक्तश्चतुर्भिश्च विचित्रितः ॥३७॥
पन्चभिर्नीलवर्णश्च षड्भिर्वज्रसमाकृति[1]
सप्तभिः पाटलाकारश्चम्पकाभस्तथाष्टभिः ॥३८॥
नवभिश्च हरिद्राभो दशभिः शंखकोमतः[2]
एकादशभि दूर्वाभो[3] वत्सरेण हिमद्युतिः ॥३९॥

घोडाको जिब्रो तथा त्यसमा उठेका थोप्ला पहेंला भए दुई महीनामा, अत्यन्त राता भए तीन महीनामा, छिचिमिरे भए चार महीनामा, नीलोवर्णका भए पाँच महीनामा, हीराका जस्तो आकारका भए ६ महीनामा, सेतो रातो मिसिए-का पाटलवर्णका भए सात महीनामा, चाँप नामक फूलका तुल्य वर्ण भए आठ महीनामा, हलेदाका जस्तो वर्णका भए नौ महीनामा, सानू शंखका वर्ण जस्तो वर्णका भए दश महीनामा, दूवाका वर्ण जस्तो वर्णका भए एघार महीनामा र हिउँको जस्तो वर्णका भए एकवर्षमा त्यो घोडा मर्दछ ।

यस्य श्वासो भवेदुष्णः शरीरं पुलकांकितम्[4]
जिह्वा हिमकराकारा[5] मासषट्कं स जीवति ॥४०॥

जुन् घोडाको सास तातो छ, शरीर जुरूङ्ग रौं ठडयाइएको मात्रै भैरहन्छ र जिब्रो पनि चन्द्रमाको वर्ग जस्तो (सेतो) छ भने त्यो घोडा ६ महीना मात्र बाँच्दछ ।

ग्रीवाग्रे पिण्डिका यस्य जायते च तथाधरे
मूत्रं करोति रक्ताढ्यं मासषड्कं स जीवति ॥४१॥

जुन् घोडाका गर्धनकोठीक अगाडी र तल्लो ओठमा पनि पिड्का (खटिरा) आएको छ र त्यसको पिसाव धेरै रगत मिसिएको पनि छ भने त्यो घोडा पनि ६ महीना मात्र बाँच्दछ ।

वर्णः श्वेतो यदा यस्य नेत्रयोश्च प्रजायते
दशमासान् समासाद्य पित्तार्तो न स जीवति[6] ॥४२॥

---

१. वज्रसमप्रभः   २. शंखकोपमः शंखकोमतः (मू. पु.)   ३. रत्नाभः
४. विपुलान्वितम्   ५. समाकारा   ६. वाजिनः पित्ततप्तस्य दशमासं स जीवति,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यदि कुनै समयमा घोडाका दुबै आँखा अकस्मात् सेता हुनगए भने त्यो घोडा दश महीना बाँचेर पित्त ज्यादा भै मर्दछ ।

यस्य नीलप्रभे स्यातां नेत्रे वातार्दितस्य तु
मासत्रयन्च कृच्छ्रेण यः सप्ति स न जीवति ।।४३।।

जुन् घोडाका वायुका विकारद्वारा आँखा नीला हुन्छन् त्यस्तो त्यो घोडा बडो मुश्कीलले तीन महीना बाँचेर अनि मर्दछ ।

श्लेष्मयुक्तस्य वा रक्ते यदि स्यातां विलोचने
वक्त्रगन्ध सुरातुल्यो दशमासान् स जीवति ।।४४।।

अथवा कफले पीडित भएको घोडाका पनि यदि आँखा राता हुन गए र त्यसको मुखको गन्ध मदिरा जस्तो गह्नाउँछ भने त्यो घोडा केवल दश महीना मात्र बाँच्दछ ।

यस्य नेत्रे हरिद्राभे स्यातां पित्तार्दितस्य च
तस्यायुः सप्तमासाख्यं मुनिभिः परिकीर्तितम् ।।४५।।

पित्त प्रकोप भएका घोडाका आँखा बेसार जस्ता पहेंला हुन गए भने त्यो घोडाको आयु केवल सात महीना मात्र बाँकी हुन्छ भनी मुनिहरूले भनेका छन् ।

बहुवर्णे घने नेत्रे स्यातां धातु समागमे
तस्य सप्ते भवेन्मृत्युः सप्तरात्रादसंशयम् ।।४६।।

धातु (कफ, वात र पित्त) को समागमको अवस्थामा अर्थात् यी तीन धातु नै कुपित भएको अवस्थामा जुन घोडाका दुबै आँखा घन (बाटुला आकारका) र अनेकथरिका वर्ण भएका हुन्छन् भने त्यो घोडा सातदिनमा नै मर्दछ । यसमा कुनै शंका छैन ।

यस्यैकं लोचनं नीलं द्वितीयं रक्तसन्निभम्
दृश्यते स च विज्ञेयः पित्ताढ्यो मासजीवकः ।।४७।।

जुन् घोडाको एउटा आँखा नीलो र अर्को आँखा रगत जस्तै रातो देखिन्छ भने त्यो घोडालाई ज्यादा पित्त हुनगयो भन्ने जान्नु । त्यो घोडा केवल एक महीना मात्र बाँच्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्य पित्तप्रसक्तस्य काले नीरदवर्तिनि
हयस्य जीवितं तावद्दिनानि दश पन्च च ॥४८॥

वर्षाकालमा घोडाको पित्तप्रकोप हुनगयो भने त्यस्तो त्यो घोडा पन्ध्र-दिनभन्दा बढी बाँच्दैन ।

एवं रक्तविकाराणां ज्ञात्वा धातुं तुरंगमे
ततः प्रतिक्रिया कार्या उक्ता या कीर्तिता परा ॥४९॥

यस्ताप्रकारका घोडामा हुने रगतका विकारहरू जानेर र कफ, वात र पित्त तीन धातुको पनि विचार गरी शास्त्रमा भनिएका तथा सुनिएका साना ठूला आदि सबै उपचारहरू गर्नुपर्छ ।

भयादपीतपानीयः शीत विस्रयुतश्च यः
आर्तोपि ताडितोऽत्यर्थं तिर्यग्विद्धो यदापि वा ॥५०॥
श्रमाभाराच्च वन्धाद्वा गात्रे वा विषमस्थिते
क्षीणशोणितमांसस्य शिरावेधः प्रशस्यते ॥५१॥

डरले गर्दा पानी पिउन नपाएको, धेरै ठण्डी ठाउँमा रहेको, दुर्गन्धयुक्त भएको, आत्तिएको, धेरै पिटिएको, तेर्छोवट्टिबाट घोचिएको, धेरै बाटो हिँडेर र भारी बोकेर थाकेको, धेरै बाँधिईरहेको अथवा शरीरको स्थिति ठीक नभएको, दुब्लो र रगत कम्ती भएको, यति कुरा हुने घोडाहरू लाई शिरावेध (रक्तशोधन) गर्नुं गराउनु वेस मानिएको छ ।

इति श्रीनकुलकृतेऽश्वचिकित्सते धातुपरीक्षानाम
दशमोऽध्यायः ।

यो नकुलकृत अश्वचिकित्सामा धातुपरीक्षा नामक दशौं
अध्याय समाप्त भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एघारौं अध्याय:

(ऋतुचर्या)

ऋतु अनुसार गर्नुपर्ने काम

द्वासप्ततिसहस्राणि नाडीनां हि भवन्ति च
वाजिनामिह सर्वेषां वायु रक्तं व्यवस्थितम् ॥१॥

यहाँ देखिने सबै घोडाहरूमा बहत्तरहजार नाडीहरू हुन्छन् । ती नाडीहरूमा कुनैमा रगत रहेको (बहेको) हुन्छ र कुनैमा वायु रहेको (बहेको) हुन्छ ।

तासां निर्मोचनार्थाय द्वाराण्यष्टौ वदाम्यहम्
यैर्याति कुत्सितं रक्तं सर्वदेहसमुद्भवम् ॥२॥

घोडाका शरीरमा दूषित भएर रहेको रगत निकाल्ने मुख्यठाउँ आठवटा छन् । शरीरभरको जुनसुकै अंगको रगत पनि निस्कनसक्ने ती आठ द्वार (ढोका वा ठाउँ) हरू म भन्दछु ।

कण्ठे वक्षसि तालौ[1] च नासयोश्च मुखे तथा
अण्डयोरथ पादेषु पादयोरूभयोरपि[2] ॥३॥

ती आठठाउँ यी हुन् जस्तै घाँटी, छाती, तालु, दुबै नाक,मुख, अण्डकोष, चारै खुट्टा र पछिल्ला दुइवटा खुट्टा मात्र पनि लिइएको छ ।

कालं बलन्च विज्ञाय वाजिनां भिषगुत्तमः
शिरामोक्षं प्रकुर्वीत स्थानेष्वेतेषु पण्डितः ॥४॥

घोडाको औषधी गर्नजान्ने उत्तम वैद्य र अश्वशास्त्रका विद्वान्‌ले काल (समय कस्तो छ त्यो र)र बल (घोडाको बल कति छ) त्यसको विचार गरी उपर्युक्त ठाउँमा जुन् उपयुक्त हुन्छ त्यो विचार गरी तिनै तिनै ठाउँबाट शिरामोचन गर्नुपर्छ ।

अन्ये सप्तदश प्राहुः शिराद्वाराणि वाजिनः
विकारयुक्तं यद्रक्तं सुस्वल्पमपि वर्जयेत् ॥५॥

---

१. भाले च । २. पार्श्वयोरूभयोरपि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै विद्वान्ले यसरी शिरामोचन गर्ने उपर्युक्त आठठाउँ बाहेक अरू सत्रवटा ठाउँहरूपनि छन् भनेका छन् । दूषित भएको विकारयुक्त रगत अलिकति-पनि राख्नु हुँदैन ।

अन्ये[1] सप्तदश प्राहु शिराद्वाराणि वाजिनः
येषु रक्तं श्रुतं सद्यः करोति परमं सुखम् ॥६॥

घोडाको शिरावेधन गर्नकालागि अरू सत्रवटा ठाउँहरू पनि छन् । जुन् तिनीहरूबाट रगत निकाल्नाले तुरून्तै घोडालाई आनन्द हुन्छ ।

गुल्फा गले तथा मेढ्रे कक्षान्ते च प्रपाणके
गुदे पुच्छे तथा वस्तौ जंघायां सर्वसन्धिषु ॥७॥
जिह्वायां चाधरोष्ठे च नेत्रयो रूभयोरपि
कर्णमूले मणिप्रान्ते रूधिरं श्रावयेद्बुध ॥८॥

ती सत्रवटा ठाउँ, गोलीगाँठा, गल (घाँटी), लिङ्ग, काखीको समीप, प्रपाण, गुदद्वार, पुच्छर, वस्ती, जंघा, सपूर्ण जोर्नीहरू, जिभ्रो, तल्लोओठ, दुबै आँखा, दुबै कानका फेद र मणिप्रान्त यति ठाउँबाट विद्वान्ले रगतनिकाल्ने काम (शिरामोचन) गरोस् ।

स्थानेष्वेतेषु सप्तीनां रक्तं संश्रावयेत् शुचौ
यत्नेन महता प्रेष्य स विज्ञेयो भिषग्वरः ॥९॥

उपर्युक्त ठाउँबाट असार महीनामा रगतनिकाल्ने (रक्तसंशोधन) काम गर्नु । खूब प्रयत्नद्वारा यसरी जसले रगत संशोधन गर्नसक्तछ त्यो उत्तम "अश्ववैद्य" हो भन्ने जान्नु ।

कण्ठे पलशतं सार्द्धं संशोध्य रूधिरस्य च
शतं च मुखगण्डेभ्यः कक्षयोः शतमेव च ॥१०॥
शतार्द्धं तालुदेशे च पुच्छदेशाच्च मेढ्रतः
गंडयोरण्डयोश्चैव स्रावयेत् पन्चविंशति ॥११॥
द्वादशैव गुदे प्राहु अश्वशास्त्रविचक्षणैः
स्थानेष्वेतेषु संशोध्यं रक्तं सप्तेः सुबुद्धितः ॥१२॥

१. यति ६ देखि १२ श्लोकसम्मका ७ श्लोक गर्गसुतगणकृत अश्वायुर्वेद पुस्तकमा पनि देखिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घाँटीबाट एकसयपचास पल, मुख, गण्ड र काखीबाट एकसय पल,तालुबाट पचास पल, पुच्छर, लिङ्ग, गण्ड र अण्डकोषबाट पच्चीस पल, गुदद्वारबाट बाह्र पल, रगत निकालेर रक्तसंशोधन गर्नुपर्छ भनी अश्वशास्त्र जान्ने विद्वान्हरूले भनेका छन्। अतः उपर्युक्त ठाउँबाट घोडाको रक्तसंशोधन गर्दा खूब बुद्धि पुऱ्याउनु पर्छ।

एवं शरदि यः सम्यक् पुष्टिं नयति वाजिनाम्[१]
तस्य यद्वान्छितं किन्चिद्यानार्थं[२] तच्च सिध्यति ॥१३॥

यसप्रकारबाट शरद्‌ऋतु (असौज र कार्तिक महीना) मा जसले रक्त संशोधन गरी घोडालाई हृष्टपुष्ट पार्छ त्यसका प्रभावले त्यो घोडाका गतिबाट त्यसका वाहन विषयमा इच्छा गरिएका जुनसुकै कुरा पनि सिद्ध हुन्छन्।

ततो हेमन्तमासाद्य निवाते निबधेद्धयम्[३]
मासोत्थं यवसं दद्यात् पानीयन्च यथेच्छया ॥१४॥

त्यसपछि हेमन्त ऋतु (मङ्सीर र पौष महीना) मा हावा नलाग्ने ठाउँमा घोडालाई बाँध्नु र मास मिलाएको यवस (घाँस) खान दिनु। पानी भने घोडाको इच्छानुसार दिनु।

घृतं वा यदि वा तैलं पाने दद्याद् विचक्षणः
वाहयेच्च[४] शनैर्नित्यं सर्वदोषप्रशान्तये ॥१५॥

अनि अश्व-विशेषज्ञ भएको त्यो विद्वान्ले त्यो समयमा घोडालाई घ्यू अथवा तेल प्यून दिनु र सबै दोष नाशगर्नकालागि नित्य बिस्तारै बिस्तारै हिंडाउनु अर्थात् डुलाउनु।

ततः शिशिरमासाद्य दद्यात्तैलं हि वाजिनाम्
पलाष्टकप्रमाणेन यावद्दिनत्रिसप्तकम्[५] ॥१६॥

त्यसपछि शिशिरऋतु (माघ र फाल्गुण) मा घोडालाई एकदिनको आठ-पलका प्रमाणले एक्काईस दिनसम्म तेल खान दिनु।

यवोत्थं यवसं दद्यादेकविंशत्यहानि[६] च
यवाभावेऽथ चणकान् दद्यादार्द्रतरान्[७] सदा ॥१७॥

---

१. वाजिनः, २. नानार्थं तत्प्रसीदति, ३. अश्वं निवन्ध्ययेत्, ४. वाहनन्च
५. भवेद्यावद्विसप्तकम् ६. पश्चादद्याद्विंशत्यहानि च, ७. आर्द्रान् वरान्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक्काईस दिनसम्म जौ मिसिएकोघाँस खान दिनु । यदि जौ पाइएन भने जौको सट्टा आला चना खानदिनु ।

तदभावे मसूरांश्च शुष्कार्द्रांस्तैलसंयुतान्
यवसं चापि तद्देयं[1] नीरोगो जायते हयः ॥१८॥

चना पनि नपाइएमा भिजाएको वा नभिजाएको तेल हालेर मलिएको मुसुरो र घाँस खान दिनु । यसोगर्नाले घोडा नीरोगी हुन्छ।

औषधानान्च सर्वेषां क्वाथानां[2] नस्य कर्मणाम्
तैलानान्च घृतानान्च यवस्य यवसं परम् ॥१९॥

घोडाकालागि सबै औषधि, क्वाथहरू, नस्यकर्म (नसहाल्ने क्रिया) तेल तथा घ्यूको प्रयोग यिनीहरू सबैभन्दा जौको दाना नै विशेष मानिएको छ ।

पर्वतानां यथा मेरुरायुधानान्च वज्रकम्
तथा सर्वोपचाराणां सप्तेः श्रेष्ठतमा[3] यवाः ॥२०॥

जस्तो पर्वतहरूमा सुमेरूपर्वत श्रेष्ठ छ, हतियारहरूमा वज्र श्रेष्ठ छ, त्यस्तै घोडाका निमित्तका सबै उपचारहरूमा सर्वोत्तम उपचार जौको प्रयोग मानिएको छ ।

देवतानां यथा विष्णुर्ब्रह्मा वेदविदांवरः
नदीनान्च यथा गंगा तथा श्रेष्ठा यवा हये ॥२१॥

जस्तो देवताहरूमा विष्णु, वेद जान्नेहरूमा ब्रह्मा र नदीमा गंगा उत्तम मानिन्छन् त्यस्तै घोडाकालागि जौ मानिएको छ ।

यथोदित सहस्रांशुर्निःशेषं तिमिरं जयेत्
तथा शरीरजान् दोषान्[4] यवाः सप्तेर्हरन्ति च ॥२२॥

जस्तो सूर्य उदाउँदा सम्पूर्ण अन्धकार समाप्त हुन्छ त्यस्तै घोडाका शरीरमा भएका सम्पूर्ण दोषहरूलाई जौले समाप्त गर्छ ।

उपचार क्रियाः सर्वाः पन्चर्तुजनिता हये
कृताः स्युर्यवभोज्येन सप्तेस्तस्य कृता नरैः[5] ॥२३॥

---

१. यत्प्रोक्तं ब्रविष्ये तदहं सदा २. क्वाथ्यतां, ३. श्रेष्ठोत्तम : ४. सर्वान्
५. कृता सर्वेण भोजेन सप्तेस्तु सुकृताय वै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुन् मानिसले घोडालाई राम्रोसंग जौ खान दिन सक्यो भने त्यस मानिसले घोडाका निमित्त पाँचै ऋतुमा गर्नुपर्ने सम्पूर्ण उपचारका क्रियाहरू गऱ्यो भने हुन्छ ।

यस्य दत्ता यवा भोज्ये शिशिरे समुपस्थिते
अकृतापि[1] कृता सर्वा पन्चर्तुजनिता हये ॥२४॥

शिशिरऋतुमा जसले घोडालाई जौ खान दिन्छ त्यसले पाँचैऋतुमा गर्नुपर्ने उपचारका क्रियाहरू नगरे पनि गऱ्यो भने हुन्छ ।

कृताः स्युर्यवभोज्येन सप्तेस्तस्य कृता नरैः
नीरोगास्तुरगाः सर्वे शालिहोत्रमतं यथा ॥२५॥

फेरि त्यो घोडालाई जौदिने मानिसले घोडाकालागि गर्नुपर्ने कर्तव्य पूरा-गऱ्यो भने हुन्छ । घोडालाई जौ खान दिंदा तिनीहरू निरोगी हुन्छन् भन्ने शालि-होत्रको भनाइ पनि छ ।

पन्चर्तुजनिता वाथ[2] क्रियान्यस्ता तुरंगमे
अतीतास्ते विजानीयाद् यवभोज्यविवर्जिताः ॥२६॥

घोडाकालागि जुन् पाँचै ऋतुमा गरिने उपचारका प्रयोगहरू बताइएका छन् यदि जौ खान नदिने हो भने ती सबै उपचारहरू काम नलाग्ने हुन्छन् ।

एवं रक्तविशुद्धानां कृत्वा यत्नेन वाजिनाम्
दद्याद्गोमूत्रसंयुक्तां सतैलां च हरीतकीम् ॥२७॥

यसरी घोडालाई जतनपूर्वक रक्तसंशोधन गरी गोमूत्र (गाईको पिसाव) र तेल मिलाएको हर्रो खान दिनु ।

दिनं त्रिसप्तकं यावत् पलपन्च प्रमाणतः
ततः शुद्धिमवाप्नोति निःशेषाद्रुधिरोद्गमात् ॥२८॥

त्यो तेल मिसाएको हर्रो पाँचपलको प्रमाण गरी एक्काईस दिनसम्म दिनाले रक्तबाट हुने कुराको संशोधन भई घोडाको शरीर शुद्ध (कन्चन) हुन्छ ।

ततो नवतृणाहारं संप्राप्य सुमनोहरम्
परां पुष्टिमवाप्नोति नीरोगश्च प्रजायते ॥२९॥

---

१. क्रिया अपि कृताः सर्वाः २. व्यथा ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि नयाँ घाँस खान पाएपछि घोडा राम्रो, खूब हृष्टपुष्ट र निरोगी पनि हुन्छ ।

न प्रायो वाहयेदश्वं प्रावृट्काले कथंचन
य इच्छेद्वाजिनस्तस्य वाहनं दशमासिकम् ॥३०॥

एकवर्षमा दशमहीनासम्म निरन्तर घोडा चढ्न इच्छागर्ने पुरुषले वर्षाकाल (दुई महीना वर्षा ऋतुमा) प्रायशः घोडालाई धेरै न चढ्नु ।

कूपोदकं सदा शस्तं पानाय जलदागमे
अभ्यंगः कटुतैलेन निर्वातस्थानबन्धनम् ॥३१॥

वर्षाकालमा घोडालाई प्यूँनाकालागि कूवाको पानी मात्र असल हुन्छ । घोडालाई कटु तेलले मर्दन गराउनु र हावा नलाग्ने ठाउँमा बाँध्नुपर्दछ ।

एकाहान्तरितं दद्याल्लवणन्च विचक्षणः
पलद्वयप्रमाणेन मुखजा परिशुद्धये ॥३२॥

घोडालाई एकदिन बिराएर दुईपलको प्रमाण गरी नून दिनु । यसोगर्नाले घोडाको जिब्रोको शुद्धि हुन्छ । विद्वान्ले यो कुरा याद गर्नु ।

मुखरोगमवाप्नोति क्षार स्वादविर्वजितः
वृष्ट्यम्भोभिस्तु सिक्तांगस्तेजसा त्यज्यते हयः ॥३३॥

घोडाले नून खानपाएन भने त्यसलाई मुखकोरोग लाग्दछ । वर्षाको झरीमा रुझ्नाले घोडा तेजिलो हुँदैन अर्थात् झरीमा रुझ्नाले घोडाको तेजनाश-हुन्छ ।

अशुद्धोदकतो[१] रोगान् प्राप्नोति शतशोपरान्
नवोदकप्रदानेन बलहीनश्च जायते ॥३४॥

घोडालाई खराब पानी पियाउनाले सयौं अतिरिक्त रोगहरू हुन्छन् । फेरि भर्खरै परेको वा भर्खरै मूल फुटेर आएको नयाँ पानी खानदिनाले घोडा निर्बलियो हुन्छ ।

तस्मात् सर्वप्रयत्नेन प्रावृट्काल उपस्थिते
अनेन विधिना प्राज्ञो वाजिनः परिपोषयेत् ॥३५॥

---

१. अशुद्धोदकतोरोगान् प्राप्नोति शतशोपरान् (मू. पू.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसकारण वर्षाकालमा उपर्युक्त विधिबाट र अरू पनि अनेकन प्रयत्नबाट घोडालाई परिपोषण गर्नुपर्छ ।

ततः शरदमासाद्य बहुखण्डसमन्वितम्
शस्तं क्षीरोदनं[1] सप्तेः पलाष्टपरिसंख्यया ॥३६॥

त्यसपछि शरद्‌ऋतु (असौज र कार्तिक महीना) मा प्रशस्त खाँड मिलाएको दूधभात घोडालाई दिनु हितकारक मानिएको छ । यस्तो भात आठ पलभन्दा बढी दिनु हुँदैन ।

दुग्धं वा केवलं रात्रौ क्वथितं संप्रशस्यते
तथान्यदपि यत्किन्चिन्मधुरं संप्रजायते ॥३७॥

यद्वा घोडालाई रातिको समयमा उमालेको खाली दूध मात्र दिए पनि वेस हुन्छ । त्यस्तै अरू केही गुलियो वस्तु दिए पनि वेस हुन्छ ।

पानाय क्षारसं तोयं यवसं सुमनोहरम्
नीलवर्ण मकुष्टाश्च घृतं प्राशेन संयुतम् ॥
वाहनं च प्रयत्नेन सुस्वल्पमपि वर्जयेत् ॥३८॥

घोडालाई प्यूँन तलाउको पानी बेस हुन्छ । खानेकुरामा राम्रो घाँस नीलोवर्णको मकुष्टक (यसलाई कोषमा "वनमूगी" भन्ने देखिन्छ) लाई घ्यूमा मिलाएर दिनु बेस हुन्छ । यो समयमा घोडालाई अलिकति पनि चढ्नु हुँदैन ।

परीक्षाग्नौ यथा हेम्नः स्नेहस्य च प्रतिक्रिया
हयजीवस्य तद्वच्च परीक्षा यवभक्षणे ॥३९॥

जस्तो अग्निमा सूनको र घ्यूको यथार्थ प्रतिक्रिया (असल र खराबको) थाहा हुन्छ त्यस्तै घोडा भन्ने जीवको परीक्षा पनि जौ खाएपछि थाहा हुन्छ ।

यथा सांयात्रिकः पारं गत्वोच्चैः स्वस्थतां व्रजेत्
तद्वत् यवाशनोत्तीर्णाः शुद्धदेहा हयोत्तमाः ॥४०॥

जस्तो डुंगा वा पानीजहाजमा मालसामान राखेको बनियाँ पारी पुगेपछि (नदी वा समुद्र तरेपछि) निश्चिन्त हुछ त्यस्तै जौ खाएर पचाए पछि घोडाहरू उत्तम र नीरोग शरीर भएका हुन्छन् ।

---

१. क्षारोदनं सप्त ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अल्पेनापि हि छिद्रेण यथा नश्यति नौर्जले
स्वल्पेनापि हि दोषेण यवदोषांस्तथैव च ।।४१।।

जस्तो सानू पुवालबाट पनि पानीमा रहेको डुंगा नाशहुन्छ (डुब्दछ) त्यस्तै साधारण दोषबाट पनि जौ दोषयुक्त हुन्छन् ।

एवं ज्ञात्वा विदग्धेन यवा देयाः प्रयत्नतः
प्राप्तक्षीरा विशेषेण शिशिरे समुपस्थिते ।।४२।।

यसकारण जान्ने मानिसले घोडालाई खूब प्रयत्नगरेर जौ दिनु पर्दछ । शिशिरऋतुमा अझै विशेष गरी दूधिला जौ दिनु (यहाँ "प्राप्तक्षीरा" भन्नाले भर्खरै दूध पसेका हरिया वा आला जौ भनिएको छ) ।

शुष्कावापि यवा देयाः सर्वकालं च वाजिनाम्
प्राणदास्ते ततो[1] ज्ञेया सर्वव्याधिविनाशनाः । ।।४३।

घोडालाई सुकेकै भए पनि सँधै जौ दिनु किनभने जौ सँधै घोडाका निमित्त प्राणदायक र सबै रोग नाशगर्ने मानिएको छ ।

यश्चाश्नाति यवांवाजी[2] शुष्कांश्च स्वेच्छया सदा
न तस्य[3] जायते रोगः कदाचिच्च यवान्नभाक् ।।४४।।

जुन् घोडा आफना इच्छानुसार सुकेका भए पनि जौ खानपाउँछ भने यस्तो जौरूपी अन्न खानेघोडालाई कहिल्यै कुनै समयमा पनि रोग लाग्दैन ।

नच शूलं न च श्वासो न च प्लीहा[4] न च क्लमः
न च रक्तप्रकोपश्च न च वातादिधातवः[5] ।।४५।।

यसरी जौ खाने घोडालाई शूल, श्वास, प्लीहा (फियोको रोग) थकाई, रगतको प्रकोप र वायु आदि धातुका रोगहरू पनि हुँदैनन् ।

योग्योऽशनार्थं वाहानां प्रधानो यव ईष्यते
यवाभावेऽथ चणका धान्यमन्यतमं परम् ।।४६।।

घोडाहरूका लागि खानेकुरामा मुख्य जौ मानिएको छ । जौ नपाएमा चना र चना पनि नपाएमा अरूधानहरू लिइएको छ ।

---

१. यतः, २. यवानाशु ३. ततश्च जायते रागः ४. प्लीहं न च तथोदरे
५. वातादि व्याधिजः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यवाभावेऽथवा दद्यान्मुकुष्टांस्तैलसंयुतान्[१]
भोजने तुरगेन्द्राणां परां पुष्टिमभीप्सताम् ॥४७॥

खानेकुराबाट घोडा हृष्टपुष्ट होओस् भनेर इच्छागर्ने मानिसले जौ र जौ नपाए तेल मिलाएका वनमूगी दिनु ।

मकुष्टभोजनाद्वाजी पुष्टिं गच्छत्यलौकिकीम्
उत्साहं परमं धत्ते स[२] च रोगैर्विमुच्यते ॥४८॥

वनमूगी खानाले घोडा खूब गजवसँग हृष्टपुष्ट हुन्छ र खूब उत्साही हुन्छ तथा रोगहरूबाट छुट्तछ अर्थात् नीरोगी हुन्छ ।

अप्राप्तौ च मुकुष्टानां मुद्गा देया मनीषिभि:[३]
सतैलास्तेऽपि कुर्वन्ति पुष्टिं सत्वविवर्द्धिनीम् ॥४९॥

अश्वशास्त्र जान्ने विद्वान्हरूले मुकुष्ट अर्थात् वनमूगी नपाएमा पोसिलो र सत्व बढाउने हुनाले मूगी (मूगीमास) दिए पनि हुन्छ भनेका छन् । मूँग दिँदा पनि पोसलाग्ने र सत्व बढाउने हुनाले त्यसमा तेल मिसाउने पनि गर्छन् ।

एते पुष्टिगुणा: प्रोक्ताश्चणकाहारजा हये
नान्यस्तस्मादभावेन सर्वेषां तान् विनिर्दिशेत् ॥५०॥

माथि बताइएका खानेकुराहरू घोडाका विषयमा निक्कै पोसलाग्ने आहारहरू हुन् । यिनीहरूको अभावमा अर्को यिनीहरू जस्तै खान दिने कुरा छैन । सबैलाई तिनीहरूका विषयमा यही कुराको निर्देशन गर्नु ।

नान्यद्धितं[४] प्रशंसन्ति पन्चमं वाजिनां बुधा:
भक्षणार्थं यतस्तस्य दानाल्लंघनमुत्तमम्[५] ॥५१॥

घोडाका दानाहरूमध्ये जौ चना, मुकुष्टक (यो नपाए धान) र मूँगी यति चारवटा खानेकुराभन्दा असल र हितकारक अरू पाँचौं कुनै अन्न छैन भनेर विद्वान्-हरू भन्दछन् । अत: यी अन्नहरू नपाए अरू अनाज नदिनु नै बेस छ । बरु भोकैराख्नु बेस छ ।

---

१. तदभावे यवान् दद्यात्, मुकुटान् तैलसंयुतान् ।
२. सर्वरोगै: प्रमुच्यते । ३. विवेकिभि: । ४. नान्यदन्यं ५. दानं, दान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्नाभावे प्रदातव्यं घृतं वा यदि वा पयः
शस्यं वा मांसमेवाथ पुष्ट्यर्थं वाजिनां सदा ॥५२॥

घोडाको पुष्टिकालागि सँधै अन्न नपाए घ्यू, दूध, घाँस वा मासु नै दिनु बेस छ ।

यस्याश्वः शस्यमश्नाति सदा लवणमिश्रितम्[१]
किं तस्य शस्यदानेन यथा भूतेन[२] भूपते: ॥५३॥

जुन् राजाको घोडाले सँधै नून मिसिएको कमलो घाँस मात्र खानपाउँछ भने नाममात्रको राजा भएको त्यसले घाँस दिनु पनि व्यर्थ छ ।

शस्याभावेऽथ यवसं शुष्कं वा यस्य वाजिनः
दिवानिशमरण्ये च स्वेच्छया संविभुक्तिका:[३] ॥५४॥
ते चापि वाजिनो ज्ञेया यथा शस्यचरास्तथा
तथा सर्वप्रयत्नेन मुक्तान्[४] सन्चारयेद्वने ॥५५॥

जसको घोडाले कमलो कल्कलाउँदो घाँसको अभावमा सुकेको घाँस खान्छन् भने त्यो कुरा गर्नुभन्दा रातदिन जंगलमा आफ्नू इच्छानुसार चर्नदिनु बेस छ । किनभने ती घोडाहरू पनि अरू घाँसचर्ने चौपाया (पशु) जस्तै त हुन् तसर्थ राम्रो-सँग खान दिन नसक्ता बरु मजासँग वनमा चराउनु ।

आरोग्यार्थं सुपुष्ट्यर्थमुत्साहार्थं विशेषतः
वित्तव्ययस्य रक्षार्थं हरेद्रोगं[५] प्रयत्नतः ॥५६॥

घोडाहरू नीरोगी होउन् हृष्टपुष्ट होउन्, विशेष उत्साही होउन्, धन धेरै खर्च नहोओस् भन्नाकालागि जतनपूर्वक घोडामा रोग लाग्न नदिनु ।

वसन्तसमये प्राप्ते वाहयेत् सततं हयम्
सनिम्बंलवणं दद्यात्ताभ्यां तैलं[६] विशेषतः ॥५७॥

वसन्तऋतु (चैत र वैशाख महीना) मा घोडालाई सदा चढ्नु र नीम मिसाएको नून खान दिनु । चढ्नु र नीम मिलाएको नून दिनुभन्दा पनि विशेष-गरेर तेल खान दिनु ।

---

१. वर्जितम् २. वृथादानेन भूपतिः ३. च भुनक्ति यः ४. मुक्त्वा
५. दरिद्रस्य ६. सतैलन्च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वत्र सम्भवं भोज्यं तैलं वा यदि वा घृतम्
न दोषकारणं प्रोक्तं सक्षारं लवमश्नतः ॥५८॥

जहिलेपनि घोडालाई तेल अथवा घ्यू खान दिँदा कुनै दोष देखियो भने त्यो घ्यू अथवा तेल खाएर भएको दोष निवारणकालागि क्षार मिसाएर जाइफल खान दिनु । घ्यू र तेलबाटहुने दोष नाशहुन्छ ।

वसन्तसमये योऽश्वः स्थाने तिष्ठति बन्धने
तस्योत्साहः[1] प्रणश्येत सालस्यं जायते वपुः ॥५९॥

वसन्तऋतुमा जुन् घोडा बन्धनमा पर्दछ अर्थात् फुकेर हिँड्न पाउँदैन भने त्यो घोडाको उत्साह नाशहुन्छ र त्यसको शरीर साह्रै आलस्ययुक्त हुन्छ ।

ततो मन्दाग्निनाविष्टः श्रमाभावे[2] प्रजायते
तस्मात्सर्वप्रयत्नेन वसन्ते वाहयेद्धयम् ॥६०॥

त्यसरी बन्धनमा पर्नाले र कसरत नहुनाले त्यो घोडालाई अरू कुनै रोग नभए पनि मन्दाग्नि (अग्नि कम भै खाएको नपच्ने) रोग लाग्छ । तसर्थ हरेक प्रयत्नबाट पनि घोडालाई वसन्तऋतु (चैत र वैशाख) मा चढ्नु हिंडाउनु र डुलाउनु पर्छ ।

ग्रीष्मकाले च संप्राप्ते दूर्वाभोज्यं प्रशस्यते
वाजिनामिह सर्वेषां घर्मतापोपशान्तये ॥६१॥

अनि ग्रीष्मऋतु (जेठ र असार महीना) को समयमा घोडालाई घामको डाह नहोओस् भनेर दूबो खुवाउनु असल मानिएको छ । यसोगर्नु सबै घोडाकालागि हितकारक छ ।

घृतपानं विशेषेण सुच्छायासु निबन्धनम्
रक्तश्रावे च गात्रेषु ग्रासं वा घृतसंयुतम् ॥६२॥

दूर्वाभावे प्रदातव्यं तुरगाय घृतान्वितम्
कृतकाशस्यमध्याग्रं[3] सर्वदोषोपशान्तये ॥६३॥

---

१. तस्योत्साह प्रणाशाय   २. रोगाभावे   ३. रूति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो ग्रीष्मऋतुको समयमा विशेषगरी घोडालाई घ्यू खान दिनु, गाढा शीतलो छायामा बाँध्नु, शरीरबाट रक्तश्राव (रगत झिक्ने काम) गराउनु र घ्यू मिसाएको घाँस खानदिनु हितकर छ। दूवो नपाएमा घोडालाई टुक्रै टुक्रा पारेको काँसको भित्री गुभोको टुप्पाहरूमा घ्यू मिसाएर खानदिनु सबै दोषहरू नाशहुन्छन् ।

एवम् स्वस्थमयं सम्यगुपचार[1] करोति यः
हयस्य तु गृहे नित्यं वर्धन्ते तस्य वाजिनः ॥६४॥

जसले यस्ताप्रकारले घोडाको राम्रो किसिमबाट उपचार गर्दछ त्यसका घोडाहरू सँधैं बढ्दै (फैलिंदै) जान्छन् ।

नीरोगाः पुष्टिसंयुक्ताः प्रकृष्टोत्साहसंयुताः
तर्पिता[2] भूमिपैरश्वा भूमिमार्गक्रियाक्षमाः ॥६५॥

यसरी हेरविचार गरिएका घोडाहरू नीरोगी, हृष्टपुष्ट र खूब उत्साही हुन्छन्। यसरी राजाबाट तृप्त पारिएका घोडाहरू स्थलमार्गमा आइपर्ने सबै कामहरू पारगर्न समर्थवान् हुन्छन् ।

इति श्रीनकुलकृतेऽश्वचिकित्सिते ऋतुपर्यायाध्याय एकादशः

यो नकुलकृत अश्वचिकित्सामा ऋतुपर्याय नामक एघारौं अध्याय समाप्त भयो ।

बाह्रौं अध्यायः

(नस्यः)

घोडालाई नस दिने काम अर्थात् नाकबाट प्रयोग गर्ने औषधि ।

कासश्वास शमो नस्यो वातपित्तकफोद्भुवः
नस्यः संनाशयेत्तस्मात्तं नस्यं योजयेद्धये ॥१॥

---

१. उपहारं । २. सुदुर्लभास्तेऽपि वै अश्वा भूमिकाग्रे क्रिया क्षमाः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाकका रोगलाई, वायु, कफ र पित्तबाट उठ्ने खोकी र दमलाई शान्त-गर्ने अर्थात् हित गर्ने नस्य (नाकमा दिइने औषधि)ले उक्त रोगहरूलाई नाशगर्छ। अतः घोडालाई नाकबाट दिने त्यो औषधि (नस्य) को प्रयोग गर्नुपर्छ।

पिप्पली सैन्धवं सारं नागरं[1] च गुडान्वितम्
कृत्तिकासारमध्याग्रं[2] वाजिनां[3] श्लेष्मनाशनम् ॥२॥

पिपला, सिधेनून, सार, नागर (मोथे), गुँड (चाकु) र कृत्तिकासारका-गुभोकोटुप्पा यति मिलाएर नस दिनाले घोडाको कफ नाशहुन्छ।

चूलिकालवणं नस्ये सदा रोगविनाशनम्
सिता[4] चन्दनतोयानि साक्तुकाख्यानि[5] वाजिनाम् ॥३॥

सँधै चूलिका नामक नूनको नस दिनाले घोडाका धेरै रोगहरु नाश-हुन्छन्। त्यस्तै मिश्री मिलाएको पानी, चन्दनको पानी र सत्तु (घ्यूमा भुटेको जौ वा गहुँको धुलो) यति वस्तुहरू–

नस्यकर्माणि युक्तानि नाडीवात प्रशान्तये
मृदुकैरार्द्रकं सान्द्रं वचाक्षारविमिश्रितम् ॥४॥

नस दिने काममा प्रयोग गर्नाले अर्थात् यिनीहरूको नसद्वारा घोडाको "नाडीवायु" शान्त हुन्छ। मृदुक मिलाएको अदुवा, बोझो, बर्रो र क्षार यति चार चीज मिलाएर–

नस्यैदत्तं वातशांत्यै हयरोगविनाशनम्
शर्करां माक्षिकं सैरं[6] पटोलं पलसंयुतम् ॥५॥
नस्ये[7] शरदि सप्तीनां जायते रोगशान्तये
वचा चोष्माणकं[8] कुष्टं शुण्ठी च कासमर्दिका[9] ॥६॥
युक्तं शीतोदके देयमश्वानां तापशान्तये[10]
गुडूची कौमुदी ताली मिश्रिता कूपवारिणा[11] ॥७॥
नस्ये दत्ता वराश्वानां शिशिरे[12] सुखदा स्मृता
अपामार्ग[13] महानस्यं सर्वरोगविनाशनम् ॥८॥

---

१. निर्वारं गरूडान्वितम् २. रुतिकाशस्य ३. सर्वदोषप्रशान्तये, ४. शिला, ५. शिक्तकाख्यानि वाजिनाम्। ६. सारं ७. नस्यं ८. चोक्णकं ९. पुष्करमाक्षिकं १०. दोष प्रशान्तये, देयमश्वानां तापशान्तये (मु.पू.) ११. मिश्रितंकोष्णवारिणा, १२. शरीरे १३. अभयाद्यं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नस दिनाले वायुशमन गरी घोडाको रोग नाशगर्छ। सक्खर, मह, सैर (झिन्टी नामक वनस्पति विशेष) परवर यति कुरा एक एक पल मिलाई घोडालाई शरदऋतुमा नस दिनु रोगहरू शान्त हुछन्। बोझो, उष्माणक, कूट, सूठो, कासर्मादिका यति चीज-लाई अलिकति चिसो पानीमा मिलाएर दिनाले घोडाको दाहलाई शान्तगर्छ। गुर्जो, कौमुदी ताली (खजूर) यति चीजलाई कुटेर कुवाको पानीमा मिलाएर शिशिरऋतुमा असल घोडालाई नस दिनु घोडालाई खूब सुख हुन्छ भनिएको छ। त्यस्तै अपामार्गको महानस दिनाले घोडाका सबै रोगहरू नाशहुन्छन्।

केवलं कटुतैलं वा गोमूत्रे पाचितं च यत्
मैथुनाद्रिक्तसन्धीनां नस्यं[1] बलकरं विदुः ॥९॥

केवल तोरीको तेल मात्र होओस् वा अदुवा मिलाएर पकाएको तोरीको तेल होओस् त्यसलाई नस दिनाले पनि मैथुनबाट जोर्नी शिथिल भएका घोडाहरूका रिक्तसन्धीहरूलाई बलियोपार्ने हुन्छ।

कण्ठरोगे तथानस्यं गोमूत्रंलवणान्वितम्
महद्गुणकरं प्रोक्तं सर्वदोषनिवारणम् ॥१०॥

घोडाको घाँटीको रोगमा नून मिसाएको गहुँत (गोमूत्र) को नस दिनाले साह्रै ठूलो हितगर्छ। घोडाका सम्पूर्ण दोषहरूलाई निवारण गर्नको लागि–

अपामार्गस्य[2] मूलेन नस्ये मूत्रं च छागलम्
मुखरोगविनाशाय नस्यं मत्स्यवसोद्भवम्[3] ॥११॥

अपामार्ग (दतिउन) को मूलजरा र बाख्राको पिसाव मिलाई यसको नस दिनु। माछाको बोसाबाट बनाइएको नसको प्रयोग घोडाको मुखको रोगनाशका निमित्त हो।

लशुनं पिप्पलीमूलं गण्डकी नागकेशरम्
दत्तं नस्येन रोगघ्नं कटुतैलेन वाजिनाम् ॥१२॥

लशुन, पिप्पलीमूल, गण्डकी, नागकेशरलाई तोरीको तेलमा मिलाएर बनाएको नस दिनाले घोडाको (सबै) रोगलाई नाशगर्ने हुन्छ।

---

१. नस्यं (मू.पु.) २. मूत्रं चैव पुमानस्यं, ३. वत्स,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नस्यं पर्युषितैस्तोयैः[१] प्रातर्दत्तं तु केवलैः[२]
अश्वानाञ्च नराणाञ्च चाक्षुष्यं बलवर्द्धनम् ॥१३॥

केवल बासी पानीले मात्र पनि बिहानै नस दिनाले घोडालाई र मानिसलाई पनि आँखाको रोग निकोपार्ने र बलपनि बढाउने हुन्छ ।

पिप्पलीमिश्रतोयेन[३] ससितासलिलेन च
नस्यं यच्छतिसप्तीनां सर्पिषा[४] यच्छते बलम् ॥१४॥

पिपला मिलाएको पानी र मिश्री मिलाएको पानी यी दुबैमा घ्यू मिलाएर नस दिनाले घोडाको बल बढ्दछ ।

नस्यं स्निग्धं तथा रूक्षं तिक्तञ्च मधुरं तथा
चतुर्धा वाजिशास्त्रज्ञैर्यथावत्परिकीर्तितम् ॥१५॥

घोडालाई दिने नस चिल्लो, रूखो, तीतो र गुलियो यति चारप्रकारका छन् भनेर घोडाको शास्त्र जान्ने विद्वान्हरूले यथार्थरूपले बताएका छन् ।

देयं वाताधिके स्निग्धं रूक्षं[५] तिक्तं कफाधिके
मधुरं[६] चैव पित्ताढ्ये तुरंगे समयोचितम् ॥१६॥

घोडालाई नस दिंदा घोडाको प्रकृतिमा वायु अधिक भए चिल्लो, कफ ज्यादा छ भने रूखो र तीतो, पित्त ज्यादा छ भने गुलियो नस दिनु । यी नसहरूको प्रयोगगर्दा समय विचारगरी दिनुपर्छ ।

द्विपन्चाशत्प्रमाणं वा श्रेष्ठं तन्नस्यमुच्यते
पादोनं[७] मध्यमं तत्र षड्विंशत्यां तथाधमम् ॥१७॥

नस दिंदा बाउन्न (पल होला) दिनु उत्तम, उनन्चालीस (३९) मध्यम र छब्बीस (२६) सौं संख्या निम्नस्तरीय अथवा अधम मानिएको छ ।

नस्यान्ते वाजिनो रक्तं सदा पुष्टं प्रजायते
नस्यदानात् रूजा तस्य विनाशमुपगच्छति ॥१८॥

नस दिएपछि घोडाको रगत पुष्ट (भरिभराउ) हुन्छ र नस दिनाले घोडाको रोग तुरून्तै नाश हुन्छ ।

---

१. नस्ये पर्य्युषितं २. केवलम्, ३. तैलेन शिला च, ४. स तेषां, ५. रौक्ष तिक्ते, ६. पित्ताधिके तु मधुरं संप्रयोजितम् । ७. अष्टोत्तरं मध्यमं प्रोक्तं षडविंशत्या ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दाडिमं पुष्करं श्रीकं श्वेतदूर्वाङ्कुरास्तथा
शीतोदकेन[1] संयुक्तं रक्तं दुष्टं न जायते ।।१९।।

दारिम, पुष्करमूल, श्रीक र सेतो दूवोका आँकुरालाई चीसो पानीसित मिलाएर घोडालाई नस दिनाले घोडाको रगत दूषित हुँदैन ।

धातकी गोक्षुरं रोध्रं कुसुम्भं सिन्धुवारकम्
शीतोदकेन संयुक्तं नश्यं रक्तविनाशनम् ।।२०।।

धाइरो, गोखुर, लोध, कुसुम्भ र सिहुँडीलाई चिसोपानीमा मिलाएर नस दिएमा घोडाको रगत अर्थात् रगत सम्बन्धी रोग (रक्त विकार) नाशहुन्छ ।

धातकी गण्डकी चैव गोमूत्रं लवणं तथा
नस्ये दत्तं कफं हन्ति तमः सूर्योदये यथा ।।२१।।

धाइरो, गण्डकी, गाईको पिसाव (गहुँत) र नून मिलाएर घोडालाई नस दिनाले सूर्य उदाउँदा अँध्यारो नाश भएझैं घोडाको कफलाई नाशपार्छ । (घोडालाई कफ बढेमा यो नश हितकारक छ)

शुण्ठी घृतन्च दुग्धन्च रससारं[2] तथैव च
वातदोषविनाशाय नस्यमेतत्प्रयोजयेत् ।।२२।।

घोडाको वायुबाट उठेको दोष नाशगर्नका निमित्त सूठो, घ्यू, दूध र रससार यति मिलाएको नसको प्रयोगगर्नु ।

माक्षिकं शर्करायुक्तं[3] चन्दनं केशराणि च
नस्योऽयं वारिणा सद्यः पित्तनाशकरः पर[4] ।।२३।।

सक्खर मिसाएको मह, चन्दन र केशर यति चीज मिलाएर वनाएको यो नसले घोडाको पित्त ज्यादा भएकोमा प्रयोग गर्नाले तुरून्त पित्तनाश गर्दछ।

गुडूची शुण्ठी मुस्ता च तगरं सितसर्षपाः
सन्निपाते सपित्तेऽयं नस्यः स्याज्जीवरक्षकः[5] ।।२४।।

---

१. शीतोदकेन तन्नस्यं दुष्टरक्तं जयेत् ध्रुवम् । २. रजः सारं । ३ मिश्रं ।
४. सदा, ५. तु नस्योऽयं वारिणा क्रमकारकः,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडालाई पित्तको विकारसहित सन्निपात भएमा गुर्जो, सूठो, मोथे, तगर र सेती सर्स्यूँ यति चीज मिलाएर नस दिनाले घोडाका जीवनको रक्षा हुन्छ अर्थात् त्यस्तो अवस्थामा यो नस अत्युत्तम मानिएको छ ।

अभया पुत्रिणी धात्री[1] एला लाक्षा शतावरी
सन्निवातेऽनिलाधिक्ये नस्योऽयं क्षेमकारकः ॥२५॥

घोडालाई वायु ज्यादा भएर उठेको सन्निपातमा हर्रो, पुत्रिणी अमला, अलाइची, लाक्षा र शतावरी यति चिज मिलाएर बनाएको यो नस ज्यादै कल्याणकारक छ ।

मरीचं पिप्पलीमूलं वचा भारंगिकाभया[2]
सन्निपाते कफाधिक्ये नस्यं सप्तेः सुखप्रदम् ॥२६॥

घोडालाई कफ ज्यादा भएर सन्निपात भयो भने मरीच, पिप्पलीमूल, बोझो (भारंगिका) भृंगिराज र हर्रो यति चीज मिलाएर बनाएको नसले खूब सुख दिन्छ अर्थात् खूब फाइदा गर्छ ।

इति श्रीनकुलकृतेऽश्वचिकित्सिते नस्याधिकारोनाम द्वादशोऽध्यायः

यो नकुलकृत अश्वचिकित्सामा नस्याधिकार नामक बाह्रौं अध्याय समाप्त भयो

तेह्रौं अध्यायः

(पिण्डः)

पिण्ड नामक घोडाको औषधिविशेष

कटुका च जयन्ती च भ्रामरी सुरसा[3] घनाः
पन्चामृतमयः पिण्डो वाजिनामयमिष्टकृत् ॥१॥

कुटकी, वलु, अपस्मारी, तुलसी र मासपर्णी यति पन्चामृत अर्थात् पाँचवटा अमृत जस्तै औषधियुक्त भएको यो पिण्ड घोडाकालागि हितकारी छ ।

१. एला २. सारंगिका, ३. सरसा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एला शतघ्नी[1] सुरसा काकजंघा[2] शतावरी
मासिकं ससितं पिण्डः पित्तयुक्ते[3] हि वाजिनी ॥२॥

अलाइँची, शतघ्नी, तुलसी, कालिनिहुरो, शतावरी (कुरीलो) र घरमौरी-को मह यति वस्तुमा मिश्री मिलाएर बनाएको पिण्ड पित्त ज्यादा भएको घोडाका निमित्त हितकारी छ ।

माक्षिकं[4] सैन्धवं मुस्ता गोमूत्रं च हरीतकी
समभागेन पिण्डोऽयमुक्तो वह्निप्रदीपकः ॥३॥

घरमौरीको मह, सिंधेनून, मोथे, गहुँत र हर्रो यति चीजलाई बराबरको भाग हाली बनाएको पिण्ड (औषधि विशेषले) घोडाको अग्नि बढाउँछ ।

कंकोलं[5] केतकी द्राक्षा शर्करा मधुयष्टिका
दत्तो घृतयुतः पिण्डः पुष्टिं नयति वाजिनः[6] । ॥४॥

कंकोल, केतकी, दाख, सखर र जेठीमधु यति चीजमा घ्यू मिलाएर बनाएको पिण्डले घोडालाई खूब पुष्ट गराउँछ ।

मत्स्यमांसेन संयुक्तं माषचूर्णं[7] घृतप्लुतम्
बलहीनस्य वाहस्य पिण्डोऽयं बलवर्धनः ॥५॥

माछाको मासु मिलाएको मासकोधूलो घ्यूमा राम्रो गरी मिलाएर बनाएको पिण्ड खानदिनाले निर्बलियो घोडाको बल बढाउँछ ।

वला मद्यं[8] दधि क्षौद्रं भक्षयंस्तुरगो भवेत्[9]
अतिवृद्धोऽपि सूक्ष्मोऽपि यथा[10] षट्सप्तवार्षिकः ॥६॥

बलु, मदिरा, दहि र मह यति चीज खुवाउनाले ज्यादै बूढो र ज्यादै दुब्लो घोडा पनि ६, ७ वर्षको घोडा जस्तै तगडा हुन्छ ।

मेथिका[11] धातकी काली सारणी[12] वीजपूरकः
पिण्डो दत्तो वराश्वानां तेजोवृद्धिकरः स्मृतः ॥७॥

---

१. स्तनघ्नी, २. कालजंघा, ३. पित्तयुक्तस्य वाजिनः ४. संशयाखिलरोगेषु गोमूत्रेषु,
५. कंकोली, ६. वाजिनाम् ७. माषचूर्ण, ८. चूर्णमिष्टं, ९. भटम् ,
१०. भवेद्यत्सप्तवार्षिक :, ११. मिथिका, १२. सरुणीवीजपूरिका,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेथी, धाइरो, काली (बिच्छी बस्ने रूख, भाषामा यसलाई विछाटी भन्दछन्) सारणी र विमिरो यति चीजमिलाएर उत्तमप्रकारका घोडालाई दियोभने तिनीहरूको तेज बढ्दछ भनिएको छ ।

कटुका मद्यसंमिश्रा धात्री लोध्रगुडान्विता
दत्ता[1] पिण्डविधानेन वाजिनां सुखवृद्धिदा ॥८॥

कुटकी, अमला, लोध र सक्खर (चाकु) यति चीज रक्सीमा मिलाएर पिण्ड बनाई घोडालाई दिनाले घोडालाई सजिलैसंग बढ्नमा मद्दत दिन्छ ।

त्रिफला कटुका मुस्ता विडंगानि च चित्रकम्
सदालस्यसमेतानां वाजिनां पिण्ड आर्तिहृत् ॥९॥

त्रिफला (हर्रो १, बर्रो २ अमला ३ वटा गरी मिसाएको) कुटकी, मोथे, वायुविडंग र चितु यति चीज मिलाएर बनाएको पिण्डले सँधै अल्छीमानीरहने घोडाका सबै पीडाहरू नाशगर्छ ।

वचा विदलिताः[2] स्निग्धाः सघृताः क्षारभाविताः
पिण्डैर्दत्ता प्रकुर्वन्ति वाजिनां व्याधिनाशनम् ॥१०॥

बोझो, विदलिता, स्निग्धा, (मेदा) यतिचीजलाई घ्यूमा मिलाएर क्षारमा भावना गरी बनाएको पिण्डले घोडाको रोग नाशगर्छ ।

सैन्धवं नागरं श्यामा गुडूची सितसर्षपाः
अम्लवेतसमश्वानां[3] पिण्डोऽयं शूलनाशनः ॥११॥

सिधेनून, नागर, (मोथे) श्यामा, गुर्जो, सेतो सर्स्यूँ र अम्लवेतस यति चीज मिलाएर बनाएको पिण्डले घोडाको शूल नाशगर्छ ।

पिप्पली पिप्पलीमूलं[4] कटुका सहदेविका
दूर्वापल्लवसंमिश्रः[5] पिण्डोऽयंप्लीहनाशकः ॥१२॥

पिपला, पिप्पलीमूल, कुटकी, सहदेवि र दूवोको मुण्टा यति चीज मिलाएर बनाएको पिण्डले घोडाको फियो बढेमा फाईदा गर्छ ।

---

१. दत्तः पिण्डविधानेन वाजिनां सुख वृद्धिदः २. विषलता स्निग्धा सघृताक्षारभागिका
३. संयुक्ताः, ४. सुस्ता, ५. पृथ्वीपनसः,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केशरं श्रीफली ताली माक्षिकं गिरिकर्णिका
पिण्डोऽयं श्लथने शस्तो वाजिनां सुगतिप्रदः[1] ॥१३॥

केशर, बेल, तालफल, घरमौरीको मह र गिरिकर्णिका यति चीज मिलाएर बनाएको पिण्डले घोडा हिंड्दा लोझाएमा अर्थात् गति कम्ति भएमा दिनु बेस मानिएको छ । यो पिण्डले घोडाको गति (हिंडाई) लाई पनि असल बनाउँछ ।

वचा लोध्रं सकर्पूरं गुहा श्यामा गुडं मधु
समांशकेन पिण्डोऽयं करोति[2] लघिमा हये ॥१४॥

कपूर मिलाएको बोझो र लोध, गुहा, श्यामा, गुड (चाकु) र मह यति बराबर अनुपातमा लिएर बनाईएको यो पिण्ड घोडालाई खुवाउने घोडा छरीता (फुर्तिला) हुन्छन् ।

मद्यं मरिचसंयुक्तं लशुनं नागकेशरम्
द्विगुणं मेषमांसं च पिण्डो[3] दत्तो जयेच्छ्रमम् ॥१५॥

रक्सी, मरिच, लशुन र नागकेशर यति चीज बराबर र यस्को दुईगुणा (डव्वल) भाग भेडाको मासु मिलाएर बनाएको यो पिण्ड खुवाउनाले घोडाको परिश्रम अर्थात् थकाई शान्त हुन्छ ।

जंवीरं फलिणीपत्रं त्वचा किन्जल्कमेव च
[4]जातशोणित वाहानां पिण्डोऽयं रक्तनाशनः ॥१६॥

ज्यामीर, फलिणी (औषधीविशेष) का पात, त्वचा, कमलको केशरं यति चीज मिलाएर बनाएको पिण्डले रगत धेरैबढेका (हुनु पर्ने भन्दा बढी रगत भएका) घोडाहरूको रगत नाशगर्छ ।

तमालं पुष्करं लोधूमपामार्गं सतिन्दुकम्
पयसा पिण्डमेतद्धि वातकोपप्रणाशनम्[5] ॥१७॥

तमाल, पुष्कर (पुष्करमूल) लोध, अपामार्ग र तिन्दुक (तिजु) यति चीजलाई दूधमा मिलाएर बनाएको पिण्डले घोडाको वायु बिग्रेको वा वायु कुपित भएकोमा त्यसलाई नाशगर्छ ।

---

१. पिण्डः श्लेष्मगणे शस्तो वाजिनां हि सुखप्रदः, २. लघुत्वं कुरुते, ३. पिण्डे दत्ते, ४. जात शोणा वराश्वानां पिण्डोऽयं व्याधिनाशनः ५. वातकोपः प्रशाम्यति,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आरनालं प्रविष्टा च पथ्या नेपालिकाफलम्[१]
पिण्डेदत्ते हये[२] दध्ना निहन्त्याशुविजृम्भितम् ॥१८॥

आरनाल, प्रविष्टा, पथ्या र नेपालिकाको फल (नेवारो) यति चीज मिलाएर पिण्ड बनाएर घोडालाई खानदिनाले घोडालाई हाई हाई गरिरहने रोगलाई तुरून्तै नाशगर्छ ।

मुद्‌गपूगं[३] वचामिश्रं तथा सर्जरसान्वितम्
पिण्डे दत्ते निहन्त्याशु कृमिसंघं[४] व्रणोद्‌भवम् ॥१९॥

मूँग र सुपारीमा बोझो मिलाई त्यसमा सर्जरस (शालधूप वा शालको गूँद) मिलाएर बनाएको पिण्ड दिनाले घाउमा किरापरेमा ती किराहरू मर्छन् ।

स्नुहिक्षीरं सकर्पूरं कूपोदकविभावितम्
पिण्डोऽयं हन्ति मध्यस्थान् रोगान्[५] सर्वान् क्रिमिव्रजान् ॥२०॥

सिहुँडीको दूधमा कपूर मिलाएर कूवाको पानीले भावना दिएर तयार पारेको पिण्डले पेटमा रहेका सम्पूर्ण किराहरू र पेटका किरासम्बन्धी सबै रोगहरू पनि नाश गराउँछ ।

सिता दुग्धं सकर्पूरमेलया पत्र[६] संयुतम्
[७]अग्निदाहार्ति युक्तानां पिण्डोऽयं वाजिनां स्मृतः ॥२१॥

मिश्री दूध, कपूर, अलैंची र तेजपात मिलाएर बनाएको यो पिण्डले आगोले पोलेर हुने घोडाको डाह (छटपटीमा) मा वेसगर्छ भनिएको छ ।

[८]ग्रीष्मासह्यप्रतप्तानामारनालपरिप्लुतम्
शर्करामिश्रितः पिण्डः वाजिनां सुखकारकः ॥२२॥

ग्रीष्मऋतुको सहनै नसकिने घामले तातेका घोडालाई आरनाल (कान्जी) मा डुबाईएको तथा सक्खर मिसाएको पिण्ड दिनाले सुखप्राप्ति हुन्छ ।

---

१. नैपालिकी, २. पिण्डं दत्तं, ३. यूषं, ४. कृमिं सद्यो व्रणोद्भवम्, ५. उदरस्थान् कृमिव्रणान्, ६. एलापत्रकसंयुतम्, सितादूर्वासकर्पूरंएलापत्रकसंयुता (मू.पु.) ।
७. स्निग्धा, ८. ग्रीष्मदाह,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वृष्टिवातार्दितानान्च वाजिनां पुष्टिकृन्मतः
पिण्डःकृतः सतैलेन लशुनेन पलेन च ॥२३॥

वर्षा र हावाले पीडित भएका घोडाहरूकालागि तेल, लशुन र मासु मिसाएको पिण्ड खान दिनाले तिनीहरू हृष्टपुष्ट हुन्छन् भनिएको छ ।

महाघृतं सकर्पूरं शर्करा दुग्धमेव च
कफनाशकरः[1] प्रोक्तः पिण्डोऽयं सुखदः स्मृतः ॥२४॥

कपूर मिलाएको महाघृत, सक्खर र दूध यति चीज मिलाएर बनाएको पिण्डले घोडाको कफलाई नाशगर्छ र तिनीहरूलाई सुखी बनाउँछ ।

रोचना च वरी[2] धात्री तथास्याद्वीजपूरकः
गुल्मं प्रशमयन्त्याशु वाजिनां हृदयोद्भवम् ॥२५॥

रोचना, वरी, अमला र बिमिरो इनीहरूले घोडाका हृदय (छाती) बाट उठने गुल्म नामक रोगलाई शान्त पार्छन् ।

सहदेवी वचा कुष्ठं वरुणा चेन्द्रवारुणी
अतिश्वासं हरन्त्येते वाजिनां मधुना सह ॥२६॥

सहदेवी, बोझो, कुट, वरुणा र इन्द्रवारुणी ई बुटीहरूलाई महसँग मिलाएर खुवाउनाले घोडाको ज्यादा सासचल्नेरोग अर्थात् स्याँ स्याँ हुने रोग वा धम्की नाशहुन्छ ।

उदुम्बरफलं[3] मांसं सौकरं माहिषं दधि
हयस्य चातिवृद्धस्य[4] करोति परमं सुखम् ॥२७॥

डुम्रीकोफल, सुँगुरको मासु, भैंसीको दहि यति चीज खुवाउनाले ज्यादै बूढो भएको घोडालाई अत्यन्त हित वा सुख हुन्छ ।

विभीतकं प्रियंगुश्च सर्जकालवणं तथा
कासदोषोपशमन[5] पिण्डः सप्तेः सुखप्रदः ॥२८॥

वर्रो, कागुनु, सर्जिकानामकक्षार (खार) र नून यति चीज मिलाएको पिण्डले घोडाका खोकी सम्बन्धी दोष शान्त गर्दछ । यसबाट घोडा सुखी हुन्छ ।

---

१. कम्प, २. वर्वरी, ३. औदुम्बर, ४. शीतवद्धस्य, ५. कासे दोषप्रशमनो पिण्डोऽश्वस्य प्रशस्यते,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तक्रं कर्पूरचूर्णञ्च शिवं सौवर्चलान्वितम्
पिण्डोऽयंवस्तिसंरोधे[१] वाजिनः संप्रकीर्तितः ॥२९॥

महो, कपूरको धुलो, सिधेनून र बिरेनून यति चीजलाई मिलाएर बनाएको यो पिण्ड घोडाको वस्तिसंरोध (यो नामक रोग) भएमा प्रयोगगर्नु भनी बताईएको छ।

सौवर्चलं हरिद्रा च पिप्पली चेन्द्रवारूणी
मूत्रकृच्छे[२] परीप्सन्ति पिण्डोऽयं तुरगस्य हि ॥३०॥

सुवर्चलनामक देशमा हुने नून वा कालोनून अर्थात् बिरेनून, हलेदो, पिपला र इन्द्रवारूणी यति चीज मिलाएर बनाएको यो पिण्ड घोडालाई मूत्रकृच्छ (तुरु तुरु थोरैहुने तर बारम्बार पिसाव भै रहने रोग) मा अति आवश्यकीय मानिएको छ।

पिण्डिरसक्तवः[३] क्षौद्रं भल्लातकफलं वृषम्[४]
रक्तमूत्रे तु पिण्डोऽयं वाजिनां रक्तनाशनः ॥३१॥

दारिम र सातुहरू (गहुं जौ आदिका सातुहरू) मह, भलायोको फल र हुरी यति चीज मिलाएर बनाएको यो पिण्डले घोडाको रगतजस्तो रातो पिसाव हुने रोग भएमा त्यो रगतलाई नाशगर्छ अर्थात् यो पिण्डले घोडाको रक्तमूत्र नामक रोगलाई नाशगर्छ।

अभया यष्टिका श्यामा देवदारू सगन्धकम्
पुरीषे रक्तसंमिश्रे सदा शंसति वाजिनः ॥३२॥

हर्रो (चम्पा देशमा हुने पाँचमुखे हर्रो) जेठीमधु, शारीवा (यो नामक बुटी) देवदारू (गोब्रे सल्लो) इनीहरूमा गन्धक (सोधेको मात्र प्रयोगगर्ने) मिलाएर बनाएको यो औषधिले घोडाको दिशाबाट रगत आउने भएमा निक्कै फाइदा गर्छ।

पटोलं धातकी मुस्ता यष्टिका गिरिकर्णिका
रक्ताधिके कृतः पिण्डः करोति रूधिरक्षयम् ॥३३॥

---

१. धृतिसारोध्रः, तक्रकर्पूरचूर्णञ्च सैन्धवं सबलान्वितम् (मू.पु.) २. मूत्रकृच्छे प्रशंसन्ति,
३. डिण्डीरं शर्करा, ४. भल्लातकमुलुन्चकम्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परवर, धाइरो, मोथे, जेठीमधु र गिरिकर्णिका (अपराजिता) यति बुटिहरू मिलाएर तयारपारेको यो पिण्डको प्रयोग गर्नाले घोडालाई ज्यादा रगत बढेर हुने रोग लागेमा त्यो रगत घटाई फाइदा गराउँछ।

हरिद्राद्वयसंयुक्तं गन्धकं कटुतैलकम्
पिण्डकं[१] श्रुतियुक्तानां सदाश्वानां प्रशस्यते ॥३३॥

कालो हलेदो र पँहेंलो हलेदो, गन्धक र तोरीको तेल यति मिलाएर बनाएको पिण्ड श्रुतियुक्त भएका अर्थात् कान सम्बन्धी रोगभएका घोडाकोलागि सधैं असल मानिएको छ।

अतसीपत्रकं निम्बं[२] न्यग्रोधकलिकान्वितम्
अतीसारे सुशंसन्ति[३] पिण्डोऽयं वाजिनः शुभः ॥३४॥

आलसका कमला पात, नीम र बरका कोपिला यति मिलाएर बनाएको यो पिण्ड घोडालाई अतिसार भएमा ज्यादै असल छ भनिएको छ।

व्रणैः कृमिभिरत्यर्थं सदा वाजी प्रपीड्यते
तदा पिण्डः प्रदातव्यः स्थूलैरण्डदलैरलम्[४] ॥३५॥

घाउमा सधैं कीरा परेर घोडाले दुःख पाउन लाग्यो भने ठूलो अडीरको पात मिलाएर पिण्ड खान दिनु फाइदा हुन्छ।

कर्पूरशर्करालोध्रं माक्षिकं त्रिफलान्वितम्
तुरंगिन्याः प्रशंसन्ति पिण्डोऽयं वाजिनः शुभः ॥३६॥

कपूर सखर (चाकु) लोध, घरमौरीको मह र त्रिफला यति कुरा मिलाएर बनाएको यो पिण्ड घोडीका निमित्त ज्यादै असल र घोडाका निम्ति पनि असल मानिएकोछ।

पत्रकं सिन्धुवारन्च भ्रमरं[५] चक्रकिंशुकम्
मांसवृद्धौ प्रशंसन्ति पिण्डोऽयं वाजिनः शुभः ॥३७॥

तेजपात, सिहुँडी, भुमराबाट बनाइएको मह, चक्रपलास यति चीज मिलाएर बनाएको यो पिण्ड घोडा ज्यादा मोटो भएमा दिनु बेस हुन्छ। घोडाकालागि यो पिण्ड असल मानिएको छ।

---

१. पिण्डोऽयं, २. नीकं, ३. प्रशंसन्ति, ४. तिलैरण्डः, ५. क्षावकं चम्पकं तु च,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सैन्धवं चूलिकाक्षारं[1] विडंगानि मधूनि च
शस्त्रपीडाभिभूतस्य पिण्डोऽश्वस्य प्रशस्यते ।।३८।।

सिधेनून, चुलिका क्षार, वायुविडंग र महहरू मिलाएर बनाएको पिण्ड शस्त्र (हातमा लिएरै प्रयोग गरिने हतियार जस्तो बन्दूक तरवार आदि) को चोटलाग्नाले पीडित भएका घोडाका लागि असल मानिएको छ ।

इति श्रीनकुलकृतेऽश्वचिकित्सिते पिण्डो नामक स्त्रयोदशोऽध्यायः

यो नकुलकृत अश्वचिकित्सामा पिण्ड नामक तेन्हौं अध्याय समाप्त भयो

चौधौं अध्यायः

(घृतविधानम्)

घोडाका निम्ति औषधी मिलाएर बनाएको घ्यू ।

शिलाजतु विशाला च पद्मकं नागकेशरम्
लाक्षा पद्मकमूलन्च निम्बद्वयसमन्वितम् ।।१।।

घृतं माक्षिकसंयुक्तं[2] सप्तविंशतिकं विदुः
अष्टांशं तु समादाय सुरामांसघृतस्य च ।।२।।

यत्नमात्राणि सर्वाणि पूर्वद्रव्याणि निःक्षिपेत्
तेषां[3] दानेन तत्सर्पिर्जायते सर्ववाजिनाम् ।।३।।

शिलाजित, इन्द्रवारूणी, पद्मक, नागकेशर, लाहा, पद्मकको मूल जरा र दुबै प्रकारका नीम तथा घरमौरीको मह मिसाएको घ्यू यति सबै चीज सत्ताइस पल, रक्सी, मासु र घ्यू सम्पूर्ण वस्तुहरूको आठभागको एकभाग गरी यी सबै वस्तुहरू मिलाएर घ्यू दिनाले सबै घोडाहरूलाई निम्नप्रकारको फाइदा हुन्छ ।

वलपुष्टिकरं नित्यं सर्ववातविनाशनम्
सर्वरोगप्रशमनं कायाग्नेश्च प्रदीपनम् ।।४।।

१. वोलिका. २. समांसकं देयम् ३. तेषामाद्येन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ओजस्करं व्यथानाशं प्लीहशोषप्रणाशनम्
धातकी केशरं कुष्ठं कुसुम्मं कुंकुमं नलम् ॥५॥
दाडिमं[1] सितरोधून्च पलमात्राणि निःक्षिपेत्
घृतन्च पाचयेत्[2] पानादभिघातान्वितो हयः ॥६॥

उपर्युक्त प्रकारले बनाएको घ्यूले घोडालाई बलियो बनाउँछ, हृष्टपुष्ट गर्छ, सधैँ सम्पूर्ण प्रकारका वायुहरूलाई नाशगर्छ। सबै रोग हटाउँछ, शरीरमा रहेको अग्नि (जठराग्नि) लाई बढाउँछ, शरीरमा ओज (फुर्ति) ल्याउँछ, व्यथाहरूलाई नाशगर्छ र फियो बढेमा र शरीर सुकेकोमा फाइदा गर्छ। धाइरो, केशर, कूट, कुसुम्भ, कुंकुम, नल, दारिम, सेतो लोध यति चीजहरू १।१ पल लिई मिलाउनु र घ्यूमा पकाउनु। यसरी तयार भएको यो घ्यू ज्यादै ठक्कर खाएको घोडालाई दिनु त्यसरी दिनाले–

जायते सर्वशुद्धांगो[3] महाप्राणैर्न संशयः
आरनालं वचा कुष्ठं पिंगला सिक्थकं[4] घृतम् ॥७॥
एतैः पक्वं घृतं सम्यक् पित्तव्याधिविनाशनम्
हरिद्राद्वयसंयुक्तं गन्धकं तु मनःशिला ॥८॥
क्वाथयेन्नवनीतेन द्विगुणेन घृतेन च
अभ्यंगेनाथ पानेन सप्तरात्रेण[5] वाजिनः ॥९॥
कण्डूर्तिनिक्षयं[6] याति तथोदरभवा रूजः[7]
माक्षिकं निम्बपत्राणि नखं[8] गुग्गुलएव च ॥१०॥
भृंगराजो विशाला[9] च पाठा चैव पुनर्नवा
विल्वमारूष्ककं[10] रोध्रं सैन्धवं तगरं[11] तथा ॥११॥
एतैः पक्त्वा घृतं वाजी संप्राप्यार्त्तेविमुच्यते[12] ॥१२॥

त्यो घोडाका महाप्राण अर्थात् मूलवायुसहित सम्पूर्ण अंग निरोगी हुन्छन्, यसमा केही शंका छैन। आरनाल बोझो, कूट, पिंगला, सिक्थक, यतिलाई घ्यूमा

१. दाडिमी, २. पाचयत्याममभिघातान्विते हये, ३. सिद्धांगो महाप्राणः, ४. सत्कृतं हयम्, ५. सदा गात्राणि, ६. कण्डूर्निः संक्षतां, ७. च रूक्, ८. नवं ९. विशालाक्षी, १०. आरूपकं, ११. नागरं १२. आर्तिं विमुन्चति,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिलाएर पकाएको त्यो घ्यूले पित्तबाट उठेको रोग नाशगर्छ । कालो पहेंलो दुबै थरी हलेदो, गन्धक, मनशिला यति चिज समभाग लिनु र त्यसको तीन गुणा नौनी वा घ्यूमा राखी पकाउनु, यसरी पकाएको त्यो घ्यू सात दिनसम्म घोडालाई खान दिनु वा घस्त दिनु । यसो गर्नाले घोडाका पेटका रोग र चिलाउने रोग समाप्त हुन्छन् अर्थात् निर्मूल हुन्छन् ।

घरमौरीको मह, नीमका पातहरू, नख, गोकुलधूप, भृंगिराज, विशाला, पाठा, पुनर्नवा, बेल, आरूष्कक, लोध सिधेनून र तगर (फूल विशेष) यति चीजहरूलाई घ्यूमा पकाएर खानदिनाले घोडा जुनसुकै पीडाबाट पनि मुक्त हुन्छ ।

इति श्रीनकुलकृतेऽश्वचिकित्सिते घृताध्यायो नाम चतुर्दशोऽध्यायः ।

यो नकुलकृत अश्वचिकित्सामा घृत नामक चौधौं अध्याय
समाप्त भयो ।

पन्ध्रौं अध्यायः
(क्वाथः)

घोडालाई दिइने काढा

भृंगराजं विशाला च पाठा चैव पुनर्नवा
विल्वमारूष्ककं रोध्रं सैन्धवं तगरं तथा ॥१॥
पूर्वाणि[1] समभागानि क्वाथयेत् कूपवारिणा
ततोऽष्टांशं समादाय तोयस्य क्वथितस्य च ॥२॥
एतत् सिद्धार्थकं नाम उत्कृष्टं[2] सर्ववाजिनाम्
कायाग्निं वर्धयत्याशु नीरोगत्वं प्रयच्छति ॥३॥

भृंगराज, इन्द्रवारूणी, पाठा, (वृत्तपर्णी) पुनर्नवा, बेल, आरूष्कक (काजु) लोध, सिधेनून र तगर यति चीजलाई समभाग गरी कूवाको पानीमा पकाउनु । त्यो पकाएको पानी दश भागमा आठभाग बाँकी रहेपछि यो उत्कृष्ट काढा तयार-हुन्छ । यो काढाले जुनसुकै घोडालाई पनि शरीरको अग्नि बढाउँछ र निरोगी बनाउँछ ।

---

१. एतानि (मू.पु) २. कष्टहृत्, काढकं (मू.पु.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुस्ता मधुकपत्राणि केशरं लवणं रुहा[1]
शताह्वा शाल्मली धात्री त्रपुषं फलिनी तथा ॥४॥
क्वाथयित्वा जलं कौपं[2] दत्तैस्तुल्यैर्विचक्षणः
त्रिभागमेवमादाय ततोदद्याद्धयस्य च ॥५॥
प्रकरोति सदानाशं[3] पित्तस्यागन्तुकस्य च
एकविंशद्दिनं[4] यावच्छालिहोत्रमतं यथा[5] ॥६॥

मोथे, महुवा, तेजपात, केशर, (नागकेशर) नून, दूवो, शतावरी, सिमल, अमला, काँक्रो, फलिनी यति चीजको बराबर भाग लिई धुलो बनाएर त्यति धुलो जति कूवाको पानी मिलाई पकाई तीनभागको एकभाग बाँकी गरी झिकी घोडालाई दिनाले अपर्झट बढ्न आएको घोडाको पित्तलाई समाप्तगर्छ । यो काढा त्यसरी पित्तआतेका घोडालाई एक्काइस दिनसम्म दिनु भन्ने शालिहोत्रको मत छ ।

शुण्ठी हरीतकी पाठा ब्राह्मी मुस्ता शिफालिका
हरिद्राद्वयसंयुक्ता हरितालं मनःशिला ॥७॥
सिद्धस्त्रिभाग शेषोऽयं क्वाथो हन्यात् त्रिरात्रिकम्[6]
सन्निपातमशेषेण पाययेत् पलमात्रतः ॥८॥

सुठो, हर्रो, पाठा (वृत्तपर्णी), ब्राह्मी, मोथे, शिफालिका, दुवैथरी (कालो र पहेंलो) हलेदो, हरिताल, मनःशिला यति चीजलाई पानीमा मिलाई पकाउनु र तीनभागमा एकभाग बाँकी गरी झिकेको यो काढा तीन रातसम्म खुवाउनु । यसले तीनराते सन्निपातलाई समूल नाशगर्छ । यो काढा एकपल मात्रको मात्रा गरी पियाउनु ।

मधुकं[7] केशरं पत्रं भल्लातक विभीतकम्
शंखपुष्पं रूहा सारं समभागेन मिश्रितम् ॥९॥
कासार्तस्य समुद्दिष्टः क्वाथोऽयं त्रिफलात्मकः
उत्साहवर्धकः सद्यस्तथा कायाग्निदीपकः ॥१०॥

१. गुहा, २. जलात् कौप्यादेतैः, ३. मरून्नाशं, ४. एकत्रिंशत्, ५. तथा
६. त्रिमासकम् (मू.पु.) ७. मधूरं,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महुवा, केशर, तेजपात, भलायो, वर्रो, शंखपुष्पी दूबो र सार यति चीजलाई समभाग गरी मिसी काढा बनाउनु । त्यो काढाका तीनवटा फल अर्थात् गुण छन् । ती यसप्रकार रहेका छन् (१) त्यसले घोडाको खोकी नाशगर्छ, (२) तुरून्तै उत्साह बढाउँछ र (३) शरीरको अग्निलाई बढाउँछ ।

कुमारी शाल्मली पाठा मञ्जिष्ठा चेन्द्रवारूणी
काकोली समभागेन क्वाथयेत् समभागतः ॥११॥
पलद्वयप्रमाणेन ततः पीतेन वाजिना
मोहयेच्छूलजं[1] दोषं मूत्रदोषं च तत्क्षणात् ॥१२॥

घ्यूकुमारी, सिमल, वृत्तपर्णी (वनको तिते लहरा) मजीठो, इन्द्रवारूणी, काकोली यति चीज समभाग लिई त्यत्ति पानी मिसाई काढा पकाउनु । यो काढा दुईपलको मात्रागरी घोडालाई खानदिनु घोडाका शूलबाट उठेका दोषहरू र पिसावका दोषहरू तुरून्तै नाश हुन्छन् ।

यवानी माक्षिकं[2] काशं सौवर्चलयुताभया
क्वाथयेदष्टमांशेन तत्पानाज्जायते हयः ॥१३॥
प्रदीप्ताग्निस्तु तेजस्वी[3] सर्वरोगाद्विमुच्यते
स शीघ्रमार्गगामी च स्निग्धो रोगविवर्जितः ॥१४॥

ज्वानू, घरमौरीको मह, काँस, सौवर्च्चलदेशमा हुने कालोनून (विरेनून) हर्रो, यति चीजलाई पानीमा पकाई आठभागमा एकभाग बाँकी राखी बनाएको यो काढा खानदिनाले घोडा खूब अग्नि बलियो भएको, तेजी, सबै रोगबाट छुटेको (नीरोगी) बाटोमा खूबसँग हिडन सक्ने, चिल्लो र सबै रोगरहित हुन्छ ।

सेफालिका रूहानीले वेणुका सिन्‌ुवारिका
एतैः क्वाथकृतः सम्यक् कृमिनाशकरः परः ॥१५॥

सेफालिका, दूबो, नीला, वेणुका र सिहुडी यति चीज मिलाएको काढा घोडाको कृमिनाशक छ । यो काढा कीरानाश गर्नमा पहिला छ ।

---

१. नाशयेत्, २. यवानीमाक्षिका युक्ता (मू.पु.) ३. सुतेजाढ्यः,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मातुलुंगस्य वीजानी चन्दनं सितसर्पपा:
उशीरं पुष्करं ब्राह्मी लक्ष्मणा च पुनर्नवा ॥१६॥

क्वाथोऽयं शुण्ठिचूर्णेन धावितक्लेशनाशन:
प्रकरोति तुरंगानां सर्वदैव सुखं[1] तथा ॥१७॥

बिमिराको बियाँ, चन्दन, सेतो सर्स्यूँ, उशीर, पुष्करमूल, ब्राह्मी, लक्ष्मणा र पुनर्नवा यति चीज र सूठोको धूलो मिलाएको यो काढाले घोडा दौडदा भएको थकाईलाई आरामपार्छ र घोडाका निम्ति यो काढा सधैं सुखकारी छ।

ईति श्रीनकुलकृतेऽश्वचिकित्सिते क्वाथाध्याय: पन्चदश:।

यो नकुलकृत अश्वचिकित्सामा क्वाथ नामक पन्ध्रौं अध्याय समाप्त भयो।

सोह्रौं अध्याय:

(विपम्)

विषनाशक औषधी

वारूणी माक्षिकी गौरी श्रीताली वीजपूरकम्
कृमिक्लेशविनाशाय क्वाथो नित्यं रूजाहर:[2] ॥१॥

वारूणी, माक्षिकी, गौरी, श्रीताली र बिमिरो यति चीज मिलाएर बनाएको काढाले घोडाको कीराबाट हुने विकारमा र अरू रोगलाई पनि फाइदा गर्छ।

अश्वगन्धा घृतं क्षौद्रं विपदग्धस्य वाजिन:
विषनाशं[3] करोत्येव सर्वगात्रेपु तत्क्षणात् ॥२॥

अश्वगन्धा, घ्यू र मह मिलाएर प्रयोगगर्नाले विषबाट ग्रस्त भएको घोडाको सम्पूर्ण शरीरमा फैलिइसकेको विषभएपनि उत्तिखेरै नाशपार्छ।

सामान्येन प्रदिष्टोयमगदो विपनाशन:
पृथक्पृथग्विभागेन कर्तव्यं साम्यत: परम्[4] ॥३॥

---

१. सुखावहम्:, २. रूजापहा, ३. विनाशनं, ४. कर्तव्य: संमत: पर:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाका विष नाशगर्ने औषधी यहाँ सामान्य रूपले देखाइएको छ । तर खूब विचार गरी बेग्ला बेग्लै विभाजन गरी (प्रयोग) गर्नुपर्छ ।

त्रिविधं कीर्तितं प्राज्ञैर्विषं विषविच णैः ॥४॥

विष मुख्यतः तीन प्रकारको हुन्छ भनी विषज्ञानमा निपुण विद्वानहरूले भनेका छन् ।

स्थावरं वृक्षजं[1] चैव जंगमं सत्वसंस्थितम्[2]
कृत्रिमं योगजं प्रोक्तं त्रिविधं विषमुच्यते ॥५॥

स्थावर (नहिँड्ने कुरा) विषैला जडिबुटिबाट पाइने विष "स्थावरविष" हो । यो विष कन्दमूलबाट पनि पाइन्छ । हिँडने जीवहरूमा रहने विष "जंगम विष" (सर्प, विच्छी आदिमा रहने) हो र अनेक जडि बुटीधातुहरू मिलाएर बनाएको विष "कृत्रिमविष" हो । यसरी स्थावर, जंगम र कृत्रिम गरी विष तीनप्रकारका हुन्छन् भनिएको छ ।

यदा स्थिरं समश्नन्ति कदाचित्तुरगोत्तमाः
तदाकार्यं विधानज्ञैरगदस्य प्रयोजनम् ॥६॥

घोडाहरूले स्थिरविष अर्थात् वनस्पतिमा रहने विष खाए भने त्यो बेलामा विषको विधान वा उपचार जान्ने विद्वानले त्यस्को प्रतीकार गर्ने औषधीको प्रयोग गर्नुपर्छ ।

केशरं पद्मनालन्च सौपर्णी[3] वदरीफलम्
तक्रमिश्रं हये दत्तं सर्वथा विषनाशनम्[4] ॥७॥

केशर (काश्मीरी केशर), कमलको जरा, सौपर्णी र वयरको फललाई मही (१ माना दहीमा एक चौथाई पानी हालेर मथे मही हुन्छ) मा मिलाई घोडालाईं खानदिनाले जुनसुकै समयमा पनि घोडाको विष उत्रन्छ ।

सौपर्णी सिन्धुवारन्च नागवल्ली जटा तथा
विषार्तं प्रास्य संमिश्रं दुग्धेन स्यात्सुखी हयः[5] ॥८॥

---

१. सहजं, वृक्षजं (मू.पु.)   २. सत्वमाश्रितं,
३. सौवर्णी,   ४. क्रममिश्रं हये दत्तं विषनाशकरं परम्,   ५. श्यामा वुषा हयः,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सौपर्णी, सिँहुडी, नागवल्ली (पान) जटामसी यति चीजलाई दूधमा मिलाएर विषलागेका घोडालाई खानदिनाले त्यो घोडा सुखी हुन्छ अर्थात् त्यस्को विष उत्रन्छ ।

अश्वगन्धा रूहा एला[1] घृतमिश्रा प्रयोजिता
विषनाशन्नयत्याशु जंगमं हयगात्रतः ॥९॥

अश्वगन्धा, दूबो र अलाईची यति चीजलाई घ्यूमा मिलाएर खानदिनाले यसले घोडाको जंगमविष अर्थात् सर्प बिच्छि आदि जीवले टोकेर लाग्ने विष शरीरभर फैलिएको भएपनि सम्पूर्ण शरीरबाट तुरून्तै निकाल्दछ ।

मूलं चन्दनवृक्षस्य मापचूर्णपरिप्लुतम्
जंगमस्य विषस्याशु प्रकरोति च संक्षयम्[2] ॥१०॥

श्रीखण्डचन्दनको जरालाई माषको धुलामा मिलाएर खानदिनाले जंगमविषलाई तुरून्तै नाशगर्छ ।

रक्तचन्दनसंयुक्तं घृतं गव्यं च वा पृथक्
हयस्य जंगमं नाशं विपन्नयतितत्क्षणात्[3] ॥११॥

रातोचन्दन मिलाएको गाइको घ्यू वा केवल गाइको घ्यूले मात्र पनि (गाई को घ्यू जति पुरानो भयो उति असल हुन्छ र दशवर्ष भन्दा अधिको घ्यू पुरानु मानिन्छ) घोडाको जंगमविषलाई तुरून्तै नाशगर्छ ।

सौपर्णी[4] विषकंकोली पिष्ट्वा मद्येन भाविता
जंगमं गात्रतः कृत्स्नं विपन्नयति तत णात्[5] ॥१२॥

सौपर्णी र विषकंकोलीलाई पिंधेर रक्सीमा भावना दिई खुवाउनाले यसले जंगमविष अर्थात् विच्छी आदिको विष घोडाको सम्पूर्ण शरीरबाट तुरून्तै उतार्दछ ।

एला कंकोलिकामूलं सौपर्णीघृतमिश्रितम्
विषनाशं करोत्याशु नस्यदानेन वाजिनाम् ॥१३॥

अलाईची, कंकोलिकाको जरा र सौपर्णीलाई घ्यूमा मिलाएर नस दिनाले घोडाको विष तुरून्तै उत्रन्छ ।

---

१. पित्ता, २. करोतिहयसंक्षयम्, ३. जंगमविपं ध्रुवं नस्यति, तक्रं केशरसंयुक्तं विपं सद्योनवाभ्रकम् । हयस्यजंगमंनांशं विपन्नयति तत्क्षणात् ।
४. सौवर्णी, ५. जंगमं गात्रसंमिश्रं विपं नाशयति क्षणात्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कौसुम्भं केशरं लाक्षा माक्षिका नाकुली तथा[1]
क्रृत्रिमस्य विषस्याशु[2] प्रकरोति च संक्षयम् ।।१४।।

कुसुम, केशर, लाहा, माक्षिका र नाकुली यति चीजलाई मिलाई खुवाउनाले घोडाको कृत्रिमविष तुरुन्तै उत्रन्छ ।

चम्पकं[3] मालतीमूलमुन्मत्तकरसं तथा
अश्वानां नाशयत्याशु विषं जंगममाश्रितम्[4] ।।१५।।

चाँपो, जाईको जरा र धतुराको रस यति मिलाएर खुवाउनाले घोडाको जंगम अर्थात् सर्प आदिको विष तुरुन्तै नाशहुन्छ ।

ईति श्रीनकुलकृतेऽश्वचिकित्सिते विषयोगो नाम षोडशोऽध्यायः ।

यो नकुलकृत अश्वचिकित्सामा विषयोग नामक सोह्रौं अध्याय समाप्त भयो ।

सत्रौं अध्यायः

(शृंगयोगः)

सिंगबाट बनाएको घोडाका निंतिको महौषधी ।

युवमाहिषशृंगाग्रं ग्राहयेद् द्वादशांगुलं
पुनर्बद्धं यथाकृत्वा मृन्मयेनानुबन्धयेत् ।।१।।

उमेरदार (जवान) अर्ना भैंसीको सिंगको टुप्पाको तर्फबाट बाह्रअंगुल लिनु अनि त्यसलाई फेरि टम्म पारेर बाँधी जसो गरेर मिल्छ त्यसै गरी माटाको भाँडामा टम्म मिलाई (पुट गर्ने विधिले) राख्नु ।

काकोली क्षीरकाकोली त्रिफला त्र्युषणास्तथा
मेदा च अजमोदा च जीर जीवक सैन्धवं ।।२।।

अनि त्यसमा काकोली, क्षीरकाकोली, त्रिफला, सूठो, मरिच, पिपला मेदा, अजमोदा, जीरा, जीवक सिधेनून र

१. साकुला तुला, २. क्रान्ताश्वस्य विषस्य, ३. माक्षिकं, ४. आवृतम्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हपुषा विरलाकंद: शाल्मली वेत्रसंयुता
नवनीतेन दग्धव्या विंशत्येकदिनं क्रमात् ॥३॥

हपुषा, (यसलाई हिंदी भाषामा हौहवेर भन्दछन्) विरलाकंद, सिमल र वेत यति चीजलाई नौनीमा मिलाई (पुट गर्ने विधिबाट) भस्म बनाउनु । यो क्रम अर्थात् पुटदिनेकाम एक्काइसदिनसम्म गर्नु ।

समीरणे जडे वाते मेदोस्थिबलवर्जिते
वृद्धे जर्जरदेहे च दापयेदीदृशे हये ॥४॥

यसप्रकार तयार गरिएको यो औषधि घोडाको साधारण वायु विग्रेमा, शरीरको कुनै अंगलाई जकड्याउने वाथ आदि रोग (गठियावाथ) मा, बोसो, हाड र बल कती भएमा, घोडा बूढो भएमा, शरीर जीर्ण शीर्ण भएमा यस्ता कि.सिमको घोडालाई खान दिनु ।

मतिमान् स च तेजस्वी दृढगात्रो महाबली
वृद्धोऽपि तरुणोभूय: शृंगयोगात् भवेद् भृशम्
शृंगयोगो महायोगो शालिहोत्रेण भाषित:[1] ॥५॥

यसरी उपर्युक्त औषधि खानदिनाले घोडा चतुरो, तेजी, अंग प्रत्यंग बलियो (हट्टाकट्टा) भएको र खूब बलीयो हुन्छ । फेरि यस शृंगपुट औषधिका प्रभावले बूढो घोडा पनि फेरि तरूणो (तन्नेरी) हुन्छ । यो महायोग शृंगयोग शालिहोत्रमुनिले बताइएको हो ।

ईति श्रीनकुलकृतेऽश्वचिकित्सिते शृंगाध्याय: सप्तदश:

यो नकुलकृत अश्वचिकित्सामा शृंगयोग नामक सत्रौं अध्याय
समाप्त भयो ।

१. हाम्रो राष्ट्रिय अभिलेखालयको साल मिति भने नभएको पुरानु हस्तलिखित नकुलकृत अश्वचिकित्सित नामक सि.नं. ३२८० को ग्रन्थमा "इतिश्री केशवदाससुतनयनसुखमविरचितायां, भनेर भाषा अनुवादकर्ताको नाम लेखिएको छ र त्यस ग्रन्थमा यो सत्रौं अध्याय छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अठारौँ अध्याय:

(अश्वशाला विधि:)

घोडाको तवेला बनाउने तरीका ।

नृपवेश्मवामभागे शुभदिने तु कारयेद्धयागारम्
पूज्यश्रियं प्रयत्नादुच्चैःश्रवसं प्रतिष्ठाप्य ॥१॥

विधिविधानपूर्वक असल दिनमा लक्ष्मीको पूजा गरी दरबारको देब्रेतर्फ उच्चैःश्रवा घोडाको मूर्ति राखेर घोडाको बस्ने घर अर्थात् तवेला बनाउनु पर्छ ।

सुशुभे भूमिविभागे पूर्वोत्तरजलप्लवविधानात्
तस्मिन् शालां सुसमां दशहस्तसमुच्छितां दृढां कुर्यात् ॥२॥

अत्यन्त असल जमीनमा पूर्व र उत्तरतर्फ पानी बग्ने (पानी ढोलो) भएको जमीनमा सम्मपरेको, दशहात अग्लो र बलीयो अश्वशाला (तवेला) बनाउनु पर्छ ।

खादनकोष्ठकमस्मिन् हस्तद्वितयं समुच्छ्रितं कुर्यात्
संस्थाप्य वृषभगावौ सप्ताहं वाजिशालायाम् ॥३॥

यस्तो तवेलामा घोडालाई दाना खुवाउने ठाउँ दुईहात अग्लो बनाउनु र त्यो तवेलामा सात दिनसम्म साँढे र गाई राखी दिनु ।

अत ऊर्द्धन्तु हुताग्निः प्रवेशयेद्वाजिनो यथायोग्यम्
कुशलैस्तरूणैर्दक्षैरनुकूलैः स्थानपालैश्च ॥४॥

अनि त्यसपछि अग्निको हवनगर्नु र घोडालाई त्यो तवेलामा योग्यतानुसार क्रम मिलाई प्रवेश गराउनु । त्यहाँको हेरचाह गर्ने स्थानपाल (सयस) हरू, हेरचाह-गर्नमा निपुण, उमेरदार, चलाख र जस्तो गर्न परेपनि गर्नसक्ने हुनुपर्छ ।

कृतमंगलसंस्कारा बन्धव्यास्तेऽत्र चोत्तराभिमुखाः
नात्यायता न शिथिलाः स्थाने वा दक्षिणाभिमुखम् ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मंगलसंस्कार गरी सकेपछि ती घोडाहरूलाई उत्तरमुख फर्कनेगरी बाँध्नु-पर्छ। त्यो बाँध्ने बंधन (डोरी) धेरै लामू र फुस्कने हुनू हुँदैन। अथवा दक्षिणपट्टि मुख हुनेगरी बाँधे पनि हुन्छ।

तुरंगमाणां वैद्यस्य गृहं कुर्यात्तु पूर्वतः
कार्पासिकेन सूत्रेण मक्षिकाणां निवारणम् ॥६॥

घोडाको उपचार गर्ने बैद्यलाई बस्नाको निमित्त पूर्वपट्टि घर बनाईदिनु र मौरी वा झिंगाको रोकथामका लागि कपडाको जाली लगाई दिनु।

गन्धैर्माल्यैर्धूपैः स्थानानि विभूषयेदलंकारैः
सविशेषं त्वथपद्मं[1] हुताग्निं पूजयेद्दीप्तम् ॥७॥

तबेलालाई ठाउँठाउँमा वास्नाआउने चन्दन माला धूपले र अरू उप-करणहरूले सिंगार्नु पर्दछ। विशेषगरेर अग्निमा कमलको होमगर्नु र बलेका-अग्निको पूजागर्नु।

सुच्छिद्रं नातियवसं यथा पश्यन्ति वाजिनः
स्थानं चैव पृथक् प्राप्तंप्रयत्नं रोगिणां न वै ॥८॥

तबेलामा राखेका पुवाल असल हुनुपर्छ। घोडाले जम्मै घाँस देख्न नसकिने हुनुपर्छ र घोडा बाँध्ने ठाउँ बेला बेग्लै हुनुपर्छ। रोगी घोडा छुट्टै ठाउँमा बाँध्नुपर्छ।

कोष्ठी कुष्ठी ज्वरी यक्ष्मी दूषयन्ति परस्परम्
दीर्घाश्च खुरकेशादीन् तिथिवारे प्रकर्तयेत् ॥९॥

कोष्ठी (कोष्ठस्थानमा रोग भएका) कोर भएका, ज्वरो आएका, क्षयरोग भएका घोडाहरूले परस्परमा आफ्नू रोग अर्कोमा सारी दूषित पार्दछन्। घोडाका बढेका खुर र केश याल आदिहरू काट्न हुने तिथी र वार हेरेरमात्र काट्नु।

अश्वस्यांगे प्रलिपेद् निशा वरिष्ठे समंगल्ये
सुपवित्रान् दोषघ्नैर्विभूषयेच्याप्यलंकारैः ॥१०॥

---

१. वद्यपितौ त्वथपद्मम् (मू.पु.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घोडाको आँग (शरीर) मा हलेदो, मन्दुकपर्णी र माषपर्णी यति चीज मिलाई लेप (वुकुवा) लगाई दिनु । यसरी पवित्र भएका घोडालाई दोष नाशगर्ने गहना (घोडालाईलायक घमौरा, चमर आदि अलंकार) ले सिंगार्नुपर्छ ।

ईति श्रीनकुलकृतेऽश्वचिकित्सितेऽश्वशालाविधिर्नाम अष्टादशोऽध्याय:

यो नकुलकृत अश्वचिकित्सामा "अश्वशालाविधि" नामक अठारौं अध्याय समाप्त भयो ।

समाप्तश्चायं ग्रन्थ:

इति शुभम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

This chapter defines the names of different parts of the body of a horse described in picture No. 1. Wherever possible the correct English and Tamil synonyms of Sanskrit terms are given. Where corect synonyms are not available or the terms available are too obscure, the Sanskrit terms are retained with a clear description and location of the part,

चित्र नं. १ को अङ्गका अङ्क	अङ्ग नाम	
	जिह्वा	Tongue
	सूना	Uvula— The Soft palate below the tongue.
	तालू	The roof of the mouth.
	दन्तपीठकम्	Base of the teeth.
	दन्ताः	Teeth.
४–	चिबुकं	Chin.
१–	अधरोष्ठः	Lower lip bordering above the chin.
	हनु	Jaws on both sides of th chin.
३–	सृक्विद्वयं	Both ends of the mouth.
५–	प्रपाण	Upper lip.
६–	प्रोथ	Protha— The Region of the nostrils-above the upper lip.
७–	नासाच्छिद्रे (नासापुट)	Nostrils.
८–	घोणा	Ghona— The nose bund,
९–	गण्डौ	Ganda— Cheek.
	क्षीरिके	Ksirike— The upper parts of the cheek.
११–	अश्रुपात	The tear-spring-Corner of the eye adjoining to the nose bund.
१३–	अपांग	Apanga—The other corner of the eye.
१४–	कनीनिका	The pupil of the eye.
	नेत्रयोर्मण्डलं	Mandala— Eye balls black and white.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. १ को अङ्कका अङ्क	अङ्ग नाम	
	प्रच्छादनं (वर्त्म)	Eyelid.
	अक्षिकूट	Structure of the eye including lids.
१२–	भ्रुवोर्लेखे	Eyebrows.
१५–	ललाटं	Forehead.
३१–	केशान्तं	Kesanta— The portion just above forehead and below Stuva
१६–	स्तुवम्	Stuva— Above kesanta and just below the top of head.
१७–	शिरः	The ridge between ears
१९–	कर्णौ	Ears.
	सुकुन्तलम्	Sukuntala— Base of ears.
२१–	शङ्ख	Sankha— The temporal bone.
२५–	विदु	Vidu— Straight below the ears up to the middle of the frontal globes.
२४–	निगालः	Nigala— The throatpit.
४१–	गल	Gala— The throat bund.
४२–	कण्ठं	Kantha— That portion of the neck which reacts to neighing.
२७–	ग्रीवा	The neck— (i. e.) The upper line of the neck.
२९–	केसराः	The mane.
३३–	वह	Vaha— The lower end of the neck just above the shoulder joints that bears the harness.
३४–	काकसा	Kakasa— The hump sides.
३५–	ककुदं	The hump.
३७–	पृष्ठं	The back.
३६–	आसनं (पृष्ठमध्यगम्)	The centre of the back,
	निबद्ध	Nibaddha— The shoulder blades and the hump.
४५–	बाहू	Forearm.
४७–	किण	Kina— The central space between shoulders.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. १ को अङ्गका अङ्क	अङ्ग नाम	
४६–	जानू	Knee.
८४–	मन्दिर	Mandira— Back of the knee.
	कलापी	Kalapi— Front of the knee.
४८–	जङ्घा	Jangha— Leg below the knee.
४६–	कला	Kala— The sides of the Jankha.
	वैषिक	Vaisika— Ankle joint.
५०–	पालिहस्तः (परिहस्त)	Palihasta— Front of the ankle.
५१–	कूर्च्च	Kurca— Shank.
५२–	किण	Kina— The centre of the ankle.
५३–	कुष्ठित	Kusthita— Just below the ankle.
५४–	खुरसन्धि	Hoof joint.
५५–	खुर	Hoof.
५७–	पार्ष्णिः	Parsni— The sides of the hoof.
५६–	नख	Nail— Front of the hoof.
५६–	मण्डूकी	Manduki— Bottom of the hoof.
	क्षीरिका (खुरमांसं)	Ksirika— The flesh of the hoof.
६०–	कक्षः	Armpits.
६२–	जठरं	Belly
६३–	नाभि	Navel
	मूत्रकोश	Kidney.
	पुढौ	Hips
७३–	स्फीजौ	Buttocks
७६–	रन्ध्रः	Urinal— and seminal holes.
८०–	उपरन्ध्र	
८६–	पुच्छमूल	The root of the Tail
७२–	पायुः	Anus.
७६–	सीवनी	Sivani— The portion between anus and scrotum.
७७–	मुष्कौ	Scrotum
	कटिसन्धि	Hip joint.
	ऊरुसन्धि	Thigh joint

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. १ को अङ्गका अङ्क	अङ्ग नाम	
८३–	स्थूरः	Sthura— Just below the Thigh Joint and above the knee.
	शालिहोत्रोन्नयाभिधाद्ग्रन्थादुद्धृतोऽयंभाग:	Some of the technical expressions used in this text but not defined here are found defined in Salihotronnaya and extracts from that source are appended above.
२६–	मन्या	Manya— The sides of the ear nerves.
४४–	क्रोड	Kroda —In between the forelegs.
	जांगल	Jangala— The top of the forearm.
६७–	त्रिक	Trika— The back, the joints of the front portion and back portions are collectively so called.
७१–	वर्तिका	Vartika— The tail stick.

Above texts are extracted from the book 'ASVASASTRAM' by NAKULA with coloured illustrations edited and published by S. Gopalan B. A.; B. L. Printed in 1952 Madras.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ASVASASTRAM

(Summary of The Sanskrit Text)

In Praise of Horses

(This chapter dealing with the usefulness of horses is found with additions and omissions in the prefatory portion of almost all the works on the subject by different authors found in the Saraswati Mahal. Obviously this portion in adopted in all works as it is the work of Salihotra.)

This chapter opens with invocations to Lord Sakti Ganesha, Saraswati (Goddess of Learning) and Parvati Paramesvara. Lord Krishna and the Pandavas are adepts in the science of horses.

Nakula, the fourth Pandava, compiled this work on horses with the help of all the texts of Salihotra, the first and foremost exponent of the branch of knowledge among human beings. The exponents of this science are as follows: 1. Surya (Sun), 2. Candra (Moon), 3. Sage Salihotra, 4. Susruta, 5. Garga and others. This treatise on horses is the quintessence of the works of these great authorities.

Horses are useful mainly in warfare. Physically and psychologically they are uniquely fitted for this purpose. They are fearless, sure of their steps anywhere, acutely sensitive of the wishes and predicament of the rider and quick in perception of their surroundings. They evince extraordinary team spirit while acting in concert and fearlessness in advance while acting alone. They are easily assembled and deployed. Horses are masters of all seasons and could do without food for days and months and so the rider should be prepared to stand hunger and vicissitudes of the seasons.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

In Praise of Raivata

In this chapter are given a few verses in praise of Raivata the divine master of horses. According to Salihotra, these verses are by Narada. Raivata is the son of Surya (Sun) through Chayadevi. These verses claim that if one chants at dawn everyday the twentyeight names mentioned by them one could protect one's horses from evil spirits.

Horses lose their wings

Horses were originally winged creatures flying among clouds with Gandharvas. Indra was greatly impressed with their nimbleness and thought them more useful than elephants in war if their wings could be chopped off. He made this suggestion to sage Salihotra, the master of horses, who agreed with the suggestion and removed the wings by uttering a spell. The horses, shorn of the wings ran to their master for redress but the sage consoled them by saying that they had to lose their wings to be useful to mankind. He assured them that he would teach man all the rare secrets of horse lore to enable to look after them properly.

To the student of evolution this story may appear a symbolical presentation of an important biological stage in animal life. The ordinary man however may take it to mean that originally horses were wild and untamed until Salihotra, who had mastered their ways, broke them for the use of man.

The colophon of this chapter makes it clear that this portion is extracted by the compiler Nakula from another work of his "Asvacikitsita". The treatment of horses.

Anatomy of Horses

This chapter ennumerates and defines the various parts of body of horses. The reader may find details in the footnotes of Chapter III of Sanskrit Text.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Characteristics of Horses

Before choosing a horse, one should see its form, proportion of limbs and marks or Suzhis. Horses which do not satisfy these conditions bring ill luck to the owner. One should avoid horses with bad marks or aspects particularly in certains parts of the body like lips, ends of the mouth, tongue, teeth, face, jaw, nose, cheek, eyes forehead, head, hair, ears, neck, mane, shoulder, chest, forelegs, thigh, knee, feet, Kurca, sides, back, belly, hip, tail, testicles and hooves. Their walk, colour, voice and character also should be noted.

Good horses are distinguished from bad by the following apparent factors:— Lips must be fairly red, devoid of hair and soft to the touch. Protha must be a little curved. The ends of mouth must be soft. Tongue must be thin and long. Teeth must be close built moist and bright. Six of them in the fore-front must have dots. Face must not be too fleshy and must emit agreeable smell. Palate must be red. Nose must be compact. Cheek must not protrude too much. Eyes must be cloud coloured or honey coloured, or gold coloured. They must be long, broad and glazy. Pupils must be clear. Forehead must bear good marks, broad but not deep. The top portion of head must be level and circular. Hairs must be soft. Ears must be straight sharp and thin without long hairs. Neck must be round and curved down from the head. Mane must be soft without locks. Shoulders must be strong and well built. Breast must be broad. Forelegs must fall straight from the breast but the knees should hardly show. The shank must be straight and not fleshy. The fetlook must be round flat and uneven but not shaky or bruised. Hooves must be strong round and close knit. Flanks must be uniform with fleshy upper portions. Belly must be round but not protruding. Back must be of medium length with a slight curve in the middle. Hips must be round and fleshy. Tail must be soft shiny and with long hairs. Testicles must be even round and small. Scrotum must be short but not black. Thighs must be shiny all over. The thighs, shanks, back of the hooves must be all alike in all the four legs.

(This chapter reads as if it was told by somebody other than Salihotra, on the lines of observations made by Salihotra and other authorities. It may be surmised that this chapter is by one of Salihotra's disciples.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

General Charecteristics

One should consider the following eight distinctive aspects in choosing a good, flawless horse. They are in the order of importance: 1. Body, 2. Character, 3. Colour, 4. Steps, 5. Voice, 6. Smell, 7. Shade, 8. Avartas. These aspects are separately dealt with in subsequent chapters.

Age of Horses and Regional Division of their Body

The average age of a horse is thirty two years divided into ten periods of three years, two months and twelve days each. The body is divided into ten regions:— Three years, two months and twelve days each. The body is divided into ten regions:— 1. From nose to forehead. 2. From head to neck. 3. Neck, mane and shoulders. 4. Breast, hump and its sides, 5. The middle back and hind legs, 6. Heart, flanks and armpits, 7. Belly, navel, back and back bone. 8. What may be called the private parts of the body. 9. Hip thigh and knee. 10. Shank down to the hooves.

Avartas

There are circular, hairy formations on the body known as Avartas. Apart from these there are other marks— seven in number namely:— 1. Sukti (mother of pearl), 2. Samkhata (knotty formations), 3. Mukula (like jasmine bud), 4. Tongue—like, 5. Satapadi (Like centipede), 6. Shoe, 7. Like front half of the shoe. Avartas are formed in various shapes like moon, dots triangles, fruits, arrow, wheel, bird, flag and the like.

The marks known as Satapadi, Paduka and Sukti should be *six inches in length; Padukardha and Mukula, two inches, and avartas, a fraction of an inch.

Some more queer formations of hair are also found in some horses like a palace, lotus, wheel, arch, bow, sword, conch, swastik, fish, and the like

* An inch measures, according to Bhaskaracarya, the author of Lilavati, the length of eight barley corns put belly— wise (00000000) which is the length of the finger across (i. e.) $\frac{3}{4}$ of an inch.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

All these avartas can be divided into four categories, permanent, transitory, good and bad. They are ten, thirteen, thirty seven and seventy six respectively.

The ten permannent Avartas can be found in:

Chest	2	Male organ	2
Head	2	Centre of forehead	1
Nostrils	2	Upper lip	1

If any one or more are not there, or misplaced, such horses have to be rejected.

If the avartas are found swerving right, they are good, and bad if they swerve left.

The thirty-seven good avartas must be found in the following twenty places:—

	Places	Avartas
1. Ends of the mouth	2	2
2. Forehead	4	12
3. Centre of the eyebrows	1	1
4. Stem of the ears	2	2
5. Throat pit	1	1
6. Neck	1	1
7. Kesanta	2	2
8. Chest	3	12
9. Forearms	2	2
10. Urinal hole	2	2
	20	37

The twelve avartas in the four places on the forehead are called Yama (:), Treta (∴), Nissrenika (⋮) and Caturanga (∷).

The twelve avartas in the three places in the chest will be shaped as follows: : ⁘ ··· ∷ . The first is called Srivrksa.

The two avartas in the Kesanta may be of Sukti type.

The following seventysix places are bad situations for avartas and hence they are called bad avartas :

	Places	Avartas
1. Neck	2	2
2. Sankha	2	2
3. Manya	2	2

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

4. Lower ends of the eye	2	2
5. Nostrils	2	2
6. Shoulders	2	2
7. Knees	2	2
8. Buttocks	2	2
9. Anus	2	2
10. Scrotum	2	2
11. Chin	2	2
12. Ear ends	2	2
13. Belly	2	2
14. Sthura	2	2
15. Kidneys	2	2
16. Jaws	2	2
17. Vaha	2	2
18. Vidu	2	2
19. Armpits	2	2
20. Thighs	2	2
21. Sides	2	2
22. The root of the tail	2	2
23. Centre of the eye brow (not in between the eye brows)	2	2
24. Back	1	1
25. Throat (near the chin)	1	1
26. Hump	1	1
27. Upper lips	1	1
28. Centre of the back	1	1
29. Lower brim of the nostrils	1	1
30. Nose-bund	1	1
31. Navel	1	1
32. Heart	1	1
33. Kroda	1	1
34. Sivani	1	1
35. Upper lips	1	1
36. Kakasa	1	1
37. Apana	1	1
38. Ankles	4	4
39. Shanks	4	4
40. Kurca	4	4
41. Kusthika	4	4
	76	76

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Horses with avartas at any of these places, are bad and hence to be rejected.

If good and bad avartas are found in the same place, the bad ones may be burnt by a red-hot golden needle.

It is said that the following deities live in the following parts of the body of a horse:

Vayu (the god of Wind)	Nose
Agni (the god of Fire)	Forehead
Asvini Devas (the celestial twin-doctors)	Chest
The Sun and the Moon	Head
Skanda & Visakha	Nostrils
Visnu	Randhra
Paramesvara	Uparandhara

So avartas in these places are good.

Horses of Multiple Colours

(From the first verse of this chapter it is surmised that this Chapter is a summary of a longer treatise on the subject.)

All white, white in hooves, eyes, face, scrotum, skin and mane, roaring like a lion, blessed in every limb, good in style of walk, well built, and bright with good avartas such is a good kind of horse.

If the horse is:—

red or black, but white in ears, hooves, face and legs;
or shining black all over the body;
or white in face, head, chest, tail and four legs;
or full of circular spots in blue, yellow, white or red;
or black all over the body but with a round, red stripe in the middle portion of the body (this is called Sannaddha)
or grey with white belly;
or black with red belly;
or with a white stripe around the body as if bound by a strip of white cloth (This is called Samviti);
or red but white in face, back and tail;
or white in head, eyes and ears;
or white all over the body but brighter white in head;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

or with circular spots of multiple colours all over the body (called Nagajatiya);
or black, but white in chest, face, hooves, mane, eyes and black (called Jyotisman);
or white only in the four hooves and face (called Panchabhadraka);
or shining in a single, deep colour all over the body;
or white in front half (up to the navel) of the body and black in back half and well built (called Divavaijayika);
or white in front half and red in back half (called Nisavaijayika);
or white and black in halves (irrespective of the sides)
Such a horse is good.
If a horse is black in hooves and white in legs; or white in two legs, it has to be condemned.
A horse must be
stout in chest, forehead and back,
short in back, ears and Kusthika,
soft in hair and mane,
big in mouth, eyes and head,
thin in lips, tongue and ends of mouth and long in neck, forelegs and face.
If a horse is black in upper lips, scrotum, hooves, tail, head, eyes and penis and white in other parts it will cause loss to the king. It must be avoided. If it is white in the above mentioned parts with other colours all over the body it is a good horse.
White, light red,yellow or light yellow horses but blackin upper lipe, eyes, scrotum, hooves and tail are bad ones.
White or red horse, but red or black in a single leg is also bad.
Red horse with black leg and middle portions is also bad.

Pundras

The white mark above the upper lips straight on the nose bund is called Pundra. This Pundra in the following shapes denotes victory to the owner- lotus petal, pot, plough, flag, Ankusa, Bilva tree, conch, umbrella, swastika etc.

If the Pundras are crosswise or black or parting like Sula or shaped in chain form they are bad.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

If the Pundras are found in upper lips, left side of the face or in the neck, they are bad.

Pundras like tongue, or black, or multicoloured, yellow or red, or thin are also bad.

The mark in the forehead of a horse is called Lalama. Horses with Lalamas in the form of moon, crescent moon, sun or a star are good ones. If the Lalamas are shaped like a drum, or like the foot of a crow or leaning towards left, they are bad.

In a horse of single colour, marks found at the head, eyes, ears, mane, hump, left legs and belly are also called Lalamas and if they are white, they are auspicious.

In a horse of single colour, marks in ears, forehead, end of the nose, eyebrows, ends of the ears, centre of nostril in different colours are bad ones. The rider of such a horse will lose his fight.

(This chapter is compiled from Garga's Ganagrantha).

Puspas or Flowers

Some marks appear and disappear on the body of horses. They are called Puspas or flowers. Their merits are considered here according to their situation.

These marks in the following places of a horse's body are good- forehead, upper lips, neck, head, ears throat, hump, shoulders, chest, arm-pits, front legs, chin, back, navel and teeth.

These marks in the following places are bad- lower lips, hip, centre of the nostrils, nose bund, scrotum, eye-brows, Samkha, arms, ends of the mouth, belly, buttocks, anus.

These marks in red, yellow, or black are also bad. White marks are good and also red, yellow, black flowers in a white horse. In other colours, black marks are bad.

White flowers in the central teeth of a horse will give the owner wealth in seven days.

(This is also taken from Ganagrantha of Garga. Closer scrutiny of these two chapters and Avarta chapter, reveals the fact that the pundras and puspas of Garga are only avartas of Salihotra, with only this difference that the flowers are transitory. But there is much difference in evaluation of these marks between these two authors. So experience must be the deciding guide in such cases).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Neighing of Horses

When horses neigh on seeing a full pot (Purnakumbha), brahmin, flowers, or curd, it is a good sign. When they do so on hearing the sound of bands or on seeing a flag or the Sun, it indicates victory.

Neighing of young, destitute, old, hungry, thirsty or tired horses has no significance.

The sound which swells up from the navel of a horse and passes through the chest, throat and head is called neighing. Where the neighing resembles the sound of a pig, jackal, ass or camel, it indicates bad owen.

Smell of Horses

The smell emanating from the body of a horse or its sweat must be good smell, for instance like that of lotus, sandal, honey and the like. Horse emitting bad odour like bugs, tortoise, ass, camel, pig and the like are bad ones.

Shade of Horses

Shades cover the body of horses like the clouds covering the Sun. These shades can be observed when the horses are at ease or drinking water or just after sleep or eating grass.

There are five kinds of shades:

1. The shade pertaining to earth will be in attractive hues.
2. The shade pertaining to the water will be like the cloud or distilled water.
3. The shade pertaining to fire will be like the rising sun.
   These three shades are commendable.

4. and 5. The shades pertaining to wind and either will be wild and unsteady which are bad.

Jayadatta defines the first as attractive, the second as red as emerald (?); the third as clear as crystal and the fourth and fifth as undesirable.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Trot of Horses

Horses with even steps are commendable. Tripping, jumping or kicking horses are to be avoided. Horses with the bearing of peacook, bull, camel, tiger, lion, elephant, serpent, monkey (?) and deer will give the owner wealth, health and victory.

Character of Horses

The Sanskrit way classifying character into three categories namely Sattva, Rajas, and Tamas is further subdivided into sixteen categories with reference to the make up of characteristics of horses: Sattvika 7, Rajasa 6 and Tamasa 3. The former thirteen categories are good and the latter three are bad.

The seven categories of Sattva type of horses are as follows:

1. Brahman	Devoid of passion or foregetfulness.
2. Arsa	Devoid of desire, antipathy, deceit or lust.
3. Aindra	With strength and nobility.
4. Yamya	Devoid of treachery, desire or lust.
5. Kaubera	With apparent joy, anger, memory and passion.
6. Varuna	Fond of pleasure, sportive and heroic.
7. Gandharva	With love of music and piety.

The six categories of Rajasa type of horses are as follows:

1. Asura	With anger and haughtiness.
2. Raksasa	Sleepy and gluttonous.
3. Paisaca	Gluttonous and with fear.
4. Sarpa	Easily exited, fearful and cleanly. (like a serpent).
5. Paitra	With bad temper and irresponsive to good treatment.
6. Sakuna	With passion for eating, lusty and frequent knitting of the eyebrow.

The three categories of Tamasa type of horses are as follows:

1. Pasava	Displays hunger, dullness, fear and laziness
2. Matsya	With love of food and water and fearfulness.
3. Vairudha	Being sleepy, moddy and lazy like creepers.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Defects to be avoided

The teeth of the horse should not be black, uneven, short or broken. Bad limbs, extra limbs or want of limbs are bad. Horse, which has borne a corpse, or smells like burnt skin or foals frequently, is bad. Bad avartas in the absence of further characteristics can be burnt with a red hot gold needle.

Colour of the Jaw

In the womb, the jaw of the colt gets coloured if the mother horse gets upset in Pitta. The colour of the jaw has significance. The jaw is of seven colours— white, red, yellow, green, black, multicolour or half white (in combination with other colours). Only red jaws are good. The other colours must be avoided.

Blood stock of Horses

In this chapter horses are divided into fifty-four families or types. Definitions for about twenty-six types are given. The distinctions sought to be made out are not clear cut and so not enumerated here.

Age of Horses

The age of a horse can be gauged by internal and external indications. Internal indications:

First year

First month	Budding teeth.
Second month	Visible teeth.
Third month	Budding central teeth.
Fifth month	Visible central teeth and budding guttural teeth.
Sixth month	Well-shaped tips of teeth and hazy, light-red lines on them.
Seventh month	All teeth well developed.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Eighth month	Whitended, central teeth.
Ninth month	Well developed guttural teeth.

Second to fifth year:

First year	All white teeth.
Second year	All grey teeth.
Third year	Fallen and re-equipped teeth.
Fourth year	Fallen and re-equipped central teeth.
Fifth year	All the teeth inclusive of gutturals would have fallen and would reappear. Horses of this age will be strong with shiny limbs and fit for any work.

The reborn teeth will be wide, long, close, sharp, white, strong and thin at the head.

To reckon the age of horses further, the following changes of colour or shape in the respective teeth in the respective years are the indications.

	Central Teeth	Side Teeth	Guttural Teeth
Black	*6	7	8
Green	9	10	11
White	12	13	14
Grey	15	16	17
Bee colour	18	19	20
Conch shell	21	22	23
Mill stone	24	25	26
Shaky	27	28	29
Falling	30	31	32

The first five indications pertain to the colour of the teeth. The sixth indication is the shape of the teeth as that of a conch shell. The seventh is the shape of the teeth as that of a mill stone (with den. in centre). The shaky teeth denote the eighth distinction and falling teeth the ninth.

External indications:

Horses with black teeth will be of strong body, quick stride and capable of standing any strain.

Horses with green teeth will be strong and beautiful but with white marks in the forehead showing up age.

Horses with grey teeth will be fleshy, wild and proud with long face and teeth.

---

*The numbers denote the respective age of a horse.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Horses with teeth like bee in colour will be of loose limbs, shrunk skin, shorn of strength in body and teeth and weary with sunken eyes.

Horses with teeth like conch shell will have deep eyes and will be devoid of flesh.

Horses with teeth like millstone will evince no pleasure or anger.

Horses with shaky teeth will graze slowly.

Horses shorn of all teeth will be aged thirtytwo.

In this context the maximum age limit of other animals including human beings is also given by Salihotra.

Maximum age limit of human beings	100 years. (?)
Elephants	120 "
Horses	32 "
Cows	24 "
Assess and Camels	25 "
Dogs	16 "
Jackals	25 "
Worms	7 days
Bees	14 days

Colour of Horses

Good or bad effect of the colour of horses has already been dealt with in the chapter entitled "Multi-coloured horses". This chapter sets out the names of horses according to their complexions- besides giving the colour of horses associated with certain deities.

Moon's Horse	White
Indra's	Green
Yama's	Black
Visnu's	Lotus colour
The Sun's	Parrot green
Fire God's	Yellow
Varuna's	Cloud Colour
Kubera's	Blue

Horses suitable to different riders

Horses suitable to devas must be red, light green, green, mixture of green and blue in colour, red, yellow or white in legs and courageous and cleanly.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Horses suitable to Purohits must be of the colour of a dark cloud, full of white circles all over the body, white hooves and eyes, heroic and cleanly, neighing like a lion or elephant; lotus-like in face, smelling good; capable and patient, Sattvik, with good Avartas; and capable of all trots.

Horses suitable to kings must have the following characteristics:

White, black, red, yellow or multicoloured; pleasant face, lips, chin, teeth eyes and tail; well built body, perfect limbs, good Avartas and Lalamas. They must be devoid of disease, bad marks, mildness and fear, fond of perfume, youthful, patient, intelligent, smelling good strong, valorous and with good stride.

Paramasva i. e. Divine horse will have all the attributes of a king's horse plus the colour of the rising sun, or of Full Moon:

Brahma	resides in his	face
The sun	,,	eyes.
The King of Serpents	,,	ears.
The Moon	,,	forehead.
Nirrti	,,	left nostril.
Asvini-devas	,,	arms.
Clouds	,,	neighing
Vayu	,,	throat
Agni	,,	all over the body.
and Visnu	,,	Chest.

Such a horse should not be used for riding but must be worshipped.

Abhisecanika: A horse fit for riding on the occasion of a coronation should be white in colour, auspicious looking in face, lips, teeth, chin and with good Avartas and all the atrributes of the Sattvik types.

Ksatriyasva: Horses suitable to Ksatriyas must be white, red, black or yellow; pleasant to look at, with the stride of a lion or an elephant; perfect in limbs, flawless face and with beautiful hairs.

Sannahaya: Horses useful for warfare must be steady, bold and intelligent, and with good Lalamas and good smell.

Oupavahya: Horses suitable for riding must be multi-coloued, for strong legs and comfortable back, energetic, fearless and spirited.

Horses suitable ministers must be white, red black or green, with good shades, patient and youthful.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Life of Horses

Good height, short ears, pleasant voice, eyes and manners, big nose, broad chest, beautiful limbs and turning red at the ears if punched-Horses with these characteristics will live long.

Horses that sniff in the air, scatter the grass, wag the tail, with strong body and chest, with tongue like the lotus petal, with pearl-like teeth, with dirtless scrotum, with sweat of pleasant odour, with crystal like hooves, long body, long nosebund, such horses will live long.

Horses with Pundras leaning to the left will not live long.

Horses with marks of Srivrksa and Svastika will live long.

Horses with straight lines on the nose-bund will not live more than ten years. If the lines are one inch in length, the horse will live twelve years. If the lines are four inches in length, they will live thirteen years. If the lines are broken into two or crosswise, it will live fourteen years. Horses lying on their right side will live long. Horses bent in the front, belly and in ankles and with dry eyes and tired looking, will not live long.

Iudication of Calamities by Horses

If the Horses exudes a flame like vapour all over the body, it indicates dearth of rain for a whole year.

If the vapourous exudation is at the scrotum, it betokens ruin for the town where the horse is. If it is:

At belly it menas	loss of wealth;
At tail it means	defeat;
At face it means	sorrow;
and At legs it means	fear

If the vapour is smoky at forehead, front legs or chest, it is bad. If it is flaming, it is good.

If a healthy horse does not take food or drink water, it is an evil omen.

If a horse sways its head and licks up its lips, it indicates victory.

If a horse beats the earth with its left leg, it is a bad omen for starting anywhere.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

If a horse looks at its owner on the right side on his mounting it, it indicates victory to him.

If a horse loses its tooth for no accountable cause, it must fill one with fear.

If a horse wags its tail on its left side, it indicates voyage; if it wags on the right side, it indicates victory.

Training of Horses

Training of horses requires firm handling. There are four types of horses from that point of view:

They are:

1. Brahman	Timid, lustful and ravenous.
2. Ksatriya	Bold and spirited ones.
3. Vaisya	Wild, cunning and brutal ones.
4. Sudra	Coarse, cowardly and cruel ones.

The first category must be trained by satisfying their wants, before dawn; the second by cajoling them in the forenoon; the thlrd by teasing them in the evening, and fourth by rule of rod, in the night.

The training ground must be dry, devoid of stones, water and bushes. It must be soft with dust.

Bulky, angry or thoughtless people who are prone to beat without any warrant, are not fit for training horses.

People who shiver on mounting a horse or bear it on the back are unfit to train horses.

One must sit tight on the horse and understand its mind and character. The trainer must be vigilant, patient and hopeful. Naturally he must be strong to deal with a horse.

One should beat the horse,

At the knees,	When it neighs;
At the head,	When it falters;
At the chest,	When it is angry;
At he belly,	When it is bewildered;
and At the face,	When it goes astray.

Striking at the wrong place at the wrong moment is to lose control of the horse and leave it untamed.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Trot of Horses

Five types of trots are ennumerated here.

1. Vikrama	Ordinary walk.
2. Pulaka	Trot on four legs.
3. Purnakanthi	Trot with face erect.
4. Tvarita	Fast running of its own accord.
5. Niralamba	Trot on being beaten.

Riding

The rider must keep his poise. He must not swing this side or that or bend down or look at the ground. He must keep his eye on the pate of the horse between the ears. He must enthuse the horse slowly and should not sit stiff.

The rider must mount on his right leg. He must be of strong thighs, strong feet and long neck.

The following are auspicious times for riding: Tithis after new moon: Prathama, Navami, Trayodasi.

Yogas	Dhrti and Siddhi
Days	Sundays and Mondays
Stars	Mula, Rohini, Hasta, Pusya, and all the Uttaras.

When first riding a horse, the rider must bathe and worship Raivanta and don red clothes and adorn himself with red flowers.

He must chant in the right ears of the horse the following Mantra:—

OM NAMO RAIVATAYA ASVAHRDAYAYA HRIM KRIM OM NAMAS SVETAYA SOUMYARUPAYA IMAM ASVAM SADHAYA SADHAYA BANDHAYA VASYAM KURU KURU MATHAVIRYAYA RAIVATAYA NAMAH.

This mantra hails Raivata as dweller in the heart of the horse and pleads with Him to make the horse tame and amenable to the rider.

Then the rider must plead with the horse in the following manner;

"O Horse of noble birth, you must be my friend. You must be useful to me. My wealth and victory depend upon your help. You must fulfil my word of challenge to my enemies. You are considered as Uccaissravas (the horse of Indra) by your fellow being. You must make your team mates your friends and consider my enemies' horses your enemies."

The Cavalier who follows these rules will always be victorious.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Appendix

The following extracts from other texts on the subject available in the Saraswati Mahal and to included in the present work compiled by Nakula may be found useful.

Extracts taken from Malladeva Pandita's Sarasindhu:

Benumbed Horses

Blind: A horse, which when going alone sees around, looks at the sky vacantly, jumps upon a flat surface and puckers up its ears as if to overhear, must be a blind one.

Deaf: A horse which looks at a different direction when called and does not pay heed to threats must be a deaf one.

Dumb: A horse which is not able to neigh even if it tries hard and which grazes with difficulty must be a dumb one.

Dull: A horse which does not catch instructions even after a long training and which takes beatings without resistance is a dull one.

Eunuch: A horse which frequently smells at its scortum and fights shy of male horses is a Eunuch.

Kasamohi: A horse which smells its shrunk scrotum and is devoid of virility is called Kasamohi.

Kumarika: A mare which does not fall in company with other horses is called Kumarika.

The above seven kinds of horses must be avoided.

Measurement of limbs of Horses

The length—

From one end to the other of the mouth and of upper lip, eye-brows and armpits must be	—Four inches;
That of hump, tip of nose, eyelids, navel and eyes must be	—Three inches;
that of Manya, chin and the curve at the hip joint must be	—Two inches;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

that of top of the head and ears must be	—Six inches;
that of nose bund, the lower neck and the jaws must be	—Sixteen inches;
that of sides must	—Thirty inches;
that of forehead must be	—Twelve inches;
that of Kostha must be	—Twenty inches;
that of tongue must be	—Thirtytwo inches;
that of heart must be	—Three inches;
and that of throat must be	—Seven inches.

These measurements apply to a good horse. If any horse is short by about a quarter of these measurements, it is a medium sized horse. A horse shorter than this is not commendable.

Extracts taken from Sarasindhu otherwise called Salihotra Vaisampayaniya:

Psychology of Horses

Horses would be afraid of iron rod and attempted beating. Horses would laugh if the rider falls down when there is no danger ahead. Horses with playful tongue, ears, eyes, legs and tail are beautiful. Horses would be pleased when the king is crowned, when it is eating, when it hears the bell gong and when it finds a good rider.

Horses will not lose courage when they are bound, or wounded, or sick, or in the middle of riotous elephants, or in fire, or in water. Horses will get angry if whipped during the training period or if they get stones in their food.

Horses would resent being kicked or whipped unnecesssrily. They dislike the riders who do not apreciate the variety of their trots or who cling to the neck out of fear. They are our of sorts when removed from their surroundings or ridden by a decrepit. Horses neigh on all happy occasions. They are enthusiastic when eating meat, drinking sweet water and galloping. They fight shy to accompany a horse which is not equal to their speed and raise the dust with their hooves.

If a horse, on finding a new man, neighs, eases, wags the tail, gets frisky and looks upto the sun, it can be sold and will fetch good profit.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Equipments for a Horses

Whip: It must taper from an inch's girth at the top, and must be soft, round and clothed in goat's skin and shining like a sword.

Feeder: This must be made of bamboo shell sixteen inches in length and shaped like the ear of the horse, to feed the horse with water and milk.

Eye-piece: must be made of hide to suit the eyes of the horse, to keep away flies and mosquitoes. Horses are pleased with large standing space, good grass fodder, flowers and milk.

Shoes: Horse shoes must be made of strong and thin iron, holding the brim of the hooves and not touching the centre of them.

Bridle: This must be made of soft iron or ivory just to fit the mouth ends of the horse.

Above texts are extracted from the book 'ASVASASTRAM' by NAKULA with coloured illustrations edited and published by S. Gopalan B. A.; B. L. Printed in 1952 from Madras.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

THE CONTENTS OF THE TEXT

The text gives us information about the following topics:—

(i) Varna, (ii) Avartalaksana, (iii) Asapramana (iv) Vega, (v) arohana, (vi) Slesmaraktalaksana (vii) Raktamoksana (viii) Rtucarya (ix) Nasya (x) Pinda and (xii) Asvasalavidhi.

(i) The author describes the various colours of the horses and incidentally the different namese by which they are called owing to their having a particular colour or colours on the different parts of their bodies. They are—

(1) Cakravaka having white feet and white eyes.

(2) Symakarana which is white all over its body and which has one of its ears black.

(3) Astamangala whose feet, tail, chest, head and forehead are white. These white spots on eight parts of its body are considered as auspicious signs.

(4) Similarly a horse whose feet are white and which has a white spot resembling the moon on its forehead., is called Kalyanapancaka.

The horses described above are considered auspicious and bring fame and fortune to their owners.

(5) But a horse which has all its feet black and has other remaining limbs possessing different colour is believed to be unfit for the king and is called Yamarupa.

(ii) This section deals with the different positions of avartas or curls and their auspiciousness or otherwise. As in the first section, this section also enumerates different names of horses so called according to the position and number of avartas on the body of the horse. Such horses belong to three different categories viz. uttama, madhyama and nica.

(6) Surya has one avarta on its forehead.

(7) Trikuta has three avartas on its forehead in a perpendicular line and placed one after another.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(8) A horse having three avartas on its neck in a manner described in the case of Trikuta, is considered fit for the king.

(9) Siva has one avarta on the right-hand side of its neck. It makes its owner extremely happy.

(10) A horse having one avarta on the root of the ear and another avarta on the root of its shoulder, makes its owner victorious on the battle-field. These two avartas are Vijaya.

(11) Cakravarti has one or three avartas on the region of its shoulders. Such a horse should always be preferred.

(12) Cintamani has one big avarta on its neck. It fulfils the desires of its master.

(13) A Srenika horse which has a line of three avartas on its forehead fetches fame and victory to its owner.

(14) A Caturangika horse which has a group of four avartas on its forehead is equally benefvolent to its master. It secures for him good food and royal umbrella.

(15) A horse having avarta on the region of its lips, is a giver of sons, grandsons and prosperity.

(16) A king who possesses a horse having avarta on its chin, is crowned with success on the battle-field and secures a rich bounty,

(17) If a horse having two avartas on its chest, belongs to a person, his fortune smiles on him and his wealth increases day by day.

(18) A horse having two avartas called Candra and Aditya on its forehead is the increaser of victory for its owner.

The folowing kinds of horses are described as being inauspicious. These should be avoided as far as possible.

(19) A horse having one avarta on its cheek brings about the death of its master.

(20) A krura horse having one avarta on the left-hand side of its neck causes loss of wealth.

(21) A horse having its ribs possessed on one or two avarts, brings about the death of its owner.

(22) A horse having one avarta on any one of its knees, foretells death of its — owner on the battle-fields or in his travels.

(23) A horse on whose heart appear avartas effects the death of its master.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(24) A horse having avartas on its eye-brows causes separation from the friends.

(25) A horse having an avarta on the back region, is supposed to be responsible for the death of its owner on the battle-field. It is called Dhumaketu.

(26) A horse possessing two avartas on its ribs is not auspicious to its master's brother. It causes his death.

(27) If a horse possesses an avarta on its nose, it foretells a fall of lightning from the blue or a sudden and unexpected calamity for its owner.

Horses having deformity in their bodies are also believed to be inauspicious. They are named after the deformity in a particular Part of their bodies.

(28) A Yamaduta horse has its lipes not touching each other. Its name is significant in that it is a messenger of the God of Death.

(29) A Hinadanta horse having less teeth is the killer of its lord.

(30) Similarly a Adhikadanta horse having superfluous teeth is also the killer of its lord.

(31) A Karalin horse has its upper lip longer than the lower one. A horse having a line of its lower teeth entering into the line of upper teeth i.e. having projecting teeth, is also called a Karalin horse. It is a destroyer of everything in the house of its owner.

(32) A horse having black palate is called Krsnataluka. It is equally inauspicious and brings about the death of the owner's wife. But if it has a colour resembling that of a bee, it is not considered inauspicious.

(33) A musalin has its feet possessed on one colour and the rest of the body of a different colour. It is a constant source of trouble for its owner.

(34) Sringin has a portion near the ears appearing like horns. It kills its lord.

(35) Ekanda has only one testicle. This horse is not good to the owner and his wife. It brings about their death.

(36) Tryaṇda horse has three testicles.

(37) Hinanda horse has no testicle.

(38) Adhikandaka is a horse having one superfluous testicle.

All these horses should be avoided by one wishing highest glory for him.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(39) A horse having stretched its face, moves it up and down effects loss of wealth.

(40) A horse which has its eyes like those of a monkey is known Vanaraksa.

(41) And if it has eyes resembling those of a cat is called Bidalaksa. Both Vanaraksa and Bidalaksa bring trouble in one way or the other to their owners.

(42) If a horse has its mouth bearing avarta on it is not auspicious to its owner.

(43) A Stanin is so called because it has a breast or udder on its testicle. It is not auspicious for the king because it brings about subversion of sovereignty.

(44) Sometimes a horse has three ears. It is Trikarni.

(45) When a hosrse has two hoofs, it is Dvikhuri.

Both these are not benevolent to the king.

Having described the above-mentioned horses, the author says that the kings should choose for them the horses possessing avartas of the forms of vedic altar, an arch, bow etc. because they bring for their owners happiness, wealth and fame.

(iii) The next section gives the actual measurements of the different parts of the body of the horse, e.g. the mouth, he says, should measure twenty-seven fingers, ears six fingers, tail two hastas. Its mouth and hair should be long and its nose, forehead and hoofs should be lofty. Its lips, tongue and palate, if red, are considered as auspicious. Similarly its ears and tail, if small, are auspicious.

(iv) The speed, the author says, is the one which is to be primarily considred and valued in the case of horses than any thing else. So he precribes that the owner of the horse should ride it every day and give it good exercise to keep it quite alert and to maintain a high standard of its speed. A horse which has no good speed is of no use to anybody though it is endowed with other fine charactersitics like high breed, complexion, auspicious avartas on its body etc.

(v) Then the author proceeds to lay down some gerneral rules regarding arohana. The owner, he says, should not make use of a whip as far as possible. Secondly he should not ride a horse which is very young, very old and one which is suffering from a disease. He should ride a horse on a smooth and even surface of the ground and aviod a marshy land and a road full of stones, water and holes.

(vi) The author then discusses certain signs on the body of a horse by which one would know a kind of disease it is suffering from, We mention a few,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(1) A continuous line of drops of tears falling from the corner of its eyes indicates that is suffers from itching in the stomach. This disease cannot be remedied and ultimately the horse dies within six months.

(2) When the horse suffers from a complicated derangement of the three humours, its whole body shakes; it neighs often and on; it feels sleepy; it becomes languid and does not feel hungry; it bears drooping eyes and a flow of saliva drops down from its mouth.

(3) Very rarely the corners of its eyes become bluish-yellow, which circumstance foretells the death of the horse within three months.

(4) The appearance of a black spot on its tongue brings about its death within one month.

So for the safety of the horse one should try to purify the blood by letting it out in the month of Asadha and by tendering the treatment to the horse proper for the occasion.

(vii) The author incidentally informs us that the body of the horse contains seventytwo thousand veins and eight outlets by which the blood is to let out. He also mentions the quantity of the blood to be extracted from various outlets.

(viii) Then he discusses how the horse is to be fed in different seasons. Generaly speaking the Yava, Canaka and masura should constitute the main food for horses during all seasons.

(ix) The different kinds of Nasyas discussed in this section are—

(1) slesmavinasana, (2) balavardhana (3) pittanasakara, (4) samnipate kaphadhikye sukhaprada.

(x) The Pindas of various varieties are mentoned in this section. They re as follows:— (1) pustinayana (2) balavardhana, (3) artinut, (4) sulanasana, (5) mutrakrcchre hita and (6) visanasana.

(xi) Further the author says that hayagara should be erected to the east of the palace according to the rules laid down in the works on architecture. After having offered oblations to the sacred fire, the king should cause them to enter it under the able guidance of trained superintendents.

Lastly the author describes the various activities of a horse which foretell good or bad for the owner.

Above texts are extracted from the book— "Salihotra of Bhoja" edited by E.D. Kulkarni and printed in 1953 from Poona.

THE END

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुद्रक— श्री ५ को सरकारको छापखाना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu